# नगर बृहत् योजना-२०७७

## तानसेन नगरपालिका

### तानसेन, पाल्पा,
### लुम्बिनी प्रदेश, नेपाल ।



# नगर बृहत् योजना-२०७७

## तानसेन नगरपालिका

### तानसेन, पाल्पा,

### लुम्बिनी प्रदेश, नेपाल ।

**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल**

(बृहत् योजना नगर विकासका क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको मार्गदर्शक दस्तावेज हो । व्यापक जनसहभागितामा आधारित विधिबाट तयार भएको यो योजना आवधिक रूपमा समीक्षा र अद्यावधिक गर्ने पद्धतिमार्फत् जीवन्त दस्तावेजका रूपमा रहने छ ।)

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

प्रा.डा. पुष्पराज कँडेल
उपाध्यक्ष

मितिः- २०७७/०६/२१

पत्र संख्याः-

## शुभकामना

आवधिक र दिर्घकालिन योजनालाई आधार बनाएर मात्रवार्षिक नीति तथा कार्यक्रम र बजेट बनाउने अभ्यास गर्न सकियो र कार्यक्रमको नतिजामा आधारित मुल्यांकन पद्धति कार्यान्वयनमा ल्याउन सकियो भने कम लागत र समयमा पनि देखिने र अनुभव गर्न सकिने गरी विकासको अवस्था र जनताको जीवनस्तरमा सकरात्मक परिवर्तन ल्याउन सकिन्छ । यही उद्देष्यले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरु योजनावद्ध विकासको प्रक्रियामा प्रवेश गरेका छन् । नेपाल सरकारले गत आ.व.मा पन्ध्रौं योजना निर्माण गरेको छ भने प्रदेशहरु पनि आ-आफ्ना योजनाहरु बनाएन सक्रिय छन् । तानसेन नगरपालिका पनि यो अभियानमा प्रवेश गरी नगर बृहत् योजना निर्माण गरेकोमा मलाई खुसी लागेको छ ।

अन्तरप्रदेश समन्वय परिषदको गत बैठकले नेपाल सरकारले बनाएको योजनालाई आत्मसात् गरेर प्रदेश र स्थानीयतहले योजनाहरु बनाउनु पर्ने निर्णय गरेको छ । यस अर्थमा नगरपालिकाले बनाएको योजनाले पक्कै पनि संघीय तहको पन्ध्रौं योजना र प्रदेश तहको पहिलो योजनाको राष्ट्रिय र प्रादेशिक अठोटलाई स्थानीयतहमा लागू गर्ने छ भन्ने विश्वास गरेको छु । हामीले दीगो विकासका १७ वटा लक्ष्यहरुलाई पूरा गर्नु पर्नेछ । तानसेन नगरपालिकाले योजना बनाइ रहँदा ती लक्ष्यहरु पनि समावेश भएको हुनुपर्छ । यो योजना बनाइ रहँदा पक्कै पनि राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीयतहको योजना तर्जुमा दिग्दर्शनलाई ध्यान दिइएको छ भन्ने विश्वास गरेको छु ।

तानसेन नगरपालिकाले स्थानीय विकास प्रक्रियालाई ब्यवस्थित र योजनावद्ध **"सुव्यवस्थित पुर्वाधार, पहिचानमूलक उत्पादन र हरित वातावरणयुक्त पर्यटकीय, समावेशी, साँस्कृतिक नगर"** को सोच र बृहत्तर लक्ष्य, विभिन्न क्षेत्रगत लक्ष्य तथा उद्देश्यहरू, नीति तथा कार्यक्रम सहितको नगर बृहत योजना-२०७७ निर्माण सम्पन्न गरेकोमा नगरपालिकालाई हार्दिक बधाई ज्ञापन गर्दछु । बृहत योजनाले नगरको सर्वाङ्गीण विकासको मार्गचित्र तयार गरेकोले सीमित स्रोतको उच्चतम उपयोग गरी नगरको दुरदृष्टि र बृहत्तर लक्ष्यमा आधारित रहेर विकास प्रक्रिया अघि बढाउन सहज हुने विश्वास छ । बृहत योजना निर्माणका लागि नगरले अवलम्वन गरेको नागरिक सहभागितामा आधारित पद्धतिका कारण यसप्रति आमनागरिकको अपनत्व कार्यक्रम हुनुका साथै यसको कार्यान्वयनमा सवै पक्षको सहभागिता र सहकार्य रहने विश्वास छ ।

योजना बनाउनुभन्दा पनि हुवहु कार्यान्वयन गर्ने काम कठिन हुन्छ । नगर बृहत योजनाले निर्धारण गरेको विधिका आधारमा यसको कार्यान्वयन, समयवद्ध समिक्षा, पुनरावलोकन र परिमार्जनमार्फत यसलाई जिवन्तता दिने र योजना निर्माण र कार्यान्वयनगर्दा यसलाई नै मार्गदर्शक बनाउने अभ्यास संस्थागत गर्न सकेमा योजनाले राखेका अपेक्षा पुरा गर्न कठिन छैन । यसका लागि बृहत योजनाअनुसारको मध्यम कालिन खर्च संरचना, बहुबर्षीय पुर्वाधार योजना र बजेट निर्माण र कार्यान्वयनका विधि र मापदण्डतय गरी त्यसको पुर्ण कार्यान्वयन गर्नुपर्ने हुन्छ । यो कार्यलाई पनि नगरले प्राथमिकताका साथ अघि बढाउने आशा गरेको छु ।

नगर बृहत योजनामार्फत नगरपालिकाले तय गरेका कतिपय कार्यक्रम कार्यान्वयनका लागि वाह्य स्रोत जुटाउनु पर्ने, प्रदेश र संघीय सरकारसँग समन्वय र सहकार्य गर्नुपर्ने तथा अन्य स्थानीयतहसँगको साझेदारी समेत गर्नुपर्ने विषय योजनामा नै उल्लेख भएकोमा यो प्रक्रियामा राष्ट्रिय योजना आयोगले यथोचित सहयोग गर्ने प्रतिवद्धता ब्यक्तगर्न चाहन्छु । योजना कार्यान्वयनको उपलब्धीको समयवद्ध लेखाजोखा र सान्दर्भिक कार्यान्वयनका विधि तथा कानुनी औजार निर्माण तथा आवधिकरुपमा योजना परिमार्जन गर्नमा समेत आवश्यकताअनुसार मार्गदर्शन र सहजीकरण गर्न आयोग प्रतिवद्ध छ ।

अन्त्यमा, नागरिक सहभागितामा आधारित पद्धतिबाट नगर बृहत योजना निर्माणको प्रक्रियामा संलग्न नगरवासी, जनप्रतिनिधि तथा नगर भित्र र बाहिरका विज्ञ समुहलाई धन्यबाद ब्यक्त गर्दै यो योजना कार्यान्वयनको सफल कार्यान्वयनका लागि नगरपालिकालाई हार्दिक शुभ कामना ब्यक्त गर्दछु ।

धन्यबाद

प्रा.डा.पुष्पराज कँडेल
उपाध्यक्ष
राष्ट्रिय योजनाआयोग

सिंहदरबार, काठमाडौं, नेपाल, फोनः ४२११९७०, फ्याक्सः ९७७-१-४२११७००
ईमेलः prkadel@npc.gov.np वेबसाईटः www.npc.gov.np

**मा. सोम प्रसाद पाण्डेय**
सदस्य, प्रतिनिधि सभा
क्षेत्र नं.-२, पाल्पा
पूर्व मन्त्री-उद्योग
नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

**Som Prasad Pandeya**
Member, House of Representatives
Constituency No. 2, Palpa
Former Minister-Industry
Nepal Communist Party (NCP)

# शुभकामना

तानसेन नगरपालिकाको नगर बृहत योजना २०७७ मा योजना तर्जुमा प्रक्रिया अन्तर्गत नागरिक केन्द्रित योजना तर्जुमा प्रक्रियालाई नै आधार मानेर बृहतयोजना निर्माण कार्य सम्पन्न गरेको हुँदा यसको निरन्तर अध्यावधिक रक( ार्यान्वयन चरणमा समेत नागरिक सहभागितालाई नगरले प्राथमिकता दिनेछ भन्ने अपेक्षा राखेको छु । नगर बृहत योजनामा समेटिएका विषयगत क्षेत्र र सो क्षेत्र भित्रका लक्ष्य र प्राथमिकताका आधारमा बृहत योजनाले नगरको सर्वाङ्गीण विकासको मार्गचित्र तयार गरेकोले सीमित स्रोतको उच्चतम उपयोग गरी नगरको दुरदृष्टि र बृहत्तर लक्ष्यमा आधारित रहेर विकास प्रक्रिया अघि बढाउन सहज हुने विश्वास लिएको छु । बृहत योजना निर्माणका लागि नगरले अवलम्वन गरेको नागरिक सहभागितामा आधारित पद्धतिका कारण यसप्रति आम नागरिकको अपनत्व कायम हुनुका साथै यसको कार्यान्वयनमा सवै पक्षको सहभागिता र सहकार्य रहने अपेक्षा गर्न सकिन्छ ।

सर्सती हेर्दा नगर बृहत योजनामा तानसेन नगरपालिकाको समग्र विकास तथा दिगो विकासको लक्ष्यलाई समेट्ने प्रयास गरिएको छ । बृहत योजना निर्माणको क्रममा समुदायस्तरमा पुगेर समूह छलफल विधिलाई अधिकतम जोड दिई समुदायको आवश्यकतालाई मध्यनजर गरी नागरिकको प्राथमिकताका आधारमा योजनाहरु समावेस भएको पाईन्छ । बृहत योजनामा सवै विषयगत क्षेत्रको विषय वस्तुहरु माथि गहन अध्ययन र छलफल पश्चात योजनाहरु समावेस गरिनुका साथै योजना निर्माणको हिसाबले यसमा निकै मेहनत गरेको देखिन्छ । नगर कार्यपालिका ,विषयगत समिति तथा विषयगत शाखा, अन्य सम्बन्धित निकाय र सरोकारवाला पक्षसंग छलफल गरी बृहत योजना निर्माण कार्य सम्पन्न भएको छ । यस योजना निर्माण कार्यमा प्रबुद्धवर्गबाट प्राप्त सुझाव तथा राय समेत समावेश भएको पाईन्छ । समय सन्दर्भ अनुसार विकास प्रक्रियालाई अगाडि वढाउन तथा नागरिकको दैनिक आवश्यकतालाई पूरा गर्दै नागरिकमा विकासको अनुभूति दिलाउन यस बृहत योजनामा उल्लिखित योजना हरुलाई अवलम्वन गर्दैअगाडी बढ्नु पर्ने देखिन्छ । ताकि यसलाई आधार मानेर नगरको दिगो विकासको लक्ष्य पुरा गर्न सकियोस् ।

अन्त्यमा, नगर बृहत योजना निर्माणमा सहयोग गर्ने अष्ट्रेलियन एड,द एसिया फाउन्डेसन- कमिटेड नेपाल संस्था र कर्मचारीहरू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, सरोकारवाला सवै सरकारी गैरसरकारी कार्यालय, संघसंस्था, सञ्चारकर्मी, बुद्धिजीवी, तानसेन नगरपालिकाका सम्पूर्ण कर्मचारी ,प्रकाशनका लागि खट्ने प्राविधिक समूह, आम तानसेन नगर( वासी लगायत प्रत्यक्ष अप्रत्यक्षरूपमा सहयोग गर्ने सम्पूर्ण महानुभावलाई धन्यवाद दिदै तानसेन नगरको संमृद्धिको लक्ष्य प्राप्त गर्न  नगर बृहत योजना कोशेढुंगा बन्ने अपेक्षा गर्दै तानसेन नगरपालिकाको समृद्धि र समुन्नतिको लागि शुभकामना व्यक्त गर्दछु ।

प्रतिनिधि सभा सदस्य
पाल्पा- क्षेत्र नं. २

९८५१०८६६६५
Email: sompandeya@gmail.com

मा. डा. पुरन मान बज्राचार्य
एन.एम.सी. ७७८
प्रदेश सभा सदस्य
प्रदेश नं. ५, पाल्पा, क्षेत्र नं. २ (१)
(Hon. Dr. Purana Man Bajracharya State Assambly member State - 5 , Palpa 2(1))

पत्र संख्याः
चलानी नं.:

मितिः २०७७०६।२२

# शुभकामना

स्थानिय तहलाई संविधान प्रदत्त अधिकारको उपयोग गरी नगरवासी नागरिकको जीवन संचालनार्थ सर्व सुलभ सरल र सहज गुणस्तरिय वस्तुहरुको उपलब्धता र उपयोगका माध्यम वाट सहज जिवनयापन गराउन स्थानिय सरकार प्रतिवद्ध रहेको छ। यसै शिलसिलमा नगर वृहत योजना तानसेन नगरपालिकाको विकास कार्यक्रम,योजना तर्जुमा र कार्यान्वयन प्रक्रियालाई योजनावद्ध बनाउन क्षेत्रगत नीति योजना तथा कार्यक्रमको मार्गदर्शक दस्तावेजको रुपमा रहनेछ। तानसेन नगरपालिकाको टोल वार्ड तथा नगर स्तरमा अध्ययन तथा छलफल र अन्तरकृया तथा प्रवुद्ध वर्गवाट प्राप्त सुझावका आधारमा नगर वृहत योजना तयार भएको छ। तानसेन नगरपालिकामा ग्रामिण गाउँवस्तीको वाहुल्यता रहेका छ ,तानसेन नगरको समग्र र समानुपातिक विकास कसरी गर्ने यस वारेमा सबैको चिन्तन, मनन एवम् सबैको लगानी र सहयोगको खाँचो रहेको छ। यिनै पृष्ठभूमिमा उभिएर "**सुव्यवस्थित पुर्वाधार, पहिचानमूलक उत्पादन र हरित वातावरणयुक्त पर्यटकीय, समावेशी, साँस्कृतिक नगर**" भन्ने नारालाई नगरले निरन्तर अगाडि सारेको छ। नेपालले अन्तर्राष्ट्रिय स्तरमा प्रतिवद्धता गरेको सन् २०३० सम्म पुरा गर्नुपर्ने दिगो विकास लक्ष्य, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने लक्ष्य, चौधौं राष्ट्रिय आवधिक योजना र अन्तर्राष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषयगत क्षेत्रका प्रतिबद्धता बमोजिम नतिजा प्राप्तिमा सहयोग पुऱ्याउन वृहत योजनाले ठुलो सहयोग तथा मार्गनिर्देश गर्नेछ।

तानसेन नगरपालिकाको नगर बृहत योजना २०७७ मा योजना तर्जुमा प्रकृया अन्तर्गत नागरिक केन्द्रीत योजना तर्जुमा प्रकृयालाई आधारमानि यो योजना निर्माण कार्य सम्पन्न गरेको हुँदा यसको निरन्तर अध्यावधिक र कार्यान्वयन प्रकृयामा पनि नागरिक सहभागितालाई नगरले प्राथमिकता दिनेछ भन्ने अपेक्षा राख्दै अन्त्यमा, नगर वृहत योजना निर्माणमा सहयोग गर्ने अष्ट्रेलियन एड, द एसिया फाउन्डेसन- कमिटेड नेपाल संस्था र कर्मचारीहरू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरू,सरोकारवाला सवै सरकारी गैरसरकारी कार्यालय, संघसंस्था, सञ्चारकर्मी, बुद्धिजीवी,तानसेन नगरपालिकाका सम्पूर्ण कर्मचारी ,प्रकाशनका लागि खट्ने प्राविधिक समूह, आम तानसेन नगरवासी लगायत प्रत्यक्ष अप्रत्यक्षरूपमा सहयोग गर्ने सम्पूर्ण महानुभावलाई धन्यवाद दिदै तानसेन नगरपालिकाको समृद्धि र समुन्नतिको शुभकामना व्यक्त गर्दछु।

प्रदेश सभा सदस्य
पाल्पा,क्षेत्र नं. २

Mobile No.: 9847099233, Email: puranbajracharya@gmail.com

**नारायण प्रसाद आचार्य**
प्रदेशसभा सदस्य, प्रदेश नं. ५
पाल्पा १(२)
नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
मोबाईल : ९८५७०६०५८४

**Narayan Prasad Acharya**
Member,State Assembly, State No. 5
Palpa- 1(2)
Communist Party of Nepal (NCP)
Mobile No. : 9857060584

मिति : २०७७/०६/१५



# शुभकामना

नेपालको संविधानले संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्था मार्फत विकास, सुशासन र संमृद्धिको परिकल्पना गरिएको छ ।यसका लागि सन्तुलीत, समावेशी र न्यायोचित विकास मार्फत सामाजिक रुपान्तरण गर्नु आवश्यक छ र भरपर्दो योजना अपरिहार्य हुन्छ । अल्पकालिन वा दिर्घकाललिन योजना तर्जुमा र समय सापेक्ष त्यसको अध्यावधिक गरी कार्यान्वयन गर्नुपर्दछ । यस विषयलाई ध्यानमा राखी पाल्पा जिल्लाको सुन्दर नगरी तानसेन नगरपालिकाले नगरको विकासका सबै पक्षलाई समेटी नगर बृहत योजना तर्जमा गरी प्रकासन गर्न लागेकामा खुसी लागेको छ ।

तानसेन नगरपालिकाको सेवा प्रवाह र विकास गतिविधिलाई व्यवस्थित र योजनाबद्ध ढंगले अगाडि बढाउन नगर बृहत योजना निर्माण गरिएकाले तानसेन नगरपालिकाको सवल पक्ष र चुनौतिहरुलाई चरणगत रुपमा छलफल र सुझाव पश्चात तयार गरिएको नगर बृहत योजना तानसेनको दिगो विकासको आधार बन्न सक्छ र कार्यान्वयन प्रकृयामा नगरले प्रथमिकता दिनेछ भन्ने विश्वास लिदै तानसेन नगरपालिकाको समृद्धि समुन्नतिको शुभकामना व्यक्त गर्दछु । साथै बृहत योजना तर्जमा कार्य सफल भएकोमा तानसेन नगरपालिकालाई धन्यवाद ज्ञापन गर्दछु ।

नारायण प्रसाद आचार्य
प्रदेश सभा सदस्य
पाल्पा क्षेत्र नं. १ (२)

**मा.बीर बहादुर राना**
सदस्य, प्रदेश सभा
५ न. प्रदेश , पाल्पा
नेपाली काँग्रेस

Hon.BIR BAHADUR RANA
Member, STATE ASSEMBLY
State no. 5, Palpa
Nepali Congress

मिति : २०७७।०६।१२



# शुभकामना

लामो समयको अथक प्रयास र संघर्षको परिणति पश्चात् मुलुकमा एकात्मक शासन व्यवस्थाको अन्त्य संगै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान जारी भए अनुसार संरचना निर्माण भई तहगत सरकार बनेका छन् ।

जसरी व्यवस्था परिवर्तन भयो त्यही अनुरुप आम नागरिकको अवस्थामा आमूल परिवर्तन गर्नका लागि केवल संरचना परिवर्तनले मात्र सम्भव छ त ? निश्चय नै संरचना परिवर्तन एउटा साधन मात्र बन्न सक्छ । अत: संरचना परिवर्तनसंगै सोंच, शैली र प्रकृतिमा पनि परिवर्तन ल्याउन सके मात्र संघात्मक शासन व्यवस्थाको सार्थक अनुभुति नगरवासीले गर्न पाउनेछन् । यस नगर क्षेत्रको समग्र सन्तुलित र न्योचित विकासका लागि सम्बन्धित क्षेत्रका विज्ञहरु, जनस्तरमा रहेका सबै पक्षहरु र जनस्तरबाट आएका राय सुझावका साथै उपलब्ध अभिलेखका आधारमा अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तर्जुमा गरी अगाडि बढ्नु स्थानिय सरकारको दायित्व हो । सोही अनुसार तानसेन नगरपालिकाले पनि "द एशिया फाउण्डेसनको आर्थिक सहयोग तथा कमिटेड नेपाल संस्थाको प्राविधिक सहयोगमा "तानसेन नगर वृहत योजना" तर्जुमा गरी प्रकाशन गर्न लागेकोमा खुशी साथ धन्यवाद ज्ञापन गर्दै

अत: नगरवासीले वास्तविक व्यवस्था परिवर्तन अनुरुपको विकासको प्रतिफल प्राप्त गर्नका लागि तानसेन नगर वृहत योजना मार्ग दर्शक बन्न सकोस् भन्ने विश्वास सहित शुभकामना व्यक्त गर्दछु ।

जय नेपाल

विर बहादुर राना
प्रदेश सभा सदस्य
पाल्पा

प्रदेश सरकार
प्रदेश नं. ५
# प्रदेश योजना आयोग
बुटवल, नेपाल

☎: ०७१-५४०१६८
☎: ०७१-
☎: ०७१-

पत्र संख्या ०७७/७८
चलानी नं. :

मितिः२०७७/०६/१२

शुभकामना।

तानसेन नगरपालिकाले स्थानीय विकास प्रक्रियालाई व्यवस्थित र योजनाबद्ध **"सुव्यवस्थित पुर्वाधार, पहिचानमूलक उत्पादन र हरित वातावरणयुक्त पर्यटकीय, समावेशी, साँस्कृतिक नगर"** को सोच र बृहत्तर लक्ष्य, विभिन्न क्षेत्रगत लक्ष्य तथा उद्देश्यहरु, नीति तथा कार्यक्रम सहितको नगर बृहत योजना-२०७७ निर्माण सम्पन्न गरेकोमा नगरपालिकालाई हार्दिक बधाई ज्ञापन गर्दछु । बृहत योजनाले नगरको सर्वाङ्गीण विकासको मार्गचित्र तयार गरेकोले सीमीत स्रोतको उच्चतम उपयोग गरी नगरको दुरदृष्टि र बृहत्तर लक्ष्यमा आधारित रहेर विकास प्रक्रिया अघि बढाउन सहज हुने विश्वास छ । बृहत योजना निर्माणका लागि नगरले अवलम्बन गरेको नागरिक सहभागितामा आधारित पद्धतिका कारण यसप्रति आम नागरिकको अपनत्व कायम हुनुका साथै यसको कार्यान्वयनमा सबै पक्षको सहभागिता र सहकार्य रहने विश्वास छ ।

आवधिक र दिर्घकालिन योजनालाई आधार बनाएर मात्र वार्षिक नीति तथा कार्यक्रम र बजेट बनाउने अभ्यास गर्न सकियो र कार्यक्रमको नतिजामा आधारित मुल्यांकन पद्धति कार्यान्वयनमा ल्याउन सकियो भने कम लागत र समयमा पनि देखिने र अनुभव गर्न सकिने गरी विकासको अवस्था र जनताको जीवन स्तरमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । नगर बृहत योजनाले निर्धारण गरेको विधिका आधारमा यसको कार्यान्वियन, समयवद्ध समिक्षा, पुनरावलोकन र परिमार्जन मार्फत यसलाई जिवन्तता दिने र योजना निर्माण र कार्यान्वयन गर्दा यसलाई नै मार्गदर्शक बनाउने अभ्यास संस्थागत गर्न सकेमा योजनाले राखेका अपेक्षा पुरा गर्न कठिन छैन । यसका लागि बृहत योजना अनुसारको मध्यमकालिन खर्च संरचना, बहुबर्षीय पुर्वाधार योजना र बजेट निर्माण र कार्यान्वियनका विधि र मापदण्ड तय गरी त्यसको पुर्ण कार्यान्वयन गर्नुपर्ने हुन्छ ।यो कार्यलाई पनि नगरले प्राथमिकताका साथ अघि बढाउने नै छ ।

नगर बृहत योजना मार्फत नगरपालिकाले तय गरेका कतिपय कार्यक्रम कार्यान्वियनका लागि बाह्य स्रोत जुटाउनु पर्ने, प्रदेश र संघीय सरकारसँग समन्वय र सहकार्य गर्नुपर्ने तथा अन्य स्थानीय तहसँगको साझेदारी समेत गर्नुपर्ने विषय योजनामा नै उल्लेख भएकोमा यो प्रक्रियामा सहजीकरण गर्न प्रदेश नं ५, नीति तथा योजना आयोगले नगरलाई आवश्यक सहयोग पर्न प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । योजना कार्यान्वियनको उपलब्धीको समयबद्ध लेखाजोखा र सान्दर्भिक कार्यान्वियनका विधि तथा कानुनी औजार निर्माण तथा आवधिक रुपमा योजना परिमार्जन गर्नमा समेत आवश्यकता अनुसार नगरलाई सहयोग र सहजीकरण गर्न आयोग प्रतिवद्ध छ ।

अन्त्यमा, नागरिक सहभागितामा आधारित पद्धतिबाट नगर बृहत योजना निर्माणको प्रक्रियामा संलग्न नगरबासी, जनप्रतिनिधि तथा नगर भित्र र बाहिरका विज्ञ समुहलाई धन्यबाद व्यक्त गर्दै यो योजना कार्यान्वियनको सफल कार्यान्वयनका लागि नगरपालिकालाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रा.डा. ईश्वर गौतम
उपाध्यक्ष
उपाध्यक्ष

# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा, प्रदेश नं. ५, नेपाल



**पत्र सङ्ख्याः**
**चलानी नम्बर :**

मिति : २०७७ साउन १ गते

## तानसेनको बृहत् नगर योजनाबारे केही कुरा

तानसेन नगरपालिकाले प्रवाह गर्ने सेवा तथा विकास गतिविधिलाई व्यवस्थित र योजनावद्ध ढंगले अगाडि बढाउन सहज होस् भन्ने सोचले नगर बृहत् योजना निर्माण गरिएको हो । बृहत् ग्रामीण भेग समेटिएर बनेको विस्तारित हालको तानसेन नगरपालिकाको सबल पक्ष र चुनौति समेत केलाएर चरणगत रुपमा छलफलपश्चात् तयार पारिएको नगर बृहत् योजना तानसेनको विकासको आधार बन्न सक्ने विश्वास लिएका छौं । नेपालकै तेश्रो नगरपालिका भएकोले तानसेन नगरपालिकाका निश्चित विशेषता छन् । प्राकृतिक सुन्दरताका हिसाबले तानसेन सुन्दर र प्रदुषण रहित पहाडी नगरका रुपमा परिचित रहेको छ । मौलिक संस्कार, पर्व र महत्वपूर्ण सम्पदाहरूका कारण तानसेन सर्वत्र चर्चित छ । जनप्रतिनिधि, नगरवासी र कर्मचारी बिच समन्वय तथा सामूहिक प्रतिबद्धता र एकीकृत प्रयास भएमा मात्र तानसेनको विकास सम्भव छ तथा तानसेनको नगर र ग्रामीण क्षेत्र बिच विद्यमान विकासका असमानता हटाउन सकिन्छ साथै समग्र दीगो विकासमार्फत् तानसेनको कायापलट सम्भव छ । सारमा भन्नुपर्दा समयोचित ढंगले परिमार्जन सहित योजना कार्यान्वयन गर्दै लगिएमा मात्र तानसेनको कायापलट निश्चित छ ।

तानसेनको बृहतनगर योजनामा तानसेन नगरपालिकाको समग्र योजनालाई समेट्ने प्रयास गरिएको छ । योजना तर्जुमा कार्यक्रममा समावेशी सहभागितामूलक छलफललाई जोड दिइएको छ भने शुद्धताका लागि अधिकतम प्रयास गरिएको छ । यद्यपि यसमा पनि समयक्रममा कमी कमजोरी भेटिन सक्दछन् । प्रबुद्ध वर्गले सकारात्मक ढंगले आफ्ना सुझाव दिनु हुने अपेक्षा राख्दछौं ।

अन्त्यमा, तानसेनको बृहत् नगर योजना तयारी तथा प्रकाशनमा सहयोग गर्ने स्थानीय सरकार सबलीकरण कार्यक्रम अन्तर्गत अस्ट्रेलियाली सहायता (DFAT-AusAid) र द एसिया फाउण्डेसनको आर्थिक सहयोग तथा कमिटेड नेपाल संस्थाको प्राविधिक सहयोग रहेको स्मरण गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छु । वडास्तरीय र समूह लक्षित छलफलको निष्कर्ष, राजनीतिक दल, नगरबासी, जनप्रतिनिधि, बुद्धिजिवी, सञ्चारकर्मी, योजनाविद्, संघ संस्थाका प्रतिनिधि लगायतको सुझाव समेटेर विज्ञहरू मार्फत् तानसेन नगरपालिकाको बहु वर्षीय बृहत् योजना तयार भएको हो । सरोकारवाला सरकारी, गैर सरकारी कार्यालय, संघसंस्था, तानसेन नगरपालिकाका सम्पूर्ण कर्मचारी, प्रकाशनका लागि खट्ने प्राविधिक समूह लगायत आम तानसेन नगरवासी एवम् सहयोग गर्ने सम्पूर्ण माहानुभावलाई तानसेन नगर कार्यपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

.........................................
**(अशोक कुमार शाही)**
प्रमुख
तानसेन नगरपालिका
तानसेन, पाल्पा

# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा, प्रदेश नं. ५, नेपाल



**पत्र सङ्ख्याः**
**चलानी नम्बर :**

मिति : २०७७ साउन १ गते

## नगर विकासका लागि मियो बनोस्

तानसेन नगरपालिकाको दीगो विकास अभियानका लागि समग्र गतिविधिलाई व्यवस्थित र योजनावद्ध ढंगले अगाडि बढाउन चरणगत रुपमा छलफल पश्चात् तयार पारिएको नगर बृहत् योजना तानसेन नगरपालिकाको विकासको मियो बन्न सकोस् भन्ने शुभकामना प्रकट गर्दछु । तानसेन आफैमा सुन्दर छ, मौलिक चाडपर्व र विविधताका हिसाबले यसले मौलिक पहिचान बनाउन सकेको छ । तानसेनको समग्र विकासका लागि साझा प्रयासको खाँचो रहेको छ ।

तानसेनको बृहत् नगर योजनाले तानसेन नगरपालिकाको समग्र योजनालाई प्रतिबिम्बित गरेको मैले पाएकी छु । समावेशी सहभागितामूलक छलफललाई जोड दिँदै विज्ञहरूमार्फत् तयार पारिएको बृहत्नगर योजना कार्यान्वयनमा सहयोग सहित सरोकारवाला सबैले समयोचित सुझावा दिनु हुने नै छ ।

अन्त्यमा, तानसेनको बृहत्नगर योजनातयारी तथा प्रकाशनमा सहयोग गर्ने स्थानीय सरकार सबलीकरण कार्यक्रम अन्तर्गत अस्ट्रेलियाली सहायता (DFAT-AusAid) र द एसिया फाउण्डेशसनको आर्थिक सहयोग तथा कमिटेड नेपाल संस्था, राजनीतिक दल, नगरवासी, जनप्रतिनिधि, बुद्धिजिवी, सञ्चारकर्मी, योजनाविद्, संघ संस्थाका प्रतिनिधि सबै धन्यवादका हकदार हुनुहुन्छ । सफल कार्यान्वयन भएमा विकास सम्भव छ र यसका लागि सबैको सहयोगको खाँचो रहेको तथ्य स्मरण गराउन चाहन्छु ।

धन्यवाद ।

..................................
**(लक्ष्मी देवी पाठक)**
उपप्रमुख
तानसेन नगरपालिका
तानसेन पाल्पा

तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

५ नं. प्रदेश, नेपाल

फोन : ०७५–५२०१०९, ५२०८९३, ५२०१२९, ५२०९०९


पत्र संख्या : २०७६/०७७
चनं :


Email: info@tansenmun.gov.np,
ito.tansenmun@gmail.com


## मेरो भन्नु



तानसेन नगरपालिकाले दीर्घकालिन सोच, विकासका आवधिक क्षेत्रगत लक्ष्य, उद्देश्य, नीति तथा प्रथामिकताहरु समावेश गरी तानसेन नगरपालिकालाई विकसित एवं समृद्ध नगर निर्माणको लागि दीर्घकालिन **बृहत नगर विकास योजना** (Comprehensive Plan) तर्जुमा गरेको छ । सहभागितामुलक प्रक्रिया र अभ्यास मार्फत वृहत नगर विकास योजना निर्माणको क्रममा सरोकारवालाहरुसँग विभिन्न चरणमा भएको छलफल र अन्तर्क्रियाका आधारमा योजना तर्जुमा प्रक्रियालाई अगाडि बढाइएको थियो ।
विश्वभर फैलिएको नोबेल कोरोना भाइरस (COVID-19) का कारण नियमित सम्पर्क र सम्वन्ध राख्न नसकिएको यस अवस्थामा वृहत योजनालाई थप परिस्कृत र समय सान्दर्भिक वनाउन योजना मस्यौदाको डिजिटल प्रति सम्वन्धित विज्ञहरुलाई उपलब्ध गराई थप पृष्ठपोषण समेत प्राप्त गरिएको थियो ।
जनताका समस्या र आवश्यकतालाई सम्बोधन गरी तथ्य तथ्यांकमा आधारित यस बृहत योजनाले नगरबासीको जीवनस्तर अभिवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने अपेक्षा गरिएको छ । योजना तर्जुमा गर्नु प्रमुख कार्य हो तर त्यो भन्दा बढी कार्यान्वयन पक्ष महत्वपूर्ण रहने हुँदा योजनाको कार्यान्वयनमा सबै नगबासीको अपनत्व र सहभागिता रहनेछ भन्ने अपेक्षा गरिएको छ ।

योजना तयारी तथा प्रकाशनको कार्यमा स्थानीय सरकार सवलीकरण कार्यक्रम अन्तर्गत आर्थिक सहयोग गर्ने अष्ट्रेलियन एड तथा द एशिया फाउण्डेशन, प्राविधिक सहयोग पुर्‍याउने कमिटेड नेपाल प्रति विशेष धन्यवाद व्यक्त गर्दछु । योजना तर्जुमा कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने नीति निर्माता, योजनाविद, नगर प्रमुख, उप-प्रमुख एवं नगर कार्यपालिका पदाधिकारीहरु, जनप्रतिनिधि, विषयगत समिति, स्थानीय प्रशासन, विषयगत कार्यालय एवं संघ संस्था, बुद्धिजिवी, नगर स्तरीय नागरीक सल्लाहकार परिषद, सम्पूर्ण नगरवासी, नगरपालिकाका कर्मचारीहरु, सञ्चारकर्मी लगायत प्रत्यक्ष एवं परोक्ष रुपबाट सहयोग गर्नुहुने सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

डिल्ली राज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७७/४/६

# विषय सूची


**खण्ड १ : प्रारम्भिक** **१**
१.१. परिचय १
१.२ बृहत् योजनाको कानुनी आधार र सान्दर्भिकता २
१.३ बृहत् योजनाको क्षेत्र र सीमा ३

**खण्ड २ : योजना तर्जुमा विधि** **५**
२.१ योजना तर्जुमा प्रक्रियाको सामान्य झलक ५
२.२ अवस्था विश्लेषण ७
२.३ मस्यौदा तयारी र पृष्ठपोषण ८
२.४ मस्यौदा स्वीकृति र सार्वजनिकीकरण ९
२.५ बृहत् योजना कार्यान्वयन ९
२.६ बृहत् योजना परिमार्जन वा संशोधन ९

**खण्ड ३ : नगर परिचय** **११**
३.१ पृष्ठभूमि ११
३.२ नगरको जनसाङ्खिक अवस्था १२
३.२.१ जनसंख्या प्रक्षेपण १५
३.२.२. जनसंख्या प्रक्षेपण विधि १६

**खण्ड ४ : नगरको समष्टिगत लक्ष्य** **१९**
४.१. नगरको मुख्य प्राथमिकता १९
४.२. नगरको दूरदृष्टि १९
४.३. नगरको दीर्घकालीन लक्ष्य २०
४.४. अपेक्षित उपलब्धी २१

**खण्ड ५ : क्षेत्रगत योजना** **२३**
५.१. आर्थिक विकास २५
५.१.१. सीप तथा रोजगारी २५
५.१.२. पर्यटन ३१
५.१.३. उद्योग र वाणिज्य ३८
५.१.४. कृषि तथा पशुपालन ४३
५.१.५. सहकारी ४९
५.१.६. आर्थिक पूर्वाधार र राजस्व परिचालन ५१
५.१.७. स्थानीय आर्थिक विकास अन्तर्गत संगठनात्मक क्षमता विकास ५४
५.२. सामाजिक विकास ५९
५.२.१. शैक्षिक विकास ५९
५.२.२. स्वास्थ्य ८२
५.२.३. सम्पदा संरक्षण ११०
५.२.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ११८
५.३. पूर्वाधार विकास १२५
५.३.१. भू-उपयोग तथा आवास व्यवस्थापन १२५
५.३.२. पार्क तथा मनोरञ्जन १४२
५.३.३. यातायात १४८
५.३.४. सार्वजनिक निर्माण १६५
५.४. वन, वातावरण र विपद् व्यवस्थापन १९७
५.४.१ प्रकृतिक स्रोत र वातावरण १९७
५.४.२. विपद् तथा आपत्कालीन व्यवस्थापन २१७
५.५. संस्थागत विकास र सुशासन २३७
५.५.१. संस्थागत विकास २३७
५.५.२. सुशासन २३८

**खण्ड ६ : अनुगमन र मूल्याङ्कन** **२४५**
**अनुसुची १ : बृहत् योजना कार्यान्वयनको आर्थिक पक्ष** **२४७**

## तालिका सूची


| | | |
|---|---|---|
| तालिका २.२ | : विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्र | ७ |
| तालिका २.६ | : बृहत् योजना परिमार्जन वा संशोधन | ९ |
| तालिका १/३.२ | : नगरको वडागत जनसाङ्खिक स्थिति | १३ |
| तालिका २/३.२ | : अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसंख्याको विवरण | १३ |
| तालिका ३.२.२ | : आगामी वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण | १६ |
| तालिका ४.३ | : दीर्घकालीन लक्ष्य | २० |
| तालिका ४.४ | : अपेक्षित उपलब्धी | २१ |
| तालिका ५.१.१ | : आवधिक प्राथमिकता : सीप तथा रोजगारी | २८ |
| तालिका ५.१.२ | : आवधिक प्राथमिकता : पर्यटन | ३४ |
| तालिका ५.१.३ | : आवधिक प्राथमिकता : उद्योग र वाणिज्य | ४० |
| तालिका ५.१.४ | : आवधिक प्राथमिकता : कृषि तथा पशुपालन क्षेत्र विकास | ४६ |
| तालिका ५.१.५ | : आवधिक प्राथमिकता : सहकारी | ५० |
| तालिका ५.१.६ | : आवधिक प्राथमिकता : आर्थिक पूर्वाधार र राजस्व परिचालन | ५२ |
| तालिका १/५.१.७ | : आवधिक प्राथमिकता : संस्थागत विकास (आर्थिक विकास) | ५५ |
| तालिका २/५.१.७ | : स्थानीय आर्थिक विकासको अपेक्षित उपलब्धी | ५८ |
| तालिका १/५.२.१ | : आवधिक प्राथमिकता : शिक्षा विकास | ६९ |
| तालिका २/५.२.१ | : शिक्षा विकासको आवधिक अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य | ८० |
| तालिका १/५.२.२ | : नगरपालिकाका स्वास्थ्य संस्था तथा तिनको पूर्वाधारको अवस्था | ८४ |
| तालिका २/५.२.२ | : आवधिक प्राथमिकता : स्वास्थ्य | ८८ |
| तालिका ३/५.२.२ | : स्वास्थ्य क्षेत्रको अपेक्षित उपलब्धी | १०८ |
| तालिका ४/५.२.२ | : स्वास्थ्य क्षेत्रको परिमाणात्मक लक्ष्य | १०९ |
| तालिका १/५.२.३ | : आवधिक प्राथमिकता : सम्पदा संरक्षण | ११३ |
| तालिका २/५.२.३ | : सम्पदा संरक्षण क्षेत्रको अपेक्षित उपलब्धी | ११७ |
| तालिका १/५.२.४ | : आवधिक प्राथमिकता : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १२० |
| तालिका २/५.२.४ | : लैंगिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रको अपेक्षित उपलब्धी | १२२ |
| तालिका १/५.३.१ | : आवधिक प्राथमिकता : भू-उपयोग र आवास व्यवस्थापन | १३१ |
| तालिका २/५.३.१ | : भू-उपयोग तथा आवास व्यवस्थापन क्षेत्रको अपेक्षित उपलब्धी | १४० |
| तालिका १/५.३.२ | : आवधिक प्राथमिकता : पार्क तथा मनोरञ्जन | १४५ |
| तालिका २/५.३.२ | : पार्क तथा मनोरञ्जन क्षेत्रको अपेक्षित उपलब्धी | १४८ |
| तालिका १/५.३.३ | : आवधिक प्राथमिकता : यातायात | १५३ |
| तालिका २/५.३.३ | : नगरको स्तरोन्नतीको उच्च प्राथमिकतामा रहेका सडक | १६३ |
| तालिका ३/५.३.३ | : तालिका समग्र कार्यक्रम कार्यान्वयनबाट हाँसिल हुने अपक्षित उपलब्धी | १६४ |
| तालिका १/५.३.४ | : आवधिक प्राथमिकता : सार्वजनिक निर्माण | १७८ |
| तालिका २/५.३.४ | : सार्वजनिक निर्माण क्षेत्रको परिमाणात्मक लक्ष्य | १९६ |
| तालिका १/५.४.१ | : आवधिक प्राथमिकता : प्राकृतिक स्रोत तथा वातावरण | २०४ |
| तालिका २/५.४.१ | : प्राकृतिक स्रोत र वातावरण क्षेत्रको अपेक्षित उपलब्धी | २१६ |
| तालिका १/५.४.२ | : प्राथमिकता : विपद् तथा आपत्कालीन व्यवस्थापन | २२० |
| तालिका २/५.४.२ | : विपद् तथा आपत्कालीन व्यवस्थापन क्षेत्रको अपेक्षित उपलब्धी | २३५ |
| तालिका १/५.५.२ | : आवधिक प्राथमिकता : सुशासन प्रवर्द्धन | २४० |
| तालिका २/५.५.२ | : सुशासन सम्बन्धी अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य | २४३ |
| तालिका ६.१ | : लागत अनुमानको सार संक्षेप | २४८ |

# नक्सा सूची


| | | | |
|---|---|---|---|
| नक्सा ३.१ | : | तानसेन नगरपालिको राजनीतिक विभाजन | ११ |
| नक्सा ५.१.१ | : | नगरमा बेरोजगारीको अवस्था | २६ |
| नक्सा ५.१.२ | : | तानसेन नगरपालिकामा रहेको पर्यटकीय क्षेत्र | ३१ |
| नक्सा ५.१.४ | : | तानसेन नगरपालिकाको कृषि उत्पादन क्षेत्र | ४४ |
| नक्सा १/५.२.१ | : | सामुदायिक र संस्थागत विद्यालयको विवरण | ६१ |
| नक्सा २/५.२.१ | : | तानसेन नगरपालिकाको सामुदायिक विद्यालयको विवरण | ६२ |
| नक्सा ३/५.२.१ | : | आधारभूत विद्यालयको कक्षाकोठाको क्षमता | ६३ |
| नक्सा ४/५.२.१ | : | माध्यमिक विद्यालयको कक्षाकोठाको क्षमता | ६४ |
| नक्सा ५/५.२.१ | : | आधारभूत तहमा अध्ययन गर्ने उमेरका बालबालिका विद्यालय बाहिर रहेको परिवार | ६९ |
| नक्सा ६/५.२.१ | : | आधारभूत विद्यालयको भौतिक र शैक्षिक सुविधा सम्बन्धी विवरण | ७३ |
| नक्सा ७/५.२.१ | : | आधारभूत विद्यालयको भौतिक र शैक्षिक सुविधा सम्बन्धी विवरण | ७४ |
| नक्सा १/५.२.२ | : | नगरमा रहेका स्वास्थ्य संस्था | ८३ |
| नक्सा २/५.२.२ | : | स्वास्थ्य संस्थाको सेवा क्षेत्र नक्सा | ९१ |
| नक्सा ३/५.२.२ | : | दीर्घरोगी बढी भएको क्षेत्र र स्वास्थ्य संस्था | १०५ |
| नक्सा ४/५.२.२ | : | अपाङ्गता बढी भएको क्षेत्र र स्वास्थ्य संस्था | १०६ |
| नक्सा १/५.२.३ | : | नगरपालिकाको भू-उपयोग वर्गीकरण नक्सामा चित्रित प्रमुख सम्पदा स्थान | ११२ |
| नक्सा १/५.३.१ | : | राष्ट्रिय भू-उपयोग परियोजनामार्फत् प्राप्त तानसेन नगरपालिकाको विद्यमान भू-उपयोग अवस्थाको आधारमा प्रस्तावित वर्गीकरण | १२८ |
| नक्सा २/५.३.१ | : | नगरपालिकाको संकलित घरधुरी जी.पी.एस. तथ्यांकलाई भूकम्पीय जोखिमको आधारमा चित्रित नक्सा | १३६ |
| नक्सा ३/५.३.१ | : | नगरपालिकाको संकलित घरधुरी जी.पी.एस. तथ्यांकलाई उच्च, मध्यम र न्यून पहिरो जोखिमको आधारमा चित्रित नक्सा | १३७ |
| नक्सा ५.३.२ | : | भू-उपयोग वर्गीकरणमा आधारित पार्क तथा सार्वजनिक स्थल, मनोरञ्जन स्थल, र खेलकुद मैदान | १४३ |
| नक्सा ५.३.३ | : | नगरको मुख्य सडक सञ्जाल, बसपार्क र प्रस्तावित नयाँ बसपार्क | १४९ |
| नक्सा १/५.३.४ | : | पाइपको खानेपानीको पहुँचमा नरहेका परिवार | १८० |
| नक्सा २/५.३.४ | : | शौचालय नभएका वा साधारण चर्पी प्रयोग गर्ने परिवार | १८३ |
| नक्सा ३/५.३.४ | : | जलविद्युत सेवा उपयोग नगरेका र मिटर जडान नभएका घरधुरी | १८९ |
| नक्सा ४/५.३.४ | : | मोबाइल फोन प्रयोग नगर्ने परिवार | १९२ |
| नक्सा १/५.४.१ | : | घरदैलो फोहोर संकलन गरिएका घरघुरीहरू | २०७ |
| नक्सा २/५.४.१ | : | काठ दाउरालाई खाना पकाउने ऊर्जाको प्रमुख स्रोत बनाउने घरधुरी | २१२ |
| नक्सा १/५.४.२ | : | पहिरोबाट जोखिमयुक्त बस्ती | २२२ |
| नक्सा २/५.४.२ | : | नगरमा रहेका आपत्कालीन प्रतिक्रिया क्षमता | २२९ |

# खण्ड १
# प्रारम्भिक

## १.१. परिचय

वि.सं. २००७ सालमा स्थापित तानसेन नगरपालिका नेपालको पुरानो नगरपालिका मध्ये एक हो । ऐतिहासिक पाल्पा दरबारसहितको सेनकालीन राज्यको समृद्ध इतिहाँस बोकेको यस नगरको मुख्य भाग भौतिक पूर्वाधारयुक्त रहेको भएपनि ती पूर्वाधारले ओगटेको क्षेत्र तथा बस्ती क्षेत्रको सघनता योजनाबद्ध शहरी विकासको मापदण्ड पूरा गर्ने किसिमको छैनन् । अर्कातिर २०४८ र २०७३ मा नगरमा गाभिएका ग्रामीण इकाई विकास पुरानो नगर क्षेत्रको तुलनामा निकै कम विकसित रहेका छन् । यसरी तत्कालीन शासकको चाहना तथा समुदायको अग्रसरता र स्वविवेक तथा तात्कालिक आवश्यकता सम्बोधन गर्दै जाने विकासको स्थानीय अभ्यासको उपजका रूपमा तानसेन नगरले वर्तमान स्वरूप प्राप्त गरेको हो । यसका बावजुत विकासका कार्यक्रमलाई सुव्यवस्थित र योजनाबद्ध रूपमा अघि बढाउन नगरले विभिन्न प्रयास गर्दै आएको छ ।

यद्यपि समग्र रूपमा मध्यकालीन र दीर्घकालीन विकास योजना निर्माण र कार्यान्वयनले मूर्तरूप पाउन नसकेको सन्दर्भमा उपलब्ध स्रोत साधनको उपयोगलाई थप उपलब्धीमूलक बनाउन र स्रोतको उपलब्धता र विकासको आवश्यकताका बीचमा सन्तुलन कायम गर्न योजना निर्माणलाई थप सहभागितामूलक र व्यापक बनाउनु पर्ने आवश्यकता महशुस गरी नगर बृहत् योजना तयार गरी लागु गर्ने प्रण लिइएको हो । विकास र सेवाको क्षेत्रगत नीति, योजना, कार्यक्रम र लगानीको प्राथमिकता निर्धारण गर्ने मार्गदर्शक दस्ताबेजका रूपमा नगरले पहिलो पटक बृहत् योजना निर्माण गर्न लागेको हो । पहिलो पटक योजना तयार गर्दा रहेका सीमितता जीवन्त दस्ताबेजका रूपमा कार्यान्वन, निरन्तर अद्यावधिक र परिमार्जन गर्ने क्रममा पूरा हुँदै जानेछन् ।

तानसेन नगरपालिकाले नागरिक सहभागितामा आधारित विधिमार्फत् नगर बृहत् योजनाको मस्यौदा तयार पारेको छ । नगरको अवस्था पहिचानका लागि गरिएको घरधुरी सर्वेक्षणको विधिबाट तयार गरिएको नगर पार्श्वचित्र २०७५ तथा वडागत रूपमा भएको व्यापक विषय केन्द्रित नागरिक समूह छलफल, नगरका विषयगत शाखा केन्द्रित रहेर गरिएको क्षेत्रगत सबल र कमजोर पक्ष तथा अवसर र चुनौती (SWOT) विश्लेषण तथा नगर स्तरीय योजना तर्जुमा निर्देशक समिति नगर कार्यपालिका र अन्तर्गतका समितिस्तरमा छलफल गरी नगरको समष्टीगत लक्ष्य तथा क्षेत्रगत योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो । सो मस्यौदालाई नगर कार्यपालिकामा थप छलफल गरी योजना तर्जुमाको प्रारम्भिक चरणमा गरिएका समस्या पहिचान र सुझाब संकलन प्रक्रियामा सहभागी नागरिक र सम्बन्धित सबैका लागि अध्ययन र पृष्ठपोषणको अवसर उपलब्ध गराउनका लागि तयार गरिएको हो ।

यसमा नगरवासीको सुझाव लिनको लागि तानसेन नगरपालिकाको विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ अन्तर्गत गठित नागरिक सल्लाहकार परिषद्मार्फत् नगरपालिकाको प्राविधिक सहयोगमा नगरस्तरीय सार्वजनिक सुनुवाई आयोजना हुनेछ । यसरी छलफल वा अन्य विधिमार्फत् प्राप्त हुने पृष्ठपोषण तथा सुझावका आधारमा बृहत् योजनालाई नगरपालिकाले अन्तिम रूप दिई थप छलफल र अनुमोदनका लागि नगर सभामा पेश गरी अनुमोदन गरे पश्चात् कार्यान्वयनमा लगिने छ ।

विकासका कार्यक्रमलाई अनताको अपेक्षा अनुरूप अघि बढाई थप उपलब्धीमूलक बनाउन तथा लगानीको मौद्रिक मूल्य सार्थकता हाँसिल गर्नमा सहयोग गर्नु बृहत् योजनाको उद्देश्य भएको तथा यसमा

समेटिएका क्षेत्रको व्यापकताका कारणले आगामी २० वर्षसम्मका लागि तय गरिएको समग्र कार्यक्रमको लागत अनुमान गरी विश्वसनीय आँकडा प्रस्तुत गर्नु असम्भव प्रायः भएकोले यो मस्यौदालाई अन्तिम रूप दिने समयसम्मका केही पूर्वाधारका कार्यक्रमको लागत तयार गर्न नगर प्रयासरत रहेको भए पनि सबै योजना र कार्यक्रमको लागत अनुमान तयार गरिएको छैन । समग्र कार्यक्रमको लागत विश्लेषण यस योजनामा निर्धारित प्राथमिकताका आधारमा क्षेत्रगत नीति तथा योजना तयारीका क्रममा तयार पारी आवधिक रूपमा यस योजनालाई समेत थप विस्तृत वनाउँदै लगिने छ ।

## १.२. बृहत् योजनाको कानुनी आधार र सान्दर्भिकता

नगरको समष्टीगत लक्ष्य, उद्देश्य नीति तथा प्राथमिकताका आधारमा विकासका कार्यक्रमलाई नतिजामूलक बनाउने कामको नेतृत्व नगरपालिका स्वयंले नै गर्न सकेमा मात्र समृद्ध नेपालः सुखी नेपालीको सोच हाँसिल हुन सक्ने हुनाले तानसेन नगरपालिकाले नगरवासीको समुन्नतिलाई राखेर विस्तृत योजना निर्माणको कार्य अघि बढाएको हो । नगर बृहत् योजना सीमित स्रोत र साधनको आदर्श उपयोगको सुनश्चिततामा नगरवासीको चाहना पूरा गर्नका लागि योगदान गर्न नगरवासीकै सहभागितामा तयार गरिएको दस्ताबेज हो । त्यसैले नागरिक सहभागिता नै यो योजनाको वैधानिकताको प्रमुख आधार हो । नगरको सेवा प्रवाह र विकासका कार्यक्रम तर्जुमालाई निर्देशित गर्न तयार गरिएको नगर बृहत् योजनाले विकास र समृद्धिको जनचाहना पूरा गर्न लाग्ने समय कम गर्न र नगरको विकास प्रयासको प्रभावकारिता बढाउनमा योगदान गर्ने अपेक्षा रहेको छ ।

नगरले आफ्नो वार्षिक विकास योजना तर्जुमा र प्राथमिकीकरण गर्दा दीर्घकालीन लक्ष्य तथा प्राथमिकता अनुरूप बनाउन सक्ने वातावरण निर्माणका आधारको रूपमा बृहत् योजना निर्माण गरिएको हो । बृहत् योजनाले नगरपालिकाको राजश्व सुधारको विधि निर्धारण र कार्यान्वयन, पुँजी सुधार कार्यक्रम निर्माण तथा भू-उपयोग योजना तयारीमा पनि योगदान गर्नेछ । दीर्घकालीन विस्तृत योजना, मध्यकालीन विकास योजना र वार्षिक विकास कार्यक्रम निर्माणको सबै प्रक्रियामा नागरिकहरूको कार्यात्मक संलग्नतामार्फत् मात्र विकास कार्यक्रमको प्रभावकारिता र दीगोपना सम्भव छ भन्ने मान्यतामा आधारित रहेर यो प्रक्रियालाई अधिकतम सहभागितामूलक बनाउन खोजिएको हो ।

यस पृष्ठभूमिमा नेपालको संविधान २०७२ को धारा ५७ (४) अनुसारको अनुसूचि ८ मा उल्लिखित स्थानीय सरकारको अधिकारको सूची र धारा ५९ मा उल्लिखित विकास आयोजना सम्बन्धी प्रावधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, १२, १४, १५ र २४ को अधिनमा रही दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नागरिकहरूको सहभागितामा व्यवस्थित र प्रभावकारी रूपमा नगरपालिकाको विस्तृत योजना (Comprehensive Plan) तर्जुमा गर्ने सम्वनधमा आधारभूत प्रक्रिया र विधि निर्धारण गर्न तानसेन नगरपालिकाले विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ जारी गरी सोही कार्यविधिका आधारमा पहिलो पटक नगर बृहत् योजना तयार गरेको हो । संवैधानिक रूपमा नगरको एकल अधिकार तथा संविधानमा साझा अधिकारको रूपमा राखी स्थानीय सरकार सञ्चालन ऐनमार्फत् स्पष्ट गरिएका विषय र जनताको घरदैलोमा रहेको सरकारबाट जनताले गर्ने अपेक्षा पूरा गर्नमा निर्वाह गर्नुपर्ने व्यवहारिक रूपमा नगरमा रहेको जिम्मेवारीका विषयलाई समेत ध्यानमा राखेर योजना तयार गरिएको हो ।

कार्यविधिमा नगरको विस्तृत योजनाको आवश्यकता, योजना तर्जुमामा ध्यान दिनुपर्ने विषय, योजना निर्माण प्रक्रिया, योजना तर्जुमाका क्रममा जन सहभागिताको विधि र प्रक्रिया, विभिन्न पक्ष तथा निकायको भूमिका, योजना कार्यान्वयन तथा परिमार्जन लगायतका विधि निर्धारण गरिएको छ ।

कुनै पनि विकास, योजना सम्बन्धित कार्यकारीको विकासको गन्तव्य निर्धारक र दिशानिर्देशक हो । तथापि परिवर्तित सन्दर्भलाई आत्मसात गर्दै त्यसमा आवश्यक सुधार र परिमार्जन गर्दै विकासका योजना कार्यान्वयन

हुने कुराको प्रत्याभूति आम नागरिकलाई दिलाउन सकेमात्र राज्यप्रति नागरिकको विश्वास प्राप्त हुन्छ । त्यसैले तानसेन नगरपालिकाले बृहत् योजनामा नगरवासीको अपनत्व सुनिश्चितताका साथै नगरवासीको परिवर्तित आवश्यकता सम्बोधन गर्दै यसलाई समय क्रममा अद्यावधिक गरी जीवन्त वनाइ राखिने छ। सबै विकास योजनालाई मार्गदर्शन गर्ने कानुनी आधारको रूपमा समेत बृहत् योजना तयार गरिएको हो ।

## १.३. बृहत् योजनाको क्षेत्र र सीमा

तानसेन नगरपालिकाको बृहत् योजनाले नगरको ऐतिहाँसिक पहिचानलाई अझ जीवन्त वनाउँदै विकास र सेवा प्रवाहका प्रमुख क्षेत्रहरूलाई समेट्ने प्रयास गरेको छ भने नगरको आन्तरिक स्रोत विस्तार र बाह्य स्रोत प्राप्तिमा समन्वयका विषय समेत समेटिएको छ। साबिक विकास कार्यक्रम निर्माणको अभ्यासमा समेटिने गरेको आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण र विपद् व्यवस्थापन तथा संस्थागत विकास र सुशासन जस्ता विषयगत क्षेत्र अन्तर्गतका विशिष्ठ सेवा क्षेत्र समेटेर यो बृहत् योजना तयार गरिएको हो। जसमा विगतमा खास विषयगत क्षेत्रमा नरहेका भू-उपयोग, नगरको आपत्कालीन व्यवस्थापन जस्ता विषयलाई पनि उपयुक्त विषयगत क्षेत्रभित्र राखिएको छ ।


बृहत् योजना निर्माणका क्रममा प्रयोग भएको तथ्याङ्क तथा सूचनाको विश्वसनीयताका लागि नगर आफैंले घरधुरी सर्वेक्षण गरी नगर पार्श्वचित्र तयार गरेको थियो भने केन्द्रित समूह छलफल मार्फत् आम नागरिकको धारणा संकलन गरी बृहत् योजनालाई वास्तविक समस्याको केन्द्रसम्म पुगेर समस्या समाधानको आधार पहिल्याउने माध्यमका रूपमा अघि बढाउन खोजिएको छ। योजना तर्जुमा प्रक्रियामा भएका केन्द्रित समूह छलफल प्रतिनिधिमूलक र वडास्तरमा मात्र हुनु तथा बृहत् योजना तयारीका क्रममा वडास्तरसम्मका हरेक विशिष्ठ गतिविधि र वार्षिक कार्यतालिकाको सूची र तीनको लागत समावेश गर्न नसकिनुलाई यो योजनाको सीमितता मान्न सकिन्छ। कोभिड १९ को महामारीको प्रभावका कारण अल्पकालीन कार्यक्रममा गरिएको केही परिवर्तनका लागि सहभागितामूलक पद्धतिअवलम्बन गर्न नसकिनुलाई पनि सीमितताका रूपमा लिइएको छ। यद्यपि जीवन्त दस्तावेजका रूपमा पहिलोपटक तयार पारिएको यस बृहत् योजनालाई स्थानीय कार्यविधिमा तोकिए बमोजिम आवधिक रूपमा परिस्कृत गर्दा तथा क्षेत्रगत नीति, रणनीति तथा वार्षिक विकास कार्ययोजना मार्फत् यो सीमितता पूरा हुनेछ ।

# खण्ड २
# योजना तर्जुमा विधि

## २.१. योजना तर्जुमा प्रक्रियाको सामान्य झलक

तानसेन नगरपालिकाको नगर विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ ले निर्धारण गरेका विधि र प्रक्रियामार्फत् बृहत् योजनाको यो मस्यौदा तयार परिएको हो । योजना तर्जुमाका लागि सुझाव संकलनका क्रममा सहभागी भएर आ-आफ्नो राय राख्न आम नागरिकलाई प्रदान गरिएको खुला अवसर, मस्यौदाको हरेक विषयमा नगरका जनप्रतिनिधिहरू तथा विषयगत शाखा बीचमा भएको व्यापक छलफलले यो योजनामा सबै पक्षको सहभागितालाई सुनिश्चित गरेको छ । मस्यौदा अध्ययन र पृष्ठपोषणका लागि सार्वजनिक गरी सुझाव संकलन गर्ने विधिबाट नागरिक सहभागितामा रहेका कमी पूर्तिको थप प्रयास पनि यस क्रममा भयो ।

बृहत् योजनाको समग्र प्रक्रियामा नगरले सहयोगी संस्थाको प्राविधिक सहयोग लिएको थियो । यो मस्यौदा स्वीकृत गरी सार्वजनिक गर्नु अघि तल उल्लिखित विस्तृत योजना तर्जुमाका चरण पूरा गरिएको थियो ।




तानसेन नगरपालिकाले निर्धारण गरेको विस्तृत योजना तर्जुमा प्रक्रियामा आम नागरिकको अधिकतम सहभागिताका लागि वडा तथा नगरस्तरमा नागरिक केन्द्रित संरचना अर्थात् वडास्तरीय विषयगत कार्यदलको स्थापना गरी कम्तीमा सबै वडाको प्रतिनिधित्व हुने गरी नगरस्तरीय नागरिक सल्लाहकार परिषद् निर्माण गरेको थियो । योजना तर्जुमाको मुख्य जिम्मेवारी भने नगर स्वयम्ले लिएको थियो ।

योजनाको समग्र प्रक्रियामा विभिन्न पक्षको भूमिकालाई विस्तृत योजना तर्जुमा कार्यविधिमार्फत् व्यवस्थित गरिएको छ । जसको प्रमुख पक्ष यहाँ प्रस्तुत छ ।

**क) नगर सभा :** नगर कार्यपालिकाले अन्तिम स्वीकृतिका लागि सभामा पेश भएपछि बृहत् योजनामाथि छलफल गरी अन्तिम स्वीकृति प्रदान गर्ने ।

**ख) योजना तर्जुमा निर्देशक समिति :** योजना निर्माण प्रक्रियाको नेतृत्व र आवश्यक नीतिगत निर्णय, सोच, लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने ।

**ग) नगर कार्यपालिका** : योजनाको मस्यौदामाथि नागरिकस्तरमा छलफलको वातावरण बनाउने तथा नागरिक सुझाव समेत लिएर नगर बृहत् योजनाको मस्यौदा तयार पार्ने र आवश्यक परिमार्जन गर्ने । मस्यौदामाथि दफावार छलफल गरी नागरिक सुझाव समेत अध्ययन गरी त्यसका आधारमा बृहत् योजनाको अन्तिम मस्यौदा स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

**घ) विषयगत समिति र शाखा :** योजना निर्माणमा आफ्नो क्षेत्रसँग सम्बन्धित सूचना संकलन, एकीकरण र विश्लेषण गरी योजना निर्माणको प्राविधिक कार्यको नेतृत्व र कार्यपालिकासँग समन्वय गर्ने ।


**ङ) नागरिक सल्लाहकार परिषद् :** विषयगत समिति, नगर कार्यपालिका तथा वडास्तरीय नागरिक कार्यदलसँग निरन्तर सम्पर्क र समन्वयमा रही नागरिकका तर्फबाट योजनाको मस्यौदामा पृष्ठपोषण दिने ।

**च) वडा समिति :** वडास्तरीय केन्द्रित समूह छलफल र नागरिक कार्यदलमा हुने छलफलहरूको सहजीकरण गर्ने र बृहत् योजनामा विषयगत कार्यदलले दिने सुझाव तथा पृष्ठपोषण, नागरिक सल्लाहकार परिषद् तथा नगरपालिकामा पठाउने ।


**छ) वडास्तरीय विषयगत कार्यदल :** वडास्तरमा नागरिकका समस्या र समाधानका विकल्पबारे आम जनताको प्रतिनिधित्व गरी वडा वा नागरिक सल्लाहकार परिषद्मार्फत् नागरिक आवाजलाई नगरपालिकासम्म पुऱ्याउने, केन्द्रित समूह छलफलमा सहभागिता जनाउने तथा सहभागी जुटाउने ।

**ज) सहयोगी संस्था :** योजना तर्जुमा प्रक्रिया अन्तर्गत पूर्व तयारी, सूचना संकलन, विभिन्न तहका छलफल र मस्यौदा तयारी लगायतमा नगरपालिकालाई प्राविधिक एवं विशेषज्ञ सेवा उपलब्ध गराउने ।

**बृहत् योजना तर्जुमामा संलग्न संरचना तलको प्रवाह चित्रमा गरिएको छ ।**



माथि उल्लिखित प्रक्रिया तथा संस्थागत संरचनाले बृहत् योजना तयारीमा आवश्यक भूमिका निर्धारण गरेको भएता पनि योजना निर्माणको समग्र प्रक्रियालाई मुलतः तीन प्रमुख चरणमा विभाजन गरिएको थियो । जसलाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।




## २.२. अवस्था विश्लेषण

बृहत् योजना निर्माणलाई नगरपालिकाको वास्तविक समस्या समाधानमा केन्द्रित गर्न नगरको वस्तुस्थिति विश्लेषण प्रक्रियालाई सकेसम्म वैज्ञानिक र सहभागितामूलक बनाउने प्रयास गरिएको थियो । वस्तुस्थिति विश्लेषणका लागि अवलम्बन गरिएको प्रमुख तीनवटा विधि तल प्रस्तुत छ ।

- घरधुरी सर्वेक्षणमार्फत् नगर पार्श्वचित्र तयारी तथा तथ्याङ्कको थप विश्लेषण
- केन्द्रित समूह छलफलबाट नागरिक विचार संकलन
- नगरको विषयगत शाखाबाट नगरको क्षेत्रगत सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT) विश्लेषण

नगर बृहत् योजनाको पूर्व तयारी स्वरूप नगरको जनसंख्या, विभिन्न विकास र सेवाको स्तर र पहुँचको अवस्था लगायत महत्वपूर्ण सूचना घरधुरी सर्वेक्षणमार्फत् संकलन गरिएको थियो । नगरपालिकाहरूले निर्धारण गरेका तल उल्लिखित ५ वटा विषयगत क्षेत्र र बृहत् योजनाको लक्ष्य प्राप्तिमा योगदान पुग्ने गरी अन्य क्षेत्र समेत समेटेर नागरिकको आवश्यकता पहिचान र योजना निर्माण सम्बन्धी समुदायस्तरीय छलफल गरिएको थियो ।

सर्वसाधारण नगरवासीले नगरपालिका (सरकार) बाट प्राप्त गर्नुपर्ने आधारभूत सेवा जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, विद्युत, सिँचाइ, कृषि तथा पशु प्राविधिक सेवा आदिले बृहत् योजनामा पर्याप्त स्थान पाउने सुनिश्चिताका लागि विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्रको समूह वनाइएको थियो ।

**तालिका २.२ : विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्र**

| क्र.सं. | विषयगत क्षेत्र | प्रमुख क्षेत्र अन्तर्गतका उपक्षेत्र |
|---|---|---|
| १ | आर्थिक विकास | कृषि र पशुपालन, स्वरोजगार, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| २ | सामाजिक विकास | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण । |
| ३ | पूर्वाधार विकास | सडक तथा पुल, झोलुङ्गे पुल, सिँचाइ, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, सञ्चार, पार्क, खेल मैदान, यातायातको वैकल्पिक माध्यम आदि । |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् पूर्वतयारी र प्रतिकार्य । |
| ५ | संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवाप्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, सूचनाको हकको प्रत्याभूति, लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन आदि । |

माथि उल्लिखित विषयगत क्षेत्रलाई तल उल्लिखित मुख्य विषयमा समाहित गरिएको थियो भने संस्थागत विकास र सुशासनलाई सबै क्षेत्रको अन्तरसम्बन्धित सवालका रूपमा समेटी समुदाय र नगरस्तरमा छलफल गरिएको थियो ।

| | |
|---|---|
| क्षेत्र १ : भू-उपयोग | क्षेत्र २ : आर्थिक विकास |
| क्षेत्र ३ : यातायात | क्षेत्र ४ : सार्वजनिक निर्माण |
| क्षेत्र ५ : वातावरण | क्षेत्र ६ : शिक्षा |
| क्षेत्र ७ : स्वास्थ्य | क्षेत्र ८ : आपत्कालीन सेवा क्षेत्र |
| क्षेत्र ९ : प्राकृतिक स्रोत साधन | क्षेत्र १० : आवास विकास |
| क्षेत्र ११ : पार्क तथा मनोरञ्जन | क्षेत्र १२ : ऐतिहासिक/साँस्कृतिक सम्पदा संरक्षण |

यसरी हरेक क्षेत्रका समस्या तथा समाधानका उपायका सम्बन्धमा नागरिकले आफ्नो राय स्वतन्त्र रूपमा राख्न सक्ने र खास व्यक्तिको धारणाले अन्यको भावना प्रस्तुतीलाई सीमित नगर्ने गरी वडास्तरमा भौगोलिक क्षेत्र, पेशा तथा व्यवसाय एवं महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकसहितको सहभागिता सुनिश्चित हुने गरी छलफल सञ्चालन गरिएको थियो । सहयोगी संस्था तथा नगरको सम्बन्धित शाखाका प्रतिनिधिको सहजीकरणमा केन्द्रित समूह छलफल गरी सबैको सुझाव छलफलकै समयमा टिपोट गर्ने व्यवस्था मिलाइएको थियो । नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा कार्यपालिका र नगर सभा सदस्यबाट यो प्रक्रियाको अनुगमन र सुपरिवेक्षण गरिएको थियो । वडागत छलफलको अन्त्यमा सहभागीबाट नगरको दूरदृष्टि निर्धारणका लागि सुझाव लिइएको थियो । प्रक्रियामा तानसेनका १४ वडाका ८ शय ६३ जना नगरवासीको प्रत्यक्ष सहभागिता थियो ।

केन्द्रित समूह छलफलबाट प्राप्त नागरिकको विचार तथा सुझाव एकीकृत गरी समस्या र समाधानका उपायको वडागत सँगालो तयार गरिएको थियो । त्यसैगरी केन्द्रित समूह छलफल, नगर पार्श्वचित्र, अन्य नीतिगत दस्तावेज तथा बाह्य स्रोतका सूचना समेत समावेश गरी सम्बन्धित क्षेत्रमा नगरको सबल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौति विश्लेषण गरिएको थियो ।

## २.३. मस्यौदा तयारी र पृष्ठपोषण

नगरको वस्तुस्थिति विश्लेषण पछि सबै क्षेत्रका समस्या समाधानका उपायका सन्दर्भमा नागरिकको सुझाव पुनरावलोकन गरी नगर प्रमुखको संयोजकत्वमा नगर कार्यपालिका तथा विषयगत शाखा सहितको बैठकबाट नगरको दूरदृष्टि र दीर्घकालीन लक्ष्य निर्धारण गर्नुका साथै प्राविधिक समूहले तयार पारेको क्षेत्रगत लक्ष्य, उद्देश्य, नीति तथा प्राथमिकतासहितको बृहत् योजनाको क्षेत्रगत प्रारम्भिक मस्यौदामाथि सम्बन्धित विषयगत समिति तथा सम्बन्धित शाखाका प्रमुख तथा प्रतिनिधि बीचमा विस्तृत रूपमा छलफल गरी नगर पार्श्वचित्रको प्रारम्भिक मस्यौदा तयार गरिएको हो । प्रारम्भिक मस्यौदा तयारी पछि मस्यौदालाई पूर्णता दिने र पृष्ठपोषण लिने प्रक्रिया निम्नानुसार निर्धारण गरिएको छ ।

- नगर कार्यपालिकामा बृहत् योजनाको एकीकृत मस्यौदामाथि छलफल गरी आवश्यक परिमार्जनसहित नागरिकस्तरीय टिप्पणी तथा पृष्ठपोषणका लागि सार्वजनिकीकरण ।
- नागरिक सल्लाहकार परिषद्को नेतृत्वमा वडागत छलफल तथा नगरस्तरीय सार्वजनिक सुनुवाई ।
- नागरिक सल्लाहकार परिषद्बाट नागरिकस्तरमा संकलित सुझाव एकीकृत गरी विषयगत समितिमार्फत् नगर कार्यपालिकामा पेश ।

## २.४. मस्यौदा स्वीकृति र सार्वजनिकीकरण

नगर कार्यपालिकाबाट यस सार्वजनिक गरिएको मस्यौदामाथि जनस्तरमा भएका छलफल तथा विभिन्न सरोकारवालाबाट प्राप्त हुने टिप्पणी र सुझाव अध्ययन गरी नगर कार्यपालिकाले आवश्यक परिमार्जनसहित अन्तिम स्वीकृतिका लागि नगर सभामा पेश गरेको थियो। नगर सभाले आवश्यकता अनुसार परिमार्जन र स्वीकृत गरेसँगै बृहत् योजना कार्यान्वयनमा जाने कार्यविधिको व्यवस्था छ। यसरी अन्तिम स्वीकृतीसँगै बृहत् योजना लागु हुन्छ।

## २.५. बृहत् योजना कार्यान्वयन

बृहत् योजना समग्र विकास योजना तथा कार्यक्रमको मार्गदर्शक नीतिगत दस्ताबेजका रूपमा रहने छ। यसमा उल्खितित नीति तथा कार्यक्रम यही योजनामा उल्लेख भएको प्राथमिकता अनुसार नै कार्यान्वयन हुनेछ। बृहत् योजना कार्यान्वयनको अवस्थाको समीक्षा तथा आवश्यकता अनुसार परिमार्जन पहिलोपटक कम्तीमा अल्पकालीन समय (पहिलो २ वर्ष) व्यतीत भएपछि र त्यसपछि आवश्यकता अनुसार समय समयमा गरिने छ। योजना कार्यान्वयन, परिमार्जन वा संशोधनको प्रक्रियालाई पनि अधिकतम सहभागितामूलक बनाइने छ। यो योजनाले सुझाएका विभिन्न क्षेत्रगत नीति, कानुन, रणनीति तथा योजना निर्माण र कार्यान्वयनलाई पनि प्राथमिकताका साथ अघि बढाइने छ। यो प्रक्रियाको सहजीकरणका लागि प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षण हुने गरी एक नगरस्तरीय योजना शाखा निर्माण गरी क्रियाशील गरिने छ। यो प्रक्रियालाई संस्थागत गर्न दीर्घकालमा नगरस्तरको योजना आयोगको परिकल्पना पनि गरिएको छ।

योजनाको कार्यान्वन, समय समयमा नागरिक सुझावका आधारमा परिमार्जन तथा योजनाको तथ्यमा आधारित नागरिक खबरदारीको माध्यमबाट योजनाको सान्दर्भिकता निरन्तर कायाम भइराख्ने अपेक्षा गरिएको छ। स्थानीय कानुन बमोजिम निर्माण भएको यो योजनामा थपघट तथा परिमार्जनका लागि पनि कानुनमा निर्धारित सहभागितामूलक पद्धतिको अधिकतम उपयोग गरिने छ। बृहत् योजना अन्तर्गत तयार गरिने वार्षिक कार्ययोजना तथा पुँजी सुधार योजना लगायतको निर्णय गर्दा पनि अधिकतम नागरिक सहभागिताको पद्धतिअवलम्बन गरिने छ।

## २.६. बृहत् योजना परिमार्जन वा संशोधन

यो योजनालाई जीवन्तता दिन नियमित समीक्षा र परिमार्जन अपरिहार्य हुन्छ। बृहत् योजना नीतिगत र कानुनी दस्ताबेज समेत भएकोले यसमा संशोधन र परिमार्जन गर्दा सहभागितामूलक पद्धतिअवलम्बन गरिने छ। संशोधनको समहभागिमूलक पद्धतिनगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ। योजना संशोधन र परिमार्जनको अन्तिम निर्णय नगर कार्यपालिका र सभाबाट नै हुन्छ। बृहत् योजनामा उल्लिखित लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम संशोधन वा परिमार्जन गर्दा यहाँ प्रयोग गरिएका क्रम संख्या वा अक्षरका संकेतलाई आधार मानी तलको तालिकामा प्रस्तुत गरिएको विधिलाई आधार मानिने छ।

**तालिका २.६ : बृहत् योजना परिमार्जन वा संशोधन**

| संशोधन गर्नुपर्ने उद्देश्य, नीति वा कार्यक्रम | हालको व्यवस्था | गरिएको परिवर्तन |
|---|---|---|
| **उद्देश्य सम्बन्धी उदाहरण :** पूर्वाधार विकास अन्तर्गत यातायात उपक्षेत्र (५.३.३) को नाम उद्देश्य नं. ३। | उद्देश्य ३ जस्ताको त्यस्तै | पूर्वाधार विकास अन्तर्गत यातायात उपक्षेत्र (५.३.३) को नाम उद्देश्य नं. ३ हटाइएको वा निम्नानुसार हुने गरी परिमार्जन गरिएको। |
| **नीति सम्बन्धी उदाहरण** : पूर्वाधार विकास अन्तर्गत यातायात उपक्षेत्रको उद्देश्य नं. ३ को नीति ग। | नीति ग. जस्ताको त्यस्तै | उल्लिखित नीति हटाइएको वा निम्नानुसार [...] हुनेगरी परिमार्जन गरिएको। |

| संशोधन गर्नुपर्ने उद्देश्य, नीति वा कार्यक्रम | हालको व्यवस्था | गरिएको परिवर्तन |
|---|---|---|
| **कार्यक्रम सम्बन्धी उदाहरण :** प्राथमिकता तालिका ५.३.३ को मुख्य कार्यक्रम (च) अन्तर्गत म (२) अर्थात् मध्यकालीन कार्यक्रम नं. २ । | मध्यकालीन कार्यक्रम नं. २ जस्ताको त्यस्तै | उल्लिखित कार्यक्रम सम्पन्न भइसकेकोले हटाइएको वा निम्नानुसार पारिमार्जन गरिएको वा सम्बन्धित कार्यक्रम २.१. थप गरिएको । |


हरेक पटक अल्पकालीन अवधि वा २ देखि ३ वर्ष (नगरले पहिलो पल्ट २ वर्ष राखेको भए पनि यसको अवधि ३ वर्षमा नबढाई परिवर्तन गर्न सक्छ । पहिलोपटक निर्धारित अल्पकालीन अवधि समाप्त हुनभन्दा केही अघि नै मध्यकाल र दीर्घकालका प्राथमिकतामा आधारित रहेर नगरस्तरमा छलफल तथा सुनुवाईको विधिबाट नयाँ अल्पकालीन कार्यक्रम तय गर्नुपर्ने र मध्यकाल र दीर्घकालका कार्यक्रममा परिमार्जन गर्नुपर्ने हुन्छ ।

# खण्ड ३
# नगर परिचय

## ३.१. पृष्ठभूमि

२००७ सालमा ११ वडासहित स्थापित यस नगरपालिका वि.सं. २०४८ सालमा ४ वडा थप गरी यस नगरपालिकामा १५ वडा कायम गरिएको थियो । त्यसपछि संघीय संरचना अनुसार २०७३ फागुन २२ गते साबिकका तानसेन नगरपालिकामा, वराङ्गदीका (२-६), मदनपोखरा, तेल्घा, बन्दिपोखरा, बौघापोखरा थोक, बौघागुम्हा र अर्गली गाविसहरू समावेश गरी तानसेन नगरपालिकाको नयाँ संरचनामा १४ वडा कायम गरिएको छ। सेन वंशका दशौं पुस्ताका राजा चन्द्र सेनका छोरा रूद्र सेनले वि.सं. १५६३ मा पाल्पा राज्यको स्थापना गरेका थिए। त्यस समयमा पाल्पाका शक्तिशाली राजाको रूपमा चिनिने रूद्र सेनले पाल्पा राज्यको विस्तार गरी आफ्नो राज्यको राजधानी तानसेनलाई वनाएको पाइन्छ। पाल्पा राज्यको राजधानी तथा आसपासका क्षेत्र समेटर वर्तमान तानसेन नगरपालिका वनेकोले यस नगरको आफ्नै विशिष्ठ पहिचान रहेको छ।

**नक्सा ३.१ : तानसेन नगरपालिको राजनीतिक विभाजन**



संघीय नेपालको प्रदेश नं. ५ मा पर्ने पाल्पा जिल्लाको सदरमुकामसहितको तानसेन नगरपालिका ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक दृष्टिकोणले प्रसिद्ध एवम् रमणीय नगरपालिका हो । तानसेन नेपालकै एउटा महत्वपूर्ण पर्यटकीय केन्द्र समेत हो । पाल्पा दरबार, रानी महल, विभिन्न ऐतिहाँसिक मठ मन्दिर, कालीगण्डकी किनारमा अवस्थित ऋषिकेश धाम, श्रीनगर आदि यहाँको प्रसिद्ध धार्मिक र पर्यटकीय स्थल हुन् । सिद्धार्थ राजमार्गमार्फत् लुम्बिनी र पोखराको बीचमा रहेको यस नगरपालिका लुम्विनी र पोखरा जाने पर्यटकका लागि शितल हावापानीसहितको आकर्षक थप पर्यटकीय गन्तव्य पनि हो ।

पर्यटकीय महत्व बोकेको तानसेन नगरको मुख्य केन्द्रमा होटल लगायतका पर्यटन पूर्वाधारको आधारभूत व्यवस्थापन पनि रहेको छ । करुवा र ढाकाको उत्पादनले स्थानीय पहिचान र पर्यटन प्रवर्द्धनमा पनि योगदान गरिरहेको छ । तानसेन बजारको जनघनत्व अन्यत्रको तुलनामा अधिक रहेको भए पनि आसपासका क्षेत्रको बस्ती समेत क्रमशः सघन भन्दै गइरहेको छ । भौतिक पूर्वाधार विकासको स्तरमा वडागत र भौगोलिक आधारमा नगरभित्र विविधता रहेको छ । नगर केन्द्रको तुलनामा सेवा प्रवाहका भौतिक पूर्वाधारको उपलब्धता बाह्य वडाहरूमा कम रहेको छ । सामाजिक सचेतनाको स्तर नगरपालिकाभर सन्तोषजनक रहेको छ ।

सामान्यतया भू-उपयोग योजनामार्फत् बस्ती तथा अन्य क्षेत्र विभाजन गरी सोही अनुसारका पूर्वाधार विस्तार गरेर मात्र वनेका शहरलाई योजानाबद्ध र सुव्यवस्थित शहरको रूपमा लिन सकिन्छ । नेपालका अधिकांश स्थानीय तह जस्तै तानसेन पनि योजनाबद्ध शहरी विकासको विधिमार्फत् निर्माण नभएको हुनाले सुव्यवस्थित नगरका सबै विशेषता यस नगरमा छैन । ऐतिहाँसिक र पुरातात्विक महत्व बोकेका सम्पदाको उचित सरक्षण गर्दै आगामी दिनमा हुने पूर्वाधार विकास र सेवा प्रवाहको विधिलाई थप व्यवस्थित बनाउन र विकास निर्माणको विगतको अभ्यासमा रहेका कमी कमजोरीलाई सुधार गर्दै तानसेनवासीको सुख र समृद्धिको दीगो आधार निर्माणका लागि नगरवासीको अधिकतम सहभागिताका आधारमा नगरको पहिलो बृहत् योजना तयार गरिएको छ । यसले नगरको सबै संयन्त्रलाई गतिशील बनाई सीमित स्रोत र साधनको आदर्शतम उपयोगमार्फत् तानसेनको परम्परागत पहिचानको संरक्षण र विशिष्ठ पहिचान निर्माणमा टेवा पुग्ने विश्वास छ ।

## ३.२. नगरको जनसाङ्खिक अवस्था

तानसेन नगरपालिकामा २०७५ सालमा सम्पन्न गरिएको पारिवारिक तथ्याङ्क संकलनबाट प्राप्त आँकडा अनुसार १४ वटा वडा रहेको र कुल १०९.७९ वर्ग कि. मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा १३,१२२ घरपरिवार रहेका छन् । जसमा २१,४१४ पुरुष, २५,९९२ महिला गरी नगरको जनसंख्या कुल ४७,४०६ रहेको छ । तथ्याङ्क अनुसार यहाँको लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरुषको जनसंख्या भने कम अर्थात् ८२.३९ प्रतिशत देखिन्छ । प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा ४३२ जनाको दरमा जनघनत्व रहेको छ ।

क्षेत्रफलका हिसाबले वडा नं. १० सबैभन्दा ठुलो वडा र सबैभन्दा सानो वडाको रूपमा वडा नं. ४ रहेको छ । त्यस्तै जनसंख्याको हिसाबले वडा नं. ३ को जनसंख्या सबैभन्दा धेरै र वडा नं. १३ को सबैभन्दा कम रहेको देखिन्छ । जनसंख्या, घरधुरी र जनघनत्वको हिसाबले बजार क्षेत्र बढी सघन रहेको छ । शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सुरक्षा, व्यापार आदिको कारण सो क्षेत्रमा बढी जनसंख्या बसोबास गर्छन् ।

वडागत विवरण अनुसार सबैभन्दा धेरै घरधुरीहरू वडा नं. ३ मा १,५२२ घरधुरीहरू र सबैभन्दा कम वडा नं. ९ मा ७४३ घरधुरीहरू रहेका छन् । वडागत जनसंख्याको महिला/पुरुषको अनुपात लैङ्गिक अनुपात विवरणसँग असमान किसिमको देखिन्छ । प्रत्येक वडामा महिलाको जनसंख्या पुरुषकोभन्दा बढी देखिन्छ । तानसेन नगरपालिकामा अक्सर बसोबास गर्ने जनसंख्या हेर्दा सबैभन्दा उच्च १५-१९ वर्षका ५,०१४ (१०.५८ प्रतिशत) देखिन्छ । कुल जनसंख्याको सबैभन्दा ठुलो हिस्सा ४४ प्रतिशत भन्दा बढी ४ वर्षदेखि २४ वर्षसम्मको उमेर समूह रहेको छ ।

## तालिका १/३.२ : नगरको वडागत जनसाङ्ख्यिक स्थिति

| वडा नं. | परिवार संख्या | अक्सर बसोबास गर्ने जनसंख्या | | | लैङ्गिक अनुपात | औषत परिवार आकार | क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व प्रति वर्ग कि.मि. |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा जनसंख्या | | | | |
| १ | १,०२६ | १,८९८ | २,१२७ | ४,०२५ | ८९.२३ | ३.९२ | ३.५७ | ११६० |
| २ | १,१४१ | १,८२८ | २,०८६ | ३,९१४ | ८७.६३ | ३.४३ | १.७९ | २१८७ |
| ३ | १,५२२ | २,३६७ | २,९२१ | ५,२८८ | ८१.०३ | ३.४७ | १.१ | ४८०७ |
| ४ | ९०१ | १,४१४ | १,६४२ | ३,०५६ | ८६.११ | ३.३९ | ०.४२ | ७२७६ |
| ५ | ९२९ | १,५९४ | १,८६२ | ३,४५६ | ८५.६१ | ३.७२ | ११.२८ | ३०६ |
| ६ | १,१७० | १,८५५ | २,२२८ | ४,०८३ | ८३.२६ | ३.४९ | ६.३९ | ६३९ |
| ७ | १,३५० | २,३०२ | २,६९८ | ५,००० | ८५.३२ | ३.७० | ३.१४ | १५९२ |
| ८ | ८०५ | १,३४३ | १,६६८ | ३,०११ | ८०.५२ | ३.७४ | ११.७१ | १५७ |
| ९ | ८८२ | १,३१० | १,७४३ | ३,०५३ | ७५.१६ | ३.४७ | ६.३७ | ४७९ |
| १० | ८१९ | १,५३५ | १,७७५ | ३,३१० | ८६.४८ | ४.०४ | १५.६८ | २११ |
| ११ | ५९९ | ९३६ | १,१९९ | २,१३५ | ७८.०४ | ३.५६ | १२.०७ | १७७ |
| १२ | ६२२ | ९४३ | १,२८१ | २,२२४ | ७३.६१ | ३.५८ | १३.४६ | १६५ |
| १३ | ५१९ | ८०३ | १,०६९ | १,८७२ | ७५.१२ | ३.६१ | १२.०८ | १५५ |
| १४ | ८३७ | १,२८६ | १,६९३ | २,९७९ | ७५.९६ | ३.५६ | १०.८३ | २७५ |
| **जम्मा** | **१३,१२२** | **२१,४१४** | **२५,९९२** | **४७,४०६** | **८२.३९** | **३.६१** | **१०९.७९** | **४३२** |

*स्रोत : नगर पार्श्वचित्र २०७५*

## तालिका २/३.२ : अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसंख्याको विवरण

| वडा नं. | परिवार संख्या | अक्सर बसोबास गर्ने जनसंख्या | | | अनुपस्थित जनसंख्या | | | जम्मा जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | १,०२६ | १,८९८ | २,१२७ | ४,०२५ | ४०६ | ७७ | ४८३ | २,३०४ | २,२०४ | ४,५०८ |
| २ | १,१४१ | १,८२८ | २,०८६ | ३,९१४ | ३४२ | ७६ | ४१८ | २,१७० | २,१६२ | ४,३३२ |
| ३ | १,५२२ | २,३६७ | २,९२१ | ५,२८८ | ६२५ | ९८ | ७२३ | २,९९२ | ३,०२९ | ६,०११ |
| ४ | ९०१ | १,४१४ | १,६४२ | ३,०५६ | ३१५ | ७४ | ३८९ | १,७२९ | १,७१६ | ३,४४५ |
| ५ | ९२९ | १,५९४ | १,८६२ | ३,४५६ | ५१६ | १२१ | ६३७ | २,११० | १,९८३ | ४,०९३ |
| ६ | १,१७० | १,८५५ | २,२२८ | ४,०८३ | ४६४ | ९५ | ५५९ | २,३१९ | २,३२३ | ४,६४२ |
| ७ | १,३५० | २,३०२ | २,६९८ | ५,००० | ५८९ | ६६ | ६५५ | २,८९१ | २,७६४ | ५,६५५ |
| ८ | ८०५ | १,३४३ | १,६६८ | ३,०११ | ५३४ | १४६ | ६८० | १,९७७ | १,८१४ | ३,६९१ |
| ९ | ८८२ | १,३१० | १,७४३ | ३,०५३ | ६१० | १४५ | ७५५ | १,९२० | १,८८८ | ३,८०८ |
| १० | ८१९ | १,५३५ | १,७७५ | ३,३१० | ४९४ | १५९ | ६५३ | २,०२९ | १,९३४ | ३,९६३ |
| ११ | ५९९ | ९३६ | १,१९९ | २,१३५ | ६४१ | ३०९ | ९५० | १,५७७ | १,५०८ | ३,०८५ |

| वडा नं. | परिवार संख्या | अक्सर बसोबास गर्ने जनसंख्या | | | अनुपस्थित जनसंख्या | | | जम्मा जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १२ | ६२२ | ९४३ | १,२८१ | २,२२४ | ६५८ | २७९ | ९३७ | १,६०१ | १,५६० | ३१६१ |
| १३ | ५१९ | ८०३ | १,०६९ | १,८७२ | ४१८ | ११२ | ५३० | १२२१ | १,१८१ | २,४०२ |
| १४ | ८३७ | १,२८६ | १,६९३ | २,९७९ | ८९९ | ३७१ | १,२७० | २,१८५ | २,०६४ | ४,२४९ |
| **जम्मा** | **१३,१२२** | **२१,४१४** | **२५,९९२** | **४७,४०६** | **७५११** | **२१२८** | **९६३९** | **२८९२५** | **२८१२०** | **५७०४५** |


*स्रोतः नगर पार्श्वचित्र, २०७५*

नगर पार्श्वचित्र अनुसार नगरपालिकामा रहेका कुल १३,१२२ परिवार मध्ये २ देखि ३ जना सदस्य संख्या भएको परिवार सबैभन्दा धेरै ५,६९८ (४३.४४ प्रतिशत) रहेको छ। दोस्रोमा ४ देखि ५ जना सदस्य संख्या भएको परिवार ४,७४२ (३६.१५ प्रतिशत) र तेस्रोमा ६ देखि ७ जना सदस्य संख्या भएको परिवार १,१९६ (९.१२ प्रतिशत) रहेका छन्। त्यस्तै ८ जनाभन्दा बढी सदस्य संख्या भएको परिवार ३८९ (२.९७ प्रतिशत) रहेका छन् भने १ जनामात्र सदस्य संख्या भएको परिवारको समेत रेकर्ड गरिएको छ। जसको संख्या १,०९१ रहेको छ। समग्र तथ्याङ्कलाई हेर्दा परम्परागत संयुक्त परिवारमा रहने परिपाटी परिवर्तन भई सामान्यतया बाबु-आमा र तिनका अविवाहित छोराछोरीहरू रहेको २ वा ३ जनाको परिवारको नै बाहुल्यता बढेको तथ्याङ्कले देखाउँछ। २ देखि ३ जना मात्र भएको परिवारको संख्या समेत ३१.१२ प्रतिशत हुनुले यो क्रम बढ्ने अर्थात् आगामी दिनमा सानो परिवारको संख्या बढी हुँदै जाने तथ्य स्पष्ट छ।

तालिका नं. २ मा देखाइए अनुसार नगरमा स्थायी ठेगाना भएका ९६३९ जना विभिन्न शिलशिलामा नगर बाहिर रहेकोमा उनीहरूमध्ये आधा जति कोभिड महामारीसँगै फर्केको र सोको ४० प्रतिशत अर्थात् झण्डै २ हजार जना लामो समयसम्म नगरमा नै रहनसक्ने अनुमान गरिएको छ।

तल प्रस्तुत गरिएको जनसंख्याको पिरामिड २०७५ मा गरिएको घरधुरी तथ्याङ्क सङ्कलनबाट प्राप्त जनसंख्याको आधारमा तयार गरिएको हो। जसमा नगरपालिकाको जनसंख्याको लैङ्गिक अनुपात र विभिन्न उमेर समूहको संरचनाको चित्रण गरिएको छ।

**उमेरसमूह अनुसार जनसंख्याको विवरण**



नगरपालिकामा विभिन्न उमेर समूहको जनसंख्या मध्ये पुरुष १०-१४ र १५-१९ उमेर समूहमा सबभन्दा धेरै रहेको छ भने महिला १५-१९, २०-२४ र २५-२९ उमेर समूहमा सबभन्दा धेरै रहेको छ । समग्रमा नगरको उमेर समूहको जनसंख्यालाई हेर्दा १०-१४, १५-१९, २०-२४ र २५-२९ का जनसंख्या अन्य समूहमा भन्दा धेरै रहेको छ । कुल जनसंख्याको सबैभन्दा ठुलो हिस्सा १० वर्षदेखि २९ वर्षसम्मको उमेर समूह रहेको छ। यो उमेर समूहको जनसंख्या भनेको आत्मनिर्भर भई नसकेको जनसंख्या पनि हो भने अहिलेको तुलनामा नगरपालिका भित्र आगामी दशकमा श्रमशक्ति धैरै संख्याले बढ्ने आधार पनि हो । जसले गर्दा नगरभित्र बढी भन्दा बढी रोजगारको आवश्यकता पर्छ भने उत्पादन सम्भाव्यता पनि अधिक हुन्छ । लैङ्गिक अनुपातको हिसाबले उक्त उमेर समूहमा पुरुषको संख्या महिलाको तुलनामा घट्दै गएको देखिन्छ । वैदेशिक वा अन्य अवसरका लागि बाहिर जाने गरेको कारण गणनाका क्रममा पुरुषहरूको न्यून उपस्थिति भएको नगरको अनुमान छ । तथापि यसको यथार्थ विवरण छैन । वर्तमान अवस्थाले आगामी २० वर्षमा ज्येष्ठ नागरिकको संख्या पनि बढ्ने देखिन्छ। त्यसलै ज्येष्ठ नागरिक सम्मान र सुरक्षा कार्यक्रम पनि नगरले कार्यान्वयन गर्नुपर्ने हुन्छ।

## ३.२.१. जनसंख्या प्रक्षेपण

बृहत् योजनाले भावी जनसंख्याको आवश्यकता सम्बोधन गर्नुपर्ने हुन्छ । तानसेन नगरपालिकाको दूरदृष्टि, दीर्घकालीन लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम तय गर्दा तलको तालिकामा उल्लेख गरिएको जनसंख्यालाई आधार वनाइएको छ। जनसंख्या प्रक्षेपण गर्न केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त नगरपालिकाको विगतका वि.सं. २०२८ सालदेखिको दश-दश वर्षको फरकमा रहेको जनसंख्या तथा नगरले गरेको पारिवारिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई लिइएको छ । नगरपालिकाको जनसंख्याको पूर्वानुमान गर्दा विभिन्न समयमा भएको राजनीतिक परिर्वतनसँगै स्थानीयको पुनर्संरचनाहरूमा आधारित भएता पनि सम्पूर्ण तानसेनको हालको संरचनासँग मिल्ने गरी मिलाउन कोसिस गरिएको छ।

२०७६ सालको संघीय संरचना अनुसार साबिकको तानसेनलाई वडा नं. २, ३, ४, ६, ७ तथा १ र ५ का केही भू-भागहरू, वराङ्वदीलाई वडा नं. १ र ५ का केही भू-भागहरू, मदनपोखरालाई वडा नं. ८ र ९, तेल्घालाई वडा नं. १०, बन्दिपोखरालाई वडा नं. ११, बौघापोखरा थोकलाई वडा नं. १२, बौघागुम्हालाई वडा नं. १३ र अर्गलीलाई वडा नं. १४ गरी जम्मा १४ वटा वडाहरूमा विभाजन गरिएको छ । त्यसकारण, विगत २०२८ सालदेखिको हाल सम्मको तानसेनको जनसंख्या निकाल्दा साबिकको गाउँ विकास समितिहरू/ गाउँ पञ्चायतहरूको जनसंख्यालाई लिन सकिन्छ । त्यसकारण, विगत २०२८ साल देखिको हालको तानसेनको जनसंख्या निकाल्दा साबिकको गाउँ विकास समिति/गाउँ पञ्चायतहरू/नगर पञ्चायत तानसेन, वराङ्वदी, मदनपोखरा, तेल्घा, बन्दिपोखरा, बौघापोखरा थोक, बौघागुम्हा र अर्गलीको जनसंख्यालाई लिन सकिन्छ । संघीय संरचना अनुसार २०७३ सालमा साबिकका तानसेन नगरपालिकामा साबिकको विभिन्न ७ गा.वि.स.हरूलाई समावेश गर्ने क्रममा वराङ्वदी गा.वि.स.को भने २-६ वडाहरू मात्र समावेश गरिएको थियो। त्यसकारण, २०२८ सालदेखि २०६८ सम्म नगरको जनसंख्या विवरण राख्ने क्रममा २०३८ र २०४८ सालको साबिकको गा.वि.स.को वडागत जनसंख्या केन्द्रीय तथ्याङ्क विभागमा उपलब्ध हुन नसकेको कारणले गर्दा वराङ्वदी गा.वि.स.को जनसंख्यालाई समान ९ भागमा विभाजन गरी ५ भागलाई २-६ वडाको जनसंख्याका रूपमा समावेश गरिएको छ ।

## ३.२.२. जनसंख्या प्रक्षेपण विधि

जनसंख्या प्रक्षेपणमा रेखीय वृद्धिदर (Linear Growth Rate) ज्यामितीय वृद्धिदर (Geometric Growth Rate), घातङ्कीय वृद्धिदर (Exponential Growth Rate) तथा समूहगत आंशिक पद्धति(Cohort Component Method) आदि उपयोग गर्न सकिने भएता पनि समूहगत आंशिक पद्धति(Cohort Component Method) निकै उपयुक्त हुन्छ । यस पद्धतिले प्रजननदर, मृत्युदर, तथा प्रवासनदरलाई मध्यनजर गर्दछ । तर, सानो क्षेत्रफल तथा समूहगत विभाजनसहितको जनसाङ्ख्यिक तथ्याङ्कको अभावमा यी परिमाण अनुमान गर्न असम्भव हुन्छ ।

तानसेन नगरपालिकाको सन्दर्भमा २०२८ देखि २०६८ सालसम्म नगरको सकारात्मक वृद्धिदर देखिन्छ । तथापि दरमा उतार चढाव देखिन्छ । तर, २०७५ मा नगरपालिकाले गरेको घरपरिवार सर्वेक्षण बमोजिम यस नगरको जनसंख्या २०६८ को भन्दा करिब ३००० ले घटेको पाइन्छ । पहाडी भू-भागहरूमा भौतिक तथा सामाजिक पूर्वाधारको विकासको कमी, सडक सञ्जालको अपर्याप्तता, ऊर्वरा जमिनको अपर्याप्तता तथा राष्ट्रव्यापी रूपमा देखिएको बढ्दो आन्तरिक तथा बाह्य प्रवासनले तानसेन नगरपालिकाको जनसंख्या वृद्धिदर नकारात्मक बनाउनमा योगदान गरेको हुनसक्ने अनुमान छ ।

यद्यपि, २०७३ मा भएको राज्य पुनर्संरचना, संघीय शासन प्रणालीको पूर्ण कार्यान्वयन तथा स्थानीय राजनीतिक स्थायित्वका कारण तानसेन हालको भन्दा थप आकर्षक बसोबास स्थल वनन सक्ने तथा विभिन्न उद्देश्यले नगर बाहिर रहेको जनसंख्या पनि नगरमा फर्कन सक्ने भएकोले आगामी दिनमा यस नगरको जनसंख्या बढ्ने विश्वास लिइएको छ ।

तसर्थ, २०५८-६८ मा तानसेन नगरपालिकाको जनसंख्या वृद्धिदर १.३६ % रहेकोले, सोही वृद्धिदरलाई आधार मानेर २०७५ को जनसंख्यालाई आधार वर्षको जनसंख्या मानी पहिले २०७८ को जनसंख्या प्रक्षेपण गरियो भने २०७८ देखि २०९८ सम्मको समयलाई पाँच वर्षको अन्तरालमा विभाजित गरी घातङ्कीय वृद्धिदर पद्धतिको प्रयोगद्वारा उक्त समयको जनसंख्या प्रक्षेपण गरिएको हो । घातङ्कीय वृद्धिदर पद्धतिले दुईवटा समय अवधिको जनसंख्या वृद्धिदरलाई अनुमान गरी भावी जनसंख्या पूर्वानुमान गर्दछ ।

घातङ्कीय वृद्धिदर (Exponential Growth Rate) $Pt = P_0 e^{rt}$

जहाँ, Pt = 't' समय पछि हुने जम्मा जनसंख्या; $P_o$= प्रारम्भिक जनसंख्या; e = २.७१८२८;

r= वृद्धिदर(%); र t= समय अवधि हो ।

नगरपालिकाको आगामी वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण निम्नानुसार रहेको छ ।


**तालिका ३.२.२ : आगामी वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण**

| जनगणनात्मक जनसाङ्ख्यिक विवरण | | जनसंख्या वृद्धिदर | | पूर्वानुमानित जनसाङ्ख्यिक विवरण (वृद्धिदर = १.३६%) | |
|---|---|---|---|---|---|
| साल | जनसंख्या | साल | दर (%) | साल | जनसंख्या |
| २०२८ | २५,३१९ | २०२८-३८ | ३.९२ | २०७८ | ४९३८१ |
| २०३८ | ३७१०४ | २०३८-४८ | ०.१९ | २०८३ | ५२८५५ |
| २०४८ | ३७८०९ | २०४८-५८ | १.५२ | २०८८ | ५६५७४ |
| २०५८ | ४४००१ | २०५८-६८ | १.३६ | २०९३ | ६०५५५ |
| २०६८ | ५०४०५ | २०६८-७५ | -०.६१ | २०९८ | ६४८१६ |
| २०७५ | ४७४०६ | | | | |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग (वि.सं. २०२८-२०६८), नगर पार्श्वचित्र (वि.सं. २०७५)*

२०७५ सालको जनसाङ्खिक विवरण तानसेन नगरपालिकाको नगर प्रोफाइल निर्माण गर्ने क्रममा हरेक घरघरमा पुगी गरिएको सर्वेक्षणमा आधारित रहेको छ । उक्त गणना अनुसार यस नगरपालिकाको जम्मा जनसंख्या ४७,४०६ रहेको थियो । २०७८ देखि २०९८ सम्मको समयलाई पाँच वर्षको अन्तरालमा विभाजित गरी, १.३६% वृद्धिदरको प्रयोग गर्दा, २०७५ को जनसंख्यामा करिब २,००० ले वृद्धि भई २०७८ को जनसंख्या ४९,३८१ हुन आउने देखिन्छ । यसैगरी, सोही पद्धति र वृद्धिदरको प्रयोग गर्दा विक्रम सम्वत् २०८३ को ५२,८५५, २०८८ को ५६,५७४ , २०९३ को ६०,५५५ र २०९८ को जनसंख्या ६४,८१६ रहने अनुमान गरिएको छ ।

**२०२८ देखि २०९८ सम्मको जनसंख्या प्रक्षेपण तथा जनसाङ्खिक प्रवृत्ति**




तानसेन नगरपालिकाको पहिलो बृहत् योजनाले नगरपालिकाको वर्तमान तथा भावी जनसंख्याको आवश्यकता सम्बोधनका लागि पूर्वाधार व्यवस्थापन, सम्भाव्य बस्ती विकास, जनसंख्याको मिश्रण अनुसार उपयुक्त रोजगारीका अवसर सृजना जस्ता पक्षलाई वैज्ञानिक बनाउनमा जनसंख्या प्रक्षेपणको अधिकतम उपयोगको प्रयास गरेको छ । २०७८ मा हुने राष्ट्रिय जनगणना तथा आवश्यकता अनुसार नगरले गर्ने स्थानीय सर्वेक्षणका आधारमा जनसंख्याको प्रवृति विश्लेषण गरी आवश्यकता अनुसार जनसंख्या प्रक्षेपणमार्फत् जनसाङ्खिक अवस्थामा आउने परिवर्तनलाई समेट्दै र त्यसका आधारमा बृहत् योजनाका खास प्राथमिकतालाई पनि समयक्रममा परिमार्जन गरिने छ । तानसेनको पर्यटकीय सम्भावना तथा औद्योगिक विकासले गति लिएसँगै नगरको जनसंख्या वृद्धिदर तथा संख्या दुबै बढ्ने अपेक्षा गरिएको छ । बृहत् योजना समीक्षा तथा परिमार्जनको क्रममा त्यसमा ध्यान दिइने छ ।

# खण्ड ४
# नगरको समष्टिगत लक्ष्य

## ४.१. नगरको मुख्य प्राथमिकता

तानसेन नगरपालिकाले बृहत् योजना तयारीका क्रममा भएका वडास्तरीय विषय केन्द्रित छलफलमार्फत् नगरको विकासका प्राथमिकता निर्धारणमा नागरिक सुझाव संकलन गर्न सहभागितामूलक पद्धति अपनाएको थियो । खुला मतदानको विधिबाट पहिचान गरिएको प्राथमिकता तथा नगरको मुख्य प्राथमिकताको क्षेत्र सम्वनधमा विभिन्न तहमा प्रस्तुत धारणाहरू समेत राखेर नगरको योजना तर्जुमा निर्देशक समितिस्तरमा छलफल गरिएको थियो । मत सर्वेक्षणमा तानसेन नगरपालिकाले शिक्षा क्षेत्रलाई मुख्य प्राथमिकता दिनुपर्ने देखिएको थियो भने स्वास्थ्य, यातायात र आर्थिक विकासलाई क्रमशः अन्य महत्वपूर्ण प्राथमिकतामा राखिनुपर्ने देखिएको थियो । सोही क्रममा नगरको दूरदृष्टि निर्धारणका लागि सुझाव दिने क्रममा १४ वडाका सबैभन्दा बढी नागरिकले नगरलाई पर्यटनमा केन्द्रित हुनुपर्ने सुझाव दिएका थिए भने शिक्षा तथा स्थानीय उत्पादन तथा आयमूलक गतिविधिलाई सुख र समृद्धिको आधार बनाउनुपर्ने सुझाव दिएका थिए । यसरी नगरवासीको धारणा र नगरपालिकाको समग्र हितका लागि कार्यपालिका तथा विषयगत शाखाको सहभागितामा प्राप्त सुझाव अनुसार पर्यटन, स्थानीय व्यवसायिक उत्पादन र पूर्वाधार विकासलाई नगरले सबैभन्दा महत्वपूर्ण प्राथमिकतामा राख्नेछ । शिक्षा र स्वास्थ्यलाई पनि नगरले पर्याप्त प्राथमिकता दिनेछ ।

## ४.२. नगरको दूरदृष्टि

करिब ११० किलोमिटर क्षेत्रफलमा फैलिएको तानसेन नगरपालिका नदी, तल्लो नदी, तटीय क्षेत्रदेखि उच्च पहाडी भागसम्म फैलिएकोले पर्यावरणीय विविधतायुक्त नगर हो । पाल्पा जिल्लाको केन्द्रमा रहेको तानसेन नगरपालिका ऐतिहाँसिक पाल्पा राज्यसहित विभिन्न ऐतिहाँसिक, धार्मिक र साँस्कृतिक सम्पदाले भरिपूर्ण छ । पाल्पा दरबार, ऋषिकेश धाम, रानी महल, विभिन्न ऐतिहाँसिक महत्व बोकेका मन्दिर, पाल्पा संग्रहालय, श्रीनगर डाँडा आदि यहाँका प्रमुख पर्यटन गन्तव्य हुन् । विशिष्ठ कला र संस्कृतिले तानसेनको स्थानीय पहिचान बोकेका छन् । शान्तिका दूत गौतम बुद्धको जन्मस्थल लुम्विनीबाट ४५ किलोमिटरको दुरीमा रहेको यस नगर नेपालकै पर्यटकीय केन्द्र पोखराबाट १२४ किलोमिटरको दुरीमा छ । शितल र स्वच्छ हावापानी तथा मनोरम वातावरणका कारण तानसेन लुम्बिनी भ्रमण गर्ने पर्यटकका वैकल्पिक पर्यटन गन्तव्य समेत हो । यसैगरी राष्ट्रियस्तरमा समेत पहिचान वनाएका ढाका र करुवा जस्ता स्थानीय उत्पादनले पर्यटनमा समेत टेवा प्रदान गर्न सक्छन् । यसरी साँस्कृतिक नगरको पहिचानसहितको पर्यटकीय नगरका रूपमा विकास गरी तानसेन नगरपालिकालाई समुन्नत नगर बनाउन सकिन्छ ।

ढाका टोपी लगायत ढाकाका कपडा तथा करुवा उत्पादनमा पाल्पा जिल्ला र विशेषगरी तानसेन नगरपालिकाले ख्याति कमाएको छ । त्यसैले, परम्परागत प्रविधिमा आवश्यक सुधार गरी स्थानीय उत्पादनको स्तर सुधार र व्यवसायीकरणमार्फत् नगर समुन्नति हाँसिल गर्नमा योगदान दिन सक्ने बनाउनु आवश्यक छ । यसरी स्थानीय उत्पादन वृद्धि र सबै किसिमका स्थानीय उत्पादनमा तानसेनको पहिचान झल्कने गरी ब्राण्डिङ गरी पहिचानमूलक उत्पादनका आधारमा समृद्धि हाँसिल गर्ने दूरदृष्टि नगरले लिएको छ ।

तानसेन नगरपालिका नेपालकै पुरानो नगरपालिका मध्ये एक हो । त्यसैले पुरानो नगर क्षेत्रमा आधारभूत शहरी पूर्वाधारको व्यवस्थापन भएको छ । तथापि पछिल्लो समय नगरमा समाहित ग्रामीण क्षेत्रको भौतिक पूर्वाधार विकास शुरुवाती अवस्थामा नै छ । व्यवस्थित भू-उपयोग योजनासहित योजनाबद्ध रुमपा विकास गरिएको नगर नभएकाले मिश्रित भू-उपयोगको व्यवस्थापकीय समस्या तथा चुनौती नगरले सामना गरिरहेको छ। त्यसैले पूर्वाधार विकास भइसकेका क्षेत्रलाई क्रमशः वैज्ञानिक भू-उपयोगमा आधारित वनाउँदै लाने र नयाँ विकास हुने पूर्वाधारलाई सकारात्मक भू-उपयोगमा आधारित बनाउने लक्ष्य राखिएको छ । यसका आधारमा शहरी मापदण्ड अनुकुल पर्याप्त र गुणस्तरीय भौतिक पूर्वाधार, सम्बन्धित सेवाको भरपर्दो व्यवस्थापन र पहुँच सुनिश्चित गरी तानसेनलाई सुव्यवस्थित पूर्वाधारयुक्त नगर बनाउने दूरदृष्टि राखिएको छ ।

यस नगरपालिकामा ८७ वटा सामुदायिक वन रहेका छन्। नगरपालिकाको कुल क्षेत्रफलको करिब ४७ प्रतिशत भू-भाग वनजंगलले ढाकेको छ । विश्वले जलवायु परिवर्तनको चुनौती सामना गरिरहेको सन्दर्भमा पर्यावरणीय सन्तुलन कायम गर्न तथा जलवायु परिवर्तन अनुकुलन गर्न हरित क्षेत्र संरक्षण र विस्तारलाई यस नगरपालिकाले आफ्नो महत्वपूर्ण प्राथमिकतामा राखेको छ । वन क्षेत्र बाहेक सामुदायिक उद्यान तथा हरित क्षेत्रसहितका बस्ती तथा जैविक उत्पादनमा आधारित कृषि क्षेत्रसहितको हरित नगर निर्माण पनि तानसेनको संकल्प हो । हरित क्षेत्रलाई स्वच्छ वातावरणको आधारका रूपमा लिँदै आवश्यक वातावरणीय पूर्वाधार तथा स्वच्छ व्यवहारसहितको स्वच्छ, सफा र सुन्दर हरित वातावरणयुक्त नगर निर्माणको दूरदृष्टि लिएको छ ।

मगर जातिको बाहुल्य रहेको तानसेन नगरपालिका जनसाङ्खिक समिश्रणको आधारमा बहुजातीय, बहुधार्मिक समावेशी नगर हो। निर्णय प्रक्रियामा सबैको जागरुक सहभागिताले मात्र विकासका कार्यक्रमप्रतिको अपनत्व र दीगोपन सुनिश्चित हुन्छ। त्यसैगरी विकासको प्रतिफल सबै भाषा, धर्म, वर्ग, क्षेत्र, लिङ्ग, सम्प्रदाय र शारीरिक अवस्थाका जनताले समान रूपमा र सहजै प्राप्त गर्ने सुनिश्चितता दिलाउन सकेमा मात्र यो प्रक्रियामा सबैले साथ दिने र सबल स्थानीय लोकतन्त्रको अभ्यास हुने अवस्था सृजना हुन्छ। त्यसैले राज्यबाट उपलब्ध हुने विकास र सेवामा सबैको समान पहुँच र सहभागितासहित सबै नगरवासीलाई सम्मानपूर्ण जीवनयापनको अवसर सुनिश्चित गर्ने र सामाजिक न्याय र समानता ग्यारेण्टी गर्ने लक्ष्यका साथ नगरलाई समावेशी नगर बनाउने सोच लिइएको छ। यसरी नगरको दूरदृष्टि निम्नानुसार तय गरिएको छ।

**सुव्यवस्थित पूर्वाधार, पहिचानमूलक उत्पादन र**
**हरित वातावरणयुक्त पर्यटकीय, समावेशी, साँस्कृतिक नगर**

## ४.३. नगरको दीर्घकालीन लक्ष्य

नगरले आफ्नो दूरदृष्टि वा सोच हाँसिल गर्नका लागि निम्नानुसारको दीर्घकालीन लक्ष्य तय गरेको छ।

**तालिका ४.३ : दीर्घकालीन लक्ष्य**

| | |
|---|---|
| पहिचानमूलक उत्पादन | • परम्परागत प्रविधि तथा स्थानीय स्रोत साधनको उपयोगमा आधारित स्थानीय पहिचानसहितको उत्पादन<br>• कृषि क्षेत्रमा उत्पादनशीलता र व्यवसायिकता<br>• स्थानीय कच्चा पदार्थमा आधारित औद्योगिक उत्पादन<br>• आकर्षक रोजगारीका क्षेत्रको रूपमा कृषि र उद्योग क्षेत्रको विकास |
| हरित वातावरण | • विविधतायुक्त वनस्पतिसहितको हरित (वन) क्षेत्र<br>• पर्याप्त खुला स्थान, हरित पार्क तथा उद्यान<br>• प्रदुषणरहित पूर्ण सरसफाईयुक्त नगर<br>• हरित बस्ती, हरित ग्राम र हरित शहर |

| | |
|---|---|
| सुव्यवस्थित पूर्वाधार | ● आधुनिक एवम् प्रभावकारी भू-उपयोगमा आधारित पूर्वाधार तथा शहरी एवम् ग्रामीण विकास<br>● शहरी मापदण्ड अनुकुल पर्याप्त र गुणस्तरीय भौतिक पूर्वाधार<br>● शहरी एवम् ग्रामीण पूर्वाधारको प्रभावकारी व्यवस्थापन र पहुँचयोग्यता<br>● व्यवस्थित पूर्वाधारसहितको सेवा |
| साँस्कृतिक नगर | ● सेन, शाह, राणाकालीन र आदिवासी मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र प्रचार प्रसार<br>● तानसेनका ऐतिहाँसिक कला र संस्कृतिको जगेर्ना तथा प्रबर्द्धन |
| पर्यटकीय नगर | ● ऐतिहाँसिक, धार्मिक र साँस्कृतिक पर्यटनको विकास र विस्तार<br>● पहिचानमूलक उत्पादनमा आधारित पर्यटन<br>● नगर बाहिरका पर्यटन गन्तव्य (लुम्बिनी र पोखरा) केन्द्रित पर्यटन हव<br>● पर्यटनमैत्री पूर्वाधार र सेवा व्यवसायको विकास र विस्तार |
| समावेशी नगर | ● सबैको समान अधिकार र अवसरको सुनिश्चिता<br>● सामाजिक न्याय र समानता |

## ४.४. अपेक्षित उपलब्धी

**तालिका ४.४ : अपेक्षित उपलब्धी**

| क्र.सं. | उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल | मध्यकाल | दीर्घकाल |
|---|---|---|---|---|---|
| १. | अति विपन्न परिवार संख्या (प्रतिशत) | १.५५ | १.४० | १ | ०.५ |
| २. | आंशिक वा पूर्ण बेरोजगार जनसंख्या (प्रतिशत) | ३३ | २८ | १५ | ५ |
| ३. | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | १,००७ | १,६०० | २,०२९ | ३,२०० |
| ४. | खाद्य तथा पोषण सुरक्षित घरधुरी (प्रतिशत) | | | | |
| ५. | ३० मिनेटको पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवारको प्रतिशत | | | ७१.३ | ९० |
| ६. | १५ वर्ष माथिको जनसंख्याको साक्षरता दर | ७७ | | | ९८ |
| ७. | १६ देखि ४० वर्षको युवाहरूको साक्षरता दर | ९२ | | | १०० |
| ८. | माध्यमिक तहको खुद भर्नादर | | | | ९५ |
| ९. | आधारभूत तहमा विद्यालय छाड्ने दर | | | | ०.५ |
| १०. | मातृ मृत्युदर | <१ | <१ | <१ | <१ |
| ११. | बाल मृत्युदर | | | | |
| १२. | औषत आयु | ७०.५ | ७०.५ | ७२ | ७८ |
| १३. | स्थानान्तरण वा जोखिम न्यूनिकरण आवश्यक रहेको जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या) | ४६८१ | २००० | ० | ० |
| १४. | कालोपत्रे सडकमा आबद्ध घरधुरी प्रतिशत) | ४२.७६ | ४५ | ५५ | ७५ |
| १५. | दीगो भरपर्दो र सुरक्षित यातायातका पूर्वाधारको पहुँचमा रहेको परिवार (प्रतिशत) | | ४५ | ६५ | ८५ |

| क्र.सं. | उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल | मध्यकाल | दीर्घकाल |
|---|---|---|---|---|---|
| १६. | समयवद्ध स्थानीय यातायात सेवाको पहुँचमा रहेका परिवार (प्रतिशत) | | ४५ | ६५ | ८५ |
| १७. | घरधुरी धारासहित नगर मापदण्ड अनुसार सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसंख्या (प्रतिशत) | ६४.४३ | ७० | ८० | ९५ |
| १९. | खाना पकाउनको लागि काठ दाउराको प्रयोग गर्ने परिवारको संख्या (प्रतिशत) | ३७.५९ | ३५ | २५ | २ |
| २०. | व्यवस्थित सेप्टिक ट्यांकसहितको शौचालय भएको परिवार (प्रतिशत) | ५७.४३ | ६० | ७० | ९० |
| २१. | विद्युतीय भुक्तानी पद्धतिमा आबद्ध करदाता (प्रतिशत) | | | ५० | ८० |
| २२. | इ नक्सा स्वीकृति सेवा आबद्ध सेवाग्राही (प्रतिशत) | | | ५० | ८० |

*स्रोत : आधार वर्षको सूचना नगरपार्श्वचित्र र नगर तथा वडास्तरीय छलफलको निश्कर्षमा आधारित छ ।*

# खण्ड ५
# क्षेत्रगत योजना

यो खण्डमा नगरपालिकाले विगतदेखि विकास निर्माण र सेवा प्रवाहका लागि विभाजन गरिएको विषयगत क्षेत्र तथा ती क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूको नीति तथा प्राथमिकता प्रस्तुत गरिएको छ । कृषि, पशुपालन, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र राजश्व तथा आर्थिक पूर्वाधारलाई आर्थिक विकास अन्तर्गत समेटिएको छ । सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण तथा लैंगिक समानता र सामाजिक समावेशीकरणको विषय समेटिएको छ । भू-उपयोग तथा बस्ती व्यवस्थापन, पार्क तथा मनोरञ्जन, यातायात र खानेपानी, सरसफाई, सिँचाइ, सामुदायिक भवन, विद्युत र सञ्चार जस्ता सार्वजनिक निर्माण र सम्बन्धित सेवालाई पूर्वाधार विकास अन्तर्गत समेटिएको छ । त्यसैगरी वन, वातावरण र विपद् व्यवस्थापन अन्तर्गत प्राकृतिक स्रोत, वातावरण र विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी विषय समेटिएको छ । यो खण्डको अन्तमा नगरको सुशासन नीति तथा प्राथमिकता समेटिएको छ । सबै क्षेत्रको पृष्ठभूमिसहित लक्ष्य, उद्देश्य र नीति तथा प्राथमिकतालाई क्रमशः प्रस्तुत गरिएको छ ।

# ५.१. आर्थिक विकास

## १. समग्र अवस्था

मौलिक विशेषता बोकेको तानसेन हावापानीका हिसाबले शीतल स्थलका साथ-साथै प्राकृतिक सुन्दरताका हिसाबले समेत अद्वितीय नगरका रूपमा परिचित छ । तानसेन एक ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पर्यटकीय महत्वको क्षेत्र भएकोले नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः पर्यटन, होटल, रेस्टुरेन्ट, होमस्टे, घरेलु उद्योग, व्यापार, व्यवसाय, नोकरी, कृषि, वन, पशुपालन, शिक्षा र स्वास्थ्य सेवा लगायतका क्षेत्रमा भएको देखिन्छ । उपयुक्त हावापानी, भू-बनोटका कारण अधिकांश घर परिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन् । नगरपालिकाको सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जालको विस्तार भइरहेका कारण नगरपालिकाको पूर्वाधार विकासमा थप सहज भएको छ । कृषि, व्यापार, सेवामूलक व्यवसाय साथै नगरपालिकामा रहेका ढाका, करुवा लगायत केही साना तथा पूरातन घरेलु उद्योग व्यवसायहरू आर्थिक क्रियाकलापका महत्वपूर्ण आधारका रूपमा रहेका छन् । वैदेशिक रोजगारी पनि नगर क्षेत्रको आयस्रोतको एकपक्ष रहेको देखिन्छ ।


प्राकृतिक सौन्दर्यको धनी, जैविक एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेका कारण नेपालको आकर्षक गन्तव्यहरू मध्ये पाल्पा जिल्ला र सोभित्र पनि विशेषतः तानसेन नगरपालिका महत्वपूर्ण पर्यटकीय क्षेत्रको रूपमा रहेको छ । विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्व लगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू नगरपालिकाको प्रमुख पर्यटकीय आकर्षण केन्द्रको रूपमा रहेका छन् । नगरपालिकामा आधुनिक कृषि तथा पशुपालनका साथै विभिन्न जडिबुटीजन्य प्राकृतिक स्रोत र उपलब्ध कच्चा पदार्थको उपयोग गरी साना उद्योगमा लगानी गर्दै पर्यटकीय स्थानलाई व्यवस्थित बनाउन सके नगरपालिकाको अर्थतन्त्र मजबुत रहने सुनिश्चित देखिन्छ । तानसेन नगरपालिकाको स्थानीय आर्थिक विकासका पक्षहरूमा पर्यटन, उद्योग व्यापार व्यवसाय, कृषि तथा पशुपालन, सहकारी तथा पूर्वाधार विकास रहेकाले क्षेत्रगत आधारमा देहाय बमोजिम नीति तय गरिएको छ ।

# ५.१.१. सीप तथा रोजगारी

## १. वर्तमान अवस्था

२०७५ को तथ्याङ्क अनुसार काम गर्ने उमेरका र काम गर्न इच्छुक नगरवासी मध्ये ३३ प्रतिशत नगरवासी आंशिक वा पूर्ण बेरोजगार रहेका छन् । स्वेच्छिक बेरोजगारी समेत जोड्दा यो संख्या अझ धेरै रहेको छ । सबैभन्दा धेरै (३,७८२ परिवार) ले आफ्नो आम्दानी सेवाबाट भएको बताएका छन् भने दोस्रोमा (३,७२५ परिवार) आन्तरिक वा बाह्य विप्रेषणबाट, तेस्रोमा (२,३२३ परिवार) ले व्यापार व्यवसायबाट र बाँकीले पेन्सनबाट, खेतीबाट र पशुपंक्षी बिक्रीबाट आम्दानी गरिरहेका छन् । यसबाट बढी आम्दानी हुने खालका उद्योग तथा उत्पादनशील क्षेत्रमा संलग्न परिवार संख्या न्यून छ भने सेवा तथा सामान्य व्यापार व्यवसायमा संलग्न परिवारहरूको संख्या उच्च रहेको देखिन्छ ।

## नक्सा ५.१.१ : नगरमा बेरोजगारीको अवस्था




| Ward | HHs With Unemployed Person |
|---|---|
| 1 | 270 |
| 2 | 50 |
| 3 | 225 |
| 4 | 168 |
| 5 | 145 |
| 6 | 188 |
| 7 | 260 |
| 8 | 99 |
| 9 | 256 |
| 10 | 91 |
| 11 | 38 |
| 12 | 119 |
| 13 | 121 |
| 14 | 162 |

प्रतिव्यक्ति आयको हिसाबले हेर्ने हो भने अहिलेको राष्ट्रियस्तरको वार्षिक प्रति व्यक्ति आय १,०३४ अमेरिकी डलर रहेको छ । यस हिसाबले हेर्दा कुल १३,१२२ परिवार मध्ये ३,५३५ परिवार (२७ प्रतिशत) को वार्षिक प्रति व्यक्ति आय १,०३४ अमेरिकी डलर भन्दा माथि रहको छ भने बाँकी परिवारको राष्ट्रियस्तरको प्रति व्यक्ति आय भन्दा कम नै रहेको छ । सम्पन्न सूचकाङ्कका आधारमा नगरपालिकामा रहेका घर परिवारमध्ये राम्रो अवस्थामा रहेका परिवारको संख्या जम्मा ३४० अर्थात् २.५९ प्रतिशत मात्र रहेको छ । यसको अर्थ मध्यम अवस्थामा रहेका ६,५७० अर्थात् ५०.०७ प्रतिशत परिवारहरू बाहेक बाँकी परिवारको अवस्था कमजोर र अति कमजोर देखिन्छ ।

नगर क्षेत्रभित्र वार्षिक रूपमा विप्रेषणबाट रु. १ अर्ब १० करोड भित्रिने गरेको छ । विप्रेषण आम्दानी गर्ने परिवारको वार्षिक औसत आम्दानी रु.२ लाख ९६ हजार छ । ब्यापार व्यवसायबाट वार्षिक औसत आम्दानी रु. ३ लाख ८९ हजार, उद्योगबाट रु. ४ लाख ९१ हजार, पशुधनबाट रु. ८९ हजार, पशुपंक्षी बिक्रीबाट रु. ३१ हजार रहेको छ । कृषिमा संलग्न भई रोजगार घर परिवार संख्या १,७६५ रहेको छ, जसको आम्दानी तुलनात्मक रूपमा न्यून अर्थात् वार्षिक औसत आम्दानी प्रति परिवार रु. ४१ हजार मात्र देखिन्छ । दैनिक ज्यालाबाट गुजारा गर्ने परिवार संख्या भने यकिन भएको छैन । तथापि नगरपालिकाले यस्ता वर्गका लागि न्यूनतम ज्यालादर निर्धारण गर्नुपर्ने देखिन्छ । हालको बेरोजगारीको संख्या घटाई वार्षिक रूपमा पर्यटन, कृषि, पशुपालन, व्यापार व्यवसाय उद्योगबाट आम्दानीको वृद्धि गर्नु आवश्यक देखिन्छ । साथै विप्रेषणबाट प्राप्त आम्दानीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न नगरपालिकासँग स्पष्ट नीतिको आवश्यकता छ ।

यी तथ्याङ्कलाई आधार मानी नगरले सीप तथा रोजगारी प्रवर्द्धनका निम्न लक्ष्य, उद्देश्य तथा नीतिहरू तय गरेको छ ।

## २. लक्ष्य

पूर्ण रोजगारयुक्त नगर बनाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

### उद्देश्य ५.१.१ : दक्ष जनशक्ति तथा उपलब्ध पुँजीलाई परिचालन गरी रोजगारी सृजना गर्ने र स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउने ।

**नीति क.** नगरका बेरोजगारहरूको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन अद्यावधिक गर्दै स्वरोजगार तथा सीपमूलक कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ । आर्थिक तथा सामाजिक क्षेत्रका हिसाबले पछाडि पारिएका वर्गहरूलाई प्राथमिकता दिई रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

**नीति ख.** कृषि, पर्यटन, उद्योग तथा अरु व्यवसाय चलाउन चाहिने जनशक्ति तयारीको लागि पूर्व व्यावसायिक र प्राविधिक शिक्षालाई आधारभूत र माध्यमिक शिक्षामा समावेश गराइनेछ ।

**नीति ग.** नगरपालिकामा स्थापना हुने तथा भइसकेका कारखाना तथा व्यवसायहरू, पूर्वाधार विकास र सेवा प्रवाहको माग बमोजिम जनशक्तिको आवश्यकता पूरा गर्न दक्ष र अर्धदक्ष जनशक्ति उत्पादन गर्ने प्राविधिक शिक्षालयको व्यवस्था गरिनेछ ।

**नीति घ.** स्थानीय आर्थिक विकासको लागि चाहिने जनशक्तिको प्रकार र सीपको आवश्यकता परिवर्तन भइरहन सक्ने हुनाले सीप र सिकाईलाई समयानुकुल बनाउँदै लगिनेछ ।

**नीति ङ.** नगरपालिकाले नगर, जिल्ला वा राष्ट्रमा स्थापना भइसकेका तथा स्थापना हुन लागेका उद्योग व्यवसायहरूका लागि आवश्यक जनशक्तिहरूको ज्ञान सीप र क्षमताका बीचमा सामञ्जस्यता ल्याउन समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

**नीति च.** वैदेशिक रोजगारीलाई कम गर्न कृषि, पशुपालन र उद्योग ब्यवसायहरूको व्यवसायीकरणमा विशेष प्राथमिकता सहितको कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**नीति छ.** स्वरोजगार तथा आत्मनिर्भर हुने गरी मौसमी तथा बेमौसमी तरकारी उत्पादनका लागि वैदेशिक रोजगारबाट फर्किएका बेरोजगार युवाहरूलाई प्राथमिकता दिइनेछ ।

**नीति ज.** विप्रेषणबाट प्राप्त हुने रकमलाई उत्पादनशील तथा रोजगारीमूलक कार्यक्रममा लगानी गर्न प्रोत्साहित गरिनेछ । यसका लागि अनुदानसहित सहुलियत ऋणको समेत व्यवस्था गरिनेछ ।

**नीति झ.** स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरूको उचित मूल्य निर्धारण र बजार व्यवस्थापन गरी रोजगारीका अवसरहरू सृजना गरिनेछ ।

**नीति ञ.** सीप र रोजगारीका अवसर उपलब्ध गराउँदा एक घरः एक रोजगार सुनिश्चित हुने गरी आर्थिक सामाजिक तथ्याङ्क विश्लेषणका आधारमा विपन्न परिवार तथा रोजगार सदस्य नभएको परिवारलाई पहिलो प्राथमिकतामा राखिने छ ।

**तालिका ५.१.१ : आवधिक प्राथमिकता : सीप तथा रोजगारी**

**क.** ठुलो संख्यामा रहेको स्वेच्छिक बेरोजगारी, दक्ष, अर्धदक्ष र वैदेशिक रोजगारीमा जाने युवा जनशक्तिलाई नगरभित्र रोजगारीका अवसर सिर्जना गर्न नगरपालिकामा स्पष्ट नीति र कानुनको आवश्यकता हुन्छ । साथै नगरपालिकाले गर्ने सार्वजनिक निर्माणका कार्य र अन्य सेवाका क्षेत्रहरूमा आवश्यक जनशक्ति आफैंले उत्पादन गर्न, उद्योग व्यापार व्यवसाय तथा सेवा क्षेत्रमा सीपमूलक जनशक्तिको विकास गर्नका लागि आवश्यक नीति तथा कानुनको आवश्यक पर्ने भएकाले प्राथमिकताका आधारमा देहाय बमोजिमका नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिको स्वरोजगारी व्यवस्थाका लागि कार्यविधि तयार गर्ने (सीप विकास, तालिम, उद्यमशीलता, अध्ययन, अनुदान वा सहुलियत ऋण व्यवस्था सहित) ।<br>२. नगरस्तरीय दैनिक ज्यालादर निर्धारण गर्ने ।<br>३. कोभिड-१९ को कारण बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केकाहरूको लागि अल्पकालीन रोजगारी उपलब्ध गराउने सम्बन्धी कार्ययोजना तयार गर्ने । | १. विप्रेषणबाट प्राप्त रकम र सहकारीको पुँजीलाई उत्पादनशील तथा रोजगारी सिर्जना क्षेत्रमा उपयोग गर्ने तथा नगरको तर्फबाट उपलब्ध हुने वित्तीय सहयोग तथा सहजीकरण लगायतका विषय समेटी स्थानीय स्वरोजगार प्रवर्द्धन नीति तथा कानुन बनाउने । | १. अल्पकाल र मध्यकालमा निर्माण भएका सीप तथा रोजगारी प्रवर्द्धन सम्बन्धी नीति तथा कानुन कार्यान्वयनको समीक्षा र आवश्यक परिमार्जन गर्ने । |

**ख.** नगरपालिकामा विभिन्न सीप तथा क्षमता भएका नागरिकहरू बेरोजगार तथा अर्ध बेरोजगारीको अवस्थामा रहेका छन् । बेरोजगारहरूको संख्या, वर्गीकरण तथा सो को प्राथमिकता बमोजिम सार्वजनिक निर्माण तथा शहरी सेवाका कार्यहरूमा क्रमशः व्यवस्थापन गरिनेछ । नगरपालिकाले नागरिकको माग बमोजिमका क्षेत्र, बजारको सम्भावना, स्वेच्छिक बेरोजगार तथा विदेशबाट फर्केका व्यक्तिहरूको चाहना र क्षमताका आधारमा रोजगारीमूलक कार्यक्रम सञ्चालन गरिरहेको छ । यी कार्यलाई निरन्तरता दिइनेछ । तथापि नगर पार्श्वचित्र र नगरस्तरीय विभिन्न तहका छलफल बमोजिम केही सीप विकासका तालिमका क्षेत्रहरू पहिचान गरी तत्काल कार्यान्वयनमा लैजानको लागि समेत प्रस्ताव गरिएको छ । नगरमा विशेष सीप तथा रोजगारी वृद्धिका लागि तपसिलका आवधिक प्राथमिकताका कार्यक्रमहरू गरिनेछ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सीप र शैक्षिक योग्यताका आधारमा बेरोजगारीको अभिलेख अद्यावधिक गर्ने । | १. श्रम तथा रोजगार सम्बन्धी सूचना व्यवस्थित र डिजिटाइज गर्ने । | १. उपयुक्त पद्धति विकास गरी श्रम तथा रोजगारी सम्बन्धी सूचनालाई नियमित अद्यावधिक गर्ने । |
| २. नगरलाई आवश्यक पर्ने पर्यटन, उद्योग व्यवसाय, कृषि, पशुपालन लगायत शहरी पूर्वाधार र शहरी सेवा आदिका लागि श्रमिक आवश्यकताबारे सर्वेक्षण गर्ने । | २. आवधिक रूपमा श्रम बजार सर्वेक्षणको कार्यलाई निरन्तरता दिनुका साथै माग र आपूर्ति विश्लेषण गर्ने । | २. श्रम बजार अध्ययन र विश्लेषण पद्धतिलाई थप परिस्कृत गरी आवधिक रूपमा निरन्तरता दिने । |
| ३. बजारको माग बमोजिम विज्ञको समूह तयार गरी उद्यमशील व्यवसाय सञ्चालनार्थ अल्पकालीन तथा मध्यकालीन सीप विकासमा आधारित पाठ्यक्रम तयार गर्ने । | ३. सम्बन्धित निकायसँगको समन्वयमा नगरक्षेत्रको माग बमोजिम सीपमूलक तालिम उपलब्ध गराउन प्राविधिक शिक्षालयको गठन गर्ने । | ३. नगरमा रहने प्राविधिक शिक्षालय मार्फत् श्रम सम्बन्धी सूचना तथा बजार सर्वेक्षणमा आधारित रहेर छोटो र लामो अवधिको कार्यक्रम नियमित कार्यान्वयन गर्ने । |
| ४. महिला, एकल महिला तथा सीमान्तकृत व्यक्तिहरूलाई ती योग्य प्रशिक्षकमार्फत् ढाका कपडा बनाउने तालिम, करुवा निर्माणको तालिम, जिन्स सिलाईको तालिम, फेसन डिजाइन, बुटिक प्लम्बर, मोबाईल मर्मत आदि तालिम उपलब्ध गराउने । | ४. प्रत्येक वडाका गृहिणी महिलाहरूको लागि उनीहरूले रोजेको पेशा र व्यवसाय सञ्चालन सम्बन्धी विविध तालिम उपलब्ध गराई सम्बन्धित स्वरोजगारीका विकल्प अघि बढाउन वित्तीय र प्राविधिक सहायता उपलब्ध गराउने । | ४. महिला केन्द्रित सीप र स्वरोजगार प्रवर्द्धन कार्यक्रमको प्रभावकारिता विश्लेषणका आधारमा सीप विकास र सहयोगको विधिलाई निरन्तर परिस्कृत गर्ने । |
| ५. संघ तथा प्रदेश सरकारको समन्वयमा वैदेशिक रोजगारमा जान इच्छुक युवाहरूका लागि मागमा आधारित क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । | ५. संघ तथा प्रदेश सरकारको समन्वयमा वैदेशिक रोजगारमा जान इच्छुकहरूका लागि माग बमोजिम क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । | |
| ६. नगरमा रहेको परम्परागत प्रविधि (फलाम, तामा र माटोको भाँडा, ढाकाका कपडा लगायत) मा आधारित व्यवसायको सूचि बनाई त्यसमा संलग्न नगरवासीलाई सहयोगका लागि विधि निर्धारण र उद्यमशीलता विकास तालिम उपलब्ध गराउने । | ६. परम्परागत पेशा व्यवसायलाई मुल पहिचान नमासिने गरी आधुनिक प्रविधिबाट अघि बढाउने गरी ती क्षेत्रमा संलग्नहरूका लागि सीप तथा प्रविधि उपलब्ध गराउने । | ६. निरन्तर |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ७. बेरोजगार युवालाई आय आर्जन केन्द्रित सीप उपलब्ध गराउने तथा प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई कृषि तथा पूर्वाधार क्षेत्रमा आबद्ध गर्ने । | ७. नगरका बेरोजगार युवालाई नगरको माग बमोजिम सीपमूलक तालिम सञ्चालन गर्ने (उद्योग व्यवसाय सम्बन्धी सार्वजनिक निर्माणका कार्यहरू लगायत सेवामूलक कार्यहरू जस्तै सवारी साधन मर्मत, हेयर कटिङ, वाइरिङ, सिलाई कटाई, मोबाइल मर्मत आदि) । | ७. युवा लक्षित सीप तथा रोजगारी प्रवर्द्धन कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता दिने । |
| | ७.१. विदेशबाट फर्केका युवा बेरोजगारहरूलाई उनीहरूले आर्जन गरेको सीप तथा क्षमता बमोजिम थप सीपमूलक तालिम सञ्चालन गर्ने र उद्यमशील व्यवसाय सञ्चालनका लागि सहुलियत ऋण उपलब्ध गराउने । | ७.१. वैदेशिक रोजगारीबाट फर्कने र स्थानीय स्वरोजगारीका क्रियाकलापमा सीप तथा पुँजी लगाउन चाहनेहरूका लागि व्यवसायिक योजना निर्माण तथा वित्तीय सहयोग प्राप्तिमा सहयोग गर्ने सम्बन्धी कार्यक्रम तय गरी लागु गर्ने । |
| | ८. सम्बन्धित पक्षसँगको समन्वयमा निजी क्षेत्रको माग बमोजिम शिक्षित युवालाई होटल व्यवस्थापन, ट्राभल एजेन्सी, होटल पर्यटक गाइड, बैंकिङ, इन्सुरेन्स आदि विषयमा तालिम उपलब्ध गराउने । | ८. निरन्तर । |
| | ९. प्रत्येक वडाका कम्तीमा ३ जनालाई कृषि, भेटेरीनरी, स्वास्थ्य सेवा, इलेक्ट्रिशियन, इञ्जिनियरिङ, आदि विषयमा अध्ययनका लागि सशर्त सहयोग उपलब्ध गराउने । | ९. प्रविधिक शिक्षा सहयोग कार्यक्रमको प्रभावकारिता विश्लेषण गरी निश्कर्षका आधारमा आवश्यक परिमार्जन सहित निरन्तरता दिने । |
| | १०. संघ र प्रदेशको सहयोगमा नगरको सानै उमेरदेखि उद्यमशील सोच विकास गर्ने गरी पूर्व व्यावसायिक र प्राविधिक शिक्षा सम्बन्धी पाठ्यक्रम तयारी लागु गर्ने । | १०. विद्यालयस्तरमा पूर्व व्यावसायिक तथा प्राविधिक शिक्षा विस्तार गर्ने । |

## ५.१.२. पर्यटन

### १. वर्तमान अवस्था

तानसेन नगरपालिका प्राकृतिक सुन्दरता, बाह्रै महिना शितल हावापानी एवं स्थानीय कला संस्कृतिका कारण पर्यटनको प्रचुर सम्भावना रहेको स्थलको रूपमा प्रख्यात रहेको छ । यस नगरभित्र ऐतिहासिक पुरातात्विक मठ मन्दिर, कला संस्कृतिको भण्डार भएकाले पर्यटन व्यवसायलाई अवलम्बन गरी आत्मनिर्भर र समृद्धिको बाटोमा अघि बढ्ने सम्भावना रहेको छ। नगरपालिकाले तानसेनलाई पर्यटकीय केन्द्रका रूपमा विकास गरी नगरवासीलाई पर्याप्त आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गर्दै समृद्धि हाँसिल गर्ने दूरदृष्टि राखेको छ ।

यहाँका विभिन्न ऐतिहासिक तथा धार्मिक स्थलहरू, स्थानीय चाडपर्व, जात्रा तथा मेलाहरू आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षण केन्द्रका रूपमा रहेका छन् । बुद्ध धर्मको आस्थाको केन्द्र र भगवान बुद्धको जन्मस्थल लुम्बिनी नजिकै रहेको पर्यटकीय सुन्दर नगर तानसेन आफैमा प्राकृतिक, धार्मिक र साँस्कृतिक पर्यटकीय नगरका रूपमा विकसित भई आर्थिक विकासमा अघि बढिरहेको छ ।

पर्यटकहरूको सुविधाका लागि हाल नगर क्षेत्रभित्र एकतारे स्तरको श्रीनगर होटल सहित २३ वटा होटलहरू र १० वटा होमस्टेहरू सञ्चालनमा रहेका छन् । अधिकांश होटलहरू बजार क्षेत्रमा रहेका छन् । १० वटा होमस्टे मध्ये ८ वटा होमस्टेहरू वडा नं. ३ मा र १/१ वटा होमस्टे वडा नं. ९ र १३ मा रहेका छन् । नगर प्रोफाइल बमोजिम ०७५ सालमा ७ हजार भन्दा बढी बाह्य पर्यटकहरूले तानसेनको भ्रमण गरेको देखिन्छ भने आन्तरिक पर्यटकहरूको संख्या २७ हजार भन्दा बढी रहेको छ । यो संख्या होटल व्यवसायीहरूबाट होटलमा बास बसेको आधारमा संकलित हो । नगरमा रहेको पर्यटकीय स्थलहरू तलको नक्सामा देखाइएको छ ।

**नक्सा ५.१.२ : तानसेन नगरपालिकामा रहेको पर्यटकीय क्षेत्र**



पर्यटनको ठुलो सम्भावना र अवसर रहेको भए पनि पूर्वाधार तथा सेवा व्यवस्थापनको चुनौती समाना गर्दै क) श्रीनगरको छानो प्रभासको गेटः शितलपाटी हो है मुटु यहीँ सबको भेट, ख) तानसेनको करुवा ढाकाः राम्रो भन्छन् बुढा पाका ग) सेन वंशीय शहरः घुम्न लाग्छ रहर जस्ता यहाँका पर्यटन क्षेत्रको महत्व झल्कने नारासहित पर्यटन क्षेत्रको वर्तमान समस्या समाधान र स्थानीय आर्थिक विकासमा यो क्षेत्रको योगदान बढाउन निम्न लक्ष्य, उद्देश्य तथा नीति सहितको योजना तय गरिको छ ।

## २. लक्ष्य

पर्यटन क्षेत्रलाई नगरको समृद्धिको आधार बनाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य ५.१.२ (१) : पर्यटन पूर्वाधार विकासद्वारा पर्यटनलाई उद्योग व्यवसायको रूपमा प्रवर्द्धन गर्ने र नगर अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गर्ने ।**

**नीति क.** तानसेन नगरको पर्यटन उद्योगको विकास एवं विस्तारका लागि क्षेत्रगत विकास अवधारणा सहितको पर्यटन गुरुयोजना निर्माण गरी उक्त योजनालाई नगरको आवधिक योजना तथा वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिनेछ ।

**नीति ख.** नगरभित्र रहेका अमुल्य प्राकृतिक, साँस्कृतिक, धार्मिक, जैविक, ऐतिहासिक तथा मानव निर्मित सम्पदा स्थलहरूको संरक्षण, सम्बर्द्धन एवं विकास गरी तानसेनलाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्य स्थलको रूपमा प्रचार प्रसार गरिनेछ ।

**नीति ग.** नगरपालिकाद्वारा पर्यटक आकर्षित गर्न पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । सोको लागि भारत लगायत छिमेकी स्थानीय तह, प्रदेश सरकार र निजी क्षेत्रसँगको सहकार्यमा तानसेनको पर्यटन प्रवर्द्धनात्मक कार्यहरू कार्यान्वयन गरिनेछ ।

**नीति घ.** Mission Divert to Tansen लाई कार्यान्वयनमा ल्याउन तानसेन प्रवेश गरिने मुख्य नाकाहरूमा प्रविधियुक्त पर्यटन सूचना केन्द्र तथा जनशक्तिको स्थापना गरिनेछ । साथै संघीय राजधानी, प्रादेशिक राजधानी (पोखरा र बुटवल), छिमेकी स्थानीय तहका क्षेत्रहरू लगायत बिमानस्थलहरू र सडकमा तानसेनको चिनारी हुने गरी विभिन्न प्रचारात्मक गतिविधिलाई पर्यटन प्रवर्द्धनका कार्यका रूपमा अघि बढाइने छ ।

**नीति ङ.** तानसेनको विद्यमान पर्यटकीय स्थलहरूको प्रवर्द्धन र नयाँ स्थानहरूको पहिचान गरी त्यसतर्फ पर्यटक आकर्षण गर्न पर्यटकीय क्षेत्रको नक्साङ्कन तथा आधुनिक सूचना प्रविधिको उपयोगमार्फत् प्रचारात्मक गतिविधिलाई अधिकतम उपलब्धीमूलक बनाइनेछ ।

**नीति च.** तानसेनको पर्यटन सम्बन्धी विद्यमान तथ्याङ्क संकलन तथा सूचना सम्प्रेषण व्यवस्थालाई सुदृढ तुल्याइनेछ । पर्यटकहरूको अभिलेख तथा सूचना कम्प्युटराइज प्रणालीमार्फत् एकीकृत गरिने छ ।

**नीति छ.** लुम्बिनी प्रदेशको राजधानी नजिकै रहेको पर्यटकीय नगरी तानसेनलाई MICE Tourism (Meetings, Incentives, Conferencing, Exhibitions) केन्द्रको रूपमा विकास गरिनेछ । यसका लागि सार्वजनिक जग्गासहित Land Pooling गरी जग्गाको व्यवस्था गरिनेछ ।

**नीति ज.** सुरक्षित खानेपानी, सडक, विद्युत र सुलभ तथा भरपर्दो यातायातको माध्यमद्वारा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गरिनेछ । पर्यटन उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी जस्ता सार्वजनिक वस्तुहरू प्राथमिकताका साथ उपलब्ध गराइने छ ।

**नीति झ.** पर्यटकको उचित सेवा, सत्कार तथा सुरक्षा प्रबन्धसहितको पर्यटकीय आवास व्यवस्थापन गर्न नगर क्षेत्रभित्र रहेका सबै होटलहरूको वर्गीकरण, न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र प्रमाणीकरण तथा नियमनको व्यवस्थापन गरिनेछ ।

**नीति ञ.** नगरका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी ती क्षेत्रहरूमा जलक्रिडा, ऱ्याफ्टिङ, केवलकार, रक क्लाइम्बिङ, बञ्जी, स्तरीय होटल सञ्चालन जस्ता पर्यटन पूर्वाधारमा निजी क्षेत्रको लगानी आकर्षण गरिनेछ । निजी क्षेत्रको लगानीलाई आकर्षण गर्न स्थानीय कर सहुलियत, जग्गा लिज वा निःशुल्क प्रयोगको व्यवस्था, भौतिक संरचना निर्माण गर्दा नक्सा स्वीकृति प्रक्रियाको सरलीकरण तथा एकद्वार सेवा प्रणाली उपलब्ध गराइनेछ ।

**नीति ट.** नगरपालिकाभित्र रहेका स्थानीय भाषा, साहित्य, कला र संस्कृति तथा सम्पदाहरूको संरक्षणमा जोड दिइनेछ । परम्परागत कुँडुले घरहरू संरक्षणका लागि विशेष प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

**नीति ठ.** पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक स्रोत र साधनको उपयोग गर्दा वातावरण संरक्षण गर्दै त्यस्ता स्रोत र साधनको दीगो रूपमा उपयोग गरिनेछ ।

### उद्देश्य ५.१.२ (२) : पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्या-पर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आबद्ध गर्दै उनीहरूको जीवनस्तरमा सुधार गर्ने

**नीति क.** ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रूपमा अघि बढाइनेछ । नगरको विकास प्रक्रियामा समेट्न नसकिएका महिला, आदिवासी, जनजाती लगायतका विपन्न समूह समेतमा पर्यटन व्यवसायबाट प्राप्त लाभको बाँडफाँड गर्न समावेशी सहभागिता र सहकारीको माध्यमबाट होमस्टे जस्ता उपयुक्त संरचनाको निर्माण र विकास गरिनेछ ।

**नीति ख.** तानसेन नगरपालिका खास गरी पाल्पाली ढाका तथा करुवाको स्थानीय बिक्री केन्द्रको रूपमा प्रख्यात रहेको तथा अधिकांश आन्तरिक पर्यटकहरू तानसेन भ्रमणको एक प्रमुख कारण पाल्पाली ढाका तथा करुवा खरिद गर्नु रहेको सन्दर्भमा उक्त कार्यलाई व्यवस्थित बनाउन विशेष ध्यान दिनेइछ ।

**नीति ग.** समुदायको संस्कृति तथा कृषिमा आधारित होमस्टे सञ्चालन एवं प्रवर्द्धनका लागि होमस्टेहरूको क्षमता अभिवृद्धि, पूर्वाधारको विकास र पहुँच, अनुदान लगायत सहुलियत ऋणको व्यवस्था गरिनेछ ।

**नीति घ.** पर्यटकीय स्थलहरूसँग जोडिने सामुदायिक वनहरूमा पार्कहरू तयार गरिनेछ ।

**नीति ङ.** वडास्तरमा मौलिक आकर्षण भएका सम्भाव्य टोल वा बस्तीहरू मध्ये प्रत्येक वर्ष कम्तीमा एउटा पर्यटन गाउँको विकास र प्रवर्द्धन गरिनेछ ।

**नीति च.** तानसेनमा पर्यटन क्षेत्रको जनशक्ति विकास गर्न विद्यालय तहदेखि नै पर्यटन विषयलाई पाठ्यक्रममा समावेश गर्नका लागि आवश्यक समन्वय गरिनेछ ।

**नीति छ.** शिक्षित वा अर्धशिक्षित बेरोजगार युवा जनशक्तिलाई माग बमोजिम पर्यटन व्यवसाय सम्बन्धी (ट्राभल एजेन्सी, टुरिस्ट गाइड, होटल व्यवस्थापन, प्याराग्लाइडिङ पाइलट, होमस्टे सञ्चालन तथा व्यवस्थापन आदि) तालिम उपलब्ध गराइनेछ । यस्तो किसिमको तालिम सञ्चालन गर्दा महिला, आदिवासी जनजाति, दलित लगायतका पिछडिएका वर्गलाई प्राथमिकता दिइनेछ ।

### तालिका ५.१.२ : आवधिक प्राथमिकता : पर्यटन

**क.** नगरक्षेत्रमा पर्यटक सत्कारका लागि विभिन्न होटल तथा रेष्टुरेन्ट सञ्चालित छन् । नगरपालिकाभित्र रहेका होटलहरूको वर्गीकरणसहित सोको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी स्पष्ट मापदण्ड निर्धारण हुन भने सकेको छैन । नगरभित्रका होटलको वर्गीकरण र स्तरोन्नती गर्नु आवश्यक छ । ग्रामीण क्षेत्रमा होमस्टेहरू सञ्चालन भैरहेकाले सो सम्बन्धमा समेत स्पष्ट कार्यविधि निर्माण गर्नुपर्ने आवश्यकता छ । जसका लागि नगरपालिकाद्वारा तपसिलका नीतिगत कार्य उल्लिखित आवधिक प्राथमिकता अनुसार गर्नेछ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. होमस्टे सञ्चालन तथा स्थानीय होटल तथा रेष्टुरेण्टको वर्गीकरण र मापदण्ड निर्धारण र अधिकतम मुल्य तोक्ने सम्बन्धी नगर कानुन बनाउने । | १. होमस्टे, होटल, रेस्टुरेन्ट तथा अन्य पर्यटन सत्कार सम्बन्धी सेवामा आाएको विविधताका आधारमा सम्बन्धित स्थानीय कानुनमा आवश्यक संशोधन । | |
| | २. नगरपालिकाको पर्यटन गुरुयोजना तयार गर्ने (कृषि, शिक्षा, स्वास्थ्य, प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक सम्पदा आदि क्षेत्रगत आधारमा समेत) | २. पर्यटन गुरुयोजना कार्यान्वयनको समीक्षा र अपर्याप्तता पूर्तिका रणनीति तथा कार्ययोजना निर्माण गर्ने । |
| | ३. सम्बन्धित निकायसँगको समन्वयमा स्थानीय पर्यटन शुल्क प्राप्ति सम्बन्धी कानुन निर्माण गर्ने । | ३. पर्यटन सम्बन्धी स्थानीय कानुनमा आवश्यक सुधार तथा नयाँ कानुन निर्माण । |

**ख.** साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यताको धनी तानसेन नगरपालिका आन्तरिक तथा बाह्य पर्यटकहरूको भ्रमणको एउटा महत्वपूर्ण गन्तव्य स्थलको रूपमा रहेको छ । तानसेनमा नगरपालिकाभित्रै पाल्पा दरबार, रानीमहल जस्ता पूरातात्विक महत्वका साँस्कृतिक धरोहरहरू रहेका छन् । तथापि कतिपय पूर्वाधारको विकास तथा आवश्यक सूचना तथा सञ्चारको व्यवस्था गर्न नसकेका कारणले गर्दा यस क्षेत्रको पर्यटन क्षेत्रले अपेक्षित उपलब्धी हाँसिल गर्न सकेको छैन । पर्यटन प्रवर्द्धन तथा रोजगारी सृजनाका लागि आवश्यक पूर्वाधारको निर्माण सँगै पर्यटकसँग सम्बन्धित सेवाका क्षेत्रहरूलाई विस्तार गरी प्रभावकारी कार्यान्वयन र गुणस्तरमा सुनिश्चितता गरिनु पर्दछ । यसर्थ पर्यटन सेवा विस्तारका लागि नगरपालिकाले आगामी वर्षहरूमा तपसिलका कार्यक्रमहरू आवधिक रूपमा कार्यान्वयन गरिन्छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकाले नगरमा रहेको पर्यटकिय क्षेत्रको बारेमा आवश्यक प्रचार प्रसार गर्न Documentary, Tansen Tourism App तयार गर्ने र विभिन्न सूचना प्रविधिको प्रयोग गरी प्रचार प्रसार गर्ने (श्रीनगर डाँडा, कुइरे भिर, ऋषिकेश मन्दिर, रिडी, श्रीनगर डाँडा, माण्डव्य ऋषि आश्रम अंगारे र दमकडा, कोकल डाँडा, भालेबास, बृन्दावन पार्क, बौघागुम्हा होमस्टे, रतनपाँडे मन्दिर बौघापोखराथोक, तेल्घा गुफा, मदनपोखरा तरकारी | १. तानसेनको पर्यटकीय क्षेत्र तथा सम्भावनाको प्रचार प्रसारलाई उपयुक्त विधिमार्फत् निरन्तरता दिने । | १. निरन्तर |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| पशुपालन अवलोकन स्थल, अर्गली दरबार र अर्गलीका अन्य धार्मिक स्थल, छेर्लुङ्ग फाँट, बारुद खाना, कमल पोखरी प्रभास, कमलेश्वर मन्दिर तिन्टी आप, पलासेडाँडा, माण्डव्य क्याम्पस, शीतल मन्दिर, सुन्दर गाउँ, तानसेन टुँडिखेल मैदान आदि) । | | |
| २. ग्रामीण वडाहरूमा होमस्टे सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने । | २. व्यवसायिक योजनाका आधारमा होमस्टे सञ्चालन र व्यवस्थापनका लागि आवश्यक प्राविधिक र वित्तीय सहयोग उपलब्ध गराउने । | २. वडा नं. ७ देखि १४ सम्म समुदायमा आधारित होमस्टे सञ्चालन गर्ने । कम्तीमा २ वटा तारे होटल निर्माण गर्ने (निजी क्षेत्र मार्फत्) । |
| २.१ छाप, पिपलडाँडा र कोकल रानी महलसहित कालीगण्डकी कोरिडोरमा होमस्टे विस्तार गर्ने । | २.१. समुदाय तथा निजी क्षेत्रको समन्वय तथा सहयोगमा कालीगण्डकी नदीमा ड्याम बनाएर बोटिङ, माछा पालन, होमस्टे सञ्चालन गर्ने ।<br><br>२.२. नगर क्षेत्रमा अवस्थित राजमार्गमा कम्तीमा २ वटा Highway Refreshment Center निर्माण गर्ने र निजी क्षेत्रमार्फत् सञ्चालन गर्ने । | |
| ३. वडा नं. ८, ९ र १४ मा कृषि पर्यटनका लागि स्थानीय कृषि प्रविधिमार्फत् बेमौसमी तरकारी तथा फलफूलको उत्पादन, पशुपालन, आवाससहितको कृषि फार्म आदिको व्यवस्था गर्न सम्भाव्यताको अध्ययन गर्ने ।<br><br>४. हाल अध्ययन भैरहेको वडा नं. ५, ८, ९, १०, १२ र १३ मा पदमार्ग तथा हाइकिङको पूर्वाधार निर्माण कार्य सम्पन्न गर्ने ।<br><br>५. श्रीनगर क्षेत्रमा सार्वजनिक शौचालयको निर्माण तथा खानेपानीको व्यवस्था र रुरु क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्ने ।<br><br>६. वंशगोपाल पिकनिक स्थलमा सार्वजनिक शौचालय निर्माण र पर्याप्त खानेपानीको व्यवस्थापन गर्ने । | ३. सम्भाव्यताका आधारमा कृषि पर्यटन क्षेत्र निर्धारण गरी आवश्यक पूर्वाधार र सेवा व्यस्थापन गर्ने । | ३. कृषि पर्यटन प्रवर्द्धनका थप पूर्वाधार विस्तार तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ७. मुख्य पर्यटकीय क्षेत्रमा आवश्यक पर्ने पूर्वाधारहरूको (सडक, विद्युत, खानेपानी, सञ्चार, पार्किङ, सार्वजनिक शौचालय आदि) व्यवस्थापनको कार्य अघि बढाउने । | ७. मुख्य पर्यटकीय क्षेत्रका लागि आवश्यक पूर्वाधार तयार पार्ने । | ७. नगरका सबै पर्यटकिय क्षेत्रमा Free Wifi को लागि उपकरण जडान गर्ने । |
| ८. प्रदेश र सम्बन्धित स्थानीय तहसँगको साझेदारीमा भारतीय नाका सुनौलीदेखि नै प्रत्येक ५ कि.मि.को फरकमा तानसेनको पहिचान झल्किने गरी होर्डिङ बोर्डहरू राख्ने । | | |
| ९. निजी क्षेत्रको सहयोगमा वडा नं. ८ मदनपोखरादेखि कोकलदेवीसम्म केवलकार निर्माण कार्य सम्पन्न गर्ने । | ९. श्रीनगरदेखि रानीमहल, कुइरेभिर देखि ऋषिकेशसम्म केवलकार सञ्चालनका लागि अध्ययन गरी सार्वजनिक निजी साझेदारी कार्यक्रम बमोजिम सम्भाव्यता अध्ययन गराउने । | |
| | ९.१. श्रीनगरमा देहाय बमोजिमको योजना निर्माणका लागि अध्ययन गर्ने<br>(क) श्रीनगरमा अन्तर्राष्ट्रियस्तरको Golf खेल मैदान ।<br>(ख) पार्क उद्यान र सम्भाव्यताका आधारमा मनोरेलको पूर्वाधार निर्माण र सञ्चालन । | ९.१. श्रीनगरमा अन्तर्राष्ट्रियस्तरको Golf खेल मैदान, पार्क उद्यान निर्माण गरी सम्भाव्यताका आधारमा मनोरेल सञ्चालनमा ल्याउने । |
| | ९.२. तानसेन - श्रीनगर - रतन पांडे -अलामदेवी रोपवे र डाँडा कटेरीमा रक क्लाइम्बिङ, बञ्जी र प्याराग्लाइडिङ सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने र सम्भाव्यताका आधारमा निजी क्षेत्रबाट सम्भाव्य आयोजना सम्पन्न गर्ने । | |
| १०. भारतको ताजमहल र नेपालको रानीमहल बीच भगिनी सम्बन्ध निर्माणका लागि पहल गर्ने तथा पर्यटन प्रवर्द्धनका लागि सिकाई आदान प्रदान भ्रमणहरूको आयोजना गर्ने । | १०. रानीमहलको गुरुयोजना तयार गरी पूर्वाधार निर्माणको कार्य अघि बढाउने । | १०. रानीमहलको गुरुयोजना अनुसार निर्माण कार्य सम्पन्न गर्ने ।<br>१०.१. संघ तथा प्रदेश सरकारको समन्वयमा ताजमहल र रानीमहल बिच यातायात सञ्चालन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ११. निजी क्षेत्रसँगको साझेदारीमा नियमित रूपमा पर्यटन सम्बन्धी तालिम सञ्चालन गर्ने (होटल व्यवस्थापन, पर्यटक गाइड, भाषा आदि) । | ११. नगरभित्रै प्याराग्लाइडिङ पाइलट सम्बन्धी तालिम उपलब्ध हुने व्यवस्था मिलाउने । | |
| | १२. MICE Tourism का लागि सार्वजनिक जग्गा छुट्याउने र गुरुयोजना तयार गर्ने । पहिलो चरणमा सभाहल, तालिम केन्द्र स्थापना गर्ने । | १२. MICE Tourism अनुरूप अत्याधुनिक सभाहल, साँस्कृतिक केन्द्र, खेलकुद मैदान, तालिम केन्द्र, अनुसन्धान केन्द्र लगायत अन्य व्यवसायिक भवन आदिको निर्माण भई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरू सञ्चालन गर्ने । |
| १३. स्थानीय लोकबाजा संरक्षण र प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिने । | १३. नेवारी, मगर लगायत अन्य जातजातीका कला, संस्कृति, बाजा आदि समेटेर साँस्कृतिक संग्रहालय स्थापना गर्ने । | |
| | १३.१. ब्राम्हण समुदायको भजन, मगर र नेवारी संस्कृति समेटेर लोक संस्कृति साँझ खोल्ने र सञ्चालन गर्ने । | |
| | १४. कुडुले घरमा सूचना केन्द्रसहित अन्य उपहार सामाग्रीको व्यवस्था गर्ने । | |
| १५. सिद्धार्थ राजमार्गको बुटवल पूर्व खण्डलाई सुरक्षित बनाउन तानसेनका स्थानीय तहको सञ्जाल र एकीकृत रणनीति बनाई साझेदारी तथा संघीय सरकारसँग पहल गर्ने । | १५. सम्बन्धित पक्षको सहयोग र स्थानीय साझेदारीका आधारमा बुटवल पूर्वको सडकक्षेत्र सुरक्षित बनाउने कार्य पूरा गर्न पर्यत्न गर्ने तथा मुख्य पर्यटन रुटमा स्थानीय नगर बस सञ्चालन गर्ने (शुरुमा प्रवासदेखि रानीमहलसम्म) । | |
| १६. मान्डब्य सरोवर विकासको सम्भाव्यता विश्लेषण गर्ने । | १६. सम्भाव्यताका आधारमा मान्डब्य सरोवर विकासको कार्य अघि बढाउने । | |
| | १७. निर्माणाधिन वडा नं. १४ अर्गलीको तिनमुखे पुललाई अझ आकर्षक बनाउन जलाशय निर्माण योजना बनाई सम्भाव्यताका आधारमा कार्यान्वयन गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | १८. पर्यटन प्रवर्द्धनका लागि नगरमा स्थायी ठेगानमा भएका वा अन्य ख्याति प्राप्त व्यक्तिलाई तानसेनाको पर्यटनदूत बनाई निरन्तर सम्पर्क र समन्वय गर्ने । | |

## ५.१.३. उद्योग र वाणिज्य

### १. वर्तमान अवस्था

यस नगरपालिकामा उद्योग व्यापार तथा व्यवसाय मुख्यतयः पर्यटन तथा कृषिमा आधारित रहेको छ। कृषियोग्य जमिनको उपलब्धता, कृषि तथा वनजन्य कच्चा पदार्थहरूको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरूको उपलब्धता लगायतका विभिन्न कारणले नगरपालिकामा कृषि तथा स्थानीय परम्परा र सीपमा आधारित उद्योगहरूको विकासको राम्रो सम्भावना रहेको छ। ढाका, करुवा, तामा तथा काँसका भाँडा बनाउने उद्योगहरू प्रमुख रूपमा रहेका छन्। ह्याचरी, कफी, दुग्धजन्य तथा कृषिजन्य र वन पैदावारमा आधारित साना उद्योगहरू पनि सञ्चालनमा रहेका छन्। भिनिया रोटी बनाउने कुटिर उद्योग, जडीबुटीमा आधारित केही स-साना उद्योगहरूले पनि व्यवसायिक उत्पादन सुरुवात गरेका छन्। यस बाहेक मह, बेसार, अदुवा, भटमासजस्ता कृषिजन्य घरेलु उत्पादनहरूको पनि क्रमशः व्यावसायिक उत्पादन हुँदै जान थालेको छ। विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरू उल्लेखनीय रूपमा औद्योगिक विकासतर्फ लागि सकेका छैनन्। तथापि, स्थानीय केही मभौला, साना तथा घरेलु उद्योग भने सञ्चालित छन्। यसले नगरपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराउँदै गएको छ। यिनै उद्योग व्यवसायहरू यस नगरपालिकाको स्थानीय आर्थिक विकासका मेरुदण्डको रूपमा रहेका छन्।

नगर पार्श्वचित्र २०७५ अनुसार नगर क्षेत्रमा कुल २,१५३ उद्योग तथा व्यवसाय सञ्चालनमा छन्। जसमध्ये मध्ये १,५०५ (६९.९ प्रतिशत) उद्योग तथा व्यवसाय फर्ममा पुरुषको स्वामित्व र ६४८ (३०.१ प्रतिशत) मा महिलाको स्वामित्व रहेको देखिन्छ। कुल मध्ये २२ जना भारतीय व्यवसायीहरू रहेका छन्। तर नगरपालिकामा भने १,४६४ वटा मात्र व्यवसायमा दर्ता भएका छन्। यी व्यवसाय ग्रामीण क्षेत्रमा भन्दा यहाँ भएका मुख्य १५ वटा बजार केन्द्रमा सञ्चालित छन्। कुल व्यवसायीहरू मध्ये ५३ प्रतिशत व्यवसायीहरूले रु. १ लाखदेखि ५ लाखसम्म उद्योग व्यापार व्यवसायमा लगानी गरेका छन् भने रु. ५० लाख भन्दा बढी लगानी गर्ने व्यवसायीको संख्या एकदमै न्यून रहेको छ। यहाँ १७ वटा (क) वर्गका वाणिज्य बैंक, विकास बैंकका रूपमा ५ वटा (ख) वर्गका, १५ वटा (ग) वर्गका लघुवित्त संस्थाहरू र ४५ वटा सहकारी संस्था रहेका छन्। अधिकांश वित्तीय संस्थाहरू बजारमा रहेका छन्। यिनीहरूले मुख्यतः कृषि उद्योग व्यापारमा भन्दा पनि घर, जग्गा, गाडीमा लगानी गरेको पाइन्छ। अधिकांश उद्योग व्यापार व्यवसायीहरू बुटवल, भैरहवा तथा तराईका अन्य जिल्लाहरूमा गएकाले तानसेनको व्यापार व्यवसाय घट्दै गएको स्थानीयको विश्लेषण पाइन्छ।

यस पृष्ठभूमिमा तानसेन नगरपालिकालाई औद्योगिक र व्यावसायिक उत्पादनका आधारमा उत्पादनशील क्षेत्रका रूपमा विकास गर्न देहाय बमोजिमका लक्ष्य, उद्देश्य तथा नीति अवलम्बन गरिनेछ।

### २. लक्ष्य

स्थानीय पहिचानयुक्त उत्पादनमार्फत् नगरको आर्थिक विकासमा टेवा दिने।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य ५.१.३ (१) : नगरबासीलाई पर्याप्त रोजगारीको अवसर सिर्जनासहित तीव्र आर्थिक विकासका लागि उपयुक्त वातावरण निर्माण गर्ने ।**

**नीति क.** तानसेनको तीव्र आर्थिक विकासका लागि आवश्यक लगानी प्रवर्द्धन गर्न तथा सार्वजनिक निजी साझेदारीमा जोड दिइनेछ । लगानी सम्मेलनको आयोजनामार्फत् तय गरिने नीति तथा योजना बमोजिम लागत खर्च, निजी तथा वैदेशिक लगानी भित्र्याउन आवश्यक सहयोग, सम्पर्क, समन्वय र सहजीकरण गर्न निजी क्षेत्रको सहभागितासहित विज्ञ टोली गठन गरी निरन्तर क्रियाशील राखिने छ ।

**नीति ख.** राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका उद्योग तथा व्यापार/व्यवसायलाई नगर क्षेत्रभित्र स्थापना तथा सञ्चालनका लागि नगरपालिकाले स्थानीय कर सहुलियत, जमिनको बहालमा निश्चित अवधिका लागि सुहुलियत वा छुट हुने व्यवस्था, पूर्वाधार निर्माण स्वीकृती कार्यमा सहजता आदि सुविधा प्रदान गरिनेछ । साथै उद्योग स्थापनाको अनुमति, दर्ता, विस्तार कार्यमा उद्योगले पाउने अन्य सुविधाका सम्बन्धमा सरल एवं पारदर्शी समयसीमा अनुरूप तोकिएको समयभित्र सेवा पाउने व्यवस्था सुनिश्चित गर्न "एकल विन्दु सेवा केन्द्र" स्थापना गरी प्रभावकारी सेवा प्रदान गरिनेछ ।

**नीति ग.** सृजनशील युवा तथा महिला प्रतिभाहरूलाई कृषि पशुपालन तथा पर्यटनमा आधारित उद्योग स्थापनाका लागि आकर्षित गर्न उद्यमशीलता विकास तथा उद्योग व्यापार व्यवसाय व्यवस्थापन सम्बन्धी तालिम, वित्तीय संस्थासँग सहकार्य तथा सहजीकरणका सेवाहरू उपलब्ध गराइने छ ।

**नीति घ.** नगर क्षेत्रमा स्थापित हुने वा स्थापित भैसकेका उद्योग व्यवसायसँग समन्वय गरी बजारको माग बमोजिम आवश्यक सीपहरूको सूची तयार गरी नगरक्षेत्रका युवा प्रतिभाहरूलाई प्राथमिकताका आधारमा सीप विकास तालिमको व्यवस्थासहित रोजगारीको अवसर सृजना गरिनेछ ।

**नीति ङ.** नयाँ किसिमका उद्योग तथा व्यवसाय शुरुवात गर्न निजी क्षेत्र तथा समुदायलाई प्रोत्साहन गर्न सीप विकास तथा वित्तीय सहयोगको व्यवस्था तथा सहुलियत ऋणको लागि सहजीकरण गरिनेछ ।

**नीति च.** संघीय सरकार तथा प्रादेशिक सरकारको सहयोग र समन्वयमा नगरभित्र लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम स्थापना गरिनेछ ।

**उद्देश्य ५.१.३ (२) : परम्परागत सामाग्री उत्पादनमा आधुनिक सीप तथा प्रविधिको हस्तान्तरण गरी स्थानीय उत्पादनको प्रवर्द्धन र संरक्षण गर्ने ।**

**नीति क.** तानसेनभित्रका उद्यमीहरूको व्यवसायिक र व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिइनेछ । उद्यमीहरूबाट उत्पादित पाल्पाली ढाका, करुवा, बगनासे साँचो लगायत स्थानीय सीप तथा स्रोत साधन परिचालन गरी उत्पादन गरिएका वस्तुहरूको उत्पादन तथा बजारीकरणको व्यवस्था गरिनेछ ।

**नीति ख.** पाल्पाली ढाका, करुवा जस्ता सामग्रीहरू निर्माणका लागि नयाँ युवा प्रतिभाहरूलाई प्रोत्साहन गरी नयाँ सीप तथा प्रविधिमार्फत् उद्यमशील बनाइनेछ ।

**नीति ग.** पाल्पाली ढाकाको प्रवर्द्धन र विकासका लागि (ढाका कपडा ब्राण्डिङ) पाल्पाली गुणस्तर चिन्ह प्रदान गरी प्रमाणपत्र वितरण गरिनेछ । सक्कली पाल्पाली ढाका मात्र उत्पादन र बिक्री गर्ने ढाका कपडा व्यवसायीहरूलाई स्थानीय करमा विशेष छुटको व्यवस्था मिलाइनेछ ।

**नीति घ.** स्थानीय रूपमा उत्पादन हुने वस्तुलाई स्थानीयस्तरमा नै उपभोग गर्ने नीति अवलम्बन गरिनेछ । यसका लागि यहाँ उत्पादित ढाका कपडा तथा अन्य सामाग्रीलाई सरकारी कार्यालय, सामुदायिक तथा निजी स्कुल तथा अन्य निकायहरूमा प्रयोगमा ल्याउन जोड दिइनेछ ।

**नीति ङ.** स्थानीय रूपमा उत्पादन हुने पाल्पाली ढाका, करुवा लगायत अन्य स्थानीय वस्तुको उत्पादन तथा बजार प्रवर्द्धनका लागि उपयुक्त सूचना प्रविधि (Information Technology) प्रयोगको विशेष व्यवस्था गरिनेछ ।

**नीति च.** प्रदेश सरकार तथा दातृ निकायसँग समन्वय गरी पाल्पाली ढाका तथा करुवा प्रवर्द्धन गर्नका लागि विशेष प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**तालिका ५.१.३ : आवधिक प्राथमिकता : उद्योग र वाणिज्य**

**क.** यस नगरपालिकामा रहेका प्रमुख व्यापारिक केन्द्रहरूमा सित्तलपाटी, मखनटोल, असनटोल, विशाल बजार, बसन्तपुर, टक्सारटोल, कैलाश नगर, भीमसेनटोल, नारायणस्थान, भुसालडाँडा, गैरागाउँ, वर्तुङ्ग, प्रभास, बाँसटारी, नयाँपाटी, दमकडा, मदनपोखरा, डुम्रे, गणसाल, चन्डी भञ्ज्याङ, बोखर, बौघागुम्बा, अर्गली बजार लगायतका प्रमुख बजारहरू रहेका छन् । ती बजार क्षेत्रलाई सुव्यवस्थित बजार केन्द्रका रुमपा विकास गर्नुपर्ने आवश्यकता छ । यस पृष्ठभूमिमा नगरपालिकाको व्यापार व्यवसाय तथा उद्योगधन्दा लगायतको व्यवस्थापन र नियमन गरी नागरिकहरूको आर्थिक समृद्धि तथा थप रोजगारी सिर्जनाका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम नगरपालिकाले उद्योग व्यवसाय सम्बन्धी स्थानीय नीति तथा कानुन निर्माणको आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. उद्योग, व्यवसाय, बजार व्यवस्थापन, प्रवर्द्धन र नियमन सम्बन्धी नियम बनाउने । | १. बजार क्षेत्र विस्तार तथा हाटबजारहरूको व्यवस्थापन गर्ने नीति बनाउने । | १. आवश्यकता अनुसार उद्योग तथा व्यवसाय प्रवर्द्धनको लागि आवश्यक नयाँ नीति तथा कानुन निर्माण वा मौजुदा नीति र कानुनको परिमार्जन र संशोधन गर्ने । |
| १.१. कोभिड-१९ को प्रभावले रोजगार, कृषि तथा उद्योग व्यवसाय क्षेत्रमा परेको असर सम्बन्धी अध्ययन र निजी क्षेत्रसँगको समन्वयमा समस्यामा परेका उद्योग व्यवसायको सुदृढिकरण कार्ययोजना बनाई लागु गर्ने । | | |
| २. पाल्पाली करुवा र ढाकाको प्रवर्द्धनात्मक उत्पादन बमोजिम अनुदान तथा सहुलियत ऋणको व्यवस्था तथा परम्परागत सीप र प्रविधिमा आधारित उद्योग व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्यविधि (कोषको व्यवस्था, मापदण्ड आदि) बनाउने । | २. औद्योगिक क्षेत्र विकास सम्बन्धी गुरुयोजना तयार गर्ने । | |
| | ३. घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन सम्बन्धी मौजुदा कानुन कार्यान्वनको समीक्षा तथा सान्दर्भिक नयाँ कानुन निर्माण गर्ने । | ३. निरन्तर |

**ख.** लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधिको संयोजन गराउन निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, औद्योगिकरणमा नवीन प्रविधि र उपकरणहरूको प्रयोग गर्न नसकिनु तथा नगरबाट पनि त्यसलाई पर्याप्त प्राथमिकतामा राख्न सकिएको छैन । जसका कारण औद्योगिक क्षेत्रको अपेक्षित विकास र विस्तार हुन नसकिरहेको अवस्था छ । तानसेन नगरपालिका क्षेत्रभित्र साना उद्योग, व्यापार व्यवसायहरू सञ्चालनमा रहेका छन् । तर सबैको यथार्थ विवरण नगरपालिकासँग छैन । तिनीहरूको अभिलेखीकरणको कार्यमा थप व्यवस्थित गर्नु पर्नेछ । ग्रामीण क्षेत्रमा हाटबजारको व्यवस्थासहित बजारको व्यवस्थापन गर्न सकिने सम्भावना रहेको छ । नगरपालिकामा नगर उद्योग वाणिज्य संघ, व्यापार संघ लगायतका विभिन्न व्यापारिक संघ संस्थाहरू रहेका छन् । यस पृष्ठभूमिमा सम्बन्धित पक्षसँगको समन्वय र साझेदारीमा उद्योग व्यवसाय प्रवर्द्धनमार्फत् नागरिकहरूको आर्थिक समृद्धि तथा रोजगारीको पर्याप्त व्यवस्था गर्ने ध्येयका साथ तपसिल अनुसारका आवधिक कार्यक्रमहरू तय भएका छन् ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. तानसेन लगानी सम्मेलन गरी लगानीको क्षेत्र निर्धारण तथा साझेदारीका विधि तय गर्ने । | १ लगानी सम्बन्धी बैठकहरूलाई निरन्तरता दिने । | १. निरन्तर |
| २. सार्वजनिक निजी साझेदारी नीति बमोजिम उद्योग व्यवसाय परियोजना कार्यान्वयनका लागि मनसाय सूचि तयार गर्ने । | २. मनसाय सुचीका आधारमा उद्योग तथा व्यवसाय क्षेत्रमा हुने साझेदारीका सम्भाव्य परियोजना अघि बढाउने । | २. सार्वजनिक निजी साझेदारीका मध्यकालीन कार्यक्रम सम्पन्न गर्ने र थप कार्यक्रम अघि बढाउने । |
| ३. नगरभित्र विभिन्न मेला, जात्रा तथा फुड फेस्टिवलहरूको आयोजना गर्ने र स्थानीय खाद्यान्नहरूको प्रवर्द्धन गर्ने । | ३. स्थानीय पहिचानयुक्त खाद्य सामग्री सम्बन्धी उद्योग तथा सेवा व्यवसाय प्रवर्द्धन सहयोग कार्यक्रम कार्यान्वयन गर्ने । | |
| ४. जडिबुटी प्रशोधन उद्योग स्थापनाको सम्भाव्यता अध्ययन तथा परामर्श गर्ने । | ४. नगरको समन्वय र सहयोगमा निजी क्षेत्रमार्फत् जडिबुटी प्रशोधन उद्योग स्थापना गर्ने । | |
| ५. उद्योग ग्राम क्षेत्रमा सडकको पहुँच, विद्युत, खानेपानी, सञ्चार आदि पूर्वाधार विकासका लागि अध्ययन र पूर्वतयारी गर्ने । | ५. संघ तथा प्रदेश सरकारको सहयोग र समन्वयमा उद्योग ग्राम क्षेत्रमा सडकको पहुँच, विद्युत, खानेपानी, सञ्चार आदि पूर्वाधार निर्माण सम्पन्न गर्ने । | ५. उद्योग ग्रामको सञ्चालन र व्यवस्थापन कार्यमा समन्वय र सहजीकरण गर्ने । |
| ६. परम्परागत सीप र स्थानीय पहिचानमा आधारित साना तथा मझौला उद्योग प्रवर्द्धन कार्यक्रम बनाई कार्यान्वयन गर्ने (ढाका, करुवा, फलाम, तामा, माटोको भाँडा, खुर्पेटो, वडहरबोटे मादल, सारङ्गी (छाप), बाँसको चोयाबाट सोली डोका, साना डाली, मान्द्रो, तरकारी र फलफुल, पातबाट बन्ने बोता, टपरी आदि) | ६. स्थानीय सीप, प्रविधि तथा कच्चा पदार्थमा आधारित स्थानीय पहिचानयुक्त आधारित उद्योग तथा व्यवसाय सहयोग कार्यक्रमलाई निरन्तरता दिने । | ६. स्थानीय साना तथा मझौला उद्योग सञ्चालन र व्यवस्थापनका लागि सहयोग कार्यक्रमलाई निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ६.१. स्थानीय उद्योग वाणिज्य संघ, व्यापार व्यवसायीहरूलाई उत्प्रेरित गरी पानी, सस्, चाउचाउ, साबुन, धुप, झिनिया, पाउरोटी, जुत्ता उद्योग स्थापना गर्ने । | |
| | ६.२. समुदाय तथा निजी क्षेत्रसँगको समन्वयमा स्थानीय रूपमा उत्पादन भैरहेका खाद्यान्नहरूको प्रशोधनका लागि भण्डारण केन्द्र तथा प्रशोधन उद्योगहरू खोल्ने (अदुवा, अमिलो जातका फलफूल आदि) । | |
| ७. नयाँ बसपार्क निर्माणका कार्य अघि बढाउँदा अटो भिलेजको अवधारणालाई परिभाषित गरी क्षेत्र निर्धारण गर्ने । | ७. होलाङदीमा व्यापार व्यवसाय भवनसहित बसपार्क निर्माण गर्ने र प्रस्तावित नयाँ बसपार्क क्षेत्रमा क्षेत्रमा Auto Villege स्थापना गर्ने । | |
| | ८. अत्यावश्यक सबै वस्तु उपलब्ध हुने गरी बजार क्षेत्रका वडाहरूमा व्यापारिक भवन निर्माण गर्ने । | |
| | ९. सबै वडामा कृषि उपज बजार तथा संकलन केन्द्रहरू निर्माण गर्ने । | |
| | १०. नगरको उपयुक्त आधुनिक प्रविधि तथा पूर्वाधारयुक्त एउटा थोक बजार केन्द्र निर्माण गर्ने । | |
| | ११. स्थानीय साप्ताहिक हाट बजारको स्थापना गरी र सञ्चालनमा ल्याउने । | |
| | | १२. चुनढुँगा खानीको अध्ययन गरी उपयुक्तताका आधारमा निजी क्षेत्रमार्फत् सिमेण्ट कारखाना स्थापना गर्ने । |
| | | १३. नगरको माग थेग्ने गरी नगरभित्रको उपयुक्त स्थानमा इट्टा उद्योग स्थापना गर्ने । |

## ५.१.४. कृषि तथा पशुपालन

### १. वर्तमान अवस्था


मौलिक विशेषतासहितको तानसेन नगर पर्यटकीय महत्वको क्षेत्र हो । यसका ऐतिहासिक, धार्मिक, साँस्कृतिक महत्वका साथै अनुपम प्राकृतिक सौन्दर्य र व्यावसायिक विशेषताका कारण यसको आफ्नो छुट्टै पहिचान पनि छ । यिनै सम्भावनाहरूको जगमा, नगरले "सुव्यवस्थित पूर्वाधार, पहिचानमूलक उत्पादन र हरित वातावरणयुक्त पर्यटकीय, समावेशी, साँस्कृतिक नगर" को रूपमा विकसित गर्ने दीर्घकालीन सोच लिएको छ । उक्त सोच अनुरूपको उपलब्धी हाँसिल गर्न व्यापार व्यवसाय, मौलिक घरेलु उद्योगहरूको विकासका साथै कृषि र पशुपालनलाई प्रमुख आधारको रूपमा लिएको छ । कृषि र पशुपालनको हकमा, उत्पादनशीलता र व्यवसायिकतालाई प्राथमिकतामा राखी समग्र कृषि क्षेत्रको विकास गर्दै स्थानीय अर्थतन्त्र सबलीकरणमा योगदान दिने उद्देश्य लिएको छ ।

नगरभित्र २७ प्रतिशत परिवारहरूले नेपालको प्रति व्यक्ति आय जो १,०३४ अमेरिकी डलर छ, सो वा सो भन्दा बढी आम्दानी गर्दछ । अर्थात, ७३ प्रतिशत घर परिवारको आम्दानी राष्ट्रियस्तरको प्रति व्यक्ति आय भन्दा कम छ । यसको सोझो अर्थ हो, बहुसंख्यक परिवारहरू आर्थिक रूपमा पछाडि नै परेका छन् । सम्पन्न सूचकाङ्कका आधारमा पनि लगभग ४७ प्रतिशत परिवार "कमजोर" र "अति कमजोर" अवस्थामा देखिन्छन् । बेरोजगारी समस्या उस्तै छ । नगर भरीमा स्वेच्छिक बाहेक नै ३३ प्रतिशतको हाराहारीमा पूर्ण वा आंशिक बेरोजगारहरू छन् । पछिल्लो समय उद्यमी व्यवसायीहरूको पलायनले आउने दिनहरूमा गैह्रकृषि क्षेत्रका उद्यम व्यवसायहरू अपेक्षाकृत नबढ्ने हुन् कि भन्ने भय पनि उत्तिकै छ । यिनै पृष्ठभूमिमा, रोजगारीको अवसरहरू सिर्जना गर्दै विपन्न परिवारहरूको आयस्तर उकासी समग्र नगरलाई नै आर्थिक रूपमा सबल बनाउन कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण एक भरपर्दो विकल्प हुन सक्छ । अहिले नै पनि नगर भरीको ३० प्रतिशत परिवार यसैमा आश्रित छन् ।

लगभग ४९ प्रतिशत कृषियोग्य जमिन रहेको तानसेन नगर व्यावसायिक कृषितर्फ बिस्तारै अघि बढ्दैछ । पारिवारिक प्रयोजनका लागि धेरथोर सबै प्रकारका बालीहरू खेती गर्ने गरे पनि तुलनात्मक लाभ बढी भएका बालीहरू छनोट गरी व्यावसायिक उत्पादनलाई बढावा दिँदै गएको पाइन्छ । पकेट क्षेत्र निर्धारण गरी अदुवा, तरकारी, सुन्तला, च्याउ लगायत अन्नबालीहरूमा मकै र धानको व्यावसायिक उत्पादन हुनु यसैको उदाहरण हो । तरकारी र सुन्तला त्यस मध्येका प्रमुख बालीहरू हुन्, जुन नगरका क्रमशः ११ र ४ वटा वडाहरूमा व्यावसायिक रूपमा खेती गरिँदै आएका छन् । किसानहरू समूह तथा सहकारीहरूमा आवद्ध छन् । हाल नगर क्षेत्रभित्र लगभग ३० वटा सहकारीहरू र १३१ वटा समूहहरू क्रियाशील छन् ।

पशुपालनको हकमा, लगभग ३६ प्रतिशत घरपरिवारले पशुपंछी पाल्ने गरेता पनि अधिकांशको लागि यो अझै घरायसी प्रयोजनका लागि मात्र हो । आन्तरिक बजारलाई लक्षित गरी व्यावसायिक पशुपालन गर्ने किसानहरू पनि राम्रै संख्यामा देखिन्छ, खास गरेर बाख्रा, बंगुर, कुखुरा (ब्रोइलर तथा लेयर्स) गाई र भैंसीपालनमा । हाल नगरभित्र ४३ वटा त्यस्ता फर्महरू रहेका छन् र यो बढ्दो क्रममा छ । यद्यपि, नगरभित्रको कृषि तथा पशुपालनले अनुकूल भौगोलिक अवस्थिति र बढ्दो स्थानीय तथा बाह्य खास गरेर नजिकको पोखरा तथा बुटवल लगायतको बजारले सिर्जना गरेको अवसरहरूलाई पर्याप्त उपयोग गर्न सकिएको छैन । समग्र कृषि र पशुपालन क्षेत्रको उत्पादनशीलता र व्यावसायिकता नबढाई यो सम्भव पनि हुँदैन । यसका लागि हाल नगरभित्र विद्यमान समस्याहरूको दीगो समाधान पहिलो शर्त हो ।

नक्सा ५.१.४ : तानसेन नगरपालिकाको कृषि उत्पादन क्षेत्र



सिँचाइको अभाव, बजार व्यवस्थापनमा समस्या, उन्नत कृषि आपूर्ति, प्रविधि तथा औजारहरूको सहज उपलब्धता नहुनु, लागत अनुरूपको प्रतिफल नहुनु, उन्नत प्रविधि सम्बन्धी ज्ञान कम हुनु, पूर्वाधारहरूको अभाव (जस्तै : संकलन केन्द्र, कोल्ड स्टोर, सडक आदि), दक्ष प्राविधिक जनशक्तिको अभाव र कामदारहरू कम पाइनु केही प्रमुख तथा साझा समस्याहरू हुन् । पशुपालनतर्फ माथिका अतिरिक्त घाँस तथा चरण क्षेत्रको अभाव, उन्नत जातका पशुहरूको अभाव एवं महङ्गो हुनु तथा प्राविधिक सहयोग कम हुनु आदि केही प्रमुख समस्याहरू हुन् । यिनै समस्याहरूको दीगो समाधान नै कृषि तथा पशुपालनलाई अझ बढी उत्पादनशील र व्यावसायिक बनाउने सही उपाय हो ।

## २. लक्ष्य

रोजगारी र स्थानीय विकासमा कृषि क्षेत्रको योगदान बढाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य ५.१.४ (१) : कृषि तथा पशुपालन क्षेत्रलाई व्यावसायिक र उत्पादनमूलक बनाउने ।**

**नीति क.** भौगोलिक अनुकूलता, स्थानीय माग र ठूला बजारहरूसँगको निकटताका कारण तानसेन नगरलाई कृषि तथा पशुपालनलाई व्यावसायिक रूपमा अघि बढाउन निकै ठूलो अवसर छ । बिस्तारै बजारमुखी उत्पादनमा अग्रसर हुँदै गएको नगरका किसानहरूलाई आवश्यक पूर्वाधारहरूको साथमा नगरका तर्फबाट किसान तथा सरोकारवाला निकायहरूको चासो एवं समस्याहरूलाई सम्बोधन गर्दै व्यावसायिक कृषि तथा पशुपालन कार्यलाई अघि बढाइनेछ ।

**नीति ख.** व्यावसायिक उत्पादन कार्यलाई प्रभावकारी रूपमा अघि बढाउन प्रोत्साहनसहित क्षमता विकास, सहुलियतपूर्ण वित्त, बिमा, प्रविधि, बजार आदिमा पहुँचको सुनिश्चितता गरिनेछ ।

**नीति ग.** सहकारी संस्थाहरू एवं निजी उद्यमी व्यवसायीहरूको माध्यमबाट कृषि तथा पशुपालनका लागि आवश्यक सामग्रीहरू, नवीन प्रविधि तथा आधुनिक उपकरणहरूको आपूर्तिलाई सर्वसुलभ गराइनेछ।

**नीति घ.** आवश्यक दक्ष जनशक्तिको प्रबन्ध गरी तालिम तथा परामर्शको माध्यमबाट प्राविधिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ । स्थानीय निजी उद्यमी व्यवसायी (एग्रोभेट) तथा समूह/सहकारी प्रतिनिधि सदस्यहरूको पनि क्षमता अभिवृद्धि गरी सोमार्फत् अथवा सोसँगको समन्वयमा किसानहरूका लागि आवश्यक प्राविधिक सेवा, सूचना, परामर्श आदि नियमित प्रदान गरिनेछ ।

**नीति ङ.** संकलन केन्द्र र कृषि हाट बजारको स्थापना तथा सुदृढीकरणमार्फत् स्थानीय बजार तथा बजार सूचना प्रणाली र सहजीकरणमार्फत् स्थानीय कृषि तथा पशुजन्य उपजहरूलाई बाह्य बजारमा पहुँच दिलाइनेछ ।

**नीति च.** आवश्यकता अनुसार उपयुक्त प्रविधिका माध्यमबाट कृषियोग्य जमिनमा सिँचाइ सुविधा सुनिश्चित गरिनेछ ।

**नीति छ.** पशुपालनतर्फ उन्नत पालन पद्धति र नश्ल सुधारमार्फत् उत्पादकत्व वृद्धिमा जोड दिइनेछ । पशु नश्ल सुधार कार्यलाई अभियानकै रूपमा लगिनेछ ।

**नीति ज.** दुग्ध उद्योगहरूसँग समन्वय गरी व्यावसायिक स्तरमा दुध उत्पादन कार्यलाई अघि बढाइनेछ । यसका लागि, नश्ल सुधार, उन्नत पालन पद्धति, सहुलियतपूर्ण वित्त, बिमा आदिलाई योजनाबद्ध रूपमा सञ्चालन गरिनेछ ।

**नीति झ.** सीप, पुँजी, प्रविधि, क्षमता विकास, बजारसँगको सम्पर्क विस्तारका अलावा कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरूपको प्रभावकारी उपायहरू अवलम्बन गरिनेछ। बिमा, जोखिम कोष, क्षतिमा आधारित अनुदान आदि केही सम्भाव्य उपायहरू हुन् जसको लागि नगरले आवश्यक श्रोतहरूको व्यवस्था गरिनेछ ।

**नीति ञ.** स्वच्छ र स्वस्थ उत्पादन, त्यस अनुसारको उत्पादन पद्धतिको अवलम्बन, सो को गुणस्तर मापन र प्रमाणीकरणको व्यवस्था गरिनेछ ।

**नीति ट.** कृषक समूह तथा सहकारीहरूलाई व्यावसायिक कृषि तथा पशु फर्महरू सञ्चालनको लागि प्रोत्साहित गरिनेछ ।

**तालिका ५.१.४ : आवधिक प्राथमिकता : कृषि तथा पशुपालन क्षेत्र विकास**

| | | |
|---|---|---|
| **क.** कृषिलाई व्यावसायिक रूपमा अगाडि बढाउन त्यही अनुरूपको ऐन कानुनहरू आवश्यक पर्दछ। कुल ग्रार्हस्थ उत्पादनमा २७ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसंख्या आबद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हाँसिल गर्ने राज्य तथा नगरपालिकाको पनि मूल आधार हो । तसर्थ नगरमा कृषिलाई व्यावसायिक रूपमा अगाडि बढाउन हाल नगरमा भएका विद्यमान ऐन कानुनहरू पर्याप्त छैनन् । निम्न नीति तथा कार्यक्रमहरू निर्माण गरी कृषिक्षेत्रको सुधारका आवधिक प्राथमिकताका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४ को समीक्षा गरी त्यसलाई नयाँ प्राथमिकताका आधारमा परिमार्जन गर्दै, कार्यान्वयनका लागि नियमावली तथा कार्यविधिहरू बनाउने । | १. नीतिहरूको समीक्षा गरी समयानुकुल परिमार्जन गर्ने । | १. निरन्तर |
| **ख.** कृषि उत्पादकत्व वृद्धि गर्न अपरिहार्य स्रोत साधन र सामग्रीहरूको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरू जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, चिस्यान केन्द्र, संकलन केन्द्र तथा बिजुली आदिको अपर्याप्तता मूल समस्याका रूपमा देखिएका छन् । कृषिजन्य उत्पादनमा आशातीत उपलब्धी हाँसिल गर्न अत्यावश्यक उन्नत नश्ल तथा बिउको प्रतिस्थापन दर पनि अत्यन्तै कम छ। यसको अलावा बजार क्षेत्रमा जमिनको तीव्र खण्डीकरण तथा ग्रामीण क्षेत्रमा क्रमशः जग्गा जमिन बाँझो रहनु तथा कृषि उत्पादनमा वन्यजन्तुको प्रभाव एवं यसको उत्पादनमा असर प्रमुख समस्याको रूपमा रहेको छ । नगरले व्यावसायिक कृषिलाई अगाडि बढाउदै क्रमिक रूपमा कृषिमा रूपान्तरण गरी दीगो, प्रतिस्पर्धी र व्यावसायिक कृषिको माध्यमबाट अधिकतम रोजगारीको अवसरहरू सिर्जना गर्नका लागि निम्न कार्यक्रमहरू सञ्चालन गरिन्छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. कृषकहरूको डाटावेस तयार गरी घरायसी, व्यावसायिक तथा व्यवसाय उन्मुख कृषकहरू पहिचान गरी व्यावसायिक कृषि तथा पशुपालनको लागि आवश्यकता अध्ययन गर्ने । | १. तथ्याङ्क अद्यावधिक गरी व्यावसायिक कृषि तथा पशुपालनका आवश्यकता परिपूर्तिका कार्यक्रम बनाई कार्यान्वयन गर्ने । | १.कृषक र कृषि सम्बन्धी तथ्याङ्क व्यवस्थापनलाई अझ वैज्ञानिक बनाई सहयोगलाई थप तथ्यमा आधारित बनाउने । |
| २. सम्पूर्ण किसानहरूलाई पकेट क्षेत्रहरूमार्फत् समेट्ने । भएका पकेट क्षेत्रहरूको सुदृढीकरण र आवश्यकता तथा सम्भावनाका आधारमा नयाँ पकेट क्षेत्रहरू स्थापना गरी त्यसै अनुसारको उन्नत प्रविधि र पद्धतिसहितको उत्पादन योजना तयार गर्ने । | २. युवा तथा विपन्न परिवारहरूका साथै अन्य कृषकहरूलाई तालिम लगायत वित्त, बिमा, प्रविधि, बजारमा पहुँचको लागि सहजीकरण गर्ने । | २. निरन्तर |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. व्यावसायिक उत्पादन कार्यलाई प्रभावकारी रूपमा अघि बढाउन युवा तथा विपन्न परिवारहरूलाई प्राथमिकतामा राख्दै क्षमता विकास, सहुलियतपूर्ण वित्त, बिमा, प्रविधि, बजार सम्बन्धी आवश्यकताहरू अध्ययन गरी तदनुरूपको योजनाहरू बनाई कार्यान्वयनमा जाने । | ३. निरन्तर | ३.निरन्तर |
| ४. कृषक समूह/सहकारी प्रतिनिधि र स्थानीय एग्रोभेट लगायतको क्षमता अभिवृद्धि गरी सोसँगको निरन्तर समन्वयमा कृषि उपजहरू, प्रविधि एवं प्राविधिक सेवाहरूको उपलब्धता सुनिश्चित गर्ने । | ४. निरन्तर | ४.निरन्तर |
| ५. विशेष सहयोग प्याकेज बनाई कृषक समूह तथा सहकारीहरूलाई व्यावसायिक कृषि तथा पशु फर्महरू सञ्चालनको लागि प्रोत्साहित गर्ने । | ५. निरन्तर | ५.निरन्तर |
| ६. ठूला डेरी उद्योगहरू पहिचान गरी सोसँगको समन्वयमा व्यावसायिक दुध उत्पादन कार्य अघि बढाउने योजना निर्माण गर्ने । | ६. व्यावसायिक दुध उत्पादन कार्यक्रम कार्यान्वयन गर्ने । | ६.निरन्तर |
| ७. व्यावसायिक दुध उत्पादनका लागि इच्छुक किसानहरूको पहिचान गर्ने, तिनको आवश्यकता अध्ययन गरी नश्ल सुधार, सहुलियतपूर्ण वित्त, बिमा, गोठ सुधार लगायतका कार्यक्रम शुरु गर्ने । | ७.निरन्तर | ७.निरन्तर |
| ८. व्यावसायिक बंगुर तथा बाखापालनलाई सहुलियतपूर्ण वित्त, बिमा, क्षमता अभिवृद्धि तथा बजार प्रवर्द्धनमा सहयोग र सहजीकरण गरी बाह्य बजार पहुँच वृद्धि गर्ने । | ८. निरन्तर | ८.निरन्तर |
| ९. साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकहरूको पहिचान गरी दाना, घाँस, गोठ, खोर निर्माणमा अनुदान दिने । | ९. निर्वाहमुखी पशुपालनलाई व्यावसायिक बनाउन त्यस्ता पशुपालक किसानको अवस्था अध्ययन गरी उपयुक्त सहयोग प्याकेज बनाई कार्यान्वयनमा लाने । | ९. निरन्तर |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १०. कृषियोग्य जमिनमा सिँचाइको आवश्यकता अध्ययन गरी उपयुक्त प्रविधिहरूको छनोट तथा कार्यान्वयनका लागि आवश्यक तयारी गर्ने । | १०. कृषि पकेट क्षेत्र, उत्पादनको किसिम, उत्पादन योग्यता आदि विश्लेषण गरी उत्पादनशील सबै कृषि क्षेत्रमा उपयुक्त प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा उपलब्धताको सुनिश्चितता गर्ने । | १०.निरन्तर |
| ११. सञ्चालनमा रहेको हाट बजार र संकलन केन्द्रहरूको आवश्यकता अध्ययन गरी सुधारको योजना बनाउने । | ११.सञ्चालनमा रहेको हाट बजार र संकलन केन्द्रहरूको सुधारको योजना कार्यान्वयन गर्ने । | ११.निरन्तर |
| १२. नयाँ हाट बजार र संकलन केन्द्रहरूको आवश्यकता अध्ययन गर्ने । | १२.आवश्यकता अनुसार नयाँ हाट बजार र संकलन केन्द्रहरूको स्थापना र सञ्चालनमा सहयोग गर्ने । | १२.निरन्तर |
| १३. आधुनिक सुविधासहितको बजार सूचना प्रणाली स्थापनाको लागि अध्ययन गर्ने । | १३.कृषि उत्पादनको बजार व्यवस्थापनमा सघाउने गरी समग्र क्षेत्र समेट्ने आधुनिक प्रविधिमा आधारित बजार सूचना प्रणाली स्थापना एवं सञ्चालन गर्ने । | १३. निरन्तर |
| १४. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटावेस तयार गर्ने । | १४.किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटावेस अद्यावधिक गर्ने । | १४. निरन्तर |
| १५. स्वच्छ र स्वस्थ उत्पादन सुनिश्चित गर्न गुणस्तर मापन र आवश्यक प्रमाणीकरणको लागि सम्भावना अध्ययन गर्ने । | १५.नगरमा वस्तु तथा उत्पादित फसलहरूको गुणस्तर मापन र प्रमाणीकरण कार्य शुरु गर्ने । | १५. गुणस्तर मापन र प्रमाणीकरण कार्यलाई अत्याधुनिक गर्दै उक्त कार्यलाई निरन्तरता दिने । |
| १६. कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरूपको प्रभावकारी उपायहरूको खोजी गरी कार्यान्वयनमा जाने । | १६. कृषि क्षेत्रको जोखिम न्यूनीकरण र व्यवस्थापनमा अभएका कार्यक्रमको उपलब्धीको समीक्षा गरी थप प्रभावकारी उपायहरू पत्ता लगाई कार्यान्वयनमा जाने । | |

**ग.** स्थानीय कृषकलाई कृषि कार्यमा संलग्न भइराख्न उत्प्रेरित गर्नु तथा उनीहरूको आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम कार्यान्वयनको अपरिहार्यता विश्लेषण गरी निम्न कार्यक्रम तय भएका छन् ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. किसान, किसान समूह तथा सहकारीहरू, निजी उद्यमी व्यवसायी लगायत सरोकारवाला निकायहलाई आवश्यक तालिम, भ्रमण तथा अभिमुखीकरण कार्यक्रमहरू आयोजना गर्ने । | १. नगरमा रहेको कृषि तथा बजार सूचना प्रणालीमा आधारित तथ्याङ्क विश्लेषण तथा कृषकहरूको आवश्यकता पहिचानका अन्य विधिमार्फत् क्षमता विकासका उपयुक्त कार्यक्रम तय गरी कार्यान्वयनलाई निरन्तरता दिने | १.निरन्तर |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. कोभिड-१९ को कारण बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केका र कृषि व्यसायमा संलग्न हुन चाहनेको चाहना अध्ययन तथा विश्लेषण गरी सम्बन्धित क्षेत्रको सीप उपलब्ध गराउने । | | |

## ५.१.५. सहकारी

### १. वर्तमान अवस्था

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । स्थानीय स्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा नै लगानी गरी स्थानीय आर्थिक विकासमा सहकारीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नगरमा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ ४५ वटा सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन । यी सहकारी संस्थाहरूले नगरमा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ स्थापना भएका यी सहकारी संस्थाहरूले बचत तथा ऋण, कृषि, दुग्ध, कफी र बहुद्देश्यीय आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी गर्ने गरेका छन् । तर के कति लगानी कुन क्षेत्रमा हुने गरेको छ भन्ने यकिन तथ्याङ्क भने नगरपालिकासँग छैन । यद्यपि स्थानीय उद्योग व्यवसाय तथा स्वरोजगारी प्रवर्द्धनमा सहकारीको महत्वपूर्ण सहयोग हुनसक्ने अवसर भने उपलब्ध छ । यस अवस्थालाई दृष्टिगत गरी सहकारीमा रहेका पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानीका लागि सहकारी सम्बन्धी निम्न लक्ष्य, उद्देश्य तथा नीति तय गरिएको छ ।

### २. लक्ष्य

सहकारी क्षेत्रलाई स्थानीय आर्थिक विकासको महत्वपूर्ण साझेदार बनाउने ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य ५.१.५ : स्थानीयस्तरमा छरिएर रहेको पुँजी र प्रविधिलाई सहकारीमार्फत् उत्पादनशील क्षेत्रमा लगानी गरी सामाजिक न्यायका आधारमा आत्मनिर्भर र दीगो रूपमा स्थानीय आर्थिक विकास सुदृढ गर्ने ।**

**नीति क.** सहकारीको माध्यमबाट स्थानीय स्रोत श्रम, साधन सीप र पुँजीको अधिकतम परिचालन गरी आर्थिक तथा सामाजिक रूपान्तरण गरिनेछ ।

**नीति ख.** स्थानीय सहकारीहरूलाई विधिसम्मत ढंगबाट सञ्चालन गर्न र नियमनको व्यवस्था गरिनेछ साथै सूचना प्रविधिमा आधारित एकीकृत तथ्याङ्क निर्माण र अद्यावधिक गरिनेछ ।

**नीति ग.** स्थानीय सहकारी संस्थाका पदाधिकारी, कर्मचारीहरूलाई लक्षित गरी सहकारी शिक्षाको माध्यमबाट सहकारी व्यवसाय प्रवर्द्धन गरिनेछ। सहकारीका सदस्यहरूलाई सहकारी शिक्षाको नियमित व्यवस्था मिलाउन सम्बन्धित सहकारी संस्थाहरूलाई जिम्मेबार बनाइने छ ।

**नीति घ.** उत्पादनमा आधारित सहकारी संस्थाहरूको प्रवर्द्धन गरिने छ । उद्यम सहकारी र कृषि सहकारी स्थापनामा जोड दिइनेछ ।

**नीति ङ.** सहकारी मर्जिङ कार्यलाई प्रोत्साहित गरिने छ ।

**नीति च.** सहकारी संस्थामा तरल अवस्थामा रहेको पुँजीलाई उत्पादनमूलक रोजगारी सृजना हुने कार्यहरूमा लगानीको वातावरण तय गरिनेछ ।

## तालिका ५.१.५ : आवधिक प्राथमिकता : सहकारी

**क.** सहकारी क्षेत्रलाई उत्पादनमूलक वित्तीय सहजकर्ताको रुमपा विकास गर्न नगर क्षेत्र मात्र क्षेत्राधिकार भएका सहकारी संस्थाले व्यावसायिक योजना बनाई नगरपालिकामा पेश गर्नुपर्ने र सोही बमोजिम नगरपालिकाले नियमन गर्नुपर्ने व्यवस्थालाई कानुनद्वारा नै स्पष्ट गर्न आवश्यकता अनुसार ऐन तथा नियमावलीको संशोधन गर्नुपर्ने हुन्छ । त्यसैले नीति तथा कानुनको निर्माण तथा उपयोगको कार्य तपसिल अनुसार गरिन्छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सहकारी ऐन बमोजिम नियम बनाउने । | १. सहकारीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न उपयुक्त क्षेत्र पहिचान गरी सहकारी कानुनमा आवश्यक संसोधन गर्ने । | १. स्थानीय सहकारी कानुनमा आवश्यक परिमार्जन गर्ने । |
| २. सहकारीहरूका लागि व्यावसायिक योजनाको खाका तयार गर्ने । | | |

**ख.** हाल नगर क्षेत्रमा सबै नगरवासीको सहकारीमा पहुँच नभएको र विषयत सहकारी, उद्यम सहकारी, कृषि सहकारी पर्याप्त मात्रामा स्थापना भएको छैन । सहकारीहरू स्थापना हुने र सञ्चालन नहुने अर्थात् सम्बन्धित निकायबाट नियमन अभावका कारण सर्वसाधारणको रकम जोखिममा पर्ने सम्भावना बढ्दै गएकाले सहकारी प्रतिको विश्वास आम नागरिकहरूमा कम हुँदै गएको छ । दीगो विकासको लक्ष्य बमोजिम नगर क्षेत्रभित्रका न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्तालाई सहकारीमा पहुँच अभिवृद्धि गर्नुका साथै उनीहरूको पुँजी तथा उत्पादनलाई एकीकृत गरी आर्थिक तथा सामाजिक विकासमा परिचालन गर्न तथा समुदायमा आधारित लोकतान्त्रिक स्वायत्त र स्वशासित संगठनका रूपमा विकास गर्न नगरपालिकाबाट प्रभावकारी नियमनसहित सहकारी क्षेत्रका निम्न आवधिक प्राथमिकताका कार्यक्रमहरू निर्धारण गरिएका छन् ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सबै वडाका सहकारी सञ्चालक र कर्मचारहीरूका लागि सहकारी शिक्षा सञ्चालन गर्ने । | १. विभिन्न उद्देश्यका सहकारीहरूका लागि स्थानीय आवश्यकता अनुसार कार्य गर्ने क्षमता विकासका लागि सम्बन्धित निकायसँगको साझेदारमा आधारभूत तथा विशेष तालिम सञ्चालन गर्ने । | १. सहकारीको क्षमता विकासका कार्यक्रमलाई आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |
| १.१. सहकारी शिक्षाका लागि नगरस्तरको एप्लिकेसन (Apps) बनाउने । | | |
| २. नगर क्षेत्रमा रहेका सबै सहकारीको विस्तृत प्रतिवेदन तयार गर्ने (पुँजी, बचत, क्षेत्रगत लगानी, सञ्चालन व्यवस्थापन, प्रविधिको प्रयोग आदि) | २. सहकारी संस्थाहरूको विवरण एकीकृत र अद्यावधिक गरी Online System बाट नियमनका लागि Software को व्यवस्था गर्ने । | २. सहकारी सम्बन्धी सूचना व्यवस्थापन एवं नियमनको अभ्यासलाई थप व्यवस्थित बनाउने । |
| ३. समान उद्देश्य भएका सहकारीहरूको वैधानिक दायित्व तथा वार्षिक लक्ष्य तथा सामाजिक उत्तरदायित्व बहन गरेको विषय समेत विश्लेषण गरी गाभ्ने प्रक्रिया शुरु गर्ने । | ३. प्रत्येक वडामा १ बस्तीमा उद्यम सहकारी/कृषि सहकारी स्थापना गर्ने तथा समान उद्देश्यका सहकारीको संख्या सीमित गराउने । | ३. प्रत्येक वडाका सबै बस्तीको पहुँच पुग्ने गरी उद्यम सहकारी/कृषि सहकारी स्थापना गर्ने तथा नयाँ स्थापना हुने र गाभ्ने र एकीकरण हुने पद्धतिमार्फत् एक वडामा एक विषयको एक सहकारी मात्र हुने अवस्थामा पुऱ्याउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ३.१. सात वटा वडाहरूमा विषयगत सहकारी संस्था स्थापना गर्ने । | |
| ४. नगर स्तरका सहकारीको तरलताको न्यनतम सीमा तथा क्षेत्रगत रूपमा न्यूनतम लगानी निर्धारण गरी अनुगमन गर्ने । | ४. सहकारीको लगानी पोर्टफोलियोको अनुगमन, अध्ययन र विश्लेषणको कार्यलाई निरन्तरता दिने । | |
| | ५. सबै सहकारीहरूको Business Plan बनाउने र नियमन गर्ने । व्यवसाय योजनाको जानकारी आफ्ना सदस्यलाई दिने व्यवस्था गर्ने । | ५. निरन्तर |

## ५.१.६. आर्थिक पूर्वाधार र राजस्व परिचालन

### १. वर्तमान अवस्था

नगरमा स्थानीय आर्थिक तथा व्यापारिक गतिविधिमा सहजीकरण गर्ने भौतिक पूर्वाधार विकासको कार्य अघि बढिरहेको भए पनि ती अपर्याप्त छन् । राजस्व सम्भाव्य पूर्वाधारको विकास निकै कम छ । नगरको आन्तरिक राजस्व संकलन वार्षिक ५ करोड भन्दा कम रहेको स्थिति छ । यस अवस्थामा पर्यटन, उद्योग व्यवसाय, कृषि, पशुपालन, सहकारी, रोजगारी आदि क्षेत्रमा उल्लेख भए बमोजिम नीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र सोका लागि आवश्यक पूर्वाधार निर्माण गरी आय र रोजगारीका साथै राजस्व अभिवृद्धिका लागि देहाय बमोजिमको लक्ष्य, उद्देश्य तथा नीति नीति निर्धारण गरिएको छ ।

### २. लक्ष्य

राजस्व सम्भाव्य आर्थिक पूर्वाधारमार्फत् स्थानीय नगरलाई स्रोत साधनयुक्त बनाउने ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य ५.१.६ : आर्थिक सम्भाव्य पूर्वाधारको विकासमा जोड दिई नगरको आर्थिक वृद्धि, रोजगारी सृजना र आन्तरिक स्रोत अभिवृद्धि गर्ने ।**

**नीति क.** स्थानीय आर्थिक विकासलाई प्रवर्द्धन गर्न रोजगारी अभिवृद्धि र आन्तरिक स्रोत अभिवृद्धि हुने खालका आर्थिक पूर्वाधारमा जोड दिईनेछ । यस्ता पूर्वाधारहरूको निर्माण कुल बजेटको (सशर्त अनुदान बाहेक हुन आउने रकम) निश्चित प्रतिशत रकमसहित ऋण वा सार्वजनिक निजी साझेदारी अनुरूप सञ्चालन गरिनेछ ।

**नीति ख.** रोजगारी अभिवृद्धि र आन्तरिक स्रोत अभिवृद्धि हुने आर्थिक सम्भाव्यता भएका आयोजनाहरूको Project Bank तयार गरी सार्वजनिक निजी साझेदारी अनुरूप निर्माण, सञ्चालन र व्यवस्थापन गरिनेछ ।

**नीति ग.** न्यून सम्भाव्य भएका पूर्वाधार विकास तथा सेवाहरूमा निजी क्षेत्रलाई आकर्षण गर्न सम्भाव्य परिपूर्ति कोष (Viability Gap Fund) को व्यवस्था गरिनेछ । कोषको रकमलाई आवश्यकतानुसार वृद्धि गर्दै लगिनेछ ।

**नीति घ.** नगरपालिकाको आन्तरिक स्रोतमा अभिवृद्धिका लागि पूर्वाधार विकासमा जोड दिइनेछ । पूर्वाधारलाई सेवा शुल्कमा आबद्ध गरिनेछ ।

**नीति ङ.** GIS को माध्यमबाट Tax Mapping Data Base System स्थापना गरी राजस्व अभिवृद्धि गरिनेछ । 12 मार्फत् कर तिर्ने प्रणालीको विकास गरिनेछ ।

**नीति च.** आर्थिक विकासको समग्र पक्षमा आन्तरिक समन्वय र सहजीकरणका लागि नगरपालिकामा स्थानीय आर्थिक विकास शाखालाई प्रभावकारी र जिम्मेवारी बनाइनेछ ।

**नीति छ.** समग्र नगरपालिकाको स्थानीय आर्थिक विकास सम्बन्धी नीति तथा योजना र पूर्वाधार विकासमा निजी तथा वैदेशिक लगानी भित्र्याउनका लागि आवश्यक सहयोग, सम्पर्क र समन्वय, सहजीकरणका लागि निजी क्षेत्रको सहभागितासहितको संयन्त्रको रूपमा विज्ञ टोलीको गठन गरिनेछ ।

**तालिका ५.१.६ : आवधिक प्राथमिकता : आर्थिक पूर्वाधार र राजस्व परिचालन**

**क.** नगरपालिकाको सीमित स्रोतबाट मात्र आर्थिक तथा सामाजिक पूर्वाधार लगायत विकास निर्माणका कार्यहरू गर्न प्रायः असम्भव देखिन्छ । यसका लागि वैकल्पिक स्रोतको आवश्यकता पर्दछ । वैकल्पिक स्रोतका लागि ऋण, सार्वजनिक निजी साझेदारी लगायत भू-उपयोग लगायत अन्य नवीनतम उपायमार्फत् स्रोतको व्यवस्थापन गर्न सकिन्छ । हाल नगरपालिकाले ऋणमार्फत् केही आयोजनाहरूको निर्माण कार्यहरू अगाडि बढाएको छ, तथापि आन्तरिक स्रोत न्यून भएका कारण बैंक तथा वित्तीय संस्थाबाट ठूला आयोजनाका लागि थप ऋण लिन सक्ने अवस्था छैन । सार्वजनिक निजी साझेदारीमार्फत् सीमित कार्यहरू हुँदै आएका छन् ।

निजी क्षेत्रलाई पूर्वाधार विकासमा आकर्षण गर्न, उनिहरूको लगानीलाई सुनिश्चित गर्न, जोखिम न्यूनीकरण वा कम सम्भाव्य भएका क्षेत्रमा निजी क्षेत्रको रकमलाई समेत आकर्षण गर्न स्पष्ट सार्वजनिक निजी साझेदारी ऐनको आवश्यक नगरपालिकासँग स्पष्ट कानुनी व्यवस्था हुनु आवश्यक छ । यसका अलावा निजी क्षेत्रले सञ्चालन व्यवस्थापन गर्ने परियोजना वा नगरपालिकाले अन्य कुनै पूर्वाधारका क्षेत्रमा लागत उठ्ने सम्भावना र सञ्चालन तथा मर्मत खर्चलाई ध्यानमा राखी सेवा शुल्क लगाउन र संकलनका लागि सेवा शुल्क निर्धारण सम्बन्धी कार्यविधिको समेत आवश्यकता छ ।

सार्वजनिक जग्गा तथा सम्पत्तिको उपयोग गरी स्रोत परिचालन तथा पूर्वाधारको विकास गरी आर्थिक वृद्धि गर्न सकिन्छ । यसका लागि नगरपालिकासँग स्पष्ट नीति हुनु आवश्यक छ । छिमेकी गाउँपालिका वा नगरपालिकाहरूको संयुक्त प्रयासबाट समेत ठुलो स्रोत जुटाई केही ठूला साझेदारी आयोजनाहरू निर्माण गर्न सकिने भएकाले उक्त साझेदारीमार्फत् कार्यान्वयनका लागि आर्थिक, मानवीय, भौतिक स्रोत साधनको समुचित परिचालन तथा व्यवस्थापनका कानुनीगत संरचना सहित कार्यविधि आवश्यक देखिन्छ । माथि उल्लेख भएका सम्पूर्ण स्थानीय आर्थिक विकासका पक्षहरू पर्यटन, कृषि तथा पशुपालन, उद्योग तथा व्यापार, सहकारी लगायत पूर्वाधार विकासलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नका लागि देहाय बमोजिमका आवधिक **प्राथमिकताका** कार्यक्रमहरू तय गरी कार्यान्वयन गरिन्छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय आर्थिक विकास तथा पूर्वाधार लगानी र सेवा शुल्क निर्धारण सम्बन्धी कार्यविधि तयार गर्ने ।<br><br>२. स्थानीय बजेट तर्जुमा दिग्दर्शन तयार गर्ने ।<br><br>३. शहरी पूर्वाधार मर्मत सम्भार कोष सम्बन्धी नीति तथा कार्यविधि बनाउने । | १. छिमेकी पालिकाहरूसँगको सामूहिक रूपमा आयोजना निर्माण र कार्यान्वयनका लागि संयन्त्रको गठन सम्बन्धित स्थानीय तहको साझा कार्यविधि तयार गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ४. सार्वजनिक निजी साझेदारी कानुन कार्यान्वयनको समीक्षा, आवश्यक थप कानुनी औजार (ढाँचा, विधि इत्यादि) तयारी तथा कानुनमा आवश्यक परिमार्जन । | ४. सार्वजनिक निजी साझेदारी नीति र ऐन समयानुकुल परिमार्जन वा संशोधन गर्ने ।<br><br>५. तानसेन नीति तथा योजना आयोग सम्बन्धी ऐन बनाउने । |

**ख**. नगरस्तरीय ठूला पूर्वाधारका योजनाहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न माथि उल्लेख भए बमोजिम नगरपालिकाले नीति तथा कानुनको तर्जुमा, जग्गाको व्यवस्थापन, आर्थिक लाभ तथा रोजगारी उपलब्ध गराउने खालका सम्भाव्य पूर्वाधारका क्षेत्रहरूको पहिचान र कार्यान्वयनमा नगरपालिकालाई सहयोग गर्न विज्ञ टोलीको आवश्यकता पर्दछ । यस्ता खालका ठूला आयोजनाहरू बहुवर्षिय हुने र सो को प्रभावकारी र नतिजान्मुख कार्यान्वयनका लागि पुँजीगत लगानी योजना Capital Improvement Program तथा मध्यकालीन खर्चको संरचना (Mid Term Expenditure Framework-MTEF) जस्ता वित्तीय औजारको प्रयोग गर्नुपर्ने हुन्छ। हालको अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले समेत मध्यकालीन खर्च संरचनालाई स्थानीय तहमा अनिवार्य रूपमा लागु गर्नुपर्ने कानुनी व्यवस्था गरेकाले सो को कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

हाल आन्तरिक आयबाट पुँजीगत खर्चमा भन्दा चालु क्षेत्रमा बढी खर्च भैरहेकोले आन्तरिक आयको अभिवृद्धि सँगसँगै पुँजीगत क्षेत्रमा लगानी बढाउन आवश्यक देखिन्छ। नगर क्षेत्रमा पुँजीगत क्षेत्रमा लगानीको अभिवृद्धि सँगसँगै आर्थिक वृद्धि हुन गई आन्तरिक स्रोत समेत बढ्दै जान्छ । हाल नगरपालिकाले सबै करदातालाई करको दायरामा ल्याउन नसकेको सन्दर्भमा सूचना प्रविधिको प्रयोगमार्फत् तथ्याङ्को अद्यावधिक सहित राजस्व संकलन सकिन्छ। राजस्व प्रशासनको सुदृढीकरण र सूचना प्रविधिको उपयोगमार्फत् आन्तरिक स्रोत अभिवृद्धि गर्नु आवश्यक देखिन्छ । यस आधारमा आवधिक प्राथमिकताका कार्यक्रमहरू देहाय बमोजिम हुने गरी कार्यान्वयन गरिन्छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सम्भाव्यता भएका आयोजनाहरूको Project Bank तयार गर्ने । | १. छिमेकी पालिकाहरूसँग पारस्परिक हित बमोजिम अन्तरपालिका साझेदारीमा गर्न सकिने कार्यक्रमहरूको सुची तयार गर्ने । | १. छिमेकी पालिकाहरूलाई पारस्परिक हित बमोजिमका आयोजनाहरूको कार्यान्वयन गर्ने । |
| २. Capital Improvement Program - CIP प्रारम्भिक प्रारूप तयार गर्ने र मध्यकालीन खर्च संरचना (MTEF) सँग आबद्ध गर्ने । | | २. निरन्तर |
| ३. GIS Tax Mapping Database स्थापना र करदाताको लगत अद्यावधिक गर्ने । | ३. Capital Improvement Program - CIP कार्यान्वयन गर्ने (थप परिमार्जनसहित) ।<br><br>३.१.हालको राजस्व सुधार योजना (Municipal Revenue Improvement Plan-MRIP) को समीक्षा गरी प्रचलित कानुन बमोजिम कर तथा गैरकर र सम्भावित आर्थिक पूर्वाधारबाट उठ्न सेवा शुल्क बमोजिम राजस्व अभिवृद्धि कार्य योजना तयार गर्ने। | ३. निरन्तर |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३.२. हालको Software मा आवश्यक सुधार गरी Online मार्फत् कर संकलन गर्ने कार्यलाई निरन्तरता दिने । | | |
| | ४. सार्वजनिक निजी साझेदारी बमोजिम परियोजना कार्यान्वयनका लागि मनसाय सूचि तयार गर्ने र उपयुक्त कम्पनी वा साझेदारबाट परियोजना प्रस्ताव संकलन गरी सम्भाव्य आयोजना अघि बढाउने । | ४. मध्यकालमा अघि बढेका आयोजना पूरा गरी सञ्चालनमा ल्याउने र थप संरचना निर्माण अघि बढाउने । |
| | ५.सम्भाव्य परिपूर्ति कोष (Viability Gap Funding) का लागि अध्ययन गरी आवश्यक बजेट छुट्याउने । | ५. निरन्तर |
| | ६. मर्मत सम्भार कोषमा आवश्यक बजेट छुट्याउने र पूर्वाधार मर्मत सम्भारमा निर्धारित मापदण्ड अनुसार खर्च गर्ने व्यवस्था गर्ने । | ६. निरन्तर |
| | ७. निर्माण सम्पन्न भएका आर्थिक सम्भाव्य पूर्वाधार आयोजनाहरूबाट सेवा शुल्क निर्धारण गरी संकलन गर्ने । | ७. निरन्तर |

**नोटः** माथि उल्लेख भए बमोजिम लगानी सम्मेलनबाट प्राप्त हुने आयोजना लगायत आर्थिक पूर्वाधारसँग सम्बन्धित पर्यटन, कृषि तथा पशुपालन, उद्योग व्यवसाय, लगायत अन्य Physical works, Land Use Plan, Transportation sector र यससँग सम्बन्धित अन्य क्षेत्रहरूमा परेका प्राथमिकता बमोजिमका पुँजीगत आयोजनाहरूको सूची बमोजिम Capital Improvement Program-CIP तयार गरी कार्यान्वयन गरिनेछ ।

## ५.१.७. स्थानीय आर्थिक विकास अन्तर्गत संगठनात्मक क्षमता विकास

### १. वर्तमान अवस्था

तानसेन नगरपालिकाले स्थानीय आर्थिक विकास शाखासहितको कार्य विभाजन नियमावली बनाएको भए पनि पर्यटन, सार्वजनिक वित्त लगायतको विषयका लागि कुनै पनि शाखा वा इकाई बनाएको छैन भने आर्थिक विकासका समग्र पक्षलाई समन्वयात्मक रूपमा अघि बढाउने गरी जनशक्ति व्यवस्थापन पनि हुन सकेको छैन । यस सन्दर्भमा समग्र स्थानीय आर्थिक विकाससँग सम्बन्धित नीति, प्राथमिकता बमोजिमका आवधिक कार्यक्रमहरूलाई कार्यान्वयन गरी उद्देश्य प्राप्तिका लागि संस्थागत संरचनासहित कर्मचारीको व्यवस्थापन हुन आवश्यक रहेकोले त्यसलाई लक्ष्य गरी आर्थिक विकासको संस्थागत सुधारका निम्न लक्ष्य, उद्देश्य तथा नीति तय गरिएको छ ।

### २. लक्ष्य

स्थानीय आर्थिक विकासमा नगरको भूमिका प्रभावकारी बनाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य ५.१.७: आर्थिक विकासका गतिविधिहरूलाई संस्थागत गरी स्थानीय विकासका कार्यहरूलाई मुलप्रवाहीकरण गर्नु ।**

**नीति क.** कृषि तथा पशु सेवा, पर्यटन, उद्योग, राजस्व तथा सहकारी हेर्ने आवश्यक जनशक्तिसहितको आर्थिक विकास शाखा स्थापना गरिने छ ।

**नीति ख.** आर्थिक विकास शाखालाई व्यावसायिक योजना निर्माणका लागि सम्बन्धित व्यक्ति तथा फर्मलाई सहयोग उपलब्ध गराउनुका साथै आर्थिक र व्यवसायिक क्षेत्रका सरोकारवालासँग समन्वय गर्ने सचिवालयको भूमिका निर्वाह गर्न सक्ने स्तरमा पुऱ्याइने छ ।

**नीति ग.** नगरमा रहेको श्रमको माग र आपूर्ति विश्लेषण गरी माग र आपूर्तिका बीचमा सामञ्जस्यता कायम गर्नका लागि आर्थिक विकास शाखाबाट आवश्यक भूमिका निर्वाह गरिने छ ।

**नीति घ.** आर्थिक नीति निर्माण, कार्यान्वयन, समीक्षा र परिमार्जन गर्ने जस्ता नीतिगत कार्यलाई व्यवस्थित गर्ने तथा बजेट तथा राजस्व समितिका लागि प्राविधिक सहयोग गर्ने भूमिका पनि निर्वाह गर्न सक्ने गरी यस शाखाका जनशक्तिलाई सार्वजनिक वित्त व्यवस्थापन लगायतको सीप विकास तथा तालिम उपलब्ध गराइने छ ।

**नीति ङ.** नगरको बजेट तथा योजना नीति र प्रक्रियामा सहयोग पुऱ्याउन विज्ञ टोलीसहित स्थानीय नगर योजना आयोगको गठन गरिनेछ । साथै स्थानीय राजस्व परामर्श समिति तथा आर्थिक विकास समितिको सचिवालयलाई व्यवस्थित र क्रियाशील गराइने छ ।

**तालिका १/५.१.७ : आवधिक प्राथमिकता : संस्थागत विकास (आर्थिक विकास)**

| | | |
|---|---|---|
| **क.** नगरमा आर्थिक विकासमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा संलग्न इकाई तथा कर्मचारी रहेको भएता पनि समग्र स्थानीय आर्थिक विकासको सवाल व्यवस्थापन गर्न स्थानीय आर्थिक विकास शाखा छैन । कार्यपालिका अन्तर्गतको आर्थिक विकास समितिलाई पनि क्रियाशील बनाउनु आवश्यक छ । आर्थिक विकाससँग सम्बन्धित नीति तर्जुमा तथा पूर्वाधार विकासका लागि आर्थिक विकास समितिका पदाधिकारी र आर्थिक विकास शाखाका कर्मचारीहरूलाई जिम्मेवारी बनाउन आवश्यक छ । त्यसैले नगरमा पर्यटन, उद्योग तथा वाणिज्य, रोजगारी, सहकारी तथा आर्थिक पूर्वाधार, कृषि आदि क्षेत्रका नीति तथा प्राथमिकता बमोजिम कार्यक्रमहरूको कार्यान्वयनका लागि आर्थिक विकास शाखा गठन गरी आर्थिक विकासका गतिविधिलाई मुल प्रवाहिकरण गर्न देहाय बमोजिमका क्रियाकलाप प्राथमिकताका साथ सञ्चालन गरिने छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. संगठन तथा व्यवस्थापन सर्वेक्षणमा अन्यथा भएकोमा बाहेक नगरपालिकाको आर्थिक विकास शाखालाई अधिकृतस्तरको कर्मचारीको नेतृत्वमा कृषि तथा पशुपालन, उद्योग र वाणिज्य, पर्यटन, राजस्व, सहकारी क्षेत्र हेर्ने जिम्मेवार कर्मचारीको व्यवस्था गरी विशेष शाखाको रूपमा विकास गर्ने । | १. आर्थिक विकास शाखामा आवश्यकता अनुसार इकाई तथा जनशक्ति थप गर्ने ।<br>१.१. आर्थिक विकास शाखालाई श्रम सर्वेक्षण, औद्योगिक गणना, पर्यटन सूचना व्यवस्थापन आदि गर्न सक्ने गरी आवश्यक क्षमता विकास तथा सीप उपलव्ध गराउने । | १. तानसेन नगर नीति ताथ योजना आयोग गठन गर्ने र आर्थिक विकास शाखा र योजना आयोगको सम्बन्ध परिभाषित गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
| --- | --- | --- |
| | १.२. आर्थिक विकास शाखाका सम्बन्धित इकाइका कर्मचारीलाई स्वरोजगारी र उद्यमशीलता सम्बन्धी परामर्श सेवा र वित्तिय सहजीकरण सम्बन्धी तालिम उपलब्ध गराउने ।<br><br>१.३.आर्थिक विकास शाखामा समग्र नगरको आर्थिक क्रियाकलापको अद्यावधिक गर्ने प्रणालीको विकास गर्ने र कर्मचारीहरूलाई नगरको वार्षिक कुल ग्राहस्थ उत्पादनको विश्लेषण गने सम्बन्धी तालिम प्रदान गर्ने । | १.२.आर्थिक बिकास शाखा अन्तर्गत क्षमता विकासका क्षेत्रगत (कषि, पर्यटन, उद्योग वाणिज्य, राजस्व आदि) कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिने । |
| २. नगरस्तरीय पर्यटन समितिको गठन गर्ने । | २. पर्यटन समितिलाई क्रियाशील गराउने ।<br><br>२.१. पर्यटन प्रहरीको व्यवस्था गर्ने । | |
| ३. नगरपालिकामा पर्यटन डेस्कको स्थापना गर्नुका साथै नगरपालिका पर्यटन सूचना केन्द्र पनि स्थापना गर्ने । | ३. नगरपालिकामा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र पर्यटन प्रचार प्रसार तथा Online मार्फत् अभिलेखीकरण अद्यावधिका लागि Software तयार गर्ने । | |
| ४.आवश्यकता विश्लेषणका आधारमा नगरपालिकामा कृषि कार्यको लागि विशेषज्ञ तथा अन्य जनशक्तिको व्यवस्थापन गर्ने । | ४. व्यावसायिक उत्पादनको लागि प्राविधिक जनशक्तिको उपलब्धता सुनिश्चित गर्न एक वडा एक कृषि प्राविधिकको व्यवस्था गर्ने । | |
| ५. स्थानीय तरकारी तथा फलफुल लगायतका उत्पादनको वैज्ञानिक मुल्य निर्धारणका लागि उत्पादक कृषक, स्थानीय व्यवसायी र नगर प्रतिनिधि सम्मिलित एक बजार मूल्य निर्धारण समिति गठन गर्ने । | ५. शीत भण्डार सञ्चालन, कृषि उपजको मुल्य निर्धारण, कृषि हाटबजार आदि व्यवस्थापनका लागि आर्थिक विकास अन्तर्गत कृषि शाखाबाट समन्वय हुने व्यवस्था मिलाउने । | |
| ६. सम्बन्धित कर्मचारी तथा उत्पादक लक्षित उत्पादन (कृषि र औद्योगिक) र बजारीकरण सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने । | ६. निरन्तर | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ७. विषयगत सहकारी (कृषि, उद्यम, वहुउद्देश्यीय) कृषि सहकारहीरूको क्षमता विकास र सेवा विस्तारमा लागि आवश्यक सहयोग गर्न कर्मचारीहरूलाई सहजीकरण तालिम कार्यक्रम तय गरी कार्यान्वयन गर्ने । | ७. निरन्तर | |
| ८. ठूला पूर्वाधार, निजी क्षेत्रको लगानी तथा नीतिगत रूपमा सहयोगका लागि विज्ञ टोली गठन गर्ने । | | |
| ९.जनप्रतिनिधि, आर्थिक विकास शाखा तथा पूर्वाधारसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई परियोजना विकास, PPP Financing तथा परियोजनाको आर्थिक तथा वित्तीय विश्लेषण सम्बन्धी तालिम उपलब्ध गराउने । | ९.जनप्रतिनिधि लक्षित आर्थिक विकास सम्बन्धी अनुशिक्षणलाई निरन्तरता दिने । | ९. कर्मचारी र जनप्रतिनिधिलाई आर्थिक विकासका समग्र पक्षको अनुशिक्षण वार्षिक रूपमा सञ्चालन गर्ने । |
| १०. आर्थिक विकास सम्बन्धी जिम्मेवारी लिएका नगर कार्यपालिका अन्तर्गतका ईकाइलाई बजेट, राजस्व, योजना प्राथमिकीकरण, आर्थिक विकासका आधारभूत पक्ष आदिको अनुशिक्षण दिने । | | |
| ११. जनप्रतिनिधि, आर्थिक विकास शाखा, आर्थिक प्रशासन, पूर्वाधार आदिसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई Capital Improvement Program तथा मध्यकालीन खर्च संरचना (Mid Term Expenditure Framework-MTEF) सम्बन्धी तालिम दिने । | | |
| १२. स्थानीय आर्थिक विकास सहजीकरण र प्रवर्द्धनका लागि आर्थिक विकास समितिका पदाधिकारीहरूलाई जिम्मेवार बनाउने । | १२. निरन्तर | १२. निरन्तर |

## तालिका २/५.१.७ : स्थानीय आर्थिक विकासको अपेक्षित उपलब्धी (आ.व. २०९६/९७ को अन्त्यसम्ममा)

### (क) कृषि

| उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| कृषि तथा पशुपालन क्षेत्रमा रोजगारी (संख्या) | ३९३६ | ४९३६ | ६९३६ | १०००० |
| कृषि क्षेत्रबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष) | ४१३२३ | ७५००० | १५०००० | ३००००० |
| पशुपालन क्षेत्रबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष) | ३०८६२ | ६०००० | १२५००० | २५०००० |
| व्यावसायिक कृषिबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष) | ४१३२३ | १२५००० | ५००००० | १००००० |
| व्यावसायिक पशुपालनबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष) | ३०८६२ | १००००० | ४००००० | ७००००० |

### (ख) पर्यटन

| उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०८७/८८ | २०९६/९७ |
|---|---|---|---|---|---|
| आन्तरिक पर्यटक आवगमन संख्या | | २७,००० | १००,००० | ३५०,००० | ५००,००० |
| बाह्य पर्यटक आवगमन संख्या | | ७,००० | ५०,००० | १००,००० | १५०,००० |
| पर्यटकहरूको बसाई (औसत दिनमा) | | | १.५ | २ | ३ |

**नोटः** हालको पर्यटक संख्या र पर्यटन पूर्वाधार विकासपछि नगरपालिकाले प्रक्षेपण गरे बमोजिम आन्तरिक तथा बाह्य पर्यटक लगायत उनीहरूको औसत बसाई प्रक्षेपण गरिएको ।

### (ग) उद्योग तथा व्यवसाय

| उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०८७/८८ | २०९६/९७ |
|---|---|---|---|---|---|
| उद्योग व्यवसायहीरूको संख्या | २,१५३ | ३,००० | ५,००० | ७,००० | १०,००० |

**नोटः** हाल नगर क्षेत्रमा रहेका कुल २,१५३ उद्योग व्यापार व्यवसाय वृद्धि भई वि.सं. २०९६ मा १०,००० भन्दा माथि हुन गई बजारको विस्तार भएको हुनेछ। सार्वजनिक जग्गाको उपयोग भई छुट्टै औद्योगिक क्षेत्र स्थापना हुनेछ र विभिन्न साना तथा ठूला उद्योगहरू सञ्चालनमा आएका हुनेछन्। परम्परागत उत्पादित वस्तुहरूमा नयाँ प्रतिभाहरूको हात र प्रविधिले पाल्पाली करुवा तथा ढाकाको ब्राण्ड राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित भैसकेको हुनेछ।

### (घ) रोजगारी

| उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०८७/८८ | २०९६/९७ |
|---|---|---|---|---|---|
| बेरोजगार प्रतिशत | | | १५.९ | १० | ५ |
| प्रति व्यक्ति आय (औसत अमेरिकी डलरमा) | १,००७ | १,६०० | २,०२९ | २,५०० | ३,२०० |

**नोटः** बेरोजगारी प्रतिशतलाई दीगो विकास लक्ष्यको सूचक नं. SDG 8.5 अनुसार आ.व. २०८३/८४ मा १५.९ प्रतिशत र सन् २०३० को लक्ष्य बमोजिम १० प्रतिशतमा झार्ने गरी सोही बमोजिम कायम गरिएको छ। त्यसैगरी प्रदेश नं. ५ को आर्थिक सामाजिक विकास स्थिति पत्र बमोजिम प्रति व्यक्ति आय औसत अमेरिकी डलरमा १००७ रहेकोले आधार वर्षमा सोही बमोजिम कायम गरिएको र आ.व. ०७८।७९ को अवधिमा प्रदेशको आवधिक योजना बमोजिम १,६०० हुने गरी प्रक्षेपण गरिएको र तत्पश्चात न्यूनतम रूपमा SDG लक्ष्य बमोजिम हाँसिल हुने गरी प्रक्षेपण गरिएको छ।

### (ङ) सहकारी

| उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०८७/८८ | २०९५/९६ |
|---|---|---|---|---|---|
| सहकारीमा पहुँच भएका परिवारको प्रतिशत (घरबाट ३० मिनेट पैदल यात्रामा) | | | ७१.३ | ८० | ९० |

### (च) आर्थिक पूर्वाधार तथा राजस्व परिचालन

| उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०८७/८८ | २०९६/९७ |
|---|---|---|---|---|---|
| कुल बजेटमा आन्तरिक स्रोतको अंश (प्रतिशतमा) | ४.५ | ७.५ | १० | १२ | १५ |
| कुल बजेटमा पुँजीगत खर्चको अंश (प्रतिशतमा) | ३५ | ४० | ५० | ६० | ६५ |

## ५.२. सामाजिक विकास

यो खण्डमा तानसेन नगरपालिकाको सामाजिक विकास अन्तर्गत शिक्षा र स्वास्थ्य क्षेत्रको नीति तथा आवधिक प्राथमिकता समावेश गरिएको छ । यस बाहेक सम्पदा संरक्षण तथा सामाजिक समावेशीकरणको विषय पनि यस खण्डमा रहेको छ । नगरपालिकाले सामाजिक विकास र लैङ्गिक अन्तर्गत समेट्दै आएको खानेपानी तथा सरसफाई क्षेत्रको नीति तथा कार्यक्रम भने पूर्वाधार विकास अन्तर्गत सार्वजनिक निर्माणमा समेटिएको छ ।

## ५.२.१. शैक्षिक विकास

### १. परिचय

शिक्षा विकासको आधार हो । साथै मर्यादित एवम् परिष्कृत जीवन सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दीगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रूपमा स्वीकार गरिँदै आएको छ। नेपालको संविधानले शिक्षा सम्वनधी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक प्रत्याभूत गरेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक तथा सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ ।

नेपालको शिक्षा क्षेत्रमा विगतमा भएका लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलब्धीहरू प्राप्त भएका छन् । पूर्व-प्राथमिक शिक्षामा कुल भर्नादर ८४.७ प्रतिशत पुगेको छ । प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ६६.९ पुगेको छ। प्राथमिक तह (कक्षा १ देखि ५), आधारभूत तह (कक्षा १ देखि ८), र माध्यमिक तह ( कक्षा ९ देखि १२) को खुद भर्नादर क्रमश : ९६.९, प्रतिशत ९२.७ प्रतिशत र ४६.४ प्रतिशत पुगेको छ। कक्षा ५ र ८ सम्मको टिकाउदर क्रमशः ८९.६ र ७७.९ प्रतिशत रहेको छ । आधारभूत तथा माध्यमिक तहमा ७२ लाख १४ हजार ५२५ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेका छन् । प्रारम्भिक बाल विकास तथा शिक्षामा ९ लाख ७४ हजार बालबालिका अध्ययनरत छन् । लैङ्गिक समता सुचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमश : ०.९८ र १.०१ रहेको छ। विद्यालय दोहोऱ्याउने दर आधारभूत तह (कक्षा १ –५) मा ३.८ प्रतिशत र आधारभूत तह (कक्षा ६–८) मा ४.४ प्रतिशत तथा माध्यमिक तह (कक्षा ९–१२) मा ३.७ प्रतिशतमा झरेको छ । मुलुकभर सार्वजनिक र निजी लगानीका गरी ३५०५५ वटा विद्यालयहरू स्थापना भई सञ्चालनमा रहेका छन् । शिक्षामा पहुँच बढाउन वैकल्पिक तथा खुला शिक्षाका अवसरहरू उपलब्ध छन् । अभिभावकको लगानी परिचालन गरी निजी क्षेत्रले नेपालको विद्यालय शिक्षामा करिब २३ प्रतिशत विद्यार्थीहरूलाई सेवा प्रवाह गरिरहेको स्थिति छ ।


वि.सं. २०६८ सालको जनगणनामा १५ वर्षमाथिको जनसंख्याको साक्षरतादर ५८ प्रतिशत रहेको थियो भने आ.व. २०७४/०७५ मा १५ देखि २४ वर्षको उमेर समूहको साक्षरता दर ८८.६ प्रतिशत पुगेको छ । *(स्रोत राष्ट्रिय शिक्षा नीति २०७६)*

## २. वर्तमान अवस्था

तानसेन नगरपालिकामा ५२ वटा सामुदायिक विद्यालय र २२ वटा संस्थागत विद्यालय र एउटा ब्रम्हचार्य आश्रम (गुरुकुलम) गरी जम्मा ७५ वटा विद्यालय रहेका छन् जसलाई नक्सा नं. १/५.२.१ मा देखाइएको छ । ५३ वटा सामुदायिक विद्यालय मध्ये १८ वटा माध्यमिक विद्यालय र ३५ वटा आधारभूत विद्यालय रहेका छन् जसलाई नक्सा नं. २/५.२.१ मा देखाइएको छ भने संस्थागततर्फ १५ वटा माध्यमिक र ७ वटा आधारभूत विद्यालय रहेका छन् । प्राविधिक विद्यालय ४ वटा सामुदायिक विद्यालयमा सञ्चालन भइरहेका छन् । लुम्बिनी टेक्निकल कलेज, पाल्पा टेक्निकल इन्स्टिच्यूट, सिद्धार्थ टेक्निकल कलेज, तानसेन नर्सिङ कलेज, मदनपोखरा पोलिटेक्निकल र पाल्पा इन्जिनियरिङ कलेज पनि यस नगरमा रहेका छन् । त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन बहुमुखी क्याम्पस, माण्डव्य बहुमुखी क्याम्पस, अर्गली बहुमुखी क्याम्पस र पाल्पा बहुमुखी क्याम्पस सञ्चालनमा रहेका छन । ५३ वटा सामुदायिक विद्यालयमा विद्यार्थी संख्याको आधारमा कक्षाकोठा संख्या पर्याप्त रहेको छ तर कक्षागत आधारमा यसलाई मापन गरिएको छैन ।

तानसेन नगरभित्रका ५३ वटा सामुदायिक विद्यालयमा प्रति कक्षाकोठा ४० जना विद्यार्थीको आधारमा सबै सामुदायिक विद्यालयमा क्षमता भन्दा कम बालबालिका अध्ययन गरिरहेका छन् जसलाई नक्सा नं. ३/५.२.१ र ४/५.२.१ मा देखाइएको छ । नगरपालिकाभित्र रहेका १८ वटा माध्यमिक ३५ वटा आधारभूत विद्यालय मध्ये ५ वटा मा.वि. र ३५ वटा आ.वि.मा विज्ञान प्रयोगशाला स्थापना भएको छैन । २ वटा मा.वि. र १९ वटा आधारभूत विद्यालयमा कम्प्यूटर ल्याब स्थापना हुन बाँकी रहेको छ । १ वटा मा.वि.र १७ वटा आ.वि.मा पुस्तकालय सुविधा पुगेको छैन । १८ वटा मा.वि.र ३५ वटै आ.वि.मा प्राथमिक उपचार कक्ष व्यवस्था हुन बाँकी रहेको छ । १ वटा मा.वि. र २१ वटा आधारभूत विद्यालयमा घेराबारको निर्माण भएको छैन । घेराबार निर्माण भएका विद्यालयहरूमा पनि ५ वटा मा.वि.र ८ वटा आ.वि.मा अस्थायी र बालबालिकाहरूका लागि असुरक्षित/तारबार लगाइएको छ । दुई वटा आ.वि.मा बालक र बालिकाको लागि छुट्टाछुट्टै शौचालयको निर्माण भएको छैन । १ वटा माध्यमिक र ४ वटा आधारभूत विद्यालयमा खानेपानीको सेवा पुग्न बाँकी रहेको छ । जसलाई नक्सा नं. ४/५.२.१ र नक्सा नं. ५/५.२.१ मा देखाइएको छ ।

## नक्सा १/५.२.१ : सामुदायिक र संस्थागत विद्यालयको विवरण





| SN | Public School Name |
|---|---|
| 1 | Brangdi |
| 2 | Brambha Bishnu |
| 3 | Devba sanskriti sadharan |
| 4 | Saraswati |
| 5 | Sen |
| 6 | Janata |
| 7 | Mahendrabodhi |
| 8 | Padma Public |
| 9 | Bhusaldanda |
| 10 | Balmandir |
| 11 | Mohan kanya |
| 12 | Jana Aadharbhut |
| 13 | Janahit |
| 14 | Laxmi |
| 15 | Janapriya |
| 16 | kunsare |
| 17 | Baljoyti |
| 18 | Kalanki |
| 19 | Bhagawati |
| 20 | Pipaldada |
| 21 | Sarada Madanpokhara |
| 22 | Bal Krishna |
| 23 | Damakada |
| 24 | Tinti aap |
| 25 | Balkanya bhagawati |
| 26 | Bhayerstan |
| 27 | Mandali |
| 28 | prajatantra |
| 29 | Surya joyti |
| 30 | Yuba |
| 31 | Bhirab |
| 32 | Chandika |
| 33 | Nawadurga |
| 34 | Gargi |
| 35 | Lipindevi |
| 36 | Bishnu pravi |
| 37 | Lumbini |
| 38 | Namikuwa |
| 39 | Saraswatinath |
| 40 | Rainadevi |
| 41 | Gyanoday |
| 42 | Sarada |
| 43 | Sarbodaye |
| 44 | Radhakrishna |
| 45 | Amar Bhagawati |
| 46 | Amar |
| 47 | krishna |
| 48 | Ruru Chetra |
| 49 | Siddheshwor |
| 50 | Tribhuban |
| 51 | Sarbajanik |
| 52 | Balkalyan |
| 53 | Guru Kul |

| SN | Institutional School Name |
|---|---|
| 1 | Siddhi Vinayek Academy |
| 2 | Brindaban Academy |
| 3 | Hope and Dream Montessori school |
| 4 | Little Lamb School |
| 5 | Lotus English Boarding School |
| 6 | Shailocha English Boarding School |
| 7 | New Ideal Boarding School |
| 8 | Samata English Boarding School |
| 9 | Millenium Secondary School |
| 10 | Palpa Awasiya Secondary School |
| 11 | Palpa Paragon English Boarding School |
| 12 | Parshanti Secondary School |
| 13 | Preparatory School |
| 14 | St Capitanio School |
| 15 | Biju English Boarding School |
| 16 | Bethal English Boarding Secondary School |
| 17 | New Horizen Secondary School |
| 18 | Wisdom School |
| 19 | River Valley Secondary School |
| 20 | Sunrise Boarding Secondary School |
| 21 | Polistar Boarding School |
| 22 | Tansen Bahumukhi Campus |
| 23 | Palpa Enginering College |
| 24 | Shreenagar science College |
| 25 | Palpa International College and IT |
| 26 | Lumbini Medical College |
| 27 | Shree Mandavye Multiple Campus |
| 28 | Shree Brahma Kumari iswariye Biswa Bidhyale |

माथिको नक्सामा हरियो रंगको संकेतमा सामुदायिक विद्यालय र रातो रंगको संकेतमा संस्थागत विद्यालय संकेत गरिएको छ ।

## नक्सा २/५.२.१ : तानसेन नगरपालिकाको सामुदायिक विद्यालयको विवरण





| | Basic School |
|---|---|
| 1 | Brangdi |
| 2 | Brambha bishnu |
| 3 | Balmandir |
| 4 | Jana aadharbhut |
| 5 | Janahit |
| 6 | kunsare |
| 7 | Baljoyti |
| 8 | kalanki prvi |
| 9 | Bhagawati |
| 10 | Pipaldada |
| 11 | Bal Krishna |
| 12 | Tinti aap |
| 13 | Balkanya bhagawati |
| 14 | Bhayerstan |
| 15 | prajatantra |
| 16 | Surya joyti |
| 17 | yuba |
| 18 | Bhirab |
| 19 | Chandika |
| 20 | Nawadurga |
| 21 | lipindevi |
| 22 | Bishnu pravi |
| 23 | namikuwa |
| 24 | Saraswatinath |
| 25 | Rainadevi |
| 26 | Gyanoday |
| 27 | radhakrishna |
| 28 | Amar bhagawati |
| 29 | Amar |
| 30 | krishna |
| 31 | ruru chetra |
| 32 | Siddheshwor |
| 33 | sarbajanik prvi |
| 34 | Balkalyan parvi |
| 35 | guru kul |

| | Secondary School |
|---|---|
| 1 | Devba saskriti sadharan |
| 2 | Saraswati |
| 3 | Sen |
| 4 | Janata |
| 5 | Mahendrabodhi |
| 6 | padma public |
| 7 | bhusaldanda |
| 8 | Mohan kanya |
| 9 | Laxmi |
| 10 | Janapriya |
| 11 | Sarada Madanpokhara |
| 12 | Damakada |
| 13 | Mandali |
| 14 | gargi |
| 15 | lumbini |
| 16 | Sarada |
| 17 | Sarbodaye |
| 18 | Tribhuban |


माथिको नक्सामा रातो रंगको संकेतले माध्यमिक विद्यालय र निलो रंगको संकेतले आधारभूत विद्यालय जनाउँछ ।

**नक्सा ३/५.२.१ : आधारभूत विद्यालयको कक्षाकोठाको क्षमता**




नक्सामा जनाइएको रातो विन्दुले कक्षाकोठाको क्षमता भन्दा कम विद्यार्थी भएको विद्यालयको स्थान जनाउँछ। प्रति कक्षाकोठा ४० जना भन्दा कम विद्यार्थी भएको विद्यालयलाई Under utilized classroom भनिएको छ। बालमैत्री, प्रविधिमैत्री, शिक्षा मन्त्रालयले तोकेको गुणस्तरका आधारमा कक्षाकोठाको पर्याप्तता नहेरिएको साथै बालमैत्री, प्रविधिमैत्री र स्तरीय कक्षाकोठा निर्माण र मर्मतका लागि Under utilized classroom ले प्रभाव पार्ने देखिँदैन।

**नक्सा ४/५.२.१ : माध्यमिक विद्यालयको कक्षाकोठाको क्षमता**




नक्सामा जनाइएको रातो विन्दुले कक्षाकोठाको क्षमता भन्दा कम विद्यार्थी भएको विद्यालयको स्थान जनाउँछ। प्रति कक्षाकोठा ४० जना भन्दा कम विद्यार्थी भएको विद्यालयलाई Under utilized classroom भनिएको छ। बालमैत्री, प्रविधिमैत्री, शिक्षा मन्त्रालयले तोकेको गुणस्तरका आधारमा कक्षाकोठाको पर्याप्तता नहेरिएको साथै बालमैत्री, प्रविधिमैत्री र स्तरीय कक्षाकोठा निर्माण र मर्मतका लागि Under utilized classroom ले प्रभाव पार्ने देखिँदैन।

शैक्षिक सत्र २०७५/०७६ को अन्त्य सम्ममा १५ बर्ष माथिको जनसंख्याको साक्षरता दर ७७ प्रतिशत रहेको छ भने ५ देखि माथि ६० बर्ष उमेर समुह सम्मको साक्षरता दर ९० प्रतिशत रहेको छ। १५ देखि २४ को साक्षरता दर ९८ प्रतिशत पुगेको छ। प्रारम्भिक बालविकासको खुद भर्ना दर ४५ प्रतिशत पुगेको छ। पूर्व प्राथमिकको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिका ७९ प्रतिशत पुगेको छ। प्राथमिक तह (कक्षा १ देखि ५), आधारभूत तह (कक्षा १ देखि ८), र माध्यमिक तह ( कक्षा ९ देखि १२) को खुद भर्नादर क्रमशः ९७, प्रतिशत ९५ प्रतिशत र ८० प्रतिशत पुगेको छ। कक्षा ५ र ८ सम्मको टिकाउ दर क्रमशः ८८ र ७८ प्रतिशत रहेको छ। आधारभूत र माध्यमिक तहमा क्रमश : ८७४२ र ८७३१ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेका छन्। प्रारम्भिक बालविकास तथा शिक्षामा २५३१ बालबालिका अध्ययनरत छन्। लैङ्गिक समता सुचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमश : ०.८४ र ०.९२ रहेको छ। विद्यालय दोहोऱ्याउने दर आधारभूत तह (कक्षा १ –५) मा ३.१ प्रतिशत र आधारभूत तह (कक्षा ६–८) मा ३ प्रतिशत तथा माध्यमिक तह (कक्षा ९–१२) मा ५ प्रतिशत रहेको छ। विचैमा विद्यालय छाड्ने १ देखि ५ मा २.१ प्रतिशत, ६ देखि ८ मा ३ प्रतिशत र ९ देखि १२ मा ५ प्रतिशत रहेको छ। आधारभूत तहको औषत सिकाई उपलब्धि दर ६४.३८ प्रतिशत र माध्यमिक तहको सिकाई उपलब्धि दर ५९.६३ प्रतिशत रहेको छ। विद्यार्थी शिक्षक अनुपात आधारभूत तहको १:१८.१ रहेको छ भने माध्यमिक तहमा १:२५.५ रहेको छ। अभिभावकको लगानी परिचालन गरी निजी क्षेत्रले नगरपालिकाको विद्यालय शिक्षामा करिव ४२ प्रतिशत विद्यार्थीहरूलाई सेवा प्रवाह गरिहेको स्थिति छ।

## ३. तानसेन नगरपालिकाले शिक्षामा गरेको प्रयास र देखिएका केही समस्याहरू

तानसेन नगरपालिकाले सामुदायिक विद्यालयमा बालबालिकाको पहुँच वृद्धि र टिकाउका लागि कक्षा १ देखि ३ सम्मलाई दिवा खाजा कार्यक्रम शुरुवात गरेको छ साथै भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने नीति लिएको छ। अंग्रेजी भाषाको सुधार गर्नका लागि अंग्रेजी माध्यमबाट पठनपाठन सुरुवात गर्ने नीति लिएको छ। सबै बालबालिकाहरूको विद्यालयमा पहुँच र गुणस्तर सुधारका लागि प्रयास भएता पनि बालबालिकाको सिकाई उपलब्धी वृद्धि, शिक्षकको सीप र क्षमता कक्षाकोठामा पुऱ्याउने, पाठ्यक्रमका आधारमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने, शिक्षकको नियमित उपस्थिति, कक्षा समयसम्म शिक्षकलाई कक्षाकोठामा टिकाउने, पठनपाठनका सम्बन्धमा अभिभावक सचेतना बढाउने, विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन र शिक्षकहरूलाई क्षमता विकास गरी पारदर्शी र जवाफदेही बनाई विद्यालय सुशासनको प्रत्याभूति दिने कार्यका लागि केही प्रयास नभएका होइनन् तर पनि समस्याहरू प्रभावकारी रूपमा समाधान हुन सकेको छैन त्यसैले माथिका सम्पूर्ण समस्या/चुनौतीको सामना गर्नका लागि योजनाबद्ध प्रयासको आवश्यकता महसुस गरिएको छ।

## ४. मुख्य अवसर तथा चुनौती

शिक्षालाई मौलिक हकको रूपमा अधिकार र जिम्मेवारीसहित स्थानीय सरकारलाई एकल अधिकारको रूपमा संबैधानिक व्यवस्था भएकोले विद्यालय शिक्षमा सहभागिता र पहुँच वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु। विद्यालय छाड्नेदर विगत वर्षको तुलनामा कम हुँदै जानु, प्राविधिक विद्यालय संख्या वृद्धि हुँदै जानु, कृषि प्राविधिक विद्यालयको सम्भावना उपयुक्त वातावरण भएको, नगरलाई शैक्षिक हवको रूपमा विकास गर्नका लागि भौगोलिक र वातावरणीय रूपमा उपयुक्त हुनु यस तानसेन नगरको शिक्षाको मुख्य अवसरको रूपमा रहेको छ।

विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चिततासहित सामुदायिक विद्यालयप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाई वातावरण विकास गर्नु, शिक्षण सिकाई पद्धतिलाई व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भर्ना गरी टिकाउदरमा वृद्धि गर्नु, कक्षा छाड्नेदर शुन्यमा झारी अपेक्षित उपलब्धी दर हाँसिल गर्नु। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकासको लागि भौतिक पूर्वाधार र प्राविधिक जनशक्तिको उपलब्धता र स्रोतको व्यवस्थापन, शिक्षकको ज्ञान र सीप कक्षाकोठामा पुऱ्याई सिकाई उपलब्धी दरमा वृद्धि गर्नु प्रमुख चुनौतीको रूपमा रहेको छ।

## ५. लक्ष्य

तानसेनलाई शैक्षिक हव बनाउने ।

## ६. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : शिक्षण सिकाईका लागि उपयुक्त वातावरण पहुँच योग्य पूर्वाधार सुनिश्चित गर्नु ।**

सामुदायिक विद्यालयको पूर्वाधार पूर्ण रूपमा बालमैत्री र अपाङ्गतामैत्री हुन सकेको छैन साथै १ वटा माध्यमिक र २१ वटा आधारभूत विद्यालयमा घेराबार नहुँदा बालबालिकाहरूको विद्यालय समय भयरहित हुन सकेको छैन । बालमैत्री कक्षाकोठा व्यवस्थापन, व्यवस्थित खेलमैदान, बालमैत्री शौचालय लगायतका सेवाको विस्तारले बालबालिकाको विद्यालयप्रतिको आकर्षण बढी अनियमितता र कक्षा छाड्नेदर कम गर्न मद्दत पुग्दछ । साथै सिकाई उपलब्धीदरमा वृद्धिका लागि पनि आधार तयार गर्न सहयोग गर्दछ ।

**नीति क.** सबै सामुदायिक विद्यालयहरूको भौतिक संरचना बालमैत्री र अपाङ्गतामैत्री बनाइनेछ ।

**नीति ख.** सामुदायिक विद्यालयहरूमा स्वच्छ र सफा खानेपानी, शौचालय, घेराबार लगायत आवश्यक सेवाको सुनिश्चितता गरिनेछ ।

**नीति ग.** खेलकुद विकासका लागि अध्ययन तथा पूर्वाधार विकास गरिने छ ।

**नीति घ.** विद्यालयमा उपयुक्त खेलमैदानको निर्माण गरिनुका साथै विद्यालयको स्तर अनुसार खेलकुद सामाग्रीको मापदण्ड बनाई विद्यालयमा आवश्यक मात्रामा खेलकुद सामाग्रीको व्यवस्थापन गरिनेछ जसका लागि समन्वयकारी र नियमनकारी भूमिका निर्वाह गरिने छ ।

**नीत ङ.** बौद्धिक खेललाई पनि विद्यालयस्तरीय खेलकुदको अंग बनाइने छ ।

**नीति च.** विद्यालयमा बालमैत्री र दण्डरहित शिक्षण सिकाई वातावरण तयार गरिनेछ ।

**नीति छ.** विद्यालय क्षेत्रमा शिक्षण सिकाई र विद्यालय शान्तिमा असर पर्ने क्रियाकलाप सञ्चालनका लागि निरुत्साहित गरिनेछ ।

**नीति ज.** शिक्षण सिकाईलाई सहभागितामूलक र भयरहित बनाउनका लागि आधुनिक सिकाई विधिको विकास गरी पूर्ण कार्यान्वयन गरिनेछ ।

**नीति झ.** बाल विकास केन्द्रको बसाई व्यवस्थापन बालमैत्री बनाई सबै बाल विकास केन्द्रलाई मण्टेश्वरी विधिबाट शिक्षण सिकाई वातावरण सृजना गरिनेछ ।

**उद्देश्य २ : नगरको शिक्षाको विकासमा समावेशी र समतामूलक पहुँच विस्तार, गुणस्तर सुनिश्चितता र सुशासन कायम गर्नु ।**

तानसेन नगरभित्रका आधारभूत तहमा अध्ययन गर्ने उमेरका ३.०७ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् । त्यसमा पनि कमजोर आर्थिक अवस्था भएका, असहाय र अपाङ्गता भएका बालबालिकाहरूको विद्यालयमा सहज पहुँच हुन सकेको छैन । सामुदायिक विद्यालयहरूले संस्थागत विद्यालयको तुलनामा सिकाई उपलब्धीदरमा वृद्धि गरी सामुदायिक विद्यालयप्रतिको अभिभावकको विश्वास जित्नु पर्ने अवस्था रहेको छ । विद्यालय प्रशासन र अभिभावक बिचमा सुमधुर सम्बन्ध कायम गर्नका लागि विद्यालय सुशासनलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ ।

**नीति क.** आधारभूत र माध्यमिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित र गुणस्तर सुधार गर्न आवश्यक ऐन नियम निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**नीति ख.** शिक्षकको ज्ञान र सीप कक्षाकोठामा पुऱ्याई बालबालिकाको सिकाई उपलब्धीदर उच्च बनाउने नीति अवलम्बन गरिनेछ ।

**नीति ग.** नैतिक शिक्षा तथा पूर्वीय दर्शन/सभ्यता सम्बन्धी पाठ्यक्रम निर्माण गरिनेछ

**नीति घ.** निःशुल्क र अनिवार्य विद्यालय शिक्षाको नीति व्यवहारिक कार्यान्वयनमा लगिने वातावरण निर्माण गरिनेछ ।

**नीति ङ.** निरन्तर मुल्याङ्कन प्रणालीको व्यवहारिक कार्यान्वयनको अभ्यासलाई संस्थागत गरिनेछ ।

**नीति च.** अपनत्वको सृजना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाई प्रकृयामा सुधार, पेशागत नैतिकताको प्रवर्द्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्धारा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।

**नीति छ.** राष्ट्रिय शिक्षा नीति २०७६ मा व्यवस्था भए अनुसार आधारभूत तहको कक्षा एकदेखि तीनसम्म एकीकृत पाठ्यक्रममा आधारित कक्षा शिक्षण वा बहुकक्षा शिक्षण पद्धतिलाई व्यवहारिक कार्यान्वयनमा लगिने छ ।

**नीति ज.** पाठ्यक्रममा आधारित दूरशिक्षाको प्रशारणलाई नियमित गरिनेछ ।

**नीति झ.** सामुदायिक विद्यालयका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण, कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान र सीप हाँसिल गरी पठनपाठनमा सो को प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**नीति ञ.** निःशुल्क र अनिवार्य विद्यालय शिक्षाको व्यवहारिक कार्यान्वयनमा रहेका समस्या विश्लेषण गरी कमी पूर्तिका लक्षित कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ ।

**नीति ट.** सामुदायिक विद्यालयमा विज्ञान र प्राविधिक धारतर्फको विषय समावेश गरी नमूनाका रूपमा सञ्चालन गराउन सम्बन्धित सरोकारवालाहरूसँगको सहकार्य गर्ने नीति लिइनेछ ।

**नीति ठ.** व्यवहारिक र जीवनपयोगी शिक्षाको व्यवस्था सुनिश्चित गरिने छ । राष्ट्रियता र राष्ट्रप्रेम जगाउने, मातृभाषा वा संस्कृति संरक्षणमा उत्प्रेरित गर्ने, आय व्यवसायिकता, आयआजर्न र रोजगारीमा योगदान गर्ने जस्ता विषयलाई व्यवहारिक र जीवन उपयोगी शिक्षाको अभिन्न पक्षका रूपमा रहनेछ ।

**नीति ड.** सामुदायिक विद्यालयमा पुस्तकालय, कम्प्यूटर र इ-हाजिरीको व्यवस्था क्रमशः गरिनेछ ।

**नीति ढ.** अपाङ्गता भएका बालबालिकाको पहुँच वृद्धिमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**नीति ण.** विद्यालय सुशासन प्रणालीलाई व्यवहारिक कार्यान्वयनमा लगिनेछ ।

**नीति त.** अन्तर विद्यालय अनुभव आदान प्रदान तथा सिकाई पद्धतिमा सामञ्जस्यता ल्याउन समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।

**उद्देश्य ३ : नगरको शिक्षा शाखा, विद्यालय शिक्षक, कर्मचारीको र विभिन्न संरचनाको क्षमता विकास गर्नु ।**

नेपालको संविधान २०७२ ले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहको एकल अधिकारको रूपमा व्यवस्था गरेको सन्दर्भमा नगरमा स्थापना भएको शिक्षा शाखा, नगरदेखि वडा तहसम्म स्थापना हुने शिक्षा संरचना, विद्यालयका शिक्षक र कर्मचारीहरूको क्षमता विकास गरी विद्यालय शिक्षालाई थप व्यवस्थित गर्न मद्दत पुग्दछ ।

**नीति क.** शिक्षकहरूलाई मागमा आधारित तालिमको व्यवस्था गरिनेछ ।

**नीति ख.** नगर शिक्षा समिति र वडा शिक्षा समितिलाई क्षमता विकास गरिनेछ ।

**नीति ग.** नगरमा निर्माण भएका विभिन्न शिक्षा संरचनालाई जनशक्ति र प्राविधिक रूपमा सबल बनाइनेछ ।

**नीति घ.** नगरमा निर्माण भएका शिक्षा संरचनाको क्षमता विकास गरी पारदर्शिता र सुशासन सुनिश्चितताका लागि आवश्यक क्षमता विकास गरिनेछ ।

**नीति ङ.** हरेक सामुदायिक विद्यालयमा दक्ष र अधिकार सम्पन्न विद्यालय व्यवस्थापन समिति गठन र परिचालन गर्ने कानुनी आधार तयार गरिनेछ ।

**नीति च.** विद्यालय सूचना प्रणाली प्रभावकारी बनाउन नगरपालिकास्तरमा सूचना व्यवस्थापन सम्बन्धी एप्स निर्माण र कार्यान्वयन गरिनेछ ।

**नीति छ.** सिकाई उपलब्धीका आधारमा शिक्षकलाई पुरस्कार र दण्डको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।

**नीति ज.** प्रत्येक वर्ष वि.व्य.स., शिक्षक तथा विद्यार्थीलाई नतिजाको आधारमा विशेष पुरस्कारको व्यवस्था गरिनेछ ।

**नीति झ.** प्रत्येक २ वटा वडामा १ जना विद्यालय निरीक्षकको व्यवस्था गरिनेछ ।

## उद्देश्य ४ : विद्यालयको क्षमता र सेवा क्षेत्र सुनिश्चित गर्नु ।

सामुदायिक विद्यालयको भौतिक र शैक्षिक क्षमताका वृद्धि गर्ने लक्ष्य प्राप्तिका लागि नगरभित्रका सबै सामुदायिक विद्यालयको भौतिक क्षमता मापन गरी आवश्यक विद्यालयमा भौतिक निर्माण गर्नुपर्ने हुन्छ । विद्यालयको सेवा क्षेत्र प्रभावकारी रूपमा कार्यान्वयनमा नआउँदा सेवा क्षेत्रका विद्यालय खाली हुने र सेवा क्षेत्र बाहिरको विद्यालयमा विद्यार्थीको चाप वृद्धि भई भौतिक व्यवस्थापन र गुणस्तर कायम गर्न समस्या हुने भएकोले विद्यालयको क्षमता र सेवा क्षेत्र सुनिश्चित गर्नु पर्ने आवश्यकता रहेको छ। १४ वटा आधारभूत विद्यालयमा ४० जना भन्दा कम विद्यार्थीमा सञ्चालन भइरहेको छ जसले गर्दा विद्यालयको क्षमता यकिन गरी विद्यालय मर्जिङ प्रकृयालाई प्रभावकारी रूपमा अगाडि बढाउनु पर्ने आवश्यकता रहेको छ ।

**नीति क.** विद्यालयको क्षमता मापनमा आधारहरू तयार गरी क्षमता यकिन गरिनेछ ।

**नीति ख.** विद्यालयको सेवा क्षेत्र सम्बन्धी आधारहरू तयार गरी सेवा क्षेत्र सुनिश्चित गरिनेछ ।

**नीति ग.** विद्यालयको सेवा क्षेत्र भित्रका बालबालिकाहरूलाई सेवा क्षेत्रभित्र नै अध्ययन गर्नका लागि प्रोत्साहन गरिनेछ ।

**नीति घ.** विद्यार्थी कम भएका विद्यालयहरूलाई तुरुन्तै मर्जमा लगिने व्यवस्था गरिनेछ ।

**नीति ङ.** विद्यालय मर्जिङको प्रक्रियालाई निरन्तरता दिइने छ । यातायात लगायतको पूर्वाधार विकास र विद्यालयको सेवा क्षेत्र र विद्यालय गाभ्ने प्रक्रियाका बीचमा सामञ्जस्यता कायम गरिनेछ ।

## उद्देश्य ५ : प्राविधिक शिक्षाको विकासका लागि आवश्यक पूर्वाधारसहित वातावरण तयार गर्नु ।

विद्यालय शिक्षालाई थप आकर्षक, व्यवहारिक र जीवन उपयोगी बनाउनका लागि प्राविधिक शिक्षा सहज र सुलभ बनाउनु पर्ने पक्षमा आमअभिभावकको अपेक्षा रहेको छ। अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको व्यवहारिक कार्यान्वयनका लागि नगरले प्राविधिक शिक्षामा बढी जोड दिनुपर्ने आवश्यकता महसुस गरेको छ ।

**नीति क.** सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक धारमा सञ्चालनमा प्रोत्साहन गरिनेछ ।

**नीति ख.** बहुप्राविधिक विद्यालय सञ्चालन गर्नका लागि सामुदायिक निजी साझेदारी नीति अवलम्बन गरिनेछ ।

**नीति ग.** सम्भाव्यताका आधारमा नगरमा मेडिकल कलेज, इञ्जिनियरिङ कलेज, कृषि क्याम्पस खोल्नका लागि आवश्यक पहल गरिनेछ ।


**नीति घ.** सामुदायिक विद्यालयलाई शिक्षाका लागि सामाजिक व्यवसाय गर्नका लागि आवश्यक वातावरण तयार गरिनेछ ।

**नीति ङ.** प्राविधिक धारमा भएका विद्यार्थी वा प्राविधिक ज्ञान लिन चाहने विद्यार्थीलाई सहज र सरल प्रक्रियाबाट स्वीकृति तथा सिफारिस दिने व्यवस्था मिलाइने छ ।

### तालिका १/५.२.१ : आवधिक प्राथमिकता : शिक्षा विकास

| |
|---|
| **क.** नगर पार्श्वचित्र २०७५ अनुसार तानसेन नगरपालिकामा आधारभूत तहमा अध्ययन गर्ने उमेरका ३.०७ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् जसलाई नक्सा नं. ५/५.२.१ मा जनाइएको छ । |

### नक्सा ५/५.२.१ : आधारभूत तहमा अध्ययन गर्ने उमेरका बालबालिका विद्यालय बाहिर रहेको परिवार




माथिको नक्सामा रातो विन्दुले ५ देखि १२ वर्ष उमेर समूहका विद्यालय नगएका घर परिवारको संकेत गरेको छ भने हरियो रंगले विद्यालयको संकेत गरेको छ ।

सामुदायिक विद्यालयको गुणस्तर संस्थागत विद्यालयको तुलनामा कमजोर रहेको छ । नगरले शिक्षा ऐन निर्माण गरेको छ तर सामुदायिक विद्यालयमा बालबालिका आकर्षित गर्ने ठोस नीति, नियम र कार्यविधि निर्माण हुन सकेको छैन त्यसैले सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित र गुणस्तर सुधार, अनिवार्य आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्नका लागि आवश्यक शिक्षा नियमावली, निर्देशिका र कार्यविधि निर्माण गरी आवश्यक कानुनी प्रकृया पूरा गर्नका लागि निम्न अनुसारका आवधिक प्राथमिकताका कार्यक्रमहरू निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन(८ देखि २० वर्ष) |
|---|---|---|
| १. शिक्षा नियमावली निर्माण गर्ने । | १. शिक्षा ऐन तथा नियमावली अद्यावधिक गर्ने । | १. शिक्षाको विकासका लागि निर्माण गरिएको नीति नियमको आवश्यक परिमार्जन गर्ने । |
| २. अनिवार्य शिक्षा कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण गर्ने । | २. निर्माण गरेका कार्यविधिको आवश्यकता अनुसार परिमार्जन गरी कार्यान्वयन गर्ने । | |
| ३. संवैधानिक अधिकार बमोजिम आधारभूत तहसम्म मातृभाषाको कक्षा सञ्चालन गर्ने सम्बन्धी कार्यविधि निर्माण गर्ने । | ३. मातृभाषाको कक्षा सञ्चालन गर्न चाहने विद्यालयको लागि कानुनी रूपमा प्रोत्साहन गर्ने । | |
| ४.अपाङ्गता भएका र विपन्न बालबालिकाको शिक्षामा पहुँच र त्यस्ता बालबालिकाको संरक्षण सम्बन्धी नीति निर्माण गर्ने । | ४.अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा पहुँच सम्बन्धी कार्यविधिको आवश्यकता अनुसार परिमार्जन गर्ने । | |
| ५.सबै बालबालिकाहरूको शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिको लागि कार्यविधि निर्माण गर्ने । | ५.सबै बालबालिकाहरूको शिक्षामा पहुँच र गुणस्तर सुधारका लागि निर्माण भएका कार्यविधिको आवश्यक कार्यान्वयनमा जोड दिने । | |
| ६.हरेक विद्यालयको आफ्नो सेवा क्षेत्र तोक्ने सम्बन्धी कार्यविधि निर्माण गर्ने र सो अनुरूप व्यवस्थित गर्ने । | ६. सामुदायिक विद्यालयको सेवा क्षेत्र तोक्न निर्माण भएको कार्यविधिको आवश्यकता अनुसार अद्यावधिक गर्दै कार्यान्वयनमा जोड दिने । | |
| ७. प्राविधिक शिक्षाको विकासका लागि निजी सामुदायिक लगानी सम्बन्धी नीति निर्माण गर्ने । | ७. प्राविधिक शिक्षाको विकास र प्रवर्दन गरी दक्ष जनशक्ति उत्पादनका लागि निजी सामुदायिक लगानी सम्बन्धी नीति निर्माण र कार्यान्वयन गर्ने । | |
| ८. सबै सामुदायिक विद्यालयलाई नमूना विद्यालय निर्माणका लागि आवश्यक आधार तयार गर्ने । | ८. सबै सामुदायिक विद्यालयलाई नमूना विद्यालयको रूपमा विकास गर्ने । | ८. विद्यालयको उत्कृष्टता कायाम राख्न प्रतिस्पर्धात्मक वातावरण तयार गर्न थप उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने । |

**ख.** तानसेन नगरपालिकामा विद्यालय शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक संरचना निर्माण हुन बाँकी रहेकोले निर्माण हुन बाँकी संरचनाको निर्माण गरी उक्त संरचनाको क्षमता विकास गर्नुका साथै शिक्षामा भएका प्रगतिको समीक्षा, प्रभावकारी अनुगमन, शिक्षाको विकासका लागि आवश्यक योजना निर्माण र कार्यान्वयन जस्ता पक्षलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि तपसिल अनुसारका आवधिक प्राथमिकताका कार्यक्रमहरू निर्धारण गरिएको छ ।


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन(८ देखि २० वर्ष) |
|---|---|---|
| १. वडा शिक्षा समिति गठन र क्षमता विकास गर्ने । | १. नगर र वडा शिक्षा समितिको नियमित क्षमता अभिवृद्धि गर्ने । | १.गठन भएका समितिहरूको स्वपरिचालन लागि आवश्यक वातावरण निर्माण गर्ने । |
| २. वडा शिक्षा समितिमार्फत् विद्यालयको प्रगतिको नियमित समीक्षा गर्ने । | २.वडा शिक्षा समितिमार्फत् विद्यालयको प्रगति समीक्षा गर्ने परिपाटी वार्षिक योजनामा अभिलेख गर्ने । | |
| ३. वडा शिक्षा योजना निर्माण गर्ने । | ३.वडा शिक्षा योजनाको नियमित समीक्षा र अद्यावधिक गर्ने । | |
| ४. विद्यालयको भौतिक, शैक्षणिक र व्यवस्थापन तथा शिक्षक/कर्मचारीको जवाफ देहितालाई केन्द्रित गरेर नगर शिक्षा योजना निर्माण गर्ने । | ४.नगर शिक्षा योजनाको नियमित समीक्षा र अद्यावधिक गर्ने । | ४.शिक्षाको योजनाबद्ध विकासका लागि योजना शाखामा पर्याप्त जनशक्तिको व्यवस्थापन गर्ने प्रभावकारी योजना निर्माण गर्ने । |
| ५. सबै विद्यालयको विद्यालय सुधार योजना निर्माण गर्ने साथै विद्यालयको अभिलेख तयार गर्ने । | ५.विद्यालय सुधार योजना र विद्यालय अभिलेखको अद्यावधिक गर्ने । | |
| ६. नगर तथा वडाहरूमा शिक्षा अनुगमन समिति गठन गर्ने । | ६. प्रत्येक वडामा वडा शिक्षा समितिको माध्यमबाट अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | |

**ग.** नगरपालिकाभित्रका बाल विकास केन्द्रमा भर्ना हुने उमेरका बालबालिका सबै बाल विकास केन्द्रमा भर्ना भएका छैनन् । बाल विकास केन्द्रको सिकाई वातावरण बालमैत्री बनाई सबै बाल विकास उमेरका बालबालिकाहरूलाई बाल विकासमा भर्ना गरी बाल विकासको खुद भर्नादर शत प्रतिशतमा पुर्‍याउन बाल विकासको शैक्षिक एवं भौतिक वातावरण प्रभावकारी बनाउनका लागि निम्न अनुसारका आवधिक प्राथमिकताका कार्यक्रमहरू निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन(८ देखि २० वर्ष) |
|---|---|---|
| १.बाल विकास केन्द्र नभएका विद्यालयमा वा समुदायमा आवश्यक भएका स्थानमा बाल विकास केन्द्र स्थापना गर्ने । | १.स्थापना भएका बाल विकास केन्द्रको भौतिक व्यवस्थापन गर्ने । | १.बाल विकास केन्द्र सञ्चालन भएका भवन वा कक्षा कोठा अपाङ्गतामैत्री बनाउने । |
| २. प्रत्येक बाल विकास केन्द्रमा बालबालिका खेल्ने विशेष आवश्यक भौतिक पूर्वाधारको विकास गर्न आवश्यक स्रोत व्यवस्थापन गरी सुरुवात गर्ने । | २. प्रत्येक बाल विकास केन्द्रमा बालबालिका खेल्ने विशेष आवश्यक भौतिक पूर्वाधारको विकास गर्ने | २.बाल विकास केन्द्र सबै अभिभावकको आकर्षणको केन्द्रको रूपमा विकास गरी शत प्रतिशत बालबालिका बाल विकासबाट कक्षा १ मा भर्ना हुने वातावरण तयार गर्ने । |
| २.१. अभिावक सचेतना कार्यक्रम सञ्चालन गरी बाल विकास केन्द्रमा भर्ना हुने उमेरका सबै बालबालिकाहरूलाई बाल विकासमा ल्याउने । | २.१. बाल विकास केन्द्रका अभिभावकलाई बालबालिका बाल विकासमा नियमित पठाउन थप प्रोत्साहनका कार्यक्रम निर्माण गर्ने । | |


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन(८ देखि २० वर्ष) |
|---|---|---|
| ३. बाल विकास केन्द्रको बसाई व्यवस्थापन र सिकाई वातावरण बालमैत्री र भयरहित बनाउने । | ३. बाल विकास केन्द्रको सिकाई वातावरण निरन्तर बालमैत्री र भयरहित बनाउन थप प्रोत्साहन गर्ने । | ३. बाल विकास केन्दलाई बाल विकास उमेरका बालबालिकाहरूको लागि पूर्ण बालमैत्री वातावरण तयार गर्ने । |
| ४. बाल विकास केन्द्रका सबै सहजकर्ताहरूलाई मण्टेश्वरी शिक्षण विधि सम्बन्धी तालिम प्रदान गर्ने । | ४. तालिम प्राप्त सहजकर्ताहरूलाई उनीहरूको सीप र क्षमता कक्षाकोठामा लैजाने वातावरण तयार गर्ने । | |
| ५. बाल विकास केन्द्रका सहजकर्ताहरूलाई उचित पारिश्रमिकको व्यवस्था गर्ने । | ५. बाल विकास शिक्षा सहज र सर्वसुलभ बनाउन नगरबाट विनियोजन हुने रकममा बाल विकासका लागि विशेष प्राथमिकता दिने । | |
| **घ.** तानसेन नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा खानेपानी, शौचालय, घेराबार, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्यूटर प्रयोगशाला, प्राथमिक उपचार कक्ष, खेलकुद सामाग्री, शैक्षिक सामाग्री लगायत धेरैजसो विद्यालयहरूमा अपाङ्गतामैत्री विद्यालय भवन र शौचालयको व्यवस्था हुन सकेको छैन जसलाई नक्सा नं. ६ र ७ मा सुचित गरिएको छ । | | |

## नक्सा ६/५.२.१ : आधारभूत विद्यालयको भौतिक र शैक्षिक सुविधा सम्बन्धी विवरण




माथि नक्सामा देखाइएको S,C,L,F,B,T,D संकेतले क्रमश: विज्ञान र कम्प्यूटर प्रयोगशाला, पुस्तकालय, प्राथमिक उपचार कक्ष, घेराबार, बालक र बालिकाको लागि छुट्टाछुट्टै शौचालय, र खानेपानी सुविधा नभएको जनाउँछ ।

**नक्सा ७/५.२.१ : आधारभूत विद्यालयको भौतिक र शैक्षिक सुविधा सम्बन्धी विवरण**




माथि नक्सामा देखाइएको S,C,L,F,B,T,D संकेतले क्रमशः विज्ञान र कम्प्यूटर प्रयोगशाला, पुस्तकालय, प्राथमिक उपचार कक्ष, घेराबार, बालक र बालिकाको लागि छुट्टाछुट्टै शौचालय र खानेपानी सुविधा नभएको जनाउँछ ।

| यस अधारमा सबै प्रकारका बालबालिकाको विद्यालय पहुँच, बालमैत्री र भयरहित सिकाई वातावरण तयार गर्नका लागि चुनौति देखिएको छ । विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तर सुधार, भौतिक निर्माण र सेवा सुविधा प्रभावकारी बनाउने साथै आवश्यकता अनुसार प्राविधिक विद्यालय स्थापना र सञ्चालनका लागि निम्न अनुसारका प्राथमिकता निर्धारण गरिएको छ । | | |
|---|---|---|
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन(८ देखि २० वर्ष)** |
| १. अत्यावश्यक सामुदायिक विद्यालयको भौतिक (नयाँ भवन निर्माण, कक्षाकोठा मर्मत) निर्माण गर्ने । | १. भौतिक निर्माण आवश्यक सामुदायिक विद्यालयको भौतिक निर्माण गर्ने । | १. भौतिक निर्माण गर्दा अपाङ्गतामैत्री र बालमैत्री संचनाको लागि विशेष आधार तयार गरी पूर्ण कार्यान्वयन गर्ने । |
| २. स्थानीय सामाग्री प्रयोग गरेर शैक्षिक सामाग्रीको निर्माण र प्रयोग गराउने । | २. शैक्षिक सामाग्री निर्माण र प्रयोगका लागि सबै विद्यालयलाई अनिवार्य गराउने । | २. शैक्षिक सामाग्रीको निर्माण र प्रयोगका आधारमा विद्यालयलाई पुरस्कृत गर्ने । |
| ३. सबै सामुदायिक माध्यमिक तहमा प्राथमिक उपचार कक्ष निर्माणका लागि वातावरण तयार गरी ९ वटा मा.वि.मा प्राथमिक उपचार कक्षको निर्माण गर्ने । | ३. नौ वटा माध्यमिक विद्यालय र सात वटा आधारभूत विद्यालयमा प्राथमिक उपचार कक्षको निर्माण सम्पन्न गर्ने । | ३.सबै सामुदायिक विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था गर्ने । |
| ४.सबै सामुदायिक विद्यालयमा कम्तीमा २ कक्षासम्म अंग्रेजी माध्यमबाट पठनपाठन अनिवार्य सुरुवात गर्ने । | ४.सामुदायिक विद्यालयको कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट पठनपाठनका लागि वातावरण तयार गरी पठनपाठन शुरुवात गर्ने | ४.आधारभूत तहसम्म अंग्रेजी माध्यमबाट पठनपाठन अनिवार्य गर्ने । |
| ५.सबै सामुदायिक विद्यालयलाई निरन्तर मुल्याङ्कन प्रणाली कार्यान्वयनका लागि तालिम प्रदान गर्ने । | ५.निरन्तर मुल्याङ्कन प्रणाली सबै सामुदायिक विद्यालयमा अनिवार्य र व्यवहारिक बनाउने । | ५.निरन्तर मुल्याङ्कन प्रणाली प्रति अभिभावक र सरोकारवालाको विश्वास जित्ने वातावरण तयार गर्ने । |
| ६.पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलापको लागि शिक्षकलाई अभिप्रेरित हुने तालिम प्रदान गर्ने । | ६.सबै सामुदायिक विद्यालयमा पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलाप अनिवार्य गर्ने । | ६.पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलापको आधारमा विद्यालयलाई थप प्रोत्साहन गर्ने । |
| ७. शैक्षिक गुणस्तर वृद्धिको लागि सबै उपाय अबलम्वन गर्ने वातावरण तयार गर्ने । | ७. शैक्षिक गुणस्तर वृद्धिको लागि सबै उपायहरूको प्रभावकारी कार्यान्वयन गर्ने । | |
| ८. अति जेहेन्दार अत्यन्तै कम आम्दानी भएका अभिभावकका छोराछोरीलाई छात्रवृत्तिको व्यवस्था गर्ने वातावरण तयार गरी सुरुवात गर्ने । | ८. अति जेहेन्दार अत्यन्तै कम आम्दानी भएका अभिभावकका छोराछोरीलाई छात्रवृत्तिको व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन(८ देखि २० वर्ष) |
|---|---|---|
| ९.सामुदायिक र संस्थागत विद्यालयमा हुने मानसिक र आर्थिक शैक्षिक गुणस्तरीय विभेदको अन्त्य गर्ने वातावरण तयार गर्ने । | ९.सामुदायिक र संस्थागत विद्यालयमा हुने मानसिक र आर्थिक शैक्षिक गुणस्तरीय विभेदको अन्त्य गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने । | |
| १०. शिक्षक सेवाबाट उत्पादन भएका शिक्षकलाई मात्र विद्यालयमा शिक्षण अनुमति प्रदान गर्ने कानुनी आधार तयार गर्ने । | १०. शिक्षक सेवाबाट उत्पादन भएका शिक्षकलाई मात्र विद्यालयमा शिक्षण अनुमति प्रदान गरि प्रभावकारी कार्यान्वयन गर्ने । | |
| ११. प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन प्रकृयालाई पारदर्शी तथा नतिजामा आधारित बनाउन कार्य सम्पादन सम्झौता गर्ने । | ११. शिक्षकहरूलाई कार्यप्रगतिका आधारमा थप प्रोत्साहन र /नसिहतको व्यवस्था गर्ने । | ११.शिक्षकहरूलाई कार्यसम्पादनका आधारमा ग्रेड वृद्धि गर्ने । |
| १२. घेराबार निर्माण नभएका सामुदायिक विद्यालयमा घेराबार निर्माण थालनी गर्दै कम्तीमा ५ वटा सामुदायिक विद्यालयमा निर्माण सम्पन्न गर्ने । | १२. घेराबार नभएका सबै सामुदायिक विद्यालयमा घेराबार निर्माण सम्पन्न गर्ने । | १२.सबै सामुदायिक विद्यालयलाई भौतिक र मनोवैज्ञानिक रूपमा सुरक्षित बनाउने । |
| १३. सामुदायिक विद्यालयको औसत सिकाई उपलब्धी वृद्धिका आधारहरू तयार गर्ने । | १३.विद्यालयहरूलाई औषत सिकाई उपलब्धीका आधारमा पुरस्कृत गर्ने। | १३.सामुदायिक विद्यालयको औषत सिकाइ उपलब्धी दर तहगत र कक्षागत रूपमा कम्तीमा वि प्लस श्रेणीमा पुऱ्याउने आधार तयार गर्ने। |
| १४. खानेपानी सेवा नपुगेका सामुदायिक विद्यालयमा खानेपानी सेवा विस्तारको थालनी गर्दै सेवा नपुगेका ३ वटा विद्यालयमा खानेपानी सेवा पुऱ्याउने र | १४.खानेपानी सेवा नपुगेका सबै सामुदायिक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्ने । | |
| १५. छात्र र छात्राको लागि छुट्टा-छुट्टै शौचालय नभएका २ वटा सामुदायिक विद्यालयहरूमा शौचालयको निर्माण सम्पन्न गर्ने। | १५.छात्रा र छात्रहरूका लागि सबै सामुदायिक विद्यालयमा छुट्टाछुट्टै शौचालयको निर्माण सम्पन्न गर्ने । | |
| १६.सामुदायिक विद्यालयमा विद्यालय बसको व्यवस्थामा लागि पूर्व तयारी गर्ने । | १६.विद्यालय बस सञ्चालना लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने । | १६.सबै सामुदायिक विद्यालयमा विद्यालय बसको व्यवस्था गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन(८ देखि २० वर्ष) |
|---|---|---|
| १७. विज्ञान प्रयोगशाला नभएका सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माणका लागि वातावरण निर्माण गर्ने र विज्ञान प्रयोगशाला निर्माण गर्न बाँकी ५ वटा मा.वि.मा विज्ञान प्रयोगशाला निर्माण र सञ्चालन गर्ने । | १७. विज्ञान प्रयोगशाला नभएका १२ वटा आधारभूत विद्यालयमा विज्ञान प्रयोगशाला सञ्चालन गर्ने । | १७.सबै सामुदायिक विद्यालयमा कम्तीमा ६ कक्षादेखि माथि विज्ञान प्रयोगशाला निर्माण सम्पन्न गर्ने । |
| १८. पुस्तकालय नभएका विद्यालय-हरूमा पुस्तकालय सञ्चालनका लागि आवश्यक तयार गरी थप एक वटा मा.वि.र चार वटा आधारभूत विद्यालयमा पुस्तकालय स्थापना र सञ्चालन गर्ने । | १८. पुस्तकालय स्थापना हुन बाँकी दस वटा समुदायिक विद्यालयमा पुस्तकालयको निर्माण र सञ्चालन गर्ने । | १८. सबै सामुदायिक विद्यालयमा तहगत पुस्तकालय सञ्चालन गर्ने । |
| १९. हरेक सामुदायिक विद्यालयमा खेल शिक्षकहरूलाई कम्तीमा १ हप्ते खेल अनुसार प्रशिक्षण दिने वातावरण तयार गरी शुरुवात गर्ने। | १९. हरेक सामुदायिक विद्यालयमा खेल शिक्षकको व्यवस्था र क्षमता विकास गर्ने । | १९. हरेक सामुदायिक विद्यालयमा दक्ष खेल शिक्षकको व्यवस्था गर्ने |
| २०. नगरपालिकाभित्र खेलकुद विकासको लागि १ वटा sport center को स्थापना गर्ने । | २०. स्थापना भएको खेल सेन्टरको प्रभावकारी सञ्चालन गर्ने । | |
| २१. खेल र संगीत प्रशिक्षण केन्द्र निर्माण गर्न कार्यविधि बनाई सम्भाव्यता अध्ययन गर्ने । | २१. खेल र संगीत प्रशिक्षण केन्द्र निर्माण गरिनेछ । | २१. खेल र संगित प्रशिक्षण केन्द्रको प्रभावकारी सञ्चालन बाट खेल र संगित क्षेत्रको विकास गर्ने । |
| २२.नगरभित्रका प्रत्येक २ वटा वडामा १ जना विद्यालय निरीक्षक व्यवस्था गर्ने सम्बन्धी आवश्यक कानुनी आधार तयार गर्ने र कार्यान्वयन थालनी गर्ने । | २२. विद्यालय निरीक्षकलाई आवश्यक तालिम प्रदान गरिनेछ । | २२. रेडियो स्टेशन तथा इन्टरनेटको माध्यमबाट सम्पूर्ण नगरको शैक्षिक गतिविधिबारे विशेष कार्यक्रम निर्माण तथा नियमित प्रसारणको व्यवस्था गरिनेछ । |
| २३. पाठ्यक्रममा आधारित दूर शिक्षालाई नियमित गर्ने । | २३. पाठ्यक्रममा आधारित दूर शिक्षालाई प्रभावकारी कार्यान्वयन गर्ने। | |
| २४.मर्ज गर्न सकिने सम्भावना भएका विद्यालयहरूलाई मर्ज गर्न आवश्यक अध्ययन पूरा गरी मर्ज गर्न थालनी गर्ने । | २४.मर्ज गर्न आवश्यकता देखिएका सबै सामुदायिक विद्यालय मर्ज गर्ने र मर्ज भएर खालि भएका विद्यालय भवनलाई अन्य सामुदायिक प्रयोगमा ल्याउने । | |
| २५.सामुदायिक विद्यालयको कम्तीमा ३ कक्षासम्म दिवा खाजाको व्यवस्था गर्ने । | २५.सामुदायिक विद्यालयको कक्षा ५ सम्म दिवा खाजाको व्यवस्था गर्ने । | २५.सबै सामुदायिक विद्यालयको आधारभूत तहसम्म दिवा खाजाको व्यवस्था अभिभावकको साझेदारीतामा सञ्चालन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन(८ देखि २० वर्ष) |
|---|---|---|
| २६.माध्यमिक विद्यालयमा एक विद्यालय एक नर्सको व्यवस्थाको लागि वातावरण तयार गर्ने । | २६.माध्यमिक तहमा एक विद्यालय एक नर्सको व्यवस्था कार्यान्वयन गर्ने | |
| २७.अपाङ्गता भएका बालबालिकाहरूको लागि नगरपालिका स्तरमा आवासीय विद्यालय निर्माणका लागि आधार तयार गर्ने । | २७.अपाङ्गता भएका बालिकाहरूको लागि आवासीय विद्यालय सञ्चालन गर्ने । | २७.अपाङ्गता भएका भएका बालबालिकाहरूको लागि आवासीय विद्यालय निरन्तरताका लागि कोषको व्यवस्था गर्ने । |
| २८.सामुदायिक विद्यालयमा इ-हाजिरीको श्रोत व्यवस्थापन गर्ने । | २८.सामुदायिक विद्यालय सबैमा इ-हाजिरीको व्यवस्था गर्ने । | |
| २९.माध्यमिक तहमा प्राविधिक धार सञ्चालनका लागि आवश्यक आधार तयार गर्ने । | २९.आवश्यकता अनुसार माध्यमिक तहमा प्राविधिक धार सञ्चालन गर्ने । | २९.सामुदायिक विद्यालयको माध्यमिक तहमा आवश्यकता अनुसार प्राविधिक धार सञ्चालन भएका विद्यालयको भौतिक र प्राविधिक रूपमा क्षमता विकास गर्ने । |
| ३०. तानसेन नगरपालिकाको वडा नं. १ देखि १४ सम्मका बालबालिकाहरू र महिलाहरूलाई आवश्यकताको आधारमा उचित प्राविधिक तालिमको व्यवस्थापन गरी पेशा सञ्चालनमा जोड दिने वातावरण तयार गरी शुरुवात गर्ने। | ३०. तानसेन नगरपालिकाको वडा नं. १ देखि १४ सम्मका बालबालिकाहरू र महिलाहरूलाई आवश्यकताको आधारमा उचित प्राविधिक तालिमको व्यवस्थापन गरी पेशा सञ्चालनमा जोड दिने प्रोत्साहित गर्ने । | |
| ३१.विद्यालयका शिक्षकहरूलाई क्षमता विकास तालिम प्रदान गर्ने । | ३१. विषयगत शिक्षकहरूलाई क्षमता विकास तालिम प्रदान गर्दै प्रविधिमैत्री बनाउने । | ३१. विद्यालयका सबै शिक्षकहरूलाई प्रविधिमैत्री तालिम प्रदान गर्ने । |
| ३२. बहुप्राविधिक विद्यालय सञ्चालनका लागि आधार तयार गर्ने । | ३२. नगरपालिकाभित्र बहुप्राविधिक विद्यालय सञ्चालन गर्ने साथै १४ नं. वडाको त्रिभुवन मा.वि.मा बाली विज्ञान तथा कम्प्यूटर धारको प्राविधिक शिक्षा सञ्चालन गर्ने । | |
| ३३. दक्ष वा अर्धदक्ष श्रमको उत्पादन हुनेगरी प्राविधिक शिक्षामा जोड दिन आवश्यक वातावरण तयार गर्ने । | ३३. दक्ष वा अर्धदक्ष श्रमको उत्पादन हुनेगरी प्राविधिक शिक्षामा लगानी वृद्धि गर्ने । | |
| ३४. कम्प्यूटर प्रयोगशाला निर्माण नभएका ४ वटा सामुदायिक विद्यालयमा निर्माण र सञ्चालन गर्ने । | ३४. कम्प्यूटर प्रयोगशाला निर्माण नभएका १० वटा आधारभूत विद्यालयमा निर्माण र सञ्चालन गर्ने । | ३४. सबै सामुदायिक विद्यालयमा कम्प्यूटर प्रयोगशाला निर्माण र सञ्चालन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन(८ देखि २० वर्ष) |
|---|---|---|
| ३५. समग्र तानसेनलाई देशकै नमूना शैक्षिक केन्द्रको रूपमा विकास गर्ने आधार तयार गर्ने | ३५. देशकै नमूना शैक्षिक केन्द्रको रूपमा विकास गर्नका लागि आवश्यक आर्थिक र भौतिक तयारी गर्ने। | ३५. समग्र तानसेनलाई देशकै नमूना शैक्षिक केन्द्रको रूपमा विकास गर्ने । |

**ङ.** विद्यालय प्रशासन तथा व्यवस्थापनको अभिभावकप्रति जवाफदेहिता प्रभावकारी हुन सकेको छैन । विद्यालय प्रशासन र व्यवस्थापनलाई क्षमता विकास गरी अभिभावकप्रति जवाफदेही बढाउन सकेमा साममुदायिक विद्यालयप्रति अभिभावकको विश्वास बढाउन सकिने छ जसले गर्दा सामुदायिक विद्यालयमा बालबालिकाको नियमितता, गुणस्तर अभिवृद्धि जस्ता पक्षमा सहयोग पुग्ने भएकोले विद्यालय प्रशासन र व्यवस्थापनको क्षमता विकास गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नका लागि निम्न अनुसारका प्राथमिकता तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन(८ देखि २० वर्ष) |
|---|---|---|
| १. विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया सहज बनाई स्थानीय आवश्यकतालाई ध्यानमा राखी शैक्षिक ब्यक्ति तथा समाजसेवीको नेतृत्वमा व्यवस्थापन समितिको गठन गर्ने । | १. विद्यालय व्यवस्थापन समितिको गठन/पुनर्गठन गर्ने । | १.नगरपालिकामा शिक्षाको विकासका लागि बटम अप योजना तर्जुमा प्रकृयाको प्रभावकारी कार्यान्वियन सुनिश्चित गर्ने । |
| २. व्यवस्थापन समितिलाई अधिकार सम्पन्न बनाउने । शिक्षक नियुक्ति नगर शिक्षा समितिले गर्ने भए पनि सरुवा, ग्रेड वृद्धि ,रोक्का गर्दा विद्यालयको सिफारिसलाई आधार मान्ने गरी वि.व्य.स.लाई अधिकार प्रत्यायोजन गर्ने वातावरण तयार गर्ने । | २. व्यवस्थापन समितिलाई अधिकार सम्पन्न बनाउने । शिक्षक नियुक्ति नगर शिक्षा समितिले गर्ने भए पनि सरुवा, ग्रेड वृद्धि, रोक्का गर्दा विद्यालयको सिफारिसलाई आधार मान्ने गरी वि.व्य.स.लाई अधिकार प्रत्यायोजन गर्ने । | |
| ३.विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको प्रभावकारी व्यवस्थापनको लागि तालिम प्रदान गर्ने । | ३.विद्यालय व्यवस्थापन समितिलाई विद्यालय व्यवस्थापन र विद्यालय सुधार योजना निर्माण र अद्यावधिक सम्वनधी क्षमता विकास तालिम प्रदान गर्ने । | |
| ४.पारदर्शिता र जवाफदेहिता अभिवृद्धि साथै सूचनाको स्वतः प्रकाशन सम्बन्धी विद्यालयका शिक्षक र व्यवस्थापन समितिलाई क्षमता विकास तालिम दिने । | ४.पारदर्शिता र जवाफदेहिता प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उत्कृष्ट विद्यालयहरूलाई पुरस्कृत गर्ने । | ४.विद्यालय शासनलाई पारदर्शिता र जवाफदेहिताको सुनिश्चित गर्ने । |
| ५.शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनका लागि प्राविधिकको क्षमता विकास गर्ने | ५.सबै सामुदायिक विद्यालयमा आवश्यक उपकरणसहित प्रभावकारी शैक्षिक सूचना व्यवस्थापन प्रणाली स्थापना र प्रभावकारी कार्यान्वयन गर्ने । | |
| ६. अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने । | ६. अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको व्यवहारिक र नतिजामुखी बनाउने । | |

**तालिका २/५.२.१ : शिक्षा विकासको आवधिक अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य (आ.व. २०९६/९७)**

| क्र. सं. | उपलब्धी सुचक | एकाइ | आधार बर्ष २०७६/७७ | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|---|
| १. | १५ बर्ष माथिको जनसंख्याको साक्षरता दर | प्रतिशत | ७७ | ७९ | ८७ | ९९ |
| २. | १५ देखि ३९ बर्षको युवाहरूको साक्षरता दर | प्रतिशत | ९५ | ९६ | ९८ | ९९.५ |
| ३. | प्रारम्भिक बालविकासको खुद भर्नादर | प्रतिशत | ४५ | ४८ | ५२ | ५७ |
| ४. | प्राथमिक तह (१ देखि ५) खुद भर्नादर | प्रतिशत | ९७ | ९७.५ | ९८ | ९९ |
| ५. | आधारभूत (१ देखि ८) तहको खुद भर्नादर | प्रतिशत | ८० | ८२ | ८५ | ९० |
| ६. | माध्यमिक तहको खुद भर्नादर | प्रतिशत | ८० | ८२ | ८५ | ९० |
| ७. | आधारभूत तहको औषत सिकाइ उपलब्धी दर | प्रतिशत | ६४ | ६६ | ६८ | ७२ |
| ८. | माध्यमिक तहको सिकाइ उपलब्धी दर | प्रतिशत | ६० | ६२ | ६७ | ७३ |
| ९. | विद्यालय छाड्ने दर (कक्षा १ देखि ५) | प्रतिशत | २.१ | २ | १.८ | ०.५ |
| १०. | विद्यालय छाड्ने दर (कक्षा ६ देखि ८) | प्रतिशत | ३ | २.८ | २ | ०.५ |
| ११. | विद्यालय छाड्ने दर (कक्षा ९ देखि १२) | प्रतिशत | ५ | ४.५ | ३ | १ |
| १२. | सामुदायिक विद्यालयमा पुस्तकालयको स्थापना र सञ्चालन | संख्या | ३५ | ५ | १० | ३ |
| १३. | सामुदायिक विद्यालयमा (पिउन योग्य) स्वच्छ सफा पानी व्यवस्था | संख्या | ४८ | ३ | २ | ० |
| १४. | विद्यालयमा सुरक्षित घेराबारको व्यवस्था निर्माण/मर्मत | संख्या | ३१ | ५ | १७ | १३ मर्मत |
| १५. | छात्रछात्राको लागि छुट्टा-छुट्टै शौचालय निर्माण | संख्या | ५१ | २ | ० | ० |
| १६. | कम्प्यूटर प्रयोगशाला स्थापना र सञ्चालन | संख्या | ३२ | ४ | १० | ७ |
| १७. | माध्यमिक तहमा विज्ञान प्रयोगशाला सञ्चालन | संख्या | १३ | ५ | ० | ० |
| १८. | आधारभूत तहमा विज्ञान प्रयोगशाला सञ्चालन | संख्या | ० | ० | १२ | २३ |
| १९. | विद्यालय शिक्षामा महिला शिक्षिका | प्रतिशत | ५० | ५५ | ७० | ७५ |
| २०. | सामुदायिक विद्यालयको माध्यमिक तह सञ्चालन भएका विद्यालयहरूमा प्राविधिक धार सञ्चालन | प्रतिशत | ३६ | ४५ | ७० | ९० |
| २१. | आधारभूत तहसम्म अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गर्नका लागि शिक्षकलाई तालिम | पटक | ० | १ | २ | २ |

| क्र.सं. | उपलब्धी सुचक | एकाइ | आधार बर्ष २०७६/७७ | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|---|
| २२. | निरन्तर मुल्याङ्कन प्रणाली सम्बन्धी शिक्षकलाई तालिम/पुनर्ताजकीय | पटक | ० | १(४१४ शिक्षक) | २(४१४ शिक्षक) | २(४१४ शिक्षक) |
| २३. | पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलाप सम्बन्धी शिक्षक तालिम | पटक | ० | २ | ३ | २ |
| २४. | शैक्षिक सामाग्री सहयोग | पटक | ० | २ | ५ | १३ |
| २५. | खेलकुद सामाग्री सहयोग (नगरमा भएका ५३ वटै विद्यालयलाई ) | पटक | ० | १ | २ | ७ |
| २६. | विद्यालय बस सञ्चालनमा सहयोग (पहिलो २ वर्ष तयारी मध्यकालीनमा मा.वि. सबैमा र दीर्घकालीनमा ३५ आ.वि.मा) | संख्या | ० | ० | १८ | ३५ |
| २७. | सामुदायिक विद्यालयको कक्षा ३ सम्म अल्पकालमा अर्थात् पहिलो २ वर्षमा र बाँकी अवधिमा आधारभूत तहसम्म दिवा खाजाको व्यवस्था | संख्या | | १५५० विद्यार्थी | २५३४ विद्यार्थी | ४६०० विद्यार्थी |
| २८. | विद्यालयमा इ-हाजिरीको व्यवस्था | संख्या | ० | १८ | ३५ | ० |
| २९. | माध्यमिक तहमा प्राविधिक धार सञ्चालन | संख्या | ४ | २ | ३ | ० |
| ३०. | बहुप्राविधिक विद्यालय सञ्चालन | संख्या | | | | १ |
| ३१. | शैक्षिक सूचना व्यवस्थापन प्रणालीका लागि आवश्यक प्रविधि र उपकरण सहयोग | संख्या | | १८ | ३५ | |
| ३२. | शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी शिक्षकलाई तालिम | संख्या | | १८ | ३५ | ० |
| ३३. | शिक्षा ऐन, नियम र कार्यविधि निर्माण सम्बन्धी जनप्रतिनिधिलाई अभिमुखिकरण, निर्माण र नियमित अद्यावधिक(प्रत्येक पटक निर्वाचित) | संख्या | ० | ८० | ८० | १६० |
| ३४. | नगर शिक्षा समिति गठन र समितिका पदाधिकारीहरूलाई क्षमता विकास तालिम/पुनर्ताजकीय तालिम | पटक | ० | १ | २ | ७ |
| ३५. | वडा शिक्षा समिति गठन, पुनर्गठन र क्षमता विकास तालिम (१४ वटा वडा प्रत्येक वडामा ७ जना, पदावधि २ वर्ष ) | संख्या | ० | ९८ | १९६ | ५८८ |
| ३६. | नगर शिक्षा योजना निर्माण र अद्यावधिक | पटक | ० | १ | १ | ३ |

| क्र. सं. | उपलब्धी सुचक | एकाइ | आधार बर्ष २०७६/७७ | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|---|
| ३७. | वडा शिक्षा योजना निर्माण र अद्यावधिक (१४ वटै वडामा एक पटक निर्माण गर्ने र २ वर्षको अवधिमा अद्यावधिक गर्ने | पटक | ० | १४ | २८ | ८४ |
| ३८. | विद्यालय सुधार योजना निर्माण र अद्यावधिक | पटक | | १ पटक ५३ विद्यालय | १ पटक ५३ विद्यालय | २ पटक ५३ विद्यालय |
| ३९. | बाल विकास केन्द्रमा बालमैत्री कक्षाकोठा व्यवस्थापन | संख्या | ० | २० | ३३ | ० |
| ४०. | बाल विकास केन्द्रका सहजकर्ता-हरूलाई मण्टेश्वरी विधिबाट शिक्षण सिकाई क्रियाकलाप सम्बन्धी तालिम/पुनर्ताजकीय तालिम | संख्या | ० | ५३ | १०६ | ३१८ |
| ४१. | बाल विकास केन्द्रका अभिभावकहरूलाई अभिभावक सचेतना कार्यक्रम (प्रत्येक वर्ष १ पटक ५३ वटा बाल विकासलाई) | पटक | ० | १ | २ | ६ |
| ४२. | विद्यालय भवन /कक्षाकोठा मर्मत | पटक | ० | १० | २० | २३ |
| ४३. | अपाङ्गता भएका बाल बालिकाहरूको लागि आवासीय विद्यालय भवन निर्माण | संख्या | ० | | १ | १ |
| ४४. | मातृ-भाषामा पठनपाठन गर्ने विद्यालयको संख्या वृद्धि भएको हुनेछ। | | | | | |
| ४५. | सबै सामुदायिक विद्यालय बालमैत्री र अपाङ्गतामैत्री हुनेछन्। | | | | | |
| ४६. | बहु-प्राविधिक विद्यालयको संख्या वृद्धि भएको हुनेछ। | | | | | |

## ५.२.२. स्वास्थ्य


### १. वर्तमान अवस्था

तानसेन नगरपालिकाको विभिन्न वडाहरूमा अवस्थित जिल्ला अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, आँखा अस्पताल, आयुर्वेद अस्पताल तथा प्राकृतिक चिकित्सा, बर्थिङ्ग सेन्टर, घुम्ती शिविर र निजी अस्पतालहरूमार्फत् नगरबासीहरूलाई स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। दुई ठूला सुबिधा सम्पन्न निजी तथा सामुदायिक, ५०० शैयाको लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल र १६९ शैयाको युनाइटेड मिशन अस्पताल यसै नगरमा पर्दछ। अन्य छिमेकी जिल्लाहरूबाट पनि यस नगरमा स्वास्थ्य उपचार तथा मेडिकल अध्ययनका लागि आउने गर्दछन्।

नगरका केन्द्र क्षेत्रका तथा आर्थिक स्थिति मजबुत भएका जनताहरूको नगरका ठूला निजी अस्पतालहरूमा पहुँच सहज देखिएता पनि नगरका विकट वडाका जनताको पहुँच केबल स्वास्थ्यचौकीसम्म रहेको छ जहाँ सबै स्वास्थ्य समस्याको समाधान सम्भव छैन। ८९ महिला स्वास्थ्य स्वयंसेविकाहरूले आ-आफ्नो समुदायमा प्राथमिक उपचार, प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्। नगरसँगको सहकार्यमा स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक कार्य गर्नका लागि अन्य संघसंस्थाहरू समेत कार्यरत रहेका छन्। ती संघ संस्थाहरूले विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रम गर्दै आएका छन्। नगरले

स्वास्थ्य सेवा सुधार तथा सबै नगरबासी माझ स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम आफ्नो वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्दै आएको छ । संघीय सरकारले दिएको स्थानीय अधिकार अनुरूप स्वास्थ्य सम्बन्धी ऐन "स्वास्थ्य तथा सरसफाई सेवा ऐन" निर्माण भइसकेको भए पनि उक्त ऐन कार्यान्वयनका लागि केही निर्देशिका, कार्यविधिहरू निर्माण हुन भने बाँकी रहेको छ । स्वास्थ्य सम्बन्धी कार्यविधिहरू जस्तैः सुत्केरी स्याहार खर्च वितरण कार्यविधि र विपन्न तथा अल्पसंख्यक समुदाय स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि भने निर्माण भइसकेको छ ।

**नक्सा १/५.२.२ : नगरमा रहेका स्वास्थ्य संस्था**



**तालिका १/५.२.२ : नगरपालिकाका स्वास्थ्य संस्था तथा तिनको पूर्वाधारको अवस्था**

| वडा नं. | स्वास्थ्य संस्थाको नाम | भवन | कैफियत |
|---|---|---|---|
| १. | मिसन सामुदायिक अस्पताल | छ | - |
| | नयाँ भवन निर्माण गरी आधारभूत स्वास्थ्य केन्द्रको स्थापना गर्ने प्रक्रियामा रहेको | भवन निर्माणका लागि बजेट विनियोजन भएको । | - |
| २. | स्वास्थ्य संस्था नभएको | भवन निर्माणका लागि बजेट विनियोजन भएको । | नयाँ भवन निर्माण गरी आधारभूत स्वास्थ्य केन्द्रको स्थापना गर्ने प्रक्रियामा रहेको । |
| ३. | स्वास्थ्य संस्था नभएको | भवन निर्माणका लागि बजेट विनियोजन भएको । | नयाँ भवन निर्माण गरी आधारभूत स्वास्थ्य केन्द्रको स्थापना गर्ने प्रक्रियामा रहेको । |
| ४. | पाल्पा सरकारी अस्पताल | छ | - |
| ५. | शहरी स्वास्थ्य केन्द्र | छ | स्तर उन्नतीको लागि बजेट विनियोजन भएको । |
| ६. | स्वास्थ्य संस्था नभएको | भवन निर्माणका लागि बजेट विनियोजन भएको । | नयाँ भवन निर्माण गरी आधारभूत स्वास्थ्य केन्द्रको स्थापना गर्ने प्रक्रियामा रहेको । |
| ७. | शहरी स्वास्थ्य केन्द्र | छ | स्तर उन्नतीको लागि बजेट विनियोजन भएको । |
| ८. | सामुदायिक स्वास्थ्य इकाई | जग्गा खरिद गरी भवन निर्माणका लागि बजेट विनियोजन भएको । | - |
| ९. | स्वास्थ्य चौकी | छ | - |
| १०. | स्वास्थ्य चौकी | निर्माणाधीन | - |
| ११. | स्वास्थ्य चौकी | कच्ची | - |
| १२. | स्वास्थ्य चौकी | कच्ची | - |
| १३. | स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य इकाई | छ | - |
| १४. | स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य इकाई | छ | - |

नेपाल सरकारको नीति अनुरूप नगरको सबै वडाहरूमा स्वास्थ्य चौकी स्थापना हुन सकेको छैन । नगरपालिकाका १, २, ३ र ६ वडाहरूमा अझै स्वास्थ्य चौकी स्थापना भइसकेको छैन र बजेट विनियोजन भई निकट भविष्यमा स्थापन हुने क्रममा रहेको छ । वडाहरूमा हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूमा आवश्यक भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण, सामाग्री, जनशक्तिको अभाव रहेको छ । नगरका सरकारी अस्पतालहरूमा ICU, NICU सेवा साथै आधुनिक उपकरणहरू इन्डोस्कोपी, सिटिस्क्यान, एम.आर.आइ. आदिको उपलब्धता तथा उपकरण चलाउन सक्ने दक्ष जनशक्ति छैनन् । साथै, अस्पतालहरूमा बिरामीको चाप अनुसार विशेषज्ञ चिकित्सक, चिकित्सक तथा स्वास्थ्यकर्मीहरू नभएको तथा जाँच परीक्षण प्रक्रियालाई अपेक्षित रूपमा छिटो गराउन सकिएको छैन । नगरपालिकामा पछिल्लो समय देखा परेका पाँच प्रमुख रोगहरू Falls/injuries/Fractures, Gastritis, Hypertension, Backache, URIT रहेका छन् । साथै, दीर्घ रोगहरूमा रक्तचाप, मधुमेह, बाथ/हाडजोर्नी दुख्ने, मधुमेह, मुटु रोग सम्बन्धी रोगहरू रहेका छन् ।

दीगो विकास लक्ष्य प्राप्तिका सन्दर्भमा नेपाल सरकारले मातृ मृत्युदर सन् २०१५ मा प्रति १ लाख २३८ रहेकोमा २०३० सम्म ६९ मा झार्ने, तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसूति गराउनेको अनुपात ५८ प्रतिशत रहेकोमा ९० प्रतिशत पुऱ्याउने, ५ वर्ष मुनीको बाल मृत्युदर प्रति १ हजारमा ३९ जनाबाट घटाई २२ र नवजात शिशु मृत्युदर २३ बाट १० मा ल्याउने तथा कम उमेरमा बच्चा जन्माउने दर प्रति हजारमा ८८ बाट ३० मा झार्ने लक्ष्य राखेको छ । पोषण सुरक्षा कार्यक्रममार्फत् सन् २०३० सम्म कुपोषणदर ३६ बाट ३ प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ । त्यसैगरी ३० मिनेटभित्र स्वास्थ्य संस्थाको पहुँच प्राप्त भएका परिवारको अनुपात ६८ बाट बढाएर ९० प्रतिशत पुऱ्याउने लक्ष्य पनि सरकारले राखेको छ भने सरुवा रोग तथा पानीजन्य रोगलाई नगण्यस्तरमा झार्ने लगायत स्वास्थ्य क्षेत्रका समग्र सुचकमा सुधार ल्याउने लक्ष्य पनि लिएको छ ।

नगर पार्श्वचित्रमा भएको तथ्याङ्कअनुसार नगरका सबै बालबालिकाहरूले समयमै पूर्ण खोप पाई रहेका छैनन् । कानुनी र प्रजनन स्वास्थ्यको दृष्टिकोणबाट २० वा सो वर्ष भन्दा कम उमेरमा आमा बन्नु गैरकानुनी र मातृ तथा शिशु दुबैको स्वास्थ्यका दृष्टिकोणबाट जोखिमपूर्ण मानिन्छ । शारीरिक, मानसिक, आर्थिक रूपमा अपरिपक्व अवस्थामा गर्भाधान र सन्तान जन्माउँदा एकातर्फ अपरिपक्व, कम तौल भएको, शारीरिक र बौद्धिक रूपमा विकलाङ्ग शिशु जन्मन सक्ने जोखिम उच्च रहन्छ भने अर्कोतर्फ गर्भावस्थाको हेरविचार, मातृ तथा शिशुको स्याहार, खानपान, सरसफाई जस्ता विषयमा पर्याप्त जानकारी नहुँदा आमा र शिशु विभिन्न प्रकारका संक्रमणको शिकार हुनसक्ने सम्भावना रहन्छ । यस नगरपालिकामा अझै पनि किशोरीहरू कम उमेरमा आमा बनेको तथा १५-१९ वर्षको बिचमा सन्तान जन्माएको तथ्याङ्क पनि रहेको देखिन्छ ।

यस पृष्ठभूमिका नगरको स्वास्थ्य सेवाको स्तर सुधार गर्ने तथा आधारभूत स्वास्थ्य सेवामा सबैको सरल र सहज पहुँच सुनिश्चित गर्नका लागि नगरले निम्न लक्ष्य, उद्देश्य तथा नीतिसहितको योजना तयार गरेको छ ।

## २. लक्ष्य

स्वस्थ तानसेन निर्माण गर्ने ।

## ३. उद्देश्य तथा नीतिहरू

### उद्देश्य १ : आधारभूत स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्नु ।

**नीति क.** नेपाल सरकारको मापदण्ड अनुरूप आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक वडा तथा बस्तीहरूमा रहेका स्वास्थ्य संस्थाबाट पूर्ण रूपमा निःशुल्क गरिने छ । त्यसका लागि नेपाल सरकारले उपलब्ध गराउने स्रोत र साधनमा अपर्याप्तता रहेमा नगरका तर्फबाट पूर्ति गरिनेछ ।

**नीति ख.** स्वास्थ्य सेवामा गरिब, सीमान्तकृत, दलित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, असक्त तथा अपाङ्गता भएका तथा दीर्घ रोगीहरूको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरू तय गरी लागु गरिनेछ । स्वास्थ्य संस्थामा त्यस्ता पक्षको पहुँचका सरल बनाउन भौतिक पूर्वाधारहरूको र सेवाको अभ्यासमा आवश्यक सुधार गरिने छ र भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री, बालबालिका मैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइने छ ।

**नीति ग.** स्वास्थ्य संस्थाको नयाँ भवन निर्माण, सेवा सञ्चालन वा विस्तार गर्दा सकेसम्म बढी जनघनत्व तथा पायक भएको स्थान छनोट गरिनेछ ।

**नीति घ.** नगरको ग्रामीण वडाहरू थप प्राथमिकतामा राखी हरेक बस्तीमा स्वास्थ्य सेवा विस्तार गर्न हाल सञ्चालनमा रहेका खोप केन्द्र र गाउँघर क्लिनिकलाई थप ब्यवस्थित बनाई भवन निर्माण गरी स्वास्थ्य चौकीबाट टाढा रहेका बस्तीहरूमा गैह्रसरकारी संस्था र निजी क्षेत्रसँग सहकार्यमा थप गाउँ गाउँमा जनशक्तिसहित घुम्ती शिविर सञ्चालन गरिने छ ।

**नीति ङ.** स्वास्थ्य बिमा सेवालाई नगरको हिसाबले थप व्यवस्थित र विस्तार गरी अति गरिब तथा विपन्न, दलित, पिछडिएका वर्ग, अपाङ्ग (रातो र निलो परिचयपत्र प्राप्त) र ज्येष्ठ नागरिक मात्र भएको परिवारको स्वास्थ्य बिमा वडास्तरबाटै निःशुल्क रूपमा गर्न आवश्यक प्रबन्ध गरिने छ ।

**नीति च.** सामुदायिक अस्पतालमा बालरोग, स्त्री तथा प्रजनन स्वास्थ्य तथा नसर्ने प्रकृतिका रोगको पहिचान र उपचार सेवा सुधार गर्न दक्ष जनशक्ति तथा न्यूनतम स्वास्थ्य उपकरणको व्यवस्थापन गरिने छ। साथै अस्पताल लगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर निर्धारण र मापन प्रणाली कार्यान्वयन गरिने छ ।

**नीति छ.** स्वास्थ्य सेवाको विस्तारमा बाह्य संघ संस्थासँगको साझेदारीलाई प्राथमिकता दिइने छ ।

**नीति ज.** आयुर्वेद चिकित्सा पद्धति, ध्यान र योगलाई स्वास्थ्य उपचारको सहयोगी माध्यम बनाउन प्रोत्साहित गर्न विभिन्न स्थानमा लागत सहभागितामा अल्पअवधिको योग शिविरहरू सञ्चालन तथा स्थायी योग केन्द्र स्थापना गरिने छ ।

**उद्देश्य २: स्वास्थ्य सेवाको विस्तार र गुणस्तर प्रवर्द्धन गर्नु ।**

**नीति क.** नगरका ग्रामीण वडाका सबै स्वास्थ्य संस्थाहरूलाई स्तरोन्नती गरी पूर्वाधारहरूलाई थप सुधार गर्ने र हाल जिल्ला अस्पतालबाट उपलब्ध हुने कतिपय सेवाहरूलाई स्वास्थ्य चौकीसम्म विस्तार गरिने छ । कुनै स्वास्थ्य चौकी केन्द्रित रही नगरको आवश्यकता अनुसार अपुग पूर्तिमा योगदान गर्न चाहने संघसंस्थाहरूलाई सेवा प्रदानको लागि प्रोत्साहित गरिने छ ।

**नीति ख.** नगरको सबै वडाहरूमा स्वास्थ्यचौकी हुन पर्ने नेपाल सरकारको नीति अनुरूप स्वास्थ्य संस्था नभएका नगरका ४ वटा वडाहरूमा भवन निर्माण गरी स्वास्थ्यचौकीको स्थापना गरिने छ ।

**नीति ग.** सामुदायिक स्वास्थ्य संस्थामा उपचार सेवाबाहेक अन्य आधारभूत सेवा सुविधा जस्तैः, खानेपानी, सरसफाई, विश्राम वा प्रतीक्षा स्थल, सेवा प्राप्त गर्न लाग्ने समय, बिरामीलाई हुने व्यवहार आदिको न्यूनतम स्तर कायम गरिने छ ।

**नीति घ.** नगरको सबै वडाका अस्पताल, स्वास्थ्यचौकीहरूसम्म सडक र यातायातको पहुँच पुऱ्याई आपत्कालीन स्वास्थ्य सेवा तुरुन्त उपलब्ध हुने गरी निःशुल्क रूपमा निश्चित “ख” वर्गको मापदण्डको एम्बुलेन्स सञ्चालन गरिने छ ।

**नीति ङ.** सबै वडाहरूमा व्यवस्थित तथा निश्चित ठाउमा खोप क्लिनिकको भवन निर्माण गर्ने तथा नगरका सबै स्वास्थ्य संस्थाहरूको पूर्वाधार र प्राविधिक क्षमता सुधार गरी आपत्कालीन र नियमित प्रसूति सेवालाई थप व्यवस्थित गराई यो सेवालाई क्लस्टरस्तरमा विस्तार गरिने छ ।

**नीति च.** स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका र सेवा विमुख नागरिकहरूको लागि स्थानीय स्वास्थ्य संस्थालाई व्यवस्थित गर्दै घरदैलो स्वास्थ्य सेवालाई अझ प्रभाकारी बनाई निरन्तरता दिइने छ ।

**नीति छ.** विवाहित एकल महिला, HIV/AIDS संक्रमित व्यक्ति र फरक क्षमता भएका व्यक्ति आफु प्रोपराइटर भई व्यवसाय सञ्चालन गरेमा व्यवसाय करमा ५० प्रतिशत कर छुट दिने व्यवस्था गरिने छ ।

**नीति ज.** सरोकारवाला संघसंस्था तथा संक्रमित र प्रभावितहरूको समूहसँग समन्वय एवम् साझेदारी गर्दै HIV/AIDS संक्रमित परिवारका सदस्यलाई रोजगार तथा आयआर्जनका कार्यक्रममा संलग्न गराई उनीहरूको आर्थिक सबलीकरणमा जोड दिइनेछ ।

**नीति झ.** नगरमा नयाँ स्वास्थ्य संस्थाको भवन निर्माण गर्दा तथा पूराना स्वास्थ्य संस्थाको भवनको स्तरोन्नती तथा पुननिर्माण गर्दा नेपाल सरकारको शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको मापदण्ड तथा स्तर बमोजिम गरिने छ ।

**उद्देश्य ३ : संस्थागत र व्यक्तिगत जवाफदेहिता सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई संवेदनशील (Sensitive) सेवा क्षेत्रका रूपमा स्थापित गर्नु ।**

**नीति क.** नगर र वडास्तरमा स्वास्थ्य अनुगमन समिति पुनर्गठन तथा क्रियाशील गराई नगरको स्वास्थ्य शाखा, स्वास्थ्य चौकी र सामुदायिक अस्पतालका ब्यवस्थापन समितिसँगको समन्वयमा स्वास्थ्य सेवाको प्रभावकारी अनुगमन गरिने छ। साथै, नगरका सबै स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य ब्यवस्थापन समितिको भूमिका थप प्रभावकारी बनाइने छ ।

**नीति ख.** नगरमा रहेका मातृ मृत्युदर, शिशु मृत्युदर, विभिन्न उमेर समूहका बाल मृत्युदर, कुपोषण, खोप, प्रोटोकल अनुसार गर्भ जाँच दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिने संख्या आदिमा सुधार गर्न दीगो विकास लक्ष्य र नेपालको पन्ध्रौं योजना आधार पत्र र संघ तथा प्रदेशको स्वास्थ्य नीति समेतलाई आधार मानी नगरले ती राष्ट्रिय लक्ष्य समयमा नै पूरा गर्ने गरी उपलब्धी समीक्षा र सुधारको पद्धति कार्यान्वयनमा ल्याउने छ ।

**नीति ग.** नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको रोक्न सकिने मृत्युको शुन्य गराउनका लागि बालबालिका लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।

**नीति घ.** औषधी, उपकरण र प्रविधिजन्य स्वास्थ्य सामाग्रीको मूल्य, गुणस्तर निर्धारण, खाद्य पदार्थ सुरक्षा, औषधी गुणस्तर र बजार मूल्य नियन्त्रणका लागि निश्चित मापदण्ड बनाई नगरको स्वास्थ्य शाखा तथा स्वास्थ्य समितिमार्फत् नियमन गरिने छ ।

**नीति ङ.** विपद् तथा महामारीको पूर्वतयारी प्रतिकार्यका लागि वडास्तरको समेत प्रतिनिधित्व हुने गरी द्रुत प्रतिकार्य टोली पुनर्गठन र थप क्रियाशील गराइने छ ।

**नीति च.** किशोरकिशोरी, परिवार नियोजन लगायत यौन तथा प्रजनन सम्बन्धी स्वास्थ्य सेवा र सूचना तथा शिक्षा सबैको पहुँचमा हुने गरी नगर र वडास्तरबाट प्रतिकारात्मक, प्रवर्द्धनात्मक र सेवामूलक गतिविधि सञ्चालन गरिने छ ।

**नीति छ.** स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका बढाउनुका साथै बाह्य संघसंस्थासँग समन्वयात्मक रूपमा सचेतनामूलक गतिविधि सञ्चालन गरिने छ ।

**नीति ज.** आचारसंहितामार्फत् चिकित्सक/स्वास्थ्यकर्मी र बिरामी बिचको सुमधुर सम्बन्ध कायम गर्दै सद्भावपूर्ण व्यवहार सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

**उद्देश्य ४: स्वास्थ्य सेवा सूचना प्रविधिमैत्री बनाउनु ।**

**नीति क.** स्वास्थ्य संस्था तथा सेवालाई थप पारदर्शी र व्यवस्थित गर्न डिजिटल सूचना पाटी, डिजिटल टिकेट काउन्टर, डिजिटल हाजिरी तथा डिजिटल टोकन प्रणालीको ब्यवस्था गरिने छ ।

**नीति ख.** सबै स्वास्थ्यचौकी तथा अस्पतालमा बिरामीहरूको डिजिटल प्रोफाइल राखिने छ। नगरको स्वास्थ्य शाखामा स्वास्थ्य सूचना संकलन तथा डिजिटल स्वास्थ्य तथ्याङ्क व्यवस्थित आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ। हाल प्रयोगमा रहेको स्वास्थ्य सूचना प्रणालीमा सुधार, व्यवस्थित र नगरका लागि थप उपयोगी बनाइने छ ।

**नीति ग.** नगरवासीका लागि विभिन्न सामाजिक सञ्जाल, नगरको वेभसाइट र स्वास्थ्य सूचना सम्बन्धी एप्समार्फत् नगर तथा बाह्य संघसंस्थामार्फत् उपलब्ध हुने स्वास्थ्य सेवाको जानकारी र सचेतनामूलक सन्देश प्रवाह गरिने छ ।

**नीति घ.** स्वास्थ्य तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई अध्ययन, अनुसन्धान, सर्वेक्षण, विश्लेक्षण गरी सबै तहमा हुने नीति निर्माण प्रक्रियामा तथ्याङ्कको प्रयोगलाई बढावा गरिने छ ।

**नीति ङ.** निश्चित मापदण्ड बनाई नगर अनलाइनमार्फत् निःशुल्क र सशुल्क स्वास्थ्य परामर्श सेवा प्रवाहको व्यवस्था गरिने छ ।

**उद्देश्य ५ : स्वास्थ्य सेवा प्रवाहमा नगरको क्षमता विकास गर्नु ।**

**नीति क.** नगरपालिकाको स्वास्थ्य शाखा तथा नगरभित्रका सबै स्वास्थ्य संस्थामा आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ। त्यसका लागि आवश्यकता अनुसार थप जनशक्तिको व्यवस्था तथा उपलब्ध जनशक्तिको क्षमता विकासलाई प्राथमिकतामा राखिने छ ।

**नीति ख.** स्वास्थ्य सेवामा संलग्न कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोबल वृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षा सुनिश्चित गरिने छ ।

**नीति ग.** नगरको स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाहरू तथा स्वास्थ्य क्षेत्रमा काम गर्ने कर्मचारी तथा स्वयंसेवकहरूको कार्यका बिच प्रभावकारी समन्वय सुनिश्चित गरिनुका साथै उत्कृष्ठ स्वास्थ्यकर्मी तथा स्वयंसेविकालाई पुरस्कार र क्षमता विकासका अवसर उपलब्ध गरिने छ ।

**तालिका २/५.२.२ : आवधिक प्राथमिकता : स्वास्थ्य**

**क**. नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रूपमै प्रत्याभूत गरेको छ। तानसेन नगरपालिकामा स्थानीय अधिकार अनुरूप स्वास्थ्य तथा सरसफाई ऐन निर्माण भइसकेको भए पनि उक्त ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि थप आवश्यक केही नियमावली, निर्देशिका कार्यविधिहरू निर्माण हुन बाँकी रहेको छ । नेपाल सरकारको न्यूनतम मापदण्ड अनुरूप आधारभूत स्वास्थ्य सेवाहरू नगरका स्वास्थ्य संस्थाहरूबाट पूर्ण रूपमा निःशुल्क र सबै नगरवासीहरूको पहुँचमा सुनिश्चित गर्न स्वास्थ्य तथा सरसफाई ऐन प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आवश्यक निर्देशिका तथा कार्यविधिहरू निर्माण गर्न आवश्यक छ ।

संघीय सरकारले निर्माण गरेका जनस्वास्थ्य ऐन २०७५, राष्ट्रिय नीति २०७६, स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा, स्वास्थ्य पूर्वाधार विकास मापदण्ड र शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको स्वास्थ्य पूर्वाधार मापदण्ड तथा स्तरलाई आधार मानी नगर अनुकूल नगरको आफ्नै स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड निर्माण गर्न आवश्यक छ ।

दीगो विकास लक्ष्य प्राप्तिका सन्दर्भमा नेपाल सरकारले निर्धारण गरेको समग्र स्वास्थ्य सूचक र नेपाल सरकारको पन्ध्रौं योजनाको आधार पत्रको अपेक्षित उपलब्धीमा उल्लेख भएका लक्ष्य हाँसिल गर्न नगरको स्वास्थ्य क्षेत्रलाई थप प्रभावकारी र उपलब्धीमूलक बनाई स्वास्थ्य सेवाका कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्ड तत्काल निर्माण गरी लागु गर्ने र कार्यान्वयनको अवस्थाको आवधिक समीक्षा, आवश्यक परिमार्जन तथा संशोधन गर्दै सम्बन्धित आवधिक प्राथमिकताका कार्यक्रमहरू तल प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरको स्वास्थ्य तथा सरसफाई ऐन कार्यान्वयनका लागि नियमावली, निर्देशिका र निम्नानुसारका कार्यविधिहरू निर्माण गर्ने ।<br>● निजी स्वास्थ्य संस्था दर्ता सम्बन्धी कार्यविधि ।<br>● एम्बुलेन्स सेवा सञ्चालन र निःशुल्क सेवा सम्बन्धी कार्यविधि ।<br>● स्वास्थ्य संस्थाको अनुगमन गुणस्तर बारे कार्यविधि ।<br>● स्वास्थ्य संस्थाको पूर्वाधार मापदण्ड बारे कार्यविधि ।<br>● स्वास्थ्यजन्य फोहोर ब्यवस्थापन सम्बन्धी कार्यविधि ।<br>● औषधी खरिद, आपूर्ति, भण्डारण तथा बिक्री गरिने औषधीको हकमा मूल्य निर्धारण सम्बन्धी कार्यविधि ।<br>● घुम्ती शिविर सम्बन्धी HIV/AIDS संक्रमित परिवारका सदस्यलाई रोजगार तथा आयआर्जनका कार्यक्रम सम्बन्धी कार्यविधि । | १. स्वास्थ्य ऐन तथा नीति कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. आवश्यक नीति, नियम, निर्देशिकाहरू आवश्यक पुनरावलोकन, परिमार्जन र संशोधन गर्दै जाने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ● ज्येष्ठ नागरिक, अपाङ्गता भएका र सेवा विमुख नागरिकहरूको लागि घरदैलो स्वास्थ्य सेवालाई सम्बन्धी कार्यविधि ।<br>● अन्य सान्दर्भिक कार्यविधिहरू । | | |
| २. निर्माण भइसकेका स्वास्थ्य सम्बन्धी कार्यविधिहरू जस्तैः सुत्केरी स्याहार खर्च वितरण कार्यविधि र विपन्न तथा अल्पसंख्यक समुदाय स्वास्थ्य बिमा कार्यक्रम कार्यविधिलाई थप प्रभावकारी कार्यान्वयनमा जोड दिने । | २. स्वास्थ्य सम्बन्धी कार्यविधि-हरूलाई थप प्रभावकारी कार्यान्यनको आवधिक समीक्षा गर्दै आवश्यक परिमार्जन तथा पुनरावलोकन गर्ने । | २. स्वास्थ्य सम्बन्धी कार्यविधिहरू लाई थप प्रभाकारी कार्यान्वयनको आवधिक समीक्षा गर्दै आवश्यक परिमार्जन तथा पुनरावलोकन गर्ने । |
| ३. स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड तयार गर्ने । | ३. स्वास्थ्य सेवा तथा पूर्वाधारको मापदण्ड कार्यान्वनयको समीक्षा तथा आवश्यक परिमार्जन गर्ने । | ३. स्वास्थ्य सेवा तथा पूर्वाधारको मापदण्ड कार्यान्वनयको समीक्षा तथा आवश्यक परिमार्जन गर्ने । |
| ४. स्वास्थ्य सम्बन्धी ऐन र नियमावली कार्यान्वयन र लक्षित कार्यक्रम, परियोजना र लक्ष्य प्राप्ति गर्ने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षाको पद्धति विकास गर्ने । | ४.स्वास्थ्य सम्बन्धी ऐन र नियमावली कार्यान्वयन र लक्षित कार्यक्रम, परियोजना र लक्ष्य प्राप्ति गर्ने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षा पद्धतिलाई निरन्तरता दिने । | ४.स्वास्थ्य सम्बन्धी ऐन र नियमावली कार्यान्वयन र लक्षित कार्यक्रम, परियोजना र लक्ष्य प्राप्ति गर्ने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षा पद्धतिलाई निरन्तरता दिने । |
| | ५.स्वास्थ्य क्षेत्रको उपलब्धीको आवधिक समीक्षा गरी मध्यकालीन लक्ष्य प्राप्तिमा भएका प्रगतिको समीक्षा गर्ने । | ५.स्वास्थ्य क्षेत्रका अपेक्षित उपलब्धी प्राप्तिमा भएको प्रगतिको आवधिक समीक्षा गरी आवश्यकता अनुसार थप नीतिगत र कानुनी प्रबन्ध गर्ने । |
| ६. स्वास्थ्य ऐन, नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटका बिचमा सामञ्जस्यता विश्लेषण शुरु गर्ने । | ६. स्वास्थ्य ऐन, नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटका बिचमा सामञ्जस्यता विश्लेषण गर्ने। | ६. स्वास्थ्य ऐन, नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटका बिचमा सामञ्जस्यता विश्लेषण गर्ने। |
| | ७. "ख" वर्गको एम्बुलेन्स सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्ने । | ७. "ख" वर्गको एम्बुलेन्स सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि आवश्यक परिमार्जन गर्ने । |
| | ८. विशिष्ठ स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन एवं अनलाइन स्वास्थ्य परामर्श सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्ने । | ८.विशिष्ठ स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन एवं अनलाइन स्वास्थ्य परामर्श सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि कार्यान्यनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । |

**ख**. नगरको स्वास्थ्य सेवा सुधार तथा सबै नगरबासी माझ स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम आफ्नो वार्षिक निति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्दै आएको छ । नगरको स्वास्थ्य क्षेत्रको दीर्घकालीन लक्ष्य हाँसिल गर्नका साथै बृहत् योजनाका आवधिक कार्यक्रमहरूलाई समेत सहयोग हुने हिसाबले नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रम बनाउनेमा मात्र सीमित नभई नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति २०७६ र पन्ध्रौं योजना आधार पत्रलाई समेत आधार मानी नगरको छुटै दीर्घकालीन स्वास्थ्य नीति निर्माण गरी कार्यन्वयन गर्न आवश्यक छ। तिनको आवधिक प्राथमिकताका कार्यक्रमहरू तल प्रस्तुत छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.नगरको दीर्घकालीन स्वास्थ्य नीति निर्माण गर्ने । | १.स्वास्थ्य नीतिको कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १.स्वास्थ्य नीतिको कार्यान्वयनको आवधिक समीक्षा गरी समय अनुकुल आवश्यक परिमार्जन गर्ने । |
| २. नगरको वार्षिक नीति तथा बजेट कार्यक्रममा तथा कुनै पनि स्वास्थ्य सम्बन्धी परियोजनामा बजेट विनियोजन गर्दा कार्यक्रम तथा परियोजनालाई नगरबासीको आवश्यकता अनुरूप प्राथमिकरणको आधारमा बजेट विनियोजन गर्ने नीति, नियम निर्माण गर्ने । | २. प्राथमिकरणको आधारमा बजेट विनियोजन गर्ने नीतिलाई कार्यान्वयन गर्ने । | २. प्राथमिकरणको आधारमा बजेट विनियोजन गर्ने नीतिलाई कार्यान्वयनलाई निरन्तरता दिने । |
| ३. कोभिड-१९ जस्ता महामारीको पूर्व तयारी र प्रतिकार्यलाई व्यवस्थित गर्न कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण, प्रतिकार्य कार्ययोजना बनाउने । | | |


**ग**. तानसेन नगरपालिकामा हाल नगरभर लुम्बिनी मेडिकल कलेजको मातहतमा एउटा रक्त सञ्चार केन्द्र सञ्चालनमा रहेको छ । नगर तथा सरकारी अस्पताल अन्तर्गत रक्त सञ्चार केन्द्र छैन । गर्भवती महिला, विभिन्न दुर्घटनामा परेका बिरामीहरू रगतको अभावको कारण अकालमा मृत्यु हुने सम्भावनाको अन्त्यका लागि नगरमा रहेको रक्त सञ्चार सेवा र रक्त सञ्चार केन्द्रलाई थप प्रभावकारी र व्यवस्थित बनाउन निम्नानुसारको आवधिक कार्यक्रम प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. रेडक्रसको स्थानीय इकाईको समन्वयमा नगरका प्रत्येक वडामा रक्त संकलन क्याम्प सञ्चालन गरी रक्तदाताहरूलाई वार्षिक रूपमा सम्मान कार्यक्रम आयोजना गर्ने । | १. रक्त सञ्चार केन्द्र (Blood Bank) लाई थप व्यवस्थित र स्तरोन्नती गर्ने (कम्पोनेन्ट ब्लडसहितको) | १. रक्त सञ्चार केन्द्र (Blood Bank) लाई थप व्यवस्थित र आवश्यक अनुसार नगरका वडाहरूमा रक्त संकलन केन्द्र विस्तार गर्ने । |

**घ**. नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको स्वास्थ्य पूर्वाधार मापदण्ड तथा स्तर अनुसार तानसेन जस्तो नगरपालिकामा (४०,०००-१००,००० जनसंख्या भएको नगर) २०,००० जनसंख्या बराबर ०.२५ हेक्टर क्षेत्रफलमा निर्माण भएको ५ देखि १५ शैयाको एक प्राथमिक स्वास्थ्य स्याहार केन्द्र र ५०,००० जनसंख्या बराबर १.३ हेक्टर क्षेत्रफलमा निर्माण भएको २५ देखि ५० शैयाको एक अस्पताल हुनपर्ने मापदण्ड रहेको छ । हाल तानसेन नगरपालिकाको जनसंख्याका नगर पार्श्वचित्र, २०७५ अनुसार ४७,४०६ रहेको छ भने अबको बीस वर्षमा करिब ६४,८१६ पुग्ने अनुमान रहेको छ ।

नगरको स्वास्थ्य सेवाको जि.आई.एस. नक्सा अनुसार स्वास्थ्य संस्थाबाट २ कि.मि. भन्दा टाढा रहेको घरधुरी सबभन्दा धेरै वडा नं. १ र ८ त्यसपछि क्रमशः ७, १०, ११, १२, १३ र १४ रहेका छन् । त्यसकारण, अल्पकालीन र दीर्घकालीनमा नयाँ निर्माण हुने स्वास्थ्य संस्थाहरू यी बस्तीहरूलाई समेट्ने गरी पायक पर्ने स्थानमा निर्माण गर्न आवश्यक छ जहाँ अन्य वडाका भन्दा धेरै संख्याका नगरबासीहरू स्वास्थ्य सेवाका दूरीबाट टाढा रहेका छन् । जसलाई तलको नक्सामा देखाइएको छ ।

नक्सा २/५.२.२ : स्वास्थ्य संस्थाको सेवा क्षेत्र नक्सा




| Ward | HHs Outside 2km Buffer |
|---|---|
| 1 | 236 |
| 2 | 5 |
| 3 | 5 |
| 4 | 0 |
| 5 | 66 |
| 6 | 35 |
| 7 | 130 |
| 8 | 221 |
| 9 | 0 |
| 10 | 157 |
| 11 | 140 |
| 12 | 183 |
| 13 | 139 |
| 14 | 158 |

नेपाल सरकारको नीति अनुसार नगरको प्रत्येक वडाहरूमा स्वास्थ्य चौकी हुनुपर्ने नीति भए पनि तानसेन नगरपालिकाको सन्दर्भमा १४ वडा मध्ये वडा नं. १, २, ३ र ६ मा अझै पनि सरकारी स्तरबाट स्वास्थ्य संस्था स्थापना हुन सकेको छैन ।

५०० र १६९ शैयाको निजी अस्पतालसहित १० वटा सरकारीस्तरको स्वास्थ्य संस्थाहरू छन् ती मध्ये ६ वटा स्वास्थ्य संस्थाहरूको मात्र पक्की भवन छ। पक्की भवन भएका स्वास्थ्य संस्थाहरूको पनि केहीको मात्र न्यूनतम राष्ट्रिय मापदण्ड अनुसारको भौतिक पूर्वाधारहरू छन् भने बाँकी आफ्नै भवन नभएका स्वास्थ्य संस्थाहरू वडा भवन र सामुदायिक भवनहरूमा अस्थायी रूपमा सञ्चालन भइरहेको छ । यसकारण कम्तीमा पनि नगरका सबै स्वास्थ्य संस्थाहरूको स्तरोन्नती गर्दै न्यूनतम राष्ट्रिय मापदण्डमा पूर्वाधारहरू तयार गर्न तथा नगरको माग अनुसार नयाँ अस्पताल निर्माण गर्दै स्वास्थ्य सेवामा सुधार तथा गुणस्तर प्रवर्द्धन गर्न निम्नानुसारको प्राथमिकताका आवधिक कार्यक्रमहरू तय गरिएको छ ।

| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
|---|---|---|
| १. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरूको मर्मत सम्भारमार्फत् उपयुक्त मापदण्डमा पुऱ्याउन सकिने भवनको मर्मत सम्भारको कार्य शुरुवात गर्ने । | १. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरूको मर्मत सम्भारमार्फत् उपयुक्त मापदण्डमा पुऱ्याउन सकिने भवनको मर्मत सम्भारको कार्य पूरा गर्ने । | १. नगरमा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूमा बिरामीका चाप हेरी आवश्यक देखिएकामा स्वास्थ्य सेवा तथा पूर्वाधार विस्तार गर्ने । |
| २. स्वास्थ्य संस्था नभएका वडाहरू १, २, ३ र ६ मा स्वास्थ्य संस्था स्थापना र उक्त वडाहरूमा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माणको (बजेट विनियोजन भइसकेको) लागि सम्पूर्ण प्रक्रिया पूरा गर्ने । | २. स्वास्थ्य संस्थाको भवन नभएका वडाहरू १, २, ३ र ६ मा भवन निर्माण गरिसक्ने र स्वास्थ्य सेवा शुरु गर्ने । | |
| ३. वडा नं. १० को निर्माणाधीन स्वास्थ्यचौकी र वडा नं. ८ को सामुदायिक स्वास्थ्य इकाईको नयाँ भवन निर्माण कार्य पूरा गर्ने । साथै चाउरी भञ्ज्याडको शहरी स्वास्थ्य भवन लगायत अन्य वडामा रहेका शहरी स्वास्थ्य केन्द्रहरूलाई थप व्यवस्थित गर्ने । | | |
| ४. वडा नं. ५ र ७ मा रहेका शहरी स्वास्थ्य केन्द्रको स्तरोन्नतीको कार्य शुरुवात गर्ने (बजेट विनियोजन भइसकेको) । | ४. वडा नं. ५ र ७ मा रहेको शहरी स्वास्थ्य केन्द्रको स्तरोन्नतीको कार्य गरिसक्ने र वडा नं. ११ र १२ स्थित कच्ची स्वास्थ्य चौकीको भवनलाई पक्की भवन बनाउने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ५. प्रदेश सरकारसँगको समन्वयमा पाल्पा सरकारी अस्पताललाई स्तरोउन्नती गर्न सम्पूर्ण प्रक्रिया पूरा गर्ने । | ५. संघीय र प्रदेश सरकारको सहयोग र समन्वयनमा विशेषज्ञ चिकित्सक, आधुनिक ल्याब तथा उपकरण, २४सैं घण्टाको आकस्मिक सेवासहितको पाल्पा सरकारी अस्पताललाई स्तरोन्नती गरिसक्ने । | ५. संघीय र प्रदेश सरकारको सहयोग र समन्वयनमा सरकारी अस्पताललाई सुविधा सम्पन्न बनाई कम्तीमा ५० शैयामा स्तरोन्नती गरी नगरका विपन्न र विकट बस्तीका नागरिकका लागि गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्ने । |
| ६. हाल नगरमा संञ्चालामा रहेका स्वास्थ्य चौकी, प्रसूति सेवा केन्द्र, शहरी केन्द्रहरूमा बिरामीका चाप हेरी आवश्यक देखिएकामा सेवा तथा पूर्वाधार थप विस्तार गर्ने । | ६. आवश्यकता र नगरको माग अनुसार नगरमा सञ्चालनमा रहेका स्वास्थ्यचौकी, प्रसूति सेवा केन्द्र, शहरी केन्द्रहरूमा बिरामीका चाप हेरी आवश्यक देखिएकामा सेवा तथा पूर्वाधार थप विस्तार गर्दै जाने । | ६. नगरमा सञ्चालनमा रहेका स्वास्थ्य चौकी, प्रसूति सेवा केन्द्र, शहरी केन्द्रहरूमा बिरामीका चाप हेरी आवश्यक देखिएकामा सेवा तथा पूर्वाधार थप विस्तार गर्दै जाने । |
| ७. कोभिड-१९ जस्ता माहामारीबाट जोगिन र पूर्व सतर्कता अपनाउन तथा नियमित स्वास्थ्य सेवाको निरन्तरतामा असर पर्न नदिन आवश्यकता अनुसार नगरभित्र विशेष अस्थायी कोभिड-१९ उपचार केन्द्र वा अस्पतालको निर्माण गर्ने । | | |

**ङ**. नगरको सुरक्षित मातृत्व सेवालाई थप सुधार गर्न प्रोटोकलअनुसार पहिलो पटक गर्भवती जाँच सेवा लिनेको संख्या, प्रोटोकलअनुसार ४ पटक गर्भवती जाँच सेवा लिनेको संख्या, दक्ष प्रसूतिकर्मीबाट (चिकित्सक, नर्स, तालिम प्राप्त अ.न.मि.) प्रसूति गराउनेको संख्या, प्रोटोकलअनुसार ३ पटक सुत्केरी जाँच गरेको संख्यामा सुधार गर्न जरुरी छ । नगरपालिकाको केन्द्रका नगरबासीहरूको पहुँच सहज देखिएता पनि विकट वडाहरूमा गुणस्तरीय प्रसूति सेवाको अझै पहुँच पुग्न सकेको छैन । नगर भरी तीनवटा मात्र सरकारी स्तरको बर्थिङ सेन्टर रहेको छ जुन पर्याप्त छैन । मातृ मृत्युदरलाई तथा नवशिशु मृत्युलाई घटाउन निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्रसूति सेवाको पहुँच पुग्न नसकेको वडा तथा बस्तीहरूका स्वास्थ्य संस्थाहरूमा प्रसूति केन्द्र स्थापनाका लागि प्रक्रिया शुरु गर्ने । | १. नगरका सबै वडाका आफ्नै भवन भएका स्वास्थ्य संस्थाहरूमा स्थापना गरी क्लस्टरस्तरमा प्रसूति केन्द्र स्थापना र सञ्चालन गरिसक्ने । | १. नगरका सबै वडामा क्लस्टरस्तरमा प्रसूति केन्द्र र नगरस्तरमा आपत्कालीन प्रसूति सेवा (Emergency Obstetric Care) स्थापना र सम्बन्धित विशेषज्ञको निगरानीमा सेवा सञ्चालन गर्ने । |

**च**. तानसेन नगरपालिकाको बजारका वडाहरू बाहेक अन्य वडाहरू भौगोलिक हिसाबले तुलनात्मक रूपमा विकट छन् । भौगोलिक विकटताको कारण नगरका केही बस्तीहरूमा सडक यातायातको पहुँच पुग्न सकेको छैन । नगरका ग्रामीण वडाहरूका प्रत्येक बस्तीदेखि स्वास्थ्य संस्थाहरूसम्म एम्बुलेन्स र अन्य यातायातको साधन जान सक्ने गरी सडकको विस्तार गर्नुपर्ने छ । यसरी एम्बुलेन्स सेवालाई थप प्रभाकारी बनाउन निम्न आवधिक प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरका ग्रामीण वडाहरूको प्रत्येक बस्तीहरूमा कम्तीमा एम्बुलेन्स र अन्य यातायातका साधनहरू जान नसक्ने बस्तीहरूको पहिचान गरी त्यस्ता बस्तीहरूमा सडक विस्तारको लागि पहल शुरु गर्ने । | १. एम्बुलेन्स र अन्य यातायातका साधनहरू जान नसक्ने बस्तीहरूको पहिचानको आधारमा आगामी शुरु हुने नयाँ सडकका परियोजनाहरूसँग समन्वय गर्दै सडक विस्तारको काम शुरु गर्ने । | १. नगरको सबै बस्तीदेखि वडाका सबै शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, अस्पतालहरूसम्म सडक र यातायातको पहुँचको विस्तार गरिसक्ने । |

**छ.** तानसेन नगरपालिकामा करिब ५०० शैयाको एक निजी शिक्षण अस्पताल र १६९ शैयाको एक सामुदायिक अस्पताल रहेको छ । सरकारी स्तरको भने एक जिल्ला अस्पताल, स्वास्थ्यचौकी तथा शहरी स्वास्थ्यकेन्द्र रहेको छ जहाँ साधारण स्वास्थ्य सेवा मात्र सम्भव छ अन्य आधुनिक र ठूला रोगहरूको उपचारको लागि महङ्गो निजी अस्पताल धाउन पर्ने बाध्यता रहेको छ । प्रदेश सरकारको सहयोग र समन्वयमा नगरमा रहेको सरकारी अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूमा आधुनिक र विशिष्ठ स्वास्थ्य सेवाहरू सञ्चालन गर्दै अन्य स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरूलाई थप स्तरोन्नती गर्दै सकेसम्म नगरका बिरामीहरूलाई नगरका सरकारी स्वास्थ्य संस्थाहरूबाट सर्वसुलभ तथा आधुनिक स्वास्थ्य सेवा दिन निम्न अनुसारको आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरको सरकारी स्वास्थ्य अस्पतालमा सडक दुर्घटना तथा प्राकृतिक प्रकोपका कारण हुने गम्भीर प्रकृतिका चोटपटक तथा आपत्कालीन स्वास्थ्य सेवाका लागि स्थानीय ट्रमा सेवा शुरु गर्न आवश्यक प्रक्रिया पूरा गरी पूर्वाधार तयार गर्ने । | १. नगरमा सरकारी स्वास्थ्य अस्पतालमा स्थानीय ट्रमा सेवा शुरु गर्ने । | १. सम्भाब्यताको आधारमा केन्द्र र प्रदेशको समन्वय र सहयोगमा स्थानीय ट्रमा सेवा केन्द्र स्थापना गर्ने । |
| २. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा तत्काल आवश्यक स्वास्थ्य उपकरणहरू र उपकरणहरू चलाउन सक्ने आवश्यक जनशक्तिहरूको व्यवस्थापन गर्ने । | २. आवश्यकताको आधारमा थप स्वास्थ्य उपकरणहरू र उपकरणहरू चलाउन सक्ने आवश्यक जनशक्तिहरूको व्यवस्थापन गर्दै जाने । | २. विभिन्न निकायसँगको समन्वयमा नगरको सरकारी अस्पतालमा पोष्ट मार्टम्, इण्डोस्कोपी सेवा, OT, USG, BCH, CR, X-ray, CT Scan, फार्मेसी सेवाको प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्न आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गर्ने । |
| ३. नगरमा किड्नी डाइलासिस् केन्द्र स्थापना गर्न आवश्यक प्रक्रिया पूरा गरी पूर्वाधार तयार गर्ने । | ३. नगरमा किड्नी (मृगौला) डाइलासिस् केन्द्र स्थापना गर्ने । | ४. स्वास्थ्य तथ्याङ्क तथा स्वास्थ्य प्रोफाइलको अध्ययन र विश्लेषणका आधारमा वार्षिक रूपमा प्रमुख स्वास्थ्य समस्या पहिचान गरी तिनको न्यूनिकरणमा लक्षित केन्द्रित स्वास्थ्य शिविर लगायत विशिष्टीकृत अस्थायी स्वास्थ्य सेवा सञ्चालन गर्ने । |

**ज**. संघीय सरकारले विभिन्न ८ वटा गम्भीर किसिमका रोगहरू क्यान्सर, मुटुरोग, मृगौला, अल्जाइमर्स, पारकिनीजम, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमियाको लागि नेपालभित्रै उपचार गरेमा १ लाखदेखि ८ लाखसम्म आर्थिक सहयोग गर्ने व्यवस्था रहेको छ । नगरमा रहेका गरिब तथा विपन्न वर्गका नागरिकहरूसम्म स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन आर्थिक सहयोगमा वृद्धि गर्दै संघीय सरकारले दिँदै आएका आर्थिक सहयोगलाई समेत नगरका गरिब तथा विपन्न वर्गका नागरिकहरूसम्म सेवा विस्तार गर्न नगरपालिकाको तर्फबाट समन्वयकारी भूमिका निभाउँदै निम्न आवधिक प्राथमिकताका कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.अति विपन्न वर्गहरूलाई ठुलो खर्च लाग्ने तथा गम्भीर प्रकृतिका रोगहरूको उपचारमा सम्बन्धित विरामीलाई नगरबाट आर्थिक सहयोगको शुरुवात गर्ने । | १. उपयुक्त मापदण्ड र प्रक्रियका आधारमा आर्थिक हैसियत कमजोर भएका दलित, अपाङ्ग (रातो र निलो कार्ड भएका) र ज्येष्ठ नागरिकहरूको गम्भीर प्रकृतिका बिरामीको उपचार नगरभित्र वा बाहिरका अस्पतालमा पूर्ण रूपमा निःशुल्क हुने व्यवस्था मिलाउने । | १ विपन्न वर्गहरूलाई ठूलो खर्च लाग्ने तथा गम्भीर प्रकृतिका रोगहरूको उपचारमा सम्बन्धित विरामीलाई निश्चित मापदण्ड बनाई आर्थिक सहयोगलाई निरन्तर र थप विस्तार गर्ने । |

**झ**. शिशु र बाल्य अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. हेप.बी.हिब. तीन पटक, पोलियो तीन पटक, पि.सी.भी. तीन पटक, दादुरा रुबेला दुई पटक तोकिएको मात्रामा दिनै पर्दछ । विभिन्न किसिमका ११ वटा प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १५ महिनाभित्र सबै खोप पूरा लगाइसक्नु पर्ने कुरालाई नगरले उच्च प्राथमिकतामा राखेको छ ।

नगरमा हाल १४ वटै वडाहरूमा रहेका २६ खोप क्लिनिकमार्फत् सेवा दिँदै आए पनि स्वास्थ्य संस्था बाहिरका खोप स्थलहरूलाई व्यवस्थित बनाउन सकिएको छैन । यसकारण खोप सेवाको गुणस्तरीयताका केही सीमितता रहेका छन् । तानसेन नगरपालिका पूर्ण खोपयुक्त नगर हो । पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता र सुधारका लागि निम्न आवधिक प्राथमिकताका कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १ स्वास्थ्य संस्था बाहिरका खोप स्थल निर्धारित र व्यवस्थित गर्ने । | १ नगरको सबै वडाहरूमा व्यवस्थित तथा निश्चित ठाउँमा खोप केन्द्र स्थापना गर्ने । | १ आवश्यकता अनुसार थप खोप केन्द्र स्थापना गर्ने । |
| २. पूर्ण खोपयुक्त नगर सुनिश्चितता लाई निरन्तरता दिने । | २.पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता दिने । | २. पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता दिने । |
| ३. कोभिड-१९ महामारीका कारणले नियमित खोप सेवा प्रभावित हुन नदिन स्वास्थ्यकर्मी र खोप केन्द्रहरूका लागि आवश्यक सुरक्षा सामग्री तथा उपकरण उपलब्ध गराई व्यवस्थित रूपमा निरन्तर सञ्चालन गर्ने । | | |

**ञ.** पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रूपमा हेर्न सकिन्छ । बाल अधिकार सम्बन्धी महासन्धी १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचक्र्याई, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ ।

तानसेन नगरपालिकाले आमा तथा बालबालिकामा हुने कुपोषणको समस्या तथा मातृशिशु मृत्युदर न्यूनिकरणका लागि ३५ दिनभित्र नगरपालिकामा दर्ता हुने नगरपालिका भित्रका सुत्केरी महिलाहरूलाई पोषण भत्ता दिँदै आएको छ । नगरमा रहेका बालबालिकाको पोषणलाई ध्यानमा राख्दै बालबालिकामा देखिने कुपोषणजस्ता समस्यालाई कम गर्न निम्न आवधिक प्राथमिकताका कार्यक्रमहरू प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिका भित्रका सुत्केरी महिलाहरूलाई दिँदै आएको पोषण भत्तालाई निरन्तरता दिने । | १. नगरपालिका भित्रका सुत्केरी महिलाहरूलाई दिँदै आएको पोषण भत्तालाई निरन्तरता दिने । | |
| २. विभिन्न संघ-संस्था सँग सहयोग र सहकार्य गर्दै कुपोषण बालबालिकाका लगि पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाइने । | २ नगरको कुपोषण न्यूनीकरण कार्यक्रम हेर्ने संयन्त्रलाई थप सक्षम बनाउँदै तुलनात्मक रूपमा कम पहुँचयुक्त वडाको बस्तीमा थप प्रभावकारी बनाउने । | २. नगरमा सबै किसिमका कुपोषणहरूको पूर्ण रूपमा अन्त्य गर्ने । |

**ट.** नगरका ग्रामीण वडाहरूका नागरिकहरूमा स्वास्थ्य सम्बन्धी जनचेतना तुलनात्मक रूपमा कम रहेको छ । अझै पनि लामा, धामी झाँक्रीको चलन रहेको छ । नगरमा देखिएका प्रमुख सर्ने, नसर्ने रोगहरू तथा दीर्घ रोगहरू, यौन तथा प्रजनन शिक्षा, पोषण सम्बन्धी तथा अन्य स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू आदि सम्बन्धी विभिन्न शिविर तथा जनचेतनाका कार्यक्रमहरू साथै संघ, प्रदेश, नगर र अन्य संघसंस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाहरू बारे जानकारीमुलक कार्यक्रमहरू कम मात्रामा हुने गरेको छ । नगरमा कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा नगरका स्वास्थ्य संस्थासँग साझेदारी र सहकार्यमा यस्ता जनचेतनामूलक कार्यक्रम गर्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघसंस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी सम्वनधमा महिला स्वयंसेविका, स्वास्थ्य आमा समूह, टोल विकास संस्थामार्फत् वा अन्य विधिबाट प्रचार प्रसार गर्ने । | १. नगरको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघसंस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी र अन्य कार्यक्रमहरूलाई प्रचार प्रसार गर्दै थप प्रभावकारी र उपलब्धीमूलक बनाउन महिला स्वयंसेविकाहरूलाई थप सक्रिय पार्नुका साथै यस्ता सेवाको जानकारीका लागि नगर कार्यालय र सबै स्वास्थ्य संस्थाहरूमा अनिवार्य रूपमा वडापत्र र डिजिटल बोर्ड राख्ने । | १. नगरको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघसंस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी र अन्य कार्यक्रमहरूलाई थप प्रभावकारी र उपलब्धीमूलक बनाउन महिला स्वयंसेविकामार्फत् वा अन्य विधिबाट प्रचार प्रसार गर्दै सबै नगरबासीलाई पूर्णरूपमा यस्ता कार्यक्रम बारे सूचित गर्ने । |
| २. सर्ने र नसर्ने रोगको रोकथाम र उपचार, मातृशिशु स्वास्थ्य, पोषण, पानीजन्य रोग तथा सरसफाई, मनोसामाजिक समस्या, लगायत सामुदायिक स्वास्थ्य सम्बन्धी सचेतानमूलक गतिविधि सञ्चालन गर्ने । साथै मनोचिकित्सा सेवा विस्तार गर्ने । | २. नगरमा देखिएका प्रमुख नसर्ने रोगहरू तथा दीर्घ रोगहरू जस्तैः ग्यास्ट्रिक/अल्सर/आन्द्राको रोग, रक्तचाप, बाथ/हाडजोर्नी दुख्ने, मुटु सम्बन्धी रोग, दम रोगहरू न्यूनिकरण गर्ने सम्बन्धी सचेतनामूलक गतिविधि तथा लक्षित कार्यक्रमहरू गर्ने। | २. नगरमा देखिएका प्रमुख नसर्ने रोगहरू तथा दीर्घ रोगहरू न्यूनिकरण गर्ने कार्यमा प्रगतिको आवधिक समीक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |
| ३. नगरका वडाहरूमा अझै पनि धामी, झाँक्री, लामाको चलन रहेको हुँदा यस्ता सामाजिक र कुरीति हटाउन जनचेतनामूलक कार्यक्रमहरू गर्ने । | ३. स्वास्थ्य क्षेत्रको चुनौतीका रूपमा रहेको पराम्परागत अभ्यास कम गर्न छाउपडी प्रथा, धामी, झाँक्री, लामालाई लक्षित गरी स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई निरन्तर दिने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने । | ४. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रमहरूलाई निरन्तरता दिने । | ४. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रमहरूलाई निरन्तरता दिने । |
| ५. विद्यालयमा किशोर किशोरी तथा सबै वडाका युवा युवतिलाई यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा, लागु पदार्थ, मानव बेचबिखन लगायत २० वर्ष भन्दा कम उमेरमा विवाह गर्ने, बच्चा जन्माउने अभ्यास अन्त्य गर्ने गरी सचेतना लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्ने । | ५. विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्दै प्रगतिको आवधिक समीक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । | ५.विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायत लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्दै प्रगतिको आवधिक समीक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |
| ६. महिलाहरूमा पाठेघरका समस्या र स्तन क्यान्सरबारे समय समयमा शिविर, स्क्रिनिङ शिविर र जनचेतनामूलक कार्यक्रम लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्ने । | ६.महिलाहरूमा पाठेघरका समस्या र स्तन क्यान्सर बारे समय समयमा शिविर, स्क्रिनिङ शिविर र जनचेतनामूलक कार्यक्रमको प्रगतिको आवधिक समीक्षा गर्दै लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । | ६. महिलाहरूमा पाठेघरका समस्या र स्तन क्यान्सरबारे समय समयमा शिविर, स्क्रिनिङ शिविर र जनचेतनामूलक कार्यक्रमको प्रगतिको आवधिक समीक्षा गर्दै लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |
| ६.१.आमा तथा बालबालिकामा हुने कुपोषणको समस्या तथा मातृशिशु मृत्युदर न्यूनिकरणका पोषण भत्ता, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र सेवा विमुख नागरिकहरूको लागि घरघरमा स्वास्थ्य सेवा प्रदान गर्ने, सुविधा HIV/AIDS संक्रमित परिवारका सदस्यलाई रोजगार तथा आयआर्जनका कार्यक्रमहरू निरन्तरता दिने । | | |
| | ७. सामुदायिक स्वास्थ्यका प्रवर्द्धनात्मक र सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने । | |

**ठ.** नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत ५ जना सदस्य भएको परिवारको लागि रु. ३५०० बिमा किस्तामा एक वर्षको अवधिभर रु १,००,००० सम्मको स्वास्थ्य सेवा लिन सकिने छ भने ५ सदस्य भन्दा बढी भएका परिवारमा प्रति सदस्य थप रु. ७०० किस्ताबाट २०,००० सम्मको स्वास्थ्य सेवा लिन सकिने छ। साथै ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिक र बिमा किस्ता तिर्न नसक्ने परिवारको लागि भने नेपाल सरकारले नै निःशुल्क गरिदिने व्यवस्था रहेको छ ।

नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम तानसेन नगरपलिकामा लागु भइसकेको छ । २०७५ को नगर पार्श्वचित्र २०७५।५।१४ गतेको मितिसम्ममा तानसेन नगरपालिकको सम्पूर्ण वडाहरूमा ७,०५० घरपरिवारले स्वास्थ्य बिमा गरेका छन् । जसमा स्वास्थ्य बिमा गर्नेको जनसंख्या ३२,०३६ रहेको छ । तर स्वास्थ्य बिमा कार्यक्रमको सेवा लिन यस नगरपालिकामा झन्झटिलो, स्वास्थ्य बिमा अन्तर्गतका औषधीहरूको अभाव, सेवा लिन धेरै समय लाग्ने गरेको छ । अति विपन्न, गरिब, ज्येष्ठ नागरिक, अपाङ्ग लगायत सबै नगरबासीसम्म स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न नेपाल सरकारको बिमा कार्यक्रमलाई नगरको हिसाबले थप प्रभावकारी बनाउन निम्न प्राथमिकताका आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नेपाल सरकारको स्वास्थ्य बिमा सेवालाई थप विस्तार र बिमामार्फत् उपलब्ध हुने स्वास्थ्य सेवा प्राप्ति सहज बनाउन टोकन प्रणाली लागु गर्ने । तोकिएको अस्पतालमा उपचारको उचित प्रबन्ध मिलाउनुका साथै अन्य अस्पतालमा रिफर गर्न जुन हस्पिटलमा गरिएको हो सोही हस्पिटलमा उपयुक्त उपचार मिलाउने व्यवस्था गर्नका साथै प्रेषण प्रक्रियालाई सरल बनाउने ।<br><br>१.१. प्रत्येक वडाबाटै विपन्न, ज्येष्ठ नागरिक, अपाङ्ग, असक्तहरूलाई वडास्तरबाटै निःशुल्क बिमा गराउन शुरुवात गराउने । | १. स्वास्थ्य बिमा सेवालाई थप विस्तार र व्यवस्थित बनाउने । निश्चित मापदण्डका आधारमा निःशुल्क स्वास्थ्य बिमा कार्यक्रममा समेटिने परिवारको सूचि तयार गरी वार्षिक रूपमा ती परिवारको बिमा समयवद्ध रूपमा गराउने । | १. नगरमा रहेको सबै अति विपन्न, असक्त, अपाङ्गता भएका व्यक्ति तथा असहाय नागरिकहरूलाई निःशुल्क बिमा सेवाको पहुँचमा ल्याइसक्ने । |

**ङ.** नगरपालिकामा रहेका सरकारी अस्पताल लगायतका केही स्वास्थ्य संस्थाहरूमा नगरबासीहरूले स्वास्थ्य सेवा लिन विशेष गरी टिकट काट्न र सेवा लिन धेरै समय खर्चन परेको छ। साथै, स्वास्थ्य संस्थाहरूमा प्रविधिहरूको कम प्रयोगमा आउने गरेको छ । जस्तो स्वास्थ्य सम्बन्धी तथ्याङ्क राख्ने कुराहरूमा तथा सेवा दिने कुराहरू आदिमा त्यसकारण स्वास्थ्य सेवालाई तथा छिटो, छरितो र प्रभावकारी बनाउन तथा डिजिटल तथ्याङ्कहरूलाई थप व्यवस्थित गर्दै निम्न आवधिक कार्यक्रमहरू तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.केन्द्रमा र नगरमा भएको स्वास्थ्यसँग सम्बन्धी तथ्याङ्क र वास्तविक तथ्याङ्कमा फरक भएकोले वास्तविक तथ्याङ्क प्रत्येक आर्थिक वर्षको शुरुमै तथ्याङ्क लिने पद्धतिको शुरुवात गरी संकलन गर्ने । | १. स्वास्थ्यसँग सम्बन्धी तथ्याङ्क प्रत्येक आर्थिक वर्षको शुरुमै संकलन तथा अद्यावधिक गर्दै जाने । | १. स्वास्थ्यसँग सम्बन्धी तथ्याङ्क प्रत्येक आर्थिक वर्षको शुरुमै संकलन तथा अद्यावधिक गर्दै जाने । |
| २. नगरमा सञ्चालनमा रहेका शहरी स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी/ आधारभुत स्वास्थ्य केन्द्रहरूमा बिरामीको चाप अनुसार टिकट काउन्टरहरू थप गर्ने र डिजिटल टोकन सिस्टमको व्यवस्था र हेल्प डेस्कको व्यवस्था गर्ने । | २. नगरमा सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरूमा बिरामीको चाप अनुसार टिकट काउन्टरहरू थप गर्ने, डिजिटल टोकन सिस्टम र हेल्प डेस्कको व्यवस्था गरिसक्ने । | |
| ३. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू (GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्क संकलन गर्ने । | ३. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू (GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्क अद्यावधिक भएको सुनिश्चित गर्ने । | ३. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू (GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्कहरू नियमित अद्यावधिक र थप परिवर्तित समयका लागि उपयोगी बनाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. नगरका स्वास्थ्य संस्थाहरूमा आउने बिरामीहरूको डिजिटल प्रोफाइल राख्न शुरु गर्ने ।<br><br>५. नगरका स्वास्थ्य सेवा सुविधाबारे र स्वास्थ्यबारे जनचेतना जगाउन नगरको आफ्नै Mobile Apps हरूबाट गर्ने र नगरका प्रप्येक स्वास्थ्य संस्थामा सेवा प्रभाहमा विवरणको विद्युतीय अभिलेख राख्ने ।<br><br>६. हाल प्रयोगमा आइरहेको HMIS Software लाई थप व्यवस्थित बनाउने ।<br><br>७. स्वास्थ्य शाखाले प्रयोग गर्ने र स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई थप व्यवस्थित र नगरका लागि विशिष्टीकृत बनाउने । स्वास्थ्य क्षेत्रको अनुगमन र नियमनको कार्यलाई तथ्याङ्कमा आधारित बनाउने । | <br><br><br><br>५.सबै वडाका स्वास्थ्य संस्थाहरू-बाट नगरको स्वास्थ्य शाखामा गरिने प्रतिवेदन प्रणालीलाई डिजिटाइज र अनलाइन गर्ने ।<br><br>६. हाल प्रयोगमा आइरहेको HMIS Software लाई थप व्यवस्थित बनाउने र नगर अनुकुल नयाँ कम्प्यूटर सफ्टवेयरको व्यवस्थापन गर्ने । | |

**ढ**. नेपाल सरकारले हाल ७० भन्दा बढी औषधीहरू स्थानीय तहका स्वास्थ्य संस्थाहरूबाट निःशुल्क बितरण गर्दै आएको छ। तानसेन नगरपलिकाका स्वास्थ्य सस्थाहरुमा निःशुल्क औषधीहरूको अभाव हुन नदिन, संघीय सरकारबाट वितरण हुने निःशुल्क औषधीहरूको सहज वितरण गर्न र नगरको पहलमा यस्ता निःशुल्क औषधी सेवा थप गरी औषधी उपलब्धता र वितरणलाई सहज बनाउन निम्न प्राथमिकताका कार्यक्रमहरू प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा रहेका स्वास्थ्य संस्थाहरू न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी, परिवार नियोजनका साधन, खोप, भिटामिन, आइरन चक्की आदिको उपलब्धता र उपयुक्त मौज्दात कायम राख्ने । | १. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दातलाई थप व्यवस्थित बनाउने । | १. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दातलाई थप व्यवस्थित बनाउने । |
| २. नेपाल सरकारको कार्यक्रम अनुसार निःशुल्क औषधी वितरणलाई निरन्तरता दिने । बिरामीको स्वास्थ्य जाँच प्रतिवेदनका आधारमा निःशुल्क रूपमा किड्नी डाइलासिस तथा क्यान्सर, मुटुको अप्रेसन लगायतका दीर्घ रोगको औषधी स्थानीय स्वास्थ्य संस्थाबाट निःशुल्क रूपमा उपलब्ध गराउने व्यवस्था गर्ने । साथै निःशुल्क औषधीको दायरा बढाउँदै जाने । | २. निरन्तर | २. निरन्तर |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. कोभिड-१९ को कारणले औषधी प्राप्तिमा समस्या भएमा नियमित औषधी सेवन गर्नुपर्ने दीर्घरोगीहरूलाई सहजरूपमा औषधी उपलब्ध गराउने व्यवस्था गर्ने। | | |

**ण**. सरकारीस्तरबाट तानसेन नगरपालिकामा जिल्ला अस्पतालको स्वामित्वबाट सञ्चातित एउटा एम्बुलेन्स र निजी क्षेत्रबाट समेत केही एम्बुलेन्स सञ्चालनमा रहेका छन् । जिल्ला अस्पतालबाट सञ्चालित एकमात्र एम्बुलेन्स नगरभरिका लागि पर्याप्त छैन । मध्यकालसम्ममा नगरमा आधुनिक र सुबिधा सम्पन 'ख' वर्गको एम्बुलेन्स सेवा सुचारु गर्दै आपत्कालीन तथा ट्रमा प्रणाली सदृढीकरण गर्न निम्न प्राथाकिमताका आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्रदेश सरकारसँगको समन्वयमा नगरमा "ख" वर्गको एम्बुलेन्स सेवा सञ्चालनका लागि प्रशासनिक प्रक्रिया पूरा गर्ने । | १. नगरको विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी, ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्ड बनाई कम्तीमा पनि "ख" वर्गको एम्बुलेन्स सञ्चालन गर्ने । | १. "ख" वर्गको एम्बुलेन्सको संख्या र सेवा विस्तार गरी सबै वडा र बस्तीलाई सो सेवाको पहुँचमा ल्याइसक्ने । यसका लागि आवश्यकता अनुसार स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गर्ने । |
| ३. नगरका विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी र ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्ड बनाई निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने । | ३. नगरका विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी र ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्डको आधारमा निःशुल्क एम्बुलेन्स सेवालाई थप व्यवस्थित गर्दै निरन्तरता दिने । | ३. नगरका विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी र ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्डको आधारमा निःशुल्क एम्बुलेन्स सेवालाई थप व्यवस्थित गर्दै निरन्तरता दिने । |
| ४. सडक यातायातको पहुँच नपुगेको बस्तीहरूमा टोल टोलमा स्टेचरको व्यवस्था गर्ने । | | |

**त**. नगरको स्वास्थ्य क्षेत्रमा एक प्रमुख समस्या मध्ये दक्ष जनशक्तिको अपर्याप्ता पनि एक हो । तानसेन नगरपालिकामा दरबन्दी अनुसारका स्वास्थ्य शाखामा आवश्यक कर्मचारी र स्वास्थ्य संस्थाहरूमा दक्ष र पर्याप्त स्वास्थ्यकर्मी, विशेषज्ञ चिकित्सक, स्वास्थ्य उपकरण चलाउन सक्ने दक्ष जनशक्तिहरूको कमी रहेको छ । पाल्पा अस्पतालमा अन्यत्रको तुलनामा स्वास्थ्य सेवाको उपलब्धता केही राम्रो भएता पनि नगरमा विशेषज्ञ चिकित्सक र वडाका स्वास्थ्यचौकी, शहरी स्वास्थ्य केन्द्रहरूमा स्वास्थ्यकर्मीहरू पर्याप्त छैनन् । केन्द्र, प्रदेशबाट आउने कर्मचारी बाहेक नगरको आफ्नै लगानीमा पनि आवश्यक जनशक्तिको व्यवस्थापन गर्न जरुरी छ । यसैगरी नगरमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक क्षेत्रका) नेपाल सरकारवाट नियमित रूपमा उपलब्ध हुने बाहेकको स्वास्थ्यकर्मीको क्षमता विकासका छोटो र मध्यम अवधिका तालिम कार्यक्रम नगरको तर्फबाट न्यून मात्रा मात्र सञ्चालन गर्न सकिएको छ। नगरका स्वास्थ्य संस्थाहरूमा दक्ष जनशक्तियुक्त बनाई स्वास्थ्य क्षेत्रलाई थप सुधार र प्रभावकारी बनाउन निम्न आवधिक प्राथमिकताका कार्यक्रमहरू प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संगठन र व्यवस्थापन सर्वेक्षण मार्फत्, तत्काल, मध्यकाल र दीर्घकालका लागि चाहिने स्वास्थ्य क्षेत्रको जनशक्तिको संख्या र स्तर प्रक्षेपण गर्ने । | १. संगठन र व्यवस्थापन सर्वेक्षण नतिजा अनुसार मध्यकालका लागि निर्धारित नगरको संगठन ठाँचा बमोजिम स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थालाई जनशक्ति व्यस्थापन गरिसक्ने । | १. नगरको सरकारी अस्पताललाई राष्ट्रिय मापदण्ड अनुसारको प्राविधिक र पूर्वाधार र जनशक्तियुक्त बनाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नगर अस्पताल र सबै स्वास्थ्य संस्थामा अल्पकालका लागि आवश्यक न्यूनतम जनशक्ति व्यवस्थापन गरिसक्ने । | | |
| ३. वडास्तरका स्वास्थ्यचौकी वा आधारभूत स्वास्थ्य केन्द्रमा महिनाको एक पटक चिकित्सकबाट स्वास्थ्य परीक्षणका लागि आवश्यक प्रबन्ध मिलाउने र स्वास्थ्यचौकीमा प्राथमिक ल्याब टेक्निसियन उपलब्धताको लागि कार्य अघि बढाउने । | ३. वडास्तरका स्वास्थ्यचौकी वा आधारभूत स्वास्थ्य केन्द्रमा महिनाको एक पटक चिकित्सकबाट स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिने । वडास्तरका स्वास्थ्य संस्थामा प्राथमिक ल्याब टेक्निसियनको प्रबन्ध गर्ने । | ३. आवश्यकता र सम्भाब्यताको आधारमा प्रत्येक वडाका स्वास्थ्य संस्थालाई पूर्वाधार र सेवामा स्तरोन्नती गर्दै कम्तीमा एक जना चिकित्सकको आवश्यक प्रबन्ध मिलाउने । |
| ४. नगर कार्यपालिका अन्तर्गतको सामाजिक विकास समितिमा स्वास्थ्य फोकल पर्शन तोक्ने । | | |
| ५. नेपाल सरकारबाट नियमित रूपमा उपलब्ध हुने बाहेकको स्वास्थ्यकर्मीको क्षमता विकासका छोटो र मध्यम अवधिका तालिम कार्यक्रम तय गर्ने । | ५. स्वास्थ्य सूचनामा आधारित अनुगमन, मूल्याङ्कन, समीक्षा, नीति निर्माण तथा निर्णय प्रक्रिया व्यवस्थित गर्ने गरी स्वास्थ्य शाखाको क्षमता विकास गर्ने । | ५. शाखालाई सबै स्तरका स्वास्थ्य सो को अनुगमन र सुपरिवेक्षण गर्न सक्ने गरी आवश्यक जनशक्ति, उपकरण र सूचना प्रविधियुक्त बनाउने । |
| ६. नगरका स्वास्थ्यकर्मी र कर्मचारीहरूको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड तयार गर्ने । | ६. नगरका स्वास्थ्यकर्मी र कर्मचारीहरूको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड तय गरी कार्यान्वयन गर्ने । | ६. नगरका स्वास्थ्यकर्मी र कर्मचारीहरूको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड कार्यान्वयनको आवधिक समीक्षा गरी समयअनुकुल परिमार्जन गर्दै जाने । |
| ७. नगरका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक) का लागि कार्य सम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणालीको शुरुवात गर्ने । | ७. नगरका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक) का लागि कार्य सम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणाली तय गरी वार्षिक रूपमा कार्यान्वन गर्ने । | ७. नगरका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक) का लागि कार्य सम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणालीलाई निरनन्तरता दिने । |
| ८. नगरका स्वास्थ्यचौकी, अस्पतालका स्वास्थ्य कर्मचारीहरूलाई थप जवाफदेही र उत्तरदायी बनाउन कर्मचारी आचारसंहिता निर्माण गर्ने । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ९.स्वास्थ्य स्वयम्सेविकाहरूलाई आवश्यक क्षमता विकासका तालिम र थप सेवा सुविधाको माध्यमबाट स्वास्थ्य परामर्श तथा सामुदायिक प्रेषण सेवामा थप प्रभावकारी बनाउने । | ९.नगरमा परिचालित स्वास्थ्य स्वयम्सेविकालाई कार्य सम्पादनको आधारमा वार्षिक रूपमा उत्कृष्ट महिला स्वास्थ्य स्वयम्सेविका छनोट गरी पुरस्कृत गर्ने, तालिम तथा सेवा सुबिधा व्यवस्था गरी थप उत्प्रेरित र उत्तरदायी बनाउने । | |

**थ.** नगरको स्वास्थ्य शाखामा प्रयाप्त भए पनि वडाहरूमा रहेका अस्पताल, स्वास्थ्यचौकी र शहरी स्वास्थ्य केन्द्रमा प्रशासन कार्य गर्नको निम्ति, बिरामीहरूको डिजिटल प्रोफाइल राख्न तथा अन्य तथ्याङ्कको डिजिटल अभिलेख राख्नको लागि आवश्यक कम्प्युटर लगायतका उपकरणको अपर्याप्तता छ । उपलब्ध भएका सामाग्रीहरूको प्रयोग पनि सीमित मात्रामा मात्र भएको छ । नगरका स्वास्थ्य संस्थाहरूमा पर्याप्त र व्यवस्थित तथ्याङ्क डिजिटल अभिलेख नहुँदा नगरको वास्तविक स्वास्थ्य सूचाकाङ्कहरू निकाल्न सकिने अवस्था छैन । त्यसकारण नगरका तथ्याङ्कको डिजिटल अभिलेखलाई अझ व्यवस्थित गर्न तथा विभिन्न रिपोर्टिङ र दस्ताबेजहरूमा प्रयोग गर्न लागि निम्न कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगर र वडास्तरका सबै स्वास्थ्य शाखा र सम्बन्धित स्वास्थ्य संस्थाहरूमा सम्बन्धी तथ्याङ्कको डिजिटल अभिलेख राख्न आवश्यक कम्प्यूटर, प्रिन्टरको व्यवस्था गर्ने । स्वास्थ्य कर्मचारीहरूका लागि विद्युतीय हाजिरको व्यवस्था गर्ने । | १. नगरको स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थित गर्ने । | १. स्वास्थ्य सूचना व्यवस्थापन सुधारलाई निरन्तरता दिने । |

**द.** नगर अन्तर्गतका स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाका व्यवस्थापन समिति, जनप्रतिनिधि, सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी र अन्य सरोकारवालाहरू बिच स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्य तथा उपलब्धीहरूबारे, लक्ष्य प्राप्तिमा भएका प्रगति समीक्षाका आधारमा कमी देखिएमा कमी पूर्तिको रणनीति समेत बनाउने गरी आवधिक प्राथमिकता तल प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. उपयुक्त कार्यविधि निर्माण गरी स्वास्थ्य सेवाको अनुगमन प्रभावकारी बनाउन नगर स्वास्थ्य अनुगमन समिति गठन गरी स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समितिसहितको समन्वय बैठकलाई संस्थागत र नियमित गर्ने । | १. स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समितिसहितको समन्वय बैठकलाई नियमित गर्ने । | १. स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समितिसहितको समन्वय बैठकलाई नियमित गर्ने । |
| २.स्वास्थ्य शाखाका मातहतका स्वास्थ्य संस्थासँगको मासिक बैठक गर्ने र स्वास्थ्य समिति तथा सम्बन्धित स्वास्थ्य संयन्त्र बिचमा नियमित समन्वयात्मक बैठक गर्ने । | २. नगर, नगर अन्तर्गतका स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्यको प्रभावकारिताको वार्षिक समीक्षा गर्ने । | २. नगर, नगर अन्तर्गतका स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्यको प्रभावकारिताको वार्षिक समीक्षाको निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. अनुशिक्षण र बैठकहरूमार्फत् नगरमा रहेका स्वास्थ्य संस्थाहरूको व्यवस्थापन समितिलाई थप उत्तरदायी र सक्रिय बनाउने ।<br><br>४. नगरका १४ वटै वडाहरूमा भविष्यमा देखा पर्न सक्ने माहामारीका रोगलाई नियन्त्रण गर्ने हिसाबले स्वास्थ्य संयन्त्र तयार गर्ने । साथै, RRT, CRRT थप प्रभावकारी बनाउन आवश्यक तालिम उपलब्ध गराउने र उपकरणको पूर्व व्यवस्था गर्ने । | | |

**ध.** सुरक्षित खानेपानी, सरसफाईका पर्याप्त पूर्वाधार र तिनको उचित व्यवस्थापनसहित स्वास्थ्य संस्थालाई स्वच्छ, सफा र समुदायका लागि समेत अनुकरणीय बनाउनु सामुदायिक स्वास्थ्य र स्वास्थ्य सेवाको दृष्टिकोणले अपरिहार्य हुन्छ । त्यसैलाई दृष्टिगत गरी खानेपानी र सरसफाई सम्बन्धी प्राथमिकता निम्नानुसार तयार गरिएको छ ।


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सबै स्वास्थ्य संस्थामा खानेपानी र सरसफाईका पूर्वाधार र सेवालाई नगर मापदण्डमा पुऱ्याउने र विश्राम वा प्रतीक्षा स्थल आदिका लागि पूर्वाधार व्यवस्थापनको कार्य शुरु गर्ने ।<br><br>२. सबै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायम गर्ने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोर व्यवस्थापन गर्ने तथा प्रत्येक टोलमा स्वास्थ्य तथा सरसफाई समिति गठन गरी क्रियाशील बनाई समुदाय तथा व्यक्तिगत सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । | १. सबै स्वास्थ्य संस्थामा खानेपानी र सरसफाईका पूर्वाधार र सेवालाई नगर मापदण्डमा पुऱ्याउने र विश्राम वा प्रतीक्षा स्थल आदिका लागि पूर्वाधार व्यवस्थापनको कार्य गरिसक्ने ।<br><br>२. सबै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायम गर्ने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरहरूलाई दीर्घकालीन व्यवस्था गर्ने । | |

**न.** नगरमा हाल एउटा आयुर्वेद अस्पतालमार्फत् आयुर्वेद स्वास्थ्य सेवा दिदै आएको छ । त्यसैगरी नगरपालिकाले पनि आयुर्वेद चिकित्सा पद्धति, ध्यान र योगलाई स्वास्थ्य उपचारको सहयोगी माध्यम बनाउन प्रोत्साहित गर्न विभिन्न स्थानमा लागत सहभागितामा अल्पअवधिको योग शिविरहरू सञ्चालन गर्दै आएको छ । स्थानीयस्तरमा उपलब्ध औषधीजन्य वनस्पती, जडिबुटी र अन्य औषधीजन्य वस्तुको पहिचान, संकलन, संरक्षण र प्रवर्द्धनको लागि पनि सरचना निर्माण गर्न आवश्यक छ । साथै, प्रचलित प्राकृतिक चिकित्सा, वैकल्पिक तथा अन्य चिकित्सा पद्धति तथा सेवालाई निश्चित मापदण्डको आधारमा सुचिकृत तथा व्यवस्थित गर्दै आयुर्वेद, योग र प्राकृतिक चिकित्सा सेवासहितको आयुर्वेद, योग र प्राकृतिक चिकित्सा केन्द्र स्थापना गरी स्वास्थ्य पर्यटनलाई समेत प्रवर्द्धन गर्न निम्न आवधिक प्राथमिकताका कार्यक्रमहरू प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्राकृतिक चिकित्सालाई प्रोत्साहन गर्न नगरका प्रत्येक वडाहरूमा योगा तथा सामुदायिक व्यायाम केन्द्र सञ्चालनका लागि आवश्यक प्रक्रिया शुरु गरी पूर्वाधार तयार गर्ने । साथै प्रत्येक वडाबाट २/२ जनालाई योग अभ्यासको तालिम प्रदान गरी प्रशिक्षित व्यक्तिहरू बाट टोलटोलमा योग अभ्यास शिविर शुरुवात गर्ने । | १. प्राकृतिक चिकित्सालाई प्रोत्सान गर्न विभिन्न वडा र सुमदायलाई पायक पर्ने गरी क्लस्टर निर्धारण गरी क्लस्टरस्तरमा योगा तथा सामुदायिक ब्यायाम केन्द्र सञ्चालन गर्ने । | १. क्लस्टरस्तरमा योगा तथा सामुदायिक ब्यायाम केन्द्रलाई थप व्यवस्थित गर्दै लैजाने । |
| २. स्थानीय स्तरमा औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन, वितरण केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने । | २. सम्भाव्यता अध्ययनको आधारमा स्थानीयस्तरमा औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन, वितरण केन्द्र स्थापना गर्न सम्पूर्ण प्रक्रिया पूरा गर्ने । | २. सम्भाव्यताका आधारमा संघ र प्रदेश सरकारसँगको समन्वयमा स्थानीयस्तरमा औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन, वितरण केन्द्र स्थापना र सञ्चालन गर्ने । |
| ३. नगर स्वास्थ्य अनुसन्धान केन्द्र र स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने । | ३. सम्भाव्यता अध्ययनको आधारमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्सँग समन्वयन गरी नगर स्वास्थ्य अनुसन्धान केन्द्र र स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्न सम्पूर्ण प्रक्रिया पूरा गर्ने । | ३. नेपाल स्वास्थ्य अनुसन्धान परिषद्सँग समन्वयन गरी नगरको छुट्टै नगर स्वास्थ्य अनुसन्धान केन्द्र र स्वस्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्ने । |


**प.** नगरको २०७५ को घरधुरी सर्वेक्षण अनुसार २ कि.मि. बफर क्षेत्र भन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको १२, १३, १४, १ र ८ वडाहरूमा संख्या अधिक रहेको छ । दीर्घरोगीहरू स्वास्थ्य चौकी धाइरहन पर्ने बिरामी हुन भने अपाङ्गहरू आफैमा शारीरिक र मानसिक हिसाबमा अशक्त भएकाले यस्ता बिरामीहरूका लागि छोटो दूरीमा स्वास्थ्य संस्था हुन जरुरी छ । तानसेन नगरपालिकाले स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति र सेवा विमुख नागरिकहरूको लागि स्थानीय स्वास्थ्य संस्थालाई व्यवस्थित गर्दै घरघरमा स्वास्थ्य सेवा प्रदान गर्ने नीति रहेको छ । त्यसैगरी रातो, निलो परिचयपत्र प्राप्त अपाङ्गता भएका नागरिकलाई अस्पतालमा स्वास्थ्य परीक्षण गराउन प्रतिपटक रु. ५०० यातायात खर्चको व्यवस्थाको शुरुवात गरेको छ । यसकारण, दीर्घरोगी र अपाङ्गहरूको माझ छिटो छरितो रूपमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न निम्न प्राथमिकताका आवधिक कार्यक्रमहरू प्रस्तुत छ ।

नक्सा ३/५.२.२ : दीर्घरोगी बढी भएको क्षेत्र र स्वास्थ्य संस्था




| Ward | Households with Disability Outside 2km Buffer |
|---|---|
| 1 | 11 |
| 2 | 0 |
| 3 | 0 |
| 4 | 0 |
| 5 | 5 |
| 6 | 1 |
| 7 | 1 |
| 8 | 10 |
| 9 | 0 |
| 10 | 6 |
| 11 | 3 |
| 12 | 18 |
| 13 | 10 |
| 14 | 18 |

**नक्सा ४/५.२.२ : अपाङ्गता बढी भएको क्षेत्र र स्वास्थ्य संस्था**




| Ward | Households with Chronic Illness Outside 2km Buffer |
|---|---|
| 1 | 38 |
| 2 | 5 |
| 3 | 3 |
| 4 | 0 |
| 5 | 18 |
| 6 | 12 |
| 7 | 13 |
| 8 | 41 |
| 9 | 0 |
| 10 | 27 |
| 11 | 8 |
| 12 | 109 |
| 13 | 6 |
| 14 | 413 |

२०७५ को तथ्याङ्क अनुसार नगरका रहेका स्वास्थ्य संस्था र नगरमा भएका दीर्घरोगी र अपाङ्गहरू भएका घरधुरी बिचको दूरी र त्यस्ता घरधुरी संख्या माथिको नक्सामा देखाइएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरका स्वास्थ्य संस्थाबाट टाढाको दूरीमा रहेका अर्थात् २ कि.मि. बफर क्षेत्र भन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, घुम्ती शिविरहरू, निःशुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रमको शुरुवात गर्ने । | १. दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम ,घुम्ती शिविरहरू, निःशुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रमको निरन्तरता गर्ने । | १. दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, घुम्ती शिविरहरू, निःशुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रम कार्यान्वनका आवधिक समीक्षा गर्दै निरन्तरता गर्ने । |
| २. अल्पकालीनमा नयाँ निर्माण र स्तरोन्नती हुने स्वास्थ्य संस्थाका पूर्वाधारहरूलाई राष्ट्रिय मापदण्ड अनुरूप बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा अपाङ्गतामैत्री बनाउने । | २. मध्यकालमा नयाँ निर्माण र स्तरोन्नती हुने स्वाास्थ्य संस्थाका पूर्वाधारहरूलाई राष्ट्रिय मापदण्ड अनुरूप बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा अपाङ्गतामैत्री बनाउने । | २. नगरका सबै स्वास्थ्य संस्थाहरूको सबै भौतिक पूर्वाधारहरू राष्ट्रिय मापदण्ड अनुरूप बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा अपाङ्गतामैत्री बनाइसक्ने । |
| ३. स्वास्थ्य संस्थाबाट २ कि.मि. भन्दा टाडा रहेका वडाका बस्ती लक्षित गरी आवश्यकता अनुसार गाउँघर क्लिनिक स्थापना गर्ने र उपलब्ध गाउँघर क्लिनिक थप व्यवस्थित बनाउने । | | |
| ४. रातो, निलो परिचयपत्र प्राप्त अपाङ्गता भएका नागरिकलाई अस्पतालमा स्वास्थ्य परीक्षण गराउन यातायात खर्चमा वृद्धि गर्ने । | ४. रातो, निलो परिचयपत्र प्राप्त अपाङ्गता भएका नागरिकलाई अस्पतालमा स्वास्थ्य परीक्षण गराउन यातायात खर्चको व्यवस्थालाई निरन्तरता दिने । | |

**फ**. नगरमा रहेका विभिन्न निजी स्वास्थ्य संस्थाहरूलाई कम नाफामूलक र बढी सेवामूलक र नगरबासी प्रति थप उत्तरदायी बनाउन नगरमा रहेका विपन्न, बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्गहरूलाई नगरको सिफारिस र समन्वयमा निश्चित कोटाका आधारमा निःशुल्क उपचार सेवा प्रवाह हुने व्यवस्था मिलाउन तथा नगरमा रहेका सामुदायिक र सरकारी लगायत सबै किसिमका स्वास्थ्य संस्थाहरूलाई राष्ट्रिय मापदण्ड अनुसारको प्राविधिक, पूर्वाधार र जनशक्तियुक्त बनाई नगरबासीहरूलाई गुणस्तरीय र विश्वसनीय स्वास्थ्य सेवाको अनुभूति गराउनका लागि निम्न कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरको स्वास्थ्य ऐन अनुसार नगरमा रहेका ठूला निजी हस्पिटलहरूले नगरमा रहेका विपन्न नगरवासीहरूका लागि नगरको सिफारिसमा कम्तीमा पनि १०% निःशुल्क स्वास्थ्य सेवाको पूर्ण कार्यान्वयन गराउने । | १.विपन्न तथा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक आदिका लागि निश्चत संख्या छुट्याई निजी क्षेत्रका स्वास्थ्य संस्थाबाट सेवा प्रवाहको शुरुवात गर्ने । | १. नगरका विपन्न वर्गका लागि कम्तीमा पनि १०% कोटाको व्यस्थापन गर्न नगरले निजी स्वास्थ्य संस्थाहरूसँग आवश्यक समन्वय गर्दै जाने । |
| २. सामुदायिक, सरकारी तथा निजी स्वास्थ्य संस्थाको सेवा अनुगमन तथा नियमन गर्ने । | | |

## तालिका ३/५.२.२ : स्वास्थ्य क्षेत्रको अपेक्षित उपलब्धी

| सूचकाङ्कहरू | एकाइ | हालको (२०७६/७७) | अल्प-कालीन | मध्य-कालीन | दीर्घ-कालीन |
|---|---|---|---|---|---|
| **क. बाल स्वास्थ्य** | | | | | |
| **खोप सेवा** | | | | | |
| पुर्ण खोप लगाएका बालबालिकाको (१२ देखि२३ महिना) प्रतिशत | % | १०० | | १०० | १०० |
| TD2 /2+ खोप लगाएका गर्भवती महिलाहरूको प्रतिशत | % | ८५ | | ९० | १०० |
| **पोषण** | | | | | |
| ० देखि ११ महिनासम्मका बालबालिकाहरुको वृद्धि अनुगमन गरेको प्रतिशत | % | ३० | | ५० | १०० |
| ० देखि २३ महिनासम्मका बालबालिकाहरुको वृद्धि अनुगमन गरेको प्रतिशत | % | ३० | | ५० | १०० |
| कुपोषित बालबालिकाहरुको प्रतिशत (<२ वर्ष) | % | ३ | | २ | १ |
| औसत वृद्धि अनुगमन गरेको संख्या (२वर्षमुनिका बालबालिका) | पटक | ६ | | १० | २० |
| **ख. पारिवारिक स्वास्थ्य** | | | | | |
| **सुरक्षित मातृत्व** | | | | | |
| प्रोटोकलअनुसार (चौथो, छैठौं, आठौं र नवौं महिनामा) प्रसूतिपूर्व जाँच गराउने महिलाहरूको प्रतिशत | % | १०० | | १०० | १०० |
| गर्भावस्थामा १८० दिनको लागिआइरन र फोलिक एसिड खाने महिलाहरूको प्रतिशत | % | १०० | | १०० | १०० |
| संस्थागत सुत्केरी हुने महिलाहरूकोप्रतिशत | % | १०० | | १०० | १०० |
| स्वास्थ्य संस्थामाभएको कुलसुत्केरीमध्ये दक्ष प्रसुतिकर्मीबाट सुत्केरीहरूको प्रतिशत | % | १०० | | १०० | १०० |
| प्रोटोकलअनुसार ३ पटक सुत्केरी जाँच गराउने महिलाहरूको प्रतिशत | % | ४० | | ६५ | १०० |
| शिशु मृत्यु संख्या | जना | <५ | | <३ | <२ |
| सुत्केरी मृत्यु संख्या | जना | <१ | | <१ | <१ |
| **परिवार नियोजन** | | | | | |
| परिवार नियोजनका साधनप्रयोग गर्नेको दर (CPR) (आधुनिकविधि) | % | ५६ | | ६० | ७० |
| **महिला स्वास्थ्य स्ययम्सेविका (FCHV)** | | | | | |
| आमा समूहको बैठकको | % | १०० | | १०० | १०० |

| सूचकाङ्कहरू | एकाइ | हालको (२०७६/७७) | अल्प-कालीन | मध्य-कालीन | दीर्घ-कालीन |
|---|---|---|---|---|---|
| **ग. क्षयरोग** | | | | | |
| रोग पत्ता लागेको दर (सबै PBC) | % | १०० | | १०० | १०० |
| उपचार सफलता दर (सबै PBC) | % | १०० | | १०० | १०० |
| खकार परिवर्तन दर (सबै PBC) | % | १०० | | १०० | १०० |
| **घ. कुष्ठरोग** | | | | | |
| नयाँ रोगी पहिचान दर (NCDR) प्रति १००,००० जनसंख्यामा प्रतिशत | | २ | | २ | १ |
| **ङ.एच.आई.भी./एड्स** | | | | | |
| प्रसूति पूर्वको जाँच दौरान एच.आई.भी.को जाँच गराउने महिलाको | % | १०० | | १०० | १०० |

**तालिका ४/५.२.२ : स्वास्थ्य क्षेत्रको परिमाणात्मक लक्ष्य**

| क्र.सं. | उपलब्धी सुचक | | एकाइ | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९५/९६ |
|---|---|---|---|---|---|---|---|
| १. | शिक्षण अस्पताल | | संख्या | ० | ० | ० | ० |
| २. | सरकारी अस्पताल भवन (स्तरोन्नती गर्ने) | | संख्या | १ | ० | १ | ० |
| ३. | प्राथमिक स्वास्थ्य केन्द्र भवन | | संख्या | ० | ० | ० | ० |
| ४. | स्वास्थ्य चौकी भवन निर्माण | | संख्या | ३ | १ | २ | ० |
| ५. | शहरी स्वास्थ्य केन्द्र भवन/आधारभूत स्वास्थ्य केन्द्र (स्तरोन्नती तथा पक्की भवन निर्माण) | | संख्या | १ | १ | ६ | ० |
| ६. | गाउँघर क्लिनिक | | पटक | १३ | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ७. | प्रसूति गृह | | संख्या | ० | ० | ० | ० |
| ८. | बर्थिङ सेन्टर | | संख्या | ५ | ० | २ | ० |
| ९. | आपतकालीन प्रसूति सेवा केन्द्र (Emergency Obstetric Care) | | संख्या | ० | ३ | ३ | १ |
| १०. | आयुर्वेद औषधालय केन्द्र | | संख्या | १ | ० | २ | २ |
| ११. | प्राकृतिक चिकित्सा केन्द्र | | संख्या | ३ | ० | १ | १ |
| १२. | ट्रमा सेन्टर | | संख्या | ० | ० | ० | १ |
| १३. | किड्नी डाइलासिस् केन्द्र | | संख्या | ० | ० | १ | ० |
| १४. | खोप केन्द्र | | संख्या | २६ | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| १५. | रक्त सञ्चार केन्द्र | | संख्या | ० | २ | ३ | ० |
| १६. | एम्बुलेन्स | सामान्य | संख्या | १ | ० | २ | ० |
| | | 'ख' वर्ग | संख्या | ० | ० | १ | २ |
| १७. | योगा सेन्टर तथा सामुदायिक ब्यायाम सेन्टर | | संख्या | ० | ४ | ४ | ६ |
| १८. | सर्ने नसर्ने रोग बारेको सचेतनायुक्त परिवार | | % | | | | |

| क्र.सं. | उपलब्धी सुचक | एकाइ | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९५/९६ |
|---|---|---|---|---|---|---|
| १९. | विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य सेवा उपलब्ध हुने स्वास्थ्य संस्था | संख्या | १ | | | |
| २०. | स्वास्थ्य बिमामा आबद्ध परिवार | % | ५३.७३ | ७० | ९० | १०० |
| २१. | नेपाल सरकारको मापदण्ड अनुसार निःशुल्क औषधी उपलब्ध हुने स्वास्थ्य संस्था | संख्या | १ | ३ | ५ | १० |
| २२. | वार्षिक समीक्षा बैठक (स्वास्थ्य शाखा) | पटक | ० | २ | ७ | १३ |
| २३. | स्वास्थ्य संस्थाका व्यवस्थापन समितिको बैठक | पटक | | २४ | ६० | १८० |

## ५.२.३. सम्पदा संरक्षण

### १. वर्तमान अवस्था

पुर्खाहरूबाट परम्परागत रूपमा प्राप्त गरी वर्तमान र भावी सन्ततिहरूमा हस्तान्तरण हुने परम्परा एवं मानव सभ्यता र संस्कृति झल्काउने जीवन्त अभिव्यक्ति सम्पदा हो । यस्ता अभिव्यक्तिहरू मूर्त र अमूर्तरूपमा व्यक्त हुन्छन् । संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठनको अनुसार मूर्त सम्पदा स्मारक, वास्तुकला, मूर्ति, उपकरण, औजार आदि हुन् भने, अमूर्त सम्पदामा मौखिक परम्परा, प्रस्तुति कला, सामाजिक अभ्यास, रीतिरिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू समावेश हुन्छन् । सामान्यतया हरेक किसिमको सम्पदालाई प्राचीन, ऐतिहासिक, धार्मिक र साँस्कृतिक भनी वर्गीकरण गर्न सकिन्छ ।

विश्व व्यापारीकरण, आधुनिकीकरण, जनसंख्या वृद्धि, बढ्दो शहरीकरण र अव्यवस्थित विकास निर्माणको कारण सम्पदा तथा साँस्कृतिक विविधताको संरक्षण कार्य स्थानीय सरकार र नागरिकको लागि प्रमुख चुनौतीको रूपमा रही आएको छ । विभिन्न कारणले शहर तथा बजार क्षेत्रको जनसंख्यामा उच्च वृद्धि देखिन्छ भने, ग्रामीण क्षेत्रको जनसंख्यामा गिरावट देखिन्छ । यी सब प्रवृत्तिले गर्दा मूर्त सम्पदाहरूमा क्षति, हानी नोक्सानी, चोरी, अतिक्रमण, तथा जीर्ण हुने समस्या रहेको छ। त्यस्तै शताब्दीऔं पूराना अमूर्त सम्पदा जस्तै; परम्परा, संस्कृति, भाषा, कला तथा जीवन शैलीहरू अपरिवर्तनीय रूपले हराउँदै गएको छ । त्यसर्थ विद्यमान सन्दर्भमा विकास र सम्पदा संरक्षण बिच सन्तुलन ल्याई दीगो विकास हाँसिल गर्नु प्रमुख चुनौतीको रूपमा प्रस्तुत छ ।

कुनै पनि सम्पदा ऐतिहासिक, सामाजिक, सौन्दर्य, वैज्ञानिक वा आर्थिक हिसाबले महत्वपूर्ण हुन्छ । ऐतिहासिक सम्पदाहरूले विगतको सभ्यता, संघर्ष, मान्यता तथा दर्शन झल्काएको पाइन्छ । सामाजिक सम्पदाहरू, मुख्यत अमूर्त सम्पदाले सामुदायिक सद्भाव एवं भाइचारा कायम गर्न टेवा पुऱ्याई रहेको हुन्छ । सौन्दर्यताको पाटोबाट पनि सम्पदाले बस्ती, शहर, वा क्षेत्रको भौतिक विशेषता, पहिचान तथा विशिष्टता जनाउँदछ । त्यस्तै वैज्ञानिक हिसाबले पनि पूरातात्विक र प्राचिन स्मारक, वस्तु, उपकरण, औजार, प्रविधि, विद्या आदिको खोज र अध्ययनले केही सम्पदा र संस्कृति महत्वपूर्ण हुन्छन । आर्थिक हिसाबले मुलतः पर्यटक भित्र्याउन र रोजगारी सिर्जना एवं राजस्व अभिवृद्धिको लागि सम्पदा अत्यन्त महत्वपूर्ण छ । तानसेन नगरमा यस्ता अनगिन्ती साँस्कृतिक, धार्मिक, ऐतिहाँसिक सम्पदा रहेको भए पनि तिनको उपयुक्त व्यवस्थापन गरी नगरको सम्वृद्धिसँग जोड्न थप पर्यत्न गर्नुपर्ने आवश्यकता छ ।

यसै सन्दर्भमा नेपालको संविधान, अनुसूची ८, (भाषा, संस्कृति र ललीतकलाको संरक्षण र विकास) र स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ बमोजिम संस्कृति र सम्पदा जोगाउने पहिलो दायित्व स्थानीय सरकारको रहन्छ । यसकारण नगरले सम्पदा संरक्षण सम्बन्धमा निम्न लक्ष्य, उद्देश्य तथा नीतिसहितको योजना तय गरेको छ ।

## २. लक्ष्य

सु-संरक्षित र सु-व्यवस्थित सम्पदायुक्त साँस्कृतिक नगर बनाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : सम्पदा व्यवस्थापन एवं संरक्षणको आवश्यक संयन्त्र स्थापना गरी क्रियाशील गराउनु ।**

**नीति क.** सबै वडा र नगरपालिकाबाट प्रतिनिधित्व हुने गरी तथा प्राविधिक जनशक्ति/क्षेत्रगत जानकार नागरिक सहितको स्थानीय सम्पदा समिति गठन गरिने छ ।

**नीति ख**. प्राविधिक जनशक्ति र विशेषज्ञसहितको सम्पदा संरक्षण र व्यवस्थापन इकाई गठन गरिने छ ।

**नीति ग.** सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, समन्वय, अनुगमन, नियमन, पहिचान आदिमा समिति र इकाईको विशेष भूमिका सुनिश्चित गरिने छ ।

**नीति घ.** गठन भएपश्चात् समिति र इकाईद्वारा सबै खाले भौतिक/साँस्कृतिक सम्पदाको अध्ययन तथा तथ्याङ्क संकलन थालनी गराइने छ ।

**नीति ङ.** पूरातत्व विभागको प्राचीन स्मारक संरक्षण नियमावली अनुरूप सम्पदाको पहिचान र सुचिकृत गर्न आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरिने छ ।

**उद्देश्य २ : नगरपालिकाको सम्पूर्ण सम्पदा सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्नु ।**

**नीति क.** सम्पदा संरक्षण एवं व्यवस्थापनका निम्ति आवश्यक उपकरण/प्रविधि व्यवस्था गरिने छ ।

**नीति ख**. लोपोन्मुख भाषा, लिपि र विभिन्न कला संरक्षण गर्न अभिलेखीकरण र Knowledge Management गरिने छ ।

**नीति ग.** प्रभावकारी सम्पदा संरक्षण र व्यवस्थापनको लागि सम्पूर्ण साँस्कृतिक, धार्मिक, ऐतिहासिक, पूरातात्विक सम्पदाको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी नगरपालिकाको सम्पदा स्रोत नक्सासहितको Heritage Register निर्माण गरिने छ ।

**उद्देश्य ३: सम्पदा/संस्कृतिको प्रभावकारी व्यवस्थापन र प्रवर्द्धनद्वारा पर्यटन, स्थानीय आर्थिक विकास लगायतका क्षेत्रको थप सबलीकरण गर्ने ।**

**नीति क.** सम्पदा क्षेत्र वा स्थानभित्र परेको भनी स्थापित भएका जग्गा/घर/संरचनालाई नगरपालिका कानुन बमोजिम मुआब्जाको व्यवस्था गरी अधिग्रहण गरिने छ ।

**नीति ख.** नगरपालिकाको पर्यटकीय र स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने सम्पूर्ण सम्पदा क्षेत्र/स्थान र संस्कृति झल्काउने समुदायको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान पुऱ्याइने छ ।

**नीति ग.** परम्परागत चाडबाड, जात्रा, मेला समय (भाद्रदेखि दशैं तिहारसम्म) बाहेकको महिनाहरूको लागि पनि साँस्कृतिक कार्यक्रम र गतिविधिको विकास गरिने छ ।

**नीति घ.** अन्य विभाग र क्षेत्र (जस्तै स्थानीय आर्थिक विकास/राजस्व, यातायात, भू-उपयोग आदिसँग समन्वय गरी सम्पदा संरक्षण एवं व्यवस्थापन गुरुयोजना निर्माण गरिने छ ।

**नीति ङ.** गुरुयोजनालाई भू-उपयोग योजना, वर्गीकरण zoning आदिसँग बाँधिने गरी निर्माण गरिने छ ।

**उद्देश्य ४: सबै खाले सम्पदा र सम्पदा क्षेत्रलाइ जीर्ण हुनबाट र निजी तथा सार्वजनिक गतिविधिबाट हानी/नोक्सानी हुनबाट संरक्षण गर्ने ।**

**नीति क.** तानसेन नगरपालिकाभित्रका लोपोन्मुख अवस्थामा रहेका सबै मौलिक कुडुले घरहरूका साथै चारपाखे बुट्टे झ्याल, ढोका, दलीन, बरण्डा भएका घरहरूको पहिचान गरी, आवश्यक संरक्षण गरिने छ ।


**नीति ख.** सम्पदा/संस्कृतिलाई असर गर्ने सबै खाले गतिविधिको रोकथाम, नियन्त्रण, र नियमन गरिने छ ।

**नीति ग.** विकास निर्माण परियोजना सञ्चालन गर्दा सम्पदा क्षेत्रलाई जोगाएर अगाडि बढ्ने नीति अवलम्बन गरिने छ ।

**नीति घ.** सम्पदा संरक्षणका लागि नगरभित्र संरक्षण क्षेत्रहरू कायम गरिने छ ।

**नीति ङ.** सम्पदा संरक्षणका लागि विभिन्न खाले प्रोत्साहन तथा सहयोगको व्यवस्था गरिने छ ।

**नक्सा १/५.२.३ : नगरपालिकाको भू-उपयोग वर्गीकरण नक्सामा चित्रित प्रमुख सम्पदा स्थान**




यस नक्साले विभिन्न भू-उपयोग क्षेत्रमा अवस्थित सम्पदा स्थल इंगित गर्दछ । यस प्रकारको तथ्याङ्कसहितको नक्साङ्कनले सम्पदा संरक्षण एवं व्यवस्थापन प्रभावकारी बनाउन मद्दत पुऱ्याउँदछ । नगरमा ठूलो संख्यामा रहेका सम्पदा स्थानको यस नक्साले भौगोलिक अवस्थिति मात्र जनाए पनि विद्युतीय (Digital) माध्यमद्वारा प्रयोजनमा ल्याउँदा प्रत्येक स्थानको विस्तृत जानकारी लिन मिल्ने गरी भण्डारण गरिएको हुन्छ ।

**उद्देश्य ५: सम्पदा संरक्षण र व्यवस्थापनमा जनचेतना, जनसहभागिता तथा साझेदारी वृद्धि गर्ने ।**

**नीति क.** सूचना प्रवाहका विभिन्न माध्यमको प्रयोगद्वारा र कार्यक्राममार्फत् नागरिकलाई र विशेष गरी नयाँ पुस्तालाई सम्पदा र सो को संरक्षणबारे सचेत गराइने छ ।

**नीति ख.** संरक्षणमा नागरिकका र विशेष गरी नयाँ पुस्ताको प्रत्यक्ष संलग्नता सुनिश्चित गराइने छ ।

**नीति ग.** नगरपालिकाको प्रमुख सम्पदा रेखदेख गर्दै आएका परम्परागत गुठी, मन्दिर व्यवस्थापन समिति आदिसँग समन्वय र साझेदारीमार्फत् अगाडि बढ्ने नीति अवलम्बन गरिने छ ।

**नीति घ.** सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग समन्वय र साझेदारीमार्फत् अगाडि बढ्ने नीति अवलम्बन गरिने छ ।

**तालिका १/५.२.३ : आवधिक प्राथमिकता : सम्पदा संरक्षण**

**क.** तानसेन नगरपालिकाको विशिष्ट सम्पत्तिको रूपमा रहेको विभिन्न सम्पदालाई ध्यानमा राख्दै र संवैधानिक अधिकार अनुसार भाषा, संस्कृति, ललीतकलाको संरक्षण र सम्बन्धित गतिविधिको व्यवस्थापन एवं जिम्मेवारी नगरपालिकाको रहेको छ । त्यसर्थ नगरले समस्त स्थानीय सम्पदाको संरक्षण र व्यवस्थापन कार्यलाई नियमन तथा सहजीकरण गर्न बहुपक्षीय समन्वयसहित नियम कानुन निर्माण र मार्गनिर्देशनको लागि योजना तर्जुमा गर्ने जस्ता क्रियाकलाप तर्जुमा भएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरूप सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटी संघ र प्रदेशसँग समन्वय गर्ने ।<br><br>२. नगरपालिका र संघ/प्रदेश सरकारको दोहोरो स्वामित्व वा लगानी रहेको सम्पदा/पार्क (जस्तैः दरबार परिसर, रानीमहल, बिग बुद्ध पार्क लगायत अन्य सबै) संरक्षण/व्यवस्थापनमा स्पष्टता ल्याउने । | १. नेपालको संविधान, अनुसूची (८, भाषा, संस्कृति र ललीतकलाको संरक्षण र विकास र स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ बमोजिम नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने । | १. सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी प्रभावकारी ऐनसहितको संरक्षण र व्यवस्थापनमा सबल नगरपालिका बन्ने । |

**ख.** बसोबास र साँस्कृतिक दृष्टिकोणले समृद्ध इतिहास बोकेको यस नगरपालिका, सम्पूर्ण राष्ट्रको प्रमुख ऐतिहाँसिक र साँस्कृतिक केन्द्रहरू मध्यको एक हो । सोह्रौं शताब्दी र सम्भवतः सो भन्दा पनि पूरानो मानव सभ्यता रहेको यस नगरपालिकामा प्राचीन बस्तीहरूको सम्भावना पनि उच्च रहेको छ । तसर्थ नगरमा यस्ता बस्तीहरूको भए नभए बारे बस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७३ को आधारमा खोज, अनुसन्धान तथा पहिचान कार्य गर्ने योजना रहेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकामा सम्भावित सम्पदा बस्ती; टक्सार बस्ती, गोर्खेकोट बस्ती, दरबार थुम्का बस्ती, कोकल धुम बस्तीसहित नगरभित्र १०० वर्ष भन्दा पूराना बस्तीहरू भए नभए बारे वडास्तरीय परामर्श गर्ने । | १. बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७३ अनुरूप सम्पदा बस्तीहरू खोज तथा पहिचान कार्य थालनी गर्ने । | १.सम्पदा बस्तीहरूको सूचीकरण, संरक्षण, व्यवस्थापन र प्रचार प्रसार । |

**ग.** अन्य सबै क्षेत्रभैं सम्पदा संरक्षण एवं व्यवस्थापन कार्यको लागि पनि तथ्याङ्कको प्रयोग महत्वपूर्ण हुन्छ। नगरमा यस्ता तथ्याङ्कहरू न्यून र पुराना, छरिएको र अपूर्ण अवस्थामा छ। यस अवस्थाबाट आधुनिकतातर्फ उन्मुख हुन र तथ्याङ्कको प्रयोगबाट वैज्ञानिक व्यवस्थापन हाँसिल गर्न, नगरले विभिन्न चरणमा सम्पदा सूचि तयार तथा सम्पदा वर्गीकरण लगायत तथ्याङ्क सम्बन्धी कार्यहरू गर्ने छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जारी रहेका सबै भू-उपयोग सूचि Land Use Inventory संकलन कार्यमा सबै खाले सम्पदा क्षेत्र र स्थानको तथ्याङ्क समेटिने गरी निरन्तरता दिने र थप प्रभावकारी बनाउने। साथै उपलब्ध सूचि र नयाँ सुचीलाई अद्यावधिक गरेर एकरूपता दिने। | १. सम्पदा क्षेत्र र स्थान सम्बन्धी विभिन्न तथ्याङ्क र Land Use Inventory लाई प्रयोगमा ल्याई सम्पदा क्षेत्रहरूको प्रभावकारी व्यवस्थापन र संरक्षण कार्य गर्ने। | १.मध्यकालका सम्पदा संरक्षण सम्बन्धी मध्यकालीन प्राथमिकताका कार्यक्रमलाई निरन्तता दिने। |
| २. नगरमा अवस्थित सम्पूर्ण धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पूरातात्विक, पर्यटकीय महत्वका सम्पदा क्षेत्र र स्थलहरूको अध्ययन, सुचीकरण र वर्गीकरणको थालनी गर्ने। | २. संकलित तथ्याङ्क, अध्ययन, सुचीकरण र वर्गीकरणको अधारमा सम्पदा गुरुयोजना र Heritage Register निर्माण कार्य गर्ने। | |

**घ.** सम्पदा संरक्षणको प्रमुख पाटो परम्परागत ज्ञान तथा कलाको जगेर्ना गर्नु पनि हो। नगरको आदिवासी, जनजाति र लोपोन्मुख समुदायको भाषा, लिपि, प्रस्तुति तथा शिल्पकला लोप हुँदै गएको सन्दर्भमा सो को संरक्षण जरुरी छ। अमूर्त सम्पदा, जस्तैः मौखिक परम्परा, भाषा, लिपि, साहित्य, प्रस्तुति कला, सामाजिक अभ्यास, रीतिरिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू जोगाउन चुनौतीपूर्ण हुन्छ। तसर्थ यस्तो किसिमको ज्ञान तथा कलालाई जगेर्ना गर्न नगरले अभिलेखीकरण तथा व्यवस्थित तरिकाले सम्वर्द्धन, अद्यावधिक तथा वितरण गर्ने कार्यक्रम राखेको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. लोपोन्मुख र जनजाति भाषा, लिपि र विभिन्न कलाको पहिचान र त्यस पश्चात सो को संरक्षण गर्न अभिलेखीकरण र Knowledge Management को थालनी। | १. भाषा तथा लिपिको अभिलेखीकरण र Knowledge Management लाई निरन्तरता तथा अद्यावधिक। | १. भाषा तथा लिपिको अभिलेखीकरण र Knowledge Management लाई निरन्तरता तथा अद्यावधिक गरी स्थानीय पहिचान अभ प्रगाढ बनाउने। |

**ङ.** नगरमा अवस्थित सम्पदा स्थान/क्षेत्रको संरक्षण र व्यवस्थापनमा सुधार तथा प्रवर्द्धन, नयाँ सम्पदा स्थान/क्षेत्रको पहिचान, जारी रहेका योजना/परियोजना समापन लगायात कार्यक्रमहरू सम्पन्न गर्नु पर्ने आवश्यकता छ। सम्पदा व्यवस्थापन क्षेत्रको सेवा प्रवाह अन्तर्गत सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी विभिन्न कार्य पहिचान गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. लोपोन्मुख सबै कुडुले घरहरू र मौलिक चारपाखे बुट्टे भ्याल, ढोका दलान, बरण्डा, भएका घरहरूको लगत संकलन, पहिचान तथा संरक्षण कार्य शुरुवात गर्ने। | १. कुडुले र मौलिक सबै घरहरू संरक्षण कार्य सम्पन्न गरी निरन्तर प्रचार प्रसार र व्यवस्थापन गर्ने। | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नगरपालिकाले गर्दै आएको साँस्कृतिक सहयोग र सहकार्य जस्तैः (नौमती बाजा प्रतियोगिता, भगवती जात्रा, लाखे जात्रा, रोपाई जात्रा सहयोग) लाई निरन्तरता दिने र यस्तो कार्य बढाउँदै जाने ।<br><br>३. वडा नागरिकहरूको अनुरोधलाई मध्यनजर राख्दै ओझेलमा परेका महत्वपूर्ण स्थानीय सम्पदा (बाँसटारी पौवा, गणेश मन्दिर, माण्डव्य सरोवर, सबै पाटीपौवा, ढुङ्गेधारा, राणाकालीन धाराहरू, माडिफाटको माण्डव्य ऋषिको तपोभूमि अंगारे, रानीघाट दरबार, बौघा पोखराथोक चेचीकोटको डाँडा, प्रभासको मुकुन्देश्वर महादेव, सूर्यकुण्ड अर्गली दरबार तथा राणाकालिन मठ मन्दिर र पाटीपौवा, पानीका मौलिक कुवाहरू, रानीचुडी दमकडा, सामाकोट पानी कुवा र अन्य वडाहरूमा रहेका महत्वपूर्ण कुवा तथा धारा आदि र संस्कृतिको संरक्षण, व्यवस्थापन, र प्रचार प्रसारको लागि विशेष कार्यक्रम तर्जुमा गर्ने । त्यस्तै स्थानीय समुदायको संस्कृति झल्काउने कार्यक्रम, समारोह आदिलाई निरन्तरता दिने र बढाउँदै जाने ।<br><br>३.१. सबै सम्पदा स्थलमा पुग्ने बाटोको सुधार कार्य थालनी गर्ने, विशेष गरी रानी महल लगायत आवश्यक सबै र प्रस्तावित सबै परियोजना (जस्तैः श्रीनगर साँस्कृतिक डबली, मगर साँस्कृतिक संग्रालय, वंशगोपाल धार्मिक/साँस्कृतिक डबली निर्माण सम्पन्न गरी प्रयोगमा ल्याउने ।<br><br>३.२. पर्यटकीय हिसाबले महत्वपूर्ण सम्पदा क्षेत्र र स्थलहरूको प्रचार प्रसार, पूर्वाधार निर्माण, र सूचना केन्द्रहरू स्थापना गर्ने । | २. स्थानीय कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा नगरले गर्ने सहयोग र सहकार्यलाई निरन्तरता दिने । स्थानीय कला र संस्कृति संरक्षणलाई अन्य क्षेत्रको कार्यक्रममा समेत समावेश गर्ने । | २. स्थानीय कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा नगरले गर्ने सहयोग र सहकार्यको पद्धतिमा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३.३. गुठी जग्गाको तथ्याङ्क संकलन गरी रैकर बनाउने प्रक्रिया शुरुवात गर्ने । सो व्यवस्थामा गुठी आम्दानीबाट अन्य कार्य जस्तै मठ, मन्दिर बनाउने जात्रा सञ्चालन गर्ने व्यवस्थालाई प्राथमिकता दिने ।<br><br>३.४. सारङ्गी तथा अन्य मौलिक बाजा र यस्ता बाजा बजाउने समुदायको पनि संरक्षण र सम्वर्द्धन गर्ने । | | |

**च.** सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य सम्पादनको निम्ति नगरपालिकामा सक्षम जनशक्ति, शाखा, संयन्त्र, तथा आन्तरिक तथा बाह्य सरोकारवालाहरूको आवश्यकता पर्दछ । साथै विभिन्न स्तर तथा चरणमा निरन्तर क्षमता अभिवृद्धि, सहकार्य र समन्वय पनि महत्वपूर्ण हुनाले यस सम्बन्धी कार्यक्रमहरू पनि तर्जुमा भएको छ । त्यस्तै यस क्षेत्रमा सचेतना र जागरूकताको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुनाले र यस्ता क्षेत्र र स्थानको सुरक्षामा पनि ध्यान दिनु पर्ने हुनाले यस विषयलाई पनि मध्यनजर गर्दै कार्यक्रम रखिएको छ । विशेषगरी युवा पुस्तामा संस्कृति सम्बन्धी मूल्य मान्यता घट्दै गएको भन्ने बुझिएकोले, युवा पुस्तालाई समेत सचेतना अभिवृद्धिमा कार्यक्रम तय गरिएको हो ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को संगठन संरचना बमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा वा सामाजिक विकास शाखा अन्तर्गत सम्पदा संरक्षण इकाई स्थापना गर्ने । | १. आवश्यकता अनुसार सम्पदा संरक्षण इकाईलाई सामाजिक विकास शाखा अन्तर्गत विस्तार गर्ने । | १. सम्पदा संरक्षणसँग सम्बन्धित क्षमता विकास कार्यक्रममा आवश्यक परिमार्जन गरी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |
| २. सम्पदा संरक्षण इकाईको विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्वारा क्षमता अभिवृद्धि गर्ने । | २. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । | २. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |
| ३. सम्पदा व्यवस्थापन एवं संरक्षणको लागि नगरस्तरीय समिति गठन तथा परिचालन गर्ने। | ३. समिति र सो को प्रभावकारी कार्य सम्पादनलाई निरन्तरता दिने । | ३. समिति र सो को प्रभावकारी कार्य सम्पादनलाई निरन्तरता दिने । |

**च.१.** बाह्य पक्ष र सरोकारवालाको लागि :

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकाको अन्तरिक क्षमता विकासमा मात्र नभई सम्पदा संरक्षण क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने नागरिक, बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना वृद्धिमा पनि ध्यान दिने । | १. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्याङ्कन र नियमन । | १. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्याङ्कन र नियमन । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.१. विशेष गरी नयाँ पुस्तालाई संलग्न गराउने खाले सचेतना कार्यक्रमहरू आयोजना गर्ने । साथै नगर प्रहरी र अन्य सुरक्षा संयन्त्र (प्रहरी, सेना आदि) को सहयोगमा सम्पदा क्षेत्र संरक्षण गर्ने । | | |
| २. सम्पदा संरक्षण र व्यवस्थापनको लागि गुठी, मन्दिर व्यवस्थापन समिति लगायत सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग साझेदारी विकास गर्ने । | २. सम्पदा संरक्षणका नगरको आन्तरिक संयन्त्र र सम्बन्धित सरोकारवालासँगको सहकार्यलाई संस्थागत र व्यवस्थित गर्ने । | २. सम्पदा संरक्षणमा सहकार्य र साझेदारीलाई उपलब्धीमूलक बनाउन सम्बन्धित सरोकारवालासहितको नगरस्तरीय संयन्त्रको भूमिका परिभाषित गरी थप व्यवस्थित बनाउने । |

**तालिका २/५.२.३ : सम्पदा संरक्षण क्षेत्रको अपेक्षित उपलब्धी**

| क्र.स. | उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|
| १. | Museum/Art Gallery (संख्या) | | | ३ | ५ |
| २. | व्यवस्थित शवदाह स्थल/स्थान (संख्या) | | | ५ | १० |
| ३. | लोपोन्मुख/आदिवासी भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृतिको आधारमा समुदाय पहिचान कार्य (प्रतिशत) | | | ५० | १०० |
| ४. | लोपोन्मुख/आदिवासी भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृति संरक्षण गर्न अभिलेखीकरण तथा Knowledge Management कार्यमा समग्र प्रगति (प्रतिशत) | | २५ | ५० | १०० |
| ५. | सम्भावित सम्पदा महत्वका (सबै किसिमको) स्थान, क्षेत्रको पहिचान, अध्ययन, अनुसन्धान, उत्खनन् कार्य (संख्या) | | | २ | ५ |
| ६. | मौलिक कुडुले र चारपाखे बुट्टे झ्याल, ढोका दलान, बरण्डा, भएका घरहरूको पहिचान र आवश्यक संरक्षण कार्य (प्रतिशत) | पहिचान :<br>संरक्षण : | २८ | १०० | १०० |
| ७. | सम्पदा संरक्षण र व्यवस्थापनको लागि गुठी, मन्दिर व्यवस्थापन समिति, गुम्बा व्यवस्थापन समिति लगायत सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग गरिएको साझेदारी (संख्या) | | २ | ५ | १० |
| ८. | सम्पदा संरक्षण र व्यवस्थापनको लागि सचेतना कार्यक्रमहरूबाट लाभान्वित जनसंख्या (प्रतिशत) | | ५० | १०० | १०० |

## ५.२.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### १. वर्तमान अवस्था

नेपालको सन्दर्भमा लैंगिक समानता अन्तर्गत मुलतः महिला तथा लैङ्गिक अल्पसंख्यकको सम्मान, सुरक्षा, अवसर र न्यायको विषय पर्छन् । समाजिक समावेशीकरण भन्नाले विविध कारणले वहिष्करणमा परेका वर्ग क्षेत्र, लिङ्ग र सम्प्रदायका नागरिकको राज्य सञ्चालन प्रक्रियामा मुल प्रवाहीकरण गर्ने विषय पर्छन् । विभिन्न जातजातिको समिश्रण रहेको तानसेन नगरपालिका जनसाङ्ख्यिक अवस्थाका आधारमा एक समावेशी नगरपालिका हो । तानसेनमा बसोबास गर्ने सबै जातजाति लगायत महिला, अपाङ्गता भएका व्यक्ति लगायत सबैको बराबर सम्मान र समान अवसरको सुनिश्चितताका लागि नगरले विभिन्न प्रयास गरिरहेको छ । नागरिकका बिच उत्पत्ति धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य कुरामा भेदभाव नगरिने कुरा नेपालको संविधानले मौलिक हकका रूपमा समावेश गरेको सन्दर्भमा निर्वाचित स्थानीय सरकार गठनसँगै संविधान प्रदत्त समानताको हक सुनिश्चिततालाई स्थानीय सरकारको प्रमुख दायित्व हुनेमा तानसेन दृढ छ । तानसेन नगरपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रम अन्तर सम्बन्धित विषयका रूपमा समावेश गरी कार्यान्वयन गर्दै आएता पनि स्थानीय रूपमा कानुनी र नीतिगत प्रबन्ध गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सेवालाई सम्बोधन गर्ने सवालमा कमी महसुस गरिएको छ ।

तानसेन नगरपालिकाको नगर पार्श्वचित्र २०७५ का अनुसार १५ वर्ष माथिका महिला र पुरुषको साक्षरता दर क्रमशः ८३ प्रतिशत र ९३ प्रतिशत रहेको छ । सम्पत्तिमा स्वामित्व (विशेषगरी घर जग्गामा) पुगेको महिला ३३ प्रतिशत रहेको छ । मातृ मृत्युदर प्रति लाख जीवित जन्ममा १ प्रतिशत भन्दा कम रहेको छ । महिला तथा पुरुषको सामाजिक विकासको स्तरमा रहेको अन्तर तथा समस्या समाधानका लागि नगरले विभिन्न प्रयास गरेको छ । स्वास्थ्य बिमा लगायत निश्चित सेवामा महिला, दलित, अल्पसंख्यक आदिको पहुँच सुनिश्चित गर्नका लागि विभिन्न स्थानीय नीति तथा कानुन तय गरी कार्यान्वयन समेत गरिएको छ । तथापि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको समग्र सवाललाई विशेष नीतिमार्फत् सम्बोधन गर्ने आवश्यकता महसुस गरिएको छ ।

यस पृष्ठभूमिमा विकास, सेवा र अवसरहरूमा सबैको समान पहुँच र न्याय सुनिश्चित गर्ने यो क्षेत्रको निम्न, लक्ष्य, उद्देश्य तथा नीति तय गरिएको छ ।

### २. लक्ष्य

समतामूलक र समावेशी तानसेन निर्माण गर्ने ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : नीतिगत र कानुनी रूपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिनिश्चित गर्नु ।**

**नीति क.** लैङ्गिक समानता र सामाजिक समावेशीकरण सन्दर्भमा नेपालको कानुनमा भएको व्यवस्थालाई व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, तथा कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**नीति ख.** नीति तथा कानुनी प्रावधानका आधारमा लक्षित कार्यक्रम तय गरी नगरमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तिकरण गरिने छ ।

**नीति ग.** बाल अधिकारलाई सुनिश्चित गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिइने छ ।

**नीति घ.** संविधानको धारा १० मा व्यवस्था भए अनुसार अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक नीति नियम तयार गरी कार्यान्वयन गरिनेछ ।

**नीति ङ.** महिला सशक्तिकरण सम्बन्धी नीतिगत व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

**नीति च.** लैङ्गिक समानता तथा सामासजिक समावेशीकरणको सवाललाई सबै क्षेत्रका नीति तथा कार्यक्रममा मुल प्रवाहिकरण गर्दै लगिने छ ।

**उद्देश्य २ : नगरको विकास निर्माण र सेवा प्रवाहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई व्यवहारिक कार्यान्वयन गर्नु ।**

**नीति क.** महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रवर्द्धन गर्नुका साथै महसुस हुने गरी नगरको सेवालाई पहुँचयोग्य बनाइने छ ।

**नीति ख.** नगरको राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गरिनेछ ।

**नीति ग.** नगरमा निर्माण हुने हरेक सार्वजनिक संरचना अपाङ्गतामैत्री, बालमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइनेछ ।

**नीति घ.** दुर्व्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको सुरक्षा र सुरक्षित बसोबासका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

**नीति ङ.** आर्थिक, सामाजिक र राजनीतिक गतिविधिहरूमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।

**नीति च.** आर्थिक, सामाजिक र राजनितिक गतिविधिहरूमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।

**नीति छ.** नगरमा रहेका संघ संस्था तथा समितिहरूमा विभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधारहरूको पहुँच योग्यता र सम्बन्धित पक्षले पाउने सेवा प्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत गरिनेछ ।

**नीति ज.** नगरपालिका भित्र रहेका बेरोजगार महिलाहरूको लागि आयमूलक सीपको व्यवस्था गर्ने कार्यलाई आर्थिक विकास क्षेत्रको अभिन्न पक्षका रूपमा अघि बढाइने छ ।

**नीति झ.** लैङ्गिक हिंसा न्यूनिकरणको लागी सरोकारवाला निकायसँगको समन्वय र साझेदारीमा लक्षित कार्यक्रम कार्यान्वयन गरिने छ ।

**उद्देश्य ३ : सामाजिक समावेशिकण प्रवर्द्धनको भूमिकामा रहेको नगर संयन्त्रलाई क्षमतायुक्त बनाउनु ।**

**नीति क.** नगरमा रहेका महिला तथा बालबालिका शाखामा आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।

**नीति ख.** महिला तथा बालबालिका शाखालाई प्रविधिमैत्री बनाइनेछ ।

**नीति ग.** महिला तथा बालबालिका शाखाका कर्मचारीहरूको क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ ।

**नीति घ.** तालिम, अनुशिक्षण लगायतका विधिमार्फत् महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नगरिक आदिको अधिकार, पहुँच तथा नगरको भूमिका सम्बन्धमा सबै नगर अन्तर्गतका इकाई तथा कर्मचारी बिचमा स्पष्टता ल्याइने छ ।

**नीति ङ.** प्रत्येक वडामा उपयुक्त संयन्त्र वा समिति गठन गरी लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।

**नीति च.** नगरभित्र, नगरमा रहेका संघसंस्था तथा समितिमा विभिन्न पक्षको प्रतिनिधत्वको अवस्था, पूर्वाधार हरूको पहुँचयोग्यता, सम्बन्धित पक्षले पाउने सेवा प्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत गरिने छ ।

**नीति छ.** टोल विकासका लागि महिला, बालबालिका तथा आदिवासी जनजाती, एकल महिला, अपाङ्गता भएका, असहाय र पिछडिएका क्षेत्रमा आमा समूहबाट सामाजिक परिचालनको माध्यमबाट गरिबी न्यूनिकरण र उत्थानको लागि लक्षित वर्गको कार्यक्रम कार्यान्वयनमा सहयोग गरिने छ । त्यस्तो सहयोग सम्बन्धित वडामार्फत् गरिने छ ।

**उद्देश्य ४ : सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरबाट प्रवाह गरिने सेवा प्रभावकारी बनाउनु ।**

**नीति क.** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता वितरण थप प्रभावकारी बनाइनेछ साथै सामाजिक सुरक्षा भत्ता घरदैलोमा पुऱ्याउने व्यवस्था मिलाइनेछ ।।

**नीति ख.** सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने व्यक्तिहरूको प्रभावकारी तथ्याङ्क व्यवस्थापन गरिनेछ ।

**नीति ग.** सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ ।

**नीति घ.** ज्येष्ठ नागरिक, दीर्घरोगी तथा अपाङ्गता भएका व्यक्तिको सम्मान र सुरक्षाका लागि पारिवारिक संरक्षणमा जोड दिइने छ । साथै आफ्ना आमा बुवालाई अपमान र हेला गर्ने वा रेखदेख नगर्ने वालिग सन्तानलाई नगरबाट प्राप्त हुने सेवा सुविधाबाट वञ्चित गरिने छ ।

**नीति ङ.** नगरले वार्षिक बजेट तर्जुमा गर्दा बालबालिका, अपाङ्गता भएका, एकल महिला, दलित तथा पछाडि परेका वर्ग, महिला जनजातिका लागि अलग-अलग विशेष कार्यक्रमको आधारमा बजेटको व्यवस्था गरिनेछ । यसरी कार्यक्रम तय गर्दा सबै विषयगत क्षेत्र अन्तर्गतको उपक्षेत्रको कार्यक्रमबाट प्राप्त हुनसक्ने अवसर र उपलब्धीमा हिस्सेदारी हुने कुरालाई पर्याप्त ध्यान दिइने छ ।

**तालिका १/५.२.४ : आवधिक प्राथमिकता : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

| | | |
|---|---|---|
| **क.** तानसेन नगरपालिकाले सेवा प्रवाह र विकास निर्माणलाई ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिने तथा योजना तथा विकास निर्माणको अभ्यासमा सहभागिता प्रवर्द्धनका अभ्यास गरिरहेको छ । तथापि लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीति तथा बेग्लै कानुन नभएको तथा सबै क्षेत्रका नीति तथा कानुनमा यो पक्ष विश्लेषण गर्नुपर्ने आवश्यकता देखिएकोले नीतिगत र कानुनी व्यवस्था निर्माणको आवधिक कार्यसूचि यहाँ प्रस्तुत गरिएको छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १.लैङ्गिक समानता र सामाजिक समावेशीकरणको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू निर्माण गर्ने ।<br><br>२.नगरको पूर्वाधार व्यवस्थापन तथा सेवा प्रवाहसँग सम्बन्धित नीति तथा कानुनमा सामाजिक समावेशीकरणको पक्ष विश्लेषण गरी आवश्यक परिमार्जनको शुरुवात गर्ने । | १. लैङ्गिक समानता र सामाजिक समावेशीकारणको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू अद्यावधिक गर्ने ।<br><br>२. नगरका सबै नीति तथा कार्यक्रमलाई समाजिक समावेशीकरणको नीति अनुकुल भएको सुनिश्चिता गर्ने । | १.लैङ्गिक समानता र सामाजिक समावेशीकरणका नीति नियम र कार्यविधिहरूलाई थप व्यवहारिक र समय सापेक्ष बनाउने ।<br><br>२. क्षेत्रगत नीतिहरूमा रहेका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षको पुनरावलोकन र आवश्यक परिमार्जन गर्ने । |
| **ख.** नगरपालिकाले विभिन्न कार्यक्रम कार्यान्वयका लागि गठन हुने उपभोक्ता समितमा महिला लगायत सबै पक्षको प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ भने संरचनाहरूलाई अपाङ्गता भएका, बालबालिका र महिलामैत्री बनाउँदै लगिएको भए पनि सहभागिता र संरक्षण र पहुँचका थप कार्य गर्नुपर्ने आवश्यकता महसुस गरी निम्न प्राथमिकता तय गरिएको छ । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. उपभोक्ता समिति र कार्यक्रम अनुगमन समितिमा महिलाको सहभागिता कम्तीमा ४० प्रतिशत पु¥याउने साथै दलित, जनजाति र पछाडि परेका समुदायको सहभागिता सुनिश्चित गर्ने । | १. विभिन्न समितिमा महिला, दलित जनजातिको वा लोपोन्मुख जातिको सहभागिता सुनिश्चितताको व्यवहारिक कार्यान्वयनमा जोड दिने । | |
| २. नगरमा निर्माण भएका र निर्माण हुने सार्वजनिक पूर्वाधार अपाङ्गतामैत्री बनाउन थालनी गर्ने । | २. नगरभित्र निर्माण भएका सबै पूर्वाधार अपाङ्गतामैत्री बनाउने । | २.नगरपालिकाबाट सञ्चालन हुने सबै पूर्वाधार र सेवा सम्बन्धी कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल समेट्ने अभ्यासलाई संस्थागत गरिसक्ने । |
| ३.महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने । | ३.महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न गरिने प्रवर्द्धनात्मक कार्यक्रमलाई थप प्रभावकारी बनाउने । | |
| ४.दुर्व्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माणका लागि अध्ययन र पूर्व तयारी गर्ने। | ४.दुर्व्यवहारमा/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माण गर्ने । | ४.दुर्व्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृहलाई थप व्यवस्थित र प्रभावकारी बनाउने। |
| ५.नगरलाई बालमैत्री नगरको अवस्थामा पु¥याउने गरी सार्वजनिक पूर्वाधार सुधारको थालनी गर्ने । | ५. नगरलाई बाालमैत्री नगरको अवस्थामा पुग्नेगरी सार्वजनिक पूर्वाधार सुधार गरिसक्ने । | ५. नगरलाई बालमैत्री पूर्वाधार युक्त नगरको रूपमा स्थापित गर्ने |
| ६. लैङ्गिक हिंसा न्यूनिकरणका लागि नगरपालिकामा लैंगिक हिंसा न्यूनिकरण कोष स्थापना गर्ने । | ६.लैङ्गिक हिंसा न्यूनिकरण कोषका माध्यमबाट लैङ्गिक हिसा न्यूनिकरणका लागि विविध कार्यक्रम सञ्चालन गर्ने । | |
| ७. नगरपालिकाबाट प्रवाह हुने सेवामा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालालिकाको सहज पहुँचका लागि सेवा प्रवाहको विधि परिमार्जनका लागि आधारहरू तयार गर्ने । | ७. नगरपालिकाबाट प्रवाह हुने सेवामा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबाालिकाको सहज पहुँचका लागि सेवा प्रवाहको विधि परिमार्जनसहित कार्यान्वयन गर्ने। | |

**ग.** नगरका महिला तथा बालबालिका शाखा रहेकोमा यसलाई थप क्षमतायुक्त बनाउन तथा सबै संयन्त्रको कार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई समेट्ने गरी संगठन संरचना र क्षमता विकासका प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.महिला तथा बालबालिका शाखालाई व्यवस्थित गर्दै आवश्यक उपकरण व्यवस्था गर्ने। | १. महिला तथा बालबालिका शाखालाई आधुनिक प्रविधि युक्त बनाउने । | १. महिला तथा बालबालिका शाखालाई जनशक्ति, पूर्वाधार र प्रविधियुक्त बनाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २.महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने । | २. महिला तथा बालबालिका शाखामा कार्यरत कमचारीको क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिने । | |
| ३.सामाजिक सुरक्षा सम्बन्धी सेवालाई प्रविधिमैत्री बनाउन थालनी गर्ने । | ३. सबै प्रकारका सामाजिक सुरक्षा सेवा वितरणलाई सूचना प्रविधिमा आधारित बनाउने । | |
| ४. महिला तथा बालबालिका शाखालाई अपाङ्गतामैत्री र बालमैत्री बनाउन थालनी गर्ने । | ४. महिला तथा बालबालिका शाखालाई पूर्ण अपाङ्गतामैत्री र बालमैत्री बनाउने । | |
| ५. एकल महिला स्वरोजगार कार्यक्रमका लागि आधार तयार गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने । | ५. एकल महिला स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | |
| ६. एकल तथा असहाय महिला सुरक्षा कोष स्थापना र सञ्चालन गर्ने । | ६. एकल तथा असहाय महिला सुरक्षा कोषलाई थप प्रभावकारी बनाउने । | |
| ७. महिलाः उद्यममा पहिला भन्ने नारालाई साकार पार्न महिला लक्षित साना तथा लघु उद्यम प्रवर्द्धन कार्यक्रम तय गरी आर्थिक विकासको अंगका रूपमा लागु गर्ने । | ७. महिला उद्यम विकास कार्यक्रम विस्तार गर्ने । | |

### तालिका २/५.२.४ : लैंगिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रको अपेक्षित उपलब्धी

| क्र. सं. | उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ | उपलब्धी सुचक |
|---|---|---|---|---|---|---|
| १. | लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी ऐन, नियम र कार्यविधि निर्माण सम्बन्धी जनप्रतिनिधिलाई अभिमुखिकरण, निर्माण र नियमित अध्यावधिक (प्रत्येक पटक निर्वाचित) | संख्या | ० | ८० | ८० | १६० |
| २. | नगरमा निर्माण हुने र निर्माण भएका सबै सरकारी संरचना अपाङ्गमैत्री बनाउने - निर्माण भइसकेका २०० संरचनामा र्याम्प बनाउने | संख्या | ० | ५० | १०० | ५०० |
| ३. | महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने | पटक | | २ | ४ | १३ |
| ४. | दुर्व्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माण गर्ने | संख्या | ० | ० | १ | ० |

| क्र. सं. | उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ | उपलब्धी सुचक |
|---|---|---|---|---|---|---|
| ५. | लैंगिक हिंसा न्यूनिकरणका लागि नगरपालिकामा लैंगिक हिंसा न्यूनिकरण कोष स्थापना गर्ने | पटक | | १ | ० | ० |
| ६. | महिला तथा बालबालिका शाखालाई व्यवस्थित गर्दै आवश्यक उपकरण व्यवस्था गर्ने | पटक | | १ | १ | १ |
| ७. | महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई क्षमता विकास तालिम | पटक | | १ | २ | ६ |
| ८. | सामाजिक सुरक्षा सम्बन्धी सेवालाई प्रविधिमैत्री बनाउन आवश्यक उपकरण सहयोग | पटक | | १ | १ | १ |
| ९. | महिला तथा बालबालिका शाखाको भौतिक संरचना अपाङ्गतामैत्री र बालमैत्री बनाउने | संख्या | ० | ० | १ | ० |
| १०. | एकल तथा असहाय महिला सुरक्षा कोष स्थापना र सञ्चालन गर्ने | पटक | | १ | | |
| ११. | महिला उद्यममा पहिला भन्ने नारालाई साकार पार्न साना तथा लघु उद्यमलाई प्रोत्साहन गर्ने | पटक | | १ | १ | २ |

## ५.३. पूर्वाधार विकास

यो खण्डमा तानसेन नगरपालिकाको भू-उपयोग र शहरी विकास, पार्क तथा मनोरञ्जनका पूर्वाधार, यातायात, खानेपानी, सार्वजनिक सरसफाई, सार्वजनिक भवन तथा पुस्तकालय, सिँचाइ, विद्युत र सञ्चार सम्बन्धी पूर्वाधार र सेवाको नीति तथा आवधिक प्राथमिकता समेटिएको छ। यी सेवाका पूर्वाधार तयारी वा स्तरोन्नतीको विधि र मापदण्ड निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयनमार्फत् सुव्यवस्थित पूर्वाधारयुक्त तानसेन निर्माणमा केन्द्रित नीति र प्राथमिकता यो क्षेत्रमा समेटिएको छ।

### ५.३.१. भू-उपयोग तथा आवास व्यवस्थापन

#### १. वर्तमान अवस्था

तानसेन नगरपालिकाको बस्ती विकास इतिहास हेर्दा सेन वंशका दशौं पुस्ताका राजा चन्द्र सेनका छोरा रूद्र सेनले वि.सं. १५६३ मा पाल्पा राज्यको स्थापना गरेका थिए। त्यस समयमा पाल्पाका शक्तिशाली राजाको रूपमा चिनिने रूद्र सेनले पाल्पा राज्यको विस्तार गरी आफ्नो राज्यको राजधानी तानसेनलाई बनाएको पाइन्छ। भारतमा मुसलमानहरूले आक्रमण गरेको समयमा सो आक्रमणबाट धपाइएका हिन्दु राजाहरू नेपालको दक्षिणी भू-भागबाट, अर्थात् भारतको उत्तरी क्षेत्रतर्फ भागेर पन्ध्रौं शताव्दीमा नेपालतर्फ पसेका थिए। त्यसबेला नेपालमा पनि बाइसे-चौबीसे राज्यहरू खण्डित अवस्थामा रहेका थिए। दक्षिणबाट धपाइएको सेन राजाले बुटवल, रिडसिङ्ग, रिब्दीकोट, पूर्णकोट हुँदै तानसेन प्रवेश गरी छुट्टै राज्यको स्थापना गरे। सोही क्रममा त्यस बेलाका राजा रूद्र सेनले आफ्नो राज्य तथा शक्तिको विस्तार गरी राजधानी तानसेन क्षेत्रलाई बनाएको इतिहास पाइन्छ।

यस नगरको समकालीन विकासको इतिहास हेर्दा वि.सं. २००७ साल चैत्रमा ११ वडा बनाई स्थापना भएको र वि.सं. २०४८ सालमा ४ वडा थप गरी यस नगरपालिकामा १५ वडा कायम गरिएको थियो। २०४८ सालमा मदनपोखराको तत्कालीन वडा नं. ८ पनि नगरपालिकामा गाभिएको थियो। त्यसपछि संघीय संरचना अनुसार २०७३/११/२२ मा साबिकका तानसेन नगरपालिकामा, वराङ्गदीका (२-६), मदनपोखरा, तेल्घा, बन्दीपोखरा, बौघा पोखराथोक, बौघागुम्हा र अर्गली गा.वि.स.हरू समावेश गरी तानसेन नगरपालिकाको नयाँ संरचनामा १४ वडा कायम गरिएको थियो। हालको बसोबास र अन्य भू-उपयोगको अवस्था विश्लेषण गर्दा जनसंख्या, व्यवसायिक तथा प्रशासनिक क्षेत्र, ऐतिहासिक क्षेत्र, मूल बस्ती क्षेत्र आदिको आधारमा वडा नं. २, ३, ४, ६ र ७ यस नगरपालिकाको शहरी केन्द्र हो। ग्रामीण बसोबास, कृषि तथा पशुपालन, वन क्षेत्र, अन्य प्राकृतिक स्रोत, र केही खानी/खनिज उत्खनन् जस्ता गतिविधिले गर्दा बाँकी वडाहरू नगरको ग्रामीण बस्ती, कृषि तथा प्राकृतिक स्रोत केन्द्र हुन्।

ऐतिहासिक र परम्परागात रूपमा, न्यूनतम योजनाको आधारमा बस्ती एवं मानव गतिविधि विकास र विस्तार भएको (organic settlement) र पहाडी भिरालो भू-भागमा पर्ने हुँदा नगरपालिकाको शहरी केन्द्रको विकास पद्धति पनि परम्परागत छ जसमा सघन र बाक्लो भवन तथा संरचना र साँघुरो सडक तथा गल्ली रहेको छ। नगरको ग्रामीण भेगको हकमा भने मुख्य भू-भाग वनले ओगटेको छ, र त्यसपश्चात् कृषि प्रयोजनमा धेरै भोग चलन भई आएको छ जसमा छरिएको ग्रामीण बस्तीहरू पनि रहेका छन्। यसकारण तानसेन नगरपालिकाको शहरी केन्द्र ऐतिहासिक/पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण छ भने ग्रामीण केन्द्र वन तथा कृषि र वातावरणीय दृष्टिकोणले महत्वपूर्ण छ।

यस सन्दर्भमा शहरी केन्द्रलाई विभिन्न शहरी नियोजन अवधारणा र विधिको प्रयोगमार्फत् थप व्यवस्थित गर्ने, ऐतिहासिक/पुरातात्विक मूल्य मान्यता संरक्षण गर्ने र ग्रामीण केन्द्रको मौलिकता र पहिचान कायम राख्ने, कृषि क्षेत्रलाई अझ उत्पादनशील बनाउने, वातावरणीय सन्तुलन र प्राकृतिक स्रोतको प्रयोगलाई वैज्ञानिकरण गर्ने लगायतको दायित्व स्थानीय सरकारको रहन्छ। यी सब कार्य सम्पन्न गर्न भू-उपयोग नीति

कानुन एवं योजनाहरू अति आवश्यक रहन्छ । त्यस्तै राष्ट्रिय भू-उपयोग परियोजनाले (National Land Use Project) हालै मात्र नगरपालिकालाई हस्तान्तरण गरेको भू-उपयोग तथा वर्गीकरण नक्सा, प्रतिवेदन र तथ्याङ्कहरूको अध्ययन, विश्लेषण, परिमार्जन र प्रयोगबाट यो कार्यमा सहजता ल्याउने र थप प्रभावकारी हुने देखिन्छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको (२०७२) अनुसार सीमित भूमि र भूमिस्रोतको संरक्षण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापन सम्बन्धी कार्यलाई मार्गनिर्देशन गर्न तर्जुमा गरिएको नीतिगत दस्तावेज भू-उपयोग नीति हो । भूमि तथा भूमिस्रोतको संरक्षण, उपयोग र व्यवस्थापनका लागि आवश्यक पर्ने कानुनी एवम् संस्थागत व्यवस्था यसै नीतिको आधारमा गरिन्छ । यस नीतिले भूमि तथा भूमिस्रोतको उपयोगबाट प्राप्त हुने लाभलाई न्यायोचित ढंगबाट वितरण गर्न सक्ने अवस्था सिर्जना गर्दछ । भू-उपयोग नीति, नियम, योजनाको साथै सो को प्रभावकारी कार्यान्वयन र अभ्यास स्थानीय सरकारको लागि महत्वपूर्ण हुन्छ । नगरपालिकाहरूको शहरी ग्रामीण/योजना निर्माण, चाहे औद्योगिक, व्यापारिक वा आवासीय क्षेत्रका लागि होस यसमा कतै न कतै भू-उपयोग योजनाको आवश्यकता पर्दछ । भू-उपयोग योजनालाई स्थानीय सरकारको नीति निर्माणले ठूलो रूपमा असर पार्दछ । उदाहरणको लागि स्थानीय सरकारले कुनै पनि निर्माण संस्थालाई आवासीय वा व्यापारिक प्रयोजनको लागि ठूला अपार्टमेन्टहरू निर्माणको अनुमति दिन लागेको, विद्यालयको कक्षाकोठा वा नयाँ भवन निर्माणको तयारी, बाटो निर्माण वा अस्पताल निर्माणजस्ता कार्यहरू सञ्चालन गर्न भू-उपयोग योजना छ भने सो निर्माण गर्दा बढी प्रभावकारी हुने निर्णय गरी निर्माण प्रक्रियामा लैजान सकिन्छ ।

भू-उपयोग नीति, नियम, योजनाले स्थानीय सरकारलाई जमिनको प्रकृति अनुसारको क्षेत्र छुट्याउन तथा विकास निर्माणका कार्यहरू विस्तार गर्न सहज वनाउँछ । नेपालको संविधान २०७२ ले स्थानीय सरकार हरूलाई आफ्नो क्षेत्रभित्रका विभिन्न किसिमका विकासका योजनाहरू तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी काम कारवाहीमा अधिकार सुनिश्चित गरेको छ । भू-उपयोग ऐन २०७६ ले पनि स्थानीय सरकारलाई विभिन्न भू-उपयोग संरचना सहित, भू-उपयोग क्षेत्र नक्सा तयारी, परिमार्जन, र कार्यान्वयन एवम् भू-उपयोग योजना तर्जुमा गर्न निर्देशित गरेको छ । विस्तृत रूपमा हेर्दा भू-उपयोग नीति, नियम, योजना बनाउने कार्य संघीय र प्रदेश सरकारको कार्यसूचिभित्र परेका छन् र थप स्थानीय नीति, नियम, भू-उपयोग योजना बनाउने कार्य स्थानीय सरकारको कार्य हो भनी शहरी विकास मन्त्रालयले प्रकाशन गरेको भू-उपयोग नीतिमा उल्लेख गरेको पाइन्छ ।

तानसेन नगरपालिका नेपालकै पूरानो नगरपालिका मध्ये एक हो । त्यसैले पाल्पाको सरदमुकाम रहेको पूरानो नगर क्षेत्रमा आधारभूत शहरी पूर्वाधारको व्यवस्थापन भएको छ । पछिल्लो समय नगरमा समाहित ग्रामीण क्षेत्रको भौतिक पूर्वाधार विकासले विस्तारै गति लिँदै छ । व्यवस्थित भू-उपयोग योजना सहित योजनाबद्ध रूपपा विकास गरिएको नगर नभएकाले मिश्रित भू-उपयोगको व्यवस्थापकीय समस्या तथा चुनौती नगरले सामना गरिरहेको छ । भूमिको अवैज्ञानिक प्रयोग तथा तालमेल नमिल्नाले (land use conflict), अव्यवस्थित र असुरक्षित बसोबास/भू-प्रयोग विद्यमान छ । त्यसैले पूर्वाधार विकास भइसकेका क्षेत्रलाई क्रमशः वैज्ञानिक भू-उपयोगमा आधारित बनाउँदै लाने र नयाँ विकास हुने भवन लगायतका पूर्वाधारलाई सकारात्मक भू-उपयोगमा आधारित बनाउनुका साथै नगरका सबै भवनको संरचनागत मजबुती तथा भवन निर्माणसंहिता तथा मापदण्ड अनुकुल बनाउनु पर्ने आवश्यकता छ ।

भू-उपयोग र आवास व्यवस्थापनका यी सवाल सम्बोधन गर्न निम्न लक्ष्य, उद्देश्य तथा नीतिसहितको योजना तय गरिएको छ ।

## २. लक्ष्य

प्रभावकारी भू-उपयोगसहित सुव्यवस्थित नगर बनाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : नगरपालिकाको सबै अन्तर वडा तहका सीमाहरू भौगोलिक सूचना प्रणाली GIS आधारमा अद्यावधिक/परिमार्जन गर्नु ।**

**नीति क.** निर्वाचन आयोग र नापी कार्यालयसँग समन्वय गरी हरेक वडाको राजनीतिक र भौगोलिक सीमा यकिन गरी नगरपालिका सीमामा एकरूपता ल्याइने छ ।

**नीति ख.** प्रत्येक वडाभित्र पर्ने हरेक घरधुरी तथा सेवा प्रवाह सोही वडाभित्र पर्ने गरी सीमा तथ्याङ्क कायम गरिने छ ।

**नीति ग.** नगरपालिकासँग जोडिएका छिमेकी नगरपालिका/गाउँपालिका बिच समन्वय गरी नगरपालिकाका सीमा सही रूपमा कायम गरिने छ ।

**उद्देश्य २ : नगरपालिकाभित्र पर्ने हरेक जमिन कित्ता (Land Parcel) तथ्याङ्क निरन्तर रूपमा संकलन तथा अद्यावधिक/परिमार्जन गर्नु ।**

**नीति क.** नापी कार्यालयसँग समन्वय गरी हरेक जमिन कित्ताको GIS आधारमा सर्वेक्षण तथ्याङ्क अद्यावधिक गरिने छ ।

**नीति ख.** नापी तथा मालपोत कार्यालयसँग समन्वय गरी लालपुर्जा तथा नापी नक्साको क्षेत्रफलमा एकरूपता ल्याइने छ ।

**नीति ग.** नगरपालिकाको ऐलानी, सार्वजनिक, सरकारी, र निजी तथा जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी तथा अन्य परिवारको तथा यसरी प्रयोग भइरहेको जमिनको तथ्याङ्क संकलन गरिने छ ।

**नीति घ.** ऐलानी, सार्वजनिक, सरकारी र निजी तथा जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरूको वास्तविकता यकिन गरिने छ ।

**नीति ङ.** नगरपालिकाभित्रका जमिन कित्ताको सबै खाले तथ्याङ्कलाई छनौट गरी सर्वसाधारणले विद्युतीय (डिजिटल) माध्यमबाट हेर्ने र प्राप्त गर्न सक्ने प्रबन्ध गरिने छ ।

**उद्देश्य ३ : नगरपालिकाभित्र रहेका हरेक पूर्वाधार/भवनको तथ्याङ्क संकलन सम्पन्न गरी निरन्तर अद्यावधिक गर्नु ।**


**नीति क.** नगरपालिकाबाट भवन अनुमति प्राप्त भवनहरूको थप तथ्याङ्क जस्तैः संरचनागत प्राविधिक (Engineering Requirement), विद्युतीय लाइन, खानेपानी लाइन, सञ्चार, कर तथा शुल्क, भवन/संरचनाको प्रस्तावित प्रयोग आदिलाई अद्यावधिक गरिने छ । भवन अनुमति नभएको संरचनाहरू को हकमा स्वीकृति लिन प्रोत्साहन गरी माथि उल्लेखित तथ्याङ्क संकलन गरिने छ ।

**नीति ख.** नगरपालिकाको भवन अनुमति प्रणालीलाई (Building Permit System) वैज्ञानिक तथा डिजिटल माध्यममा ल्याई सर्वसाधारणले सहज रूपमा आवेदन प्रक्रिया, आवेदनमाथि भएको प्रगति (Process Tracking) आदिको जानकारी लिन मिल्ने व्यवस्था गरिने छ ।

**नीति ग.** आधुनिक विधिमा घर नम्बर प्रणाली थालनी गरी प्रयोगमा ल्याइने छ ।

**नीति घ.** सम्पूर्ण भवन अनुमतिको तथ्याङ्कलाई छनोट गरी सर्वसाधारण/संघसंस्थालाई समेत उपलब्ध हुने खाले डिजिटल प्रविधि तयार गरिने छ ।

**नक्सा १/५.३.१ : राष्ट्रिय भू-उपयोग परियोजनामार्फत् प्राप्त तानसेन नगरपालिकाको विद्यमान भू-उपयोग अवस्थाको आधारमा प्रस्तावित वर्गीकरण**




भू-उपयोग ऐन २०७६ को दफा ५, उपदफा ३ बमोजिम मन्त्रालय (अर्थात् राष्ट्रिय भू-उपयोग परियोजना बाट) तयार भएको नक्साहरूलाई स्थानीय भू-उपयोग परिषदले आवश्यकता अनुसार अद्यावधिक गरी लागु गर्नुपर्ने हुनाले यस वर्गीकरण नक्साको पनि अध्ययन एवं नगरलाई सुहाउँदो र आवश्यक परिमार्जनपश्चात् वर्गीकरणका आधार, मापदण्डसहित लागु गरिने छ ।

**उद्देश्य ४ : भू-उपयोगको असामञ्जस्यता हटाउनु ।**

**नीति क.** भू-उपयोग ऐन २०७६ अनुरूप नगरपालिकालाई विभिन्न क्षेत्रमा वर्गीकरण (Zoning) गरिने छ । साथै वर्गीकरण अनुसारको प्रयोग पनि सुनिश्चित गरिने छ ।

**नीति ख.** हरेक क्षेत्रको लागि तोकिएको भू-उपयोग बमोजिम नगरपालिकाले आफ्नो बृहत् उद्देश्य प्राप्तिका लागि त्यस्ता क्षेत्रका लागि परिपूरक नीति नियमको व्यवस्था मिलाइने छ ।

**नीति ग.** भू-उपयोग क्षेत्र तोक्दा सम्बन्धित समुदायको पहिचान जनाउने तथा सडक/यातायात पहुँचको हिसाबले उपयुक्त किसिमको हुनेछ ।

**नीति घ.** खोला नजिकका तथा वातावरणीय हिसाबले जोखिममा रहेका सम्पूर्ण बस्तीलाई उचित स्थानमा पुनर्स्थापना गरिने छ ।

**नीति ङ.** विभिन्न भू-उपयोग क्षेत्र अन्तर्गत आवासीय क्षेत्र तोक्दा सकेसम्म मिश्रित किसिमको (Mixed Land Use) प्रयोग सृजना हुने गरी योजना बनाउने ताकि यातायातका कारण दैनिक प्रयोजनको लागि चाहिने उपभोक्ता वस्तु तथा कारोबारलाई कम दूरीमा सम्पन्न गर्न सक्ने बनाइने छ ।

**नीति च.** एकल किसिमको भू-उपयोग क्षेत्र । जस्तैः आवासीय, ब्यापारिक, औद्योगिक क्षेत्र तोक्न परेको खण्डमा सो क्षेत्रहरूमा आवश्यकता अनुसार खुद्रा ब्यापारिक स्थानहरूको (Retail Centre) पनि प्रावधान ल्याइने छ ।

**नीति छ.** समुदायले परम्परागत रूपमा प्रयोजनमा ल्याइरहेको मध्यम तथा ठूला वर्गका बजार क्षेत्रलाई व्यवस्थापन तथा नयाँ ईलाकामा बजार क्षेत्र विस्तार गरिने छ ।

**नीति ज.** आवासीय क्षेत्रहरू तोक्दा र आवासहरूको निर्माण गर्दा/गराउँदा सबै किसिमका आवासहरू (Single Family Detached Dwelling, Townhouse) अपाङ्गमैत्री आवास (Special Needs Housing), अपार्टमेन्टहरू, किफायती आवास (Affordable Housing) आदि सबैको प्रावधान राखेर योजना बनाइने छ । त्यस्तै नगरमा छरिएका सबै बस्तीहरूलाई एकीकृत (Urban Consolidation) गरिने छ ।

**नीति झ.** आवासीय क्षेत्र तथा अन्य व्यापारिक क्षेत्रहरू तोक्दा यात्राको समय घटाउने गरी निर्धारण गरिने छ। त्यसैगरी नयाँ क्षेत्र तोक्दा सर्वसाधारणसम्म पहुँच हुने गरी तोकिने छ (बसपार्क, बसस्टप इत्यादि)

**नीति ञ.** नगरपालिकाले विभिन्न भू-उपयोग क्षेत्र छुट्टाउने क्रममा चलि आएका प्रयोजन/संरचनालाई यथावत रहन दिने व्यवस्था (Grandfather Clause) राखेता पनि भविष्यमा सो प्रयोजन/संरचनालाई निर्धारित प्रयोजनमै ल्याउने प्रावधान बनाउने छ ।

**नीति प.** नगरपालिकाले भू-उपयोग योजना बनाउँदा अन्तर नगर/गाउँपालिका, प्रादेशिक सरकार तथा संघीय सरकारको अन्य योजना तथा आवश्यकतालाई मध्यनजर राखेर बनाउने छ ।

**नीति फ.** नगरपालिकाको भू-उपयोग योजनामा आवश्यकता अनुसार संरक्षित क्षेत्रहरू भनी- प्राकृतिक स्रोतहरू, खुल्ला क्षेत्र, सिमसार क्षेत्र, खानी खनिज क्षेत्र, साँस्कृतिक सम्पदा क्षेत्र आदि भनी छुट्टाइने छ । सो कार्यको लागि नगरपालिकाले यस्ता सबै क्षेत्रहरूको पूर्व अध्ययन गरी निर्धारण गर्नेछ र संरक्षण र प्रयोगका लागि नीति नियम निर्माण तथा कार्यान्वयन गर्ने छ ।

**उद्देश्य ५ : पूराना, अव्यवस्थित, जीर्ण भवन, सडक, तथा अन्य शहरी संरचनालाई सोही ठाउँमा अझ प्रभावकारी, आकर्षक/आधुनिक र वातावरणमैत्री तवरबाट पुनर्स्थापना गर्नु ।**

**नीति क.** कृषि योग्य, वन क्षेत्र, संरक्षित क्षेत्र बाहेक अरु बसोबास गर्न मिल्ने क्षेत्रमा खाली, बाँझो/प्रयोग विहीन, पुरानो बस्ती, तथा अन्य पूराना भवन भएका जमिनहरूमा मात्र पुनर्विकास गर्न पाइने छ ।

**नीति ख.** निजी जमिन प्लटिङ्ग गर्दा नगरपालिकाको सडक, ढल, विद्युत, पानि आदि सेवाको सञ्जालसँग मेल हुने गरी नगरपालिकामा निवेदन दिएपश्चात्, नगरपालिकाको मुल्याङ्कन र स्वीकृति भएपछि मात्र मालपोत/नापी कार्यालयमा सिफारिस हुनेछ ।_

**नीति ग.** भवनहरूमा एकरूपता ल्याउन परम्परागत शैली निर्धारण गरी भवनहरूमा समान अघिल्लो मोहोडा (Facade) लाई प्रोत्साहन र सहुलियतको व्यवस्था गरिने छ ।

**नीति घ.** Land pooling गर्दा राष्ट्रिय तथा स्थानीय नीति अनुरूप उपयुक्त निश्चित प्रतिशत जग्गा/कित्ता pooling को योजनामा हुनु पर्नेछ । Pooling को योजनामा नआएका जग्गा/कित्ताको हकमा भने सो जग्गा/कित्तालाई कुनै पनि किसिमको प्रतिकुल असर नपर्ने गरी बाँकी Pooling को काम अगाडि बढाउन पर्ने हुन्छ ।

**उद्देश्य ६: ऐलानी, सार्वजनिक, र सरकारी जग्गामा बसोबास गर्ने सुकुम्बासी परिवारलाई सुरक्षित पुनर्स्थापना तथा उक्त जमिनहरूको उचित व्यवस्थापन गर्नु ।**

**नीति क.** संकलित भूमि सम्बन्धी तथ्याङ्कको अधारमा, संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी, सम्बन्धित सबै निकाय, संघसंस्था, सरोकारवालाको सहयोगमा ऐलानी, सार्वजनिक र सरकारी जग्गामा बसोबास गर्ने सुकुम्बासी परिवारलाई उचित स्थान निर्धारण गरी पुनर्स्थापना गरिने छ ।

**नीति ख.** संकलित तथ्याङ्कको अधारमा, संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी, सम्बन्धित सबै निकाय, संघसंस्था, सरोकारवालाको सहयोगमा यसरी प्रयोग भई आएका सबै जमिनको उचित व्यवस्थापन तथा पुनर्विकास गरिने छ ।

**उद्देश्य ७ : नगरपालिकाको भू-उपयोग योजनालाई संघीय र प्रदेश कानुन अनुरूप व्यवस्थित गर्नु**

**नीति क.** नगरपालिकाको भू-उपयोग योजना संघीय सरकार तथा प्रादेशिक सरकारको अधिनमा रही, राष्ट्रिय भू-उपयोग ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा निर्धारित व्यवस्था अनुसार तयार गरिने छ ।

**नीति ख.** योजना बनाउँदा तथा संशोधन गर्दा मान्यता प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर, दीगो विकास लक्ष्य (SDG), ISO, NS Quality Standards, अन्तर्राष्ट्रिय Best Practice आदि समावेश गरिने छ ।

**उद्देश्य ८ : नगरपालिकाले भू-उपयोग योजनालाई क्रमशः हेरफेर गर्दै समय अनुकुलको योजनाको रूपमा विकसित गर्ने ।**

**नीति क.** स्थानीय भू-उपयोग योजना आवश्यकता अनुसार संशोधन गरिने छ, जसमा हेरफेर भएका खण्डहरूलाई मात्र परिमार्जन गरेर बाँकीलाई यथावत राखिने छ ।

**नीति ख.** भू-उपयोग योजना संशोधन गर्दा अपनाउने प्रक्रियामा अधिकतम् नागरिक सहभागिता सुनिश्चित हुने पद्धति अपनाइने छ ।

**तालिका १/५.३.१ : आवधिक प्राथमिकता : भू-उपयोग र आवास व्यवस्थापन**

**क.** तानसेन नगरपालिकाले प्राथमिकताको आधारमा सान्दर्भिक ऐन कानुन निर्माणको लागि संघ तथा प्रदेशसँग समन्वय, मौजुदा ऐन, कानुन, मापदण्डलाई स्थानीय परिवेश सुहाउँदो गरी आवश्यक परिमार्जन/संशोधन, तथा आवश्यक ऐन कानुन निर्माण गर्ने योजना रहेको छ । नगरपालिकाले उत्थानशील, आकर्षक, सुरक्षित तथा तालमेल मिलेको समुदाय, गाउँ तथा शहर सिर्जना गर्ने उद्देश्य लिएको हुनाले यो कार्यलाई मूर्तरूप दिन विभिन्न कानुनी व्यवस्था एवं औजारको आवश्यक हुन्छ । हालको सन्दर्भमा यस नगरपालिकामा भू-उपयोग, शहरी विकास, बस्ती विकास, र भवन निर्माण सम्बन्धी गतिविधि नियमन गर्ने कानुनी औजारहरू न्यून छन् । पहाडी नगरपालिका भएकोले, भौगोलिक जटिलतालाई र त्यसले निम्त्याउन सक्ने प्रकोप तथा जोखिमलाई ध्यानमा राख्दै भवन निर्माण सम्बन्धी कानुन तथा मापदण्ड पनि स्थानीय परिवेशसँग मिल्दो बनाउन आवश्यक छ । त्यस्तै संघीयस्तरमा भू-उपयोग ऐन २०७६ लागु भएकोले ऐनलाई प्रमुख आधारको रूपमा लिइने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरूप स्थानीय भू-उपयोग ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटी प्रदेश र केन्द्रसँग समन्वय गर्ने । | १. स्थानीय सरकार सञ्चालन ऐन, परिच्छेद ३ बमोजिम, संघीय तथा प्रदेश कानुनको अधिनमा रही शहरी विकास, बस्ती विकास, र भवन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने । | १. प्रदेशस्तरमा भूमि तथा वातावरण अदालत (Land /Planning and Environment Court) जस्तो विशेष संरचनासहितको कानुनी रूपमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण मामिलामा सक्षम नगरपालिका बन्ने । |
| २. स्थानीय सरकार सञ्चालन ऐन, परिच्छेद ७ बमोजिम नक्सा पास तथा भवन निर्माण सम्बन्धी सम्पूर्ण कार्यको लागि थप प्रभावकारी नीति, नियम र कार्यान्वयन कार्यविधि (Enforcement Guideline] बमोजिम बनाउने । | २. आवश्यक ऐनहरू :<br>● स्थानीय भू-उपयोग ऐन/नीति<br>● भू-उपयोग योजना तर्जुमा सम्बन्धी कार्यविधि<br>● स्थानीय भूमि ऐन<br>● जग्गा प्लटिंग ऐन/ कार्यनिति<br>● ल्याण्ड पुलिङ सम्बन्धी ऐन/कार्यनिति<br>● स्थानीय शहरी (तथा ग्रामीण) योजना/ व्यवस्थापन ऐन<br>● भवन निर्माण/ घर नक्सा सम्बन्धी मापदण्ड र ऐन (परिमार्जित र स्थानीय परिवेशलाई सुहाउँदो)<br>● अव्यवस्थित, असुरक्षित, र गैरकानुनी बस्ती व्यवस्थापन ऐन | |
| ३. भवन आचारसंहिता पूर्ण रूपमा लागु गर्ने । | | |

**ख.** प्रभावकारी भू-उपयोग अभ्यास कार्यान्वयनका लागि नगरपालिकाले विभिन्न पक्षसँग सहकार्य र साझेदारी गर्नुपर्ने हुन्छ भने त्यसका लागि स्पष्ट र अन्तर सम्बन्धित कानुनी आधार, आवश्यकता अनुसार परम्परागत अभ्यास र आधुनिक प्रविधिको उपयुक्त प्रयोग तथा राजनीतिक इच्छाशक्ति र प्रतिवद्धता आवश्यक पर्छ । चलन चल्तीमा भू-उपयोग तथा शहरी नियोजन र बस्ती विकासको नीति नियम निर्माण र अभ्यासमा ल्याउँदा अलग्गै विषयवस्तुको रूपमा कार्यान्वयन भएको पाइन्छ । तर यस क्षेत्रको प्रभावकारी अभ्यास र अपेक्षित उपलब्धी हाँसिल गर्न आगामी दिनहरूमा नगरपालिकाले यस क्षेत्रसँग अन्य विभिन्न क्षेत्र तथा सवाललाई जोडेर वा समेटेर अगाडि बढ्नु पर्ने हुन्छ । त्यसैले समान्य अर्थमा भू-उपयोग भनेको उपलब्ध जमिनका प्रयोग भन्ने बुझिएता पनि भू-उपयोगको अर्थ र प्रयोगको दायरा व्यापक रहेको छ । भू-उपयोगमा योजनाबद्ध

विकास तथा शासकीय अभ्यासलाई प्रभाव पार्ने आर्थिक, राजनीतिक, सामाजिक, कानुनी, प्राविधिक तथा प्रशासनिक विषय तथा सवाल समेत समेटिन्छ । भू-उपयोगको कार्यसम्पादन गर्दा विभिन्न क्षेत्रको आवश्यकता र भू-उपयोग अभ्यासका बीचमा सामञ्जस्यता कायम गर्नु अत्यावश्यक हुन्छ । यस विषयलाई आधार मानी नगरको आवधिक योजना निम्नाननुसार तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण विषयलाई कम्तीमा आधारभूत क्षेत्रहरूको नीति नियम निर्माणमासँग जोडेर लैजाने, जस्तै शिक्षा, स्वास्थ्य, कृषि, वातावरण/सरसफाई, यातायात । | १. अन्य सबै क्षेत्र र उपक्षेत्रको (वातावरण, सामाजिक, भौतिक, र आर्थिक) ऐन, कानुन, नीति निर्माणको क्रममा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण विषयलाई मध्यनजरमा राखेर अघि बढ्ने । | १. अन्तरसम्बन्धित कानुनी अभ्यासको सुनिश्चितता । |
| २. नगरपालिकाभित्रको सबै तहमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषयलाई वातावरण, सामाजिक, नीतिगत, भौतिक, र आर्थिक क्षेत्रसँग जोडेर लैजाने र सो को अन्तरसम्बन्ध बारे प्रस्ट हुने । | २. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषयलाई वातावरण, सामाजिक, नीतिगत, भौतिक र आर्थिक क्षेत्रसँग जोडेर र अन्तरसम्बन्धित रूपमा काम अगाडि बढाउने । | २. सबै क्षेत्रको अन्तरसम्बन्ध बोधसहित प्रभावकारी काम, अनुगमन, मुल्याङ्कन आदि । |

**ग.** राष्ट्रिय नीतिहरू तथा भू-उपयोग ऐन २०७६ बमोजिम तथा नगरको आन्तरिक आवश्यकतालाई मध्यनजर गर्दै भूमि तथा भूमिमा हुने सम्पूर्ण गतिविधिको व्यवस्थित र वैज्ञानिक उपयोग सुनिश्चितताको लागि भू-उपयोग योजना निर्माण गर्न आवश्यक छ । योजना वा गुरुयोजना पनि नीति, नियम, कानुन जत्तिकै महत्व बोकेको नीतिगत दस्तावेज हो । नीति नियम कानुनले सम्बन्धित क्षेत्रको कार्य गर्न मार्ग प्रशस्त तथा नियमन गर्दछ भने योजना वा गुरुयोजनाले सो क्षेत्रको कार्य सम्पादन गर्न मार्गनिर्देशन गर्दछ । तसर्थ आवश्यक समन्वय तथा अध्ययन पूरा गरी यस नगरलाई सुहाउँदो भू-उपयोग योजना तर्जुमा गरी लागु गरिने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम भू-उपयोग योजना तर्जुमाका लागि संघीय र प्रदेश सरकारसँग समन्वय शुरुवात गर्ने । | १. भू-उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम भू-उपयोग योजना तर्जुमाका लागि नगरपालिकाले भूमिको वस्तुस्थिति, जनसंख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार निर्माणको लागि भूमिको मागमा हुने वृद्धि लगायतका विषयमा अध्ययन गर्ने । आवश्यकता अनुसार ग्रामीण र शहरी क्षेत्रको बेग्लाबेग्लै योजना तर्जुमा गरेर कार्यान्वयन गर्ने । | १.संकलित सबै तथ्याङ्कको नियमित अद्यावधिक गर्ने । तर्जुमा भएका योजनाहरूको अल्पकालीन र मध्यकालीन समीक्षा/पुनरावलोकन गर्दै अद्यावधिक गर्ने र पुन: कार्यान्वयन गर्ने । साथै यस विधिलाई दीगो रूपमा निरन्तरता दिने । |

**घ.** तथ्याङ्क, नक्सा, तथा भू-सूचना प्रणाली र विद्युतीय प्रविधिको प्रयोगद्वारा विभिन्न कार्यलाई सहजीकरण र योजाना तर्जुमा गर्नु पर्छ भन्ने सोचसहित नगरले विभिन्न कार्यक्रमहरू तय गरेको छ । भू-उपयोग, शहरी विकास, बस्ती विकास, र भवन निर्माण क्षेत्रमा तथ्याङ्कको प्रयोग प्रमुख हुन्छ । विशेष गरी भूमिसँग सम्बन्धित विभिन्न भौगोलिक तथ्याङ्क तथा त्यस्तो तथ्याङ्कहरूलाई अझ प्रस्ट रूपमा चित्रण गर्ने नक्साहरूको प्रयोग बृहत् हुन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्तम अभ्यासहरूलाई नियाल्दा यस क्षेत्रमा व्यापक तथ्याङ्क तथा नक्साहरूको प्रयोगद्वारा भूमिको वस्तुस्थिति, खाद्य तथा आवासको आवश्यकता, भूमिको माग, परियोजना कार्यान्वयन र

अन्य निर्णय तथा नीति निर्माण प्रक्रियामा आवश्यक पर्ने अध्ययन, मुल्याङ्कन आदि हुने गर्छ । यस सन्दर्भमा नगरमा तथ्याङ्क र नक्साको संकलन/निर्माण गर्ने अभ्यास विभिन्न चरणमा नगरपालिका तथा संघसंस्थाबाट भएको छ र निरन्तर रूपमा व्यवस्थित र एकीकृत भण्डारण, प्रयोग तथा अद्यावधिक भने हुन बाँकी छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जारी रहेका सबै भू-उपयोग सूचि Land Use Inventory संकलन कार्यलाई निरन्तरता दिने र थप प्रभावकारी बनाउने । साथै उपलब्ध सूचि र नयाँ सुचीलाई अद्यावधिक गरेर एकरूपता दिने । विशेष गरी नगरबासीको माग अनुरूप कृषि जमिनको र जंगल क्षेत्रको (माटोको प्रकार र उब्जनी सम्भाव्यता राष्ट्रिय भू-उपयोग परियोजनाको National Land Use Project प्रतिवेदनमा समेटिएकोले सोलाई प्रयोगमा ल्याउन सकिन्छ ।)<br><br>१.१ उपलब्ध सम्पूर्ण सीमाना, कित्ता तथा भवन नक्सा, घर नम्बर नक्सा, सडक संजाल नक्सा, विद्युतीय नक्सांकन, पानी वितरण नक्सांकन लगायत अन्य भूगोल र सेवा सम्बन्धी सबै नक्साहरूको केंद्रिकित र व्यवस्थित भण्डारण थालनी गर्ने र थप digitization गर्दै लैजाने । | १. भू-उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम स्थानीय भू-उपयोग वर्गीकरण Zoning, स्थानीय भू-उपयोग नक्सा तयारी, मन्त्रालयबाट तयार गरिएको नक्सा प्राप्ति र परिमार्जन, प्राकृतिक जोखिम क्षेत्रको पहिचान र नक्सांकन लगायत सम्पूर्ण कार्य सम्पन्न गर्ने । | १. उच्च श्रेणीको भू-वर्गीकरण नक्सासहितको कडा र प्रभावकारी भू-उपयोग, शहरी विकास तथा भवन निर्माण अभ्यास गर्ने । |

**ङ.** नगरले प्राप्त गरेको राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) नक्सा, प्रतिवेदन, तथ्याङ्कसहित विभिन्न किसिमका स्थानीय भू-तथ्याङ्क, आर्थिक-सामाजिक-साँस्कृतिक तथ्याङ्क आदि संकलन गरी र प्रयोगमा ल्याई विभिन्न आवधिक कार्यक्रमहरू तर्जुमा गरिएको छ । भूमिको अवैज्ञानिक तथा परस्पर बिरोधी (Land use conflict) प्रयोग, अव्यवस्थित र असुरक्षित बसोबास र यस्तै समस्यायुक्त भू-प्रयोग नगरपालिकामा विद्यमान छ । शहरी वडाहरूमा विशेष गरी व्यवसायिक/औद्योगिक र आवासीय क्षेत्रसँगै हुनाले भिडभाड तथा ध्वनि प्रदूषण, र ग्रामीण वडाहरूमा बाढी तथा पहिरो जोखिम भेगमा खेती तथा बस्ती रहेको, वन क्षेत्र आसपासको बस्ती र खेतीमा वन्यजन्तुले दिने गरेको दुःख लगायत समस्या रहँदै आएको छ । त्यस्तै भवनहरूमा एकरूपता नहुनु (Uniform urban character), भूमि वर्गीकरण (Zoning) अनुसार भूमिको प्रयोग नहुनु, भूमि र निर्माणमा हुने गैरकानुनी गतिविधि, अवैज्ञानिक रूपमा भू-खण्डीकरण (Plotting) हुनु पनि नगरमा देखा परेका भू-उपयोग तथा शहरी विकास सम्बन्धी मुख्य समस्याहरू हुन् ।

त्यस्तै जनसंख्या पूर्वानुमानको आँकड़ा हेर्दा हालको ४७,४०६ जनसंख्या, १.३६ प्रतिशत स्थानीय वृद्धिदरले २०९८ सालसम्म ६४,८१६ पुग्ने छ । घरधुरी तथ्याङ्क सङ्कलन, २०७५ को औसत परिवार संख्या ३.६१ ले नगरपालिकाको त्यसबेलाको परिवार संख्या १७,९५५ हुनेछ । यो हालको परिवार संख्या १३,१२२ मा करिब ४,८३३ परिवार थप हो । यो हिसाबमा प्रति परिवार एक आवासको प्रक्षेपण गर्दा नगरपालिकामा त्यसबेलासम्म क्रमिक रूपमा ४,८३३ आवासको आवश्यकता पर्ने देखिन्छ । यस कारण आवासको माग पूर्ति गर्न नगरले विभिन्न किसिमको आवास व्यवस्थापन गर्ने गरी अगाडि बढ्ने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी उच्च गुणस्तरको सबै खाले नक्सा (कित्ता नक्सासहित (Parcel level data) तयारीमा जोड दिने र प्रयोगमा ल्याउने । साथै राष्ट्रिय भू-उपयोग परियोजनाको National Land Use Project शीघ्र समापनका लागि मन्त्रालय र केन्द्र नापीसँग निरन्तर समन्वय गर्ने । त्यस्तै यी सबको आधारमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (Desirable outcome) को पहिचान गर्ने र भू-उपयोग योजनामा समावेश गर्ने । | १. भू-सूचना प्रणाली र विभिन्न नक्सा, नीति नियम कानुन, भू-वर्गीकरण, भू-उपयोग योजना आदिको सहायता र आधारमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (Desirable outcome) हाँसिल गर्न नगरमा देखापरेका सबै किसिमको नकारात्मक/अनपेक्षित भू-उपयोग अभ्यासको न्यूनिकरण र निरुत्साहित गर्ने ।<br><br>१.१. राष्ट्रिय भू-उपयोग परियोजनाको National Land Use Project नक्सा र तथ्याङ्कसहित अन्य सबै भू-नक्सा, तथ्याङ्क, योजना, सूचनालाई केन्द्रिकृत गर्दै सेवा प्रवाह, योजना तर्जुमा र नीति, नियम, निर्णय प्रक्रियामा प्रयोग गर्ने । | १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (Desirable outcome) पूर्ण रूपमा हाँसिल गर्ने । |
| २. हालको जनसंख्यालाई आधार मानी, भावी जनसंख्या वृद्धिदर र पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याट निर्धारण गर्ने । त्यस्तै व्यवस्थित बस्ती विकासका लागि सम्भाव्यताको आधार नगर भरी जग्गा विकास, Land pooling परियोजना अगाडि बढाउने । | २. भविष्यमा आवश्यक पर्ने आवासहरू उपयुक्त, व्यवस्थित तथा सुरक्षित ठाउँमा निर्धारण गर्ने, साथै नगरले आफै पनि Land pooling तथा किफायती बसोबास (Affordable housing) परियोजना, निजी क्षेत्रको कोलोनी र High-rise अपार्टमेन्टहरू, एकल आवासीय गृह (Detached dwelling) आदि विविधतासहितको आवासीय घर तथा फ्ल्याटको माग पूर्ति हुने गरी व्यवस्थापन गर्ने । साथै यसो गर्दा निश्चित संख्यामा अपाङ्गमैत्री आवासहरूको पनि व्यवस्था गर्ने । | २. निरन्तर रूपमा पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याट निर्धारण तथा उपलब्ध गर्ने । |

**च.** वडास्तरीय केन्द्रित समूह छलफल तथा नगरस्तरीय परामर्शको क्रममा व्यक्त भए अनुसार नगरमा लालपुर्जा/नक्सामा उल्लेखित जग्गाको नापी विवरण र जमिनको वास्तविक साँध/सीमानामा प्रायः समानता नभएको भन्ने समस्यालाई मध्यनजर गर्दै र भावी भू-उपयोग योजनाको एक प्रमुख आधार र कर प्रयोजनमा समेत अति महत्वपूर्ण भएकोले हरेक कित्ताको सही र वास्तविक तथ्याङ्क तथा विवरण कायम गर्न नगरले विभिन्न अवधिमा निम्न बमोजिम कार्ययोजना तोकेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नापी कार्यालयसँग समन्वय गरेर समस्या रहेको सम्पूर्ण कित्ता नक्सालाइए सच्च्याउने थालनी गर्ने । यसका लागि आवश्यकता अनुसार पुनरनापी (Field work) र Desk work दुवै विधि अवलम्बन गर्ने । | १. कित्ता नक्सालाई सच्च्याउने कार्यलाई समापनतिर लैजाने र निरन्तर अद्यावधिक गर्ने प्रणाली स्थापना गरेर भण्डारण गर्ने । यस प्रणालीलाई सेवा प्रवाहमा पनि प्रयोग गर्ने, जस्तैः नयाँ नक्सा वितरण, जग्गा नामसारी, कित्ताकाट तथा सीमा हेरफेर, कर तथा सम्पत्ति विवरण प्रयोजन आदि । | १. सच्चाइएको सम्पूर्ण कित्ता नक्सालाई भू-उपयोग नक्सा, भू-उपयोग योजना, केन्द्रिकृत नक्सा प्रणाली, भवन निर्माण स्वीकृति प्रणाली र अन्य भू-सूचना तथा सेवा प्रणालीसँग एकीकृत गरेर सेवा प्रवाह गर्ने । |

**छ.** परम्परागत रूपमा हुँदै आएका नक्सा पास प्रक्रिया थप आधुनिकीकरण र प्रविधिमूलक बनाउने क्रम नगरपालिकामा जारी रहेको छ । कागजी रूपमा हुने नक्सा पास प्रक्रियालाई विद्युतीय (digital) माध्यमद्वारा अगाडि बढाउने र सबै अन्तरसम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग क्रमशः तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणालीलाई एकीकृत गर्ने (Integrated Building Permit System) नीतिसहित नगर अगाडि बढ्ने छ। विशेष गरी सेवाग्राहीको सहजता र शुलभतालाई ध्यानमा राख्दै र अन्तरसम्बन्धित निकायहरूको तालमेलको कमीले गर्दा शहरी र प्राकृतिक वातावरणमा पर्ने नकारात्माक असरलाई न्यूनिकरण गर्न यो कार्यलाई प्राथमिकतामा रखिएको हो ।


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. इलेक्ट्रोनिक भवन निर्माण स्वीकृति प्रणालीलाई (Electronic Building Permit System) सञ्चालनमा ल्याउने । | १. भवन निर्माण स्वीकृति कार्य र प्रणालीलाई थप आधुनिकीकरण र प्रभावकरी बनाउन अन्य सबै अन्तरसम्बन्धित विभाग र निकायसँग समन्वय गर्ने र एकीकृत स्वीकृति प्रणालीको (Integrated Building Permit System) थालनी गर्ने । | १. सबै अन्तरसम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणाली एकीकृत गर्ने । |

**ज.** सम्पूर्ण जोखिममा रहेका बस्ती तथा गैरकानुनी र अव्यवस्थित बस्तीको सुरक्षित, व्यवस्थित एवं दीगो व्यवस्थापन गर्नु स्थानीय सरकारको दायित्व हो । वडास्तरीय केन्द्रित समूह छलफलको क्रममा पनि यो विषय समाधानको लागि समुदायस्तरमा स्थानीय सरकारप्रति नै अपेक्षा रहेको पाइन्छ । नगरको बसोबास र बस्तीको समग्र सुरक्षाको अवस्था हेर्दा भूकम्पीय जोखिम, भिरालो भू-भाग भएकोले विभिन्न भेगमा पहिरो, भू-क्षय तथा बाढी, चट्याङ तथा असिना र अधिक रूपमा बाँदर लगायत वन्यजन्तुको समस्या विद्यमान छ । यस्ता सवालहरूलाई सम्बोधन गर्न आवधिक रूपमा निम्न बमोजिम कार्यक्रम तय गरिएको छ। साथै यसो गर्दा नगरले कमजोर तथा सीमान्तकृत वर्गलाई विशेष ध्यान दिने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सरकार सञ्चालन ऐन, परिच्छेद ७ बमोजिम भू- जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्न पर्ने हुनाले यो कार्य यथाशीघ्र सम्पन्न गर्ने । | १. भू-जोखिम संवेदनशील जग्गामा विकास निर्माण, बसोबास निरुत्साहित गर्ने र स्थानान्तरण गर्ने नीति बनाई कार्यान्वयन गर्ने । | १. नीतिको पूर्ण पालनाको निरन्तर अनुगमन गर्ने । |


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. जोखिम बस्ती, असुरक्षित बस्ती, अव्यवस्थित बस्ती, ऐलानी, सार्वजनिक, सरकारी जग्गाका सुकुम्बासी बस्ती, अतिक्रमित जग्गा र अन्य गैरकानुनी बस्तीको पहिचान, व्यवस्थापन/नियन्त्रण, एवम स्थानान्तरणको निम्ति आवश्यक अध्ययन, तथ्याङ्क संकलन, नीति कानुन निर्माण, कार्यक्रम र समन्वयलाई अगाडि बढाउने । | २. महिला तथा बालबालिका, अपाङ्गता भएका, कम्जोर आर्थिक अवस्थामा रहेका, दलित, जनजाति, लोपोन्मुख र सीमान्तकृत नगरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवासको व्यवस्था गर्ने । | २. दीगो विकास लक्ष्यको लक्ष्य ११ (SDG Goal 11) र राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजना अनुरूप समावेशी, सुरक्षित, सबल र दीगो शहर र समुदाय (Inclusive, Safe, Resilient, and Sustainable Cities and Communities) हाँसिल गर्ने । |

**नक्सा २/५.३.१ : नगरपालिकाको संकलित घरधुरी जी.पी.एस. तथ्यांकलाई भूकम्पीय जोखिमको आधारमा चित्रित नक्सा**




राष्ट्रिय भू-उपयोग परियोजनाद्वारा निर्मित भूकम्पीय जोखिमको वर्गीकरण नक्सा जसमा उच्च जोखिम र मध्यम जोखिममा रहेको भू-भागको वर्ग निर्धारण गरिएको छ। नक्साले सम्पूर्ण नगर उच्च र मध्यम भूकम्पीय जोखिममा रहेको बुझिन्छ। यस नक्सामा नगरको सम्पूर्ण बसोबास विन्दु अर्थात् जी.पी.एस. तथ्याङ्को विन्दुलाई ओभरले (Overlay) को रूपमा राखेर हेर्दा भूकम्पीय जोखिम आधारमा बसोबास अवस्था एवं संख्या प्रष्टिन्छ। नक्साले नगरमा करिब ५०६९ घरहरू उच्च जोखिम र ४६०५ घरहरू मध्यम जोखिम भू-भागमा अवस्थित देखिने हुनाले, सो घरहरूको संरचनागत मजबुतीको विश्लेषण एवं सुधार योजना तर्जुमा गरी लागु गर्न आवश्यक छ। तसर्थ यो नक्सा जोखिम बस्ती पहिचान एवं जोखिमको आधारमा भवन तथा संरचना निर्माण मापदण्ड तोक्न र नियमन गर्न सहयोगी छ।

**नक्सा ३/५.३.१ : नगरपालिकाको संकलित घरधुरी जी.पी.एस. तथ्यांकलाई उच्च, मध्यम र न्यून पहिरो जोखिमको आधारमा चित्रित नक्सा**




राष्ट्रिय भू-उपयोग परियोजनाद्वारा निर्मित पहिरो जोखिमको वर्गीकरण नक्सा जसमा उच्च पहिरो जोखिमदेखि मध्यम र न्यून पहिरो जोखिममा रहेको जमिनको वर्ग निर्धारण गरिएको छ । यस नक्सामा नगरको सम्पूर्ण बसोबास विन्दु अर्थात् जी.पी.एस. तथ्याङ्को विनदुलाइ ओभरले (Overlay) को रूपमा राखेर हेर्दा पहिरो जोखिम आधारमा बसोबास अवस्था एवं संख्या प्रष्टिन्छ । नक्साले नगरमा करिब २०१ घरहरू उच्च जोखिम र ४४८० घरहरू मध्यम जोखिम जमिनमा अवस्थित देखिने हुनाले सो घरहरूको वास्तविक जोखिम पहिचान गर्न आवश्यक छ । तसर्थ यो नक्सा जोखिम बस्ती पहिचान एवं स्थानान्तरण कार्यमा र जोखिमको आधारमा भवन तथा संरचना निर्माण मापदण्ड तोक्न र नियमन गर्न सहयोगी छ ।

**झ.** ऐतिहासिक नगर भएकोले तानसेन नगपालिकाको परम्परागत वास्तुकलाको विशिष्ठ पहिचान छ । नगरमा यस्तो वास्तुकला झल्काउने प्रशस्त मठमन्दिर, पाटीपौवा, दरबार तथा भवन लगायत संरचनाहरू रहेको छ । यसर्थ मौलिकता झल्किने, कम्तीमा समान रंगरोगन वा अघिल्लो मोहडालाई र केही हदसम्म भवनको उचाईलाई एकनाश गराउनाले टोल तथा बस्तीको स्वरूपमा समानता देखिन्छ। विभिन्न अध्ययन, अनुसन्धानको अनुसार यसो गर्नुको प्रमुख उद्देश्य सामाजिक विभेद न्यूनिकरण र बस्तीको भौतिक सुन्दरता र पहिचान कायम गर्नु नै हो । एकरूप भवनहरूले सामाजिक विभेदमा न्यूनिकरण हुने कारण भनेको घरको आधारमा सामाजिक अस्तित्व वा वर्ग नछुट्टिनु वा नदेखिनु हो । वडा तथा नगरस्तरीय परामर्शको आधारमा वडा तथा टोलमा अवस्थित र भविस्यमा वनने भवन तथा व्यक्तिगत घरहरूको शैलीमा एकरूपता (Uniform urban character) ल्याउने नीति तथा सो को कार्यान्वयनमा नगरबासी सकारात्मक र उत्साहित देखिएका छन् । यसकारण नगरले विशेष नीति तथा कार्यक्रमहरू अगाडि बढाउने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विशेषगरी आवासीय तथा आवश्यक अन्य भवनहरूमा एकरूपता ल्याउन अध्ययन, परामर्श तथा नीतिगत तयारी सम्पन्न गर्ने । | १. भवनहरूमा एकरूपता ल्याउन परम्परागत शैली निर्धारण र नीतिगत निर्णय गरी कार्यान्यनमा ल्याउने । | १. एकरूप तथा समान किसिमका भवनहरू भएका बस्तीसहितको नगरपालिकाको रूपमा स्थापित हुने । |

**ञ.** भू-उपयोग, शहरी विकास, बस्ती विकास, तथा भवन निर्माण प्राविधिक विषय भएकोले कार्य सम्पादनको लागि पनि प्राविधिक जनशक्तिको आवश्यकता पर्दछ । हालको अवस्थामा नगरपालिकामा पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा भएता पनि सीमित इञ्जिनियर तथा अमिनहरूद्वारा कार्य सम्पादन भइरहेको छ । यस कारणले विभिन्न कालखण्डमा नगरले हालको शाखालाई पूर्णता दिँदै थप दक्ष प्राविधिक जनशक्ति नियुक्ति गर्ने, कर्मचारीहरूको विभिन्न विधिद्वारा क्षमता अभिवृद्धि गर्ने र शाखालाई निरन्तर विस्तार गर्दै थप प्रभावकारी बनाउने योजना लिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को संगठन संरचना बमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा र त्यसका उपशाखाहरूलाइै यथाशीघ्र पूर्णता दिने । | १. विशेषगरी भवन तथा बस्ती/शहरी विकास शाखालाई अझै आधुनिक र प्रभावकारी बनाउन Urban Planner, Architect, Geologist, GIS technician, Transportation Planner/Engineer, वातावरणविद् आदि थप प्राविधिक जनशक्तिसहितको महाशाखा बनाएर काम कारवाहीको थालनी गर्ने । साथै यस क्षेत्रमा लाग्ने सबै किसिमका आधुनिक प्रविधि र उपकरणहरू भित्र्याउँदै र प्रयोगमा ल्याउँदै जाने । | १. भवन तथा बस्ती/शहरी विकास महाशाखालाई वातावरण, विपद व्यवस्थापन, यातायात/सडक, पार्क/खुला क्षेत्र, सम्पदा संरक्षण र अन्य पूर्वाधार शाखा समेत भएको छुट्टै र विशेष अधिकारसहितको विभागको रूपमा विकसित गरेर लैजाने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. कर्मचारीलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्धारा क्षमता अभिवृद्धि गर्ने साथै नयाँ दक्ष प्राविधिक कर्मचारी नियुक्ति गर्ने । | २. कर्मचारीलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी Professional Exchange Program, Exposure visit, Field visit द्धारा क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । | विभिन्न आन्तरिक तथा बाह्य क्षमता अभिवृद्धि कार्यक्रम र विधिहरूलाई निरन्तरता दिने । |

**ट**. भू-उपयोग ऐन २०७६, परिच्छेद ४, दफा १८ र २० ले व्यवस्था गरे बमोजिम भू-उपयोग संयन्त्रहरू गठन गरी क्रियाशील बनाउने र सम्बन्धित शाखा तथा कर्मचारहीरूसँगको निकट समन्वयमा काम गर्ने गरी प्राथमिकीकरण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. ऐन बमोजिम भू-उपयोग संरचनाहरू (स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समिति) यथाशीघ्र स्थापना गरी काम अघि बढाउने । | १. स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समितिलाई माथि उल्लेखित महाशाखासँगको बलियो तालमेल भएको संयन्त्रको रूपमा विकास गर्दै लैजाने । | १. स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समितिलाई माथि उल्लेखित विभागसँगको बलियो तालमेल भएको संयन्त्रको रूपमा विकास गर्दै लैजाने । |

**ठ.** भू-उपयोग, सो को अभ्यास र सम्बन्धित विषयवस्तुहरू नगरपालिकाको लागि तुलनात्मक रूपमा नयाँ हो । प्राविधिक विषय भएकोले कम्तीमा यसको नीतिगत तथा व्यवहारिक पाटो जनप्रतिनिधि तथा इच्छुक सबै नगर कार्यपालिका कार्यालय अधिकारीहरूले बुझ्न जरुरी छ भने बाह्य सरोकारवाला संघसंस्था तथा व्यक्तिलाई पनि यस विषयमा थप अभिमुखीकरण तथा सचेतना वृद्धि गराउन जरुरी छ । यस कारण नगरले विभिन्न सचेतना अभिवृद्धि कार्यक्रम तय गरेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जनप्रतिनिधि र इच्छुक सबैलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न सचेतना अभिवृद्धि कार्य गर्ने । | १. जनप्रतिनिधिलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने । | १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी परिवर्तित सन्दर्भ तथा आयामका आधारमा सचेतनामूलक कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिने । |
| २. नगरपालिकाको आन्तरिक क्षमतता विकासमा मात्र नभई भू-उपयोग, शहरी विकास तथा भवन निर्माणसँग प्रत्यक्ष सरोकार राख्ने बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना वृद्धि र Licensing मा पनि जोड दिने । जस्तैः घर जग्गा निर्माण व्यवसायी, भवन निर्माणकर्मी, Engineering Consultancy आदि । | २. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्याङ्कन तथा आवश्यक परिमार्जनसहित क्षमता विकासका कार्यक्रमको निरन्तरता । | २.नगरपालिकाको आन्तरिक संरचना तथा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण क्षेत्रका सरोकारवालाहरूको क्षमता विकास कार्यक्रमको निरन्तरता । |

### तालिका २/५.३.१ : भू-उपयोग तथा आवास व्यवस्थापन क्षेत्रको अपेक्षित उपलब्धी

| क्र.स. | उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|
| १. | पहिचानमा आएका अन्तर वडा र पालिका बिच सीमा समस्या समाधान कार्य (संख्या) | | सबै समाधान गरी सक्ने | | |
| २. | पहिचानमा आएका नक्सा/लालपुर्जा विवरण र जग्गाको वास्तविक क्षेत्रफल, साँध-सीमाना बीचका असमानतामा सुधार (प्रतिशत) | | ३० | ५० | ८० |
| ३. | स्थानान्तरण आवश्यक रहेको ऐलानी, सार्वजनिक, सरकारी र निजी जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या) | | | | |
| ४. | स्थानान्तरण वा जोखिम न्यूनिकरण आवश्यक रहेको जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या) | ४६८१ | २००० | ० | ० |
| ५. | गैरकानुनी र जोखिमयुक्त तवरले प्रयोग भइआएका सबै जमिनको उचित व्यवस्थापन कार्य (प्रतिशत) | | ३० | ५० | ८० |
| ६. | भवन अनुमति प्राप्त भवन र संरचनाहरूको थप तथ्याङ्क संकलन कार्य (जस्तै संरचनागत प्राविधिक (Engineering Requirement), विद्युतीय लाइन, खानेपानी लाइन, सञ्चार, कर तथा शुल्क, भवन/संरचनाको प्रस्तावित प्रयोग आदि) (प्रतिशत) | | ३० | ५० | ८० |
| ७. | भवन निर्माण स्वीकृति इलेक्ट्रोनिक प्रणालीलाई (Electronic Building Permit System) र त्यसपश्चात् एकीकृत स्वीकृति प्रणालीको (Integrated Building Permit System) तिर उन्मुख हुने कार्य उपर प्रगति (प्रतिशत) | | ३० | ५० | ८० |
| ८. | भवन अनुमति नभएको भवन र संरचनाहरूलाई स्वीकृति प्रणालीको दायराभित्र ल्याउने कार्य (प्रतिशत) | | ३० | ५० | ८० |
| ९. | घर नम्बर प्रणालीमा आउन बाँकी भवन र संरचनाहरू (प्रतिशत) | | | | ० |
| १० | बस्ती क्षेत्र तथा मानव स्वास्थ्यलाई असर गर्ने<br>१. पशुपंछी पालन<br>२. उद्योग, व्यवसायय<br>३. भू-वर्गीकरण विपरीत<br>सबै प्रयोजनलाई अन्यत्र स्थानान्तरण कार्य (प्रतिशत) | १.<br>२.<br>३. | | | १०० |
| ११ | भावी जनसंख्या वृद्धिदर र पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याटको उपलब्धता- प्रति परिवार एक आवासको प्रक्षेपणले (संख्या) | | | | ४८३३ |
| १२ | छरिएका सबै बस्तीहरूलाई एकीकृत गर्ने कार्य (प्रतिशत) | | ३० | ५० | ८० |
| १३ | आवासीय तथा आवश्यक अन्य भवनहरूमा एकरूपता ल्याउने कार्य (प्रतिशत) | | ३० | ५० | ८० |

| क्र.स. | उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|
| १४ | भू-उपयोगको क्षेत्र वर्गीकरण | वर्गीकरण नभएको | राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) बाट प्राप्त नक्सा, प्रतिवेदन र तथ्याङ्कको विश्लेषण, परिमार्जन, स्थानीयकरण कार्य | वर्गीकरणको शुरुवात र वर्गीकरण समाप्ति | वर्गीकरण अनुरूप अभ्यास र निरन्तर मुल्याङ्कन र अद्यावधिक |
| १५ | भू-उपयोग योजना तयारी | योजना नभएको | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. अल्पकालीन १ समापन | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. मध्यकालीन १ समापन | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. दीर्घकालीन १ समापन |
| १६ | भू-उपयोग सूचना प्रणाली (नक्सा तथा डाटावेस) स्थापित भै सरोकारवालाको सहज पहुँच हुने | नभएको | शुरुवात गर्ने | समापन गर्ने र प्रयोगमा ल्याउने | निरन्तर अद्यावधिक र सुधार |
| १७ | भू-उपयोग व्यवस्थापनको लागि विभाग एवं जनशक्ति | अपर्याप्त अवस्थामा | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. अल्पकालीन १ बमोजिम | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. मध्यकालीन १ बमोजिम | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. दीर्घकालीन १ बमोजिम |
| १८ | भू-उपयोग संरचनाहरू (स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समिति) निर्माण | नभएको | पूरा गरी परिचालित अवस्थामा आउने | | |
| १९ | भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न अन्तरिक तथा बाह्य क्षमता अभिवृद्धि कार्यक्रमहरूबाट लाभान्वित कर्मचारी तथा जनप्रतिनिधि (प्रतिशत) | | | | १०० |

## ५.३.२. पार्क तथा मनोरञ्जन

### १. वर्तमान अवस्था

पार्क तथा मनोरञ्जन अर्थात् सार्वजनिक प्रयोजनको लागि बनेका फुर्सदको समयमा उपयोगी, व्यायाम र मनोरञ्जनात्मक गतिविधि तथा मनोविनोदमा सहजीकरण गर्ने स्रोत, साधन र स्थलहरू हुन् । आम नागरिकको दैनिक जीवनको गुणस्तरीयताका लागि यस्ता स्रोतहरू अपरिहार्य हुन्छन् । यस्ता स्रोतहरू सार्वजनिक स्थल, खुला क्षेत्र र सुबिधाहरू जस्तैः पार्क, शहरी प्लाजा वा स्क्वेर (City Plaza and Square), हरित क्षेत्र, उद्यान, बगैचा, पैदल मार्ग (Tracks and Trails), तथा निर्मित संरचनाहरू जस्तैः खेलकुद मैदान, मनोरञ्जनात्मक स्थल, ज्ञान/कलात्मक स्थल, सभा, सम्मेलन, मेला, सांगीतिक कार्यक्रम स्थल आदि हुन् । पार्क तथा मनोरञ्जन स्थल तथा सेवा/सुबिधाहरूले आर्थिक, सामाजिक, स्वास्थ्य तथा वातावरणीय महत्व बोकेको पाइन्छ ।

आर्थिक दृष्टिकोणले यस्ता सेवा सुबिधा सम्पन्न क्षेत्रको स्थानीय राजस्व र जमिनको मूल्यमा वृद्धि हुन्छ । साथै सो क्षेत्रले थप बसाइँसराइँ एवं ब्यापार व्यवसायलाई पनि आकर्षित गर्दछ । सामाजिक हिसाबले पार्क तथा मनोरञ्जन सामुदायिक जीवनस्तर गुणस्तर र पहिचानको मूर्त प्रतिबिम्ब हो । प्रायः समुदायको बसोबास योग्यता (Livable Community) मापनको प्रमुख सूचकको रूपमा पनि पार्क तथा मनोरञ्जन सेवा सुबिधाको उपलब्धतालाई लिइन्छ । त्यस्तै सामुदायिक मेलमिलाप, अन्तर्क्रिया, विविध सिकाई र आपत्कालीन आश्रयको लागि पनि यस्ता स्थानहरू महत्वपूर्ण हुन्छन् । नागरिक स्वास्थ्यको कोणबाट शारीरिक रूपमा सक्रिय हुने अवसर प्रदान गर्ने हुनाले, बालबालिका, युवा, ज्येष्ठ नागरिक लगायतको हितमा पार्क तथा मनोरञ्जन सेवाले विशेष टेवा पुऱ्याउँदछ । पार्क, हरित क्षेत्र, उधान तथा बगैचाको वातावरणीय सन्तुलन र सुधारमा पनि ठूलो भूमिका रहन्छ जसले गर्दा मानव स्वास्थ्यमा समेत सकारात्मक प्रभाव देखिन्छ । यी स्थानहरूबाट पानीको गुणस्तर सुधार, भूमिगत पानीको संरक्षण, बाढी/कट्टान न्यूनिकरण, स्वच्छ हावामा वृद्धि, विभिन्न प्रदुषण नियन्त्रण, वन्यजन्तु र वनस्पति संरक्षण लगायत धेरै प्राकृतिक एवं वातावरणीय लाभ लिन सकिन्छ । सही स्थानमा पार्क, हरित क्षेत्र र पैदल मार्ग, उद्यान तथा बगैचा विकास गर्नाले आवासीय र सडक वा औद्योगिक क्षेत्र बीच बफरको (Buffer) रूपमा पनि काम गर्दछ ।

तानसेन नगरपालिकाभित्र कतिपय चउर तथा खुला स्थान, खेल मैदान वा अन्य मनोरञ्जन स्थल रहेको भए पनि नगरभरि न्यूनतम मापदण्डमा आधारित रहेको खुला स्थान तथा मनोरञ्जन स्थलको व्यवस्थापन र पूर्वाधार व्यवस्था गर्न सकिएको छैन । यस अवस्थामा सुधारका लागि निम्न लक्ष्य, उद्देश्य तथा नीतिसहितको योजना तय गरिएको छ ।

### २. लक्ष्य

व्यवस्थित र पहुँचयोग्य पार्क तथा मनोरञ्जन स्थलमार्फत् नगर र नगरबासीको हित प्रवर्द्धन गर्नु ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : नगरस्तरीय संयन्त्रमार्फत् पार्क तथा मनोरञ्जन क्षेत्रको संरक्षण र व्यवस्थापन गर्नु ।**


**नीति क.** सबै वडा र नगरपालिकाबाट प्रतिनिधित्व हुने गरी तथा प्राविधिक जनशक्ति/क्षेत्रगत जानकार नागरिकसहितको स्थानीय पार्क तथा मनोरञ्जन समिति गठन गरिने छ ।

**नीति ख.** प्राविधिक जनशक्ति र विशेषज्ञसहितको पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापन इकाई गठन गरिने छ ।

**नीति ग.** पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, नियमन, पहिचान आदिमा समिति र इकाईको विशेष भूमिका सुनिश्चित गरिने छ ।

**नीति घ.** गठन भएपश्चात् समिति र इकाईद्वारा सबै खाले पार्क तथा मनोरञ्जन स्थान/क्षेत्र अध्ययन तथा तथ्याङ्क संकलनको थालनी गरिने छ ।

**नक्सा ५.३.२ : भू-उपयोग वर्गीकरणमा आधारित पार्क तथा सार्वजनिक स्थल, मनोरञ्जन स्थल, र खेलकुद मैदान**




प्रत्येक वडामा कम्तीमा एउटा पार्क/सार्वजनिक स्थल व्यवस्था गर्ने उत्तम अभ्यास, तथा संघीय सरकारको पार्क तथा मनोरञ्जन स्थल सम्बन्धी मापदण्ड पालना गर्न यो नक्सा सहयोगी छ ।

**उद्देश्य २ : हालको तथा भविष्यको जनसंख्या पूर्वानुमानलाई आधार मानी पार्क, खेल क्षेत्र, शहरी खुल्ला क्षेत्रहरूको व्यवस्थापन गर्ने ।**

**नीति क.** नगरपालिकाभित्र रहेका सबै खाले पार्क तथा खुल्ला क्षेत्रको निम्न बमोजिम वर्गीकरण गरिने छ ।

- शहरी प्लाजा, पाटी, चौतारा, चोक
- टोलस्तरीय पार्कहरू (केही मनोरञ्जन/व्यायामका उपकरणसहित) प्रत्येक ८०० जनसंख्यालाई एक
- वडा सामुदायिक पार्कहरू (विभिन्न मनोरञ्जन सुविधाहरूका साथ) प्रत्येक १०,००० जनसंख्यालाई एक
- नगरपालिका पार्कहरू (समारोहका मैदान) प्रत्येक २०,००० जनसंख्यालाई एक, प्रत्येक शहरलाई एक
- प्राकृतिक संरक्षण पार्क - प्रकृति संरक्षण वा वातावरण ऐन, कानुन, निर्देशिकामा तोकिए बमोजिम
- विशेष पार्क -माथि उल्लेखित पार्कहरू बाहेकका नगरपालिकालाई आवश्यक पर्न सक्ने/ नगरपालिकामा अवस्थित विशेष प्रयोजनका वा विशिष्ट प्रकृतिका पार्क तथा मनोरञ्जन स्थलहरू

**नीति ख.** पार्क तथा खुल्ला क्षेत्रको संरक्षण तथा व्यवस्थापनका योजनाहरू बनाइने छ र भविष्यमा आवश्यकता अनुसार यस्ता क्षेत्रहरू थप गरिने छ ।

**नीति ग.** पार्क तथा खुलाक्षेत्र प्रयोजनका लागि सार्वजनिक तथा खाली जमिनहरू प्रयोगमा ल्याइने छ ।

**नीति घ.** पार्क तथा खुल्ला जमिनको अभावलाई सुल्झाउन घर, जग्गा, निर्माण व्यवसायी तथा निजी क्षेत्रसँग साझेदारी गरी व्यवस्थापन गरिने छ ।

**नीति ङ.** पार्क तथा खुला क्षेत्र व्यवस्थापन गर्दा न्यूनतम मापदण्डहरू पालनामा ल्याइने छ ।

**नीति च.** हरेक पार्कको संरक्षण साथै गुणस्तरीय मनोरञ्जन अवसरहरू र प्राकृतिक र साँस्कृतिक पक्षको सन्तुलन गरिने छ ।

**नीति छ.** पार्कको लागि चाहिने जमिनको व्यवस्थापन हाल तथा भावी जनसंख्या तथा विद्यमान मापदण्ड अनुसार गरिने छ ।

**नीति ज.** नयाँ बन्ने हाउजिङ्ग, कोलोनी तथा आवासीय क्षेत्रहरूमा पनि पार्क तथा खुल्ला क्षेत्र नगरपालिका/ शहरी विकास मापदण्ड अनुसार अनिवार्य गरिने छ ।

**नीति झ.** हालको र भविष्यमा निर्माण हुने पार्क तथा मनोरञ्जन स्थलहरूलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गमैत्री बनाइने छ ।

**नीति ञ.** पार्क, खेलमैदान तथा खुल्ला क्षेत्र अतिक्रमण हुनबाट जोगाइने छ ।

**उद्देश्य ३ : नगरपालिकामा रहेका पार्क, मनोरञ्जन तथा खेल मैदानको संरक्षण र व्यवस्थापन गर्ने ।**

**नीति क.** पार्कभित्र रहेका सेवा/सुबिधाका उपकरण/संरचनाको उचित संरक्षण र व्यवस्थापन गरिने छ र आवश्यकता अनुसार थप गरिने छ ।

**नीति ख.** खेलकुद विकास तथा नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै नगरपालिकामा अवस्थित खेलमैदानहरूको उचित संरक्षण, स्तरोन्नति र व्यवस्थापन, गरिने छ र आवश्यकता अनुसार थप गरिने छ ।

**नीति ग.** पार्क तथा मनोरञ्जन सेवाको पहुँच बढाउन नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक विद्यालयका खेलमैदानलाई अझ व्यवस्थित र सुबिधायुक्त बनाई विद्यालय र विद्यालय समयलाई प्रतिकुल असर नपर्ने गरी सर्वसाधारणलाई खुला गरिने छ ।

**नीति घ.** मनोरञ्जनका सेवा/सुबिधा/संरचना स्थापना गर्दा वरिपरिका आवासीय तथा अन्य क्षेत्रलाई असर नपर्ने गरी स्थापना तथा व्यवस्थापन गरिने

**नीति ङ.** विद्यालयहरूमा बाल मनोरञ्जन स्थलहरू निर्माण गरिने छ ।

**तालिका १/५.३.२ : आवधिक प्राथमिकता : पार्क तथा मनोरञ्जन**

**क.** पार्क तथा मनोरञ्जन नागरिकको स्वास्थ्य, वातावरण र राजस्व अभिवृद्धिको दृष्टिकोणबाट अत्यन्त महत्वपूर्ण क्षेत्र भएकोले यसको उचित व्यवस्थापनको लागि नगरले विभिन्न कानुन, मापदण्ड, तथा योजना बनाएर अगाडि बढ्ने योजना राखेको छ । नगरमा पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान सम्बन्धी ऐन कानुन तथा योजनाहरूको कमी महसुस गरिएकोले र विभिन्न कानुनी व्यवस्था र वडा तथा नगरस्तरीय परामर्शद्वारा नगरपालिकाले आगामी दिनहरूमा कानुनी औजारहरूलाई प्रयोगमा ल्याएर यस क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्नु पर्ने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरूप स्थानीय पार्क तथा मनोरञ्जन ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटिने गरी बनाउने । | १. स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३, दफा ११. फ को उपदफा ४. क बमोजिम पार्क तथा मनोरञ्जन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने ।<br><br>१.१. आवश्यक ऐन, योजना, मापदण्ड : पार्क, मनोरञ्जन स्थल, खेलकुद मैदान संरक्षण र व्यवस्थापन सम्बन्धी आवश्यक नियम, कानुन, कार्यविधि र योजना । | १. पार्क तथा मनोरञ्जन सम्बन्धी प्रभावकारी ऐनसहितको पूर्णरूपमा पार्क तथा मनोरञ्जन स्थलहरूको उपलब्धताको सुनिश्चितता, संरक्षण र व्यवस्थापनमा सबल नगरपालिका बन्ने । |

**ख.** नगरमा विभिन्न कालखण्डमा पार्क तथा मनोरञ्जन स्थल सम्बन्धी तथ्याङ्क संकलन गरिएको छ, यद्यपि तथ्याङ्कहरू पूराना, छरिएको र अपूर्ण अवस्थामा छ । अन्य क्षेत्रभैं यस क्षेत्रको व्यवस्थापनको निम्ति पनि तथ्याङ्कको प्रयोग अपरिहार्य भएकोले तथ्याङ्कको प्रयोगबाट आधुनिक र वैज्ञानिक व्यवस्थापन हाँसिल गर्न नगरले तथ्याङ्क सम्बन्धी कार्यहरू तय गरेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जारी रहेका सबै भू-उपयोग सुची Land Use Inventory संकलन कार्यमा सबै खाले पार्क, मनोरञ्जन क्षेत्र, खेल मैदान आदिको तथ्याङ्क समेटिने गरी निरन्तरता दिने र थप प्रभावकारी बनाउने । साथै उपलब्ध सूचि र नयाँ सुचीलाई अद्यावधिक गरेर एकरूपता दिने । | १. पार्क, मनोरञ्जन, खुला क्षेत्र, खेलमैदान सम्बन्धी विभिन्न तथ्याङ्क र Land Use Inventory लाई प्रयोगमा ल्याई पार्क, खेलमैदान तथा मनोरञ्जन क्षेत्रहरूको प्रभावकारी व्यवस्थापन र संरक्षण कार्य गर्ने । | १. Land Use Inventory अन्तर्गतको तथ्याङ्कको नियमित अद्यावधिक साथै तथ्याङ्कको प्रयोगद्वारा सेवा प्रवाह र माग आपूर्ति, अन्तर पहिचान आदिमा निरन्तरता । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. शहरी र ग्रामीण पार्कका वर्गीकरण साथै यस्ता पार्कहरूको पूर्वाधार आवश्यकता Infrastructure need assessment गर्ने र आर्थिक स्रोतको आधारमा पूर्वाधार निर्माण /व्यवस्थापन कार्य गर्ने । | | |
| **ग.** नगरमा अवस्थित पार्क, मनोरञ्जन स्थल र खेलकुद सेवा सुबिधाको गुणस्तर वृद्धि तथा प्रवर्द्धन, नयाँ अवसर पहिचान, जारी रहेका योजना/परियोजना समापन, र नयाँ सेवा सुबिधा निर्माण तथा विस्तार लगायत कार्यक्रमहरू विभिन्न चरणमा तय गरिएको छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. पर्यटकीय हिसाबले महत्वपूर्ण पार्क, मनोरञ्जन स्थल आदिको प्रचार प्रसार, पूर्वाधार निर्माण, र सूचना केन्द्रहरू स्थापना गर्ने । साथै पर्यटकीय खेलहरूको अध्ययन तथा पूर्वाधार विकासको शुरुवात । | १. पहिचानमा आएका सम्पूर्ण पर्यटकीय खेल क्षेत्र र पार्कहरूको निरन्तर प्रचार प्रसार र व्यवस्थापन गर्ने । साथै नयाँ बन्ने वा पहिचान भएका र निर्माण हुने यस्ता क्षेत्रको लागि बजेट तर्जुमा गर्ने । | १. विभिन्न पर्यटकीय खेल र Trekking, Hiking, Camping, Rafting, Canyoning, Rock Climbing जस्ता गतिविधि उपलब्ध भएको नगरपालिकाको रूपमा प्रस्तुत हुने । |
| २. प्रस्तावित पार्क र खेल मैदानहरूको निर्माण सम्पन्न गरेर सञ्चालनमा ल्याउने । | २. हरेक वडा अन्तर्गत कम्तीमा एक सेवा/सुबिधाका उपकरण/संरचना युक्त वडा सामुदायिक पार्कको व्यवस्थापन गर्ने । | |
| २.१. आधुनिक नेपाली शैलीको नाँचघर निर्माण तथा टुँडीखेल, दमकडा खेलमैदान, शारदा स्कुल खेलमैदान, टिन्टी आँप खेल मैदान, वंशगोपाल पार्क, कुहिरे भिर, अर्गली क्याम्पस क्षेत्र लगायत, कुडापानी क्षेत्र लगायत नगरस्तरीय संयन्त्रले सिफारिस गरेका यी र अन्य सम्भाव्य क्षेत्रमा पार्क तथा मनोरञ्जन क्षेत्रको पूर्वाधार निर्माण प्रक्रिया शुरुवात गर्ने । | २.१. विग बुद्ध पार्क, उजिर सिंह पार्क, अमर सिंह पार्क, रुद्रसेन पार्क, वि.पि. पार्क, मुकुन्द सेन पार्क, पुष्प पार्कको आवश्यक पूर्वाधार निर्माण सम्पन्न गरेर सञ्चालनमा ल्याउने । | |
| ३. नगरमा रहेको सम्पूर्ण पार्क, खेलमैदान, मनोरञ्जनस्थलको गुणस्तर वृद्धि, तारबार, संरचना निर्माण, उपकरण जडान आदिको थालनी र सोसम्म पुग्ने बाटो व्यवस्थापन गर्ने । | ३. वडा नागरिकको सुझाव अनुरूप नगरस्तरीय कभर्ड हल र वडाहरूको विशिष्ठ आवश्यकता अनुसार फुटबल वा भलिबल वा ब्याडमिन्टन (वा बहुउपयोगी) खेल मैदानको व्यवस्था गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३.१. कुडापानीमा रहेको खेल मैदान, साबिक वडा नं. ३ को क्रिकेट मैदान र त्रिभुवन मा.वि.को खेल मैदान अपूर्ण रहेकोले पूर्णता दिन योजना निर्माण गर्ने । त्यस्तै टुँडीखेल खेल मैदानलाई आकर्षक बनाउन तथा गन्तव्यस्थल बनाउन आवश्यक प्रक्रिया शुरुवात गर्ने । साथै वीरेन्द्र पार्कलाई अझ स्तरीय बनाउनको लागि पहल कदमी चाल्ने । | ३.१. अल्पकालमा प्रक्रिया शुरु भएका विभिन्न खेल मैदान तथा वीरेन्द्र पार्कको पूर्वाधार निर्माण र सुधारको कार्य पूरा गर्ने । | |
| ४. नगरस्तरीय बृहत् पार्क र रंगशाला निर्माणको निम्ति सम्भाव्यता अध्ययन थालनी गर्ने । | ४. नगरस्तरीय बृहत् पार्क र रंगशाला निर्माण थालनी गर्ने तथा दमकडा खेल मैदान स्तरोन्नती गरी मिनि स्टेडियम निर्माण गर्ने । | ४. नगरस्तरीय बृहत् पार्क र रंगशाला सञ्चालनमा ल्याउने । |

**घ.** उल्लेखित सम्पूर्ण कार्य सम्पादनको निम्ति नगरपालिकामा सक्षम जनशक्ति, शाखा, संयन्त्र, तथा सरोकारवालाहरूको आवश्यकता पर्ने हुनाले साथै विभिन्न स्तर तथा चरणमा निरन्तर क्षमता अभिवृद्धि र सहकार्य पनि महत्वपूर्ण हुनाले यस सम्बन्धी कार्यक्रमहरू पनि तर्जुमा भएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को संगठन संरचना बमोजिम शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत पार्क तथा मनोरञ्जन इकाई स्थापना गर्ने । साथै पार्क तथा मनोरञ्जन व्यवस्थापनको लागि नगरस्तरीय समितिहरू खेलकुद समिति, नगर साँस्कृतिक समिति, नगर मनोरञ्जन तथा पार्क व्यवस्थापन समिति गठन तथा परिचालन गर्ने । | १. पार्क तथा मनोरञ्जन इकाईमा प्राविधिक जनशक्ति र आधुनिक प्रविधि र उपकरणहरू भित्र्याउँदै र प्रयोगमा ल्याउँदै जाने । त्यस्तै समिति र समितिको कार्य सम्पादनलाई निरन्तरता दिने । | |
| २. पार्क तथा मनोरञ्जन इकाईको विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्धारा क्षमता अभिवृद्धि गर्ने । | २. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । | २. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |
| ३. नगरपालिकाको आन्तरिक क्षमता विकासमा मात्र नभई पार्क तथा मनोरञ्जन क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने नागरिक, बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना वृद्धिमा पनि ध्यान दिने र नगर प्रहरी तथा अन्य सुरक्षा संयन्त्र (प्रहरी, वन विभाग आदि) को सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरूको संरक्षण गर्ने । | ३. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्याङ्कन र नियमन । | ३. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्याङ्कन र नियमन । |

**तालिका २/५.३.२ : पार्क तथा मनोरञ्जन क्षेत्रको अपेक्षित उपलब्धी**


| क्र.स. | उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|
| १. | टोलस्तरीय पार्कहरू (केही मनोरञ्जन/ व्यायामका उपकरणसहित) | | | | प्रत्येक ८०० जनसंख्यालाई १ |
| २. | वडा सामुदायिक पार्कहरू (विभिन्न मनोरञ्जन सुविधाहरूका साथ) | | | | प्रत्येक १०००० जनसंख्यालाई १ |
| ३. | नगरपालिका पार्कहरू (समारोहका मैदान, बृहत् पार्क) | | | | प्रत्येक २०००० जनसंख्यालाई १ |
| ४. | वडास्तरीय खेलमैदान (विशिष्ठ आवश्यकता अनुसार फुटबल वा भलिबल वा ब्याडमिन्टन वा बहुउपयोगी) | | | | प्रत्येक वडालाई वा प्रत्येक ५०००० जनसंख्यालाई १ |
| ५. | Meetings, Conference, Exhibition hall | | | | प्रत्येक ५०००० जनसंख्यालाई १ |
| ६. | शहरी प्लाजा वा स्क्वेर (City Plaza and Square) पाटी, चोक, शहरी पैदल क्षेत्र/मार्ग तथा अन्य शहरी सार्वजनिक स्थल (संख्या) | | | १४ | २८ |
| ७. | व्यवस्थित हरित क्षेत्र, उद्यान, बगैचा, हरित पैदल मार्ग (Green Tracks and Trails) तथा अन्य हरित सार्वजनिक स्थल वा विशेष पार्क (संख्या) | | | | ३ |
| ८. | पर्यटकीय खेल र Trekking, Hiking, Camping, Cycling, Rock climbing जस्ता गतिविधिसहित मनोरञ्जनका बहुविधाको प्रवर्द्धन (संख्या) | | | | १० |
| ९. | नगरस्तरीय बृहत् पार्क र रंगशाला (संख्या) | ०/० वटा | | | १/१ वटा |
| १० | पार्कहरूको समग्र पूर्वाधार आवश्यकता Infrastructure need का पर्याप्तता (प्रतिशत) | | | ३० | ५० |
| ११ | खेल मैदानहरूको समग्र पूर्वाधार आवश्यकता Infrastructure need का पर्याप्तता (प्रतिशत) | | | ३० | ५० |

## ५.३.३. यातायात

### १. वर्तमान अवस्था

कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशील बजाउन सार्वजानिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन, कृषि तथा गैह्रकृषि क्षेत्रको विकास गर्न सडक यातायात एउटा महत्वपूर्ण पूर्वाधारको रूपमा रहेको हुन्छ ।

**नक्सा ५.३.३ : नगरको मुख्य सडक सञ्जाल, बसपार्क र प्रस्तावित नयाँ बसपार्क**



सडक सञ्जाल तथा यातायात आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । विकासको आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरूको माध्यमबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासकालाई गतिशील बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन, कृषि तथा गैह्रकृषि क्षेत्रको विकास गर्न सडक तथा यातायात सेवा एउटा महत्वपूर्ण पूर्वाधारको रूपमा रहेको हुन्छ ।

नेपालको संविधान २०७२ ले पनि स्थानीय सरकारहरूलाई आफ्नो क्षेत्रभित्रका विभिन्न किसिमका शहरी विकासका योजनाहरू तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ । विस्तृत रूपमा हेर्दा संघीय सरकार तथा प्रादेशिक सरकारको जिल्ला अन्तरराज्यीय तथा अन्तर स्थानीय क्षेत्राधिकारको सडकहरू परेता पनि कृषि सडक, स्थानीय सडकहरू तथा नगरपालिकास्तरका सडकहरू स्थानीयले नै योजना बनाई अगाडि बढाउन सक्ने प्रावधान रहेको छ ।

नगरपालिकाको सबै वडाहरूमा पक्की सडकको विस्तार नभए पनि सडक सञ्जाल विस्तार भने भइरहेको छ । शहरी क्षेत्रमा सडकको अवस्था राम्रो रहेको छ भने ग्रामीण क्षेत्रमा कच्ची सडक रहेको छ । नगरपालिकामा सडक सञ्जालको पहुँच राम्रो रहेको छ । यहाँ राजमार्ग, सहायक राजमार्ग, पक्की तथा कालोपत्रे, ग्राभेल र कच्ची सबै प्रकारका सडकहरू रहेका छन् । नगरपालिकाको सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालु रहेको छ ।

नगरपालिकाको धेरै जसो क्षेत्र सुगम र जिल्लाको केन्द्र रहेको कारण सडक तथा यातायातको सुविधा राम्रो रहेको छ । ग्रामीण क्षेत्रमा धुले सडक रहेता पनि नियमित रूपमा यातायातको साधन चल्ने हुँदा आवतजावतमा सुगमता रहेको छ ।

नेपाल सरकारले अनुकुलन गरेको सडक सुरक्षामा सुधार गर्दै सुरक्षित, धान्न सकिने, सहज र दीगो यातायात व्यवस्थामा पहुँच उपलब्ध गराउने लक्ष्य तानसेन नगरपालिकाले पछ्याइरहेको छ । यस अन्तर्गत सन् २०३० सम्म ५० प्रतिशत जनसंख्यामा सुरक्षित सडक तथा भरपर्दो यातायातको पहुँच सुनिश्चित गर्न तानसेन नगरपालिका सक्षम हुने देखिन्छ । तथापि विकासको अवस्थाका आधारमा तुलनात्मक रूपमा अघि रहेको यस नगरपालिका यो लक्ष्य पूरा गरी नेपाल सरकारलाई समेत यो लक्ष्य प्राप्त गर्नमा सहयोग पुऱ्याउन सक्नेमा विश्वस्त छ ।

यातायात क्षेत्रको वर्तमान समस्या समस्या समाधान गर्न आफ्नो संवैधानिक अधिकार अन्तर्गत रही उपलब्ध अवसरको सदुपयोग र चुनौती सामना गर्दै तानसेन नगरपालिकामा आर्थिक वर्ष २०९६/९७ को अन्त्यसम्म नगरको कम्तीमा ८५ प्रतिशत जनसंख्यामा सुरक्षित सडक तथा भरपर्दो यातायातको पहुँच सुनिश्चित गर्ने गरी यातायात क्षेत्रको निम्न लक्ष्य, उद्देश्य तथा नीति तय गरिएको छ ।

## २. लक्ष्य

सबै नगरबासीलाई दीगो, भरपर्दो र सुरक्षित यातायातका पूर्वाधार र सेवाको पहुँच उपलब्ध गराउने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : आम नगरवासीमा व्यवस्थित सडकको पहुँच सुनिश्चित गर्नु ।**

**नीति क.** सडक सञ्जाल निर्माण र विस्तार गर्दा अधिकतम नगरवासीलाई नगरभित्र र बाहिरको आवतजावतमा सहजीकरण गर्ने गरी आर्थिक, सामाजिक तथा वातावरणीय पक्षहरूमा पर्याप्त ध्यान दिई सबै (अपाङ्गता भएका व्यक्ति समेत) को पहुँच सुनिश्चित हुने कुरामा जोड दिइने छ ।

**नीति ख.** नगरपालिकाभित्र तथा बाहिरको सडकहरूलाई एकीकृत तवरले यातायातको सुविधा पुऱ्याउन कार्यात्मक वर्गीकरण प्रणाली (Functional Classification System) का आधारमा नगर यातायात गुरुयोजना (Municipal Transportation Master Plan MTMP) तयार गरिनेछ र सडक सञ्जाल निर्माण र विस्तार गर्दा MTMP अनुरूप गरिने छ ।

**नीति ग.** सडक योजना तथा निर्माण गर्दा सरोकारवाला समुदाय तथा बस्तीको समस्या पहिचान गरी सो समस्या समाधानमा केन्द्रित गरी बनाइने छ ।

**नीति घ.** नगरपालिकाको सामाजिक, आर्थिक विकास तथा हरेक जरुरी सेवा प्रवाहको लागि चाहिने सडक तथा यातायातको सुबिधा हुने गरी यातायातको सोच राखिने छ । विशेषगरी कृषि क्षेत्र, उद्योग व्यवसाय, पर्यटन क्षेत्र र सेवा क्षेत्रका आवश्यकता सम्बोधनलाई प्राथमिकतामा राखिने छ ।

**नीति ङ.** सडकको डिजाइन तथा निर्माण संघीय सरकारको सडक विभागद्वारा तोकिएको न्यूनतम मापदण्डभित्र रही गरिने छ । नगरपालिकाभित्रका इञ्जिनियरिङ्ग मापदण्ड विना बनाएका सडकहरू पनि एकस्तरको डिजाइन गरिनेछ तथा हरेक सडक विस्तार गर्दा इञ्जिनियरिङ्ग मापदण्ड पूरा गरेर मात्र विस्तार गरिनेछ । यस क्रममा गर्दा स्थानीयबासीको आवश्यकता र भू-बनोटको आधारमा सडकको उपयुक्त मापदण्ड निर्धारण गरिने छ ।

**नीति च.** हरेक सडक तथा यातायातको कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा महिला, जेष्ठ नागरिक, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिको पहुँचमा पर्याप्त ध्यान दिइने छ ।

**नीति छ**. विभिन्न कारणले सडकमा पुग्ने क्षति न्यूनिकरण तथा समयवद्ध मर्मत सम्भारको कार्य नगरको मर्मत सम्भार कोषबाट व्यवस्थित र नियमित रूपमा हुने व्यवस्था गरिने छ ।

**उद्देश्य २ : सडक निर्माण गर्दा भू-उपयोग योजनासँग तादम्यता मिलाउनु र लागत प्रभावकारिता हाँसिल गर्नु ।**

**नीति क.** यातायातका परियोजना (Project) र कार्यक्रमहरू बनाउँदा भू-उपयोग योजनामा तालमेल मिल्ने गरी बनाइने छ । विशेषगरी आवास क्षेत्रमा सार्वजनिक यातायातको पहुँच सुनिश्चितता हुने करामा मुख्य प्राथमिकता दिइनेछ भने सार्वजनिक यातायातको मागको आधारमा सम्पदा क्षेत्र, पर्यटन, बजार क्षेत्रहरू तथा बस्ती क्षेत्र लक्षित आयोजनालाई पनि प्राथमिकता दिइने छ ।

**नीति ख.** वार्षिक बजेट तथा पुँजी सुधार कार्यक्रम (सबै क्षेत्रको नगरस्तरीय भौतिक पूर्वाधार समेटिएको बहु वर्षीय कार्यक्रमको विवरण) तथा सडक गुरुयोजनामा उल्लेखित बढी लाभका सडक पूर्वाधार आयोजनामा प्राथमिकताका साथ बजेट विनियोजन गरिने छ ।

**नीति ग.** सञ्चालन तथा मर्मत सम्भार खर्चसहित प्रत्यक्ष तथा अप्रत्यक्ष लागतहरूलाई विचार गरेर मात्र यातायातका कार्यक्रमका निर्णयहरू लिइनेछ ।

**नीति घ.** परियोजनाको लागत घटाउन तथा प्रतिकुल प्रभावहरू घटाउन परियोजनाको शुरुवात हुने भन्दा पहिले नै सडकले लिने क्षेत्रलाई नगरको स्वामित्व तथा सडक क्षेत्र अन्तर्गत ल्याइने छ ।

**नीति ङ.** सडकमा रकम विनियोजन गर्दा निश्चित कार्य पूरा हुने गरी विनियोजन गरिने छ । पर्याप्त स्रोत नभएको अवस्थामा प्राथमिकता प्राप्त सडकको निश्चित खण्ड पूरा गर्नमा जोड दिइने छ । सडक निर्माणका लागि निर्माण व्यवसायी छनोट गर्दा बढी भन्दा बढी प्रतिस्पर्धात्मक बनाइने छ । यसक्रममा लागत मात्र नभई गुणस्तरीयताका सूचकहरूको पनि मुल्याङ्कन पद्धति विकास र कार्यान्वन गरिने छ ।

**नीति च.** नगरबाट प्राविधिक सहयोग र सुपरिवेक्षण गर्न सकिने र उपभोक्ता समितिको क्षमता विश्लेषणका आधारमा साना र मझौला सडक आयोजना उपभोक्तामार्फत् कार्यान्वयन गरिने छ । उपभोक्ता समितिबाट गरिने कार्यमा लाग्ने अर्धदक्ष कामदार स्थानीयबासी नै हुनुपर्ने व्यवस्था मिलाइने छ ।

### उद्देश्य ३ : सार्वजनिक यातायातको सहज र सरल पहुँच सुनिश्चित गर्नु ।

**नीति क.** नगरपालिकाले सबै बजार, जनसंख्या तथा यातायात सेवाको मागको अध्ययन गरी न्यूनतम हरेक वडासम्म पुग्ने गरी नगर बस सेवा सञ्चालनमा ल्याइने छ। नगर बस सञ्चालनमा ल्याउँदा नगर आफैं, निजी सार्वजनिक साझेदारी वा नगरको सहजकर्ता र सहयोगी भूमिका रहने गरी निजी क्षेत्रबाट सञ्चालन गर्ने विकल्प खुला राखिने छ ।

**नीति ख.** नगरमा सञ्चालनमा आउने सबै किसिमका स्थानीय सार्वजनिक यातायातको सेवाको नगर मापदण्ड अनुसार हुने गरी नगरको नियमनको दायरामा ल्याइने छ ।

**नीति ग**. नगर बस लगायत स्थानीय यातायातका साधन तथा सेवालाई अपाङ्गतामैत्री तथा बालबालिका, जेष्ठ नागरिक, महिला आदिको सुरक्षा र पहुँच सुनिश्चितताका लागि समन्वयकारी र नियमनकारी भूमिका निर्वाह गरिने गरिने छ ।

**नीति घ.** नगरपालिकास्तरीय बसपार्क निर्माण सम्पन्न गरिने छ भने विभिन्न ठाउँमा बस बिसौनीको व्यवस्था गरिने छ ।

### उद्देश्य ४ : यातायातका कार्यक्रमका नकरात्मकता न्यूनिकरण गर्नु ।

**नीति क.** यातायातका पूर्वाधारको कार्यक्रम तय गर्दा संरक्षण गर्न तोकिएको पानीका स्रोतहरू, वनजंगल क्षेत्रहरू, प्राकृतिक स्रोतहरू, साँस्कृतिक तथा धार्मिक क्षेत्रहरू अथवा भविष्यमा तोकिन सक्ने पानी तथा वातावरणका कुनै संरक्षण हुनसक्ने क्षेत्रहरूलाई कम क्षति हुनेगरी डिजाइन गरिने छ तथा विकास निर्माणको क्रममा भएका क्षति सुधारका कार्यक्रमलाई पनि सँगसँगै पूरा गरिने छ ।

**नीति ख.** समुदाय तथा बस्ती र बासिन्दाहरूलाई न्यून नकारात्मक प्रभाव हुने गरी यातायातका योजनाहरू तथा यातायात सेवा र सुविधाहरूको डिजाइन गरिने छ ।

**नीति ग.** यातायातका लागि प्रयोजनमा आउने गाडी तथा उपकरणहरूले न्यून सवारी साधन प्रदुषण हुने गरी राष्ट्रिय प्रदुषण मानक पूरा गर्नुपर्ने व्यवस्था गरिने छ। लागि ध्वनी प्रदुषण कम गर्ने उपाय अपनाइनुका साथै ट्राफिक प्रहरीसँग समन्वय गरी ध्वनी प्रदुषण निरुत्साहित गर्ने कानुनी प्रबन्ध गरिने छ ।

**नीति घ**. समग्र नगरपालिकाको ट्राफिक व्यवस्थापनको लागि ठूलो सेवा सुविधा दिने कार्यालय निर्माण गर्नुपर्दा ट्राफिक प्रभाव मूल्यांकन Traffic Impact Assessment (TIA) गर्नुपर्ने प्रावधान बनाइने छ । विभिन्न बाटोहरू लाई एकतर्फी गरी ट्राफिक व्यवस्थापनलाई चुस्त दुरुस्त गरिनेछ । ट्राफिक जामलाई मध्यनजर गर्दै जथाभावी पार्किङको अभ्यास निरुत्साहित गर्दै सेवा केन्द्र, औद्योगिक, व्यवसायिक र पर्यटकीय क्षेत्र लक्षित पार्किङको व्यवस्थापनलाई प्राथमिकता दिइने छ ।

**नीति ङ.** सडकमा भएका फोहोर, धुलोले समुदाय तथा सडक प्रयोग गर्ने सर्वसाधारणलाई न्यून असर पर्ने गरी सडकको संरचना निर्माण वा अवस्था कायम गरिने छ ।

**नीति च.** वर्षात्को पानीलाई प्रभावकारी आधुनिक नवीन विधिहरूबाट व्यवस्थित गरिने छ । नगर क्षेत्रका सडकमा स्थायी नाला व्यवस्थापनको सुनिश्चिता गरिने छ ।

**नीति छ**. सडकको यातायात सेवामा बाधा पुऱ्याउने प्राकृतिक अवरोधहरू तथा जीवजन्तुहरूलाई सडक अवरोध नगर्ने गरी व्यवस्थापन गरिने छ। सडकमा आउने सबै किसिमका अवरोध तत्काल हटाउने व्यवस्था मिलाइने छ ।

### उद्देश्य ५: पूर्वाधार तथा यातायात सेवालाई सुरक्षित बनाउनु ।

**नीति क.** सडक सुरक्षाको दृष्टिकोणबाट दुर्घटनाको सम्भाव्यतालाई मध्यनजर गर्दै "Road Safety Audit" तथा सडक सुरक्षा सम्बन्धी विभिन्न उपायहरू अपनाइने छ ।

**नीति ख.** सक्दो पैदल यात्रुलाई प्रोत्साहन तथा सुरक्षाको लागि बस्ती नजिकका हरेक सडकमा उपयुक्त चौडाई सहितको सडकपेटीको व्यवस्था गर्दै लगिने छ । सडक तथा अन्य सुविधाको निर्माणको समयमा पैदल यात्रुलाई सहज तथा सुरक्षा हुने गरी निर्माणको व्यवस्था गरिने छ ।

**नीति ग.** नगर क्षेत्रभित्र गति नियन्त्रणका लागि अधिकतम गतिको सीमा तोकिनेछ ।

**नीति घ**. रातको समयमा पनि सडकलाई सुरक्षित र सहज बनाउनका लागि सडक निर्माण र मुख्य बजार तथा बस्ती क्षेत्रमा सडक बत्ती तथा सीसीटीभी जडानको कार्य समेतलाई सँगै लगिने छ ।

**नीति ङ**. बस्ती र बजार क्षेत्रमा ठूला मालवाहक सवारी साधन प्रवेशको समय निर्धारण गरी ट्राफिक प्रहरीसँगको समन्वयमा प्रभावकारी कार्यान्वयन गरिने छ ।

**नीति च.** बढ्दो सडक दुर्घटनालाई मध्यनजर गर्दै ट्राफिक प्रहरीको समन्वयमा सडक सुरक्षा सम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रम कार्यान्वयन गरिने छ ।

**नीति छ.** सडकको पूर्वाधारको स्तर र भारबहन क्षमताका आधारमा सम्बन्धित सडकमा प्रवेश गर्न पाउने वा नपाउने व्यवस्था गरिने छ । धुले तथा कच्ची सडकमा बढी भार भएका गाडी प्रवेशमा रोक लगाइने छ ।

**उद्देश्य ६ : यातायात सेवा प्रवाहको नगरको क्षमता विकास गर्नु ।**

**नीति क.** नगरभित्र यातायातको पूर्वाधार तथा यातायात सेवाको व्यवस्थापन, समन्वय र निगरानीका लागि निश्चित जनशक्ति तथा उपकरणसहितको यातायात शाखाको विकास गरिने छ । यस शाखाले यातायातका पूर्वाधारका अतिरिक्त स्थानीय यातायात सेवाको अनुमति, गुणस्तर तथा भाडादर निर्धारण, पहुँच विस्तार आदि विषयलाई संस्थागत रूपमा अघि बढाउने छ ।

**नीति ख.** यातायात क्षेत्रको भू-सूचना संकलन, विश्लेषण र अद्यावधिक गर्न सक्ने गरी नगरको जनशक्तिको क्षमता विकास गरिने छ ।

**नीति ग.** आम नागरिकको यातायात सम्बन्धी आधारभूत शिक्षाको लागि गोष्ठी, तालिम, सेमिनारहरू आयोजना गरिने छ ।

**नीति घ.** नगरका प्राविधिक जनशक्तिलाई आवश्यक पर्ने उपकरणको उपलब्धता गराइनुका साथै कार्य सम्पादनमा आधारित पुरस्कार र क्षमता विकास पद्धति विकास गरिने छ ।

**नीति ङ.** यातायात क्षेत्र व्यवस्थापनमा नगरको भूमिका थप स्पष्ट र व्यवहारिक बनाउन आवश्यक कानुनी र संस्थागत बन्दोबस्त गरिने छ ।

**तालिका १/५.३.३ : आवधिक प्राथमिकता : यातायात**

| |
|---|
| **क**. संविधानतः स्थानीय सडक, कृषि सडक र ग्रामीण सडक स्थानीय सरकारको एकल अधिकारभित्र रहेको सडक निर्माण तथा व्यवस्थापनको काम नगरपालिका स्वयंको हो । यही अधिकारका आधारमा नगरपालिकाले नीतिगत निर्णयहरूमार्फत नगरले यातायात क्षेत्रको पूर्वाधार र व्यवस्थापकीय कार्य गरिरहेको छ । नगरले अनुकुलन गरेको शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको शहरी विकासको संहिता र मापदण्ड २०७२ ले सडकको चौडा, सडक पेटी तथा सेटब्याकको मापदण्ड तय गरेको छ । सडकको मापदण्ड निर्धारणका लागि समिति बनाई प्रक्रिया अघि बढाएको भए पनि सबै सडकको मापदण्ड यकिन गर्न बाँकी रहेको छ । सबै किसिमका सडकको स्तरोन्नती तथा विकासमा नगरको भूमिका तथा त्यसका विधि निर्धारणका लागि स्थानीय कानुन बनाउन बाँकी छ । स्थानीय सडकको पूर्वाधार व्यवस्थापन सम्बन्धी कानुन बनाउने तथा सबै किसिमका सडकको निर्माण, विकास र सेवा सञ्चालनको प्राथमिकता समेत समावेश गरी नगर यातायात गुरुयोजना निर्माण गर्ने कार्य नगरको प्राथमिकताका नीतिगत कार्य हुन् । संघीय तथा प्रदेशको अधिकार अन्तर्गत रहेका नगर क्षेत्रका सडकको व्यवस्थापनमा संविधानतः नगरको भूमिका सीमित हुने भए पनि ती सडकको सुरक्षा, सुन्दरता तथा सवारी व्यवस्थापन सन्दर्भमा गरिने कार्यका लागि समेत नीतिगत र कानुनी प्रष्टता ल्याउन नगरले समन्वयात्मक प्रयास गर्नुपर्ने आवश्यकता छ । |

संविधानको अनुसूचि ८(१६) मा रहेको नगरको सडक सम्बन्धी एकल अधिकार तथा अनुसूची ९(१५) मा रहेको सवारी अनुमति सम्बन्धी साझा अधिकारमध्ये स्थानीय सडक, कृषि सडक तथा ग्रामीण सडकमा सञ्चालन हुने यातायात सेवा र स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(ख) ले दिएको अधिकार तथा ११ (ट) मा रहेको व्यवस्था अनुसार यातायात सुरक्षाको व्यवस्थापन र नियमन र स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य तथा ऐनको दफा ११ फ (ट) मा उल्लिखित सवारी साधन अनुमति अन्तर्गत यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमन, वातावरण मैत्री, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धनका साथै फ( ट,ग) मा उल्लिखित स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड,योजना, कार्यान्वयन, अनुगमन र नियमनको कार्य नगरले गर्नसक्ने भएता पनि समग्र विषय समेटेर स्थानीय कानुन बनाउनु पहिलो आवश्यकता हो ।

नगरले संघीय र प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका नगर क्षेत्रको सडकमा सञ्चालन हुने यातायात सेवा सम्बन्धी अधिकार र दायित्वमा समेत प्रष्टता ल्याउनु जरुरी छ । सबैका लागि दीगो, भरपर्दो र सुरक्षित यातायात सेवाको पहुँच सुनिश्चित गर्ने दीगो विकासको नगर अनुकुलित लक्ष्य प्राप्तिमा केन्द्रित गर्न थप रणनीति निर्माण र स्थानीय यातायात कानुनको समयवद्ध समीक्षा र परिमार्जन नगरको मध्यकालीन र दीर्घकालीन प्राथमिकता हो ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघ र प्रदेश ५ सँगको समन्वयमा स्थानीय राजमार्गमा सञ्चालन हुने यातायात सेवा व्यवस्थापनमा नगरको भूमिकामा स्पष्टता ल्याउनुका साथै संविधानमा नगरको एकल अधिकारभित्र नरहेका सडक (स्थानीय सडक, कृषि सडक र ग्रामीण बाहेक) सडकको व्यवस्थापन तथा उपयोग सम्बन्धी नगरको भूमिकामा स्पष्टता ल्याउने । | १. स्थानीय यातयायात कानुनमा नगरको एकल अधिकारभित्र रहेका र नरहेका सडक तथा सम्बन्धित सडकमा यातायात सेवा व्यवस्थापनका विषय समेत समेट्ने । | |
| २. नगर भित्रका सबै प्रकारका सडकमा सञ्चालन हुने साना, मझौला र ठूला स्थानीय यातायात सेवाको अनुमति, भाडादर, सेवा तथा रुट नीर्धारण, सडक प्रयोगकर्ताको सुरक्षा सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकको सुरक्षित पहुँच, विद्यार्थी लगायतले पाउने भाडा छुट आदि समेटेको स्थानीय यातायात ऐन र नियमावली बनाउने । | २. सडक तथा यातायात सेवा व्यवस्थापन सम्बन्धी कानुन कार्यान्वयनको समीक्षा तथा समयानुकुल परिमार्जन र संशोधन गर्ने । स्थानीय यातायात कानुनमा साना र विद्युतीय सवारी, यात्री तथा पैदल यात्रीको सुरक्षाको विषय सम्बन्धी विषय पनि समेट्ने । | २. सडक र यातायातको क्षेत्रमा आउने नवीनतालाई आत्मसात गर्दै सडक तथा सार्वजनिक यातायातका नीति तथा कानुन, निर्माण परिमार्जन तथा कार्यान्वयन गर्दै जाने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. सडकको स्थानीय मापदण्ड कायम गर्नमा देखिएका चुनौती सम्बोधनका लागि सडक विभाग लगायतका सम्बन्धित निकायसँग समन्वय गरी मापदण्ड तय हुनु अघि बनेका निजी तथा सार्वजनिक भवनको लागि केही लचकता उपलब्ध हुने अवस्थामा त्यस्तो अन्तरकालीन लचकताको विषय पनि समेटी नगरका स्थानीय सडक, कृषि सडकको चौडाई तथा सेटव्याकको नगर मापदण्ड निर्धारण गर्ने वा राष्ट्रिय मापदण्डलाई नगरस्तरमा अनुकुलन गर्ने । | ३. सडक मापदण्डलाई विभिन्न किसिमका निर्माण सम्बन्धी कानुन तथा मापदण्डमा समेट्ने । | ३. नयाँ बस्ती तथा बढी मानिसको बसोवास वा आवतजावत हुने व्यापारिक केन्द्र वा सेवा केन्द्र विकास गर्दा सवारी व्यवस्थापनको विषयलाई अन्तर सम्बन्धित क्षेत्रको नीति तथा कार्यक्रममा समेट्ने । |
| ४. तानसेन नगरपालिकाको यातायात गुरुयोजना बनाउने । | ४. नगरको यातायात गुरुयोजना कार्यान्वयनको समीक्षा तथा समयानुकुल अद्यावधिक गर्ने । यातायात सेवाको सुरक्षा दीगो विकास लक्ष्यका आधारमा नगरको विस्तृत यातायात नीति तर्जुमा गर्ने र नीतिका प्रावधानलाई नगरको वार्षिक नीति तथा कार्यक्रममा समेट्ने । | ४. यातायात गुरुयोजना तथा नीति कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । स्थानीय रूपमा अनुकुलन गरिएको दीगो विकास लक्ष्य प्राप्तिमा नगरले हाँसिल गरेको उपलब्धीको आवधिक लेखाजोखा गर्ने । |
| ५. नगरबाट कार्यान्वयन हुने निश्चित बजेट सीमा भन्दा माथिका सडक आयोजनामा वातावरणीय प्रभाव (विपद् जोखिम समेत) मुल्याङ्कन गर्नुपर्ने व्यवस्था गर्ने । | | |
| ६. पार्किङको समस्या समाधानको विकल्पका रूपमा अन्डरग्राउण्ड पार्किङसहितको भवन निर्माणका लागि छुट तथा सुविधाहरूको व्यवस्था भवन संहितामा समावेश गर्ने । | ६. मुख्य बजार क्षेत्र तथा सम्पदा बस्तीमा सवारी प्रवेश गर्न पाउने वा नपाउने विषय तथा सवारी पार्किङको कार्यविधि तथा आचार संहिता बनाउने । | ६. धेरै सवारी साधनको आवतजावत हुन सक्ने गरी कुनै क्षेत्र विशेषमा विकास वा सेवाका पूर्वाधार निर्माण गर्नुअघि सवारी प्रभाव मुल्याङ्कन (Traffic Impact Assessment) सम्बन्धी नीति निर्माण र कार्यान्वयन गर्ने । |
| ७. सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुन चाहने यातायात सेवाका लागि Viability Gap Funding सम्बन्धी मापदण्ड तयार गर्ने । | ७. विद्यमान सार्वजनिक सवारी चापको अध्ययन गरी सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुन चाहने यातायात सेवाका लागि तयार गरिएको सम्भाव्य परिपूर्ति कोष सम्बन्धी मापदण्डमा आवश्यकता अनुसार परिमार्जन गर्ने । | |

**ख.** यस नगरपालिकामा कतिपय महत्वपूर्ण सडकको नामाकरण भएको र सडकको नाम र शुरु तथा अन्य विन्दु सम्बन्धी विवरण तयारीको क्रममा रहेको भए पनि सबै सडकको सूचि बनाई तिनको स्तर निर्धारण र वर्गीकरण र नामाकरण गर्न बाँकी छ। मापदण्ड निर्धारणका जटिलताले समेत यो प्रक्रियामा ढिलाई भएको छ। सडकको शुरु विन्दु र अन्तिम विन्दु, चौडाई आदिसहितको सडकको समग्र सूचना सहितको इन्भेन्टरी छैन । त्यसैले सडक तथा यातायात क्षेत्रको तथ्याङ्क संकलन र व्यवस्थापन नगरको प्राथमिकतामा रहेको कार्य हो भने सूचना व्यवस्थापन र अद्यावधिक गर्नु निरन्तरको प्राथमिकता हो। सडकको तथ्याङ्क संकलन, वर्गीकरण र नामाकरणको क्रममा बाटो तथा गल्लीहरूको नामाकरणको कार्य पनि सम्पन्न गरिने छ। जस अनुसार सडक तथा यातायात सम्बन्धी सूचना व्यवस्थापनका कार्यको प्राथमिकता तल प्रस्तुत छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरका सडकको वर्गीकृत (स्थानीय सडक, कृषि सडक र ग्रामीण सडक) विवरण तयार गर्ने। सबै सडकको सूचना संकलन गरी विस्तृत सडक सूचनासहितको लगत तयार गर्ने। | १. सडक इन्भेन्टरी अद्यावधिक गर्ने, विश्लेषण गर्ने र सडक तथा यातायात सम्बन्धी निर्णयका लागि सहयोगी सूचना प्रणाली (डिसिजन सपोर्ट सिष्टमका रूपमा यातायात सेवा व्यवस्थापन गर्ने)। | १. सडक तथा यातयात सम्बन्धी सूचना संकलन, व्यवस्थापन र विश्लेषणको कार्यलाई यातायात शाखाको नियमित कार्यका रूपमा संस्थागत गर्ने। |
| १.२. नगरका सबै सडक तथा गोरेटोबाटोको नामाकरण (Street naming) को कार्य पूरा गर्ने र नयाँ खुल्ने सडकको नामाकरण बाटो तयार गर्ने क्रममा नै गरिसक्ने। | १.२. बाटोको नामाकरण पद्धतिलाई थप वैज्ञानिक बनाउँदै लैजाने। | |

**ग.** नगरका अधिकांश टोललाई सडक सञ्जालले समेटको छ भने करिब एक तिहाई भन्दा बढी घर कालोपत्रे सडकमा जोडिएकाले बनेका सडकको पूर्वाधार विकासमा केन्द्रित हुने अवसर नगरमा रहेको छ। सिद्धार्थ राजमार्गमा नगरका ५ वटा वडा पर्ने र बुटवल तम्घास सडक खण्डमा ५ वटा वडा पर्दछन्। त्यसैले नगरस्तरका प्रमुख सडक राष्ट्रिय सडक सञ्जालमा जोडिएका छन्। तथापि नगरका सबै घर सडक सञ्जालमा नजोडिएकोले सबै घरमा आपत्कालीन सेवा दिन समस्या छ। नगरका बाटोहरू साँघुरो रहेका तथा भित्री बस्तीहरूमा जाने सडकहरूका आवश्यक पूर्वाधार निर्माण नभएको अवस्था छ। कम्तीमा सबै घरमा सबै समयमा आपत्कालीन सेवा दिन मिल्ने गरी तीनलाई व्यवस्थित सडक सञ्जालमा ल्याउनु नगरको तत्कालीन प्राथमिकता हो।

यातायातका पूर्वाधारको वर्तमान अवस्थामा सुधार गरी दीगो भरपर्दो र सुरक्षित सडकको पहुँचमा आम नगरवासीलाई ल्याउनका लागि योजनाबद्ध रूपमा सडकको सीमा निर्धारण र नक्सांकन, चौडा, ग्रावेल र अन्य पूर्वाधार विकास र कालोपत्रे वा बाटो पक्की बनाउने वैकल्पिक उपायसहित लगानीलाई प्राथमिकीकरण गरी कार्य अघि बढाउनुपर्ने अवस्था छ।

सडक निर्माण र स्तरोन्नतीको कार्यलाई प्राथमिकतामा आधारित बनाई सीमित स्रोतको उपयोगबाट अधिकतम् प्रतिफल हाँसिल गर्न सकिने हुनाले यसका लागि बढी जनसंख्या समेट्ने, वडाको बढी क्षेत्र जोड्ने तथा तानसेनको आर्थिक सामाजिक विकासमा गर्ने योगदानका आधारमा सडक निर्माण र स्तरोन्नतीको प्राथमिकीकरण गरिने छ। प्राथमिकताका आधारमा क्रमशः सबै सडककलाई चौडा गर्ने, नाला तथा कल्भर्ट तयार गर्ने र ग्रावेल गर्ने, कालोपत्रे गर्ने तथा पूर्वाधार विकासका अन्य काम गरी सडकलाई पूर्वाधारको निश्चित मापदण्डमा पुऱ्याउने सडकको कार्यक्रम आवधिक प्राथमिकतामा वर्गीकरण गरी प्रस्तुत गरिएको छ। नगरको उच्च प्राथमिकतामा रहने सडकको सूचि तालिका ५.३.३ देखाइएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. कम्तीमा नगरस्तरका सडकको लगत कट्टा गर्ने प्रक्रिया पूरा गर्ने र मापदण्ड कार्यान्वयन गर्ने। | १. सडक मापदण्डको कार्यान्वयनको समीक्षा गरी सडकको लगत कट्टा गर्ने र नगरस्तरका सडकको नक्सालाई अन्तिम रूप दिने। | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नगरस्तरका सबै सडक (एक भन्दा बढी वडा जोड्ने, नगर केन्द्र र वडा केन्द्र जोड्ने वा एक भन्दा बढी वडाका कम्तीमा ५०० घरधुरीलाई समेट्ने सबै बाटोको मापदण्ड अनुसार चौडा गर्ने र ग्रेड मिलाउने कार्य सम्पन्न गर्ने । | २. नगर केन्द्रबाट सबै वडा केन्द्रसम्मको बाटो आवश्यक पूर्वाधार (स्थायी नाला, टेवा पर्खाल, खोला खोल्सीका व्यवस्थित निकास) सहित कालोपत्रे वा पक्की बनाउने कार्य गरिसक्ने तथा वडा केन्द्रबाट सबै स्वास्थ्य संस्था तथा माध्यमिकस्तरको विद्यालयसम्मको सडक पक्की बनाउने कार्य सम्पन्न गर्ने । | २. सबै सामुदायिक विद्यालय, नगर र वडा केन्द्र बिचको सडक पक्की बनाउने । |
| ३. सडक सञ्जाल बाहिर रहेका बस्ती लक्षित सडकको नयाँ मार्ग खोल्ने कार्य सम्पन्न गरी कम्तीमा सबै टोललाई सडक सञ्जालमा जोड्ने । | ३. कम्तीमा ९० प्रतिशत घरलाई सडक सञ्जालभित्र ल्याइसक्ने । | ३. नगरका सबै घरमा आपत्कालीन यातायात सेवाको पहुँच सुनिश्चित गर्ने । अर्थात् सबै घरलाई उपयुक्त सडक सञ्जालमा आबद्ध गरिसक्ने । |
| ४. बढी जनसंख्यालाई यातायातको पहुँच दिने तथा आर्थिक र सामाजिक विकासमा योगदान गर्ने प्रमुख सडकहरूको मुल्याङ्कन गरी नगरका उच्चतम प्राथमिकताका सडकको सूचि बनाउने र त्यस्ता सडकमा वार्षिक रूपमा निश्चित रकम भन्दा कम नहुने गरी बजेट विनियोजन गर्ने । | ४. नगरको उच्चतम प्राथमिकताका सबै सडकको पक्की वाहेकको सबै पूर्वाधारको कार्य पूरा गर्ने र कालोपत्रे र पक्की गर्ने कार्य कम्तीमा ५० प्रतिशत पूरा गर्ने गरी कार्यान्वयन गर्ने । | ४. अल्पकाल र मध्यकालमा निर्धारित नगरको उच्चतम प्राथमिकताका सबै सडक पक्की बनाई सञ्चालनमा ल्याउने । |
| ५. नगरको भू-उपयोग योजना कार्यान्वयनको क्रममा नयाँ खुल्नसक्ने औद्योगिक क्षेत्र वा सेवा केन्द्र लक्षित सडक आयोजनाको प्रस्ताव तयार गर्ने । | ५. अल्पकालमा पहिचान र प्रस्ताव हुने भू-उपयोग योजना, बस्ती विकास योजना, औद्योगिक र पर्यटन नीति आदिमा केन्द्रित रहेर सडक तथा वैकल्पिक यातायातका पूर्वाधार (रोप वे लगायत) को विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव तयार गरी निर्माणका कार्य अघि बढाउने । | ५. मध्यकालमा पहिचान र प्रस्ताव हुने भू-उपयोग योजना, बस्ती विकास योजना, औद्योगिक र पर्यटन नीति आदिमा केन्द्रित रहेर सडक तथा वैकल्पिक यायातातका पूर्वाधार (रोप वे लगायत) निर्माण तथा सञ्चालन गर्ने । |
| ६. भल नियन्त्रण, नाला तथा कल्भर्ट व्यवस्थापन, चौडा, ग्रावेल, कालोपत्रे जस्ता कार्य समेत खुल्ने गरी सामान्य मर्मत सम्भार बाहेक वडास्तरका सडक निर्माण तथा स्तरोन्नतीको एकीकृत सूचि निर्माण गरी कार्य अघि बढाउने । | ६. सडक निर्माण तथा स्तरोन्नती र सडकको नियमित मर्मत सम्भारका कार्यक्रमलाई विभाजन गरी वडा कार्यालयको सीमित सहयोग रहने गरी ग्रामीण सडकको नियमित मर्मत सम्भार हुने व्यवस्था गर्ने । | |

**घ**. यस नगरमा आन्तरिक सडक सञ्जालको पूर्वाधार विकासका लागि आवश्यक कतिपय महत्वपूर्ण पुल तथा कल्भर्ट निर्माण भएको भए पनि मझौला प्रकृतिका दर्जनौं पुल तथा कल्भर्ट निर्माण नहुँदासम्म सबै सडकलाई सबै याममा सञ्चालनमा ल्याउन सकिने अवस्था छैन। त्यसैगरी खोलाखोल्सीको पानी तथा वर्षे पानीको भरपर्दो निकासको व्यवस्था गर्नुपर्ने आवश्यकता छ। तसर्थ खोलाखोल्सीको उपयुक्त निकासका पुल, कल्भर्ट वा पूर्वाधार तयार गर्न पुल तथा कल्भर्ट र अन्य वैकल्पिक पूर्वाधार (ड्याम, ह्युमपाइपसहितको पक्की निकास आदि) हरूको सूची बनाई तल उल्लिखित प्राथमिकताका आधारमा तिनको निर्माण र पूर्वाधार विकास गरिने छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सबै सडकमा आवश्यक देखिएका कल्भर्ट वा पुल वा खोला खोल्सीको स्थायी पानी निकासको अन्य संरचनाको सूचि बनाई वडा र नगरस्तरीय सडकक लागि आवश्यक त्यस्ता संरचनाको प्राथमिकीकरण गर्ने। | १. नगर र वडास्तरका प्रमुख बाटोका लागि आवश्यक पुल तथा कल्भर्ट वा पानी निकासको अन्य पूर्वाधार निर्माणको कार्य सम्पन्न गर्ने। | १. अल्पकाल र मध्यकालमा प्राथमिकतामा राखिएका नगर र वडास्तरका सबै सडकका लागि पक्की पुल, कल्भर्ट तथा पानी निकासका अन्य स्थायी पूर्वाधार विकासका कार्य सम्पन्न गर्ने। |

**ङ.** नगरपालिकाको सीमित स्रोत तथा बहुप्राथमिकताका कारण यातायातका बढी लागतका पूर्वाधार निर्माण वा स्तरोन्नतीका लागि संघ, प्रदेश विभिन्न सहयोगी निकाय तथा छिमेकी स्थानीय तह लगायत विभिन्न निकायसँग सहकार्य र साझेदारी गर्नुपर्ने आवश्यकता छ। नगर चक्रपथको कार्य सम्पन्न गरी नगर बस सञ्चालन हुने अवस्थामा पुऱ्याउने, पर्यटकीय सम्भावना भएका पाल्पा दरबार, ऋषिकेश धाम, रानी महल आदि स्थानमा जाने सडकलाई पूर्वाधारयुक्त बनाउने जस्ता कार्यमा गरिने लगानीमा रणनीतिक लाभ रहेको भए पनि त्यसका लागि बाह्य स्रोतको आवश्यकता छ। त्यसैले नगको बृहत्तर हितका त्यस्ता पूर्वाधारमा लागानी जुटाउन नगरले नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गर्नेछ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. शहरी क्षेत्र समेटिएको नगर चक्रपथ निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गरी स्रोत सुनिश्चितताका लागि संघ तथा प्रदेश सरकार र अन्य निकायसँग संस्थागत समन्वय गर्ने। नगर चक्रपथ निर्माण अन्तर्गत ट्र्याक पूरा गर्ने, चौडा गर्ने, ग्रेड मिलाउने र ग्रावेलसम्मको कार्य सम्पन्न गर्ने। | १. शहरी क्षेत्र समेटिएको नगर चक्रपथको कार्य पूरा गर्ने र बाह्य चक्रपथको सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रस्ताव तयार गर्ने। | १. बाह्य चक्रपथको सबै पूर्वाधार सम्पन्न गरी कालोपत्रे वा पक्की बनाई पूर्ण सञ्चालनमा ल्याउने। |
| २. केन्द्र, प्रदेश तथा बाह्य निकायबाट प्रत्यक्ष रूपमा निर्माण भइरहेका निर्माणको कार्य समयमा पूरा गर्न नगरको तर्फबाट सहजीकरण र समन्वयकारी भूमिकालाई संस्थागत रूपमा अघि बढाउने। | २. बाह्य लगानीका सडक पूर्वाधारको समयवद्ध कार्यान्वयनका लागि सहजीकरण गर्ने तथा पाल्पा बुटवल द्रुत मार्ग निर्माणका लागि पहल गर्ने। | |
| ३. पर्यटकीय सम्भावना भएका पाल्पा दरबार, ऋषिकेश धाम, रानी महल आदि स्थानमा जाने प्रमुख पर्यटकीय रणनीतिक सडकको प्राथमिकिरण सूचि बनाई पूर्वाधार विकासका लागि स्रोत जुटाउन केन्द्र र प्रदेशसँग समन्वय गर्ने। | ३. पर्यटकीय सडकका मुख्य पूर्वाधारको कार्य सम्पन्न गर्ने। | ३. अल्पकाल र मध्यकालमा निर्माण र स्तरोन्नती प्रारम्भ भएका सडकको स्तरोन्नतीको कार्य पूरा गर्ने। |

**च.** तानसेनबाट पोखरा र बुटवल जाने तथा बुटवलबाट तम्घास चल्ने बसका कारण कतिपय आन्तरिक सम्पर्क र बाह्य स्थानीय तह वा जिल्लासँगको सम्पर्कका लागि सहज रहेको । साथै साना सवारी स्थानीय रूपमा पनि चल्ने हुनाले सार्वजनिक यातायात सेवा सामान्य रहेको छ । नगरको समन्वय र नियमनमा नरहेका स्थानीय यातायात सेवा व्यवस्थापनको सवाल एकातिर छ भने नगरभित्रका वडा लक्षित स्थानीय बस सेवा सञ्चालन नभएको तथा सडक पूर्वाधार सबै वडामा न्यूनतम मापदण्डमा नभएको कारण समयवद्ध र सहज यातायातको सुबिधा सबै नगरबासीमा उपलब्ध गराउनमा समस्या रहेको छ ।

त्यसैले हाल सञ्चालनमा रहेका स्थानीय यातायात सेवालाई थप व्यवस्थित र सुधार गरी सेवा विस्तार गर्दै लाने र नगर चक्रपथ लगायत मुख्य सडकका पूर्वाधार विकासलाई तिब्रता दिई भरपर्दो स्थानीय यातायत सेवा सञ्चालन गर्नु यातयात सेवातर्फको प्राथमिकता हो । त्यसका साथै बस बिसौनी, बसपार्क तथा सवारी साधनको पार्किङको क्षेत्र निर्धारण र व्यवस्थापन पनि नगरको प्राथमिकतामा रहेको छ । यातातात क्षेत्र व्यवस्थापनको आवधिक प्राथमिकता तल प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. हाल सञ्चालनमा रहेका स्थानीय बस सेवाको भाडा तथा गुणस्तरका विषयमा सम्बन्धित पक्षसँग छलफल गरी भाडा निर्धारण, महिला, अपाङ्गता भएका र जेष्ठ नागरिकलाई आरक्षण तथा समयवद्धताका विषयलाई नगरको नियमनको दायरामा ल्याउने । | १. सबै किसिमका सार्वजनिक यातायातका साधनमा अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला तथा जेष्ठ नागरिकलाई न्यूनतम सुविधा हुने गरी सिट आरक्षणको अवस्थाको नियमित अनुगमन गर्ने । स्थानीय यातायातको सेवा तथा भाडादरको समयवद्ध मुल्याङ्कन तथा पुनरावलोकन गर्ने । | १. पर्यटन सडक, चक्रपथ तथा स्थानीय सडकहरूमा सबै समय (हिउँद वर्षा तथा रात्री अबेरसम्म) साना तथा ठूला स्थानीय सवारी साधन सञ्चालनको सुनिश्चितता गर्ने । नगरको यातायात क्षेत्रलाई, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकमैत्री सुनिश्चितता गर्ने । |
| २. स्थानीय बस रुट निर्धारण गरी स्थानीय यातायात सेवालाई कम्तीमा समयवद्ध रूपमा सबै वडाकेन्द्रसम्म जाने गरी व्यवस्थापन गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने । | २. आन्तरिक चक्रपथ तथा वडा केन्द्र समेट्ने गरी नगरको समन्वयकारी र सहयोगी भूमिका रहनेगरी निजी वा सहकारी क्षेत्रबाट नगर बस सञ्चालन गर्ने गरी नगरले सहजीकरणको कार्य गर्ने । ठूला सवारी साधन सञ्चालन नहुने बजार क्षेत्रमा प्रदुषणरहित ३ पाङ्ग्रे सवारी सञ्चालनका लागि समितिलाई अनुमति दिने प्रबन्ध गर्ने । | २. बाह्य चक्रपथ निर्माण कार्य पूरा गरी नगर बसको सेवा क्षेत्र विस्तार गर्ने । साथै छिमेकी स्थानीय तहसँगको साझेदारीमा सडक सञ्जाल विस्तार गरी अन्तरपालिका यातायात सेवा सेवा सञ्चालन वा सुधार गर्ने । |
| ३. तानसेन बजार तथा विभिन्न कार्यालय र सेवा केन्द्र आसपास पार्किङ स्थल निर्धारण गर्ने । यात्रुको चाप बढी हुने बस बिसौनीहरूलाई लक्षित गरी पहिलो चरणमा कम्तीमा २ व्यवस्थित यात्रु प्रतीक्षालय निर्माण गर्ने । (राजमार्गसहित) | ३. सार्वजनिक यातायात सञ्चालन हुने नगर र वडास्तरका सबै सडकमा बस बिसौनीको न्यूनतम पूर्वाधार तयार गर्ने । यात्रुको चाप बढी हुने बस बिसौनीहरूलाई लक्षित गरी पहिलो चरणमा कम्तीमा राजमार्गसहित थप १० व्यवस्थित यात्रु प्रतीक्षालय निर्माण गर्ने । | ३. आवश्यकता अनुसार यात्रु प्रतीक्षालय थप गर्नुका साथै पर्यटन सडकका प्रमुख सडक क्षेत्रका केही (२/३ वटा) यात्रु प्रतीक्षालयलाई पर्यटक सूचना केन्द्र तथा रिफ्रेसमेन्ट प्वाइन्टका रूपमा समेत विकास गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. नयाँ बसपार्कको विस्तृत परियोजना प्रस्ताव तयार पार्ने । | ४. नयाँ बसपार्कका न्यूनतम पूर्वाधार निर्माण गरिसक्ने । | ४. नयाँ बसपार्कको पूर्वाधार विस्तार गरी बसपार्क क्षेत्रलाई भू-उपयोग योजनामार्फत् अटोमोवाइल जोनको रूपमा विकास गरी सवारी मर्मत सम्भार, फ्यूल भर्ने लगायतका सेवा केन्द्रितकृत गर्ने । यस कार्यका लागि सार्वजनिक निजी साझेदारीको सम्भाव्यता अध्ययन गरी अघि बढ्ने । |

**छ.** ऐतिहाँसिक, साँस्कृतिक र पुरातात्विक पर्यटकीय सम्भावना भएका पाल्पा दरबार, ऋषिकेश धाम, देवी देवताका ऐतिहाँसिक मन्दिर, रानी महल आदि स्थान गन्तव्य भएका सडकलाई उच्च प्राथमिकतामा राखी सम्बन्धित सम्पदाको विशेषता झल्कने गरी सडक सुन्दरताको कार्य अघि बढाइने छ । सडक क्षेत्र निर्धारणसँगै सडक दायाँबायाँ वृक्षारोपण, सडक साजसज्जा, सडक सरसफाई लगायत सबै किसिमका सडकको सुन्दरता सम्बन्धी मापदण्ड बनाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ । विविधतायुक्त वनस्पतिसहितको हरित (वन) क्षेत्र, पर्याप्त खुला स्थान, हरित पार्क तथा उद्यान, प्रदुषणरहित पूर्ण सरसफाईयुक्त नगर तथा हरित बस्ती, हरित ग्राम र हरित शहर सहितको नगर बनाउने दूरदृष्टिलाई सडक तथा यातायात क्षेत्रसँग समेत आबद्ध गरिने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. कालोपत्रे तथा पक्की बनाउने काम सम्पन्न भएका सडकमा सडक साजसज्जाका कार्य शुरु गर्ने नगर सरसफाईको अभिन्न अंगका रूपमा सडक सरसफाईका कार्य शुरु गर्ने । | १. सडक सुन्दरताका लागि वृक्षारोपण लगायतका कार्य गर्ने । पर्यटन मार्गहरूमा गन्तव्य झल्कने गरी सडक सुन्दरताका कार्य गर्ने । सडक सरसफाईलाई सार्वजनिक सरसफाई कार्यक्रमको मुख्य अंगका रूपमा अघि बढाउने ।<br><br>२. सडक दायाँबायाँ बहुवर्षीय फूलका विरुवा रोप्ने, सडक सरसफाईका लागि हेरालुको व्यवस्था गर्ने, बसहरूमा डस्टविन राख्ने तथा झ्यालबाट फोहोर फ्याक्न निषेध गर्ने जस्ता नियमनकारी कार्य गर्ने । | १. सबै बजार र बस्ती क्षेत्रका सडकको सफाई र सुन्दरतालाई निर्धारित नगर मापदण्डमा पुऱ्याउने । सडक क्षेत्रको हरितीकरण र सरसफाईलाई संस्थागत गरी निरन्तरता दिने । |

**ज.** नगरमा यातायात सेवाको माग बढेसँगै यातायातका साधन बढ्ने अवस्था छ । विशेषगरी निजी यातायातका साधनको उपयोग पनि दिनानुदिन बढिरहेको छ । सुरक्षित सडक पूर्वाधार सुरक्षित र भरपर्दो यातायात सेवाको अभावका कारण सडक दुर्घटनाको जोखिम बढ्नसक्ने अवस्था छ । यसलाई दृष्टिगत गरी सडक सुरक्षाका निम्नानुसारका प्राथमिकता तय गरी आवधिक प्राथमिकतासहित प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सडक सुरक्षाको अवस्था सुधारका लागि नगरको प्रमुख सडकबाट सडक सुरक्षा परीक्षण (ROAD SAFETY AUDIT) को कार्य शुरु गर्ने । | १. ट्राफिक प्रहरीको समन्वयमा नगरका विभिन्न चोक व्यवस्थापनका न्यूनतम पूर्वाधार तयार गर्ने । चोकमा दुर्घटना बढी हुने सम्भावनालाई दृष्टिगत गरी बढी सवारी चाप हुने चोकमा विशेष प्रकारको सवारी संकेत (वा ट्राफिक लाइट) राख्ने । | १. सीसी क्यामेरा जडान लगायत चोक सुरक्षा सुधारका कार्यलाई निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नगरभित्र सडक चिन्ह, मार्क तथा संकेतहरू आवश्यकता अनुसार राख्न शुरु गर्ने । सडक क्षेत्रमा पर्यटकीय क्षेत्रहरूको दिशा तथा जानकारी खुल्ने गरी उचित बोर्ड तथा बस पार्क, पार्किङ क्षेत्र र बढी जमघट हुने बसस्टप नजिक डिजिटल सूचना पाटी राख्ने । | २. सबै पक्की सडकमा सडक लेन निर्धारण, सवारी संकेत तथा चिन्ह, जेब्राक्रस आदि सडक साजसज्जाका कार्य गरिसक्ने । | २. सडक लेन निर्धारण र सडक तथा सवारी संकेत स्थापना तथा सडक साजसज्जाका कार्यको निरन्तरता । |
| ३. नगरस्तरका सडकको बजार र सघन बस्ती क्षेत्रमा सडकपेटी निर्माणको कार्य शुरु गर्ने । | ३. नगरस्तरका सबै पक्की सडकको आवश्यक स्थानमा सडकपेटी तयार गर्ने । | ३. सबै बस्ती र बजार क्षेत्रमा रेलिङसहितको सडकपेटी निर्माण गर्ने । |
| ४. तानसेन बजार क्षेत्रमा मुख्य बजार क्षेत्र तथा सघन बस्ती क्षेत्रमा नगर समुदाय वा सार्वजनिक निजी साझेदारीको माध्यमबाट सडक बत्ती तथा सीसी टिभी व्यवस्थापन गर्ने । | ४. नगर समुदाय तथा नगर निजी क्षेत्र साझेदारीमा सबै बजार (५० भन्दा बढी आर्थिक गतिविधि हुने एकाई रहेको क्षेत्र) तथा सघन बस्ती क्षेत्रमा सडक बत्ती तथा सीसी टिभी व्यवस्थापन गरिसक्ने । | ४. उपयुक्त साझेदारीमार्फत् सबै बजार र बस्ती क्षेत्रमा सडक बत्ती तथा सीसी टिभी व्यवस्थापन गरिसक्ने । |
| ५. पहिरोको जोखिम रहेका क्षेत्र तथा विन्दुहरूमा सडकको कार्य गर्दा पहिरो नियन्त्रणको कार्यक्रम समावेश गर्ने । | ५. पहिरोको जोखिम रहेका क्षेत्रहरूमा सडकको कार्य गर्दा पहिरो नियन्त्रणको कार्यक्रम समावेश गर्ने तथा बायो इन्जिनियरिङ प्रविधिको प्रयोग पनि गर्ने । | |
| ६. सडक तथा सवारी सुरक्षा सम्बन्धी सचेतनामूलक गतिविधि तय गरी ट्राफिक प्रहरीसँगको समन्वयमा समुदाय, विद्यालय तथा सरोकारवाला बीचमा सञ्चालन शुरु गर्ने । | ६. सडक दुर्घटना र सडक सुरक्षा सम्बन्धी गोष्ठी, अनुशिक्षण तथा अन्य प्रवर्द्धनात्मक कार्यलाई निरन्तरता दिने । | ६. सडक सुरक्षाका संरचनागत र प्रवर्द्धनात्मक कार्यलाई निरन्तरता दिने । |

**झ.** पहिलो पटक बृहत् योजना निर्माणको समय नगरपालिकामा शहरी विकास एवं योजना तथा प्राविधिक शाखा गरी दुईवटा प्राविधिक एकाईसहितको संगठनात्मक ढाँचा अन्तर्गत २ जना इन्जिनियर र ६ जना सब इन्जिनियर, १ जना अ.सब इन्जिनियर र २ जना अमिनसहितको प्राविधिक कर्मचारीको उपलब्धता रहेको छ। सडक तथा यातायात क्षेत्रको सूचना व्यवस्थापन समेतमा सहयोग गर्न सूचना प्रविधि अधिकृत पनि नगरमा रहेका छन् । तथापि सडक तथा यातायात सेवा व्यवस्थापनका लागि आवश्यक प्राविधिक र प्रशासनिक कर्मचारीको अपर्याप्तताका कारण पूर्वाधार निर्माण तथा स्तरोन्नतीका कार्यको अनुगमन र सुपरिवेक्षणमा जनशक्ति तथा विशेषज्ञताको सीमितता रहेका छन् ।

स्थानीय यातायात सेवाको नियमन, सडक सुरक्षा तथा यातायात सेवा लगायतमा नगरको भूमिका वृद्धि, सडक र यातायात क्षेत्रको नियमित अध्ययन, तथ्याङ्क संकलन र व्यवस्थापन एवं विकास र सेवाको सुपरिवेक्षणसहितको कार्यलाई प्रभावकारी बनाउन यातायात शाखा निर्माण नगरको तत्कालीन प्राथमिकता हो भने यातायात क्षेत्रको समग्र संस्थागत विकासका कार्यलाई तल प्राथमिकीकरण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरको अधिकृतस्तरको कर्मचारी सहितको बेग्लै यातायात शाखा निर्माण गर्ने । | १. नगरको यातायात शाखामा पर्याप्त जनशक्ति (अधिकृत तथा सहयाकस्तरका प्राविधिक र एकजना सूचना प्रविधि तथा प्रशासनिक कर्मचारी) व्यवस्थापन गर्ने । | १. नगरमा यातायात शाखा अन्तर्गत यातायात सेवा र पूर्वाधारका कार्य हेर्न छुट्टाछुट्टै एकाई गठन गरी समग्र यातायात शाखालाई शहरी विकास महाशाखाको अंग बनाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. यातायातका पूर्वाधारको डिजिटल इन्भेन्टरी तयारी र नियमित अद्यावधिक हुने प्रणाली विकास गर्ने । | २. शाखालाई जि.आइ.एस. अन्य प्रविधिको आधारभूत ज्ञानसहित न्यूनतम उपकरण र प्रविधियुक्त बनाउने । | २. यातायात शाखालाई मध्यमस्तरका आयोजनाको सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव तयार गर्न सक्ने गरी क्षमता विकास तथा उपकरणको व्यवस्था गर्ने । |
| ३. यातायात शाखाको मुख्य प्राविधिक भूमिका हुने गरी यातायातका पूर्वाधार र सेवाको गुणस्तर निर्धारण, अनुगमन, मुल्याङ्कनको पद्धति(फर्म, प्रतिवेदन ढाँचा, नमूना परीक्षण आदि) मा आवश्यक परिमार्जन गर्ने । | ३. हाल अभ्यासमा रहेको सडक निर्माणको अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई यातायात शाखाको जनशक्ति परिचालन योजनाबाट थप व्यवस्थित गर्ने ।<br><br>३.१. सडकको गुणस्तर परीक्षणका लागि नमूना जाँच गर्ने उपकरण नगरस्तरमा आफैं वा छिमेकी स्थानीय तहसँगको समन्वयमा उपयुक्त स्थानमा स्थापना गर्ने । | ३. यातायात सेवालाई सूचना प्रविधिमा आबद्ध गरी यातायात शाखाले स्थलगत र डेक्समा आधारित अनुगमन र सपुरिवेक्षण कार्यक्रमको वर्गीकरण गरी कार्यान्वयन गर्ने । |
| ४. यातायात शाखा तथा नगर र वडास्तरीय अनुगमन समितिको क्षमता विकास तालिम तथा अनुशिक्षणका छोटो र लामो अवधिका कार्यक्रम तय गर्ने । | ४. यातायात शाखाको क्षमता विकासका निर्धारित कार्यक्रमलाई नियमित नगर आफैं वा सम्बन्धित निकायसँगको समन्वयमा नियमित रूपमा कार्यान्वयन गर्ने । | ४. क्षमत विकासका कार्यक्रमको परिमार्जनसहित निरन्तरता |
| ५. निजी क्षेत्र समेतको सहभागिता हुने गरी सडकको स्तर अनुसार सडक सञ्चालन र मर्मत सम्भारका लागि नगर र वडास्तरमा संयन्त्र विकास गर्ने । | ५. नगर र वडास्तरका सडक सञ्चालन तथा मर्मत सम्भार संयन्त्रलाई थप व्यवस्थित र संस्थागत गरी क्रियाशील गराउने । | ५. यातायात क्षेत्रमा आउने नविनताका आधारमा नयाँ क्षमता विकास कार्यक्रम कार्यान्वयन गर्ने । |
| ६. नगरस्तरको भौतिक पूर्वाधार समिति तथा संयन्त्र एवं नगर र वडास्तरको अनुगमन समितिका लागि वार्षिक अनुशिक्षण सञ्चालन गर्ने ।<br><br>७. सहभागितामा आधारित योजना कार्यान्वयन र अनुगमनका विविध पक्ष समेटेर उपभोक्ता समिति र स्थानीय अनुगमन समितिलाई दिने तालिमको दिग्दर्शन तयार गरी सो अनुसार नियमित तालिम सञ्चालन गर्ने । | ६. यातायात सम्बन्धी समिति तथा संयन्त्रको क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिने । | ६. विभिन्न समिति तथा संयन्त्रलाई अनुशिक्षण तथा क्षमता विकासका कार्यक्रमको निरन्तरता । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ८. यातायात शाखा र अन्तर्गतका इकाईको कार्यलाई कार्य सम्पादन सूचकका आधार मुल्याङ्कन गरी पुरस्कार र क्षमता विकास तथा पदोन्नतीमा आबद्ध गर्ने । उत्कृष्ट कार्य गर्ने जनशक्तिलाई बाह्य क्षमता विकासका कार्यक्रममा सहभागिताका लागि नगरबाट सहयोग उपलब्ध गराउने । | ८. पूर्वाधार निर्माणको सुपरिवेक्षणमा खट्ने प्राविधिक तथा अन्य जनशक्तिको भौतिक र सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने । |
| | ९. पूर्वाधार निर्माणको प्रभावकारिता र गुणस्तरीयता प्रवर्द्धनका लागि अन्तर नगर अनुभव आदान प्रदानको कार्यक्रमका लागि नगरले नेतृत्वदायी भूमिका निर्वाह गर्ने। | ९. अनुभव आदान प्रदानका कार्यक्रमलाई क्षमता विकासको अंगका रूपमा संस्थागत गरी निरन्तरता दिने । |

नगरपालिकासँग यातायात गुरुयोजना नभएको तथा विभिन्न कारणले रोड सर्भे तथा तथ्याङ्क संकलनको काम पनि हुन नसकेको सन्दर्भमा प्राथमिकता प्राप्त सकडको यथार्थ लम्बाई र चौडाई यकिन गरी सम्बन्धित सडकको लागत अनुमान गरिने छ। तथापि बढी जनसंख्यालाई लाभ पुग्ने र आर्थिक सामाजिक दृष्टिकोणबाट बढी उपयोगी सडकलाई मध्यकालसम्म कालोपत्रे गर्ने गरी निम्नानुसार सुचिकृत गरिएको छ ।

**तालिका २/५.३.३ : नगरको स्तरोन्नतीको उच्च प्राथमिकतामा रहेका सडक**

| क्र. स. | सडकको नामाकरण | समेटिने वडा | हालको अवस्था | अनुमानित लम्बाई (किमि) | अनुमानित लागत रु. लाखमा (नाला तथा ५.५ मिटर चौडासहितको पूर्वाधार) |
|---|---|---|---|---|---|
| १. | सिमलको रुखदेखि गुम्हा हुँदै छेर्लुङ्गसम्मको मो.बा. | ५, १२, १३ | धुले | १३ | १४३० |
| २. | होलाङ्गदी सिस्ने गुफाचौर मो.बा. | ५, ११ | ,, | १० | ११०० |
| ३. | वास्टारी अम्ल्यान सडक खण्ड | ७, ८, ९ | केही भाग पक्की | १५ | ९६० |
| ४. | डाँडाकटेरी केरवादी अर्तुङ्गा मो.बा. | १२, १३, १४ | | ८ | ४९५ |
| ५. | टक्सार बतासे ढुङ्गाखानी मो.बा. | ३, ५, ११ | अधिकांश भाग पक्की | ६ | ११० |
| ६. | भालेवास छाप पिपलडाँडा मो.बा. | ७,९ | धुले | १० | ११०० |
| ७. | नारायणडाँडादेखि आमडाँडा हुँदै चण्डीभञ्ज्याङ्ग मो.बा. | ५, १२ | ,, | ८ | ८८० |
| ८. | बतासेदेखि चण्डीभञ्ज्याङ्ग हुँदै लुहुङ्ग जोर्ते मो.बा. | ५, १२ | ,, | १४ | १५४० |
| ९. | नर्सरी तल्लो धरमपानी हुँदै डिवारी मो.बा. | ६, ११ | धुले | ४.५ | ४९५ |
| १०. | नयाँपाटी सा.रे.म. हुँदै कोकल जाने मो.बा. | ८, ९ | धुले | ५ | ५५० |

| क्र. स. | सडकको नामाकरण | समेटिने वडा | हालको अवस्था | अनुमानित लम्बाई (किमि) | अनुमानित लागत रु. लाखमा (नाला तथा ५.५ मिटर चौडासहितको पूर्वाधार) |
|---|---|---|---|---|---|
| ११. | तानसेन रिङ्गरोड मो.बा. | १, २, ३, ४, ५, ६ | अधिकांश भाग पक्की | ३६ | ६६० |
| १२. | प्रभास हुँदै तेल्घा वडा कार्यालयबाट गणसाल सालघारी सेतीपोखरी मो.बा. | ७, १०, ११ | ,, | ८ | ८८० |
| १३. | डुम्रे सुनडाँडा हुँदै गुफाचौर निस्कने मो.बा. | १०, ११ | केही भाग पक्की | १५ | ९६० |
| १४. | पालेपीपल स्वामीको रुख हुँदै हात्तीगौडा जाने मो.बा. | ६, ७, ९ | ,, | ३.५ | २२५ |
| १५. | दिल बहादुर मार्ग | ८ | ,, | ८ | ८८० |
| १६. | चण्डीभञ्ज्याङ्ग खयरतुङ्ग नामिकुवा लुहुङ्ग जोर्ते मो.बा. | १२, ११ | ,, | ११ | १२१० |
| १७. | नमिकुवा विरपोखरा सर्वोदय मा.वि. मो.बा. | १२, १३ | ,, | ४ | ४४० |
| १८. | वौघागुम्हादेखि केरवादी हुँदै डाडाँकटेरी मो.बा. | १३, १२ | ,, | ६ | ६६० |
| १९. | वेथलचोक पोलधारा आपटारी धुव्रघाट हुँदै चिलाङ्दी मो.बा. | १, २ | केही भााग पक्की | ५ | ३१० |
| २०. | कृषि कार्यालय बुद्धनगर कुसुमडाँडा डिवारी हुँदै प्रभास मो.बा. | | केही भाग पक्की | ६ | २४८ |
| | | | | **कुल अनुमानित लागत** | १५,१३३ |

उच्च प्राथमिकताका सडकको वास्तविक नाप र प्रगति यकिन नभएकोले धुले सडकको लागत अनुमान गर्दा सबै पूर्वाधार, आंशिक पक्की सडकको लागि अधिकांश भागमा पक्की हुनु पूर्वका आधारभूत पूर्वाधार तयार भएको र २५ प्रतिशत कालोपत्रे भएको तथा अधिकांश पक्की भएका मानिएका सडकको लागत अनुमान गर्दा दुई तिहाई भाग कालोपत्रे भएको र अन्यत्र कालोपत्रे बाहेकका पूर्वाधार रहेको मानिएको छ। यद्यपि नगर यातायात गुरुयोजना निर्माणसँगै लागत अनुमानमा रहेका अष्पष्टताको अन्त्य हुनेछ। सबै सडकमा नगर स्वयंले लगानी गर्न स्रोत पर्याप्त नहुने हुनाले बाह्य साझेदारी र सहयोगको विकल्प पनि खोजिने छ।

**तालिका ३/५.३.३ : तालिका समग्र कार्यक्रम कार्यान्वयनबाट हाँसिल हुने अपक्षित उपलब्धी**

| उपलब्धी सुचक | आधार वर्ष | अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|---|---|
| दीगो भरपर्दो र सुरक्षित यातायातका पूर्वाधारको पहुँचमा रहेको परिवार (प्रतिशत) | | ४५ | ६५ | ८५ |
| सडक सञ्जालमा जोडिएका घरधुरी (प्रतिशत) | | ८० | ९० | १०० |
| कालोपत्रे सडकमा आबद्ध घरधुरी ((प्रतिशत) | | ३५ | ५० | ७५ |
| ग्रावेल सडकमा आबद्ध घरधुरी (प्रतिशत) | | ३० | ३५ | २० |

| उपलब्धी सुचक | आधार वर्ष | अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|---|---|
| समयवद्ध स्थानीय यातायात वा नगर बसको पहुँचमा रहेका घरधुरी (प्रतिशत) | | ४५ | ६५ | ८५ |
| धुले सडकमा आबद्ध घरधुरी (प्रतिशत) | | ३५ | १५ | ५ |
| थप कालोपत्रेको लम्बाई (कि.मी.) | | १५ | ५० | १०० |
| थप ग्रावेल सडकको लम्बाई (कि.मी.) | | ३० | ७५ | १०० |
| यातायात क्षेत्रको आवश्यक नीति तथा कानुन निर्माण गर्ने | | ३ | ५ | ५ |
| पूर्वाधारयुक्त नगर चक्रपथ संख्या | | | १ | १ |
| पूर्वाधारयुक्त बाह्य चक्रपथ संख्या | | | | १ |
| ट्राफिक लाइटसहितको चोक व्यवस्थापन (थप) | | | १ | १ |
| नगर बस खरिद (नगर आफैं वा सार्वजनिक निजी साझेदारी) | | | २ | ४ |
| बसपार्कबाहेक निर्धारित पार्किङ स्थल (थप) | | १ | ३ | ५ |
| सघन बस्ती क्षेत्रमा थप पक्की सडक पेटी तयार गर्ने। (कि.मि.) | | ३ | १० | ४० |
| स्थानीय बस सञ्चालन हुने रुटमा यात्रु प्रतीक्षालयसहितको बस बिसौनी (जम्मा) | | ३ | १५ | ४० |
| पूर्वाधारयुक्त नगर बसपार्क | १ | १ | २ | २ |
| सडकपेटीमा रेलिङको व्यवस्था | | | ५ | २० |

## ५.३.४. सार्वजनिक निर्माण

### १. परिचय

नगरपालिकाको सार्वजनिक निर्माणका सेवा अर्न्तगत नगरले प्रवाह गर्ने सबै किसिमका सेवा प्रवाहका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण, स्तरोन्नती वा मर्मत सम्भारका कार्य पर्दछन्। यस नगरले सार्वजनिक यातायातको नीति तयार गर्दा अहिले तथा भविष्यमा आवश्यक पर्ने खानेपानी र सरसफाईका भौतिक संरचना, सिँचाइका पूर्वाधार, सार्वजनिक तथा सामुदायिक भवन जस्ता संविधानमा नगरले प्रवाह गर्ने सेवा अन्तर्गत समेटिएका विषय तथा संवैधानिक तथा स्थानीय अवस्था अनुसार नगरबाट नागरिकले अपेक्षा गरेका विद्युत र सञ्चार जस्ता पूर्वाधार निर्माण सम्बन्धी विषयलाई सार्वजनिक निर्माण अन्तर्गत समेटिएको छ। उल्लिखित प्रमुख क्षेत्र बाहेक सामाजिक विकास अन्तर्गत पर्ने सेवा प्रवाह गर्न आवश्यक हुने यातायात बाहेक आर्थिक र सामाजिक विकासमा योगदान गर्ने अन्य भौतिक पूर्वाधारका विषय पनि समावेश गरिएको छ।

तानसेन नगरपालिका ऐतिहाँसिक महत्व बोकेको परम्परागत शहर र ग्रामीण परिवेशमा विकास भएका बस्ती समेटेर गठन तथा विस्तार भएको नगरपालिका भएकोले संस्थागत रूपमा योजनाबद्ध शहरी विकासको सन्दर्भमा अनुभवको सीमितता रहेको नगर हो । सानो भू-भागमा रहेको घनाबस्तीलाई यसको ऐतिहाँसिक पक्षलाई जोगाउँदै यहाँका सबै सेवालाई व्यवस्थित सहरको मापदण्डमा पुऱ्याउने चुनौती सामना गर्दै अघि बढ्नुपर्ने अवस्थामा यो नगर रहेको छ ।

मिश्रित भू-उपयोगको अभ्यासमा विकास भएको यस नगर तत्काल विशिष्ठ सेवाकाका पूर्वाधार तोकिएको स्थानमा सार्न सक्ने अवस्था नरहेकोमा सो को अधिकतम व्यवस्थापन तथा नयाँ निर्माणका सन्दर्भमा सकेसम्म वैज्ञानिक भू-उपयोगको अवस्थामा हुने गरी निर्माण गर्ने नीति नगरले लिनुपर्ने अवस्था छ ।

यो खण्डमा यातायात बाहेकका सार्वजनिक सेवाका पूर्वाधार विकासको विधिलाई व्यवस्थित र योजनाबद्ध बनाउन आगामी दिनमा नगरले अवलम्बन गर्ने विधिहरू प्रस्तुत गरिएको छ । खानेपानी, सरसफाई, सिँचाइ, सार्वजनिक/सामुदायिक भवन, विद्युत र सञ्चारका पूर्वाधार निर्माण, सञ्चालन र व्यवस्थापनका कार्यको प्रभावकारिता बढाउन यो नीति तय गरिएको हो । शिक्षा, स्वास्थ्य, आर्थिक विकास, बाल संरक्षण तथा ज्येष्ठ नागरिक सम्मानमा आवश्यक सेवाका पूर्वाधार निर्माणलाई निर्देशित र व्यवस्थित आधारभूत नीतिहरू पनि यो खण्डमा प्रस्तुत गरिएको छ । यो क्षेत्रको नीति निर्धारण गर्दा निम्न विषयलाई नियमित र व्यवस्थित गर्ने कुरामा विशेष जोड दिइएको छ ।

- सार्वजनिक निर्माणका आधारभूत पक्ष
- सार्वजनिक सेवाका पूर्वाधार निर्माण र सञ्चालन
- सार्वजनिक निर्माण सेवाको प्राथमिकताका निर्धारण
- विशिष्ठ सार्वजनिक निर्माणको स्थानको छनोट, ओगट्ने क्षेत्र, सडक तथा त्यहाँसम्मको पहुँच
- पूर्वाधारबाट प्रवाह गरिने सेवाको मापदण्ड र सेवा प्राप्ति
- सार्वजनिक निर्माण र पुँजी सुधार कार्यक्रम

यहाँ उल्लेख गरिएका उद्देश्य तथा नीति हरेक विशिष्ट सार्वजनिक निर्माणका कार्यक्रम सञ्चालन गर्दा नगरभित्रका सम्बन्धित सेवामा आमनागरिकको पहुँच, लागत प्रभावकारिता तथा समुदायको स्वास्थ्य, सुरक्षा, सम्मान तथा भू-उपयोगको उपयुक्तता समेतलाई ध्यान दिई तयार गरिएका छन् । पहिलो खण्डमा सबैखाले सार्वजनिक सेवाका पूर्वाधार र दोस्रो खण्डमा खानेपानी, सरसफाई, सिँचाइ, सार्वजनिक भवन, विद्युत र सञ्चार क्षेत्रका क्षेत्रगत उद्देश्य तथा नीति प्रस्तुत गरिएको छ ।

विशिष्ठ पूर्वाधार बाहेक समग्र पूर्वाधार निर्माणलाई प्राथमिकतामा आधारित, दीगो, गुणस्तरीय र लागत प्रभावकारी बनाउन सार्वजनिक निर्माणको समग्र लक्ष्य, उद्देश्य तथा नीति तय गरिएको छ ।

## २. लक्ष्य

दीगो, भरपर्दो र पहुँचयोग्य सार्वजनिक सेवाका पूर्वाधारयुक्त नगर निर्माण गर्ने ।

## ३. उद्देश्य तथा नीतिहरू

### उद्देश्य १ : सार्वजनिक पूर्वाधारमा आधारित सेवामा नगरवासीको पहुँच सुनिश्चित गर्नु ।

**नीति क.** सार्वजनिक संरचना निर्माण गर्दा बढी जनसंख्याले लाभ पाउने कार्यक्रमलाई मुख्य प्राथमिकता दिइने छ ।

**नीति ख**. सार्वजनिक सेवाका पूर्वाधार निर्माण गर्दा अधिकतम समुदाय तथा परिवारलाई पायक पर्ने स्थानमा बनाइने छ ।

**नीति ग.** सार्वजनिक भौतिक संरचना निर्माण गर्दा न्यूनतम मात्रा तथा गुणस्तरको सेवा प्रवाह हुने गरी गरिने छ । सेवा प्रवाहको क्षमता र उपयोगिताको बीचमा सन्तुलन आउने कुरालाई ध्यान दिइने छ । अर्थात् अधिक उपयोग वा न्यून उपयोग नहुने कुरामा विशेष ख्याल गरिने छ ।

**नीति घ.** सबै किसिमका पूर्वाधार निर्माण गर्दा अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकले विशेष रेखदेख पाउनुपर्ने अवस्थाका ती वर्गको पहुँच सुनिश्चिता गर्ने कुरालाई समग्र निर्माण कार्यको अभिन्न मापदण्ड बनाइनेछ ।

**नीति ङ.** पूर्वाधार बनाउन त्यसबाट प्रवाह हुने सेवा क्षेत्रका सबै नगरवासीले समानस्तरको सेवा पाउने गरी डिजाइन र कार्यान्वयन गरिने छ ।

**उद्देश्य २ : सार्वजनिक निर्माणको कार्यमा मितव्ययिता, कार्यकुशलता र समयवद्धता हाँसिल गर्नु ।**

**नीति क.** सार्वजनिक सेवाका नगरस्तरीय पूर्वाधार निर्माण गर्दा पुँजी सुधार कार्यक्रम (Capital Improvement Program (CIP) मार्फत् गरिने छ । यसरी निर्माणका कार्यक्रम अघि बढाउँदा निम्न विषयलाई आधार बनाइने छ ।

१) बृहत् योजनाको प्राथमिकतामा उल्लेख भएका कार्यक्रम

२) समुदायको स्वास्थ्य, सुरक्षा, संरक्षणका लागि आवश्यक देखिएका कार्यक्रम

३) विशेष प्रयोजनमा गठन भएको इकाईको सिफारिस, नगरको योजना तथा बजेट शाखामार्फत् बृहत्तर नगर हितका कार्यक्रमका रूपमा पर्याप्त आधारसहित आर्थिक विकास तथा बजेट तथा योजना समितिमा पेश भई तथा नगर कार्यपालिका समेतबाट निर्णय भई प्रशासनिक प्रक्रिया पुगेका कार्यक्रम ।

**नीति ख.** सार्वजनिक सेवाका पूर्वाधार निर्माण गर्दा सम्बन्धित समुदायको न्यूनतम आवश्यकता पूरा हुने तथा गुणस्तरका नगर मापदण्ड पुग्ने गरी मात्र गरिने छ ।

**नीति ग.** निर्माण गरी सञ्चालनमा आइसकेका सार्वजनिक सेवाका पूर्वाधारलाई अपुग विश्लेषणका आधारमा न्यूनतम मापदण्डमा पुर्‍याइनेछ ।

**नीति घ.** सार्वजनिक निर्माणका कार्यक्रम सञ्चाल गर्दा दोहोरोपनालाई निरुत्साहित र नियन्त्रित गरिने छ । सोही प्रकृतिको कार्य पुनः गर्नुपर्दा अपुग पूरा गर्नमा केन्द्रित हुने गरी मात्र कार्यक्रम सञ्चालन गरिने छ ।

**नीति ङ.** अन्तर क्षेत्र तथा समुदाय तथा माथिल्लो सरकारीस्तरबाट हुने विकासका कार्यक्रमको नकारात्मक प्रभाव नियन्त्रण, दीगोपन तथा गुणस्तरीयता कायम गर्नमा नगरबाट समन्वयकारी भूमिका निर्वाह गरिने छ ।

**नीति च.** सार्वजनिक निर्माणका आयोजना छनोट तथा प्राथमिकीकरण प्रक्रियालाई थप सहभागितामूलक बनाइनुका साथै योजना कार्यान्वयन, अनुगमन, मुल्याङ्कन तथा भुक्तानी प्रक्रियालाई थप पारदर्शी र सरल बनाइने छ । रु. पाँचलाख भन्दा बढी लागतको पूर्वाधार कार्यक्रमको अनुगमनका लागि प्राविधिक जनशक्तिसहितको अनुगमन संयन्त्र हुने व्यवस्था गरिने छ ।

**उद्देश्य ३ : पूर्वाधारको माग र नगरको क्षमताका बीचमा सन्तुलन हाँसिल गर्नु**

**नीति क.** सार्वजनिक सेवाका नयाँ पूर्वाधार निर्माणमा ती संरचनाको आकार वा क्षमता निर्धारण गर्दा विद्यमान जनसंख्या र भविष्यको प्रक्षेपण समेतलाई आधार बनाइने छ ।

**नीति ख.** बृहत् योजनाले तय गरेका प्राथमिकताका आधारमा नगरको आन्तरिक स्रोत, सम्भाव्य बाह्य स्रोत तथा साझेदारी समेतको सम्भावना विश्लेषण गरी पूर्वाधारका प्रमुख प्राथमिकताका परियोजना समेटेको बहु वर्षीय पुँजी सुधार कार्यक्रम निर्माण गरिने छ । नगरवासीको बृहत्तर आर्थिक सामाजिक हित गर्ने पूर्वाधारमा लगानी गर्नुपर्दा पुँजी सुधार कार्यक्रममा समेटेर मात्र गरिने छ ।

**नीति ग.** उत्तम विकल्पको कार्यक्रम बृहत् योजना तथा पुँजी सुधार कार्यक्रममा समावेश गर्नु अघि सार्वजनिक निर्माणहरूका सुविधाहरूको पर्याप्तताको मुल्याकंन गरिने छ । पर्याप्तता नहुने देखिएमा परिमार्जन गरेर मात्र बृहत् योजनामा र पुँजी सुधार कार्यक्रम समावेश गरिने छ ।

**नीति घ.** भविष्यमा सार्वजनिक सेवाको मागमा हुने वृद्धि मध्यनजर गर्दै सार्वजनिक निर्माणका लागि भविष्यमा आवश्यक पर्ने जमिनको सुनिश्चिता पहिले नै गर्नमा जोड दिइने छ । महत्वपूर्ण सार्वजनिक सेवा पूर्वाधार विकासका लागि आवश्यक सार्वजनिक साधन (जमिन लगायत) सुनिश्चित गर्न आवश्यकता अनुसार सम्बन्धित निकायसँगको समन्वयमा अधिग्रहण वा निःशुल्क प्राप्ति गरिनेछ ।

**नीति ङ.** हाल सञ्चालमा रहेका वा विगतमा सञ्चालनमा रहेका सार्वजनिक सेवाका पूर्वाधार कुनै कारण बन्द भएमा त्यस्ता पूर्वाधारले चर्चेको क्षेत्र वा अन्य संचरना सार्वजनिक सेवाका अन्य पूर्वाधार निर्माण र सञ्चालनका लागि मात्र उपयोग गरिने छ ।

**उद्देश्य ४ : सार्वजनिक सेवाका पूर्वाधार निर्माणलाई भू-उपयोग योजना अनुकुल बनाउनु ।**

**नीति क.** सार्वजनिक सेवाका पूर्वाधारहरूको स्थान तय गर्दा भू-उपयोगको योजना अनुसार हुने गरी गरिने छ ।

**नीति ख.** लागत प्रभावकारी तथा एउटै पूर्वाधारबाट एकभन्दा बढी समुदायलाई लाभ हुने पूर्वाधार निर्माणमा जोड दिइने छ तर यसबाट सम्बन्धित समुदायको भू-उपयोगमा नकारात्मक प्रभाव हुन नदिन पर्याप्त सावधानीका उपाय अपनाइने छ ।

**नीति ग.** सार्वजनिक पूर्वाधारको डिजाइन गर्दा नगरको विशिष्ठ पहिचान, स्थानीय विशेषतामा र सामुदायिक विशिष्ठतामा ध्यान दिइने छ ।

**नीति घ.** सार्वजनिक सेवाका सबै पूर्वाधार निर्माण गर्दा नगरले तोकेको संहिता तथा मापदण्डको पूर्ण पालना गरिने छ । यदि स्थान विशेषका लागि कुनै संरचनाको स्थान, आकार, उचाई, ओगट्ने अधिकतम वा न्यूनतम क्षेत्र कानुनमा तोकिन सक्ने र तोकिएकोमा सबै व्यवस्थाको पूर्ण पालना गरिने छ ।

**नीति ङ.** सबै संरचना निर्माण गर्दा सम्पदा क्षेत्रमा रहेका ऐतिहाँसिक, धार्मिक र साँस्कृतिक सम्पदाको विशिष्ठ पहिचान र महत्वमा असर हुन दिइने छैन । सार्वजनिक निर्माणका कारणले त्यस्ता संरचनाको क्षति हुने अवस्थामा निर्माणको विकल्प खोजिने छ ।

**उद्देश्य ५ : सार्वजनिक सेवाका पूर्वाधारको क्षेत्र निर्धारण गर्दा पर्याप्तता, उपयुक्तता र पहुँच सुनिश्चित गर्नु ।**

**नीति क.** पूर्वाधार निर्माणको विकल्प छनोट गर्दा पूर्वाधारको प्रकृति अनुसार पूर्वाधार रहेको क्षेत्रसम्म न्यूनतम मापदण्ड पुगेका दुईतर्फी रूपमा ठूला गाडी आवतजावत गर्न सक्ने सडक भएको वा हुने यकीन गरिने छ । सामुदायिक पार्क, विद्यालय तथा सामुदायिक पुस्तकालयहरू, ज्येष्ठ नागरिक हेरचाह केन्द्र, बालगृह आदि निर्माण गर्दा सडक मार्गको अतिरिक्त पैदलमार्गको उपलब्धता पनि सुनिश्चित गरिने छ ।

**नीति ख.** सार्वजनिक निर्माणका साइट छनोट गर्दा वर्तमान समस्या समाधान तथा भविष्यको चापलाई सम्बोधन र वर्तमान र भविष्यको पहुँच समेत ख्याल गरिने छ । जग्गा प्राप्ति वा अधिग्रहण गर्नुअघि यो विषयको समेत विश्लेषण गरिने छ ।

**नीति ग.** सेवाको प्रकृति अनुसार सार्वजनिक सेवाका पूर्वाधारको मुख्य संचरचना रहने स्थानमा बिजुली, सञ्चार, पानी तथा ढलको लाइन जोडिएको हुनु पर्नेछ । त्यसका लागि सार्वजनिक जमिनको प्रयोग गर्दा अधिकतम उपयोगिता सुनिश्चित गरिने छ ।

**नीति घ.** ठूला लगानीका सार्वजनिक निर्माणको प्रक्रिया शुरु गर्नु अघि भू-वैज्ञानिक परीक्षण तथा वातावरणीय प्रभाव मुल्याङ्कन गरिने छ ।

**नीति ङ**. सार्वजनिक सेवाका पूर्वाधारको नीतिहरू बनाउँदा स्थानीको वस्तुगत यर्थातलाई ख्याल गरेर नीति, नियम तथा निर्देशिका निर्माण गरिने छ । साथै, सार्वजनिक सेवाका पूर्वाधारहरू तथा यसका नीति नियम निर्माण गर्दा टोल सुधार संस्थासँग पनि समन्वयन गर्दै संस्थालाई सक्रिय गरिने छ ।

**उद्देश्य ६ : नगरको सार्वजनिक सेवा प्रवाहको क्षमता अभिवृद्धि गर्नु ।**

**नीति क.** नगरमा रहेको प्राविधिक शाखालाई जनशक्ति र उपकरणयुक्त बनाई हरेक सार्वजनिक सेवा प्रवाह व्यवस्थित गराउन आवश्यक भौतिक पूर्वाधार निर्माणका लागि नगरका तर्फबाट समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने सार्वजनिक पूर्वाधार निर्माण शाखा र सो अन्तर्गतका विशिष्ठ इकाई गठन गरिनेछ ।

**नीति ख.** सार्वजनिक निर्माणसँग सम्बन्धित शाखाका लागि चाहिने न्यूनतम प्राविधिक र व्यवस्थापकीय क्षमता निर्धारण गरी सोस्तरमा पुग्ने गरी नगर आफैं वा अन्य पक्षको सहयोग र साझेदारीमा क्षमता विकासका उद्देश्यमूलक कार्यक्रम चरणबद्ध रूपमा सञ्चालन गरिने छ।

**नीति ग.** सार्वजनिक निर्माण शाखा तथा अन्तर्गतका इकाईहरूलाई आवश्यक पर्ने उपकरण तथा पूर्वाधारका लागि सालवसाली रूपमा बजेट सुनिश्चित गरिने छ।

**नीति घ.** सार्वजनिक निर्माण शाखा तथा इकाई सूचना प्रविधि शाखा लगायत नगरका अन्य शाखा तथा एकाईसँगको समन्वयन र परस्पर सहयोग अभिवृद्धिका लागि आवश्यक संरचनागत सुधार गरिने छ।

**नीति ङ.** प्रमुख प्रशासकीय अधिकृतको समयलाई प्रशासनिक मात्र नभई नीतिगत र आन्तरिक एवं बाह्य समन्वयको भूमिका निर्वाहमा पनि पर्याप्त रूपमा उपलब्ध हुने व्यवस्था गर्ने र सार्वजनिक निर्माण शाखाका लागि पनि साप्ताहिक रूपमा प्रमुख प्रशासकीय अधिकृतको समय उपलब्ध हुने व्यवस्था मिलाइने छ।

## सार्वजनिक निर्माणहरूका तत्व (Components of Public Works)

नगरपालिकाको सार्वजनिक निर्माणसँग सम्बन्धित सेवा अन्तर्गत पर्ने क. खानेपानी, ख. सार्वजनिक सरसफाई (ढल, फोहोर संकलन र व्यवस्थापन तथा नाला व्यवस्थापन), ग. सिँचाइ, घ. विद्युत, ङ. सार्वजनिक भवन तथा पुस्तकालय र च. सञ्चारलाई यो भागमा समेटिएको छ।

नगरवासीको दैनिक जनजीवन तथा औद्योगिक र व्यवसायिक गतिविधि सञ्चालनका लागि नगरले उपलब्ध गराउने यी क्षेत्रका सेवाले समग्र नगरको विकास र समृद्धि प्रभावित हुने भएकोले तल उल्लिखित नीतिमार्फत् सम्बन्धित क्षेत्रका निर्माण सम्बन्धी कार्यलाई व्यवस्थित गरिएको छ।

## क. खानेपानी

### १. वर्तमान अवस्था

तानसेन नगरपालिका ऐतिहाँसिक सम्पदासहितको शहर र शहरोन्मूख क्षेत्र तथा ग्रामीण भेग समेटिएको नगर हो। यस आधारमा विकास र सेवाको स्तरमा समेत भौगोलिक आधारमा पर्याप्त विविधताहरू छन्। खानेपानीको सुविधा, पहुँच र व्यवस्थापनको अवस्थामा समेत सोही आधारमा विविधता रहेका छन्।

२०७५ सालको तथ्याङ्क अनुसार नगरका ८७.८१ प्रतिशत परिवारले धारा वा पाइपको पानीलाई खानेपानीको प्रमुख स्रोतको रूपमा उपयोग गरिरहेको अवस्थाले सुरक्षित पानीको औसत पहुँच देखाउँछ। शहरी क्षेत्रमा खानेपानी मिटरसहितको निजी धारा तथा अन्य भेगमा अन्य तवरले राखिएका आफ्नै घरको धारासहित आफ्नै स्वामित्वमा पानी संकलन विन्दु (धारा) रहेका परिवार ६४ प्रतिशत रहेका छन्। तथापि खानेपानीको मिटर सहितको व्यवस्थित निजी धाराको पहुँच भने केही कम रहेको छ। नगरमा तानसेन खानेपानी तथा सरसफाई आयोजना र वर्तुङ खानेपानी आयोजना जस्ता ठूला र मध्यमस्तरका खानेपानी आयोजना र ग्रामीण भेगमा स-साना आयोजनाबाट खानेपानी सेवा प्रवाह भइरहेको छ। शहरी भेगमा नगरस्तरको खानेपानी आयोजना सञ्चालन भइरहेको भए पनि ग्रामीण भेगमा नगर मापदण्डसहितको व्यवस्थित र पहुँचयोग्य खानेपानी सेवा एकीकृत रूपमा सञ्चालन गर्न बाँकी रहेको छ। एकीकृत खानेपानी सेवा सञ्चालन भएका स्थानमा नेपाल सरकारले निर्धारण गरेको शहरी मापदण्ड (प्रतिव्यक्ति प्रतिदिन ८० देखि १०० लि.) अनुसार पानी उपलब्ध गराउनका लागि पानीको आपूर्ति बढाउनु पर्ने अवस्था छ।

हाल सञ्चालमा रहेका खानेपानी आयोजनामा शुद्धिकरणका न्यूनतम उपाय अपनाउँदा २०२२ सम्ममा ६८ प्रतिशत र २०२५ सम्ममा ७६.५ प्रतिशत र २०३० सम्ममा ९० प्रतिशत जनसंख्यामा सुरक्षित खानेपानीको पहुँच पुर्‍याउने दीगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तिमा यो नगरपालिका सफल हुने देखिन्छ।

राष्ट्रिय लक्ष्य पूरा गर्दै २०३० सम्ममा सबै घरमा निजी धारासहित सुरक्षित पानीको पहुँच सुनिश्चित गर्ने तथा आर्थिक वर्ष २०९६/९७ को अन्त्यसम्ममा सबै घरमा नगर मापदण्ड अनुरूपको परिमाण र गुणस्तरमा सुरक्षित पानी उपलब्ध गराइसक्ने गरी क्षेत्रको लक्ष्य, उद्देश्य नीति तथा कार्यक्रम निर्धारण गरिएको छ ।

## २. लक्ष्य

सबै नगरवासीलाई पर्याप्त र सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य ७ : हरेक पारिवारिक र व्यवसायिक इकाईसम्म सुरक्षित पानीको पहुँच पुऱ्याउनु ।**

**नीति क.** साना तथा मझौला खानेपानीका स्रोत तथा योजनालाई एकीकृत गरी तानसेन नगरपालिका भरका लागि समान पानी वितरण प्रणाली तय गरिने छ । यसका लागि आवश्यकता अनुसार सम्बन्धित उपभोक्ता, निजी क्षेत्र तथा सामुदायिक संघसंस्थासँग सहकार्य गरिने छ ।

**नीति ख.** खानेपानीका स्रोत संरक्षण गर्ने तथा उपयुक्त पूर्वाधार विकास गरी हरेक घर तथा भवनमा खानेपानीको पहुँच पुऱ्याउनु नगरको उत्तिकै महत्वपूर्ण प्राथमिकता हुनेछन् ।

**नीति ग.** जनसंख्याको चाप र अधिकतम पहुँच दिलाउने गरी आवश्यकता अनुसार क्लस्टर, वडा, बस्ती वा समुदायस्तरमा उपयुक्त स्थानहरूमा पानी संकलन तथा वितरण केन्द्र निर्माण गर्नुका साथै हालका संरचनाको वितरण प्रणाली व्यवस्थापनलाई पनि समान प्राथमिकतामा राखी एउटै वितरण केन्द्रमार्फत् सबै उपभोक्तालाई सुरक्षित पानी वितरण गरिने छ ।

**नीति घ.** एकीकृत पानी वितरण प्रणालीमा आबद्ध गर्न जटिल हुने र अधिक लागत लाग्ने तर बस्ती सार्न नसकिने साना वा छरिएका बस्तीका लागि भने नगर मापदण्ड प्रतिकुल नहुने गरी साना खानेपानी आयोजनाको व्यवस्थापन गरिने छ ।

**नीति ङ.** खानेपानीका पूर्वाधारको प्राविधिक मापदण्डकै रूपमा ती पूर्वाधारले ओगट्ने क्षेत्र र चर्चने क्षेत्र समेत जोडी न्यूनतम जग्गाको क्षेत्रफल निर्धारण गरिने छ ।

**नीति च.** पानीको स्रोतबाट भण्डारण तथा वितरणमा चाहिने पूर्वाधार निर्माणका लागि चाहिने जमिन व्यवस्था गर्दा अन्य भू-उपयोमा असर नगर्ने सार्वजनिक जग्गा, सामुदायिक योगदानका जग्गा वा खरिद गर्नुपर्ने जग्गा निर्माण प्रक्रिया शुरु हुनु अघि नै प्राप्ति वा अधिग्रहण गरी सकिने छ ।

**नीति छ.** नयाँ बस्ती विकास गर्नु अघि नै भू-उपयोग योजनाद्धारा निर्धारित क्षेत्रहरूमा पानीको बन्दोबस्त गर्ने विकल्प तयार गरी सम्बन्धित पूर्वाधारको लागि चाहिने जमिनको पूर्व व्यवस्था गरिने छ ।

**नीति ज.** पानीको संकलन तथा वितरणका लाइन बनाउँदा वातावरण संरक्षण वन, तथा पानीका भौगर्भिक वा सिमसार क्षेत्रहरूमा प्रतिकुल असर नगर्ने गरी व्यवस्थापन गरिने छ ।

**नीति झ.** शहरी विकास मन्त्रालयद्धारा स्थापित संहिता तथा मापदण्डलाई तानसेन नगर मापदण्डमा अनुकुलन गरी न्यूनतम ८० लिटर प्रति व्यक्ति प्रति दिनको दरमा पानीको आपूर्ति हुने गरी स्रोत र संरचनाको व्यवस्थापन गरिनेछ भने नगरभर एक घरः एक धाराको सुनिश्चितता गरिने छ ।

**नीति ञ.** सम्भाव्य आगलागी नियन्त्रणका सबै पानी संकलन ट्यांकीमा कम्तीमा १ चौथाई पानी रहिरहने कुराको सुनिश्चिचता गरिने छ भने व्यापारिक कम्प्लेक्स तथा उद्योग परिसरमा २४ सै घण्टा न्यूनतम पानी संकलन गर्नुपर्ने व्यवस्था गरिने छ ।

**नीति ट.** हरेक नगरस्तरीय खानेपानी आयोजनाका लागि पुँजी सुधार कार्यक्रम अनुसार निर्माण सम्पन्न नभएसम्मका लागि वार्षिक रूपमा श्रोत उपलब्ध हुने व्यवस्था गरिनेछ ।

**नीति ठ.** खानेपानीका सबै उपभोक्ताले मिटर जडान गरी पानीको वितरणको आधारमा बिलिङ्ग गर्ने तथासमय बिल भुक्तानी नगर्ने उपभोक्तालाई विलम्व दस्तुर तथा जरिवाना तथा अन्य सेवाबाट वञ्चित गर्ने सम्मको कानुनी व्यवस्था गरिने छ । साथै, खानेपानीको चुहावट हुने तथा संरचना बिगारेको प्रमाणित भएमा त्यसलाई पनि कानुनी दायरामा ल्याइने छ ।

**नीति ड.** तानसेन खानेपानी तथा सरसफाई उपभोक्ता समितिमार्फत् महशुल सहुलियतका लागि उपलब्ध गराइँदै आएको अनुदानलाई थप व्यवस्थित बनाउँदै लगिने छ ।

**नीति ढ.** उपभोक्ता समितिमार्फत् खानेपानीका आयोजनाका सामान्य मर्मत सम्भारका कार्यक्रम स्वयं पूरा गर्नुपर्ने व्यवस्था गरिने छ भने बढी लागतको सुधार वा स्तरोन्नती आवश्यक भएमा नगरबाट लागतको निश्चित प्रतिशत अनुदान उपलब्ध गराइने छ ।

**नीति ण**. नगरवासी तथा पर्यटकलाई लक्षित गरी बजारका मुख्य चोक तथा हरेक टोलमा सार्वजनिक धाराको व्यवस्था गरिने छ ।

## ख. सार्वजनिक सरसफाई

### १. वर्तमान अवस्था

खुला दिसामुक्त भइसकेको तानसेन नगरपालिकामा शौचालय प्रयोग गर्ने जनसंख्याको आधारमा दीगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तिका सन्दर्भमा २०२२ सम्ममा प्राप्त हुने अपेक्षित उपलब्धी हाँसिल गरिसकेको छ । मानवजन्य फोहोर प्रशोधन गरी छुट्याउने र भरपर्दो व्यवस्थापन गर्ने विधिसहितको सार्वजनिक ढल प्रणाली नरहेको यस नगरमा सुदृढ सरसफाई संरचनाको उपयोग गर्ने जनसंख्या २०२२ सम्ममा ७० प्रतिशत र २०३० सम्ममा ९५ प्रतिशत पुऱ्याउन नगरले यो क्षेत्रमा प्राथमिकताका साथ कार्य गर्नुपर्ने देखिन्छ ।

ग्रामीण भेगमा घरधुरीस्तरको शौचालयको सेप्टीक ट्यांकको फोहोर व्यवस्थापन सुरक्षित रूपमा गर्ने प्रबन्ध गर्न पनि बाँकी रहेको छ । नगरका धेरैजसो ब्यस्त क्षेत्रमा सार्वजनिक शौचालयको आवश्यकता महसुस भइरहेको, पर्यटकीय क्षेत्रहरूमा सार्वजनिक सरसफाइको गुणस्तर वृद्धि गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यो समस्या समाधानका लागि पनि नगरले कदम चाल्नुपर्ने अवस्था छ । मानवजन्य फोहोरको वैज्ञानिक विसर्जन वा व्यवस्थापन तथा भौगोलिक अवस्था तथा बस्तीको सघनताका आधारमा ढल व्यवस्थापन समेत सरसफाई क्षेत्रमा नगरको प्राथमिकता रहेको छ ।

नगरमा ठोस फोहोर व्यवस्थापनका लागि संकलन र अस्थायी व्यवस्थापनको कार्य नगरले गरिरहेको भए पनि ठोस फोहोर पुनरचक्रण र प्रशोधन प्रणाली स्थापना र सञ्चालन गर्न बाँकी रहेको छ । त्यसका लागि उपयुक्त स्थान छनोट र पूर्वाधार विकास तथा सेवा नगरका सबै समुदायको पहुँच सुनिश्चिता गर्नु पनि नगरको प्राथमिकता रहने छ । यस पृष्ठभूमिमा सार्वजनिक सरसफाईका क्षेत्रसँग सम्बन्धित वर्तमान समस्या समाधानका लागि निम्न लक्ष्य, उद्देश्य तथा नीतिहरू तय गरिएको छ ।

### २. लक्ष्य

प्रदुषणरहित पूर्ण सरसफाईयुक्त नगर बनाउने ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य ८ : दिसाजन्य फोहोरको प्रभावकारी व्यवस्थापन गर्नु ।**

**नीति क.** सार्वजनिक ढल व्यवस्थापन र दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणाली स्थापनाको कार्य सँगसँगै अघि बढाइने छ । हाल सञ्चालनमा रहेको ढल प्रणालीको तत्काल सुधार गरी हालको अवस्थामा सुधार गरिने छ । नयाँ निर्माण र विकास हुने ढल प्रणालीमा विकास गर्दा

प्रशोधन गरी पानी र ठोस फोहोर छुट्याउने र व्यवस्थापन गर्ने प्रणाली स्थापना र सञ्चालनयोग्य नहुँदासम्म ढलमा मानवजन्य फोहोर बगाइने छैन । आधारभूत रूपमा मानवीय फोहोर संकलन र व्यवस्थापनका लागि न्यूनतम मापदण्डमा आवश्यक परिमार्जन गरी घरधुरीस्तरको सेप्टिक ट्यांक निर्माणलाई अनिवार्य बनाउने अभ्यासलाई नीतिगत निरन्तरता दिइने छ । नगरपालिकाभरि निजी तथा सार्वजनिक सेप्टिक ट्यांक प्रणाली र ढल व्यवस्थापनका विविध पक्षमा प्रवर्द्धनात्मक र सचेतनात्मक गतिविधि सञ्चालन गरिने छ ।

**नीति ख.** सेप्टिक ट्यांक घर घरमा स्थापना गर्न उपयुक्त मापदण्ड बनाई शौचालय निर्माणलाई सबै किसिमका घर निर्माणको अनुमति प्रक्रियामा अन्तरनिहीत गरिने छ ।

**नीति ग.** नगरको व्यवस्थापकीय भूमिका रहने गरी मानवजन्य फोहोर प्रशोधनसहितको ढल प्रणाली विकास गर्न बाह्य सहयोगको उपयोगमा जोड दिइने छ। नयाँ बस्ती विकास गर्दा पानी र फोहोर छुट्याउने प्राविधिसहितको सामुदायिक सेप्टिक ट्यांकी निर्माणमा नगरले सहुलियतको व्यवस्था गर्नेछ ।

**नीति घ.** सबै प्रकारका सेप्टिक ट्यांक निर्माण गर्दा आमसरसफाईमा नकारात्मक प्रभाव पर्ने तथा पानीका स्रोत प्रदुषित हुने जोखिमको अवस्था स्वमुल्याङ्कनको विधि निर्धारण गरिने छ ।

**नीति ङ.** नगरपालिकाले बिग्रिँदै जाने सेप्टिक ट्यांकबाट जमिनमुनीको पानी तथा स्वास्थ्यमा हानी हुने भएकोले हरेक सेप्टिक ट्यांकको अवस्था जाँच गरी मर्मत सम्भार गर्ने निर्देशिका तथा जनशक्ति तयार गरिने छ । सकेसम्म घर बाहिर मात्र सेप्टिक ट्यांक बनाउन पाइने गरी भवनसंहितामा आवश्यक परिमार्जन गरी कार्यान्वयन गरिने छ ।

**नीति च.** पूर्ण सरसफाईयुक्त समुदाय तथा नगरको सूचकहरू तयार गरी सूचकका आधारमा मुल्याकंन पद्धति विकास गरिनेछ भने व्यक्तिगत सरसफाईका सूचक तयार गरी स्वच्छ अभ्यासको प्रवर्द्धन गरिने छ ।

**नीति छ.** नगरको सरसफाई सेवामा पहुँच विस्तारका लागि शहरी क्षेत्रमा घुम्ती पिसाब घरको व्यवस्था गरिने छ ।

### उद्देश्य ९ : नगरलाई पूर्ण सरसफाईयुक्त बनाउनु ।

**नीति क.** सरसफाई केन्द्र स्थापना गरी नगरका सबै घर, व्यवसाय तथा कारखानालाई ठोस फोहोरको पुनरचक्रण तथा व्यवस्थापन सेवाको पहुँचमा ल्याइने छ ।

**नीति ख.** सरसफाई केन्द्र स्थापनापछि सञ्चालन तथा यहाँबाट उत्पादन हुने वस्तुको बिक्री वितरण र उपयोगको कार्य गर्न पूर्ण वा आंशिक रूपमा निजी क्षेत्रलाई सेवा करारको विकल्प खुला राखिने छ ।

**नीति ग.** आफैंले सेवा प्रवाह नगरी सेवा करार गर्दाको अवस्थामा फोहोर संकलन गर्दा प्रयोगकर्ता शुल्क संकलन, संकलनको बारम्बारता, प्रशोधनका क्रममा उत्पादित जैविक मलको मूल्य निर्धारण आदिका लागि नगरको सरसफाई एकाईले समन्वयात्मक र नियमनकारी भूमिका निर्वाह गर्नेछ ।

**नीति घ.** नगरको फोहोर मैला व्यवस्थापन कार्यविधिलाई सन्दर्भका रूपमा लिएर फोहोरमैला व्यवस्थापन सम्बन्धी नगर कानुनमा पुनचक्रण हुने तथा नहुने तथा सड्ने र नसड्ने फोहोरको विवरण तथा विभिन्न पक्षको भूमिका संकलनका विन्दुहरू लगायतको विषय समेटिने छ ।

**नीति ङ.** फोहोरमैला विसर्जन, प्रशोधन तथा व्यवस्थापन हुने मुख्य केन्द्र तथा संकलन विन्दु तय गर्दा बसोबास क्षेत्रको वातावरण तथा भू-उपयोगको तालमेत बिग्रन नदिने गरी साइट छनोट गरिने छ । सरसफाई केन्द्र सञ्चालन भइरहेकोमा त्यसको निश्चित दूरीसम्म सरसफाई प्रयोजन बाहेकका भवन निर्माणको अनुमति दिइने छैन ।

**नीति च.** कम फोहोर उत्पादन गर्ने, पुनःप्रयोग तथा पुनःचक्रणका जनचेतना कार्यक्रमहरू समुदाय तथा विद्यालयहरूमा पुऱ्याइने तथा घरधुरीस्तरबाट फोहोर कम गर्ने, पुनरप्रयोग गर्ने तथा अन्तिम विकल्पका रूपमा पुनरचक्रण गरिने आवधारणालाई आधार बनाई उत्प्रेरणात्मक र सचेतनात्मक गतिविधि सञ्चालन गरिने छ ।

**नीति छ.** छनोट गरिएका फोहोर व्यवस्थापन केन्द्रको अवधि ख्याल राखी, भविष्यको लागि वैकल्पिक साइटहरू गरी नगरको स्वामित्वमा ल्याइने छ।

**नीति ज.** सरसफाई केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापनमा अन्तर नगर साझेदारीलाई प्राथमिकतामा राखी साझेदारीका लागि नेतृत्वदायी भूमिका निर्वाह गरिने छ भने सरसफाई केन्द्र सञ्चालन र ठोस फोहोर व्यवस्थापनका कार्यका लागि निजी क्षेत्रलाई सेवा करार गरिने छ।

**नीति झ.** नगरको समग्र सरसफाई क्षेत्रको व्यवस्थापन र नियमनका लागि सार्वजनिक सरसफाई तथा फोहोर व्यवस्थापनको कानुनी र संरचनागत प्रबन्ध गरिने छ।

**नीति ञ.** सामुदायिक सरसफाईका लागि स्वयम् सेवाको भावना जगाई समुदायबाटै सरसफाई अभियान लगायतका गतिविधि प्रवर्द्धन गरिने छ। त्यसकालाई पुरस्कार लगायत उत्प्रेरणामूलक कार्यक्रम नगरबाट सञ्चालन गरिने छ।

# ग. सिँचाइ

## १. वर्तमान अवस्था

यस नगरका तल्लो तटीय क्षेत्रमा ठूला नदी र अन्य क्षेत्रमा साना र मध्यमस्तरका पानीका स्रोतबाट सिँचाइ भइरहेको र हुनसक्ने सम्भावना रहेको छ। यहाँ विभिन्न परम्परागत कुला तथा विभिन्न निकायको सहयोगमा सञ्चालमा रहेका मध्यमस्तरका सिँचाइ आयोजनामार्फत् खेतीयोग्य जमिनमा सिँचाइ भइरहेको अवस्था छ। संघ र प्रदेश सरकारको सहयोगमा पनि साना र मझौला सिँचाइ आयोजना सञ्चालनमा रहेका छन्। नगरपालिकामा भू-उपयोग योजना तथा कृषि पकेट क्षेत्र निर्धारण गर्न बाँकी रहेको सन्दर्भमा सम्बन्धित क्षेत्रमा सिँचाइ सुविधा अपुग विश्लेषण हुन बाँकी रहेको छ। कतिपय खेतीयोग्य जमिनमा मौसमी सिँचाइको भर पर्नुपर्ने अवस्था छ। मूलतः तरकारी उत्पादन, नगदेवाली उत्पादन तथा सबै किसिमका सिँचाइका कार्यक्रमबाट उपलब्ध हुने पानी वितरण र आयोजनाको निरन्तर सञ्चालनमा पनि नगरको भूमिका रहनुपर्ने देखिन्छ। यस पृष्ठभूमिका नगरको सिँचाइ क्षेत्र व्यवस्थापनका लागि निम्न लक्ष्य, उद्देश्य तथा नीति निर्धारण गरिएको छ।

## २. लक्ष्य

नगरका सबै खेतीयोग्य जमिन सिञ्चित गर्ने।

## ३. उद्देश्य तथा नीतिहरू

### उद्देश्य १० : कृषियोग्य जमिन सबै समयमा सिञ्चित हुने अवस्थामा पुऱ्याउनु।

**नीति क.** भू-उपयोग योजना बनाई तानसेन नगरपालिकाको कृषि पकेट क्षेत्र निर्धारण गरी उत्पादनको प्रकृति अनुसार सिँचाइका लाभदायक विकल्प छनोट गरी सबै समयमा सिँचाइ सुविधा उपलब्ध हुने व्यवस्था गरिने छ। यसका लागि गुरुत्वाकर्षणमा आधारित पानी प्रवाहमा आधारित र हाल सञ्चालनमा रहेका कुलोको स्तरोन्नतीलाई मुख्य प्राथमिकता दिइने छ। लाभ लागत विश्लेषणका आधारमा लिफ्टिङ र अन्य वैकल्पिक सिँचाइका कार्यक्रम सञ्चालनलाई पनि प्राथमिकतामा राखिने छ।

**नीति ख.** परम्परागत कुलोको मर्मत सम्भार र सञ्चालनका लागि सम्बन्धित कृषक समूहसँग आवश्यक समन्वय र साझेदारी गरिने छ। नयाँ र बृहत् सिँचाइका प्रमुख आयोजनाको सूचि बनाई संघ र प्रदेश सरकारसँग स्रोतका लागि समन्वय गरिने छ।

**नीति ग.** सबैखाले सिँचाइ आयोजनाको पानी वितरणलाई प्रभावकारी बनाउन नगरबाट मापदण्ड निर्माण गरी सो को कार्यान्वयनको जिम्मा सम्बन्धित उपभोक्ता समिति वा कृषक समूहलाई दिइने छ । नगर र वडाका तर्फबाट कार्यान्वयन र अनुगमनको भूमिका निर्वाह गरिने छ ।

**नीति घ.** व्यवसायिक खेती गर्न चाहनेहरूका लागि पानी संकलन र व्यवस्थापनको आन्तरिक संरचना निर्माणमा प्रस्तावनामा आधारित रही नगरबाट सहयोग गरिने छ। स्वरोजगारका कार्यक्रमका लागि उपलब्ध गराइने सहयोगमा सिँचाइका विषयलाई पनि समेटिने छ ।

**नीति ङ.** नाला वा खुला रूपमा अन्यत्र बग्ने आकासे पानी व्यवस्थापन र मानवजन्य फोहोर प्रशोधनबाट निस्कने पानी पनि अधिकतम रूपमा सिँचाइमा लगाइने छ ।

**नीति च.** नगरभित्र वा बाह्य स्रोतबाट निर्माण वा स्तरोन्नतीबाट तयार हुने सिँचाइका ठूला तथा मझौला आयोजनाको नियमित मर्मत सम्भार र सञ्चालनका लागि शुल्क संकलन, मर्मत सम्भार कोष स्थापना र सञ्चालन लगायतका लागि नगरस्तरीय संयन्त्रबाट समन्वयकारी र सहयोगी भूमिका निर्वाह गरिने छ ।

**नीति छ.** सबै वडा तथा टोलका उपयुक्त स्थानमा वर्षेपानी संकलनका लागि पूराना पोखरी मर्मत गर्नुका साथै तथा रिचार्ज पोखरी निर्माण गरिने छ ।

**नीति ज.** व्यवसायिक कृषि कृषकहरूको तथ्याङ्क संकलन गरी उनीहरूको खेतबारी सिँचाइका लागि कुलो तथा थोपा सिँचाइ प्रणालीको विकास तथा वर्षेपानीको संकलनका लागि पोखरी निर्माणमा नगरका तर्फबाट सहयोग उपलब्ध गराइने छ ।

**नीति झ.** हरेक वडामा सम्भव भएका स्थानहरूमा भएका पोखरीहरूको संरक्षण तथा जलाधार क्षेत्र छुट्याई ठूला पोखरीहरू निर्माण गरिने छ ।

## घ. सार्वजनिक भवन तथा पुस्तकालय

### १. वर्तमान अवस्था

नगरपालिकाको स्वामित्व वा अधिनमा विभिन्न १७ वटा भवन रहेको नगर पार्श्वचित्र २०७५ मा उल्लेख छ। नगरका भवनहरू सेवा प्रवाहमा तथा आन्तरिक राजस्वको स्रोतका रूपमा व्यवसायिक प्रयोजनमा लगाइएका छन् । नगरका वडा तथा समुदायस्तरमा विभिन्न प्रयोजनाका ८१ वटा सामुदायिक भवन रहेको नगर पार्श्वचित्र २०७५ मा उल्लेख छ। जसअनुसार वडा नं. ४ मा १ र अन्य वडामा सो भन्दा बढी त्यस्ता भवन रहेका छन्। विद्यालय बाहेक विभिन्न संस्था वा समितिमार्फत् सञ्चालित ६ वटा समुदायिक पुस्तकालय पनि नगरमा रहेका छन् ।

नगरपालिकाको कार्यालयका लागि एउटा सभाहल र बैठक कक्षसहितको व्यवस्थित पक्की भवन रहेको छ भने ८ वटा वडा कार्यालयको आफ्नो भवन रहेको छ। आफ्नो वडा कार्यालय भवन रहेका वडाका लागि चाहिने कम्प्यूटर लगायत उपकरणको आधारभूत व्यवस्थापन गरिएको छ । तर, वडा कार्यालयलाई पूर्वाधारयुक्त बनाउन थप कार्य गर्नुपर्ने अवस्था रहेको छ । संख्यात्मक रूपमा धेरै वटा सामुदायिक भवन नगरभित्र रहेता पनि नगर र तथा वडास्तरमा विभिन्न आवश्यकताका उद्देश्यमूलक भवन निर्माण हुनपर्ने जनचाहना रहेकोमा कमी पूर्तिका लागि नगरले काम गर्नुपर्ने आवश्यकता छ । यस पृष्ठभूमिका संस्थागत र सामुदायिक भवनमार्फत् आम हित प्रवर्द्धन गर्न क्षेत्रको निम्न लक्ष्य उद्देश्य तथा नीति निम्नानुसार तय गरिएको छ ।

### २. लक्ष्य

पूर्वाधारयुक्त सार्वजनिक भवन र व्यवस्थित सार्वजनिक सेवा सुनिश्चित गर्ने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य ११ : सार्वजनिक सेवा प्रवाहका लागि पर्याप्त भवनको उपलब्धता सुनिश्चित गर्नु ।**

**नीति क.** तानसेन नगरपालिकाको हालको संगठन संरचना तथा विषयगत विभाग, शाखा वा एकाईसहितको भावी संगठन संचरना समेतलाई दृष्टिगत गरी आवधिक रूपमा कमी विश्लेषण गरिने छ । बृहत् योजनाले तय गरेका संगठन संरचना तथा संवैधानिक रुमपा स्वतः नगरमा आउने अन्य संरचना समेतको आवश्यकताका आधारमा पर्याप्त कार्य कक्ष, बैठक कक्ष तथा सभाहलसहितको भौतिक पूर्वाधारको उपलब्धता सुनिश्चित गरिने छ ।

**नीति ख.** सबै वडामा न्यूनतम प्राविधिक कर्मचारी समेत रहने गरी बैठक कक्षसहितको आफ्नै वडा कार्यालय भवन व्यवस्थापन गरिने छ ।

**नीति ग.** सबै स्वास्थ्य संस्थाको आफ्नै भवन बनाउने लगायत नगरपालिकाले प्रवाह गर्ने खानेपानी तथा सरसफाई सेवा, स्वास्थ्य सेवा, शैक्षिक सेवा जस्ता सेवा प्रवाहका लागि आवश्यक भवनहरू निर्माण वा मर्मत सम्भारको कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।

**नीति घ.** कुनै पनि किसिमको संस्थागत तथा सामुदायिक भवन निर्माणको निर्णय र बजेट विनियोजन गर्नुअघि उपलब्ध भवनको क्षमता र आवश्यकताको विश्लेषण गरिने छ ।

**नीति ङ.** नगरपालिकाबाट सबै किसिमका भवन निर्माण गर्दा भवनसंहिता तथा मापदण्ड एवं भू-उपयोग योजनाको पूर्ण कार्यान्वयन गरिने छ । सार्वजनिक भवन निर्माणमा बढी भन्दा बढी जनसंख्यालाई पायक पर्ने स्थानमा निर्माण गरिने छ ।

**उद्देश्य १२ : नगरवासीको आर्थिक, सामाजिक र शैक्षिक हित प्रवर्द्धन गर्नु ।**

**नीति क.** आर्थिक गतिविधिमा योगदान गर्ने तथा आन्तरिक राजस्वमा योगदान गर्न सक्ने गरी लागत प्रभावकारिता विश्लेषणका आधारमा भू-उपयोगको तालमेत नबिग्रने जग्गामा व्यापारिक प्रयोजनमा भाडामा उपलब्ध गराउन योग्य भवन निर्माणका लगानीको विषय नगरको प्राथमिकतामा रहने छ । यस्तो कार्यक्रमलाई पुँजी सुधार कार्यक्रमको अंग बनाइने छ ।

**नीति ख.** नगरमा उपलब्ध प्रयोगविहीन वा मर्मत सम्भार गरी प्रयोगमा ल्याउन सकिने भवनको वास्तविक अवस्था यकिन गरी एक वडाः एक पुस्तकालय तथा बजार र शहरी इलाकामा १ हजार परिवारमा एक पुस्तकालय हुने गरी पुस्तकालय भवन निर्माण, मर्मत सम्भार र सञ्चालन गरिने छ । यसका लागि बुहपक्षीय साझेदारीमा जोड दिइने छ ।

**नीति ग.** समुदायको शैक्षिक हितका निम्ति एक वडाः एक पुस्तकालय तथा आवश्यकता अनुसार वाचनालय तथा सार्वजनिक सूचना पाटीको व्यवस्था गरिनेछ । सामुदायिक पुस्तकालयको सञ्चालन र व्यवस्थापन सामुदायिक संघ संस्था तथा समितिमार्फत् गरिने छ ।

**नीति घ.** आरोग्य केन्द्र, योग शिविर सञ्चालन हुने भवन, ज्येष्ठ नागरिक हेरविचार केन्द्र, बाल मनोरञ्जन केन्द्र जस्ता भवन निर्माण पनि नगरपालिको प्राथमिकतामा रहनेछ ।

**नीति ङ.** पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादन, कला र संस्कृतिको जगेर्ना तथा प्रवर्द्धन गर्ने तथा स्वरोजगारीका क्रियाकलाप सञ्चालन हुने भवन निर्माणका लागत प्रभावकारी प्रस्तावलाई बृहत् योजनाको अभिन्न अंगको रूपमा समेटी कार्यान्वयनमा लगिने छ ।

**नीति च.** सार्वजनिक निर्माणका संरचनाहरू निर्माण गर्दा अपाङ्गमैत्री र बालमैत्री अनिवार्य रूपमा गरिने छ ।

**नीति छ.** संस्कृति जगर्नेनाको लागि प्रत्येक टोलमा एक एक वटा छाना सहितका मञ्च निर्माण गरिनेछ ।

## ङ विद्युत

### १. वर्तमान अवस्था

२०७५ को तथ्याङ्क अनुसार तानसेन नगरपालिका झण्डै सबैजसोले विद्युत सेवाको पहुँच पाएको देखिन्छ भने ९५ प्रतिशत घरधुरीमा आफ्नै विद्युत मिटर जडान भएको अवस्था छ । झण्डै शत प्रतिशत परिवारमा जलविद्युत सेवाको पहुँचमा रहेको देखिन्छ । छिटफुट रूपमा सौर्य ऊर्जाको प्रयोग पनि हुने गरेको छ । बत्ती बाल्नका लागि विद्युत प्रयोग बढी गरिने भएता पनि खाना पकाउने ऊर्जाको स्रोतका रूपमा ६० प्रतिशत भन्दा बढी परिवारले पेट्रोलियम पर्दाथको प्रयोग गर्ने गरेको देखिन्छ भने ३७ प्रतिशत परिवारले भने काठ दाउरा प्रयोग गर्ने गरेका छन् ।

कतिपय स्थानमा घर छेवैमा, सडकको सेटव्याकभित्र लगायत अव्यवस्थित रूपमा रहेका विद्युत पोल हटाउन बाँकी रहेको छ भने उपयुक्त उचाई र मापदण्डका पोलको पर्याप्त व्यवस्थापन हुन पनि बाँकी रहेको छ । कतिपय स्थानमा विद्युतीय जोखिम विपद्को कारक समेत हुनसक्ने अवस्था महसुस गरिएको छ ।

नगरको विकास र समृद्धिका लागि विद्युत आपूर्ति महत्वपूर्ण हुन्छ । १ मेगावाटसम्मको जलविद्युत उत्पादन तथा वैकल्पिक ऊर्जाको अधिकार बाहेक विद्युत सम्बन्धी सेवा प्रवाहमा संविधानतः नगरको मुख्य भूमिका नहुने भए पनि नगरको समग्र विकासका सन्दर्भमा विद्युतको सेवाको जिम्मेवारी अन्यत्र पन्छाउन सक्ने अवस्थामा पनि नगरपालिका रहँदैन । त्यसैले विद्युत क्षेत्रमा नगरको भूमिका व्यवस्थित बनाउन निम्न लक्ष्य, उद्देश्य तथा नीति तय गरिएको छ ।

### २. लक्ष्य

नगरवासीलाई विद्युत सेवाका सुलभ आपूर्ति र पहुँच सुनिश्चित गर्नु ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १३ : सबैलाई भरपर्दो विद्युत सेवाको पहुँच सुनिश्चित गर्नु ।**

**नीति क.** बिजुलीको सेवा नपुगेका घरधुरीहरूमा बिजुली पुऱ्याउन उपकरण तथा लाइन विस्तारका लागि नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वयन गरी नगरको तर्फबाट यस कार्यको सहजीकरण गरिने छ ।

**नीति ख.** सबै घरमा विद्युतको मिटर जडानलाई निर्माण सम्मन्न प्रमाणपत्र वितरणमा आवद्ध गरी आ.व. २०७८/७९ सम्म सबै घरमा मिटर जडान भएको यकिन गरिने छ । मिटर र महशुलका लागि लालपुर्जाको समस्या रहेको पाइएमा वैकल्पिक विधिमार्फत् यो सेवा उपलब्ध गराउन समन्वयात्मक भूमिका निर्वाह गरिने छ ।

**नीति ग.** विद्युतीय जोखिम न्यूनिकरण तथा विद्युत प्राधिकरणबाट स्रोत उपलब्ध नभएका स्थानका लागि विद्युत सेवा प्रवाहमा न्यूनतम बजेट व्यवस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**नीति घ.** बिजुलीको सेवामा समस्या भएका अथवा बढाउनु पर्ने अवस्थामा सो लाइनसँग जोडिएका उपकरणहरूको विस्तार गर्न चाहिने जमिनको बन्दोबस्त गर्न नगरका तर्फबाट सहयोग र सहजीकरण गरिने छ ।

**नीति ङ.** राष्ट्रिय रूपमा विद्युत आपूर्तिमा हुने वृद्धिलाई मध्यनजर गरी दाउरा विस्थापन गर्दै खाना पकाउने ऊर्जाका रूपमा विद्युत प्रयोग गर्ने गरी उत्प्रेरणात्मक गतिविधि सञ्चालन गरिने छ ।

**नीति च.** विद्युतीय पोल तथा तार वा अन्य उपकरण व्यवस्थापन गर्दा सडक, ढल, दूरसञ्चार, इन्टरनेट सेवा क्षेत्रका बिचको समन्वय सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिने छ ।

**नीति छ.** दीर्घकालमा बिजुलीका तारहरू बिछ्याउँदा सडकको फैलावट तथा सार्वजनिक सेवाका लाइनहरूमा अवरोध हुन नदिन शहरी क्षेत्रमा जमिन मुनीबाट लाइन विस्तार गर्न विद्युत प्राधिकरणसँग सहकार्य गरिने छ ।

**नीति ज.** भू-उपयोग योजनाले निर्धारण गरेको क्षेत्रमा ठूला कलकारखना, व्यापारिक कम्प्लेक्स तथा सेवा केन्द्र स्थापना अघि पर्याप्त विद्युत आपूर्ति यकिन गर्न सम्बन्धित पक्षकै तर्फबाट नगरले पहल कदमी लिने छ ।

**नीति झ.** थ्रिफेज लाइन विस्तारका लागि ऊर्जाको माग विश्लेषण नगरपालिकाको तर्फबाट गरी सो का आधारमा नेपाल विद्युत प्राधिकरणमा सहयोगका लागि औपचारिक समन्वय गरिने छ ।

**नीति ञ.** विद्युतीय चुलो प्रयोगलाई प्रोत्साहन गरी दाउरा तथा एल.पी.ग्याँस विस्तारै विस्थापन गर्दै लगिनेछ ।

## च. सञ्चार सेवा

### १. वर्तमान अवस्था

तानसेन नगरपालिकामा ९५ प्रतिशतभन्दा बढी परिवारले कुनै न कुनै किसिमको मोबाइल टेलिफोन सेवा उपयोग गरिरहेको अवस्था छ । वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । २९ प्रतिशत घरधुरीले इन्टरनेट सेवा प्रयोग गरिरहेका छन् । हाल उपलब्ध भएको टेलिफोन सेवामा नेटवर्क नआउने समस्या भने विभन्नि क्षेत्रमा रहेको छ । नगरमा ५ वटा एफ.एम. रेडियो तथा १८ पत्रपत्रिका एवं केही अनलाइनले सूचनाको सेवा प्रवाह गरिरहेका छन् । नगरमा सूचना प्रविधिको विकासको स्तर औसत रहेको छ । अहिले पनि सेवा प्रवाह मूलतः परम्परागत पद्धतिमा नै आधारित रहेको छ ।

सञ्चारको सेवाका लागि ताररहित प्रणाली प्रवर्द्धन गर्ने गरी सञ्चार सेवा नगरपालिकाभित्रको सबै घर तथा व्यवसायसम्म पुर्‍याउने र यसको लागि चाहिने एन्टेना, पोल, तार तथा अन्य उपकरण स्थापनामा सहजीकरण समेत गर्ने तथा सञ्चार क्षेत्रलाई थप पहुँचयोग्य र जनमैत्री बनाउन यो क्षेत्रको निम्न लक्ष्य, उद्देश्य तथा नीति निर्धारण गरिएको छ ।

### २. लक्ष्य

सेवा प्रवाह र सुशासन प्रवर्द्धनमा सूचना तथा सञ्चार क्षेत्रको योगदान बढाउने ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १४: सञ्चार सुविधालाई आम नगरवासीको अधिकतम पहुँचमा पुर्‍याउनु ।**

**नीति क.** नगरपालिकाका हरेक घर तथा व्यवसायको लागि न्यूनतम गुणस्तरसहितको सञ्चार सुविधा (टेलिफोन र इन्टरनेट) उपलब्ध गराउन सेवा प्रदायकका लागि उपयुक्त वातावरण निर्माण गरिने छ ।

**नीति ख.** हरेक किसिमको सञ्चारको माध्यमको सेवाको गुणस्तर बढाउन सेवा प्रदायकहरूसँगको समन्वयमा नै गुणस्तरका मानक बनाई नगरको सूचना प्रविधि इकाईमार्फत् अनुगमन र नियमन गरिने छ ।

**नीति ग.** सबै वडा केन्द्र, पार्क तथा मनोरञ्जन स्थल, समुदाय तथा टोलहरूमा सशुल्क तथा निःशुल्क तार रहित इन्टरनेट सेवा उपलब्ध गराउनका लागि नगर केन्द्रमा सेवा प्रदान गरिरहेका सेवा प्रदायकहरूलाई उत्प्रेरित गरिने छ ।

**नीति घ.** मोबाइल टेलिफोनको नेटवर्क राम्रो नभएको स्थानमा टेलिफोन टावर स्थापनका लागि नेपाल टेलिकम लगायतका सेवा प्रदायकसँग आवश्यक समन्वयन गरिने छ। टेलिफोनका टावर स्थापना गर्दा समुदायबाट टाढा, सुरक्षित र शहरी सौन्दर्यमा नकरात्मक असर नगर्ने गरी स्थापना गर्न लगाइने छ।

**नीति ङ.** बिजुली, टेलिफोन, टेलिभिजन इत्यादिको लागि प्रयोगमा आउने टावरहरूको क्षमता बढाउने सम्भावनाको अधिकतम उपयोग गर्न सेवा प्रदायकलाई उत्प्रेरित गरी अनावश्यक टावरहरू घटाउन प्रयास गरिने छ।

**नीति च.** सञ्चारका उपकरण स्थापना तथा सञ्चालन गर्दा तानसेन नगरपालिकाको ऐतिहासिक तथा साँस्कृतिक महत्वका सम्पदामा हानी हुन तथा भू-उपयोगका उद्देश्यमा नकारात्मक प्रभाव पर्न नदिने व्यवस्था गरिने छ। अहिले तथा भविष्यमा यातायात तथा अन्य सार्वजनिक सुविधाको विस्तारमा असर नपर्ने कुरामा विशेष ध्यान पुऱ्याउने गरी कानुनी व्यवस्था गरिने छ।

**नीति छ.** स्थानीय एफ.एम. रेडियोलाई किसानको समय समेत विचार गरी तानसेन नगर केन्द्रित पर्यटन, स्थानीय उत्पादनको प्रवर्द्धन र सेवा क्षेत्रको गुणस्तर र पहुँच प्रवर्द्धनका कार्यक्रम उत्पादन र प्रवर्द्धनका लागि प्रोत्साहित गरिने छ।

**नीति ज.** सामुदायिक रेडियोमार्फत् सहलगानीमा जनकेन्द्रित सूचना प्रवाहका लागि कार्यक्रम उत्पादन र प्रसारणमा सघाइने छ। स्थानीय सञ्चार माध्यमको सहायताबाट किसान, विद्यार्थी, स्वास्थ्य क्षेत्र लगायतका जनतासँग प्रत्यक्ष सरोकार रहने विषयका रेडियो तथा टेलिभिजन कार्यक्रमहरू प्रसारण गर्न नगरका तर्फबाट आवश्यक सहयोग गरिने छ।

**नीति झ.** इन्टरनेट, दूरसञ्चार, एफ.एम. रेडियो तथा छापा तथा अनलाइन सञ्चार माध्यमलाई नगरपालिकाबाट हुने आर्थिक गतिविधि तथा सेवा प्रवाहका सन्दर्भमा आम सरोकारका जानकारी उपलब्ध गराउन अधिकतम उपयोग गरिने छ।

## तालिका १/५.३.४ : आवधिक प्राथमिकता : सार्वजनिक निर्माण

**क**. नेपालको संविधानले नगरपालिका लगायत स्थानीय तहलाई खानेपानी सम्बन्धी अधिकारलाई एकल अधिकारको रूपमा समेटेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ले नगरको काम कर्तव्य र अधिकार अन्तर्गत खानेपानी, सरसफाई, सिँचाइ लगायतको पूर्वाधार निर्माण र सेवा प्रवाहको नीति, नियम, मापदण्ड निर्माण, शुल्क निर्धारण र कार्यान्वयनको अधिकार र जिम्मेवारी समेटेको छ। तानसेन नगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रम तथा विभिन्न निर्णयमार्फत् मुहान संरक्षण तथा खानेपानी व्यवस्थापन लगायतका जिम्मेवारी निर्वाह गरिरहेको छ। तथापि नगरको जिम्मेवारीलाई नीति र कानुनमार्फत् व्यवस्थित बनाउने कार्य बाँकी छ। नगरबासीलाई न्यूनतम मापदण्ड अनुसारको परिमाण र गुणस्तरीय खानेपानी सेवा उपलब्ध गराउन खानेपानी तथा सरसफाईका नीति तथा सम्बन्धित स्थानीय कानुन तथा मापदण्ड बनाई यो क्षेत्रका कार्यलाई थप व्यवस्थित बनाउनु नगरको नीतिगत प्राथमिकता हो।


खानेपानीको राष्ट्रिय मापदण्ड र नगरको प्रक्षेपित जनसंख्या विश्लेषण गर्दा (आगामी २० वर्षमा ६० हजार हाराहारी पुग्ने अनुमान) घरधुरी तहमा २४ घण्टा पानी उपलब्ध हुनुपर्ने, प्रतिव्यक्ति प्रतिदिन ८० देखि १०० लिटर पानी आवश्यक पर्ने र कम्तीमा ९० प्रतिशत परिवारले ५० मिटरको दूरीमा खानेपानी पाउनु पर्ने देखिन्छ। यस आधारमा नगरभित्रको भौगोलिक विविधता र फरक आवश्यकताको सम्बोधन हुने तथा खानेपानी सम्बन्धी स्थानीय मापदण्ड तय गरी कार्यान्वयन गर्नु आवश्यक छ।

दीगो विकास लक्ष्य अनुरूप २०३० सम्ममा सबै नगरवासीलाई सुरक्षित पानीको उपलब्धता सुनिश्चित गर्ने तथा बृहत् योजना तर्जुमाका बखत निर्धारित पछिल्लो समयसीमा अर्थात् आर्थिक वर्ष २०९५/९६ को अन्त्यसम्ममा सबैलाई सुरक्षित खानेपानी उपलब्ध गराउने लक्ष्य पूरा गर्न सहयोग गर्ने गरी स्थानीय नीति, कानुन तथा मापदण्ड निर्माण र समयवद्ध कार्यान्वयनको समीक्षा यो क्षेत्रका आवधिक प्राथमिकता हुन्।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरले खानेपानी आपूर्तिका लागि नगर मापदण्ड निर्धारण (८० देखि १०० लिटर प्रतिव्यक्ति प्रतिदिनको राष्ट्रिय मापदण्ड प्रतिकुल नहुने गरी) गर्ने । मापदण्डलाई खानेपानीका पूर्वाधार निर्माण र पानी वितरणको प्राविधिक कार्यसँग आवद्ध गर्ने कार्यविधि बनाउने । | १. खानेपानीको नगर मापदण्ड कार्यान्वयनको समीक्षा गरी कमी पूर्तिका लागि कार्यविधि तथा रणनीति तय गर्ने । | १. स्थानीय परिवेश र परिवर्तित परिस्थिति अनुसार खानेपानी तथा सरसफाई सम्बन्धी मापदण्ड पुनरावलोकन गर्ने । |
| २. खानेपानी, सिँचाइ तथा ऊर्जाको स्रोतका रूपमा उपयोग हुने सबै प्रकारका पानीको सार्वजनिक स्वामित्वको सुनिश्चिता हुने वा पानीका स्रोतमा निजी स्वामित्व दाबीलाई निरुत्साहित गर्ने र कारवाहीको दायरामा ल्याउने कानुनी व्यवस्था गर्ने । | २. पानीका स्रोतको उपयोग र व्यवस्थापन सम्बन्धी नीति तथा कानुन कार्यान्वयनको समीक्षा गर्ने । | २. खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा कानुन कार्यान्वयनको आवधिक (हरेक ३ वर्षमा) समीक्षा तथा परिमार्जन । |
| | ३. खानेपानीमा सबैको शुलभ पहुँच सुनिश्चिता गरी प्रदान गर्ने र दीगो विकास लक्ष्य हाँसिल गर्ने तथा त्यसभन्दा अघि बढ्ने रणनीतिसहित नगरको खानेपानी तथा सरसफाई नीति बनाउने । | ३. सबैका लागि सफा पानी र सरसफाईको पहुँचमा पुग्ने दीगो विकासका लक्ष्य प्राप्तिका सन्दर्भमा प्राप्त उपलब्धीको आवधिक समीक्षा (सन् २०२५ र २०२९) |

**ख.** २०७५ को तथ्याङ्क अनुसार नगरको मुख्य शहरी क्षेत्र लगायत १४ वडामा पाइपलाइनमा आधारित धारा प्रणालीको खानेपानीको पहुँच करिब ८८ प्रतिशत परिवारमा पुगेको छ भने ६४ प्रतिशत परिवारको निजी धारा रहेको छ । बजार क्षेत्रमा एकीकृत खानेपानी आयोजनाद्वारा पानी वितरण भएको छ । खानेपानीको सेवा शुल्क भुक्तानीका लागि नगरले अनुदान उपलब्ध गराई उपभोक्तालाई आपूर्ति सहज गराउने पर्यत्न गरेको छ । नगरका कतिपय स्थानमा गुरुत्वाकर्षणमा आधारित पानीका स्रोतको कमी रहेकोले बस्ती भन्दा मुनीको पानी लिफ्ट गरेर तुलनात्मक रुमपा बढी लागतको खानेपानी सेवा उपभोग गर्नुपर्ने अवस्था छ ।

**नक्सा १/५.३.४ : पाइपको खानेपानीको पहुँचमा नरहेका परिवार**




| Ward | HHs Without Pipeline |
|---|---|
| 1 | 292 |
| 2 | 9 |
| 3 | 115 |
| 4 | 16 |
| 5 | 22 |
| 6 | 77 |
| 7 | 337 |
| 8 | 126 |
| 9 | 314 |
| 10 | 185 |
| 11 | 7 |
| 12 | 24 |
| 13 | 1 |
| 14 | 32 |

माथिको नक्सामा सुरक्षित खानेपानीको पहुँच सुनिश्चितताामा रहेको कमी प्रस्तुत गरिएको छ। २०७५ को तथ्याङ्का आधारमा तयार गरिएको नक्सा (१/५.२.४) अनुसार वडा नं. १, ३, ७, ८, ९ र १० मा तुलनात्मक रूपमा बढी परिवारले पाइपलाइन बाहेकको खानेपानीलाई मुख्य स्रोत बनाएको देखिन्छ। धाराको पानीको पहुँच पुगेको स्थानमा पनि अपर्याप्त भएकोले वैकल्पिक पानीको स्रोत उपयोग गर्ने घरधुरी पनि रहेका छन्। अन्य कतिपय वडामा पनि छिटफुट मात्रामा ढुंगेधारा, कुवा वा धारा पाइप बाहेक अन्य स्रोतको पानीलाई खानेपानीको मुख्य स्रोत बनाएको देखिन्छ। नगरले सर्वप्रथम यस अवस्थालाई शुन्यमा ल्याई पाइपलाइनमा आधारित पानीको पहुँच शत प्रतिशत पुऱ्याउने तथा क्रमशः सबै घरमा २४ घण्टा पानी आउने गरी एक घरः एक धारा जडान गर्ने गरी खानेपानीका कार्यक्रमलाई प्राथमिकीकरण गरेको छ।

यस पृष्ठभूमिमा खानेपानीका संरचनाको अवस्था, पानीको स्रोत तथा शुद्धता आदिको यथार्थ अवस्था अद्यावधिक गर्ने, त्यसका आधारमा अपुग विश्लेषण गर्ने र कमी पूर्तिमा केन्द्रित रही सबैका लागि सुरक्षित र पर्याप्त खानेपानी घरधुरीस्तरमा नै उपलब्ध गराउने गरी खानेपानी व्यवस्थापन, भौतिक संरचना निर्माण र सेवा प्रवाहका कार्यको प्राथमिकीकरण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरभित्रका खानेपानीका सबै मुहान र तिनको अवस्था तथा सञ्चालनमा रहेका वा निर्माणाधीन खानेपानी आयोजनाको विवरणसहित जि.पि.एस.मा आधारित तथ्याङ्क तयार पार्ने र पानीको पहुँचमा रहेको वास्तविक कमी यकिन गर्ने । साथै पानीको गुणस्तर निर्धारण गर्ने । | १.खानेपानी सम्बन्धी सूचना संकलन गर्ने, अद्यावधिक गर्ने र व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिने । | १. खानेपानी सम्बन्धी तथ्याङ्कमा पानीको आपूर्ति र उपयोगको तथ्याङ्क समेत अद्यावधिक हुने व्यवस्था गर्ने । |
| २. जोखिममा रहेका मुहान तथा नयाँ पहिचान र तिनको वडागत सूचि बनाई न्यूनतम पानी भएका स्रोतका आधारमा संरक्षणका कार्यक्रम वडागत रूपमा कार्यान्वयन गर्ने । | २. मुहान संरक्षणका न्यूनतम कार्य (वृक्षारोपण र घेरावार लगायत संरचनागत कार्य) पूरा गर्ने र त्यसको उपयुक्त अवस्था कायम गर्न समुदायलाई जिम्मा दिई वडाको तर्फबाट नियमित अनुगमनको व्यवस्था गर्ने । | २. मुहान संरक्षण र व्यवस्थापनको निरन्तरताको सुनिश्चितता गर्ने । |
| ३. सञ्चालनमा रहेका साना र मध्यमस्तरका (१०० घरधुरी सम्म समेट्ने खानेपानी आयोजनाको वितरण प्रणालीमा रहेका समस्या नगर वा वडाले सम्बन्धित उपभोक्ता समितिसँगको साझेदारीमा समाधान गरी बाँकी जिम्मेवारी पूर्ण रूपमा सम्बन्धित उपभोक्ता समितिमा हस्तान्तरण गर्ने । | ३. नगर केन्द्र र मुख्य सडकको दायाँबायाँ एक किलोमिटर आसपासका सबै बजार क्षेत्रमा मिटरसहितको घरधुरीस्तरको धारा जडान र नगर मापदण्ड अनुसार खानेपानी वितरण शुरु गरिसक्ने गरी पूर्वाधार (मेनलाइन, ट्यांकी, विपिटी र वितरण प्रणाली) निर्माण वा सुधारको कार्य सम्पन्न गर्ने र अन्य क्षेत्रमा समेत एक घर: एक धाराको व्यवस्थापनको कार्य अघि बढाउने । | ३. बहुस्रोत एकीकरण र पानी संकलन ट्यांकी लगायतका संचरना तयार गरी सबै घरधुरीस्तरमा मिटरसहितको धारा जडान गरी २४ घण्टा पानी आपूर्ति हुने व्यवस्था मिलाउने । पानीको उपयोगका आधारमा सञ्चालन र मर्मत सम्भारका लागि योगदान (महशुल) प्रणालीलाई व्यवस्थित गर्ने । |
| ४. एक भन्दा बढी खानेपानी आयोजनाको वितरण प्रणाली एकीकृत गर्न सकिने सम्भावनाको अध्ययन गरी नगर मापदण्ड अनुसारको समान पानी वितरण प्रणाली कार्यान्वयन शुरु गर्ने । | ४. छरिएका सबै खानेपानी आयोजना मध्ये मझौला (५० घरधुरी सम्म समेट्ने) आयोजनालाई कम्तीमा वडास्तरको एकीकृत वितरण प्रणालीमा आबद्ध गरी पानी वितरणमा एक रूपता ल्याउने । साथै, खानेपानी वितरणलाई वैज्ञानिक र न्यायोचित ढङ्गले गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन ( ३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ५. कम्तीमा ९५ प्रतिशत जनसंख्यालाई पाइपमा आधारित धाराको पानीको पहुँचमा पुऱ्याउने गरी खानेपानी आयोजना निर्माण वा स्तरोन्नतीको कार्य गर्ने । | ५. खानेपानी तथा सरसफाईसँग सम्बन्धित कार्यक्रम तथा परियोजनाबारे आवधिक समीक्षा गर्दै थप लक्षित परियोजना तथा कार्यक्रम गरी तानसेन नगरपालिकालाई सुरक्षित खानेपानीयुक्त समुदायसहितको नगर घोषणा गर्ने । |
| | ६. तानसेन खानेपानी योजना भुल्के, सिस्ने, होलाङ्दी, तिनधारा र वर्तुङ्ग खानेपानीलाई थप आवश्यक मर्मत सम्भार, अपुग बस्तीमा विस्तार तथा व्यवस्थित गर्ने । कलात्मकता र मौलिकतालाई ध्यान दिई ढुङ्गे धाराहरूलाई मर्मत गर्ने । | |

**ग.** आधारभूत स्वास्थ्य तथा सरसफाईको अधिकार संविधानतः स्थानीय सरकारलाई रहे अनुसार नगरले वार्षिक नीति तथा कार्यक्रममार्फत् यस नगरपालिकाले सार्वजनिक सरसफाईका कार्य व्यवस्थित गरिरहेको छ। तथापि फोहोरमैला व्यवस्थापन सम्बन्धी स्थानीय कानुन बन्न बाँकी छ ।

सार्वजनिक सरसफाई अन्तर्गत खानेपानीसँगै जोडिएर आउने सरसफाईका कार्यक्रम तथा ठोस फोहोर र दिसाजन्य फोहोर व्यवस्थापनलाई नियमवद्ध बनाई नगरपालिकालाई सफा र स्वच्छ र हरित वातावरणयुक्त नगर बनाउने सम्भाव्य बाह्य साझेदारीको प्रारूप समेत बनाई यो क्षेत्रको दीर्घकालीन नीति, कानुन र मापदण्ड बनाउनु पर्ने हुनाले तिनको आवधिक प्राथमिकता तल प्रस्तुत छ ।


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. दिसाजन्य फोहोर व्यवस्थापन तथा फोहोर संकलन प्रशोधन, व्यवस्थापन तथा पुनरप्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी स्थानीय कानुन बनाउने । ठोस फोहोर व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारीको प्रारूप तयार पार्ने । | १. पूर्ण सरसफाईयुक्त नगर बनाउने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षाको पद्धति विकास गर्ने । सरसफाई क्षेत्रमा निजी साझेदारीको अभ्यासलाई समयानुकुल बनाउन निर्धारित विधि र मापदण्डमा आवश्यक परिमार्जन गर्ने । | १. सरसफाई सम्बन्धी विद्यमान कानुनमा आवश्यक परिमार्जन तथा पूर्ण सरसफाईयुक्त नगर निर्माणका लागि आवश्यक थप कानुन, नीति वा रणनीति बनाउनुका साथै नगरलाई पूर्ण सरसफाईयुक्त नगरको अवस्थामा पुऱ्याउने लक्ष्य प्राप्तिका दिशामा भएको प्रगतिको अवधिक समीक्षा गर्ने । |
| २. वर्तमान अवस्था विश्लेषण गरी दिसाजन्य फोहोर व्यवस्थापनका लागि निजी तथा सार्वजनिक शौचालयको संरचना तथा दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी मापदण्डलाई भवन मापदण्डको अंग बनाउने । | २. परिवर्तित शौचालयको संरचना सम्बन्धी मापदण्डलाई भवनको नक्सा स्वीकृति प्रक्रियासँग राखेर पूर्ण कार्यान्वयन गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|

**घ.** नगरमा कुहिने र नकुहिने फोहोर बेग्लाबेग्लै रूपमा संकलन र व्यवस्थापनको अभ्यास रहेको छ। घरधुरीस्तरमा फोहोर छुट्याएर राख्नका लागि बाल्टी उपलब्ध गराइएको छ। नगरलाई प्लाष्टिक झोलामुक्त नगर बनाउने प्रयास पनि भएको छ। हाल सेतो प्लाष्टिक बाहेक अन्यको प्रयोग नरहेको अवस्था छ। तथापि पूर्वाधार तयारी नहुँदा बजार क्षेत्रको फोहोर संकलन गरी अव्यवस्थित रूपमा थुपार्ने अभ्यासलाई निरन्तरता दिइरहनु परेको छ भने कतिपय क्षेत्र सरसफाई सेवाको पहुँच बाहिर छन्।

२०७५ को तथ्याङ्कले सबैजसो परिवारले शौचालय प्रयोग गरको देखिन्छ। कम्तीमा ०.५ प्रतिशत परिवारसँग भने निजी शौचालय छैन। करिब १० प्रतिशत परिवारले कच्ची शौचालय प्रयोग गर्ने गरेको अवस्था छ।

**नक्सा २/५.३.४ : शौचालय नभएका वा साधारण चर्पी प्रयोग गर्ने परिवार**




| Ward | HHs Without Toilet | HHs With Ordinary Toilet |
|---|---|---|
| 1 | 2 | 65 |
| 2 | 0 | 2 |
| 3 | 3 | 6 |
| 4 | 0 | 1 |
| 5 | 14 | 64 |
| 6 | 3 | 110 |
| 7 | 10 | 143 |
| 8 | 4 | 195 |
| 9 | 1 | 182 |
| 10 | 1 | 219 |
| 11 | 8 | 114 |
| 12 | 13 | 31 |
| 13 | 1 | 27 |
| 14 | 7 | 46 |

शौचालय नभएका तथा साधारण चर्पी प्रयोग गर्ने परिवारमाथिको नक्सामा देखाइएको छ। जस अनुसार नगरका वडा नं. ६, ७, ८, ९, १० र ११ मा बढी संख्यामा कच्ची शौचालयको उपयोग भएको देखिन्छ।

यसलाई दृष्टिगत गरी शौचालय निर्माण हुन बाँकी केही घरमा शौचालय निर्माण गर्न लगाउने र उपयुक्त मापदण्डसहितको पक्की शौचालयको उपलब्धता सबै घरमा सुनिश्चित गर्ने विषयलाई सरसफाई क्षेत्रको प्राथमिकतामा समेट्नुपर्ने आवश्यकता छ। नगरमा फोहोर प्रशोधन प्रणाली विनाको ढल निकास सेवा शहरी क्षेत्रमा उपलब्ध रहेको छ भने व्यवस्थित ढल र दिसाजन्य फोहोर व्यवस्थापनको पूर्वाधार र सेवा शुरुवात बाँकी रहेको छ। यस पृष्ठभूमिमा सार्वजनिक सरसफाईका आवधिक प्राथमिकता तल प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. दिसाजन्य फोहोर व्यवस्थापनका लागि ढल निकासको वर्तमान अभ्यासमा सुधार र विस्तार गर्न फोहोर प्रशोधन प्रणालीसहितको ढल निकास परियोजना सञ्चालनको सम्भाव्यता अध्ययन पूरा गर्ने। सञ्चालनमा रहेका खुला अवस्थामा रहेका ढल प्रणाली सुधार गरी व्यवस्थित रूपमा निकासको प्रबन्ध गर्ने। | १. तानसेनको मुख्य शहरी क्षेत्रलाई प्रशोधन केन्द्रसहितको व्यवस्थित ढल निकास प्रणालीमा आबद्ध गरिसक्ने। छरिएका बस्ती क्षेत्रका लागि शौचालयको फोहोर सुरक्षित रूपमा संकलन गरी सोही प्रशोधन केन्द्रबाट व्यवस्थापन गर्न शुरु गर्ने। | १. ढल निकास र दिसाजन्य लेदो व्यवस्थापनलाई थप वैज्ञानिक बनाउने। |
| २. ठोस फोहोर व्यवस्थापन र पुनरचक्रण प्रणालीसहितको सरसफाई केन्द्र स्थापनाको प्रक्रिया अघि बढाउने। . | २. सरसफाई केन्द्र निर्माण सम्पन्न गरी सबै घरलाई ठोस फोहोर व्यवस्थापन सेवामा आबद्ध गर्ने। | २. ठोस फोहोर व्यवस्थापनलाई नगरको राजस्वको आधारका रूपमा विकास गर्दै नगरलाई प्लास्टिक जन्य फोहोररहित नगर बनाउने। माटोको भाँडाकुँडा, पातको दुना टपरीलाई प्रोत्साहन गर्ने। |
| ३. बस पार्क तथा बस बिसौनी क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी कम्तीमा २ वटा सार्वजनिक शौचालय निर्माण गर्ने। | ३. प्रत्येक वडाहरूमा सामुदायिक संस्थाहरूबाट व्यवस्थापन हुने गरी बजार तथा बढी जमघट हुने स्थानहरूमा, बस पार्कहरूमा आवश्यक संख्यामा सार्वजनिक शौचालय तथा मोबाइल शौचालयको व्यवस्था गर्ने। | ३. बढी जमघट हुने क्षेत्र, व्यापारिक केन्द्र तथा बढी जमघट हुने सेवा प्रदायक निकायको नजिकमा सार्वजनिक शौचालय निर्माण गरी सार्वजनिक शौचालयको न्यूनतम माग पूरा गर्ने। |
| ४. घरधुरीस्तरको कच्ची शौचालयलाई पक्की शौचालयले विस्थापन गर्न प्रवर्द्धनात्मक कार्य सञ्चालन गर्ने। उपलब्ध शौचालयले निर्धारित मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा अध्ययन शुरु गर्ने। | ४. सबै घरमा निश्चित मापदण्डसहितको शौचालय निर्माणको सुनिश्चितता गर्ने। ढल निकास सेवामा आबद्ध नभएका घरलाई दिसाजन्य लेदो व्यवस्थापन सेवामा आबद्ध गर्ने। | |
| ५. विपन्न परिवारका लागि सेप्टिक ट्यांक निर्माणका लागि गरिने सहयोगको विधि निर्धारण गरी कार्यान्वयन गर्ने। | | |

**ङ.** नगरको आर्थिक विकास र समृद्धिका लागि कृषि क्षेत्रको उत्पादनशीलता आवश्यक छ । यसका लागि नगरपालिकाले भू-उपयोग योजना निर्माणमार्फत् कृषिका पकेट क्षेत्र निर्धारण र ती क्षेत्रमा उत्पादनका लागि आवश्यक सिँचाइ सुविधा व्यवस्थापनको नीतिगत प्रबन्ध गर्नुपर्ने आवश्यकता छ । स्थानीय तहले पाएको संवैधानिक अधिकार कार्यान्वयन गर्न सबै किसिमका सिँचाइका पूर्वाधार निर्माण र सेवा व्यवस्थापन गर्न सिँचाइ नीति बनाउनु पर्ने भएकोले कृषि नीतिको अंगका रूपमा सिँचाइ नीति तथा सान्दर्भिक कानुन निर्माण नगरको अल्पकालीन र मध्यकालीन प्राथमिकता हो भने ती नीति तथा कानुन कार्यान्वयनको समीक्षा तथा परिमार्जन र संशोधनको कार्य मध्यकालीन र दीर्घकालीन प्राथमिकता हुन् । त्यस आधारमा नगरको सिँचाइ क्षेत्रको नीति तथा कानुन सम्बन्धी आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सिँचाइका पूर्वाधार निर्माण, सञ्चालन र व्यवस्थापनमा नगर, वडा, कृषि समूह तथा स्थानीय उपभोक्ताको सिँचाइ सेवा व्यवस्थापन निर्देशिका बनाउने ।<br><br>२. खानेपानीको कानुनसँग तालमेल हुनेगरी सिँचाइ प्रयोजनमा उपयोग हुने पानीको स्रोतको उपयोग सम्बन्धी विषयलाई मुहान तथा पानीका स्रोत व्यवस्थापन सम्बन्धी स्थानीय नीति कानुनमा समावेश गर्ने । | १. सिँचाइ सेवा व्यवस्थापन निर्देशिकामा आवश्यक परिमार्जन गर्ने ।<br><br>३. भू-उपयोग नीति तथा कृषि पकेट क्षेत्र लक्षित गरी कृषि नीतिको अंगका रूपमा सिँचाइ नीति निर्माण गर्ने । | १. सिँचाइ सम्बन्धी स्थानीय कानुनको पुनरावलोकन तथा आवश्यक नयाँ कानुनी औजार विकास गर्ने ।<br><br>३. सिँचाइ नीति कार्यान्वयनको समीक्षा तथा कमी पूर्तिका थप रणनीति निर्माण गर्ने । |

**च**. यस नगरमा सिँचाइको पानीको स्रोतको रूपमा होलाङ्दी, कुरुङ, काली गण्डकी, प्रभास, सिस्ने जस्ता नदीहरू रहेका छन् । सिँचाइ सुविधा उपलब्ध भएमा तरकारी, अन्नवाली र फलफूल उत्पादनको सम्भाव्यता भएका खेतीयोग्य जमिन पनि यस नगरमा छन् । रिचार्ज पोखरी निर्माण (वडा नं. २), ठुलो कुलो, सानो कुलो सिँचाइ आयोजना (१३) राज कुलो, माइली, कान्छी कुला, अर्गली लिफ्ट सिँचाइ आयोजनाका जस्ता मझौला सिँचाइ कार्यक्रमका लागि केन्द्र वा प्रदेश सरकारबाट पनि आर्थिक सहयोग भएको छ भने तिनाऊ खोला कोकल मदन पोखरा पाँडेखर्क बडेआप बस्ती लिफ्ट सिँचाइ, गैरेटोल सिँचाइ कूलो मर्मत, छेर्लुङ्ग तल्लो माथिल्लो सिँचाइ कुलो आयोजना जस्ता आयोजना निर्माणाधीन अवस्थामा छन् । स्थानीयस्तर र समुदायबाट पनि सिँचाइका योजना सञ्चालन भइरहेका छन् । त्यसैले उत्पादन सम्भाव्यताका आधारमा बढी उत्पादन हुने र भू-उपयोग योजनामार्फत् कृषि प्रयोजनमा प्रयोगमा आउने भनी निर्धारित हुने कृषि क्षेत्र लक्षित गर्ने गरी सिँचाइ क्षेत्रका कार्यक्रमलाई निम्नानुसार प्राथमिकीकरण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघीय वा प्रदेश सरकारको सहयोगमा निर्माणाधीन तिनाऊ खोला कोकल मदनपोखरा पाँडेखर्क बडेआप बस्ती लिफ्ट सिँचाइ, गैरेटाल सिँचाइ कुलो मर्मत, छेर्लुङ्ग तल्लो माथिल्लो सिँचाइ कुलो आयोजना जस्ता कार्यक्रम समयमा पूरा गर्नका लागि नगरका तर्फबाट आवश्यक सहजीकरण गर्ने । | १. बाह्य सहयोगका कार्यक्रम कार्यान्वनको समन्वय र सहजीकरणलाई निरन्तरता दिने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. हाल सञ्चालन वा कार्यान्वयनमा रहेका सिँचाइ आयोजनाले समेट्ने क्षेत्र बाहिर तरकारी खेती, विभिन्न नगदे बाली र धान, गहुँ मकै जस्ता प्रमुख कृषिबाली उत्पादन बढी हुने क्षेत्र लक्षित बहुउद्देश्यीय सिँचाइ आयोजनाको प्रस्ताव तयार गरी प्रदेश सरकारमा पेश गर्ने । त्यसमध्ये नगर गौरवका एक वा दुई आयोजनाको कार्य नगरका तर्फबाट शुरु गर्ने । नगर भित्र र नगर सीमानामा रहेका विभिन्न नदीहरू जस्तो कालीगण्डकी नदी, कुरुङ्ग खोला आदिबाट हुन सक्ने सिँचाइका लिफ्टिङ्ग परियोजनाको सम्भाव्यता अध्ययन गर्ने । | २. बहुउद्देश्यीय सिँचाइ आयोजनाका लागि स्रोत प्राप्तिका लागि समन्वय गर्ने । साथै लगानीका वैकल्पिक स्रोत समेत खोजी गरी स्रोत प्राप्तिको सुनिश्चिततासहित कृषि पकेट क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याइसक्ने । | २. कृषि उत्पादनका लागि वर्गिकृत सबै जमिनमा बाह्रै महिना भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराइसक्ने गरी नगर गौरवका सिँचाइ आयोजना सम्पन्न गर्ने । |
| ३. उत्पादनको प्रकृति तथा सम्भावनाका आधारमा वर्षेपानी संकलन, ट्याङ्की निर्माण थोपा सिँचाइ, पोखरी निर्माण वा सुधार जस्ता स-साना योजनाको वडागत सूचि तयार पारी समुदायसँगको साझेदारीका आधारमा कार्यान्वयनमा नगरका तर्फबाट न्यूनतम सहयोग गर्ने । | ३. साना तथा मझौला सिँचाइका आयोजना मध्ये समुदायबाट कम्तीमा ५० प्रतिशत लागत र श्रम सहभागिता तथा संरक्षण र व्यवस्थापनको सुनिश्चितता भएका आयोजना सम्पन्न गर्ने । | ३. सबै किसिमका सिँचाइ आयोजनाका सम्बन्धित उपभोक्ता समितिबाट सञ्चालन र व्यवस्थापनको सुनिश्चितता गर्ने । |

**छ.** तानसेन नगरपालिकाले स्थानीय भवन निर्माण संहिता तथा मापदण्ड कार्यान्वयन गरिरहेको छ । भवन निर्माण अनुमति दिनु अघि ती भवनको संरचनागत मजबुती र भूकम्पीय सुरक्षाका मापदण्ड पालनालाई अनिवार्य गरिएको छ । संरचनागत मजबुतीका मापदण्ड (भवन संहिता) सबै किसिमका भवनमा समान रूपमा लागु हुने भएता पनि विशेष सेवाका लागि बन्ने संस्थागत तथा सामुदायिक भवन तथा पुस्तकालय आदिको उचाई, कोठाको क्षेत्रफल, तिनमा अपागंता भएका व्यक्ति तथा बालबालिका लगायतको पहुँच, बाह्य वातावरणको सकारात्मक वा नकारात्मक प्रभाव तथा भूकम्प बाहेक आगलागी, चट्याङ, बाढी पहिरो, कटान आदिको जोखिम न्यूनिकरणका मापदण्ड समेत समेटी त्यस्ता भवनको अन्य मापदण्ड बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता महसुस गरी त्यसको प्राथमिकता तल प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकाभित्रका कार्यालय (नगरपालिका, वडा कार्यालय र अन्तर्गतका निकाय), आपत्कालीन सेवाका लागि भन्ने सुरक्षित भवन, सामुदायिक भवन, बालगृह वा ज्येष्ठ नागरिक हेरचाह केन्द्र, पुस्तकालय आदि सार्वजनिक भवन (संचरचनागत बाहेकका) को पूर्वाधारको न्यूनतम मापदण्ड तयार गर्ने । | १. सामुदायिक तथा संस्थागत भवनको निर्धारित मापदण्ड कार्यान्वयनको समीक्षा गर्ने तथा विशेष प्रयोजनमा निर्माण हुने भवनको आवश्यकता अनुसार फरक मापदण्ड बनाउने । त्यस्ता मापदण्डलाई भवन विनियमको अंग बनाउने । | १. सामुदायिक, संस्थागत तथा व्यवसायिक भवन निर्माणका क्रममा निर्धारित मापदण्ड कार्यान्वयनमा देखिएका अपुग पूर्ति तथा नियमनका आवश्यक कानुन वा विनियम निर्माण वा संशोधन गर्ने । |

**ज.** नगरपालिकाले नगर तथा वडाको आफ्नो कार्यालय व्यवस्थापन गरी सेवा प्रवाह गरिरहेको छ । सदरमुकाममा रहेको नगरपालिका हुनुले विभिन्न सरकारी कार्यालयका भवनको उपयोगको अवसर पनि यस नगरपालिकालाई छ । यद्यपि आ.व. २०७६/७७ को मध्यावधिसम्ममा यस नगरका १४ मध्ये दुई (१, ९) वटा वडाको आफ्नो भवन छैन भने दुई (११, १२) वटा वडाको आफ्नो कार्यालय भवन पुरानो वा जीर्ण अवस्थामा छ । कतिपय वडा कार्यालय अन्य संघ संस्थाको भवनमा रहेकोले मध्यकाल र दीर्घकालमा ती वडाका लागि पनि भवन व्यवस्थापन गर्नुपर्ने छ । आवश्यक वडाको आफ्नै भवन बनाउनु नगरको मुख्य प्राथमिकता रहेको छ । नगरपालिका तथा वडाका भवन तथा आवश्यक पूर्वाधार उपकरणको व्यवस्थापन नगरको पनि प्राथमिकताको कार्य हो ।

समुदायस्तरबाट साना ठूला सामुदायिक भवनहरू निर्माण भएका छन् । नगरमा केही पुस्तकालय भवन समेत रहेका छन् । तथापि नगर तथा वडास्तरमा सामुदायिक भवनको ठूलो माग रहेको छ । तानसेन बजारमा एउटा सामुदायिक पुस्तकालय सञ्चालनमा रहेको भए पनि पूर्वाधार र स्रोतको कमीले नगर शहरी विकासको मापदण्ड अनुसार प्रति दश हजार जनसंख्यामा एउटा सामुदायिक सभाहल तथा पुस्तकालय रहनुपर्ने र सो को क्षेत्रफल ०.५ हेक्टर हुनुपर्ने शहरी विकास मन्त्रालयको योजना संहिता तथा मापदण्ड २०७२ उल्लेखित स्तर कायम हुन सकेको छैन । तानसेनको ऐतिहाँसिक र साँस्कृतिक महत्वको अध्ययन र प्रचार प्रसारका लागि पनि नगरस्तरीय अध्ययन केन्द्र निर्माण हुनु जरुरी छ । नगरको फैलावट तथा जनघनत्वको विविधतालाई आधार बनाई नगर केन्द्रमा सोही मापदण्ड अनुसार एउटा पुस्तकालय तथा अन्यत्र वडास्तरमा आधारभूत विशेषतायुक्त पुस्तकालयको व्यवस्थापन गर्ने लगायतका प्राथमिकतासहित आवधिक कार्यक्रम तल प्रस्तुत गरिएको छ ।

| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
|---|---|---|
| १. नगरपालिकाको कार्यालयको न्यूनतम भौतिक पूर्वाधार तयारी, सबै वडा कार्यालयको आफ्नै भवन निर्माणको शुरुवात गर्ने । | १. सबै वडा कार्यालयको आफ्नै कार्यालय भवन निर्माण गरिसक्ने (हाल वडा नं. ५, १ र ९ वडा कार्यालयका आफ्नै भवन नभएको तथा ११ र १२ को भवन पुरानो भएको ) । | १. नगर तथा वडा कार्यालयलाई बैठक कक्ष, सेवा ग्राही सूचना केन्द्र तथा अन्य आधारभूत भौतिक र प्राविधिक पूर्वाधार युक्त बनाउने । |
| २. नगरस्तरीय पुस्तकालय निर्माणको सम्भाव्यता अध्ययन र स्रोत प्राप्तिका लागि समन्वय गर्ने । | २. नगर केन्द्र वा नगरवासीको तुलनात्मक रूपमा सहज र समान पहुँच हुने स्थानमा सुव्यवस्थित सार्वजनिक पुस्तकालय भवन निर्माण गर्ने । | २. नगरको पुस्तकालय भवनलाई अनलाइन स्रोत तथा पुस्तकसहित व्यवस्थित अध्ययन केन्द्रको स्वरूप प्रदान गर्ने । सो को सञ्चालन नगरस्तरीय संयन्त्र वा संस्था मार्फत् गर्ने । |
| | ३. छरिएको बस्ती क्षेत्रमा कम्तीमा एक वडाः एक पुस्तकालय र सघन बस्ती क्षेत्रमा एक हजार परिवारमा पुस्तकालय हुने गरी पूर्वाधार निर्माण वा उपललब्ध पूर्वाधार व्यवस्थापनको कार्य शुरु गर्ने । | ३. नगर केन्द्र बाहेकका वडामा एक वडाः एक सार्वजनिक पुस्तकालयको व्यवस्थापन गरिसक्ने । पुस्तकालय सञ्चालन र व्यवस्थापनका लागि सामुदायिक संघ संस्थासँग वडाले साझेदारी गर्ने । |


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ४. सामुदायिक संघ संस्थासँगको साझेदारीमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको रेखदेख तथा मनोरञ्जन हुने प्रकृतिका सामुदायिक भवन क्लष्टरस्तरमा निर्माण गर्न प्रारम्भ गरी कम्तीमा दुई वटा भवन निर्माण गर्ने ।<br><br>५. दमकडामा सुविधा सम्पन्न कम्तीमा ८०० क्षमताको सभागृह निर्माण गर्ने । | ४. तानसेन बजार क्षेत्रमा कम्तीमा २ हजार जनसंख्यालाई अस्थायी आवास सुविधा दिने गरी विपद्का समयका लागि कम्तीमा दुई वटा सुरक्षित भवन निर्माण गर्ने । |

**झ.** वैकल्पिक ऊर्जा सम्बन्धी अधिकार र एक मेगावाटसम्मको साना जलविद्युत सम्बन्धी अधिकार संविधानतः स्थानीय सरकारलाई छ । विद्युत सेवा सम्बन्धी अधिकार संघ प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा रहेकोले नगरपालिकाको अधिकार क्षेत्रको निर्क्योल हुन बाँकी छ । त्यसैले एक मेगावाटसम्मको जलविद्युत आयोजना सम्बन्धी अधिकारलाई कानुनी रूपमा व्यवस्थित गर्ने तथा तार, पोल, ट्रान्सफर्मर वा विद्युत वितरणमा बेलाबखत देखिने समस्या समाधानमा नगरको भूमिकामा स्पष्टता ल्याउनु आवश्यक रहेको महसुस गरी सो कार्यलाई अल्पकालीन कार्यका रूपमा समेटिएको छ । अन्य सान्दर्भिक विषयलाई आवधिक प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विद्युत प्राधिकरण तथा सम्बन्धित निकायसँगको समन्वयमा बिजुलीको तार, पोल, ट्रान्सफर्मर परिवर्तन, सेवा प्रवाह र चुहावट नियन्त्रण लगायतमा नगरको भूमिकाका सन्दर्भमा स्पष्टता ल्याउने । | | |
| २.. एक मेगावाटसम्मको जलविद्युत उत्पादन गर्न चाहने फर्म वा कम्पनीलाई अनुमति दिने प्रक्रिया निर्धारण गर्ने । | २. आवश्यकता अनुसार जलविद्युत उत्पादन अनुमति प्रक्रियामा आवश्यक परिमार्जन गर्ने । आवश्यकता अनुसार वैकल्पिक ऊर्जा सम्बन्धी नीति तथा निर्देशिका बनाई विभिन्न सार्वजनिक स्थान, भवन आदिमा सौर्य ऊर्जा राख्ने, वैकल्पिक ऊर्जामा सहुलियत जस्ता विषयलाई व्यवस्थित गर्ने। | २. जलविद्युत तथा वैकल्पिक ऊर्जा सम्बन्धी नीति तथा कानुनमा आवश्यक परिमार्जन गर्ने । |

**ञ.** २०७५ को तथ्याङ्क अनुसार यस नगरपालिकाका ९९ प्रतिशत परिवारले जलविद्युत सेवाको उपयोग गरिरहेका छन् भने ०.०९ प्रतिशतले सौर्य ऊर्जालाई घरको ऊर्जा आवश्यकता सम्बोधनमा लगाएका छन् । विद्युतीय मिटर जडान नगरी विद्युत उपयोग गरेका परिवार संख्या भने ४.६ प्रतिशत रहेको छ । जलविद्युत सेवा बाहेकको ऊर्जालाई इन्धनको स्रोत बनाएका तथा र जलविद्युत उपयोग गरे पनि घरमा मिटर जडान हुन बाँकी घरको संख्या र क्षेत्र तलको नक्सामा प्रस्तुत छ ।

**नक्सा ३/५.३.४ : जलविद्युत सेवा उपयोग नगरेका र मिटर जडान नभएका घरधुरी**




| Ward | HHs Without Meter | HHs Without Electricity |
|---|---|---|
| 1 | 24 | 1 |
| 2 | 5 | 0 |
| 3 | 17 | 0 |
| 4 | 4 | 0 |
| 5 | 37 | 11 |
| 6 | 7 | 2 |
| 7 | 54 | 9 |
| 8 | 69 | 32 |
| 9 | 17 | 4 |
| 10 | 26 | 9 |
| 11 | 23 | 13 |
| 12 | 51 | 9 |
| 13 | 63 | 7 |
| 14 | 58 | 9 |


यस नगरपालिकामा जलविद्युत सेवाको पहुँचमा ठूलो समस्या नरहेता पनि ग्रामीण क्षेत्रमा विद्युतको थ्रिफेज लाइन विस्तार नभएकोले केही वडा (९, १०, ११, १२, १३ लगायत) मा विद्युत विद्युतीय ऊर्जामा आधारित व्यवसाय सञ्चालनमा समस्या नागरिकले महसुस गरेको अवस्था छ। धेरै संख्यामा काठका पोल विस्थापन हुन बाँकी रहेको तथा अव्यवस्थित विद्युतका तारका कारण विद्युतीय जोखिम पनि रहेको अवस्था छ। राष्ट्रिय प्रसारण लाइनबाट वितरण हुने विद्युत सेवा व्यवस्थापनमा नगरको भूमिका खासै नहुने भए पनि विद्युतका पूर्वाधार विकासमा ती समुदायको सहयोग र साझेदारीका लागि नगरपालिका भूमिका खेल्नुपर्ने हुन्छ। ट्रान्सफर्मरमा समय समयमा आउने समस्या, पोलको उपयुक्त स्थानमा व्यवस्थापन आदिमा पनि नगरको सहयोगको अपेक्षा नगरवासीले गर्ने गरेका छन्।

राष्ट्रियस्तरमा जलविद्युत उत्पादनमा हुने वृद्धिलाई मध्यनजर गरी बत्ती बाल्ने बाहेक भान्छाको इन्धनको प्रमुख स्रोत तथा सडक बत्ती, विद्युतीय ऊर्जामा आधारित सवारी साधन आदिमार्फत् जलविद्युतको उपयोग बढ्ने गरी पूर्वाधार विकास तथा उत्प्रेरणात्मक गतिविधि मध्यकाल र दीर्घकालको नगरको प्राथमिकताका रूपमा अघि आएको छ। यी विषयलाई दृष्टिगत गरी विद्युत क्षेत्रका आवधिक प्राथमिकता निम्नानुसार तय गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विद्युत प्राधिकरणको समन्वयमा सबै काठका पोललाई सिमेन्ट वा फलामे पोलले विस्थापित गरिसक्ने। | | १. नगरमा दाउरा वा पेट्रोलियमको विकल्पका रूपमा जलविद्युतलाई भान्छाको प्रमुख ऊर्जाको रूपमा उपयोग हुने अवस्थामा पुऱ्याउने गरी सहयोगात्मक र प्रवर्द्धनात्मक गतिविधिलाई निरन्तता दिने। |
| २. कम्तीमा सबै वडा केन्द्र थ्रिफेज लाइन विस्तार गर्ने। | २. विद्युत प्राधिकरणसँगको समन्वय र सहयोगमा सबै बजार क्षेत्र तथा लिफ्ट सिँचाइ आयोजना सञ्चालन हुने क्षेत्र तथा विद्युतीय ऊर्जामा आधारित उद्योग वा कलकारखना शुरु हुन लागेका क्षेत्रसम्म थ्रिफेज लाइन विस्तार गरिसक्ने। | |
| ३. विद्युतीय जोखिम रहेका क्षेत्रमा रहेका भौतिक पूर्वाधार तथा रुख विरुवा तथा अन्य जोखिमको उचित व्यवस्थापन गरिसक्ने। | ३. विद्युतीय ट्रान्सफर्मरहरूलाई व्यस्त बस्ती तथा बढी मानिसको जमघट हुने क्षेत्रभन्दा टाढा राख्न पहल गर्ने। घरायसी ऊर्जाको प्रमुख स्रोतका रूपमा विद्युतको उपयोग हुने गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने। प्रत्येक सडकमा घर छेउमा रहेको घरधनी र नगरको ५०/५० लगानीमा सोलार बत्ती राख्ने। | |
| ४. सडक वा बस्ती क्षेत्रमा असुरक्षित रूपमा रहेका पोल सार्न नगरका तर्फबाट समन्वयकारी भूमिका निर्वाह गर्ने। | | |
| ५. तानसेन बजार क्षेत्रमा विद्युत लाइनलाई भूमिगत गर्ने सम्वनधमा पहल शुरु गर्ने। | | |

<table>
<tr><th>अल्पकालीन (पहिलो २ वर्ष)</th><th>मध्यकालीन (३ देखि ७ वर्ष)</th><th>दीर्घकालीन (८ देखि २० वर्ष)</th></tr>
<tr><td>६. प्राधिकरणसँगको समन्वयमा विद्युत महशुल वडास्तरमा नै संकलन हुने व्यवस्था मिलाउने ।</td><td></td><td></td></tr>
<tr><td colspan="3">ट. संविधानतः दूरसञ्चार सम्बन्धी अधिकार स्थानीय तहलाई नभए पनि रेडियो सञ्चालन सम्बन्धी अधिकार एकल अधिकारका रूपमा समेटेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सेवा व्यवस्थापन सम्बन्धमा सूचना सञ्चार क्षेत्रको उपयोग, व्यवस्थापन र नियमन सम्बन्धी गरेको व्यवस्था अधिकार सम्बन्धी नगर क्षेत्रको भूमिका सम्बन्धमा थप स्पष्ट पारेको छ । रेडियो सञ्चालन तथा स्थानीय सेवा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग सम्बन्धी स्थानीय अधिकारलाई व्यवस्थित गर्न सूचना तथा सञ्चार सम्बन्धी निम्न नीतिगत कार्यतालिका बनाएको छ ।</td></tr>
<tr><th>अल्पकालीन (पहिलो २ वर्ष)</th><th>मध्यकालीन (३ देखि ७ वर्ष)</th><th>दीर्घकालीन (८ देखि २० वर्ष)</th></tr>
<tr><td>१. एफ.एम. रेडियो तथा आवश्यकता अनुसार स्थानीय सञ्चार माध्यम सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण, इन्टरनेट सेवा व्यवस्थापन लगायत सूचना तथा सञ्चार सम्बन्धी स्थानीय नीति तथा कानुन तर्जुमा गर्ने ।</td><td>१. सञ्चार सम्बन्धी स्थानीय नीति तथा कानुन कार्यान्वयनको समीक्षा गर्ने तथा नगरलाई सूचना प्रविधिमैत्री नगर निर्माणका लागि नगर, निजी क्षेत्र तथा सञ्चार क्षेत्रको पक्षको भूमिका स्पष्ट गर्ने गरी वार्षिक नीति तथा कार्यक्रममा यो विषय समावेश गर्ने ।</td><td>१. सूचना तथा सञ्चार सम्बन्धी नीति तथा कानुन कार्यान्वयनको आवधिक समीक्षा तथा आवश्यक परिमार्जन ।</td></tr>
<tr><td colspan="3">ठ. तानसेन नगरपालिकामा ४ वटा एफ.एम. रेडियो, १ दैनिक लगायत १८ वटा पत्रपत्रिका एवं अनलाइन सञ्चार माध्यमबाट सूचना तथा सञ्चार सेवा उपलब्ध भइरहेको छ । इन्टरनेट सेवा विस्तारको क्रममा रहेको छ भने टेलिफोन सेवाको पहुँच सामान्य रहेको छ । नगर केन्द्र बाहिरका कतिपय वडाहरूमा मोवाइल नेटवर्क तथा इन्टरनेटको पहुँचको सीमितता रहेका छन् । २०७५ को तथ्याङ्क अनुसार २९ प्रतिशत परिवारले मात्र मोबाइल डाटा बाहेकको इन्टरनेट सेवा उपयोग गरेका छन् । मोबाइल फोनको प्रयोग परिवारमा एक भन्दा बढीले गरिरहेको भए पनि २०७५ को तथ्याङ्क अनुसार करिब ४.१९ प्रतिशत परिवारले मोबाइल फोन प्रयोग नगरेको देखिन्छ । यसलाई दृष्टिगत गरी नगरलाई सूचना प्रविधिमैत्री र सबै सेवालाई सूचना प्रविधिमा आधारित बनाउन बनाउन, दूरसञ्चार सेवालाई नगर मापदण्ड अनुकल बनाउन सूचना र सञ्चारको सेवालाई थप पहुँचयोग्य बनाउन संघीय सरकारको क्षेत्राधिकारमा असर नपर्ने गरी यो क्षेत्रको प्राथमिकता तय गरिएको छ ।</td></tr>
</table>

**नक्सा ४/५.३.४ : मोबाइल फोन प्रयोग नगर्ने परिवार**




| Ward | HHs Without Mobile Phone |
|---|---|
| 1 | 41 |
| 2 | 21 |
| 3 | 19 |
| 4 | 30 |
| 5 | 58 |
| 6 | 83 |
| 7 | 31 |
| 8 | 20 |
| 9 | 25 |
| 10 | 47 |
| 11 | 28 |
| 12 | 34 |
| 13 | 29 |
| 14 | 55 |

माथिको नक्सामा नगरमा मोबाइल फोनको उपयोग नगर्ने परिवार देखाइएको छ । २०७५ को तथ्याङ्कमा केही परिवर्तन भने भएको हुनसक्छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नेपाल टेलिकम तथा अन्य सेवा प्रदायकसँगको समन्वयमा टेलिफोनको नेटवर्क राम्रो नभएको क्षेत्रमा टावरहरू थप गर्न वा हालका टावरको क्षमता वृद्धिका लागि संस्थागत समन्वय गर्ने । | | |
| २. इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा कम्तीमा सबै सार्वजनिक सेवा प्रदायक निकाय र विद्यालय र वडास्तरका सामुदायिक भवनसम्म इन्टरनेट सेवा पुर्‍याउने । | २. टेलिकम र निजी क्षेत्रसँगको समन्वयमा सबै टोलसम्म वाइफाईको पहुँच सुनिश्चित गर्ने र इन्टरनेटको विस्तार गर्दा Optical Fiber लाई प्रयोगमा ल्याउने । निजी क्षेत्रसँगको समन्वयमा नगरबाट उपलब्ध हुने सेवा तथा राजस्व भुक्तानी समुदाय वा घरबाटै हुनसक्ने गरी इन्टरनेट सेवा विस्तार गर्ने । | २. इन्टरनेट सेवा विस्तार र गुणस्तर प्रवर्द्धनका कार्यमा समन्वयात्मक भूमिकालाई निरन्तरता दिई सेवा प्रवाह र प्राप्तिमा अनलाइन पद्धतिको उपयोगलाई आधारभूत माध्यम बनाउने । |

**ङ.** उपभोक्ता समितिमार्फत् हुने सार्वजनिक निर्माणका सबै कार्य सम्पन्न भएपछि कम्तीमा ८० प्रतिशत उपभोक्ताको उपस्थितिमा सार्वजनिक परीक्षण अन्तिम भुक्तानी लिनु अघि अनिवार्य गर्ने पद्धति रहेको उपभोक्ता समिति गठनकै क्रममा स्थानीय अनुगमन समिति पनि गठन गर्ने कानुनी व्यवस्था छ । नगरस्तरमा नगर उपप्रमुखको संयोजकत्वमा तथा वडामा वडा अध्यक्षको संयोजकत्वमा अनुगमन समिति पनि रहेको छ । उपभोक्ता समितिका पदाधिकारीलाई पूर्व निर्माणको अनुशिक्षण दिने अभ्यास पनि रहेको छ । यसका बावजुत योजना निर्माण र कार्यान्वयनको समग्र पक्षलाई यी सबै गतिविधि व्यवस्थापनका लागि स्थानीय कानुनी व्यवस्थामा आवश्यक परिवर्तन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका साथै योजना मुल्याङ्कन, सम्भाव्यता अध्ययन जस्ता विषयलाई पनि संस्थागत गर्नु पर्नेछ । उल्लिखित पृष्ठभूमिमा स्थानीय पूर्वाधार व्यवस्थापनमा सुधारका लागि निम्न कार्यसूचिलाई प्राथमिकीकरण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. खानेपानी र सिँचाइका ठूला आयोजनाको गुणस्तरीयता र दीगोपनाका लागि निश्चित सूचक र निश्चित मापदण्डका आधारमा योजनाहरूको काम सम्पन्न पश्चात् तेश्रो पक्ष मूल्यांकन (Third Party Evaluation) पद्धति अवलम्बन गर्ने खालका नीति बनाई कार्यान्वयन गर्ने । | १. तेस्रो पक्ष अनुगमन तथा मुल्याङ्कनको अवस्थामा आवश्यक सुधारसहित निरन्तरता दिने र स्थानीय पूर्वाधार विकास आयोजनाको सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्याङ्कनको दिग्दर्शन तयार गरी लागु गर्ने । | १. वातावरणीय प्रभाव मुल्याङ्कन र सम्भाव्यता अध्ययनलाई संस्थागत गर्ने । |
| २. उपभोक्ता समिति वा निर्माण व्यवसायीबाट निर्माण हुने सबै किसिमका कार्यक्रम कार्यान्वयन, अनुगमन र निगरानीमा नागरिक सहभागिता र समावेशीकरण सुनिश्चित गर्ने गरी विकास योजना सञ्चालन, व्यवस्थापन तथा अनुगमन कार्यविधि वा ऐन बनाउने । | २. पूर्वाधार विकासको प्रक्रियालाई समावेशी र सहभागितामूलक बनाउन लागु गरिएका कानुनी प्रावधानको प्रभावकारिता विश्लेषण गरी त्यसमा आवश्यक परिमार्जन गर्ने । | २. योजना तर्जुमा, कार्यान्वन, अनुगमन र निगरानीमा जनसहभागिताको पद्धतिलाई थप प्रभावकारी बनाउन कानुनी र व्यवहारिक सुधारलाई निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. सबैखाले पूर्वाधार आयोजनाको मर्मत सम्भार कार्यविधि बनाई खानेपानी तथा सिँचाइका आयोजना मर्मत सम्भारको जिम्मेवारी समुदायमा हस्तान्तरण गर्ने र नगरको भूमिका सीमित बनाउने । | ३. आयोजनाको स्तर अनुसार खानेपानी, सरसफाई तथा सिँचाइका पूर्वाधार मर्मत सम्भार तथा व्यवस्थापनको जिम्मेवारी नगर, वडा र समुदायमा विभाजन गर्ने । | |

**ढ.** नगरपालिकामा योजना तथा प्राविधिक शाखा अन्तर्गत २ जना इञ्जिनियर र ७ जना सव-इञ्जिनियर र १ जना असिस्टेन्ट सव-इञ्जिनियरसहितको प्राविधिक कर्मचारीको उपलब्धता रहेकोले उपभोक्ता समिति र अन्य तवरबाट निर्माण हुने खानेपानी तथा सिँचाइको पूवार्धार निर्माणको प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नमा जनशक्तिको ठुलो समस्या रहेको छैन । स्थानीयस्तरमा दक्ष मिस्त्रीहरू रहनाले खानेपानी तथा सिँचाइ योजना निर्माण तथा सुधारका लागि प्राविधिक जनशक्तिको न्यूनतम सुपरिवेक्षणमा उनीहरूबाट काम हुन सक्ने अवस्था छ । नगर कार्यपालिका अन्तर्गत खानेपानी, सिँचाइ लगायतको पूर्वाधार सम्वनधमा नीतिगत कार्य गर्न पूर्वाधार विकास समिति रहेका तथा सेवाका सन्दर्भमा खानेपानी र सरसफाइ क्षेत्र समेत हेर्ने सामाजिक विकास समिति रहेको छ । खानेपानी तथा सरसफाईका कार्यमा समन्वय र सबैका कामका बीचमा सामञ्जस्यता ल्याउन नगर र वडामा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति रहेको छ ।

यसका बावजुत भवन तथा यातायात बाहेकका गतिविधिको अनुगमन र सुपरिवेक्षण गर्ने जिम्मेवार इकाई तथा जनशक्ति नहुनु एवं सम्बन्धित क्षेत्रको विशिष्ठ क्षमताको कमी र नगर र वडास्तरका समिति तथा संयन्त्रको क्षमताको सीमितताले गर्दा सार्वजनिक निर्माणको समग्र पक्षमा नगरको भूमिका समेत सीमित हुने कुरालाई दृष्टिगत गरी सार्वजनिक निर्माणका सन्दर्भमा संगठन तथा संस्थागत विकासको प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्रदेश र संघसँगको समन्वयन र सहयोगमा प्राविधिक शाखामा निर्धारित संगठन संरचना अनुसार रिक्त प्राविधिक पदपूर्ति गरी भवन र यातायात बाहेक खानेपानी, सिँचाइ तथा सरसफाईका पूर्वाधार जन्य कार्यको प्राविधिक नेतृत्व गर्ने स्रोत व्यक्ति (Focal Person) तोक्ने । | १. सिँचाइका कार्यक्रम हेर्न प्राविधिक शाखा अन्तर्गत एकजना जिम्मेवार इञ्जिनियर तोक्ने । | १.खानेपानी, सरसफाई र स्वच्छता शाखा तथा सम्बन्धित इकाईलाई शहरी विकास विभाग (वा महाशाखा) को अंगको रूपमा विकास गर्ने । |
| २. नगरको योजना तथा प्राविधिक शाखा र फोहोरमैला व्यवस्थापन शाखाको प्रशासनीक र समन्वयात्मक सहयोग रहने गरी कार्यात्मक सम्बन्ध स्थापना गर्ने । | २. प्राविधिक, जिआइएस र प्रशासकीय कर्मचारीसहितको खानेपानी तथा सरसफाई इकाई गठन गरी खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धनका कार्यलाई एउटै इकाईमार्फत् कार्यान्वयन र सुपरिवेक्षण हुने वातावरण बनाउने । शाखाको न्यूनतम जिम्मेवारी र कार्य सम्पादन सूचक निर्धारण गर्ने । | २. वडास्तरमा खानेपानी तथा सरसफाई लगायात पूर्वाधारको सुपरिवेक्षण गर्ने कम्तीमा १ जना प्राविधिक र १ प्रशासनिक कर्मचारीको व्यवस्थापन गर्ने र नगरका शाखा र इकाईलाई ठूला आयोजनाको अनुगमन र सुपरिवेक्षणको भूमिकामा केन्द्रित गर्दै लैजाने । |
| ३. नगर र वडास्तरको खानेपानी, सरसफाई र स्वच्छता समन्वय समितिलाई क्रियाशील गराउन वार्षिक अनुशिक्षण सञ्चालन गर्ने । | ३. नगर र वडास्तरीय खानेपानी, सरसफाई र स्वच्छता समन्वय समितिको क्षमता विकास अनुशिक्षणलाई निरन्तरता दिने । | ३. नगर र वडास्तरीय खानेपानी तथा सरसफाई समन्वय समितिको क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. खानेपानी तथा सरसफाई क्षेत्रको जिम्मेवारी लिएका कर्मचारी, समन्वय समिति तथा सामाजिक विकास समितिका बिचमा समन्वय वैठक गर्ने । | ४. समन्वयात्मक बैठकलाई संस्थागत गरी निरन्तरता दिने । | ४. अन्तर शाखा तथा सम्बन्धित संयन्त्रसँगको समन्वयलाई निरन्तरता दिने । |
| ५. खानेपानी, सरसफाई र स्वच्छताका नगर र अन्य मापदण्ड तथा भूमिका सम्वनधमा प्राविधिक र प्रशासनिक कर्मचारी तथा नगरस्तरीय समन्वय समितिलाई तालिम दिने । | ५. प्राविधिक इकाईलाई खानेपानी, सरसफाई र स्वच्छता समन्वय समितिको सचिवालयको रूपमा विकास गर्ने । | |
| ६. नगरको समग्र मानव संशाधन विश्लेषण पद्धति विकास गरी यो क्षेत्रको जनशक्तिको आवश्यकता र क्षमताको कमीका आधारमा क्षमता विकासका वार्षिक कार्यक्रम निर्धारण गर्ने । | ६. क्षमता विकासका वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने । | ६. कर्मचारीकोको क्षमता विकासका आन्तरिक र बाह्य कार्यक्रमको आवश्यकता विश्लेषणका आधारमा गर्ने । |
| | ७. खानेपानी, सरसफाई र सार्वजनिक निर्माणका अन्य पूर्वाधार हेर्ने इकाई तथा सम्बन्धित कर्मचारीको कार्य सम्पादनलाई क्षमता विकास तथा पुरस्कार प्रणालीमा आबद्ध गर्ने । | |
| | ८. वडा र मझौला र ठूला खानेपानी आयोजना उपभोक्ता समितिमा पानीको नियमित जाँच र शुद्धिकरण गर्नसक्ने गरी उपकरण र जिम्मेवारी निर्धारण गर्ने । | |

**तालिका २/५.३.४ : सार्वजनिक निर्माण क्षेत्रको परिमाणात्मक लक्ष्य**

| विषय | आधार वर्ष २०७६/७७ | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| धारा पाइपको पहुँच पुगेको परिवार (प्रतिशत) | ८७.८१ | ९० | ९५ | ९८ |
| घरधुरीमा धारा जडान भएको परिवार (प्रतिशत) | ६४.४३ | ७० | ८० | ९५ |
| व्यवस्थित सेप्टिक ट्यांकसहितको शौचालय भएको परिवार संख्या (प्रतिशत) | ५७.४३ | ६० | ७० | ९० |
| शौचालयको फोहोर व्यवस्थापनका लागि ढलको पहुँचमा रहेको परिवार (प्रतिशत) | ३२.६६ | ४० | ५० | ५२ |
| ढल तथा दिसाजन्य लेदो व्यवस्थापन सेवाको पहुँचमा हुने परिवारको हिस्सा (प्रतिशत) | | | | ९५ |
| सार्वजनिक शौचालय संख्या | ६ | १४ | १८ | २२ |
| स्रोतमा फोहोर छुट्याई ठोस फोहोर व्यवस्थापन सेवाको पहुँचमा रहेका परिवार (प्रतिशत) | | | ६० | ९० |
| नगर मापदण्ड अनुसार सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसंख्या (प्रतिशत) | | | ८० | ९५ |
| सार्वजनिक पुस्तकालयको पहुँचमा भएको जनसंख्या (प्रतिशत) | | | ५० | ७५ |

## ५.४. वन, वातावरण र विपद् व्यवस्थापन

यो खण्डमा तानसेन नगरपालिकाको प्राकृतिक स्रोत, वातावरण, विपद् तथा आपत्कालीन व्यवस्थापन नीति तथा प्राथमिकता समेटिएको छ । वन लगायत स्थानीय प्राकृतिक स्रोतको उपलब्धता र उपयोग एवं नगरको शान्ति सुरक्षा लगायत सबै किसिमका प्रकोप, विपद् तथा आपत्कालीन प्रतिकार्यमा नगरको भूमिकालाई पनि यो क्षेत्रमा समेट्ने प्रयास गरिएको छ ।

## ५.४.१ प्रकृतिक स्रोत र वातावरण

## क. प्राकृतिक स्रोत

### १. वर्तमान अवस्था

तानसेन नगरपालिका प्राकृतिक सम्पदाले भरिपूर्ण अत्यन्त रमणीय स्थानको रूपमा परिचित नगर हो । यस नगरपालिकाको उत्तरी भागमा हिमालको हावाको प्रभाव तथा बढी उचाईका कारण जाडो हुने र दक्षिणी भाग बेसी भाग भएकोले गर्मी हुन्छ । चैत्र महिनादेखि आश्विनको शुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशीतोष्ण हुन्छ भने मंसिर, पौष र माघमा जाडो हुन्छ । ज्येष्ठको अन्त्यदेखि आश्विनको शुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । यहाँ गर्मीको समयमा अधिकतम ३५ डिग्री सेल्सियससम्म तापक्रम रहने र जाडो समयमा न्यूनतम शुन्य डिग्रीसम्म हुने गर्दछ । यस नगरमा औसत २४ डिग्री सेल्सियस तापक्रम रहने हुँदा न त धेरै जाडो न त धेरै गर्मी हुने गर्दछ ।

यस नगरपालिकामा उष्ण (Tropical) देखि समशीतोष्ण (Temperate Climate) क्षेत्रमा पाइने वन्यजस्तु तथा वनस्पतिहरू रहेका छन् । नगरमा जम्मा ८७ वटा सामुदायिक वनहरू उपभोक्तालाई हस्तान्तरण गरिएको छ । हस्तान्तरित सामुदायिक वनले यस नगरपालिकामा २८४६.५३ हे. क्षेत्रफल ओगटेको छ । बाँकी २३५३.४६ हेक्टर वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रूपमा रहेको छ भने केही निजी वनहरू पनि रहेका छन् । नगरमा वन क्षेत्रमा पाइने जडिबुटीहरूमा रिट्ठा, टिमुर, सतावरी, बोझो, कुरिलो, दालचिनी, पावन, तेजपात, गुँरास, चिउरी, हर्रो, बर्रो, राजवृक्ष, सजिवन, लहरेगुर्जो, चुत्रो, अमला, रुदिलो, तितेपाती, सर्पगन्धा, कालो मसुली आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रशस्त सम्भावना रहेको देखिन्छ । साथै कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता भएको हुँदा साना घरेलु उद्योगधन्दाको साथै जडीबुटी प्रशोधन सम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ ।

यस नगरपालिकामा नगर भएर बग्ने प्रशस्त खोला तथा नदीहरू जस्तैः होलाङडी खोला, छाङदी खोला, तिनाऊ नदी, बाहुन खोला, अँधेरी खोला, छरछरे खोला, रिडी खोला इत्यादि रहेका छन् । यहाँ विभिन्न पानीका मुहानहरू पनि अवस्थित रहेका छन् । नगरमा नदीजन्य पदार्थहरू जस्तैः ढुंगा, गिट्टी, बालुवाको साथै फलाम खानी, चुन ढुंगा खानी, कोइला खानीको पनि सम्भावना रहेको छ । त्यसैले वातावरणीय र पर्यावरणीय प्रभाव मूल्याङ्कन गरेर उक्त क्षेत्रमा उत्खनन् सम्बन्धी काम हुन सक्ने देखिन्छ । विभिन्न प्राकृतिक श्रोतको प्रशोधन गरी उद्योगको विकास तथा अर्थतन्त्र बलियो बनाउन सकिने सम्भावना छ । नगरपालिकामा रहेका पार्क तथा उद्यानहरूले पनि यस नगरको शोभा बढाएको छ । ओम पार्क, ध्रुबघाट पार्क, अमर नारायण फुलबारी, बाघ खोर पार्क, प्रभास बगैंचा पार्क, हनुमान मन्दिर पार्क इत्यादि नगरमा अवस्थित पार्कहरू हुन् ।

यसरी प्राकृतिक सम्पदा एवं जैविक विविधताले सुसज्जित भएता पनि संरक्षणको अभावमा यी बहुमुल्य सम्पदाहरू माँसिने क्रम बढ्दो छ । पोखरीहरूको सदुपयोग नभएको, मुहानहरू सुक्दै गएको जस्ता समस्याहरू देखा पर्दै आएको छ । साथै वृक्षारोपणको अभावमा भू-क्षय जस्ता प्रकोपले वनजंगलमा पनि क्षति भइरहेको छ । तसर्थ प्राकृतिक सम्पदाहरू प्रशस्त रहेता पनि यसको संरक्षणको अभावले गर्दा प्राकृतिक स्रोतहरू नाश हुँदै गइरहेको छ । तसर्थ प्राकृतिक स्रोतहरू जस्तैः वनजंगल, जैविक विविधता तथा जलाधार हरूको दीगो व्यवस्थापनमार्फत् आय र रोजगारी वृद्धि गरी नगरको समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने गरी निम्न लक्ष्य, उद्देश्य एवं नीतिहरू निर्धारण गरिएको छ ।

## २. लक्ष्य

प्राकृतिक स्रोतको संरक्षण र दीगो उपयोग सुनिश्चित गर्ने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : वन सम्पदाको उत्पादकत्व र उत्पादन बढाई प्रकृतिमा आधारित पर्यटन व्यवसायको विकास गर्नु ।**

**नीति क.** सामुदायिक वन, सरकारद्धारा संरक्षित वन एवं निजी वनहरूको उत्पादन वृद्धि हुने गरी वनहरूको व्यवस्थापन योजनाहरू निर्माण गरी प्रभावकारी कार्यान्व्यन गरिनेछ ।

**नीति ख.** नगरमा रहेका वनहरूलाई प्रकृतिमा आधारित पर्यटकीय गन्तव्य बनाउँदै पर्यटकहरूको संख्या उल्लेख्य वृद्धि गरिनेछ ।

**नीति ग.** व्यवसायीकरण हुन सक्ने जडिबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको सम्भाव्य अध्ययन गरी पकेट क्षेत्र निर्धारण गरी खेती प्रविधिको विकास र विस्तार एवं जडिबुटी प्रशोधन केन्द्रको स्थापना गरिनेछ ।

**नीति घ.** गैरकाष्ठ वन पैदावर एवं जडिबुटीमा आधारित मझौला वा ठूलो उद्योगको स्थापना गरी नगरमा गैरकाष्ठ वन पैदावरको स्वदेशी उत्पादन र आपूर्ति बढाई आयातलाई प्रतिस्थापना गरिनेछ ।

**नीति ङ.** वन क्षेत्रमा सामुदायिक वन लगायत वन व्यवस्थापन पद्धतिमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिलाई विषेश प्राथमिकतामा राखी संस्थागत गरी यसबाट प्राप्त लाभको न्यायोचित वितरण गरिनेछ ।

**उद्देश्य २ : वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको एकीकृत रूपमा संरक्षण र व्यवस्थापन गर्नु ।**

**नीति क.** वन, जलाधार र जैविक विविधता संरक्षणलाई समेत सम्बोधन हुने गरी दीगो व्यवस्थापन योजना निर्माण र रैथाने तथा संकटासन्न अवस्थामा रहेका प्रजातिको संरक्षण कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।

**नीति ख.** वन्यजन्तु र तिनको बासस्थान तथा दुर्लभ वनस्पतिको संरक्षण र व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकतामा राखिने छ ।

**नीति ग.** वन नर्सरीहरू स्थापना गरिने छ ।

**नीति घ.** नगरमा रहेका जंगलहरूको दीगो व्यवस्थापनलाई प्रवर्द्धन गरिने साथै वन फँडानी नियन्त्रित गरिने र क्षतिग्रस्त जंगलहरूको पुर्नस्थापना एवं वनक्षेत्र वृद्धि गरिने छ ।

**नीति ङ.** संरक्षणमैत्री पूर्वाधार विकासको अवधारणालाई आत्मसाथ गरिनेछ ।

**नीति च.** प्राकृतिक सम्पदा संरक्षण एवं दीगो व्यवस्थापनमा स्थानीयको संलग्नतालाई विशेष महत्व दिइनेछ । साथै संरक्षण सम्बन्धी चेतनास्तर बढाउँदै आवश्यक तालिम, शिक्षा, सेमिनारहरूको आयोजना गरिने छ ।

**उद्देश्य ३ : वैकल्पिक ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको विकास र बहुउपयोग प्रवर्द्धन गर्नु ।**

**नीति क.** लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, जैविक ऊर्जा जस्ता वैकल्पिक ऊर्जाको उपयोग, निकास एवं विस्तार गरिनुका साथै उत्पादित ऊर्जाको उपयोग बढाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

**नीति ख.** वैकल्पिक ऊर्जाको व्यवस्था गरी खाना पकाउन दाउरामा आत्मनिर्भर परिवार संख्या न्यून बनाई ग्रामीण महिला एवं बालबालिकाहरूको स्वास्थ्यमा सुधार गरिनेछ ।

**नीति ग.** कृषि तथा पशुपालन र उद्योगहरूसँग सहकार्यमा सो क्षेत्रबाट उत्पादित जैविक पदार्थ/फोहोरको प्रयोग गरी बायोग्याँस उत्पादन गरिने साथै बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गरिने छ ।

**नीति घ.** सुधारिएको चुलो, बायोग्याँस एवं अन्य ऊर्जामा संलग्न नगरवासीलाई प्रोत्साहन गरिनेछ भने ऊर्जामा नवीनतम् प्रविधिमा अध्ययन एवं अनुसन्धान गर्न स्थानीयलाई थप उत्साह प्रदान गरिनेछ ।

**उद्देश्य ४: एकीकृत जलाधार व्यवस्थापन गर्नु ।**

**नीति क.** नदी प्रणालीको विभिन्न तहको समन्वयमा एकीकृत जलाधार व्यवस्थापन नीति तथा योजना तयार गरी कार्यान्वयन गरिने छ ।

**नीति ख.** नदीजन्य पदार्थहरू जस्तैः ढुंगा, गिट्टी, बालुवाको आंकलन गरी निर्दिष्ट क्षेत्रहरूबाट त्यस्ता वस्तुहरूको उत्खनन्, संकलन, प्रशोधन, ओसारपसार र बिक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

**नीति ग.** नदीजन्य पदार्थहरू जस्तैः ढुंगा, गिट्टी, बालुवा उत्खनन् प्रक्रियालाई अनिवार्य रूपमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारको परिणाममा गर्नका लागि प्रतिवेदन प्रमाणीकरण प्रक्रियालाई पारदर्शी एवं पर्यावरणीय प्रभावको समीक्षा गरिने साथै नियमित अनुगमन गरिनेछ ।

**नीति घ.** नगरमा भएका मुहानहरूको खोजी गरी यसको संरक्षणका लागि स्थानीयहरूलाई प्रोत्साहन गरिनेछ ।

**नीति ङ.** नदी, खोला एवं पोखरहीरूको नियमित सरसफाइ गरिनेछ र यसको सरसफाईको जिम्मा स्थानीयलाई दिइनेछ ।

**उद्देश्य ५ : खानी तथा खनिज पदार्थहरूको सम्भाव्यता अध्ययन गरी लाभदायक विकल्पलाई उद्योगको रूपमा विकास गर्नु ।**

**नीति क.** खनिज पदार्थको उत्खनन, प्रशोधन र प्रयोग गर्न आवश्यक कानुन एवं कार्यविधिहरूको विकास गरिने छ ।

**नीति ख.** खानी तथा भूगर्भ विभाग, सम्बन्धित विश्व विद्यालयका विज्ञ एवं अनुसन्धानकर्ता एवं निजी क्षेत्रहरूसँग समन्वय गरी नगरमा रहेका खनिज पदार्थहरूको अन्वेषण एवं प्रशोधन सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ ।

**नीति ग.** नगरमा अवस्थित खनिजजन्य पदार्थहरूमा आधारित उद्योगहरूको विकास गरी नगरको आय एवं समुदायको सामाजिक आर्थिक कल्याणको लागि उपयुक्त र दीगो योगदान पुऱ्याइनेछ ।

**नीति घ.** खनिजजन्य पदार्थहरूको दीगो उत्खनन गरी उद्योगहरू सञ्चालनका लागि लक्षित लगानीको विकासका लागि उद्योग व्यवसायीहरूलाई प्रेरित गरिनेछ ।

## ख. वातावरण

### १. वर्तमान अवस्था

तानसेन नगरपालिकामा फोहोरमैलाको समस्या, ढल निकासको समस्या, वायु, ध्वनी प्रदुषण जस्ता समस्याहरू नगरका प्रमुख समस्या बन्दै गइरहेको छ । यस नगरपालिकामा खानेपानीको अवस्था हेर्ने हो भने तानसेन खानेपानी योजना भुल्के, सिस्ने, होलाङ्दी, तिनधारा र वर्तुङ्ग खानेपानी तथा सरसफाई उ.स. जस्ता खानेपानी आयोजनाहरू सञ्चालनमा रहेका छन् जसबाट २,९९९ घरधुरी लाभान्वित भएका छन् । नगरपालिकामा रहेका कुल १३,१२२ घरपरिवारहरू मध्ये ७,८०५ (६४.४३ प्रतिशत) घर परिवारको पानीको स्रोत निजी रहेको तथ्याङ्कले देखाउँछ भने सार्वजनिक स्रोत प्रयोग गर्ने २,३३३ (१९.२६ प्रतिशत), सामुदायिक स्रोत प्रयोग गर्ने १,६४८ (१३.९० प्रतिशत), अरूको धारा वा पानीको स्रोत प्रयोग गर्ने २८२ (२.३३ प्रतिशत) र अन्यमा १० (०.०८ प्रतिशत) रहेका छन् । यसका साथै नगरपालिकामा रहेका कुल घर परिवार १३,१२२ मध्ये ७,५३६ (५७.४३ प्रतिशत) परिवारहरूले फ्लससहितको सेप्टिक ट्यांक भएको चर्पी, ४,२८६ (३२.६६ प्रतिशत) फ्लससहितको सार्वजनिक ढल भएको चर्पी, १,२३१ (९.३८ प्रतिशत) साधारण चर्पीको प्रयोग गरेको र ४० घर परिवारहरूले भने चर्पीको प्रयोग नगरेको पाइयो । नगरमा २८ वटा सार्वजनिक शौचालय रहेका

छन् । हाल खुल्ला दिसामुक्त नेपाल घोषणासँगै खुल्ला दिसामुक्त अभियान एवं पूर्ण सरसफाई अभियानलाई सार्थक निष्कर्षमा पुऱ्याउनका लागि सरसफाईको अभ्यासलाई चर्पी निर्माणमा मात्र सीमित नराखी उत्पादन हुने सबै प्रकारका फोहोरलाई प्रशोधन गर्नु उत्तिकै अपरिहार्य हुन्छ ।

नगरपालिकामा रहेका कुल घर परिवारहरू मध्ये ४,४४५ (३३.९६ प्रतिशत) घरको फोहोर घरमा नै लिन आउने गरेको, ३,१६१ (२४.०९ प्रतिशत) घरको कम्पाउन्डभित्र बाल्ने, २,३०४ (१७.५६ प्रतिशत) कम्पोष्ट मल बनाउने गरेको, १,९१० (१४.५६ प्रतिशत) फोहोर थुपार्ने ठाउँमा अथवा क्यानमा राख्ने गरेको पाइयो । ग्रामीण क्षेत्रमा फोहोरको आयतन घटाउनका लागि फोहोरहरू जलाउने प्रवृत्ति हाल पनि यथावत नै रहेको छ । अस्पतालजन्य फोहोरहरू पनि यत्रतत्र फालेको अवस्था रहेको छ । साथै समाधानको लागि फोहोरहरू खोल्सा लगायत सार्वजनिक स्थलहरूमा समेत फाल्ने गरेकाले फोहोरमैला नगरको लागि विकराल समस्याको रूपमा रहेको छ । फोहोरमैला व्यवस्थापन सम्बन्धी नगरद्धारा समय समयमा निर्देशनहरू एवं सूचनाहरू प्रवाह भएता पनि फोहोरहरूको उचित व्यवस्थापन प्रक्रिया नभएको अवस्था रहेको छ । फोहोरहरूका कारण प्रदुषण भई वातावरण लगायत जनस्वास्थ्यमा समेत प्रतिकुल असर पर्दछ ।

शहरीकरण बढेसँगै ध्वनी प्रदुषणको समस्या सिर्जना हुन्छ । विशेषत ठूला राजमार्ग, उद्योग, कलकारखाना, बजार क्षेत्र नजिक यसको असर बढी देखिन्छ । यस नगरपालिका क्षेत्रमा पूराना सवारी साधन, ट्याक्टरबाट निस्कने ध्वनी तथा प्रेसर हर्नका कारण ध्वनी प्रदुषण बढको पाइन्छ । नगरमा वायु प्रदुषण पनि बढ्दो रहेको छ । कलकारखाना, सडक, घरहरूबाट निस्कने धुँवाका कारण यस नगरमा वायु प्रदुषण पनि भइरहेको अवस्था रहेको छ । तसर्थ, पूर्वाधार विकास र वातावरण बीचको असन्तुलन, एकीकृत र योजनाबद्ध विकासको अभाव, मापदण्ड एवं नीति निर्देशनको अभाव एवं वातावरण सम्बन्धी जनचेतनाको अभावका कारण नगरपालिकामा वातावरणीय प्रदुषण बढ्दै गइरहेको छ ।

यी सबै विविध पक्षहरूलाई मध्यनजर राख्दै, तानसेन नगरपालिकाले संविधानले दिएको प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरी यसको व्यवस्थापनलाई उच्च प्राथमिकतामा राख्दै संघीय तथा प्रादेशिक सरकारको कार्य जिम्मेवारी अनुरूप वातावरण संरक्षण एवं प्राकृतिक स्रोत व्यवस्थापन उद्देश्यहरू तथा नीतिहरू अवलम्बन गरेका छन । वातावरण संरक्षणलाई टेवा पुऱ्याउन ध्वनी, जल, जमिन र वायुसँग सम्बन्धित प्रदुषण रोकथाम र नियन्त्रणका साथै हरियाली प्रर्वद्धन गर्ने र वातावरणीय स्वच्छता कायम राख्ने गरी निम्न उद्देश्य एवं नीतिहरू तयार गरिने छ ।

## २. लक्ष्य

तानसेनलाई हरित र स्वच्छ नगर बनाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १: प्रदुषणरहित स्वस्थ जल सम्पदाहरू जगेर्ना गरी दीगो व्यवस्थापन गर्नु ।**

**नीति क.** पानी गुणस्तर र फोहोर पानी बिसर्जनका लागि आवश्यक मापदण्ड, निर्देशिका निर्माण गरिनेछ ।

**नीति ख.** नगरमा रहेका उद्योग एवं अन्य व्यवसायबाट निष्कासन हुने फोहोर पानीहरू जलस्रोतमा मिसाउने कार्यलाई निरुत्साहित बनाउन आवश्यक दण्ड सजायसहितको निर्देशिकाहरू विकास गरिनेछ ।

**नीति ग.** नगरमा रहेका नदी, खोला, जलाधार, पोखरीहरूको भौगर्भिक सूचना प्रणाली GIS को माध्यमद्धारा नक्साकंन तयार गरिने छ ।

**नीति घ.** जलस्रोत विकास र व्यवस्थापन समग्रमा, व्यवस्थित ढंगले, एकीकृत जलस्रोत व्यवस्थापन Integrated Water Resource Management को आधारमा विकास गरिने छ ।

**नीति ङ.** जलाधार संरक्षण र सम्बर्द्धन गर्न सार्वजनिक र निजी जग्गामा जल पुनर्भरण Water Recharge का विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

**नीति च.** जल सम्पदाहरूको दीगो संरक्षणमा समुदायको सहभागितालाई बढावा दिइने तथा संस्थागत क्षमता र समन्वय वृद्धि गरिने ।

**नीति छ.** जलस्रोतको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीयको सक्रिय सहभागितालाई महत्व दिइनेछ र आवश्यक जनचेतनाका कार्यक्रमहरू, तालिम, गोष्ठी, सेमिनारहरू समय समयमा गरिने छ ।

**उद्देश्य २ : ध्वनी, माटो र वायु प्रदुषण तहको स्थानीय मापदण्ड तयार गरी सबै प्रकारका प्रदुषणको रोकथाम र नियन्त्रण गर्नु ।**

**नीति क.** जमिन, ध्वनी, वायु प्रदुषण रोकथाम सम्बन्धी अन्तर्राष्ट्रिय एवं राष्ट्रिय मापदण्ड अनुकुल कार्यविधि एवं निर्देशिकाहरू तयार गरी कार्यान्वयनका साथै सो को नियमित अनुगमन पनि गरिनेछ ।

**नीति ख.** पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम गर्न आवश्यक कानुन र संरचना निर्माण गरी वातावरणीय प्रभाव मूल्याकंन र न्यूनिकरणलाई पूर्वाधार विकासको अभिन्न अंग बनाइनेछ ।

**नीति ग.** बजार, औद्योगिक क्षेत्र र जोखिममा रहेका क्षेत्रहरूको वायु गुणस्तरको एकीकृत नक्सांकन, वायु प्रदुषण क्षमता यकिन र पूर्वानुमान गरी उत्सर्जनका गतिविधिमा नियन्त्रण गरिने छ ।

**नीति घ.** औद्योगिक क्षेत्रहरूमा प्रदुषण नियन्त्रण प्रणाली स्थापना गरिने छ ।

**नीति ङ.** उद्योग एवं अन्य व्यवसायहरूबाट निष्काशन हुने प्रदुषणयुक्त धुँवाधुलो पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने छ ।

**नीति च.** उद्योगहरू स्थापनाका लागि औद्योगिक क्षेत्रबाट कुनै पनि वातावरणीय प्रदुषण नगरिने प्रतिवेदनका साथ प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरिनेछ ।

**नीति छ.** कृषिफार्म, उद्योग र अन्य व्यवसायहरूमा प्रयोग गरिने विषादी एवं उक्त स्थानहरूबाट निष्कासन हुने रसायन, ग्याँसहरूको निरुत्साहित गरिने तथा विकल्पको खोजी गरिनेछ ।

**नीति ज.** ध्वनी प्रदुषण हुने गरी कोलाहल मच्चाउनु र अत्याधिक पूराना सवारी साधनहरू चलाउन प्रतिबन्धका साथै यसरी चलाएमा ऐन बमोजिम दण्ड जरिवाना समेतको व्यवस्था गरिनेछ ।

**नीति झ**. निर्माण कार्यहरूलाई वातावरणमैत्री बनाइनेछ ।

**नीति ञ.** विषादी प्रयोग न्यूनिकरणका लागि विषादी परीक्षण प्रयोगशाला निर्माण गरिनेछ र प्राङ्गारिक खेती गर्ने किसानलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

**नीति ट.** माटो, जमिन, पानी, ध्वनी, वायु प्रदुषण मापन, परीक्षण एवं अध्ययन अनुसन्धानका लागि नगरमा वातावरण प्रयोगशाला निर्माण गरिने छ ।

**नीति ठ.** वातावरणीय प्रदुषण नियन्त्रणका लाीग नगरमा स्थानीय लगायत, उद्योग व्यवसायी, कृषक लगायत अन्य सरोकारवालाहरूलाई जनचेतना जगाउने कार्यक्रमहरू गरिने छ ।

**नीति ड.** प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन पहल गरिनेछ ।

**नीति ढ.** उत्सर्जनको स्तरलाई कम गर्न उत्सर्जनको नियमित निगरानी र नियन्त्रणका उपायहरू अपनाइनेछ ।

**उद्देश्य ३ : नगरमा वर्षातको पानी एवं दिसाजन्य लेदो व्यवस्थापनका लागि एक विस्तृत ढल निकास प्रणाली स्थापना गर्नु ।**

**नीति क.** सेप्टिक ट्यांक घरघरमा स्थापना गर्न उपयुक्त मापदण्ड बनाई शौचालय निर्माणलाई घर निर्माणको अनुमति प्रक्रियामा अन्तरनिहित गरिनेछ ।

**नीति ख.** वर्षातको पानी व्यवस्थापनका लागि बस्तीहरूमा ढल निकास प्रणालीको विस्तार गरिने छ र बस्तीबाट अप्रशोधित ढल खुल्ला निष्कासन गर्ने कार्यलाई निरुत्साहित गरिने छ ।

**नीति ग.** उचित ढल निकासको व्यवस्था नभएका र सेप्टिक ट्यांक एवं फोहोर पानी निष्कासनको समस्या भएका स्थानहरूको पहिचान गरी ढल पूर्वाधारसहितको शहरी विकास गुरुयोजना तयार गी कार्यान्वयन गरिने छ ।

**नीति घ.** ढल प्रणालीको नियमित मर्मत तथा सञ्चालन खर्च स्थानीय तह एवं लाभग्राही समूहको लागत सहभागितामा व्यवस्था गरिने छ ।

**उद्देश्य ४ : सबै नगरबासीलाई आधारभूतस्तरको सरसफाई सेवामा पहुँच तथा मानव मलमुत्र र फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरण स्वच्छता कायम गर्नु ।**

**नीति क.** पानी तथा सरसफाईसँग सम्बन्धित नीति नियम, मापदण्ड निर्देशिका तर्जुमा तथा समयानुकुल परिमार्जन गरिने छ ।

**नीति ख.** आधारभूत खानेपानी तथा सरसफाईबाट वञ्चित रहेका क्षेत्रमा सरसफाई सेवा पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिई सञ्चालन गरिने छ ।

**नीति ग.** सरसफाई लगायत पानीको भण्डारण तथा शुद्धिकरण सम्बन्धी चेतना अभिवृद्धि एवं तालिमहरू सञ्चालनका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय, सामुदायिक एवं अन्य सरोकारवालाहरूसँग समन्वय गरिने छ ।

**नीति घ.** स्थानीयको सरसफाई अभियान, वृक्षारोपण र पोखरी संरक्षण गतिविधिहरूमा सक्रिय सहभागितालाई प्रोत्साहन गरिने छ ।

**नीति ङ.** फोहोर पानी संकलन गर्ने प्रणालीको निर्माण र प्रशोधन केन्द्रको स्थापना गरिने छ ।

**नीति च.** नगरका प्रत्येक वडामा महिला, अपाङ्ग, ज्येष्ठ नागरिक र वातावरणमैत्री शौचालयको व्यवस्था गरिने छ ।

**नीति छ.** नगरमा शौचालय नभएका घरहरूको पहिचान गरी सो घरहरूसँग समन्वय गरी शौचालय निर्माण एवं सञ्चालन गरिनेछ ।

**नीति ज.** पूर्ण सरसफाईयुक्त नगरको रूपमा विकास गरी पर्यटन व्यवसायलाई टेवा पुऱ्याइने छ ।

**उद्देश्य ५: फोहोरमैला व्यवस्थापनका लागि स्थानीय लगायत निजी क्षेत्रको सहभागितासहित नवीन प्रविधिको अवलम्बन गर्नु ।**

**नीति क.** फोहोरमैला व्यवस्थापन सम्बन्धी स्पष्ट नीति, मापदण्ड एवं कार्यविधि, निर्देशनहरू तर्जुमा गरिने छ ।

**नीति ख.** फोहोरमैला संकलनको लागि Door to Door collection लाई विस्तार गरिने र यसको लागि गुणस्तरीय ढुवानी साधनको व्यवस्था गरिने छ । साथै फोहोरमैला संकलनका लागि नगरले गैरसरकारी संस्थालाई सम्झौतामार्फत् नाफामूलक किसिमले सञ्चालन गर्न सकिनेछ ।

**नीति ग.** फोहोर संकलन गर्दा प्रयोगकर्ता शुल्कमार्फत् हरेक घर, व्यवसाय तथा कारखानाहरू, अस्पताल एवं शैक्षिक क्षेत्रबाट संकलन गरिने छ । नगरपालिकाले संकलन गर्ने टोलीलाई फोहोरको दैनिक आयतन अनुसार शुल्क तोक्न सकिने छ । आवासीय क्षेत्रका फोहोरहरू सामान्यतया हप्ताको ३ दिन (दुई दिन कुहिने फोहोर र एक दिन नकुहिने) गरी सकंलन गरिने छ भने फोहोरहरूको आयातन हेरी होटल तथा रेष्टुरेन्टहरूमा भने माग अनुसार सकंलन गरिने दिनहरू बढाउन सकिनेछ ।

**नीति घ.** अस्पतालजनीय फोहोरहरू बिसर्जन गर्न दिँदा शुरुमै जीवाणुरहित (Sterilized) गरेपश्चात् मात्र संकलनकर्तालाई दिइने प्रावधान बनाई लागु गरिने छ । यसका लागि नगरमा स्थापित अस्पताल तथा अन्य स्वास्थ्यचौकीहरूमा जीवाणुरहित बनाउने उपकरणहरूको व्यवस्था अनिवार्य हुनुपर्ने व्यवस्था गरिने छ ।

**नीति ङ.** फोहोरमैला व्यवस्थापनका कानुनमा पुनचक्रण गर्न सकिने तथा पुनचक्रण गर्ने नसकिने वस्तुहरू वर्गीकरण गरिएको हुनु पर्नेछ ।

**नीति च.** तोकिएको मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थको पुनःप्रयोगको नीति अवलम्बन गरिने छ ।

**नीति छ.** नदीको स्वच्छता कायम राख्न फोहोरमैला नदी एवं अन्य जलस्रोतमा मिसाउने कार्य नियन्त्रण गरिने छ ।

**नीति ज.** संकलन भएका फोहोरहरूको लागि आवश्यक स्थानान्तरण स्टेशन transfer station हरू एवं resource recovery center एवं ल्याण्डफिल साइटको व्यवस्था गरिने छ ।

**नीति झ.** ल्याण्डफिल साइट तथा स्थानान्तरण स्टेशनहरू छनोट गर्दा अन्तर्राष्ट्रिय एवं राष्ट्रिय नीति एवं मापदण्ड अनुरूप निर्माण एवं सञ्चालन गरिने छ ।

**नीति ञ.** नगरमा उत्पादित पुनःचक्रिय योग्य फोहोरहरू सदुपयोग गर्ने उद्योगहरू स्थापना गरिने छ ।

**नीति ट.** वातावरणमैत्री कार्ययोजना तयार गरी जैविक ऊर्जा, प्राङगारिक मल उत्पादन जस्ता गतिविधिहरू सञ्चालन गरिने छ ।

**नीति ठ.** नगर क्षेत्रबाट निष्कासित फोहोरहरूमध्ये ६० प्रतिशत कुहिने फोहोरहरू कम्पोष्ट मल अथवा बायोग्याँस निर्माण गरिनेछ भने ३० प्रतिशत नकुहिने फोहोर पुनःचक्रणमा प्रयोग गरिन्छ र बाँकी अत्यन्त न्यून (करिब १० प्रतिशत) फोहोरहरू मात्र ल्याण्डफिलमा जाने अवधारणालाई आत्मसात गरिनेछ ।

**नीति ड.** फोहोर प्रशोधन केन्द्र, फोहोर संकलन केन्द्र एवं फोहोर मैलामा काम गर्ने कामदारहरूको स्वास्थ्य सुरक्षाको खयाल गरिनेछ । व्यवसायिक स्वास्थ्य सुरक्षा Occupational health safety plan योजना तयार गरिनेछ र सो अनुरूप कामदारहरूलाई व्यक्तिगत सुरक्षाका उपकरण Personal Protective Equipment PPE प्रदान एवं स्वास्थ्य परीक्षण पनि गरिनेछ ।

**नीति ढ.** स्थानीय समुदायको सहकार्यमा नगरमा विभिन्न स्थान एवं सडक किनारामा वृक्षारोपण र पुष्प बाटिका निर्माण जस्ता हरियाली प्रवर्द्धन कार्य गरिने छ ।

**नीति ण.** कम प्रयोग, पुनःप्रयोग तथा पुनःचक्रणका जनचेतना कार्यक्रमहरू समुदाय तथा विद्यालयहरूमा पुऱ्याउने तथा न्यूनिकरण, पुनरप्रयोग, पुनरचक्रण (3R) अवधारणाका आधारमा प्रोत्साहनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**तालिका १/५.४.१ : आवधिक प्राथमिकता : प्राकृतिक स्रोत तथा वातावरण**

**क.** नेपालको संविधानको अनुसूचि ८ मा स्थानीय तहको अधिकार अन्तर्गत स्थानीय बजार व्यवस्थापन, वातावरण, संरक्षण र जैविक विविधता सम्बन्धी अधिकार समेटेकोले स्थानीय तहको वातावरण संरक्षण संस्थागत नेतृत्व लिने अधिकार नगरपालिकाको हो । त्यसैले जैविक विविधता र वातावरण संरक्षण कार्यलाई निर्देशित र व्यवस्थित गर्ने, नीतिगत र कानुनी प्रबन्ध गर्ने नगरको प्राथमिकिताका कार्यहरू हुन् । यसका साथै दीगो व्यवस्थापनको लक्ष्य १५ मा समेत जैविक विविधता संरक्षण, वन व्यवस्थापन र यस विरुद्धका कार्यको नियन्त्रणलाई समेटिएको छ । दीगो विकास लक्षय १४ अनुसार सन् २०३० सम्ममा समुदाय घना वनले ढाकेको क्षेत्र २९ बाट ३५.५ प्रतिशत, संरक्षित वन ३५ बाट ४५ प्रतिशत, संरक्षित क्षेत्र २३.२३ बाट २५ प्रतिशत, झाडी बुट्यान क्षेत्र १०.६ बाट ५ प्रतिशतमा पुऱ्याउने सूचकहरू निर्धारण गरिएको छ तर विभिन्न कारणले प्रजातिहरूको बासस्थान विनास, वन विनास, प्रदुषण, प्राकृतिक स्रोतको दोहन, तापमान वृद्धि र जलवायु परिवर्तन, अतिक्रमणले जैविक विविधतामाथि प्रतिकुल असर परिरहेको छ । तसर्थ सो लक्ष्यलाई समेत मध्यनजर गरी वातावरण संरक्षणका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थलहरूको संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्न कानुनको निर्माण एवं समीक्षा र समयानुसार परिमार्जन गर्नु आवश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन एवं नियमावली निर्माण गर्ने । | १. वातावरण संरक्षण ऐन एवं नियमावलीको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. संघ, प्रदेश र स्थानीय तहमा प्राथमिकता प्राप्त आयोजना र वातावरणमा प्रभाव पार्ने अन्य आयोजनाहरू व्यवस्थित गर्न वातावरण व्यवस्थापनको समग्र पक्ष समेट्ने गरी कानुन, मापदण्ड तर्जुमा तथा संशोधन गरी कार्यान्वयनका लागि समन्वय गर्ने । |
| २. वातावरण संरक्षण कोष (सञ्चालन) कार्यविधि निर्माण गर्ने । | २. वातावरण व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाई स्वच्छ र स्वस्थ वातावरण सृजना गर्दै प्राकृतिक स्रोतहरूको प्रभावकारी प्रयोगको माध्यमले दीगो लक्ष्य हाँसिल गर्न आवश्यक सहकार्यका साथै कोषको विवेकशील प्रयोग गर्ने । | २.विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरी हरियाली तानसेन र सफा तानसेनका लागि वातावरण संरक्षण कोषको मुलधन वृद्धि गर्ने । |

**ख.** नेपालको संविधानको अनुसूचि ८ मा स्थानीय तहको अधिकार अन्तर्गत खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी अधिकार समेटिएको छ । नगरको छापमा फलाम खानी र कोइला खानी रहेको छ साथै नगरका विभिन्न खोलाहरू जस्तैः कालीगण्डकी, तिनाऊखोलामा नदीजन्य पदार्थहरू पनि रहेका छन् । तर नगरमा रहेका यी अमूल्य वस्तुहरूको उत्खननका निमित्त हालसम्म पनि कुनै नीति नबनेको अवस्था रहेको छ । तसर्थ यी वस्तुहरूको दीगो सदुपयोग गर्दै नगरमा विभिन्न उद्योगको विकास गर्दै अर्थतन्त्र बलियो बनाउनको निमित्त नीति निर्देशिकाको आवश्यकता रहेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. खानी तथा खनिज पदार्थ सम्बन्धी ऐन एवं निर्देशिका निर्माण गर्ने । | १. खानी तथा खनिज पदार्थ सम्बन्धी बनेका नीतिहरूको आवधिक समीक्षा गर्ने र आवश्यकता अनुरूप संशोधन गर्ने । | १. खनिज पदार्थको उत्खननमा बनेका कानुनमा आवश्यकता अनुरूप संशोधन एवं परिमार्जन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नगरमा रहेका खानी तथा खनिज पदार्थको खोजतलास एवं गुणस्तर तथा परिमाण यकिन कार्यका लागि आवश्यक अध्ययन गर्ने । | २. विभागको अनुमतिमा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी उत्खनन् सम्बन्धी कार्य गर्ने र बजारीकरणको लागि आवश्यक समन्वय गर्ने । | २. नगरमा रहेका खनिज पदार्थहरूको उत्खनन गर्दै सो सम्बन्धी वातावरणमैत्री उद्योगहरूको स्थापना गर्ने । |
| ३. खनिज पदार्थहरूको अनुसन्धान कार्यमा सम्बन्धित विद्यार्थी, भूवैज्ञानिक एवं अनुसन्धानकर्ताहरूलाई अध्ययन तथा खोज अनुसन्धान गर्न प्रोत्साहन एवं प्राथमिकता दिने । | ३. खनिज पदार्थहरूको खोज अनुसन्धान एवं उत्खनन् कार्यहरूमा नियमित अनुगमन एवं मुल्याङ्कन गर्ने । | ३. खनिज पदार्थहरूमा नयाँ नयाँ अनुसन्धानबाट प्राप्त परिणाम एवं नयाँ प्रविधिहरूलाई अंगाल्दै दीगो संकलनका निमित्त अनुसन्धान जारी राख्ने । |

**ग.** तानसेन नगरपालिकाभित्र ८७ वटा सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरित वनको क्षेत्रफलः २८४६.५३ हेक्टर (८७ वटा समूह) र बाँकी २३५३.४६ हेक्टर वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रूपमा रहेको छ । साथै नगरपालिकामा केही निजी वनहरू पनि रहेका छन् । नगरमा वन उपभोक्ता समितिको निगरानीमा भएता पनि कालिज, वन कुखुरा, मृग जस्ता जीवजन्तुहरू चोरी शिकार हुने गर्दछ । जीवजन्तु चोरी शिकार तथा अवैध ओसारपसार पनि नगरको समस्या बन्दै गरेकोले सो अन्त्य गर्न तत्काल कारबाहीका लागि कानुनको व्यवस्था गनुपर्दछ । यसका साथै नगरमा जडिबुटीहरूको प्रचुर सम्भावना रहेको छ । विभिन्न प्रजातीका जडिबुटीहरू प्रशस्त रहेका छन् । तसर्थ यी वस्तुहरूको संरक्षण, उत्पादन तथा निकासी एवं व्यवसायिक खेती विकास सम्बन्धी कुनै पनि नीति नभएकाले सो को स्पष्ट नीति एवं कार्यविधि निर्माण आवश्यक छ । साथै जडिबुटीको उचित संरक्षण, व्यवस्थापन, खेती विकास र प्रशोधन एवं जडिबुटीको संकलन, ओसारपसार तथा निकासीलाई सरल, सहज, व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउँदै रोजगारमुखी बनाउनु आवश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जडिबुटीहरूको संरक्षण, उत्पादन तथा निकासी एवं व्यवसायिक खेती विकास सम्बन्धी स्पष्ट नीति एवं कार्यविधि निर्माण गर्ने । | १. जडिबुटीहरूको दीगो संकलन गर्नका लागि नगरमा भएका नीति एवं कार्यविधिहरूमा आवश्यकता अनुरूप संशोधन गर्ने । | १.समय परिवर्तनसँगै प्राकृतिक स्रोत दीगो संरक्षणमा भएका आविष्कार प्रविधि विकास एवं नवीनतम् सोचलाई आत्मसात गर्दै नीति निर्माण एवं परिमार्जन तथा संशोधन गर्दै प्रभावकारी कार्यान्वयन गर्ने । |
| २. जीवजन्तु एवं वनस्पतिको चोरी शिकारी अन्त्य गर्न आवश्यक ऐनको व्यवस्था गर्ने । | २. वन्यजन्तु चोरी शिकारी न्यूनिकरण गर्न नगरमा रहेका वनजंगलहरूमा घेराबार लगाई संरक्षण गर्ने । | २. जीवजन्तु चोरी शिकारी अन्त्य गर्न वनेको ऐनको आवश्यता अनुसार संशोधन एवं परिमार्जन गर्ने । |
| ३. वन कार्यालयको अनुमतिमा नगरमा पाइने जडिबुटीहरूको अध्ययन तथा अनुसन्धान गर्ने । वन क्षेत्रको उत्पादकत्व वृद्धि र जैविक विविधता संरक्षण गर्न सामुदायिक वन उपभोक्ता समिति सदस्यहरू समेतको क्षमता र सीप विकास तथा प्रचार प्रसार कार्यका लागि रणनीतिहरू बनाउने । | ३. नगरमा जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने र जडिबुटीको बजारीकरण गर्ने । | ३. नगरमा रहेका स्थानीय श्रोतहरूको दीगो संकलन गर्ने उद्देश्यका साथ नगरमा स्थानीय, उद्योग वाणिज्य संघ एवं सरोकारवालाहरूसँग सहकार्य गरी थप ठूला तथा मझौला उद्योगहरू स्थापना गरी पूर्ण रोजगारमय नगर निर्माण गर्ने । |

**घ.** नगरमा पानीका मुहानहरू प्रशस्त रहेका छन् र पानीका मुहानहरू सुक्दै गएका छन् । पानीका मुहानहरू सुक्ने अवस्थाको गहन अध्ययन गरी मुहानहरूको खोजीनीति गरी पानीको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवम् पानीको लाभदायक उपयोगहरूको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय प्रभाव तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने तथा पानीका मुहानलाई प्रदुषण मुक्त राख्न आवश्यक छ । तसर्थ पानीका मुल एवं ताल तथा पोखरीहरूको संरक्षण गर्नका निम्ति निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ ।


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. पानीका मुहानहरू संरक्षण एवं सम्बर्द्धन गर्नका निमित्त नगरमा गठन गरिएका टोल सुधार समितिहरूको प्रमुख जिम्मेवारी रहने गरी कार्यविधि निर्माण गर्ने । | १. पानीका मुहान संरक्षणमा बनेको कार्यविधिको आवधिक समीक्षा गर्ने । | १. पानीका मुहान संरक्षणमा बनेको कार्यविधिको आवधिक समीक्षा गर्दै आवश्यक संशोधन गर्ने । |
| २. जमिन सुख्खा हुने जस्ता समस्या भइरहेको सन्दर्भमा नगरमा भएका पोखरीहरूको संरक्षण गर्दै ठाउँ ठाउँमा रिचार्ज पोखरहीरू निर्माण गर्ने । सिमसार क्षेत्र भनी छुट्टाइएको प्रभास तालको उचित व्यवस्थापन गर्ने । | २. कम्तीमा एक वडाः एक पोखरी निर्माण गर्ने । | २. आवश्यकता अनुरूप पोखरीहरूको मर्मत गर्दै पोखरी निर्माण कार्यलाई निरन्तरता दिने । |
| ३. पानीका मुहान एवं पोखरीहरूको संरक्षणका लागि नगरवासीहरूमा सचेतनाका कार्यक्रमहरू गर्ने । | ३. ताल एवं पोखरीहरूको संरक्षणमा नगरवासीहरूलाई बढी प्राथमिकता दिई संरक्षण कार्यमा अघि बढाउने । | ३. पोखरी लयागत पानीका मुहानहरूको सरसफाई एवं संरक्षण कार्यलाई निरन्तरता दिने । |

**ङ.** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ सम्वत् २०६८ सालको ऐन नं. ४ अनुसार फोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन स्टेशन), कम्पोष्ट प्लाण्ट, बायो ग्याँस प्लाण्ट लगायत फोहोरमैलाको संकलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय निकायको हुने व्यवस्था रहेको छ । नगरपालिकामा स्यानिटरी ल्याण्डफिल साइटको व्यवस्थासँगै फोहोरमैला व्यवस्थापनको लागि उचित प्रयास भएको छ र नगरले कुहिने र नकुहिने फोहोरहरू स्रोतमै छुट्याएर मात्र संकलन गर्ने र कुहिने फोहोर र नकुहिने फोहोर एवं सिसाजन्य फोहोर संकलन गर्ने दिन समेत तोकी नगरवासीमा सूचना प्रवाह गरेको छ । तर नगरपालिकामा फोहोरमैला व्यवस्थापनको लागि उचित कार्यप्रणाली भएता पनि कतिपय वडाबासीले लुकिछिपी फोहोरहरू फाल्ने गरेको छ जसले गर्दा खोलाहरू प्रदुषित भएका छन् भने होटलहरूबाट निष्कासन हुने फोहोर पानी एवं फोहोरमैलाको कारण पानीका मुहान लगायत वातावरण दुषित भएको छ । यसका साथै फोहोर संकलनका लागि आवश्यक श्रोत साधनको कमी छ ।

नगरपालिकामा कुल घरपरिवारहरू मध्ये ४,४४५ (३३.९६ प्रतिशत) घरधुरीमा मात्र फोहोरहरू घरमै संकलन गर्ने व्यवस्था रहेको छ भने गाउँघरमा फोहोर संकलन गर्ने व्यवस्था नभएको अवस्था रहेको छ जसलाई चित्र नं. १/५.४.१. मा पनि देखाइएको छ । नक्सामा नगरका केही वडाहरूका केही घरहरू मात्र घरधुरी फोहोर संकलनको सुविधा पुगेका देखिन्छ भने बाँकी घरहरू यस सेवाको पहुँचमा पुग्न नसकेको अवस्था रहेको छ । यसका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तानसेन नगरपालिकाले नगरपालिकाको आर्थिक ऐन, २०७४ बनाएको छ जसमा नगरपालिका क्षेत्रभित्र नगरपालिकाले सरसफाई सेवा उपलब्ध गराएवापतको सरसफाई शुल्क अनूसूचि १५ बमोजिम लगाई संकलन गर्ने व्यवस्था रहेको छ । तर घर अस्पताल तथा नगरले सरसफाई सेवा उपलब्ध गराएका घर, संघ संस्था तथा होमस्टे जस्ता संस्थाहरू सञ्चालकहरूलाई नगरको शुल्कको दायरामा पूर्ण रूपमा ल्याउन नसकिएको अवस्था पनि रहेको छ ।

नगरपालिकाभित्र उत्पादन भएको फोहोरमैलाको संकलन गरी व्यवस्थापन केन्द्रसम्म लैजानका लागि आवश्यक संकलन र ढुवानी गर्ने व्यवस्था नगरपालिकामा भएता पनि नगरपालिकामा निष्कासित फोहोरहरूको स्रोतमै कुहिने र नकुहिने फोहोरमा वर्गीकरण गरी फोहोरहरूको प्रकृति अनुरूप फोहोरहरूको व्यवस्थापन गर्ने चेतना वडाका सबै स्थानीयमा नभएको अवस्था रहेको छ । तसर्थ सडकहरूको स्तरोन्नतिसँगै फोहोर संकलन साधनहरूको व्यवस्था गरी फोहोर संकलन प्रक्रियालाई गाउँघरमा समेत पुऱ्याई नगरको आयआर्जन गर्न सकिने अवस्थामा नगरलाई पुऱ्याउन फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रभावकारी कार्यान्वयनको आवश्यकता छ । तसर्थ फोहोर व्यवस्थापन गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सोचको आवश्यकता भएको र विभिन्न वातावरण विज्ञहरू एवं स्थानीयहरू सहितको संयुक्त प्रयासमा फोहोर व्यवस्थापनमा नयाँ प्रविधिको अध्ययन गर्न निम्न प्राथमिकताहरू तय गरिएको छ ।

**नक्सा १/५.४.१ : घरदैलो फोहोर संकलन गरिएका घरधुरीहरू**




| Ward | Solid Waste Collected From House | Solid Waste Not Collected From House |
|---|---|---|
| 1 | 437 | 529 |
| 2 | 1117 | 12 |
| 3 | 1107 | 345 |
| 4 | 715 | 134 |
| 5 | 302 | 614 |
| 6 | 306 | 808 |
| 7 | 166 | 1072 |
| 8 | 0 | 799 |
| 9 | 4 | 877 |
| 10 | 8 | 802 |
| 11 | 9 | 575 |
| 12 | 0 | 622 |
| 13 | 1 | 518 |
| 14 | 81 | 756 |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. शुन्य फोहोरको अवधारणालाई आत्मसाथ गरी फोहोरहरू स्रोतमै वर्गीकरण गरेपश्चात् मात्र उचित व्यवस्थापन गर्ने प्रक्रियालाई विकास गर्ने । | १. फोहोरहरू स्रोतमै कुहिने र नकुहिने फोहोरमा छुट्टाछुट्टै वर्गीकरण गर्ने कार्यलाई निरन्तरता दिने । | १. कुहिने र नकुहिने फोहोरहरूमा वर्गीकरण गरिएका फोहोरहरू मात्र घरदैलो फोहोर संकलनकर्ताले लैजाने भएकोले वर्गीकरण प्रक्रियालाई निरन्तरता दिने । |
| २. घरदैलो फोहोर संकलन प्रक्रियालाई क्रमशः विस्तार गर्दै गाउँघरमा समेत यसको सुविधा पुऱ्याउन आवश्यक प्रबन्ध मिलाउने । | २. घरदैलो (Door-to-door) फोहोर संकलनका लागि पर्याप्त सवारी साधनहरूको व्यवस्था गरी उक्त सुविधा नगरका प्रत्येक घर एवं फोहोर निष्कासन हुने स्थानहरूमा पुऱ्याउने । | २. घरदैलो फोहोर संकलन प्रक्रियाले नगरका फोहोर निष्कासन गर्ने उद्योग, कलकारखाना, होटल, अस्पताल, बजार क्षेत्र, विद्यालय लगायत अन्यलाई समेत समेटिने गरी फोहोरमैला संकलनमा विकास भएका नवीनतम उपायहरू अपनाई फोहोरहरू संकलन प्रक्रियालाई अझ सरल सहज बनाउने । |
| | ३. बढ्दो फोहोरमैलासँगै सो को व्यवस्थापनका लागि वैज्ञानिक तवरले व्यवस्थापनका लागि नगरमा स्थानान्तरण केन्द्र (transfer station) (यदि फोहोर बिसर्जन गर्ने स्थानको दुरी १० कि.मि.भन्दा टाढा भएमा) निर्माण गर्ने । | ३. प्रशोधन केन्द्र एवं स्थानान्तरण केन्द्रहरूको मर्मत सम्भारसँगै नियमित अनुगमन गर्ने । |
| ४.सबै वडाको पहुँचमा पायक पर्ने स्थानमा फोहोर प्रशोधन केन्द्र स्थापनाको लागि सम्भावना अध्ययन गर्ने । | ४. बढ्दो फोहोरको अनुपातलाई मध्यनजर गरी फोहोर प्रशोधन केन्द्र स्थापना गरी सञ्चालन गर्ने । | ४. निर्माणाधिन फोहोर, इलेक्ट्रोनिक्स फोहोर, हानीकारक फोहोर, धातु, सिसा प्लाष्टिक लगायत सबै किसिमका फोहोर हरूको व्यवस्थापन नगर आफैले गर्न सक्ने अवस्थामा पुग्ने । |
| ५. फोहोरमैला संकलन गरेबापतको रकम स्थानीय एवं फोहोर निष्कासन गर्ने सबैले तिर्नुपर्ने प्रणालीको विकास गरी फोहोरमैला व्यवस्थापन गर्ने प्रक्रियालाई विस्तार गर्ने । | ५. फोहोरमैला व्यवस्थापनका लागि बिलिङ्ग र राजस्व संकलन प्रणालीहरूको व्यवस्थापन गर्ने । | ५. फोहोरमैला व्यवस्थापन सम्बन्धी राजस्व संकलन प्रक्रियामा सुधार गरी पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गर्ने । |
| ६. पर्यटकीय नगर भएका कारण नगरका मुख्य मुख्य स्थान, बसपार्क, पैदल मार्गहरूमा डस्टविनहरू व्यवस्था गर्ने । | ६. डस्टविनहरूको व्यवस्था नगरका प्रत्येक मुख्य स्थानहरूमा राख्ने र आगन्तुक एवं यात्रुहरूले फोहोरहरू उक्त डस्टविनमा मात्र फाल्ने प्रवृत्तिको विकास गर्ने । | ६. डस्टविनहरू राखिएका स्थानहरूको अवलोकन गरी आवश्यक स्थानमा डस्टविनको संख्यामा वृद्धि गरी सफा नगर निर्माण गर्ने । |
| ७. ल्याण्डफिल साइटलाई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय मापदण्डहरूलाई अनुशरण गर्दै सञ्चालन गर्ने । | ७. ल्याण्डफिल साइट सञ्चालन एवं अपग्रेड गर्ने । | ७. छनोट गरिएका ल्याण्डफिल साइटको अवधि खयाल राखी, भविष्यको लागि वैकल्पिक साइटहरू रोजेर अधिकरणमा ल्याउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ८. होटल व्यवसायी, पशुपालन व्यवसायी, उद्योग व्यवसायी, पसल व्यवसायी एवं फोहोर निस्कासन गर्ने अन्यहरूलाई फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने नीतिको जानकारी हुने गरी कडा कारवाहीसहितको आदेशहरू जारी गर्ने । | ८. नगरमा फोहोरमैला व्यवस्थापन सम्बन्धी भएका आदेशहरूको पालना भए नभएको जानकारीका निमित्त नियमित अनुगमन एवं मुल्याकंन गर्ने । | ८. फोहोरमैला व्यवस्थापन सम्बन्धी हुने अनुगमन प्रक्रियालाई निरन्तरता दिने । |

**च.** तानसेन नगर प्लाष्टिक झोलामुक्त नगर समेत घोषणा भएको छ । नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम दर्ता भई सञ्चालनमा रहेको उद्योगहरूलाई खुल्ला रूपमा फोहोर जलाउन प्रतिबन्ध लगाइएको भएता पनि नगरमा औद्योगिक फोहोरहरू जलाउने गरेका छन् । नगरमा प्लाष्टिकको प्रयोग अत्यधिक मात्रामा भएको र सस्तो, सजिलो र बलियो हुने भएकाले यसको प्रयोग अझै बढ्दै गएको छ । नगरमा करिब ३,१६१ (२४.०९ प्रतिशत) घरपरिवारहरूले आफ्नै घरको कम्पाउन्डभित्र बाल्ने गरेको छ । जसले गर्दा प्लाष्टिकजन्य फोहोरहरूबाट हुने नकरात्मक असरहरू जस्तै फालिएका प्लाष्टिकहरू सेवन गरेर पशुहरूको मृत्यु हुने, प्लाष्टिकले ढल नालीहरू, सिचाईका कुलोहरू थुनिने साथै खोलानालाहरू फोहोर हुने, नगरको शोभा घट्ने जस्ता प्रभावहरू हुनुका साथै प्लाष्टिकहरू बाल्दा निस्कने हानीकारक ग्याँसहरूले मानवमा प्राणघातक रोगहरू लाग्न सक्ने भएका तसर्थ सो समस्याहरू हटाउन एवं प्लाष्टिकको वैकल्पिक व्यवस्थापन र निषेधात्मक कार्यक्रम ल्याउन तथा शुन्य फोहोर अवधारणामा गई भएका फोहोरलाई आधुनिक प्रविधि प्रयोग गरी श्रोतको रूपमा उपयोग गर्न नगरपालिकामा प्लाष्टिक व्यवस्थापन सम्बन्धी कार्ययोजनाहरूको आवश्यकता छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्लाष्टिकको प्रयोग बढ्दै गएको सन्दर्भमा प्लाष्टिकलाई व्यवस्थापन गर्न, तोकिएको मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र पुनःचक्रण विधि एवं प्लाष्टिकजन्य पदार्थको पुनःप्रयोगको नीति अवलम्बन गर्ने । | १. पुनःप्रयोग, पुनःचक्रण, कम प्रयोग (3R' concept) लाई अवलम्वन गर्दै अधिकतम सदुपयोग गरी नगरमा अत्यन्तै थोरै फोहोरहरू मात्र विसर्जन गर्ने प्रणाली तयार गर्ने । | १. पुनःचक्रण गर्न सकिने फोहोर हरूलाई व्यवस्थापन गर्न सो सम्बन्धित उद्योगहरू पहिचान गरी स्थापना गर्ने । |
| २. वातावरणमैत्री झोला प्रयोगलाई प्राथमिकता दिनको निमित्त नगरका महिलाहरूको सक्रिय भूमिकामा वातावरणमैत्री झोला उत्पादन सम्बन्धी आवश्यक परामर्श एवं तालिमहरूको व्यवस्था गर्ने । | २. वातावरणमैत्री झोला निर्माण एवं प्रयोगलाई निरन्तरता दिने । | २. प्लाष्टिकको मात्रा बढेसँगै प्लाष्टिक व्यवस्थापनका नवीनतम् उपायहरूलाई अवलम्बन गर्दै जाने । |
| ३. औद्योगिक फोहोरहरू जलाउन प्रतिबन्ध लगाएको बारे उद्योग व्यवसायीहरूलाई समेत जानकारीमा ल्याई सो को दीगो व्यवस्थापनका लागि अनुगमनसहित समुदायमा यसबारे जनचेतना जगाउने । | ३. प्लाष्टिक उत्पादन, प्रयोग एवं विसर्जन प्रक्रियाहरूको नियमित अनुगमन एवं समुदायस्तरमा जनचेतना जगाउने क्रियाकलापहरूको निरन्तरता दिने । | ३. प्लाष्टिक सम्बन्धी सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. फोहोरबाट मोहर भन्ने अवधारणालाई नगरका समुदायमा विकास गराउन फोहोरहरूलाई कच्चा पदार्थको रूपमा उपयोग गरी स्थापना गर्न सकिने उद्योगहरूबारेमा जानकारी एवं प्रशिक्षण एवं यस्ता उद्योगहरू सञ्चालन गर्ने व्यक्ति वा समुदायलाई नगरले प्रोत्साहन गर्ने कार्यक्रमहरू गर्ने। | ४. फोहोरहरूलाई कच्चा पदार्थको रूपमा प्रयोग गरी उद्योगहरू स्थापना गर्ने। | ४. फोहोरहरूलाई सक्दो सदुपयोग गरी पर्यावरणीय उद्योगहरू सञ्चालन गर्ने र भएका उद्योगहरूको नियमित अनुगमन गर्ने। |

**छ.** नगरमा निष्कासन हुने फोहोरहरूमा बढी प्रतिशत फोहोर जैविक फोहोर रहेको छ। तर नगरमा जैविक फोहोर हरूको उचित व्यवस्थापनका कार्यविधिहरू नभएका कारण स्थानीयले उक्त फोहोरहरू नदी खोल्सा एवं अन्य स्थानमा फाल्ने, गाड्ने र जलाउने गरेका छन्। जसले वायु प्रदुषणसँगै वातावरणीय ह्रास भइरहेको छ। तसर्थ जैविक फोहोरहरूलाई नगरको स्रोतको रूपमा प्रयोग गर्न सकिने गरी कार्यविधिहरूको आवश्यकता रहेको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. कृषि प्रधान नगर समेत भएका कारण जैविक फोहोरहरू समाधान गर्ने उद्देश्यका साथ घरघरमा कम्पोष्ट मल बनाउन प्रेरित गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने। | १. जैविक फोहोरहरूको व्यवस्थापनका लागि समुदायस्तरमा सामुदायिक कम्पोष्ट मल प्लाण्टहरू राख्ने। | १. जैविक फोहोरहरूको व्यवस्थापनका लागि नगरमा ठुलो स्केलको कम्पोष्ट प्लाण्ट राख्ने। |

**ज.** यस नगरपालिकामा रहेका १३,१२२ परिवारहरू मध्ये धारा तथा पाइप प्रणालीबाट पिउने पानी प्रयोग गर्ने परिवारको संख्या ११,५२३ (८७.८१ प्रतिशत) रहेको छ। ट्यूबबेल वा हातेपम्पमार्फत् आपूर्ति गरिएको पिउने पानी उपभोग गर्ने परिवारको संख्या ५९१ (४.५० प्रतिशत) रहेको छ। नगरमा पानीका मुहानमा प्रदुषणको समस्या रहेको र मुहानहरूको उचित संरक्षण नभएको साथै ढलको उचित व्यवस्था नभएका कारण कतिपय स्थानमा फोहोर पानी पानीका मुहानहरूमा मिसिएर पानी दुषित भएको छ। नगरमा पिउने गरेको पानी पिउन वा अन्य प्रयोगका लागि पूर्णरूपमा सुरक्षित नहुने सम्भावना बढिरहेको उक्त पानी पिउन योग्य वा अयोग्य जाँच गर्नका लागि नगरमा कुनै पनि किसिमको प्रयोगशाला समेत नभएको अवस्था रहेको छ। तसर्थ दीगो विकास लक्ष्य Sustainable Development Goals Status & Roadmap: २०१६-२०३० समेतलाई आधार बनाई नगरमा स्वच्छ खानेपानीको आपूर्ति गरी स्वच्छ खानेपानी उपभोग जनसंख्या क्रमशः वृद्धि गर्नको निमित्त नगरमा खानेपानी तथा सरसफाई सम्बन्धी नीति निर्देशिका एवं पानी शुद्धिकरण सम्बन्धी निर्देशिकाको आवश्यकता छ।


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. खानेपानी तथा सरसफाई सम्बन्धी नीति निर्देशिका निर्माण गर्ने। | १. नगरमा खानेपानी तथा सरसफाई सम्बन्धी नीतिहरू आवश्यकता अनुरूप परिमार्जन गर्ने। | १. खानेपानी सम्बन्धी नीति निर्देशिकाहरूको समीक्षा गर्ने एवं संशोधन एवं परिमार्जन गरी पूर्ण स्वच्छ खानेपानी उपभोग नगर निर्माण गर्ने। |
| २. पानी शुद्धिकरण सम्बन्धी निर्देशिका निर्माण गर्ने। | २. पानी शुद्धिकरण सम्बन्धी निर्देशिकामा आवश्यक परिमार्जन गर्ने। | २. पानी शुद्धिकरण सम्बन्धी निर्देशिकामा आवश्यक परिमार्जन गर्ने। |
| ३. पानीको उपयुक्तताको परीक्षणका लागि आवश्यक प्रयोगशाला एवं दक्ष जनशक्तिको व्यवस्था गर्ने। | ३. सबै प्रकारका पानीको परीक्षण नगरमै गर्न सक्ने अवस्थामा पुऱ्याउन विभिन्न प्रयोगशालाका सामग्री, रसायनहरू एवं उपयुक्त स्थानहरूको व्यवस्था गर्ने। | ३. पानी परीक्षणमा दक्ष जनशक्तिहरू नगरकै स्थानीयलाई तयार गर्ने र सम्पूर्ण सुविधायुक्त प्रयोगशाला निर्माण गर्ने। |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. पानी शुद्धिकरणका विविध उपायहरू सम्बन्धी नगरवासीहरूलाई तालिमहरू दिने एवं सुरक्षित पानी सम्बन्धी व्यापक जनचेतना फैलाउने र पानी शुद्धिकरणका विविध प्रक्रियाहरू नपढेका ग्रामीण महिलाहरू समेतले बुझ्ने गरी चित्रमा प्रस्तुत गरी सूचना बोर्डहरू राख्ने । | ४. पानी शुद्धिकरण सम्बन्धी तालिम, जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने र यी कार्यक्रमहरूमा महिला स्वयंसेविका एवं नगर स्वयंसेवकहरूलाई सम्मिलित गर्ने । | ४. पानी शुद्धिकरण सम्बन्धी तालिम, जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |
| ५. मुहानहरूको संरक्षण गर्ने । | ५.मुहानहरूको सरसफाई कार्यक्रमलाई निरन्तरता दिने | ५.मुहानहरूको सरसफाईलाई निरन्तरता दिँदै संरक्षण गर्ने । |

**झ.** नगरपालिकाको नगरपालिकाको कुल घरपरिवारहरू मध्ये सबैभन्दा धेरै ७,८९४ (६०.१६ प्रतिशत) एल.पी. ग्याँस, ४,९३३ (१४.१२ प्रतिशत) काठदाउरा, २७८ (२.१२ प्रतिशत) ले गोबरग्याँसको प्रयोग गर्दछन् भने मट्टितेल, बिजुली प्रयोग गर्ने जनसंख्या नगन्य रहेको छ । काठ दाउराको प्रयोगले एकातर्फ वनजंगल र पर्यावरणमा क्षति पुग्ने र अर्कोतर्फ धुवाँ र दाउरा संकलन गर्दा लाग्ने समयले क्रमशः स्वास्थ्यमा असर पुऱ्याउनुका साथै समयसमेत बढी खर्च हुने समस्या रहेको छ। नेपालले प्रस्तावित दीगो विकास लक्ष्य (SDG–7) मा इन्धनको प्राथमिक स्रोतको रूपमा काठ, दाउरा, गुइँठा आदि प्रयोग गर्ने जनसमुदाय सन् २०३० सम्म १० % मा झार्ने) तथा बिजुलीको पहुँच ९९% मा ल्याउने बाट लक्ष्य राखेको छ। यसै राष्ट्रिय लक्ष्यलाई मनन गर्दै नगरमा समेत नीति तथा कार्यक्रमहरूलाई सोही उन्मुख बनाउनु आवश्यक छ।

नगरपालिकामा भएका स्रोत र साधनहरूको प्रयोग गरी नवीकरणीय ऊर्जाहरूको खोजी, उत्पादन एवं कार्यान्वयनका लागि नीति निर्देशिकाहरू निर्माण गर्दै नगरवासीमा ऊर्जाको सहज उपलब्धताको सुनिश्चित गर्न आवश्यक छ । त्यसलै सम्भाव्यताका आधारमा विद्युत तथा वैकल्पिक ऊर्जामार्फत् काठ दाउरालाई इन्धनको प्रयोगलाई कमी ल्याउन तल उल्लिखित कार्यक्रमले योगदान गर्नेछ ।

नक्सा २/५.४.१ : काठ दाउरालाई खाना पकाउने ऊर्जाको प्रमुख स्रोत बनाउने घरधुरी




| Ward | HHs using Firewood For Cooking |
|---|---|
| 1 | 168 |
| 2 | 6 |
| 3 | 11 |
| 4 | 2 |
| 5 | 431 |
| 6 | 282 |
| 7 | 315 |
| 8 | 476 |
| 9 | 401 |
| 10 | 679 |
| 11 | 533 |
| 12 | 486 |
| 13 | 455 |
| 14 | 613 |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सौर्य ऊर्जाका लागि नगरमा सम्भाव्यता अध्ययन प्रक्रिया अगाडि बढाउने । | १. सौर्य ऊर्जा उपयोगका बिचको तुलनात्मक लाभका आधारमा सौर्य ऊर्जाको उपयोग गर्ने र नगरका घरहरूमा सहुलियतमा सौर्य उपकरणहरू जडान गर्ने । | १. वैकल्पिक ऊर्जाहरू जस्तै सौर्य ऊर्जा, सुधारिएको चुलो, बायोग्याँस आदि जस्ता वैकल्पिक ऊर्जाको खपत बढाई कार्वन उर्त्सजनमा न्यूनिकरण गर्ने । |
| २. विद्युत आपूर्तिको कमी पूर्तिका पूर्वाधार निर्माणका लागि समन्वय गर्ने । | २. जलविद्युत आपूर्ति बढाउन समन्वयात्मक प्रयास गरी दाउराको उपयोगलाई न्यूनिकरण गर्ने । | २. नगरमा कम मूल्यमा घरेलु माग पूरा गर्न लागत प्रभावी लघु जलविद्युत आयोजनाहरू सञ्चालन गर्न अध्ययन गर्ने । |

**ञ.** नगरपालिकामा रहेका कुल घर परिवार १३,१२२ मध्ये ७,५३६ (५७.४३ प्रतिशत) परिवारहरूले फ्लससहितको सेप्टिक ट्यांक भएको चर्पी, ४,२८६ (३२.६६ प्रतिशत) फ्लससहितको सार्वजनिक ढल भएको चर्पी, १,२३१ (९.३८ प्रतिशत) साधारण चर्पीको प्रयोग गरेको र ४० घर परिवारहरूले भने चर्पीको प्रयोग नै नगरेको अवस्था रहेको छ । नगरपालिकामा आवश्यक आधारभूत सार्वजनिक भौतिक पूर्वाधारको विद्यमान अवस्थालाई हेर्दा ढलजस्तो सामुदायिक सरसफाई, स्वास्थ्य तथा व्यक्तिगत र पारिवारिक स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषय व्यवस्थापनको स्थिति कमजोर रहेको छ तसर्थ ढलजस्ता भौतिक पूर्वाधारको समुचित विकास गर्न तथा शौचालय निर्माण एवं सञ्चालन गरी सरसफाई र स्वच्छता कायम राख्न अत्यावश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा सेप्टिक ट्यांकसहितको चर्पीको प्रयोगलाई अनिवार्य गर्न नीति निर्माण गर्ने । | १. सेप्टिक ट्यांकसहितको चर्पी निर्माणमा बनेका नीतिको आवधिक समीक्षा गर्दै आवश्यक परिमार्जन गर्ने । | १. शौचालय प्रयोगमा बनेको नीतिमा परिमार्जन गर्ने । |
| २. दिसाजन्य लेदो व्यवस्थापन हेतु नगरमा Feacal Sludge Management treatment plant स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्ने । | २. दिसाजन्य लेदो प्रशोधन तथा व्यवस्थापन (Feacal Sludge Management & Treatment Plant) सञ्चालनका निमित्त विभिन्न सरकारी एवं गैरसरकारी, दातृ निकाय एवं स्थानीयहरूसँगको समन्वयमा आवश्यक संरचनाको निर्माण एवं कार्यप्रणाली विकास गर्ने । | २. Feacal Sludge Management Treatment लाई व्यवस्थित र सुरक्षित गरी नीति निर्माण गरी श्रोतको रूपमा उपभोग गर्ने । |
| ३. नगरवासीसँगको सहकार्यमा शौचालयको निर्माण गर्ने । | ३. महिला बालबालिका, ज्येष्ठ नागरिक अपांगमैत्री शौचालयहरू नगरका मुख्य मुख्य स्थानहरू, बजार क्षेत्र, बसपार्कहरूमा निर्माण गर्ने र शौचालयको नियमित अनुगमन गर्ने । | ३. शौचालयहरूको मर्मत सम्भार गर्दै शौचालय प्रयोगको अनुगमन एवं समीक्षा गर्ने । |

**ट.** पुराना सवारी साधन, कच्ची सडक, मोटरबाटाको धुलो, कलकारखाना जस्ता साधनको प्रयोगले धुलोहरू बढेको छ । साथै नगरका १,२७८ घरपरिवारले नगरमा वायु प्रदुषणको समस्या भएको जनाएको छ । तसर्थ वायु प्रदुषण नियन्त्रणका लागि नगरमा निर्देशिकासँगै अनुगमनको आवश्यकता रहेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा यातायात व्यवसायी संघसँग समन्वय गरी उच्च वायु प्रदुषण गर्ने पूराना सवारी साधनहरू हटाउने सम्बन्धमा नीति निर्माण गर्ने । | १. नगरमा सञ्चालित गाडीहरूको नियमित अनुगमन गरी वातावरणमैत्री सडकहरू निर्माण प्रक्रियालाई अगाडि बढाउने । | १. एकदमै न्यून वायु प्रदुषण गर्ने र वातावरणमैत्री सवारी साधन जस्तैः विद्युतीय सवारी साधन लगायत अन्य नवीनतम उपायहरूलाई प्रयोगमा लाई सञ्चालन गर्ने । |
| २. वातावरणीय प्रदुषणलाई मध्यनजर गरी ग्रामीण कच्ची सडकहरूको स्तरोन्नती गर्ने । | २. गाउँघरका कच्ची सडकहरू कालोपत्रे गर्ने । | २. वातावरणीय प्रदुषण परीक्षण प्रयोगशालाका लागि आवश्यक दक्ष कर्मचारीहरूको व्यवस्था गर्ने । |
| ३. बजार क्षेत्र, उद्योग कलकारखाना जस्ता वायु प्रदुषणबाट जोखिममा रहेका स्थानहरूको अध्ययन एवं अनुसन्धान गर्ने । | ३. बजार क्षेत्र, औद्योगिक प्रतिष्ठान र जोखिममा रहेका क्षेत्रमा वायु गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन, वायु गुणस्तरको एकीकृत नक्साकंन, वायु प्रदुषण क्षमता यकिन र पूर्वानुमान गरी उत्सर्जन गतिविधिमा नियन्त्रण गर्ने । | ३. वातावरणीय प्रदुषण परीक्षण प्रयोगशालाका लागि आवश्यक दक्ष कर्मचारीहरूको व्यवस्था गर्ने । |

**ठ.** नगरपालिकामा सञ्चालित विभिन्न उद्योगहरू तथा सवारी साधनहरूबाट ध्वनी प्रदुषण भइरहेको छ जसले गर्दा मानव कानले सुन्न सक्ने ध्वनी भन्दा अत्यधिक ध्वनीले गर्दा मानव स्वास्थ्यमा हुने नकारात्मक असरहरू हुने सम्भावना अधिक रहन्छ । तसर्थ सवारी साधन लगायत चर्को आवाजमा ध्वनी निकाल्ने उद्योग कलकारखानाहरूबाट हुने ध्वनी प्रदुषण नियन्त्रण गर्न स्पष्ट नीति लगायत नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप ध्वनी प्रदुषण स्तर प्रत्येक वर्ष जाँच गर्ने र मानव कानले सुन्न सक्ने ध्वनीको मात्रा भन्दा धेरै ध्वनी प्रदुषण भएमा दण्ड सजायको समेत व्यवस्था गर्न आवश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सवारी साधन लगायत चर्को आवाजमा ध्वनी निकाल्ने उद्योग कलकारखानाहरूबाट उत्पन्न हुने ध्वनी प्रदुषणलाई निराकरण गर्न र उद्योग व्यवसायी एवं सवारी चालकमा सो सम्बन्धी जानकारी प्रदान गर्न स्पष्ट नीति निर्देशन निर्माण गर्ने । | १. ध्वनी प्रदुषणमा बनेको नीतिको समीक्षा गर्ने र आवश्यक परिमार्जन गर्ने । | १. ध्वनी प्रदुषणमा बनेको नीतिको समीक्षा गर्ने र आवश्यक परिमार्जन गर्ने । |
| २. नगरको ध्वनी मापनका लागि ध्वनी मापनयन्त्रको व्यवस्थापनका साथै समय समयमा अत्यधिक ध्वनी निष्कासन हुने स्थानहरू जस्तैः मानव बस्ती, ट्राफिक, कलकारखाना इत्यादिमा मापन गर्ने र राष्ट्रिय मापदण्ड अनुरूप भए नभएको जाँच गर्ने । | २. ध्वनी मापनयन्त्र सञ्चालन गर्न सक्ने जनशक्तिसहित यस्ता ध्वनी प्रदुषण गर्ने एकाईहरूको नियमित अनुगमन गर्ने । | २. ध्वनी प्रदुषण नियन्त्रण गर्न बनेका नवीनतम उपकरण एवं प्रविधिहरू अँगाल्दै ध्वनी प्रदुषण नियन्त्रित नगर निर्माण गर्ने । |

**ङ.** तानसेन नगरपालिकाको हरियाली तानसेन र सफा तानसेनका लागि पनि बजेट विनियोन गरेको छ। वातावरण विषयमा छुट्टिएको रकम एकदमै न्यून भएका कारण वातावरण सम्बन्धी विविध क्रियाकलापहरू प्रभावकारी रूपमा सकिरहेको छैन । तसर्थ वातावरणीय प्रदुषणले नगरको शोभा समेत घट्ने भएकाले नगरको दूरदृष्टि हरित वातावरणयुक्त पर्यटकीय नगर लाई समेत दृष्टिगत गरी वृक्षारोपण एवं बगैँचा निर्माणले नगरको सौन्दर्यता लगायत वातावरण सन्तुलन कायम राख्ने भएकाले निम्न कार्यहरूलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. खाली जग्गाहरूमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने । हरेक शिक्षक, विद्यार्थी र कर्मचारी आफ्नो घर कम्पाउण्ड सम्बन्धित कार्यालय परिसरमा कम्तीमा एउटा विरुवा रोप्ने तथा हुर्काउने व्यवस्था गर्ने । | १. वृक्षारोपण कार्यक्रमहरूलाई निरन्तरता दिने । | १. खुला तथा सार्वजनिक स्थलमा वृक्षारोपण गरी हरियाली कायम गर्ने साथै सडकपेटी किनारामा सुहाउँदो वृक्षारोपण गरी नगरको सौन्दर्यतामा वृद्धि तथा वातावरण सन्तुलनमा योगदान पुऱ्याउने । |
| २. सुन्दर तानसेनका लागि एक वडाः एक बगैंचा कार्यक्रमको शुरुवात गर्ने । | २. एक वडाः एक बगैंचा कार्यक्रमलाई निरन्तरता दिने । | २. स्थानीयको संलग्नतामा बगैंचाको संरक्षण गर्ने । |

**ढ.** नगरमा सरसफाई तथा वातावरण शाखा र कार्यपालिका अन्तर्गत वातावरण र विपद् व्यवस्थापन समिति रहेको छ । तर बढ्दो वातावरणीय प्रदुषण निराकरणका साथै वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्नका साथै जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन र सरसफाई तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन गर्नका निमित्त नगरमा वातावरण तथा प्राकृतिक सम्पदाहरूको संरक्षण सम्बन्धी ज्ञान एवं दक्षता हाँसिल गरेका वातावरण शाखा एवं कर्मचारी व्यवस्थापन पर्याप्त छैन । यसका साथै नगरबासीमा वातावरण सम्बन्धी जनचेतनाको पनि कमि देखिन्छ। तसर्थ मानव संशाधनको व्यवस्थासँगै क्षमता विकासका कार्यक्रमहरू आवश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. वातावरण सम्बन्धी बालबालिका समेतमा चेतना जगाउन विद्यालयको पाठ्यक्रममा वातावरण विषय समावेश गर्ने र वार्षिक कार्ययोजनामा कम्तीमा महिनाको एक पटक वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलापहरू समावेश गर्ने। साथै सरसफाई तथा वातावरणीय स्वच्छता कायम राख्न निजी साझेदारी कार्यक्रम तय गरी स्वच्छ वातावरण निर्माण गर्ने। | १. वातावरण विषय समावेश भएको पाठ्यक्रममा समयानुसार परिमार्जन गर्ने र वातावरण सम्बन्धित अतिरिक्त क्रियाकलापहरूलाई विद्यालयमा निरन्तरता दिने । | १. वातावरण विषय समावेश भएको पाठ्यक्रममा समयानुसार परिमार्जन गर्ने र वातावरण सम्बन्धित अतिरिक्त क्रियाकलापहरूलाई विद्यालयमा निरन्तरता दिने । |
| २. वातावरण सम्बन्धी विविध गतिविधि सचालनका लागि प्रमुख समन्वयकारी भूमिका निर्वाहका यस सम्बन्धी जानकार जनशक्ति व्यवस्थापन गर्ने । | २. नगर कार्यपालिकाको आफ्नो राजस्वको क्षमता, खर्चको आवश्यकता, सेवा उपलब्ध गराउनु पर्ने जनसंख्या तथा विकासका मुख्य मुख्य प्राथमिकता अनुरूप संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा वातावरण र प्राकृतिक स्रोतका लागि विषयगत दक्ष कर्मचारीहरूको व्यवस्था गर्ने । | २. वातावरण बहुआयामिक विषय भएकोले यसका विविध पक्षहरूमा समावेशी रूपमा कार्यहरू गर्नका लागि नगरमा फोहोरमैला, खानेपानी तथा सरसफाई, जलस्रोत, ऊर्जा जस्ता विषयहरूका लागि छुट्टाछुट्टै इकाई निर्माण गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ३. अनियन्त्रित शहरीकरणलाई मध्यनजर गर्दै कौशी खेती तालिमहरू सञ्चालन गर्ने । | ३. कौशी खेती तालिमहरूलाई निरन्तरता दिँदै स्वच्छ नगर निर्माण गर्ने । |
| ४. वातावरण, वनजंगल, जैविक विविधता सम्बन्धी विविध जनचेतनाका कार्यक्रमहरू एवं तालिमहरू नियमित सञ्चालन गर्ने । | ४. वातावरण एवं प्राकृतिक स्रोत, जैविक विविधता सम्बन्धी व्यापक जनचेतना फैलाउन विभिन्न क्रियाकलापहरू गर्ने । | ४. नगरवासीहरूमा वातावरण संरक्षण सम्बन्धी चेतनास्तर वृद्धि गर्दै वातावरणमैत्री नगर निर्माण गर्ने । |

**तालिका २/५.४.१ : प्राकृतिक स्रोत र वातावरण क्षेत्रको अपेक्षित उपलब्धी**

| विषय | आधार वर्ष २०७६/७७ | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| घरधुरी फोहोरमैला संकलन (door to door waste collection) को पहुँच पुगेको परिवार (प्रतिशत) | ३३.९६ | ३५ | ६० | ८० |
| फोहोरमैला जलाएर व्यवस्थापन गर्ने परिवार (प्रतिशत) | २४.०९ | २० | ० | ० |
| फोहोरमैला नदी तथा खोलामा फालेर व्यवस्थापन गर्ने परिवार संख्या (प्रतिशत) | २.१३ | १ | ० | ० |
| फोहोरमैला जथाभावी खुल्ला स्थानमा फालेर, कम्पाउण्डभित्र, सार्वजनिक स्थलमा फालेर व्यवस्थापन गर्ने परिवार (प्रतिशत) | २२.२४ | २० | ० | ० |
| कम्पोष्टिङ्ग गर्ने परिवार (प्रतिशत) | १७.५६ | २० | ३० | ४५ |
| फोहोरमैला कुहिने र नकुहिनेमा छुट्याई फोहोर स्रोतमै वर्गीकरण गर्ने परिवार संख्या (प्रतिशत) | - | ३० | ६० | १०० |
| स्यानिटरी ल्याण्डफिल साइट (संख्या) | १ | - | - | १ |
| स्थानान्तरण केन्द्र (Transfer Station) अर्थात् फोहोर प्रशोधन स्थलमा लानु अघि केही समय थुपार्ने स्थान (संख्या) | ० | - | - | १ |
| फोहोर प्रशोधन केन्द्र (संख्या) | | १ | १ | २ |
| शौचालयको फोहोर व्यवस्थापनका लागि ढल वा दिसाजन्य लेदो व्यवस्थापन सेवाको पहुँचमा रहेको परिवार (प्रतिशत) | | | | ९५ |
| व्यवस्थित सञ्चालनमा रहेका सार्वजनिक शौचालय (संख्या) | ६ | १४ | १८ | २२ |
| खाना पकाउनको लागि काठदाउराको प्रयोग गर्ने परिवारको संख्या (प्रतिशत) | ३७.५९ | ३५ | २५ | २ |
| खाना पकाउनको लागि एल.पी.जि. ग्याँसको प्रयोग गर्ने परिवारको संख्या (प्रतिशत) | ६०.१६ | ५५ | ४५ | ५ |
| खाना पकाउनको लागि विद्युतको प्रयोग गर्ने परिवारको संख्या (प्रतिशत) | ०.०४ | ५ | ३० | ८० |
| गोबरग्याँस प्रयोग गरेर खाना पकाउने परिवार संख्या (प्रतिशत) | २.१२ | ३ | ५ | १० |
| नगर मापदण्ड अनुसार सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसंख्या (प्रतिशत) | | | | ८० |

## ५.४.२. विपद् तथा आपत्कालीन व्यवस्थापन

### १. वर्तमान अवस्था

वि.सं. २०७२ सालको भुकम्पबाट आंशिक रूपमा प्रभावित पाल्पा जिल्लामा अवस्थित यस तानसेन नगरपालिका भुकम्प, पहिरो, आगलागी, विद्युतीय खतरा, सडक दुर्घटना, चट्याङ, असिना पानी, महामारी, जंगली जनावर आतंक जस्ता विपदहरूबाट जोखिममा रहेको छ। धनजनको क्षतिको हिसाबले ठूलो विपद्को सामना गर्नु नपरेको भए पनि वर्षेनी विभिन्न स्तरका पहिरो र भू-क्षयको प्रभाव भने नगरमा देखिने गरेको छ। वर्ड फ्लु, रेबिज, स्वाइन फ्लु तथा महामारीको जोखिम पनि समस्या नै बनिरहेको छ। पछिल्लो पटक कोभिड-१९ को महामारीको जोखिम पनि थप भएको छ।

नगरको भुसलडाँडा बस्ती, गोर्खेकोट, नारायण डाँडा, खरीपानी बस्ती, कुन्सरे बस्ती, ओडारे बस्ती, बसपार्क आसपासका बस्ती, जैशी चौपारी बस्ती, तानसेन तल्लो पेट्रोलियम पम्पका बस्ती, जोर्ते क्षेत्र, आमडाँडाको काउले क्षेत्र, पाँडे खर्क, नामी कुवा, पिपल टोल, मौवा डाँडा, लुहुङ सार आदि पहिरोको जोखिममा रहेका छन्। हाल युवाहरूमा लागुपदार्थ सेवन एवं मादक पदार्थ सेवनको समस्या पनि बढ्दो नै रहेको छ। बाँदर एवं दुम्सीको समस्याले गर्दा कृषकहरूले सोचे अनुपातको उब्जनी गर्न नसकेको अवस्था रहेको छ। नगरमा कच्ची घरहरू जोखिममा छन भने, अव्यवस्थित विद्युतीय तारहरूले गर्दा पनि बस्तीहरूमा जोखिम बढिरहेको छ यसका साथै नगरमा सडक दुर्घटना पनि अत्यन्त बढ्दै गइरहेको छ।

नगरले आपत्कालीन सेवाका लागि महत्वपूर्ण मानिएको बारुणयन्त्र र यसको सञ्चालनका लागि जनशक्तिको आधारभूत व्यवस्थापन गरिएको छ। नगरमा स्थानीय संघ संस्थामार्फत् एम्बुलेन्स सेवा प्रवाह भइरहेको भए पनि कतिपय स्थानमा वर्षाको समयमा यातायातको कारणले एम्बुलेन्स सेवा समेत सहज रूपमा उपलब्ध हुन कठिन रहेको छ। नगरपालिकामा प्रकोप प्रतिरोधी भवन निर्माणका लागि भवन निर्माण संहिता कार्यान्वयनका लागि प्राविधिकसहितको भवन तथा नक्सा उपशाखा रहेको र भवन संहिताको कार्यान्वयनबाट विपद् जोखिम कम हुने गरी व्यक्तिगत तथा संस्थागत भवनको संरचनागत मजबुतीका मापदण्ड कायम गरिएको छ। आपत्कालीन आश्रय स्थलको रूपमा प्रयोग गर्नको लागि नगरपालिकामा खुला स्थान, सामुदायिक भवन र पार्कहरू रहेका छन्। जिल्ला प्रहरी कार्यालयमा खोज तथा उद्दार सामग्रीको पूर्व व्यवस्था रहेको छ भने आपत्कालीन सेवा प्रदानका लागि नगरमा नगर प्रहरीको व्यवस्था भएको छ। साथै नगरमा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू गर्न युवा परिषद, नेपाल रेडक्रस सोसाइटी इत्यादि जस्ता संस्थाहरू पनि रहेका छन्। यस नगरपालिकामा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा प्रहरी बिटहरू रहेका छन्। यसबाट नगरवासीमा शान्ति सुरक्षाको न्यूनतम प्रत्याभूति रहेको छ। नगरमा नगरपालिकामा नगर विपद व्यवस्थापन कोष रहेको छ भने नगरपालिकाले वार्षिक कोषको लागि रकम विनियोजन पनि गर्ने गरेको छ।

विपद् व्यवस्थापन सम्बन्धी कुनै पनि ऐन एवं नियमावली नबनेको साथै नगर विपद् व्यवस्थापन एवं जलवायु उत्थानशील योजना बनेको छैन। यसका साथै वडास्तरमा विपद् व्यवस्थापन समितिले औपचारिक रूपमा गठन गरी क्रियाशील गराउन बाँकी रहेको, सामुदायिक विपद् प्रतिकार्यका संचना निर्माण गर्न बाँकी रहेको तथा नगर र वडास्तरीय विपद् तथा जलवायु उत्थानशील योजना बनाई समुदायस्तरबाट विपद् व्यवस्थापनको सवाललाई मुल प्रवाहीकरण गर्ने प्रक्रियालाई संस्थागत रूपमा अघि बढाउन बाँकी नै रहेको छ। नगरपालिकामा स्रोत सीमितता तथा तत्कालीन आवश्यकताको सम्बोधनका विषय तथा अन्य दैनिक जनजीवनसँग प्रत्यक्ष जोडिएका पूर्वाधार र सेवामा नै केन्द्रित हुनुपर्दा विपद् जोखिम न्यूनिकरणका पूर्वाधार तयारीलाई पर्याप्त प्राथमिकता दिन सकिएको छैन। विपद् व्यवस्थापन तथा आपत्कालीन व्यवस्थापनका लागि

नगरभित्र आपत्कालीन कार्य सञ्चालन वा प्रकोप तथा विपद् सम्बन्धी सूचना संकलन र विश्लेषण गर्ने इकाइ तयार गर्न सकिएको छैन । नगरपालिकाले संवैधानिक अधिकार बमोजिम नगर प्रहरी गठन गरी साँस्कृतिक जमघट, मेला तथा महोत्सव, बजार तथा सवारीको जथाभावी पार्किङ नियन्त्रण आदि क्षेत्रमा नगरको सुरक्षाका लागि परिचालन गर्न सकेको छैन । यस सन्दर्भमा बस्तीहरू विकास भइरहेको यस नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य एवं जलवायु अनुकुलनका विषयलाई अन्तरसम्बन्धित र विशिष्ठ क्षेत्रका रुमपा लिएर विकासका गतिविधि अगाडि बढाउनु पर्ने आवश्यकता रहेको छ ।

उल्लेखित पृष्ठभूमिमा दीगो विकासको लक्ष्य अनुसार संकटासन्न परिवारको उत्थानशीलता प्रवर्द्धन गर्ने, विपद्का कारण आर्थिक विकासमा पर्ने असर कम गर्ने तथा जलवायु परिवर्तन अनुकुलनको क्षमता विकास गर्ने लक्ष्य प्राप्ति गरी राष्ट्रिय लक्ष्य प्राप्तिमा नगरको तर्फबाट समेत योगदान हुने गरी नगरपालिकाले निम्नानुसार विपद् तथा आपत्कालीन व्यवस्थापनका निम्न लक्ष्य, उद्देश्य तथा नीति तय गरिएको छ ।

## २. लक्ष्य

तानसेनलाई विपद् उत्थानशील नगर बनाउने ।

## ३. लक्ष्य तथा उद्देश्यहरू

**उद्देश्य १ : विपद् तथा आपत्कालीन व्यवस्थापनका लागि पर्याप्त भौतिक, नीतिगत तथा मानव संशाधनको उपलब्धता सुनिश्चित गर्नु ।**

**नीति क.** विपद् पूर्वतयारीका संरचनागत र गैरसंरचनागत कार्यलाई समान प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ ।

**नीति ख.** नगरको विपद् तथा आपत्कालीन व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकुलन कार्ययोजना बनाउनुका साथै सो योजना निर्देश गरे अनुरूप पहिरो, आगलागी तथा स्वास्थ्यजन्य महामारी नियन्त्रणका तथा तत्काल प्रतिकार्यका लागि चाहिने खुला स्थान निर्धारण र न्यूनतम जनशक्ति तथा पूर्वाधार एवं उपकरणको भरपर्दो व्यवस्थापन गरिने छ ।

**नीति ग.** नगरमा प्रकोप, विपद् तथा जलवायु परिवर्तनका समस्या सम्बन्धी सूचना संकलन, विश्लेषण, पूर्व तयारी र प्रतिकार्यका गतिविधि नियमित रूपमा सञ्चालन गर्ने दक्ष जनशक्तिसहितको विपद् व्यवस्थापन ईकाई गठन गरिने छ ।

**नीति घ.** नगरको विपद् प्रतिकार्य अन्तर्गत राहत, पुनस्थापना तथा पुनर्लाभका मापदण्ड निर्माण गरी लागु गरिने छ ।

**नीति ङ.** स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले निर्दिष्ट गरेका कार्यक्रम कार्यान्वयनका लागि न्यूनतम बजेट विनियोजन सुनिश्चित गरिने छ ।

**नीति च.** समयवद्ध रूपमा विपद् व्यवस्थापन योजना कार्यान्वयनको समीक्षा तथा परिमार्जन गरी सान्दर्भिक कार्यक्रमलाई बृहत् योजनाको अंग बनाउँदै लगिने छ ।

**नीति छ.** पूर्वाधार, उपकरण तथा नीति निर्धारणका आवश्यकता अनुसार संघ, प्रदेश तथा बाह्य सहायता निकायसँगको समन्वयन गरिने छ ।

**नीति ज.** भवनसंहितालाई बाढी, पहिरो, भुकम्प, आगलागी, चट्याङ लगायतका विपद् जोखिम न्यूनिकरणका विषय समेत समेटेर परिमार्जन गरिने छ । साथै, कार्यान्वयनका लागि प्राविधिक जनशक्तिको क्षमता विकास गरिने छ ।

**उद्देश्य २ : विपद्को प्रकृति अनुसार विशिष्टीकृत पूर्वाधारको उपलब्धता सुनिश्चित गर्नु ।**

**नीति क.** जोखिम बस्ती पहिचान गरी दीर्घकालीन बस्ती व्यवस्थापन, आवश्यकता अनुसार स्थानान्तरण तथा जोखिम न्यूनिकरण र अल्पीकरणका कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।

**नीति ख.** वर्षाको पानी सडक तथा बस्ती क्षेत्रबाट भू-क्षय नगरी नदी प्रणालीमा मिसिने गरी आकासेपानी व्यवस्थापनका गतिविधि सञ्चालन गरिने छ । आवश्यकता अनुसार बायो इञ्जिनियरिङ्ग तथा संचरनागत विपद् जोखिम अल्पीकरणका कार्य सेमत अघि बढाइने छ ।

**नीति ग.** खुला स्थानहरूको संरक्षण साथै, सुरक्षित आश्रय स्थल निर्धारण वडास्तरमा गरिनुका साथै सुरक्षित भवन निर्माणको बेग्लै संहिता बनाई सुरक्षित भवन निर्माणमा नगरको स्रोत तथा बाह्य स्रोतको अधिकतम उपयोग गरी सघन बस्ती क्षेत्रमा सुरक्षित सामुदायिक भवन निर्माण गरिने छ ।

**नीति घ.** उपलब्ध वारुणयन्त्रको पहुँच विश्लेषण गरी १५ मिनेटभित्र आगलागी नियन्त्रण स्थलमा पुगिसक्ने गरी वारुणयन्त्र व्यवस्थापन तथा २४ घण्टा सञ्चालन हुने अवस्थामा पुग्ने गरी पूर्वाधार तथा आन्तरिक व्यवस्थापनको कार्य गरिने छ ।

**नीति ङ.** वारुणयन्त्रमा नै आगलागीजन्य स्वास्थ्य सम्बन्धी समस्या कम गर्न प्राथमिक उपचार गर्न सक्ने जनशक्ति तथा स्वास्थ्य उपकरणको व्यवस्था गरिनुका साथै आगलागी नियन्त्रणको प्राविधिक तालिमयुक्त जनशक्ति परिचालित हुने व्यवस्था मिलाइने छ ।

**नीति च.** स्वास्थ्यजन्य महामारी नियन्त्रण तथा प्रतिकार्यका लागि नगरस्तरमा द्रुत प्रतिकार्य टोली बनाइनुका साथै अस्पतालमा महामारी नियन्त्रण इकाई गठनमा सहयोगी र समन्वयनकारी भूमिका निर्वाह गरिने छ ।

**नीति छ.** सडक दुर्घटना, विद्युतजन्य विपद् तथा अन्य कारणले घाइते भएकाहरूको जीवन रक्षा गर्न आपत्कालीन ट्रमा प्रणालीलाई व्यवस्थित गर्न स्थानीय स्वास्थ्य संस्थासँग संस्थागत समन्वयन गरिने छ ।

**उद्देश्य ३ : विपद् प्रभावितको सम्मान, सुरक्षा तथा तत्काल राहत र पुनर्लाभ सुनिश्चित गर्नु ।**

**नीति क.** कुनै पनि प्रकारको प्रकोप सिर्जित विपद् प्रतिकार्य गर्दा प्रभावितहरूको सेवा तथा सुरक्षा नगर मापदण्ड त्यसको पूर्ण कार्यान्वयन गरिने छ ।

**नीति ख.** विपद्को समयमा अपाङ्गता भएका, ज्येष्ठ नागरिक, वालवालिका र गर्भवती र विरामीहरूको सेवाको लागि विशेष प्रबन्ध गरिने छ ।

**नीति ग.** विपद्को समयमा उपलब्ध गराइने सेवा तथा राहत प्याकेज वितरणमा स्पेयर मापदण्ड (Sphere Standards) र एकद्वार नीति (One Door Policy) को पूर्ण पालना गरिने छ ।

**नीति घ.** नगरको विपद् प्रतिकार्य कोषलाई समृद्ध बनाई मध्यमस्तरको विपद् प्रतिकार्य तथा पुनर्लाभका गतिविधिका लागि नगरलाई आत्मनिर्भर बनाइने छ ।

**नीति ङ.** विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीहरूसहितको गोदाम घरको व्यवस्था र यसको पहुँच सुनिश्चितता गरी यसको सञ्चालन कार्यविधि समेत बनाइनेछ ।

**नीति च.** विपद् पूर्वतयारी एवं प्रतिकार्यका लागि नगरका युवा जनशक्तिको संलग्नतालाई बढी प्राथमिकता दिइनेछ ।

**उद्देश्य ४: नगर विकासका सबै पक्षमा विपद् तथा जलवायु परिवर्तन अनुकुलनलाई मुल प्रवाहीकरण गर्नु ।**

**नीति क.** जलवायु परिवर्तन अनुकुलन बजेट तर्जुमा विधि निर्धारण गरी कार्यान्वयन गरिने छ ।

**नीति ख.** सबै भौतिक पूर्वाधारका कार्यमा विपद् जोखिम न्यूनिकरण तथा अल्पीकरण संरचनागत कार्य समावेश गरिने छ ।

**नीति ग.** निश्चित रकम भन्दा माथिका पूर्वाधार निर्माणका कार्यको योजना बनाउँदा विपद् व्यवस्थापन तथा जलवायु अनुकुलनको कार्ययोजना समावेश गर्ने ब्यवस्था गरिने छ ।

**नीति घ.** उद्योग तथा कलकारखना स्थापना गर्दा Greenhouse Gas उत्सर्जन निरुत्साहित गरिनुका साथै न्यूनिकरणका कार्यक्रम समेत एकीकृत रूपमा अघि बढाउनु पर्ने व्यवस्था गरिने छ ।

**नीति ङ.** नगर सरसफाई, खानेपानी व्यवस्थापन, स्वास्थ्य सेवा आदि सञ्चालनका पूर्वाधार तयार गर्दा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा प्रत्यक्ष योगदान गर्ने गरी गरिने छ ।

**नीति च.** नगर क्षेत्रमा हुने खानी तथा प्राकृतिक स्रोत उत्खननका कारण उत्पन्न हुनसक्ने विपद् जोखिम न्यूनिकरणका लागि त्यसबाट प्राप्त हुने राजस्वको केही हिस्सा सम्बन्धित स्थानको जोखिम अल्पीकरणका कार्यमा लगानी हुने व्यवस्था गरिने छ ।

**उद्देश्य ५ : नगर सुरक्षामा नगरपालिको भूमिका प्रभावकारी बनाउनु ।**

**नीति क.** नगर प्रहरी गठन तथा काम, कर्तव्य र अधिकारसहितको नगर प्रहरी ऐन तथा नियमावली निर्माण गरी कार्यान्वयन गरिने छ ।

**नीति ख**. नगर प्रहरीलाई नगरपालिका कार्यालय सुरक्षाको साथै आपत्कालीन समयमा साथै हाट तथा अन्य प्रयोजनमा हुने भिडभाड नियन्त्रण, बजार व्यवस्थापन, फोहोर मैला व्यवस्थापन जस्ता कार्यको नियमन तथा साँस्कृतिक जमघट व्यवस्थापन जस्ता कार्यमा परिचालन गरिनेछ ।

**नीति ग.** ट्राफिक प्रहरी तथा जनपथ प्रहरीका साथै सशस्त्र प्रहरी लगायत सुरक्षा निकायसँगको समन्वयमा नगरको शान्ति सुरक्षा, लागुऔषध सेवन एवं वितरण नियन्त्रण र सवारी व्यवस्थापन लगायतका कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

**नीति घ.** आवश्यकता अनुसार क्लस्टर स्तरमा प्रहरी विटहरूको व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय गरिने छ ।

**नीति ङ.** सडक बत्ती तथा सघन बस्ती र बजार क्षेत्रमा सीसी क्यामेरामार्फत् आपराधिक गतिविधिको निगरानी तथा प्रतिकार्यका लागि नेतृत्वदायी भूमिका निर्वाह गरिने छ ।

**तालिका १/५.४.२ : प्राथमिकता : विपद् तथा आपत्कालीन व्यवस्थापन**


**क.** संविधानको अनुसूची ८ मा विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा सूचीकृत गरेको छ । त्यसैगरी अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा समेत विपद् व्यवस्थापनलाई समेटेको छ । नगर वा वडाहरूमा विपद् स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशील योजना निर्माण भएको छैन । तसर्थ, ऐनको प्रावधान अनुसार नगरको विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन ऐन, नियमावली, कार्यविधि, रणनीति र कार्यक्रम तय गरी स्थानीय तहको विपद् तथा आपत्कालीन ब्यवस्थापनको संस्थागत नेतृत्व नगरपालिकाले लिने गरी विपद् तथा जलवायु उत्थानशील नगर निर्माण गर्न निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जलवायु अनुकुलन तथा आपत्कालीन व्यवस्थापन (शान्ति सुरक्षा, आगलागी नियन्त्रण, सडक सुरक्षा, वन्यजन्तु आतंक, स्वास्थ्यजन्य महामारी नियन्त्रण) का विषय समेटी जलवायु अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका बनाउने । | १. विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी कानुनको पुनरावलोकन र संशोधन गर्ने । | १. परिवर्तित सन्दर्भमा विपद् तथा आपत्कालीन व्यवस्थापन र अनुकुलन सम्बन्धी स्थानीय कानुनमा आवश्यक परिमार्जन तथा नयाँ कार्यविधि तथा निर्देशिका निर्माण गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. जलवायु परिवर्तन अनुकुलनमैत्री बजेट तर्जुमा र कार्यान्वयन निर्देशिका तयार गर्ने । | २. जलवायु परिवर्तन अनुकुलनमैत्री बजेट तर्जुमा र कार्यान्वयन निर्देशिकामा आवश्यक परिमार्जन गर्ने । | २. स्थानीय बजेटलाई जलवायु परिवर्तन अनुकलनमा केन्द्रित बजेट वर्गीकरणको पद्धति विकास गर्ने । |
| ३. नगरस्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तथा वडा स्तरमा सामुदायिक विपद् तथा जलवायु उत्थानशील योजना तथा विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्ने । | ३. स्थानीय, सामुदायिक एवं विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको वार्षिक रूपमा समीक्षा तथा परिमार्जन गर्ने एवं नयाँ योजनाहरू निर्माण गर्ने । | ३. स्थानीय, सामुदायिक तथा विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणलाई निरन्तरता दिने । |
| ४. दीगो विकास लक्ष्य १३ लाई समेत लक्षित गर्दै नगरपालिकाले जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकुलनका उपायहरूलाई आफ्नो योजनाहरूमा समायोजन गर्ने । | ४. जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकुलनका उपायहरूलाई नगरको योजनाहरूमा समायोजन गर्ने । | ४. जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकुलनका उपायहरूलाई आफ्नो योजनाहरूमा समायोजन गर्ने । |

**ख.** संविधानको भाग ४ धारा ५१ 'छ' को प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनिकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने कुरा उल्लेख छ । बाढी एवं पहिरोबाट जोखिममा रहेको छ । भौगोलिक हिसाबले कमजोर भू-भाग र मध्यम खालको जलाधारको अवस्थाले गर्दा यस नगरपालिकामा वर्षेनी बाढी तथा पहिरो हुने गरेको छ । नगरमा विशेषतः साना ठुला नदी/खोलाहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भू-भागहरू वर्षेनी कटान गरी क्षति पुऱ्याइरहेको छ । त्यस्तै पहिरोले वर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । जसलाई नक्सा नं. १/५.४.२ पनि देखाइएको छ । नक्सामा पहिरोबाट क्षति हुन सक्ने घरधुरीहरूको चित्रण गरिएको छ । नक्साको आधारमा जोखिममा रहेका बस्तीहरू पहिचान गरी बस्ती स्थानान्तरण एवं उक्त जोखिमयुक्त स्थानहरूमा आवश्यक स्थानहरूमा पहिरो रोकथामका कार्यहरू पनि गर्न सकिन्छ । तसर्थ वातावरणलाई क्षति पुऱ्याउन सक्ने सम्भावित घटना वा आपत्कालीन स्थितिको विश्लेषण गरी त्यस्ता घटना वा परिस्थितिलाई प्रभावकारी एवं उपयुक्त ढंगले सामना गर्न सक्षम हुनका निमित्त विभिन्न योजनाहरू निर्माण एवं प्रभावकारी कार्यान्वयनको आवश्यकता छ ।

## नक्सा १/५.४.२ : पहिरोबाट जोखिमयुक्त बस्ती




| Landslide Risk Layer | Households |
|---|---|
| High | 201 |
| Medium | 4480 |
| Low | 4993 |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. पहिरो जोखिम रहेका क्षेत्रमा तारजाली वा टेवा पर्खाल निर्माण तथा बायो-इन्जिनियरिङ अघि बढाउने । | १. सडक क्षेत्रको दायाँबायाँ रहेका एकाध परिवार मात्र बसोबास गर्ने जोखिमयुक्त घरलाई सार्ने र बढी जोखिममा रहेका टोल बस्ती लक्षित टेवा पर्खाल निर्माण कार्य सम्पन्न गर्ने । | १. पहिरोको जोखिमलाई मध्यनजर गर्दै पहिरो जोखिम रोकथामका नवीनतम् खोज तथा प्रविधिहरूलाई अँगाल्दै पहिरो जोखिम न्यून बनाउने । |
| २. बाढी तथा डुबानको जोखिममा रहेका स्थानहरू तथा बस्तीहरूको सुरक्षाका लागि संकटासन्न क्षेत्रमा भू-क्षय तथा नदी कटान रोकथामका लागि तटबन्ध कार्यक्रम सञ्चालन गर्ने । | २. बाढी डुबानबाट क्षतिग्रस्त क्षेत्रहरूको पहिचान गरी विभिन्न संघ संस्थाहरूसँगको समन्वयमा भू-क्षय तथा नदी कटान रोकथामका लागि तटबन्ध गर्ने । | २. साझेदारीमा विपद् तथा जलवायु समानुकुलित विकास योजनाहरू सञ्चालन गर्दै आगामी वर्षहरूमा नगरपालिका आफैले विगतका साझेदारीमा भएका सकारात्मक कार्ययोजनाहरूको अनुशरण गर्दै विपद् व्यवस्थापनका लागि कार्ययोजनाहरू बनाई कार्यान्वयन गर्ने । |
| ३. सम्भावित हानी, नोक्सानी एवं क्षति कम गर्न जोखिम क्षेत्रमा रहेका व्यक्ति, समुदाय एवम् संघ/संस्थाहरूलाई पूर्वतयारीमा रहन र समयमा नै उपयुक्त ढंगले कार्य गर्न आवश्यक पर्ने पूर्वसूचना चेतावनी प्रणालीको विकास गर्ने । | ३. मुख्य नदीहरूमा बाढीको अनुगमन गरी पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउने । | ३. मुख्य नदीहरूमा बाढीको अनुगमन गरी पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउँदै लैजाने । |
| ४. प्राकृतिक प्रकोपका हिसाबले जोखिममा रहेका स्थानहरूमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी वातावरणीय सन्तुलन कायम राख्दै हरियाली प्रवर्द्धन गर्ने । | ४. वृक्षारोपण गरिएका बिरुवाको संरक्षण गर्दै वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिने । | ४. वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिने । |


**ग.** वि.सं. २०७२ सालको भुकम्पले तानसेन नगरपालिका आंशिक रूपमा प्रभावित भएको छ। नक्सा नं. २/५.४.२ मा भुकम्पीय जोखिमलाई मध्यम र उच्च जोखिममा नक्साकंन गरिएको छ। उच्च जोखिममा रहेका घरहरू धैरै भएका कारण सोलाई मध्यनजर गर्दै निर्माण कार्यलाई भुकम्प प्रतिरोधी बनाउन आवश्यक छ।

नेपाल सरकारले बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२ रहेको छ जस अन्तर्गत स्थानीय निकायहरूले हाल लागु गरिरहेको मापदण्डका प्रावधानहरू आधारभूत निर्माण मापदण्ड अनुसार नगरले आफ्नो मापदण्ड बनाएको छ। तर भवन निर्माण गर्दा विपद् व्यवस्थापन समेतलाई दृष्टिगत गरी जमिनको अवस्था निर्धारण गरी निर्माण स्वीकृति दिने मापदण्ड भएता पनि भू-उपयोग नीति र भू-उपयोग योजनामार्फत् भवन निर्माण गर्न मिल्ने वा नमिल्ने आधारमा जग्गा वर्गीकरण नभएको अवस्था रहेको छ।

यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) मा उल्लेख भए बमोजिमको अधिकार प्रयोग गरी तानसेन नगरपालिकाको मर्मत सम्भार सञ्चालन कार्यविधि, २०७५ तयार गरिएको छ। जसमा प्राथमिकतामा आकस्मिक मर्मत सम्भार, रोकथाममूलक मर्मत सम्भार जस्ता क्रियाकलाप समावेश गरिएको छ । तर नगरपालिका अन्तर्गतका सडक, पुल पुलेसा, ढल, सिँचाइ, खानेपानी लगायतका भौतिक पूर्वाधारका संरचनाहरू, आकस्मिक रूपमा आवश्यकता अनुसार मर्मत गरी दीर्घकालसम्म सञ्चालनमा ल्याउन नसकेको अवस्था रहेको छ । नगरपालिकामा प्रकोप प्रतिरोधी भवन निर्माणका लागि भवन निर्माण संहिता कार्यान्वयनका लागि प्राविधिकसहितको भवन तथा शहरी विकास उपशाखा रहेको छ । तर सबै किसिमका भवनको स्वीकृति तथा निर्माणको अनुगमन प्रक्रियामा स्थलगत रूपमा अध्ययन गरी सुरक्षाका मापदण्ड पूर्ण

पालना भएको यकिन गर्नमा जनशक्तिको अपर्याप्तता रहेको छ। तसर्थ मानवीय जीवन सुरक्षा र हित सुनिश्चित गर्न र नभत्कने खालका सुरक्षित भवन संरचना निर्माणका लागि आवश्यक पर्ने संरचनाको डिजाइन, निर्माण पद्धति, निर्माण सामग्रीको प्रयोग, भोगचलन जस्ता पक्षहरूको नियमन तथा नियन्त्रणका निम्ति कानुन वा नियम/विनियम तथा सम्बद्ध मापदण्डहरूको आवश्यकता छ।

**नक्सा नं. २/५.४.२: भुकम्पीय जोखिमयुक्त बस्ती**




| Seismic Risk Layer | Households |
|---|---|
| Medium | 4605 |
| High | 5069 |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघ तथा प्रदेशसँगको समन्वय र स्थानीय समुदायसँगको सहकार्यमा २०७२ को भूकम्पबाट क्षतिग्रस्त भएका र पुनर्निर्माण गर्न बाँकी सबै विद्यालय भवन, स्वास्थ्यचौकी तथा वडा कार्यालय भवनको पुनर्निर्माण कार्य सम्पन्न गर्ने तथा एकीकृत बस्ती लगायत व्यवस्थित आवास निर्माण वा पुनर्निर्माणको कार्य सम्पन्न गर्ने । | १. भौतिक पूर्वाधारका योजनाहरूलाई जलवायु अनुकुल बनाउँदै लैजाने । | १. विपद् व्यवस्थापन एवं जलवायु परिवर्तनलाई समेत मध्यनजर गरी निर्माणका कार्यहरू गर्ने । |
| २. भूकम्पीय सुरक्षा बाहेक सुरक्षित निर्माणको बहुआयामलाई समेटेर भवन तथा पूर्वाधार निर्माणमा प्राविधिक सहायता गर्न सक्ने गरी प्राविधिक शाखाको क्षमता विकास गर्ने । | २. आवश्यकता हेरी भवन तथा पूर्वाधार निर्माणमा प्राविधिकहरू थप गर्ने र उक्त शाखाका कर्मचारीहरूका लागि अनुशिक्षण उपलब्धतालाई निरन्तरता दिने । | २. आवश्यकता हेरी भवन तथा पूर्वाधार निर्माणमा दक्ष प्राविधिकहरू थप गर्ने । |

**घ.** नगरपालिकामा खोज, उद्दार तथा राहत तथा शीघ्र पुर्नलाभका लागि आवश्यक विपद् प्रतिकार्य सामग्री जिल्ला प्रहरी कार्यालयमा पूर्व व्यवस्था गरिएको छ । तर विपद् व्यवस्थापन ऐनमा व्यवस्था गरिएअनुसार राहतको न्यूनतम मापदण्ड तय नगरिएको तथा राहत सामग्रीको न्यूनतम पूर्व व्यवस्था नभएको अवस्था रहेको छ । तसर्थ नगरपालिकामा विपद् व्यवस्थापन योजना एवं प्रतिकार्य योजना निर्माणको अभ्यास नगरमा नभएको सन्दर्भमा योजना निर्माण र अध्यावधि गर्ने अभ्यासलाई नियमित गराउनु तथा सबै विपद् प्रभावितलाई स्फेयर मापदण्ड अनुकुलको राहत वितरण हुने अवस्थामा पुऱ्याउनु नगरको प्राथमिकतामा रहेको छ । त्यसैले आपत्कालीन अवस्थामा जनधनको सुरक्षा तथा सेवा प्रदान गर्न आकस्मिक योजना लगायत विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीहरूको व्यवस्था गरी वडास्तरमा समेत प्रतिकार्य एवं राहतका सामग्री एवं गोदाम घरको व्यवस्थापन गरी सेवा प्रवाह गर्नको निमित्त निम्न बुँदाहरूलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विपद्को समयमा अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका एवं ज्येष्ठ नागरिकको सुरक्षा तथा आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलनका प्रावधानसहितको स्थानीय कार्यविधि निर्माण गर्ने । | १. अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका एवं ज्येष्ठ नागरिकको सुरक्षा तथा आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलका प्रावधानसहितको स्थानीय कार्यविधिमा आवश्यकता अनुरूप परिमार्जन गर्ने । | १. आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलनका प्रावधानसहितको स्थानीय कार्यविधिमा समयानुसार संशोधन एवं परिमार्जन गर्ने । |
| २. विपद् प्रभावितका विपद् प्रतिकार्य कोष सञ्चालन तथा राहत वितरण कार्यविधि निर्माण गर्ने । | २. सरोकारवालासँगको समन्वय बढाई विपद् व्यवस्थापन कोषमा जुट्ने सहयोगको दायरा विस्तार गरी मुलधनको आकार वृद्धि गरी सबै किसिमका विपद् प्रतिकार्य गर्न सक्ने अवस्थामा पुऱ्याउने । | २. विभिन्न संघ संस्थाहरूसँग समन्वय गरी विपद् प्रतिकार्य कोषको रकम वृद्धि गर्ने । |
| ३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने । | ३. विपद् व्यवस्थापन (पूर्वतयारी, आपत्कालीन प्रतिकार्य र पुनर्लाभ) को वित्तीय रणनीति तयार गरी लागु गर्ने । | ३. समयानुसार विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरूमा परिमार्जन गर्दै आवश्यकता अनुरूप नयाँ योजनाहरू निर्माण गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. विपद् प्रतिकार्यका औजारहरू उपयुक्त अवस्थामा राख्नुका साथै क्लस्टरगत रूपमा सामुहिक बसोबासको सामग्री सेटको पूर्व व्यवस्था गर्ने । | ४. विपद् व्यवस्थापनका निमित्त बनाइने गोदाम घरको सञ्चालन एवं व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गरी आवश्यकता हेरी गोदाम घरको व्यवस्था प्रत्येक वडामा गर्ने । | ४. क्लस्टरगत रूपमा रहेका विपद् प्रतिकार्य औजारमा आवश्यक थपघट तथा सामुहिक बसोबासका सामग्रीको अपुग पूर्ति र उपयोगिता कायम गर्ने । |

**ङ.** आपत्कालीन आश्रयस्थलको रूपमा प्रयोग गर्नको लागि नगरपालिकामा खुला स्थान र पार्कहरू रहेको छ । नगरपालिकामा विपद्को समयमा आपत्कालीन कक्षको लागि सुरक्षित स्थानहरू पहिचान नगरिएको जसले गर्दा सुरक्षित स्थानको बारेमा नगरवासीहरूमा जानकारी नभएको अवस्था रहेको छ । नगर क्षेत्रमा जनघनत्व बढेसँगै सुरक्षित भवन एवं खुल्ला स्थानहरूको आवश्यकता भएकाले आगामी वर्षका लागि प्रति भवन २०० व्यक्ति अटाउने थप सुरक्षित भवन निर्माण गर्नुपर्ने आवश्यकता छ । तसर्थ विपद्का दृष्टिकोणले आपत्कालीन आश्रयस्थलको रूपमा प्रयोग गर्नको लागि नगरपालिकामा खुल्ला स्थान, सुरक्षित भवन र पार्कहरूको संख्यामा अपर्याप्तता भएको साथै यसको संरक्षण आवश्यक भएका कारण निम्न बुँदाहरू प्राथमिकतामा राखिएका छन् ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगर तथा वडास्तरमा रहेका सुरक्षित भवनको अवस्था विश्लेषण गर्ने । आपत्कालीन आश्रयस्थल पहिचान र र सुरक्षित आश्रयस्थलको निर्माण गर्ने साथै कोभिड-१९ महामारीको सामना गर्नका निमित्त क्वारेनटाइन तथा आइसोलेसन कक्षहरूको उचित व्यवस्थापन गर्ने । | १. बाल तथा अपाङ्गमैत्री र विपद् प्रतिरोधात्मक बहुउपयोगी शौचालय, खानेपानी, वैकल्पिक ऊर्जाको व्यवस्था भएको प्रत्येक नगरवासीको पहुँचमा पुग्ने गरी नगरमा सुविधायुक्त सुरक्षित भवनहरू निर्माण गरी समुदायको जानकारीमा ल्याउने । | १. जोखिमयुक्त बस्ती स्थानान्तरण गरी भू-उपयोग योजना बमोजिम कम्तीमा ५ वटा सुरक्षित एकीकृत बस्ती निर्माण गर्ने । |
| २. विपद् परेको समयमा प्रयोग गर्नका लागि खुल्ला स्थान तथा चौरहरूको पहिचान र नक्सांकन गर्ने र सबै वडामा खुला स्थान पहिचान गरी इन्भेन्टरी तयार गर्ने र टोलगत रूपमा खुला स्थान सम्बन्धी सूचना प्रवाह गर्ने । | २. खुल्ला स्थानहरूको संरक्षणमा स्थानीयलाई प्राथमिकता दिँदै सरसफाई लगायत संरक्षणका कार्यक्रमहरू गर्ने र निर्माण भएका सुरक्षित स्थलहरूको नियमित अनुगमन गर्ने । | २. सुरक्षित आश्रय स्थलको व्यवस्थापन तथा उपयोगिता कायम राख्ने र खुल्ला स्थान एवं सुरक्षित आश्रय स्थलहरूको नियमित अनुगमन गर्ने । |
| ३. पूर्वाधार र सेवा व्यवस्थापन शाखाका कर्मचारीका लागि विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने । | ३. पूर्वाधार र सेवा व्यवस्थापन शाखाका कर्मचारीका लागि विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने । | ३. विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने । |

**च.** नेपालको संविधानको अनुसूचि ८ मा स्थानीय तहको अधिकार अन्तर्गत नगर प्रहरी सम्बन्धी अधिकार पनि समेटेको र नेपालको संविधानको धारा २१६ को उपधारा (१) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बनाएको जसअन्तर्गत नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत तथा पुनर्स्थापनामा नगर प्रहरी परिचालन गर्न सकिने विषय समेटिएको छ ।

नगरमा नगर प्रहरीको व्यवस्था भई नगरका विभिन्न कार्यक्रममा परिचालन गरिएको छ । नगर प्रहरीलाई आपत्कालीन समयमा साथै हाट तथा अन्य प्रयोजनमा हुने भिंडभाड नियन्त्रण, बजार व्यवस्थापन, फोहोर मैला व्यवस्थापन जस्ता कार्यको नियमन तथा साँस्कृतिक जमघट व्यवस्थापन जस्ता कार्यमा परिचालन गर्नका निमित्त नगर प्रहरी व्यवस्थापन सम्बन्धी नीति निर्देशिकाको आवश्यकता रहेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगर प्रहरी गठन र सञ्चालन सम्बन्धी ऐन र नियमावली निर्माण गर्ने । | १. नगर प्रहरी सञ्चालन सम्बन्धी बनेका नीतिहरूको आवधिक समीक्षा गरी आवश्यकता अनुरूप परिमार्जन गर्ने । | |
| २. विपद् प्रतिकार्य तथा आपत्कालीन सेवा प्रवाहमा आवश्यकता अनुसार नगर प्रहरी परिचालनको अभ्यास शुरु गर्ने । | २. विपद् प्रतिकार्य र आपत्कालीन सेवामा नगर प्रहरीलाई परिचालन गर्ने । | २. नगर प्रहरीको थप व्यवस्थासँगै विपद् प्रतिकार्य र आपत्कालीन सेवामा नगर प्रहरीलाई परिचालन गर्ने । |
| ३. समुदाय, नगर प्रहरी र अन्य सुरक्षा संयन्त्र (प्रहरी, सेना आदि) को सहयोगमा पार्क, खुला क्षेत्र र खेलकुद मैदानहरू जस्ता आपत्कालीन समयमा प्रयोग गर्न सकिने क्षेत्रहरू संरक्षण गर्ने । | ३. नगर प्रहरी, अन्य सुरक्षा संयन्त्र र स्थानीय (प्रहरी, वन विभाग आदि) को सहयोगमा पार्क, खुला क्षेत्र र खेलकुद मैदानहरू संरक्षण गर्ने । | ३. नगर प्रहरीको सेवाको निरन्तरता र विस्तार गर्दै जाने । |
| ४. विपद्को समयमा गरिने खोज तथा उद्धार, पुनर्स्थापना एवं व्यवस्थापन कार्यलाई सहज तथा प्रभावकारी बनाउनका लागि प्रहरी र नगर प्रहरी एवं नागरिक बीचमा पारस्परिक सम्बन्ध कायम गरी सम्बन्धित निकायसँगको समन्वयमा नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाईलाई स्थानीय शान्ति सुरक्षाको चुनौती सामना गर्न सघाउने गरी क्षमता विकासका सैद्धान्तिक कक्षा सञ्चालन गर्ने । | ४. नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाइलाई स्थानीय शान्ति सुरक्षाको चुनौती सामना गर्न सघाउने गरी क्षमता विकासका कार्यक्रमहरू आयोजना गर्ने । | ४. नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाइको क्षमता विकासका कार्यक्रमहरूलाई निरन्तरता दिने । |


**छ.** नगरमा सडक दुर्घटना पनि प्रमुख समस्याको रूपमा रहेको छ । तसर्थ नगरमा दुर्घटना हुने क्रम बढ्दो रहेकोले सडक सुरक्षाको दुष्टिकोणबाट दुर्घटनाको सम्भाव्यतालाई मध्यनजर गर्दै सडक सुरक्षा कायम गर्न विभिन्न नीतिका साथै सडक स्तरोन्नति आवश्यक भएकाले निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. आवश्यक स्थानमा सीसी क्यामेराको व्यवस्था गर्ने । | १. सडक दुर्घटना एवं अन्य सामाजिक अपराधका गतिविधि न्यूनिकरण गर्न आवश्यक स्थानहरूमा सीसी क्यामेराको व्यवस्था गर्ने । | १. सडक दुर्घटना न्यूनिकरणका लागि भएका प्रविधिहरूको विकासलाई सम्भाव्यता हेरी नगरमा व्यवस्था गरी सडक दुर्घटना एकदमै न्यून बनाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. समुदाय र निजी क्षेत्रको समन्वयमा बजार क्षेत्रमा सडक बत्तीको व्यवस्थापन गर्ने । | २. सडक बत्ती एवं सी.सी. क्यामेराको व्यवस्था नगरका प्रत्येक स्थानमा पुऱ्याउने । | २. सडक बत्तिको व्यवस्था सँगै आवश्यक मर्मत गरी यसको विस्तार गर्ने । |
| ३. सडक दुर्घटनालाई मध्यनजर गरी आवश्यक स्थानमा सडक चिन्हहरू, सिग्नलहरू, जेब्राक्रस एवं ट्राफिक प्रहरीको व्यवस्था गर्ने । | ३. सबै घरमा आपत्कालीन सेवा सुनिश्चित हुने गरी सडक पूर्वाधार विकास गर्ने । सडक दुर्घटना नियन्त्रणका लागि जोखिमयुक्त स्थानहरूमा सडक सुरक्षाको संरचना बनाउने । | ३. आवश्यकता हेरी नगरमा रहेका स्थानमा ट्राफिक चिन्ह, ट्राफिक लाइटहरूको मर्मत सम्भार गर्ने तथा आवश्यक स्थानमा ट्राफिक चिन्ह, ट्राफिक लाइट एवं ट्राफिक प्रहरीको व्यवस्था गर्ने । |
| ४. प्रहरी बिटहरूको व्यवस्थापन गर्ने । | ४. आवश्यकता अनुरूप ट्राफिक विट एवं ट्राफिक प्रहरीको थप व्यवस्था गर्ने । | ४. शहरीकरण बढेसँगै ट्राफिक विट एवं ट्राफिक प्रहरीको थप व्यवस्था गर्ने । |
| ५. सडक दुर्घटना हुने क्षेत्रहरूको पहिचान गरी न्यूनिकरणका लागि ट्राफिक सचेतना कार्यक्रमका साथै ट्राफिक प्रहरी तथा जनपद प्रहरीका स्थानीय इकाईसँगको नगरको शान्ति सुरक्षा, लागुऔषध नियन्त्रण र सवारी व्यवस्थापन लगायतका कार्यक्रम समन्वय बैठक नियमित सञ्चालनको अभ्यास गर्ने । | ५. सडक दुर्घटना न्यूनिकरणका लागि सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । | ५. सडक दुर्घटना न्यूनिकरणका लागि सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |

**ज.** अव्यवस्थित विद्युतीय तार, इन्टरनेट एवं केबल नेटवर्कका तारहरूका कारण नगरमा आगलागीको सम्भावना बढी रहेको छ । आगलागी नियन्त्रणका लागि नगरले आपत्कालीन सेवाका लागि महत्वपूर्ण मानिएको वारुणयन्त्र आफैंले सञ्चानल गरेको छ । नगरमा स्थानीय संघ संस्थामार्फत् एम्बुलेन्स सेवा प्रवाह भइरहेको छ । आपत्कालीन अवस्थाका लागि नगरमा एम्बुलेन्स एवं वारुणयन्त्रहरू अपर्याप्तता रहेको छ जसलाई तलको चित्र **३/५.४.२** द्धारा प्रस्ट्याइएको छ । नगरमा रहेका एम्बुलेन्स एवं दमकलले केही आसपासका क्षेत्रमा मात्र सेवा पुऱ्याउन सक्दछ तर नगरका अन्य वडावासीहरू आपत्कालीन समयमा यस सुविधालाई छिटोछरिटो सेवाको पहुँचमा पुग्न नसकेको अवस्था रहेको छ । तसर्थ सम्पूर्ण नगरवासीले एम्बुलेन्स, शवबाहन, दमकल जस्ता सेवाहरूमा सहज पहुँच पुऱ्याई विपद् जोखिमबाट सुरक्षित नगर निर्माण गर्नका निमित्त निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ ।

नक्सा २/५.४.२: नगरमा रहेका आपत्कालीन प्रतिक्रिया क्षमता



| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. वारुणयन्त्र सञ्चालन, शवबाहन, एम्बुलेन्स तथा फायरम्यान परिचालन सम्बन्धी कार्यविधि निर्माण गर्ने । | १. वारुणयन्त्र सञ्चालन, शवबाहन, एम्बुलेन्स तथा फायरम्यान परिचालन कार्यविधिको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. वारुणयन्त्र सञ्चालन, शवबाहन, एम्बुलेन्स तथा फायरम्यान परिचालन कार्यविधिको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । |
| २. सम्बन्धित निकाय एवं स्थानीयहरूको सहकार्यमा विद्युतीय एवं केवल नेटवर्कका लागि टाँगिएका अनावश्यक तारहरू हटाउने । | २. विद्युतीय एवं केवल नेटवर्कका तारहरूको नियमित अनुगमन गरी आवश्यकता अनुरूप मर्मत गर्ने । | २. विद्युतीय एवं केवल नेटवर्कका तारहरूलाई भूमिगत गर्न आवश्यक व्यवस्था मिलाउने । |
| ३. वारुणयन्त्र सञ्चालनका लागि प्रशिक्षित फायरम्यानको व्यवस्था गर्ने । | ३. वारुणयन्त्रहरूको संख्या वृद्धिसँगै प्रशिक्षित फायरम्यानहरूको व्यवस्था गर्ने । | ३. वारुणयन्त्रहरूको मर्मत सम्भारसँगै आवश्यकतानुसार प्रशिक्षित फायरम्यानहरूको व्यवस्था गर्ने । |
| ४. व्यवसायिक, संस्थागत तथा सामुदायिक भवन, विद्यालय, सरकारी भवन, कलकारखाना जस्ता मानिसको बढी जमघट हुने संचरनामा अग्नि नियन्त्रक ग्याँस Fire Extinguisher अनिवार्य रूपमा राख्ने सम्बन्धी निर्देशिका निर्माण गर्ने । | ४. अग्नि नियन्त्रक ग्याँस Fire Extinguisher अनिवार्य राख्ने सम्बन्धमा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने । | ४. अग्नि नियन्त्रक ग्याँस Fire Extinguisher अनिवार्य राख्ने सम्बन्धमा निर्देशिकाको आवधिक समीक्षा गर्दै आवश्यक परिमार्जन गर्ने । |
| ५. वारुणयन्त्र तथा एम्बुलेन्सको सेवा सबैतिर समयमा पुऱ्याउनका लागि भौतिक पूर्वाधार, जनशक्ति तथा सम्बन्धित उपकरणको व्यवस्थापन गर्ने । | ५. नगर अस्पताल मार्फत् ख वर्गको (स्वास्थ्य सहायकसहितको) एम्बुलेन्स सेवा सञ्चालन गर्ने । | ५. ख वर्गको एम्बुलेन्स सेवामा सबै नागरिकको पहुँच सुनिश्चित हुने गरी कम्तीमा ३ वटा एम्बुलेन्स नगर अस्पताल वा क्लस्टरस्तर बाट सञ्चालन गरी हालको एम्बुलेन्स सेवालाई विस्थापित गर्ने । |
| ६. बढी जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गर्भवती) लाई आपत्कालीन स्वास्थ्य सेवा पुऱ्याउन सहयोग गर्न एम्बुलेन्स सेवा निःशुल्क गराउन पहल गर्ने । | ६. बढी जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गर्भवती) लाई आपत्कालीन स्वास्थ्य सेवा पुऱ्याउन सहयोग गर्न एम्बुलेन्स सेवा निःशुल्क गराउन नगरपालिकाबाट लागत व्यहोर्ने व्यवस्था मिलाउने । | ६. एम्बुलेन्स लगायतका आपत्कालीन सेवामा जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गर्भवती) को निःशुल्क पहुँच सुनिश्चित गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ७. एम्बुलेन्स, दमकल समयमा पुऱ्याउनको निमित्त सडक स्तरोन्नति गर्ने । | ७. सबै किसिमका आपत्कालीन सेवा कम्तीमा टोलस्तरमा पुग्ने गरी वडास्तरका सडकलाई ग्राभेल गरिसक्ने र क्लस्टरस्तरमा एम्बुलेन्स रहने गरी स्थानीय र बाह्य संघ संस्था तथा निजी क्षेत्रसँग सहकार्य गर्ने ।<br><br>८. नगर तथा सबै सार्वजनिक सेवा प्रदायक कार्यालय, स्थानीय मनोरञ्जन केन्द्र लगायत समुदायको बढी जमघट हुने भवनमा आपत्कालीन द्वारहरूको अनिवार्य व्यवस्थापन गर्ने गरी नगर कार्यालयबाट शुरुवात गर्ने । | ७. वारुणयन्त्रको संख्या र पहुँच विस्तार गरी सबै घरमा १५ मिनेटभित्र वारुणयन्त्र पुग्ने पद्धति विकास गर्ने । |

**झ.** नगरमा रहेका युनाइटेड मिसन अस्पताल, पाल्पा जिल्ला अस्पताल, स्वास्थ्य चौकी, समुदाय स्वास्थ्य इकाई, लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटलमार्फत् नियमित र आपत्कालीन/आकस्मिक स्वास्थ्य सेवा उपलब्ध भइरहेको छ । नगरमा सञ्चालित स्वास्थ्य केन्द्रहरू सबैमा आपत्कालीन प्रतिकार्य योजनाहरू नबनेको जसले गर्दा विपद्को समयमा बढ्दो बिरामी चापलाई व्यवस्थित गरी स्वास्थ्य उपचार सबैमा र समयमा नै पुऱ्याउन कठिन हुने अवस्था रहेको छ । यसका साथै चराबाट सर्ने वर्ड फ्लु, सुंगुर वा अन्य तवरबाट सर्ने स्वाइन फ्लु तथा अन्य महामारीबाट नगर सुरक्षित राख्नको निमित्त नगरमा केही प्रावधान नभएको अवस्था रहेको छ । तसर्थ नगरमा महामारी फैलन सक्ने सम्भावना बढी भएकोले नगरवासीलाई महामारी सम्बन्धी सचेतीकरण गर्न निम्न प्राथमिकता तल प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जनावर एवं चराचुरुङ्गीबाट सर्ने महामारीलाई समेत मध्यनजर गरी उक्त विषय समेटी सरसफाई निर्देशिका निर्माण गर्ने । जसमा पशुपंक्षीहरूबाट सर्ने रोगहरूलाई मध्यनजर गरी कुखुरा, बंगुरलाई नियमित चेकजाँच गराउने, पशुपन्छी बस्ती भन्दा टाढा पालन गर्ने, क्वारेन्टाइनको व्यवस्था गर्ने जस्ता विषयहरू समेटिने । | १. महामारीको समयमा महामारी नियन्त्रण एवं सुरक्षित हुन महामारी सम्बन्धी निर्देशिकाको समीक्षा गर्दै आवश्यक परिमार्जन गर्ने । | १. महामारी सम्बन्धी भएका निर्देशिका एवं कार्यविधिलाई आवश्यकता हेरी संशोधन गर्ने । |
| २. कोभिड-१९ लाई समेत मध्यनजर गरी अस्पताल एवं स्वास्थ्यचौकीहरूमा आपत्कालीन प्रतिकार्य योजनाहरू निर्माण गर्ने । | २. विपद्लाई मध्यनजर गरी नगरमा भएका स्वास्थ्यचौकीहरूमा आपत्कालीन सेवा प्रदान गर्ने व्यवस्थासहित स्वास्थ्यचौकीहरूको स्तरोन्नति गर्ने । | २. महामारी फैलदा समेत नगर सुरक्षित हुन सक्ने अवस्थामा पुग्न पूर्वाधार, जनशक्ति, साधन स्रोतहरूको पूर्व व्यवस्था गर्ने । |
| ३. कोभिड-१९ लगायत अन्य महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने । | ३. महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने | ३. महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. टोल सुधार तथा सरसफाई समितिको संलग्नता हुने गरी नगरको नियमित सरसफाई गर्ने । | ४. पर्यटकीय नगर निर्माण गर्ने नगरको दूरदृष्टि समेत भएका कारण नगर सरसफाई गर्ने अभियानलाई निरन्तरता दिने । | ४. पर्यटन व्यवसायलाई समेत टेवा पुऱ्याउन सरसफाई अभियान सञ्चालन गरी सुन्दर स्वच्छ नगर निर्माण गर्ने । |

**ञ.** बेरोजगारी एवं अन्य विविध कारणहरूले गर्दा युवाहरूमा लागुपदार्थ दुर्व्यसनी बढ्दो रहेको छ। तानसेन नगरपालिकाको युवा परिषद गठन तथा सञ्चालन कार्यविधि, २०७५ मा स्थानीय युवाहरूलाई सक्रिय बनाई आफ्नो कार्यक्षेत्रमा युवाहरूलाई संगठित गरी सामाजिक कार्यहरू तथा स्वंयसेवी कार्यहरूमा सहभागी गराउने व्यवस्था उल्लेख भएको छ। युवा जनशक्तिलाई विपद् व्यवस्थापन सम्बन्धी सचेतनामूलक गतिविधि तथा विपद् प्रतिकार्य, खोज तथा उद्धार, राहत वितरण, विपद् सम्बन्धी सर्वेक्षण, प्राथमिक उपचार जस्ता कार्यहरूमा सहभागी गराउन सक्ने गरी संस्थागत र व्यवस्थाहरू गर्न नसकिएको अवस्था रहेको छ । तसर्थ रोजगारको व्यवस्थासँगै मदिरा सेवन एवं लागुपदार्थ दुर्व्यसनीमुक्त नगर निर्माण गर्नका लागि निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. मदिराको व्यवस्थित बिक्री वितरण सम्बन्धी स्थानीय कार्यविधि बनाउने । | १. मदिरा बिक्री वितरण सम्बन्धी बनेका कार्यविधिको आवधिक समीक्षा गरी आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने । | १. मदिरा बिक्री वितरण सम्बन्धी बनेका कार्यविधिको आवधिक समीक्षा गरी आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने । |
| २. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी विविध जनचेतनाका कार्यक्रमहरू विद्यालयहरू लगायत प्रत्येक वडाहरूमा सञ्चालन गर्ने। | २. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । | २. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |
| ३. युवाहरूलाई बढी भन्दा बढी सामाजिक कार्यहरूमा संलग्न गराउनका लागि आवश्यक रणनीतिहरू निर्माण गर्ने । | ३. लागुपदार्थ दुर्व्यसनीमा लागेका व्यक्तिहरू लक्षित गर्दै नगरमा विभिन्न रोजगारको व्यवस्था गर्ने । | ३. युवाहरूलाई स्वरोजगार बनाई लागुपदार्थ दुर्व्यसनीमुक्त नगर निर्माण गर्ने । |

**ट.** नगरपालिकामा पर्याप्त रूपमा खेतीयोग्य जमिन रहेको साथै कृषि एवं पशुपालनको सम्भावना प्रचुर मात्रामा रहेका छन् । तर जंगल नजिक बस्ती एवं खेत भएका कारण किसानहरूले बाँदर, चितुवा जस्ता जंगली जनावरको आतंक भोग्नु परेको छ । जंगली जनावरको आतंकले नगरका प्रायःजसो सबै वडाका बासिन्दाहरूलाई असर गरेको छ र नगरको सबै वडाहरूमा यो एउटा प्रमुख समस्याको रूपमा स्थापित भएको छ। तसर्थ जंगली आतंकले जनजीवनमा नै असर गरेको साथै कृषि उत्पादनमा ह्रास ल्याएको कारणले जंगल एवं जंगली जनावरको सुरक्षासँगै उपयुक्त उपायहरूको नितान्त आवश्यक भएकोले निम्न प्राथमिकताहरूलाई तल प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जंगली जनावरद्धारा नाश हुन नसक्ने खेतीहरूबारे अनुसन्धान गरी वैकल्पिक खेतीको विकास गर्ने । | १. वन कार्यालय एवं सामुदायिक वन उपभोक्ता समूहहरूसँगको सहकार्य एवं समन्वयमा वन जंगलमै जंगली जनावरको पर्याप्त आहाराको लागि विविध फलफुलको बिरुवा एवं अन्य बिरुवाहरू रोप्ने । | १. जंगली आतंक शुन्य गर्न नवीनतम प्रविधिहरूको विकासलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने । |
| २. जंगली जनावरको आतंकलाई मध्यनजर गरी वन कार्यालयसँग सहकार्य गरी जंगलमा घेराबार लगाउने । | २. नगरमा रहेका वनहरूको संरक्षण गर्ने । | २. जंगली आतंकबाट हुने नोक्सानी न्यूनिकरण गर्न जंगली आतंक बीमाको अवधारणाको विकास गर्ने । |

**ठ.** तानसेन नगरपालिकामा कान्तिपुर एफ.एम., रेडियो नेपाल लगायत ५ वटा स्थानीय रेडियोहरू सुन्न सकिन्छ । नगरपालिकामा नेपाल टेलिकम र एनसेलको 3G Network सेवा उपलब्ध छ । Ncell, NTC आदिले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् भने केही केवल नेटवर्क तथा डिसहोमजस्ता माध्यमबाट टिभी तथा इन्टरनेट सेवा सञ्चालनमा छन् । नगरस्तरमा राष्ट्रिय, अन्तर्राष्ट्रिय लगायत स्थानीय श्रीनगर टेलिभिजन, सूर्योदय टेलिभिजन र पाल्पा टेलिभिजन सञ्चालनमा रहेका छन् । पत्रपत्रिकाहरूको सुविधा पनि नगरमा रहेको छ । यसका साथै प्रविधिको विकाससँगै नगरपालिकाले सर्वसाधारणको सुविधाको निमित्त तानसेन नगरपालिका मोबाइल एप्स निर्माण गरेको छ जसमा अन्य विषयका अतिरिक्त आकस्मिक सेवा सम्बन्धी नम्बरहरू समावेश गरिएको छ । विपद्को समयमा सञ्चार माध्यमको प्रमुख भूमिका रहने भएका कारण नगरमा रहेका रेडियो, टेलिभिजन लगायत सञ्चारका अन्य माध्यमहरूको सदुपयोग गरी विपद् व्यवस्थापन एवं जलवायु परिवर्तन सम्बन्धी सबै सूचना एवं जनचेतनाका निमित्त निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्रकोप, विपद् तथा आपत्कालीन सूचना सामग्री निर्माण तथा प्रचार प्रसारको निमित्त विभिन्न सञ्चार माध्यम जस्तै रेडियो, अनलाइन, एसएमएस, सामाजिक सञ्जाल आदि सम्बन्धी स्थानीय निर्देशिका निर्माण गर्ने । | १. विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका सूचना सम्प्रेषण सम्बन्धी बनेका निर्देशिकाको आवश्यकता अनुरूप परिमार्जन गर्ने । | १. विपद् पत्रकारितामा लागेका व्यक्तिहरूलाई सूचना सम्प्रेषण गर्नका निमित्त विपद् पुस्तिकाहरू निर्माण गर्ने । |
| २. सूचना प्रविधि इकाईसँगको समन्वयमा कोभिड-१९ लगायत अन्य विपद् सम्बन्धी भएका घटनाहरूको तथ्याङ्क राख्नको निमित्त तथ्याङ्क व्यवस्थापनको विकास गर्ने । | २. विपद् व्यवस्थापन समितिको प्रमुख भुमिका रहने गरी विपद् व्यवस्थापन सम्बन्धी घटनाहरू डिजिटल माध्यमबाट तथ्याङ्क राख्ने प्रणालीको व्यवस्था गर्ने । | २. विपद् व्यवस्थापन समितिको संलग्नतामा सबै प्रकारका प्रकोप समेटिने गरी डाटाहरू राख्ने र उक्त डाटालाई सुरक्षित राखी व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिने । |
| ३. कोभिड-१९ लगायत अन्य विपद् सम्बन्धी सचेतनामूलक गतिविधिमा मोबाइल एप्स, सामाजिक सञ्जाल लगायत सूचना प्रविधिलाई उपयोगमा ल्याउने । | ३. सञ्चार माध्यमलाई सचेतनामूलक गतिविधिमा उपयोग गर्ने । | ३. सञ्चार माध्यमलाई सचेतनामूलक गतिविधिमा उपयोग गर्ने । |

**ड.** नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू गर्न कार्यालयमा नगर प्रमुखको अध्यक्षतामा विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको छ । तर नगरमा पूर्वसूचना कार्यदलका सदस्यहरू, प्राथमिक उपचार कार्यदलका र खोज तथा उद्धार कार्यदल गठन भएका छैनन् । यसका साथै विपद् व्यवस्थापन उपशाखामा हाल पनि आवश्यक कर्मचारीहरूको व्यवस्था गर्न नसकिएको अवस्था रहेको छ ।

नगरका प्रत्येक वडाहरू समेट्न सक्ने गरी प्रतिकार्य टोलीहरू एवं अन्य मानव संशाधनको अपर्याप्तता छ । यसका साथै नगरमा स्थानीयहरूमा विपद् व्यवस्थापन सम्बन्धी चेतनामा कमी छ । प्रकोप एवं जलवायु परिवर्तन, विपद् व्यवस्थापन कोष, विपद् प्रतिकार्य टोली, आपत्कालीन योजना, आपत्कालीन नम्बरहरू लगायत विपद्का विविध पक्षहरूबारे वडावासीहरूमा जानकारीको कमी भएका कारण निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकामा अवस्थित विभिन्न संघ संस्थाहरूसँग आपसी समन्वयमा प्रत्येक वडाहरू समेटिने गरी विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू गर्ने साथै नियमित रूपमा यी संघ संस्थाहरूद्वारा गरिने कार्यहरूको अनुगमन एवं मुल्याङ्कन गर्ने । | १. विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा सरकारी निकाय, शिक्षण संस्थान, अनुसन्धानकर्ता तथा निजी क्षेत्रको साझेदारी र सहकार्यलाई प्रवर्द्धन र सुदृढ गर्ने । | १. अनुगमन एवं मुल्याङ्कन सँगै विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा सरकारी निकाय, शिक्षण संस्थान, अनुसन्धानकर्ता तथा निजी क्षेत्रको साझेदारी निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. प्रकोप र विपद् जोखिमको अनुगमन, सूचना संप्रेषण, खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि तथा उपकरण, बन्दोबस्तीका सामग्री र दक्ष जनशक्तिसहितको क्षमता अभिवृद्धि गर्ने । | २. जलवायु परिवर्तन अल्पिकरण, अनुकुलन, प्रभाव न्यूनिकरण मानव तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने । | २. खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि तथा उपकरण, वनदोबस्तीका सामग्री र दक्ष जनशक्तिसहितको क्षमता अभिवृद्धि गर्ने । |
| ३. सबै वडामा स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत परिचालित हुने गरी सामुदायिक विपद् प्रतिकार्य तथा प्राथमिक उपचार टोली गठन र टोलीको क्षमता बढाई टोलीको न्यूनतम व्यवस्थापन गर्ने र हाल फैलिरहेको कोभिड-१९ सन्दर्भमा आवश्यकता अनुसार यस्ता जनक्तिलाई उपयुक्त सुरक्षा प्रबन्ध र सावधानीका साथ परिचालनका लागि समन्वय गर्ने। | ३. सामुदायिक विपद् प्रतिकार्य तथा प्राथमिक उपचार टोली गठन र टोलीको क्षमता बढाई टोलीको व्यवस्थापन र परिचालनलाई निरन्तरता दिने । | ३. जलवायु परिवर्तन अनुकुलन तथा अन्य विपद् तथा आपत्कालीन व्यवस्था सम्बन्धी आवश्यक क्षमता अभिवृद्धि गरी परिचालन गर्ने । |
| ४. विपद्का हरेक प्रकोप समेटिने गरी नगरमा विपद् व्यवस्थापन सम्बन्धी जनसमुदायमा चेतना अभिवृद्धिका लागि बृहत् कार्यक्रमहरू सञ्चालन गर्ने । | ४. विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने । | ४. नगर, वडा र सामुदायिक विपद् व्यवस्थापन समितिबाट हुने सचेतनामूलक गतिविधिको कार्यान्वयनलाई निरन्तरता दिने । |
| ५. विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी ऐन, नियम वा निर्देशिका सम्बन्धी अनुशिक्षण सबै कर्मचारीहरूलाई दिने । | ५. वडा र नगरस्तरको विपद् व्यवस्थापन समितिमा नव निर्वाचित प्रतिनिधिसहित आवश्यक परिवर्तन र विपद् र जलवायु परिवर्तन सम्बन्धी अनुशिक्षण र वार्षिक रूपमा पुनर्ताजगी दिने । | ५. नयाँ कर्मचारी तथा जनप्रतिनिधिलाई जलवायु परिवर्तन अनुकुलन तथा अन्य विपद् तथा आपत्कालीन व्यवस्था सम्बन्धी नीति र अभ्यासको अनुशिक्षण र आवश्यक सैद्धान्तिक तालिम दिने । |

**तालिका २/५.४.२ : विपद् तथा आपत्कालीन व्यवस्थापन क्षेत्रको अपेक्षित उपलब्धी**

| विषय | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| सुरक्षित भवन (संख्या) | | २ | ५ | १४ |
| वारुणयन्त्र (संख्या) | १ | १ | २ | २ |
| एम्बुलेन्स (संख्या) | | | | |
| नगर प्रहरी (संख्या) | | ३ | ६ | १४ |
| ख वर्गको एम्बुलेन्स (संख्या) | | | १ | ३ |
| फायर स्टेशन (अग्नि नियन्त्रकयन्त्रमा पानी भर्ने विन्दु व्यवस्थापन) (संख्या) | | १ | १ | ३ |
| आपत्कालीन निकासद्वार सहितका संस्थागत भवन (संख्या) | | १ | १० | ३० |
| स्थानीय र सामुदायिक विपद् तथा जलवायु उत्थानशील योजना (संख्या) | | | १४ | १४ |
| तालिम प्राप्त खोज तथा उद्धार स्वयंसेवक (प्राथमिक उपचार समेत) (संख्या) | | २८ | ४२ | ५६ |
| तालिम प्राप्त पूर्वसूचना कार्यदलका सदस्यहरू (संख्या) | | २८ | ४२ | ५६ |
| तालिम प्राप्त खोज तथा उद्धार कार्यदलका सदस्यहरू (संख्या) | | २८ | ४२ | ५६ |

## ५.५. संस्थागत विकास र सुशासन

यो खण्डमा तानसेन नगरपालिकाको आन्तरिक संगठन संरचना तथा संयन्त्रको वर्तमान स्वरूपमा आवश्यक परिवर्तन र जिम्मेवारी पुनर्परिभाषित गरी क्षमता विकासका विशिष्ठ कार्यक्रम कार्यान्वयन समेतका माध्यमबाट नगरले तय गरेका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्य सम्पादनका लागि उपयुक्त संस्थागत संरचनाको सूनिश्चिततासहितको संस्थागत विकास कार्यक्रम तथा पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धनका नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

### ५.५.१. संस्थागत विकास

संवैधानिक व्यवस्था अनुसार नगरसभा नगरको संगठन संरचनाको सबैभन्दा माथिल्लो अंग हो जसले नगर व्यवस्थापिकाको रूपमा काम गर्छ । नगर कार्यपालिका नगरसभाप्रति उत्तरदायी प्रमुख कार्यकारिणी अंग हो । नगर कार्यपालिका नगर प्रमुखको अध्यक्षतामा रहन्छ भने नगर उपप्रमुखले न्यायिक समितिको संयोजकका साथै नगर प्रमुखको अनुपस्थितिमा नगर कार्यपालिकाको प्रमुखको भूमिका निर्वाह गर्छन् । प्रमुख प्रशासकीय अधिकृतले नगर कार्यपालिकाको सदस्य सचिवको अतिरिक्त नगरको कर्मचारी प्रशासनको नेतृत्व गर्छन् ।

संविधान र संघीय कानुनले निर्धारण गरेका उल्लिखित संरचना तथा जिम्मेवारी अनुरूप नगरमा विभिन्न प्रयोजनका लागि विभिन्न समिति, आयोग तथा संयन्त्र निर्माण र सञ्चालन तानसेन नगरपालिकाले गरिरहेको छ । संस्थागत क्षमता विकासले नीतिगत भूमिकामा रहने नेतृत्व तथा नीति कार्यान्वयनको भूमिकामा रहने स्थानीय कर्मचारी संयन्त्र एवं सान्दर्भिक अन्य संयन्त्र तथा इकाईको क्षमता विकासका विषय पर्दछन् । बृहत् योजना तर्जुमाका क्रममा पहिचान गरिएका आन्तरिक क्षमतामा रहेको कमी पूरा गर्ने योजना कार्यान्वयनका लागि आवश्यक दक्षताको सुनिश्चितताका कार्यक्रमलाई नगरले अघि बढाउने छ ।

नगरको संस्थागत क्षमता विकासका सवाल बृहत् योजनामा समेटिएका चार वटा विषगत क्षेत्र तथा बाह्र वटा विषयको नीति तथा प्राथमिकतामा नै समेटिएको छ । ती सबै क्षेत्रमा समेटिएका संस्थागत विकासका आवधिक प्राथमिकताको सारांश तथा सम्बन्धित विशिष्ठ क्षेत्रमा नसमेटिएका संस्थागत विकासँग सम्बन्धित अन्य प्राथमिकताका विषयलाई बुँदागत रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

- नगर सभा तथा नगर कार्यपालिकाको क्षमता विकासको आवश्यकता विश्लेषण गरी आवधिक रूपमा क्षमता विकासका कार्यक्रम कार्यान्वयनका लागि प्रदेश र संघीय सरकार अन्तर्गतमा सम्बन्धित निकायसँग नगरपालिकाले संस्थागत समन्वय र सहकार्य गरी कमी पूर्तिमा लक्षित कार्यक्रम कार्यान्वयन गर्ने । यस्ता कार्यक्रम हरेक स्थानीय तहको निर्वाचन लगत्तै गर्नुका साथै वार्षिक रूपमा पुनरताजगी सञ्चालन गर्ने ।
- नगरको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नगर बृहत् योजनाले प्रस्ताव गरेको क्षेत्रगत शाखा तथा इकाईहरू गठन वा हालका त्यस्ता संयन्त्रको स्वरूपमा आवश्यक परिवर्तन गर्नुका साथै सेवा, शर्त तथा जिम्मेवारी परिभाषित गर्ने ।
- प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षण हुनेगरी कम्तीमा अधिकृतस्तरको कर्मचारीको नेतृत्व रहने गरी नगरपालिकामा बेग्लै योजना शाखा बनाउने । योजना तर्जुमा प्रक्रियामा नागरिक सहभागिता प्रवर्द्धतनका साथै योजना कार्यान्वनको आवधिक समीक्षा, योजनामा आवश्यक परिमार्जनको सहजीकरण, वार्षिक नीति तथा कार्यक्रम तयारीमा सहजीकरण तथा पुँजी सुधार योजना निर्माण र कार्यान्वयन, शहरी नियोजनका कार्यमा समन्वय जस्ता समग्र पक्षमा यो शाखाले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।

- प्राविधिक शाखालाई यातायात, अन्य पूर्वाधार, वातावरण आदिको विशिष्ठ शाखा तथा इकाईको स्तरमा लाने र प्राविधिक कर्मचारीको कार्य विशिष्टीकरण गर्ने । दीर्घकालमा सबै किसिमका भौतिक पूर्वाधार र सम्बन्धित सेवा व्यवस्थापनको जिम्मेवारीसहितको शहरी विकास महाशाखा बनाउने । विभिन्न प्राविधिक शाखा तथा इकाईलाई महाशाखाको अंग बनाउने ।
- राजस्व तथा पूर्वाधार, कृषि, पर्यटन तथा उद्योग व्यवसाय लगायत आर्थिक विकासका समग्र पक्ष हेर्ने जिम्मेवारी सहित आर्थिक विकासको शाखा बनाउने । नगरको आर्थिक विकासका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन, अनुगमन, मुल्याङ्कनका कार्य यस शाखाले नगर योजना शाखासँगको सहकार्यमा गर्नेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, शिक्षा र स्वास्थ्य, सरसफाई जस्ता समाजिक विकासका संयन्त्रलाई थप क्षमतायुक्त क्रियाशील बनाउने ।
- प्राकृतिक स्रोत तथा वातावरण, विपद् तथा आपत्कालीन व्यवस्थापन, यहाँको साँस्कृतिक सम्पदा संरक्षण र प्रवर्द्धन, पार्क तथा मनोरञ्जन आदिलाई पर्याप्त प्राथमिकता दिन संगठन विकासका निर्धारित कार्यक्रम कार्यान्वयन गर्ने । जसमा कर्मचारी क्षमता तथा नगर र वडास्तरका समिति वा संयन्त्र स्थापना र तिनको प्रभावकारिता विस्तारका कार्य गर्ने ।
- आर्थिक विकास, समाजिक विकास, पूर्वाधार विकास, वन, वातावारण र विपद् ब्यवस्थापन जस्ता क्षेत्रका समिति, आयोग आदि गठन र क्षमता विकासका कार्यक्रम सम्बन्धित क्षेत्रको प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने ।
- दीर्घकालमा नगर योजना आयोग गठन गरी नगर विकास योजना निर्माणको माथिल्लो निकायको रूपमा क्रियाशील गराउने ।

## ५.५.२. सुशासन

### १. वर्तमान अवस्था

तानसेन नगरपालिकाले नगरको शासकीय अभ्यासलाई पारदर्शी र सहभागितामूलक बनाउन विभिन्न प्रयास गरिरहेको छ । उपभोक्ता समितिमार्फत् सञ्चानल हुने योजना कार्यान्वयन कार्यविधि २०७४, तानसेन नगरपालिकाका पदाधिकारीहरूको आचार संहिता २०७४ तथा संघीय सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयन जस्ता कानुनी औजारमार्फत् नगरको विकास र सेवा प्रवाहको विधिलाई पारदर्शी र जवाफदेही र सहभागितामूलक बनाउने प्रयास गरेको छ । पारदर्शी, जवाफदेही, उत्तरदायी र सहभागितामूलक स्थानीय शासन र प्रतिस्पर्धी र गुणस्तरीय स्थानीय सेवासहितको सदाचारयुक्त शासन प्रणालीलाई संस्थागत गर्न नगर प्रयासरत छ । तथापि सुशासनको माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मसाथ गरी नगर र नागरिकका बिचको परसम्पर विश्वास कायम हुने गरी नगरवासीलाई सुशासन र जनउत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउन हाल अघि बढेका प्रयासलाई संस्थागत गर्नु तथा थप कदम चाल्नुपर्ने आवश्यकता नगरले महसुस गरेको छ ।

सेवा प्रवाहको विधि र प्रकृयालाई छिटो र सहज बनाउन आधुनिक प्रकृयामा आधारित विद्युतीय शासन प्रणालीको विकास र विस्तार गर्दै नागरिकका तहसम्म सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने र आम नागरिकमा सुशासनयुक्त स्थानीय शासनको अनुभूति गराउने गरी तानसेनलाई सुशासनयुक्त नगरको पहिचान दिलाउन क्षेत्रको निम्न उद्देश्य तथा नीति तय गरिएको छ ।

## २. लक्ष्य

तानसेनलाई सुशासनयुक्त नगर बनाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

### उद्देश्य १ : नगरको शासकीय अभ्यासको पारदर्शिता अभिवृद्धि गर्नु

**नीति क.** पारदर्शिता र सुशासन प्रवर्द्धनका कानुनी र संस्थागत प्रबन्ध गरिने छ । सूचनाको हक सम्बन्धी संघीय ऐनको पूर्ण कार्यान्वयन गरिने छ । जसका लागि अभिलेख व्यवस्थापन प्रणाली तथा सूचनाको स्वतः खुलासालाई अद्यावधिक र समयवद्ध गराइने छ ।

**नीति ख.** नगरका विकास तथा सेवा सम्बन्धी सूचनालाई अद्यावधिक गरी नागरिकले बुझ्न सक्ने भाषा र स्वरूपमा समय समयमा सार्वजनिक गरिने छ ।

**नीति ग.** विकासका कार्यक्रम सम्बन्धी सूचना सम्बन्धित समुदायले सहज रूपमा प्राप्त गर्न सक्ने गरी कानुनी र प्रक्रियागत प्रबन्ध गरिने छ ।

**नीति घ.** नगरको आन्तरिक संयन्त्रको क्षमता विकास र कार्यस्थलको स्वरूपमा आवश्यक परिवर्तन गरी खुला कार्य स्थलको अवधारणाको पूर्ण कार्यान्वयन गरिने छ ।

**नीति ङ.** नगरका निर्णय तथा आर्थिक गतिविधिका सूचनामा आम नागरिकको पहुँच बढाउन सूचना व्यवस्थापन र प्रवाहका बढी भन्दा बढी माध्यमको उपयोग गरिने छ ।

**नीति च.** वार्षिक बजेट तथा खर्चसहितको आवधिक प्रतिवेदनको सारांश सरल भाषामा संक्षेपीकरण गरी सार्वजनिक गर्ने अभ्यासको शुरुवात गरिने छ ।

**नीति छ.** विकास, सेवा, आम्दानी तथा खर्च सम्बन्धी सूचना समयवद्ध रूपमा अनलाइन माध्यमबाटै प्राप्त गर्न सक्ने गरी सूचना प्रविधिमा आधारित सूचना प्रवाहको संस्थागत अभ्यास गरिने छ ।

**नीति ज.** नगर सभामा हुने छलफल तथा काम कारवाहीको प्रत्येक्ष प्रशारण लगायत सबै नगर सभा सदस्यको धारणा अभिलेखनको अभ्यास शुरु गरिने छ । नगर कार्यपालिकाका सबै निर्णयलाई आम नागरिकको जानकारीका लागि उपयुक्त माध्यमबाट निर्णय भएकै दिन सार्वजनिक गर्ने अभ्यास गरिने छ ।

### उद्देश्य २ : स्थानीय विकास प्रक्रियालाई सहभागितामूलक बनाउनु ।

**नीति क.** नगरवाट कार्यान्वयन हुने सबै किसिमका पूर्वाधार निर्माणका कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र निगरानीमा नागरिक सहभागिता सुनिश्चित गर्ने विधि तय गरी कार्यान्वयन गरिने छ । निर्माण व्यवसायीबाट हुने विकास निर्माणको कार्यको अनुगमन र निगरानीमा समेत नागरिकको सहभागिता हुने संस्थागत व्यवस्था गरिने छ ।

**नीति ख.** उपभोक्ता समितिमा पदाधिकारी तहमा महिला समभागिता अनिवार्य हुने गरी कम्तीमा ३३ प्रतिशत महिला सहभागिता र सम्बन्धित समुदायको जानसाङ्खिक समिश्रणका आधारमा दलित, आदिवासी जनजाति तथा सीमान्तकृत वर्गको सहभागिता सुनिश्चित गरिने छ ।

**नीति ग.** विकासका कार्यक्रम र बजेट तर्जुमा गर्दा लैंगिक उत्तरदायी र गरिवी निवारण केन्द्रित पद्धति कार्यान्वयन गरिने छ ।

**नीति घ.** विकास कार्यक्रमको उपलब्धी मुल्याङ्कन तथा परिमार्जन सम्बन्धी निर्णयमा सम्बन्धित समुदायको प्रतिनिधित्वका लागि आवश्यक प्रबन्ध गरिने छ ।

**नीति ङ.** नगरको दीर्घकालीन, मध्यकालीन तथा वार्षिक योजना तथा कार्यक्रमको प्रभावकारिता मुल्याङ्कन समयवद्ध रूपमा गरिने छ । यो प्रक्रियालाई सहभागितामूलक बनाइने छ ।

**उद्देश्य ३ : स्थानीयस्तरमा सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्नु ।**

**नीति क.** नगर तथा अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा तथा सुविधामा नागरिकको धारणा र सन्तुष्टी आँकलन गर्न सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, टाउन हल बैठक, नागरिक प्रतिवेदन प्रणाली जस्ता सामाजिक जवाफदेहिताका उपयुक्त औजारहरूको उपयोग गरिने छ ।

**नीति ख.** सेवा र विकासका प्रक्रियाप्रति नागरिक तहमा रहनसक्ने असन्तुष्टी सम्बोधनका लागि नगरस्तरमा गुनासो संकलन र सुनुवाईका लागि संयन्त्र तयार गरी क्रियाशील गराइने छ ।

**नीति ग.** विकास निर्माणको निर्णय लिनु अघि स्थानीय परम्परा, संस्कृति तथा सम्पदा एवं निश्चित समुदायको हितमा पर्नसक्ने नकारात्मक प्रवाभको लेखाजोखा प्रक्रियामा सम्बन्धित समुदायको प्रतिनिधित्व सुनिश्चित गरिने छ ।

**नीति घ.** नगरको कार्यप्रतिको नागरिक धारणा अभिव्यक्त हुने वातावरण बनाउन अनलाइन विधिहरू निर्धारण र प्रचार प्रसार गरिने छ ।

**नीति ङ.** नगरपालिका बाहेक नगरवासीको सेवामा संलग्न संघ संस्था तथा निकायको जवाफदेहिता बढाउन सहजीकरणको कार्य गरिने छ ।

**उद्देश्य ४ : स्थानीय प्रशासनको सदाचारिता सुनिश्चित गर्नु ।**

**नीति क.** नगर र नगर अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा र सुविधा प्राप्तिको प्रक्रिया थप सरल बनाइने छ ।

**नीति ख.** राजस्व भुक्तानी, सिफारिस, नक्सा स्वीकृति प्रक्रिया आदिलाई विद्युतीय प्रणालीमा आबद्ध गरिने छ ।

**नीति ग.** नगरको संयन्त्र तथा नगरभित्रका सबै सार्वजनिक निकायको सेवा प्रवाहमा हुनसक्ने आर्थिक अनियमितताको सूचना संकलन, विश्लेषणका लागि नगरस्तरीय संयन्त्र निर्माण गरिने छ ।

**नीति घ.** आन्तरिक र बाह्य रूपमा आर्थिक अनियमितता सम्बन्धी सूचना उपलब्ध गराउने सूचनादाताको संरक्षण गरिने छ ।

**नीति ङ.** आर्थिक अनियमितता सम्बन्धी अनुसन्धान, अभियोजन र तहकिकातका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिने छ ।

**तालिका १/५.५.२ : आवधिक प्राथमिकता : सुशासन प्रवर्द्धन**

**क.** तानसेन नगरपालिकाले नगरको सुशासन र पारदर्शीता प्रवर्द्धनका लागि विभिन्न नीतिगत तथा शासकीय कार्य गरेको छ । तानसेन नगरपालिकाका पदाधिकारीहरूको आचार संहिता, २०७४ ले नगरका पदाधिकारीहरूको सदाचारीताको विषयलाई निर्देशित एवं व्यवस्थित गरेको छ भने मर्मत सम्भार सञ्चालन कार्यविधि २०७५, उपभोक्ता समितिमार्फत् सञ्चालन हुने योजना कार्यान्वयन कार्यविधि २०७४, नगरको कार्यसम्पादन नियमावली २०७४ जस्ता कानुनी प्रावधानमार्फत् नगरको सुशासन र जवाफदेहिताप्रतिको प्रतिवद्धता स्पष्ट पारेको छ । यस पृष्ठभूमिमा नेपालको संविधानको धारा ५१ मा उल्लिखित सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने संघीय नेपालको नीतिलाई मार्गदर्शक नीतिको रूपमा लिँदै नगरपालिकाको शासकीय अभ्यासलाई थप पारदर्शी, जवाफदेही र सहभागितामूलक बनाउन संस्थागत सुशासन सम्बन्धी आवधिक प्रथमिकतालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सूचना अधिकारी तथा सम्बन्धित सूचना व्यवस्थापन शाखाको समन्वयम नगरका निर्णय, प्रतिवेदन वा अन्य सान्दर्भिक सबै तथ्याङ्क तथा सूचना डिजिटाइज गर्नुका साथै अभिलेख व्यवस्थापन प्रणालीमा सुधार गर्ने । | १. अभिलेख व्यवस्थापन, सूचनाको स्वतः सार्वजनिकीकरण तथा सूचनाको मागको सम्बोधनको अभ्यासलाई थप व्यवस्थित गराई नगरलाई सूचनाको हकमैत्री नगर बनाउने । | १. सूचना व्यवस्थापन र प्रवाहको अभ्यासलाई थप व्यवस्थित र सरलीकृत गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
| --- | --- | --- |
| २. व्यक्तिगत गोपनियताको हकको रक्षा गर्दै नगरका विकास, सेवा तथा आर्थिक सूचनालाई डिजिटाइज गरी अनलाइन पद्धतिबाट सार्वजनिक पहुँचमा उपलब्ध गराउने प्रक्रिया प्रारम्भ गर्ने । | २. अनलाइन सूचना सार्वजनिकीकरणको अभ्यासलाई संस्थागत गर्ने र आवधिक आर्थिक सूचना सार्वजनिक गरेसँगै त्यसउपर नागरिक सम्बाद प्रारम्भ गर्ने । | २. मोबाइल एप्स, अनलाइन खुलासा आदि मध्ये उपयुक्त विधिबाट सुसूचित नागरिक सहभागितामा आधारित त्रैमासिक वा चौमासिक नागरिक सम्बादको अभ्यासलाई निरन्तरता दिने । |
| ३. नगरको मुख्य प्रवेशद्वार बाहिर डिजिटल सूचना पाटी राख्ने र सोमार्फत् नागरिक वडापत्रका विषय लगायत आर्थिक तथा अन्य सूचना सार्वजनिक गर्ने पद्धति विकास गर्ने ।<br><br>३.१. सबै वडा कार्यालयमा सूचनापाटीमा आर्थिक सूचना लगायतका सूचना टाँस गर्ने र उपयोग बढाउने तथा सार्वजनिक स्थानमा सूचना पाटीबाट सूचना सार्वजनिकीकरणको अभ्यास विस्तार गर्ने । | ३. डिजिटल सूचना पाटीलाई वडा कार्यालयसम्म विस्तार गर्ने । | ३. डिजिटल सूचना पाटी मार्फत् सूचना प्रवाहको अभ्यासलाई आवश्यक सुधारसहित निरन्तरता दिने । |
| ४. कर भुक्तानी तथा नक्सा स्वीकृति प्रकृयालाई अनलाइन बनाउन पूर्व तयारीका कार्य सम्पन्न गर्ने । करदाताहरूको जि.पि.एस.मा आधारित अभिलेख तयार गनी राजस्व भुक्तानीको अवस्था यकिन गर्ने पद्धति विकास गर्ने । | ४. विद्युतीय माध्यमबाट नक्सा स्वीकृति तथा राजस्व भुक्तानी प्रणालीको पूर्ण कार्यान्वयन गर्ने । नगरबाट उपलब्ध गराइने विभिन्न सिफारिस अनलाइन विधिबाट उपलब्ध गराउन आवश्यक तयारी पूरा गर्ने । | ४. नगर र वडाका सिफारिस लगायतका सेवालाई अनलाइन बनाउने । |
| ५. योजना तर्जुमा र कार्यान्वयन प्रक्रियालाई थप सहभागितामूलक बनाउन स्थानीय विकास कार्यक्रम सञ्चालन र व्यवस्थापन ऐन तथा अन्य सान्दर्भिक स्थानीय कानुन बनाई उपभोक्ता समितिमार्फत् सञ्चालन हुने योजना कार्यान्वयन कार्यविधिलाई सोही कानुनको अंग बनाउने । | ५. विकास योजना तर्जुमा तथा कार्यान्वयन र नागरिक निगरानीको को विधिलाई सहभागितामूलक बनाउन तय गरिएका स्थानीय कानुन कार्यान्वयनको समीक्षा गरी थप रणनीति निर्माण गर्ने । | ५. बृहत् योजना तथा पुँजी सुधार कार्यक्रम निर्माण वा परिमार्जनलाई सहभागितामूलक बनाउन स्थापित विधि तथा मापदण्डमा आवश्यक परिवर्तन गर्ने । |
| ६. नगरका काम कारवाहीमाथि गुनासो तथा सुझाव संकलन र समयवद्ध सुनुवाईको विधि र माध्यम तय गरी कार्यान्वयन गर्ने । | ६. गुनासो संकलन र फछ्र्यौटको अभ्यासलाई एप्स वा अन्य विधिबाट अनलाइन पद्धतिमा आधारित बनाउने । | ६ गुनासो संकलन र फछ्र्यौटको विधिमा आवश्यक परिमार्जन र थप व्यवस्थित गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ७. जनप्रतिनिधि तथा कर्मचारीलाई नगरको सामाजिक जवाफदेहिता प्रवर्द्धनका नीति, सुशासन र सूचनाको हक तथा सामाजिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी अनुशिक्षण उपलब्ध गराउने ।<br><br>७.१. सुशासनका प्रमुख सूचकहरू (विधिको शासन, शक्तिको पृथकीकरण, पारदर्शिता, समानुपातिक सहभागिता, विकेन्द्रीकरणको अवधारणा, स्वायत्तता र निश्पक्षता आदि) तय गरी वार्षिक नीति तथा कार्यक्रमको अंग बनाउने र नीति निर्माण र कार्यान्वयनमा सहभागी हुने जनप्रतिनिधि, कर्मचारी तथा अन्य सम्वद्ध पक्षलाई यसबारे अनुशिक्षण दिने र लागु गर्ने । | ७. जनप्रतिनिधि तथा कर्मचारीलाई दिइने सुशासन र सामाजिक जवाफदेहिता सम्बन्धी अनुशिक्षणलाई वार्षिक रूपमा निरन्तरता दिने । | ७. जनप्रतिनिधि तथा सूचनाको हक, सुशासन तथा सुशासन प्रवर्द्धनका मानक तथा विधि सम्बन्धी अनुशिक्षण दिने । |
| ८. विभिन्न शाखा तथा इकाईको कार्य सम्पादन मापनको सूचकमा सुशासनका विषय समेट्न शुरु गर्ने । | ८. सामाजिक जवाफदेहिता र सुशासन प्रवर्द्धनलाई सम्बन्धित शाखा र कर्मचारीको कार्यसम्पादन मापनका सूचकका रूपमा संस्थागत गर्ने । | ८. परदर्शिता र सुशासनमा योगदान गर्ने एकजना कर्मचारी र एकजना नागरिक समाजका सदस्यल ाई वार्षिक रूपमा पुरस्कृत गर्ने अभ्यास शुरु गर्ने । |
| ९. दीर्घकालीन नीति तथा योजना र वार्षिक विकास कार्यक्रमको तादाम्यताको वार्षिक विश्लेषणको अभ्यास शुरु गर्ने । | ९. बजेट तर्जुमा तथा कार्यान्वयनको अभ्यासलाई बृहत् योजना, मध्यकालीन खर्च संरचना र पुँजी सुधार कार्यक्रममा आधारित बनाउने अभ्यास संस्थागत गरिसक्ने । | |
| १०. खुला नगरसभाको अभ्यास प्रारम्भ गर्ने र नगर सभामा व्यक्त धारणा अभिलेखन गर्ने पद्धति विकास गर्ने । | १०. खुला नगर सभाको अभ्यासलाई आवश्यक सुधारसहित निरन्तरता दिने । | १०. खुला नगर सभा र नगर पालिका कार्यालयमा रहेका कार्यस्थलको वर्तमान स्वरूपमा आवश्यक परिवर्तन गरी खुला (पारदर्शी) कार्यकक्षको अवधारणा पूर्ण कार्यान्वयन तथा समग्र खुलापनमार्फत् नगरलाई खुला नगर बनाउने । |

**तालिका २/५.५.२ : सुशासन सम्बन्धी अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य**

| उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९५/९६ |
|---|---|---|---|---|
| नगरको बृहत् योजना, विभिन्न रणनीति तथा सान्दर्भिक स्थानीय नीति तथा कानुन सम्बन्धी प्रशिक्षण प्राप्त जनप्रतिनिधि (हरेक पटक निर्वाचित) | | ८० | ८० | ८० |
| सूचनाको हक र सुशासन सम्बन्धी विषयमा प्रशिक्षित स्थानीय जनप्रतिनिधि तथा कर्मचारी (वार्षिक) | | १५० | १५० | १५० |
| सूचनाको हक सम्बन्धी कानुनमा आधारित स्वयं खुलासाको अभ्यास (वार्षिक पटक) | | ४ | ४ | ४ |
| सूचनाको हक र सुशासनका सूचक समेत समावेश भएको स्थाानीय कार्य सम्पादन सूचक तयार गरी मापन (वार्षिक) | | प्रारम्भ | ५ | १० |
| नगर सभा बैठकको प्रत्यक्ष जानकारी नागरिकलाई हुने अवस्था (वार्षिक २ पटक) | | शुरुवात | १० | २० |
| नगरका विषयगत समितिका बैठकको खुलापनको सुनिश्चितता (प्रतिशत) | | शुरुवात | ५० | १०० |
| राजस्व भुक्तानीको अनलाइन पद्धतिमा आबद्ध करदाता (प्रतिशत) | | | ५० | ८० |
| चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगतिका वित्तीय तथ्याङ्कसहितको प्रतिवेदन अनलाइन विधिबाट सार्वजनिक (वार्षिक) | | ३ | ५ | १० |
| अनलाइन गुनासो संकलन र फछ्र्यौटको अनलाइन प्रणाली स्थापना भई कार्यान्वयनमा आएको अवस्था | | शुरुवात | संस्थागत | संस्थागत |
| नगर र वडास्तरमाम डिजिटल सूचना पाटीको व्यवस्था | | १ | १५ | १५ |
| सदाचारी कर्मचारी र सुशासन प्रवर्द्धनमा योगदान गर्ने नागरिक सम्मान (वार्षिक २ जना) | | | १० | २० |
| खुला कार्यस्थल अवधारणाको प्रगति (प्रतिशत) | | | सुरुवात | ७५ |
| मध्यकालीन खर्च संरचनाको पद्धति निर्माण र अद्यावधिक (पटक) | १ | २ | ५ | १० |

# खण्ड ६
# अनुगमन र मूल्याङ्कन

तानसेन नगरपालिकाले बृहत् योजना निर्माण गर्दा वार्षिक एवं आवधिक विकास कार्यक्रम लगायत विकास र सेवाका गतिविधिलाई निर्देशित र व्यवस्थित गरी समयवद्ध रूपमा कार्यान्वयन गर्न मार्गदर्शन गर्ने जीवन्त नीतिगत दस्ताबेजका रूपमा तयार गरेको हो । बृहत् योजना स्थानीय कानुनका आधारमा समय समयमा अद्यावधिक हुने छ । बृहत् योजना तयार गर्दाका बखत यो योजनाको समयावधि २० वर्ष निर्धारण गरिएको छ । हरेक ३ वर्षमा अद्यावधिक गर्ने क्रममा पुनः नयाँ २० वर्षको योजनाको रूप यसले पाउने छ भने यो प्रक्रिया निरन्तर चल्ने छ । योजना अद्यावधिक गर्दा मुल योजनामा गरिनु पर्ने परिवर्तनलाई आधार बनाई सहभागितामूलक पद्धतिबाट गरिने छ । सो क्रममा विगतमा योजना कार्यान्वयनमा भएको प्रगतिको सहभागितामूलक समीक्षा र मुल्याङ्कन समेत हुने छ ।

यो योजनाका नीति तथा प्राथमिकता संशोधनका लागि सुझाव लिन तथा संशोधन गर्न नीति तथा प्राथमिकताका लागि दिइएका संकेत वा नम्बर र अवधिलाई आधार बनाइने छ । यसका लागि खण्ड, विषय, उद्देश्य, नीति तथा आवधिक प्राथमिकतालाई नम्बर वा संकेत दिइएको छ । यी नम्बर र संकेत कार्यक्रमको कार्यान्वयन, अनुगमन र मुल्याङ्कनमा समेत प्रयोग गरिने छ ।

बृहत् योजना कार्यान्वयनको समग्र पक्ष कार्यान्वयन, अनुगमन र मुल्याङ्कनको जिम्मा नगर कार्यपालिका, विषयगत समिति वा कार्यपालिकाले तोकेको अन्य संयन्त्रको हो । नगर कार्यपालिका तथा जिम्मेवार अन्य संयन्त्रलाई प्रमुख प्रशासकीय अधिकृत तथा विभिन्न शाखा तथा इकाईबाट कार्यक्रम अनुगमन र मुल्याङ्कनको कार्यमा सहयोग हुनेछ । नगर सभा अन्तर्गतका समिति तथा नगर सभाले तोकेका अन्य संयन्त्रले पनि अनुगमन र मुल्याङ्कनमा भूमिका निर्वाह गर्नेछन् ।

बृहत् योजना कार्यान्वनको अनुगमन मुल्याङ्कनको पद्धतिलाई बुँदागत रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

- बृहत् योजनामा समेटिएका विकास र सेवा क्षेत्रको आवधिक रूपमा अपेक्षित उपलब्धी परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ । यसलाई क्षेत्रगत योजनाको प्रभावकारिता मुल्याङ्कनको आधार बनाई सम्बन्धित शाखाबाट तयार हुने वार्षिक तथ्याङ्कलाई एकीकृत रूपमा प्रमुख प्रशासकीय अधिकृतको सहजीकरणमा नगर कार्यपालिकाबाट हरेक ३ वर्षमा मुल्याङ्कन हुनेछ भने वार्षिक रूपमा तथ्याङ्क अध्ययन गरी त्यसका आधारमा सुधारात्मक कार्यक्रम तय गरी कार्यान्वयन गर्दै लगिने छ ।
- हरेक कार्यक्रम कार्यान्वनको अनुगमनका तहगत संयन्त्र रहने छन् । कार्यको प्रकृति अनुसार सम्बन्धित शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न समिति, नगर कार्यपालिका जस्ता तहबाट अनुगमन र मुल्याङ्कनको कार्य हुनेछ ।

- बृहत् योजनामा तय गरिएका आवधिक प्राथमिकतालाई बजेटको वार्षिक कार्यक्रमको अंग बनाउने विधिसहित नगर प्रमुखको नेतृत्वमा रहने राजस्व पूर्वानुमान तथा बजेट सीमा निर्धारण समितिले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा निर्देशिका बनाउने छ । यसरी बन्ने निर्देशिकाका आधारमा वार्षिक योजना तथा बजेट तर्जुमाको कार्यलाई बजेट तथा योजना समितिले निर्देशित र व्यवस्थित गर्नेछ ।
- नगरले तय गर्ने वार्षिक विकास कार्यक्रमको अंग हुने गरी बृहत् योजनाले अनुमान गरेको अपेक्षित उपलब्धीका आधारमा वार्षिक कार्यतालिका र परिमाणात्मक लक्ष्य सम्बन्धित शाखाले तयार गर्नेछन् । यसका आधारमा सम्बन्धित शाखाको आन्तरिक अनुगमन र मुल्याङ्कनको विधि तय गरिने छ ।
- बृहत् योजनामा निर्धारित प्राथमिकता मध्ये स्थानीय कानुन तथा विभिन्न नीति निर्माणको कार्यान्वयन पक्ष नगर कार्यपालिका र विषयगत समिति हुने हुनाले ती विषय नगर सभा तथा विषयगत समितिको अनुगमन र मुल्याङ्कनको क्षेत्रमा समेटिने छन् ।
- वस्तु तथा सेवा सम्बन्धी कार्यको अनुगमनको कार्य सम्बन्धित शाखा प्रमुखको प्राविधिक सहयोगमा नगर उपप्रमुख नेतृत्वको नगरस्तरीय अनुगमन समितिले गर्नेछ ।
- संगठन विकाससँग सम्बन्धित विषयको अनुगमन तथा मुल्याङ्कनको कार्य प्रमुख प्रशासकीय अधिकृतको मुख्य प्राविधिक सहयोगमा नगर कार्यपालिकाले गर्नेछ ।
- योजना कार्यान्वयन अनुगमन र मुल्याङ्कनको समग्र पक्षको अभिलेखीकरण र व्यवस्थापनको कार्य नगरको नीति तथा योजना शाखाले गर्नेछ ।
- वडास्तरमा कार्यान्वयन गरिने गतिविधिको अनुगमनको कार्य र मुल्याङ्कनमा सहयोग सम्बन्धित वडा समिति तथा वडास्तरीय अनुगमन समितिबाट हुनेछ ।
- वार्षिक कार्यक्रम र कार्यतालिका निर्माण गर्दा सम्बन्धित कार्यान्वयन इकाईको अनुगमन र मुल्याङ्कनको भूमिकालाई पनि स्पष्ट गरिने छ ।
- कार्यक्रमको आर्थिक पक्षसहितको मितव्ययिता, कार्यकुशलता र प्रभावकारिता मापनमा आन्तरिक लेखा परीक्षण इकाई तथा सभा अन्तर्गतको लेखा समितिले समेत आवश्यक भूमिका निर्वाह गर्नेछ ।

# अनुसुची : १
# बृहत् योजना कार्यान्वयनको आर्थिक पक्ष

## १. वर्तमान अवस्था

तानसेन नगरपालिकाले आन्तरिक राजस्व, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान तथा विशेष कार्यक्रमका लागि संघ, प्रदेश तथा अन्य निकायबाट प्राप्त हुने विभिन्न अनुदान तथा दातृ संस्थाको सहयोगका नगरपालिकामार्फत् प्रत्येक्ष कार्यान्वन गर्ने कार्यक्रमलाई नगरको कार्यक्रमको अंग बनाउँदै आर्थिक स्रोत एकीकृत गरी विकास तथा सेवा प्रवाहका कार्य गरिरहेको छ। आर्थिक वर्ष २०७६/७७ मा उल्लिखित स्रोत तथा कृषि तथा पशुपालन, शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र ऋण समेतका अधारमा रु. १ अर्ब १ करोड ९३ लाख बजेट सार्वजनिक गरेकोमा त्यसको ४३ प्रतिशत पुँजीगत खर्च गर्ने लक्ष्य राखेको थियो।

आर्थिक वर्ष २०७५/७६ मा नगरले आन्तरिक राजस्व, राजस्व बाँडफाँड तथा संघ र प्रदेशबाट प्राप्त विभिन्न अनुदान समेतका आधारमा रू. ० करोड १३ लाख १० हजारको बार्षिक आय-व्यय अनुमान (बजेट) प्रस्तुत गरेको थियो। बजेटमा रू. ३३ करोड २४ लाख ७९९ पुँजीगत खर्च गर्ने लक्ष्य रहेको थियो। सो आर्थिक बर्ष नगरको कुल वास्तविक खर्च भने करिब ५२ करोड २६ लाख ८७ हजार ६५ मात्र हुन सक्यो भने आन्तरिक राजस्व करिब रु. ३ करोड ८८ लाख जुटेको थियो। यद्यपी यो अवस्थामा आर्थिक बर्ष २०७६/७७ मा केही सुधार भएको प्रारम्भिक अनुमान छ। यस तथ्यलाई दृष्टिगत गर्दा बृहत योजनाको प्रभावकारी कार्यान्वयनका लागि नगरले एकातिर आन्तरिक स्रोतमा वृद्धि गर्नु पर्ने र अर्कातिर खर्च गर्ने क्षमता बढाउनु पर्ने आवश्यकता रहेको छ।

बृहत् योजनामा कर्मचारीको तलब तथा अन्य प्रशासनिक खर्च तथा स-साना मर्मत सम्भारका पुँजी निर्माण नहुने क्षेत्रमा हुने खर्च बाहेक अल्पकाल र मध्यकालीनमा कार्यक्रम कार्यान्वयनको लागत वि.सं. २०७७ को मुल्यमा वार्षिक करिब रु. १ अर्ब खर्च गर्नुपर्ने मोटामोटी अनुमान रहेकोमा त्यसका लागि नगरले आयको स्रोत बढाउने, खर्च गर्ने क्षमता बढाउने र विभिन्न पक्षसँग सम्भाव्य साझेदारीको खोजीलाई सँगसँगै अघि बढाइने छ।

## २. लागत अनुमान

बृहत् योजनाका सबै लक्षित कार्यक्रम कार्यान्वयन गर्न लाग्ने यथार्थ लागत अनुमान गर्नका लागि कतिपय कार्यक्रमको सम्भाव्यता अध्ययन गर्नुपर्ने, दीर्घकालका लागि गरिने कतिपय कार्यक्रका लागि त्यस समयमा सो कार्यक्रमको आवश्यकता र औचित्य विश्लेषण समेत गर्नुपर्ने सन्दर्भमा हालको अवस्थालाई दृष्टिगत गरी कार्यक्रमको हालको मुल्यका आधारमा लागत अनुमान गर्ने प्रयास गरिएको छ। अल्पकाल र मध्यकालका कार्यक्रमको लागत प्रक्षेपणले सबैजसो कार्यक्रम समेट्ने भए पनि दीर्घकालका कतिपय कार्यक्रम पछि नगरपालिकाले परिभाषित गर्नुपर्ने भएकोले सो अवधिका कतिपय कार्यक्रमको लागत अनुमान गर्न हाल नसकिने भएकोले लागत अनुमानको क्रममा तयार भएका आँकडालाई आन्तरिक प्रयोजनामा उपयोग गर्ने गरी अल्पकालीन र मध्यकालीन कार्यक्रमको लागत अनुमानको सार संक्षेप तल प्रस्तुत गरिएको छ। प्रस्तुत अंक नगर बृहत् योजना कार्यान्वयनका लागि स्रोत व्यवस्थापन रणनीति निर्माणका लागि उपयोगी सन्दर्भ सूचनाका रूपमा रहने भए पनि यो बृहत् योजनाको कानुनी आधारयुक्त खण्ड भने होइन।

## तालिका ६.१ : लागत अनुमानको सार संक्षेप

### क. आर्थिक बिकास

| क.सं. | आर्थिक विकास अन्तर्गतका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ बर्ष) | मध्यकालीन (३ देखि ७ बर्ष) |
| १ | कृषि तथा पशुपालन | ३९०५ | १०३० | २८७५ |
| २ | पर्यटन | ६१०५ | २१८५ | ३९२० |
| ३ | उद्योग र वाणिज्य | ८४०० | २१०० | ६३०० |
| ४ | आर्थिक पूर्वाधार तथा राजस्व अभिवृद्धि | ८७० | ३४० | ५३० |
| ५ | सहकारी | ४८० | ३१० | १७० |
| ६ | सीप तथा रोजगारी | २९२६ | ४०० | २५२६ |
| ७ | संस्थागत विकास (आर्थिक विकास) | २४५ | १३० | ११५ |
| | **जम्मा** | **२२९३१** | **६४९५** | **१६४३६** |

### ख. सामाजिक विकास

| क.सं. | सामाजिक विकास अन्तर्गतका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ बर्ष) | मध्यकालीन (३ देखि ७ बर्ष) |
| १ | शैक्षिक विकास | २०७४२.०६ | ५०६६ | १५६७६.०६ |
| २ | स्वास्थ्य | ४०४४ | २०९७ | १९४७ |
| ३ | सम्पदा संरक्षण | ८० | २१ | ५९ |
| ४ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ८०५ | २६५ | ५४० |
| | **जम्मा** | **२५६७१.०६** | **७४४९** | **१८२२२.०६** |

### ग. पूर्वाधार विकास

| क.सं. | पूर्वाधार विकास अन्तर्गतका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ बर्ष) | मध्यकालीन (३ देखि ७ बर्ष) |
| १ | भू-उपयोग तथा आवास व्यवस्थापन | १३७५ | ६८५ | ६९० |
| २ | पार्क तथा मनोरञ्जन | ४८२४ | १३०९ | ३५१५ |
| ३ | यातायात | १३८१७ | ५८७ | १३२३० |
| ४ | सार्वजनिक निर्माण | ९८७४.५७७ | २३०७ | ७५६७.५७७ |
| | **जम्मा** | **२९८९०.५७७** | **४८८८** | **२५००२.५७७** |

### घ. वन, वातावरण तथा विपद् व्यवस्थापन

| क.सं. | बन, वातावरण तथा विपद् व्यवस्थापनका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ बर्ष) | मध्यकालीन (३ देखि ७ बर्ष) |
| १ | प्राकृतिक स्रोत र वातारण | ५६५६.३० | १९९३ | ३६६३.३ |
| २ | विपद् तथा आपत्कालीन व्यवस्थापन | ४०६३ | ८५३ | ३२१० |
| | **जम्मा** | **९७१९.३०** | **२८४६** | **६८७३.३०** |

### ङ. संस्थागत विकास र सुशासन (संस्थागत विकासका कार्यक्रम सम्वन्धित क्षेत्रमा नै समेटिएको)

| क.सं. | संस्थागत बिकास र सुशासनका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालिन (पहिलो २ बर्ष) | मध्यकालिन (३ देखि ७ बर्ष) |
| १ | सुशासन | ८० | २१ | ५९ |
| | **जम्मा** | **८०** | **२१** | **५९** |

### समग्र लागत अनुमान (रू. लाखमा)

| कुल जम्मा | अल्पकालिन (पहिलो २ बर्ष) | मध्यकालिन (३ देखि ७ बर्ष) |
|---|---|---|
| **८८२९१.९४** | **२१६९९** | **६६५९२.९४** |

माथि उल्लिखित लागत अनुमान अनुसार नगरले बृहत योजना कार्यान्वयनमा वार्षिक औषत १ अर्व २८ करोड खर्च गर्नुपर्ने देखिन्छ । क्षेत्रगत प्राथमिकताका आधारमा पूर्वाधार विकासमा सवैभन्दा बढि अर्थात् वार्षिक औषत रू ४२ करोड लगानी गर्नुपर्ने देखिएको छ भने सामाजिक विकास र आर्थिक विकास लागतका आधारमा दोस्रो र तेस्रो क्षेत्रका रूपमा रहेका छन् ।

उद्योग र वाणिज्य र पर्यटन जस्ता आर्थिक विकासमा गरिने लगानीमा निजी सार्वजनिक साझेदारी तथा नगरको समन्वयात्मक भूमिकामा जोड दिई सो क्षेत्रमा नगरको लागत कम गर्न सकिने अवसर छ । प्रशासनिक खर्च तथा सेवा उपभोग खर्च समावेश छैन । त्यसैले करिब ३० प्रतिशत लागत त्यसका लागि थप हुने अनुमान गरिएको छ भने यो अनुमान आ.व. २०७६/७७ को मुल्यमा गरिएको हुनाले मुद्रास्फितीलाई ध्यान दिएर मौद्रिक मुल्यलाई यथार्थ मुल्यमा रूपान्तरण गर्दै जानुपर्ने हुन्छ ।

## ३. खर्चको अनुमानित स्रोत

१. आन्तरिक राजस्वको रकम हरेक वर्ष औसत १५ प्रतिशत (वास्तविक मुल्यमा) ले वृद्धि भई आ.व. २०९५/९६ सम्ममा १५ करोड हाराहारारी पुग्ने अनुमान गरिएको छ ।

२. संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा संघ, प्रदेश र स्थानीय सरकार बिचको राजस्व बाँडफाँडको रकम क्रमशः बढ्दै जाने अपेक्षा गरिएको छ ।

३. पूर्वाधार र आर्थिक विकासका कार्यक्रममा सार्वजनिक निजी साझेदारी तथा धेरै लगानीका आयोजनाका लागि वाह्य सहयोगमा जोड दिइने छ ।

४. नीति निर्माण र प्रवर्द्धनात्मक कार्यक्रमका लागि स्थानीय सामुदायिक संस्था तथा अन्य विभिन्न संघ संस्थासँग साझेदारी हुने अपेक्षा गरिएको छ ।

५. कतिपय महत्वपूर्ण पूर्वाधारका लागि शहरी विकास मन्त्रालय र संघ र प्रदेश अन्तर्गतका भौतिक पूर्वाधार मन्त्रालय र अन्य बाह्य निकायको लगानीका लागि आवश्यक पहल गरिने छ ।

६. राजस्वको दायरा विस्तारमा केन्द्रित गतिविधिसहित राजस्व सुधार गर्दै जाने र लगानी समेत बढाउने गरी कार्यक्रम प्रस्ताव गरिएको छ ।

**तानसेन नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, तानसेन, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल
सम्पर्क नं. ०७५-५२०१०९, ०७५-५२०८९३
इमेल: info@tansenmun.gov.np | ito@tansenmun.gov.np
वेबसाइट: www.tansenmun.gov.np